# कानून संग्रह

## भाग-१




तुलसीपुर उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# तुलसीपुर उपमहानगरपालिकाको कानून संग्रह

तुलसीपुर उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४ | १ |
| २ | तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ | ३३ |
| ३ | तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५ | ६९ |
| ४ | तुलसीपुर विकास बोर्डको गठन र सञ्चालन गर्न बनेको ऐन, २०७५ | ७५ |
| ५ | तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५ | ९४ |
| ६ | तुलसीपुर उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ | १२० |
| ७ | तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४ पहिलो संशोधन | १३३ |
| ८ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ | १७० |
| ९ | तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ | १८४ |
| १० | तुलसीपुर उपमहानगरपालिकाको स्वास्थ्य ऐन, २०७५ | २१२ |
| ११ | तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ पहिलो सशोधन | २२४ |
| १२ | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ | २५५ |
| १३ | तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ | २५६ |
| १४ | तुलसीपुर मेट्रो कलेज संचालन तथा व्यवस्थापन सम्बन्धी विधान, २०७५ | ३०१ |
| १५ | तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७६ | ३१३ |
| १६ | तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७६ | ३७४ |
| १७ | तुलसीपुर पूर्वाधार विकास प्राधिकरण ऐन, २०७६ | ३८० |
| १८ | तुलसीपुर जनशक्ति स्रोत केन्द्र(सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७७ | ३९८ |
| १९ | तुलसीपुर उपमहानगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७७" | ४०३ |
| २० | तुलसी सिटिमेडल तथा मानपदवी/पदक सिफारिस तथा प्रदान गर्ने सम्बन्धी ऐन, २०७७ | ४१७ |
| २१ | तुलसीपुर उपमहानगरपालिको तथ्याङ्क ऐन, २०७७ | ४२३ |
| २२ | तुलसीपुर पेट्रोल पम्प सञ्चालन ऐन, २०७७ | ४३१ |
| २३ | तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८ | ४३७ |
| २४ | तुलसीपुर बहुप्राविधिक शिक्षालय (Tulsipur Polytechnic Institute) ऐन, २०७८ | ४०४ |
| २५ | तुलसीपुर मेट्रो कलेज संचालन ऐन,२०७८ | ४२६ |
| २६ | नगर प्रहरी (संचालन तथा व्यवस्थापन)ऐन, २०७८ | ५४७ |

| | | |
|---|---|---|
| २७ | तुलसीपुर उपमहानगरपालिकामा रहेका मटावाँ प्रणाली संरक्षण, प्रवर्द्धन र विकास गर्न बनेको ऐन, २०७८ | ५६२ |
| २८ | स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८ | ५८४ |
| २९ | तुलसीपुर भिमसेन मेट्रो अस्पताल स्थापना, संचालन तथा व्यवस्थापन सम्वन्धी ऐन, २०७८ | ६०० |
| ३० | अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीको सेवा, सुविधा र सर्त सम्वन्धी ऐन, २०७९ | ६१२ |
| ३१ | तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९ | ६१५ |
| ३२ | तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७९ | ६८० |
| ३३ | दलित सशक्तिकरण ऐन, २०७९ | ६८२ |
| ३४ | नगर सेवा उपभोग शुल्क दस्तुर लिने सम्बन्धी ऐन, २०७९ | ६८८ |
| ३५ | तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०८० | ६९३ |
| ३६ | तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० | ६९५ |
| ३७ | तुलसीपुर उपमहानगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी ऐन, २०८० | ७५८ |

# तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४

*पारित मिति : २०७५।०२।०७*

**प्रस्तावनाः** सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप कृषक, कालिगड, श्रमीक, न्यून आयवर्ग एवं सीमान्तकृत समुदाय, सामाजिक कार्यकर्ता वा सर्बसाधारण उपभोक्ता माझ  छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर र समाजवाद उन्मूख तथा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको गठन, दर्ता, सञ्चालन, प्रवर्धन एवम् नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"आन्तरिक कार्यविधि"** भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) **"कसूर"** भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) **"परिवार"** भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, नाति, नातिनि, अविवाहित छोरी धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ–आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) **"बचत"** भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।

(छ) **"मुख्य कारोबार"** भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(ज) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले दफा ६९ बमोजिम तोकिएको सहकारी हेर्ने अधिकार प्राप्त कर्मचारी सम्झनु पर्छ ।

(झ) **"लेखा सुपरीवेक्षण समिति"** भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ञ) **"विनियम"** भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) **"विभाग"** भन्नाले  सहकारी विभाग सम्झनुपर्छ ।

(ठ) **"शेयर"** भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(ड) **"सञ्चालक"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ढ) **"सदस्य"** भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ण) **"समिति"** भन्नाले  दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(त) **"सहकारी मूल्य"** भन्नाले स्वावलम्वन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(थ) **"सहकारी व्यवसाय"** भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(द) **"सहकारी सिद्धान्त"** भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी–सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त  सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ध) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(न) **"साधारण सभा"** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(प) **"प्राथमिक पूँजी कोष"** भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

## परिच्छेद–२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठनः** (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा  मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पेशागत प्रमाणपत्र भएका पन्ध्रजना स्थानीय नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्। तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी,

शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ। तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधापर्नेछैन।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ।

(६) यस ऐन बमोजिम दर्ता भएका कम्तिमा पाँच वटा बहुउद्देश्यीय वा बिषयगत संस्थाहरुले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफुल प्रशोधन, तरकारी संकलन तथा भण्डारण, जडिबुटि प्रशोधन, चिनी उद्योग, शीत भण्डार,दुग्ध उद्योग, अस्पताल, विद्यालय, प्राविधिक शिक्षालय, विश्वविद्यालय, प्रयोगशाला जस्ता ठुला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न नगरस्तरमा बिशिष्टिकृत सहकारी संघको गठन गर्न सक्ने छन।

४. **दर्ता नगरी सहकारी सस्था संचालन गर्न नहुनेः** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न पाईने छैन ।

५. **दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) यस ऐन बमोजिम गठन भएका बहुउद्देश्यीय वा बिषयगत सरकारी संस्था वा विशिष्टिकृत संघले दर्ताकालागि अधिकार प्राप्त अधिकारी समक्ष अनुसूची(१) को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ :

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरणहरु ।

६. **दर्ता गर्नु पर्नेः** (१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा अधिकार प्राप्त अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची (२) को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) तोकिए बमेजिमका अन्य आधारहरु पुरा भएको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका तुलसीपुर उपमहानगरपालिकाभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :** (१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी बिनियम संशोधन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

**८. सहकारी संस्था संगठित संस्था हुनेः** (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :** (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा देहायका आधारमा तिन वडासम्म कार्यक्षेत्र तोकिने छ

(१) सदस्यहरुवीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्था दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यको बसोवासको प्रकृति, पायक पर्ने स्थान, स्थानीय अवस्थिति तोकिए बमोजिम बिशेष व्यवसायीक आबश्यकताका आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिने छ ।

(७) यस उपदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, विद्या लय तथा क्याम्पस, स्वास्थ्य सेवा, यातायात, सञ्चार सेवा, कृषि उत्पादन, वनजन्य पैदावारको उत्पादन, प्रशोधन वा सञ्चय गर्ने जस्ता व्यवसायीक क्षेत्र एवं सदस्यहरुको सहभागीता विस्तारका कारण प्रारम्भ वा कार्य सञ्चालन गर्दा फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र उपमहानगरपालिका पुरै कायम गर्न सकिने छ ।

(८) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरुको कार्य क्षेत्र विनियममा व्यवस्था भए अनुसार कायम भएको मानिनेछ।साविक नगरपालिकाका वडाहरु वा नगरपालिका र गाउँ विकास समिति उल्लेख भएकोमा साविक क्षेत्र समावेश हुदा बनेको वडासम्म मात्र कार्यक्षेत्र कायम भएको मानिने छ ।

**१०. जानकारी दिनुपर्नेः** तुलसीपुर उपमहानगरपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले तुलसीपुर उपमहानगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित अधिकार प्राप्त अधिकारीलाई जानकारी दिनुपर्नेछ ।

**११. विषयगत आधारमा वर्गीकरणः**

**(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः**

**(क) उत्पादक संस्थाः** कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल, माछापालन, पंक्षिपालन र अगुवावाली विशेषका, विषयगत एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था ।

**(ख) उपभोक्ता संस्थाः** उपभोक्ता भण्डार, वचत तथा ऋण,उर्जा तथा इन्धन र स्वास्थ्य सेवा, विद्यालय तथा क्याम्पस, यातायात, सहुलियत उपभोक्ता पसल, विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

**(ग) श्रमिक संस्थाः** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था,

**(घ) बहुउद्देश्यीय संस्थाः** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था ।

(२) उपदफा (१) को खण्ड (क),(ख)र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिएबमोजिमका विषयहरु थप गर्न सकिनेछ ।

(३) उपदफा (१)र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन ।

**१२. कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने** : (१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्ति गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

**१३. दायित्व सीमित हुने :** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा **"सहकारी"** र नामको अन्त्यमा **"लिमिटेड"** भन्ने शब्द राख्नु पर्नेछ ।

**१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्नेः** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद–३

## संस्थाका उद्देश्य तथा कार्य

**१५. संस्थाको उद्देश्य** : कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१६. संस्थाको कार्य : संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन**

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्नेगराउने,

(ख) सदस्यको हित प्रवद्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्था विचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ङ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(च) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

(छ) संस्थाको व्यवसायिक प्रवर्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(ज) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा अधिकार प्राप्त अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(झ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद–४

## विनियम तथा आन्तरिक कार्यविधि

**१७. विनियम बनाउनु पर्ने :** (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ ।

**१८.आन्तरिक कार्यविधि बनाउन सक्ने :** (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो नीति, नियमावली र आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नीति, नियमावली र आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको संञ्चालक समितिको बैठकले पारित गरे पछि लागु हुनेछ । तर तत्काल पछि हुने साधारणसभाले अनुमोदन गर्नु अनिवार्य हुनेछ ।

**१९. विनियम, नीति, नियमावली र आन्तरिक कार्यविधिमा संशोधनः** (१) सञ्चालक समितिले संशोधन गरी लागु गर्न सक्नेछ र उक्त विनियम नीति, नियमावली र आन्तरिक कार्यविधि संशोधनलाई साधारण सभाले अनुमोदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ भने नीति, नियमावली र कार्यविधि साधारण सभाको निणर्य पछि लागु हुने छ ।

## परिच्छेद–५

## सदस्यता

**२०. संस्थाको सदस्यता :** (१) सोह्र वर्ष उमेर पुरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछ :

(क) संस्थाको कार्यक्षेत्रमा बसोवास गरिरहेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(च) समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य नरहेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु,टोल विकास संस्था, सामुदायिक वन संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्था र शिक्षा सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको सञ्चालक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनपरेको मितिले पैंतीस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित ब्यक्तिले त्यस्तो संस्था उपर अधिकार प्राप्त अधिकारीसमक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ ।

**२२. सदस्य हुन नपाउने :** (१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीनवर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँचवर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

**२३. सदस्यताको समाप्तिः** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः—

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारणसभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण,तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२४. **सुविधा प्राप्त गर्न नसक्ने :** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद–६

## साधारणसभा, सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. **साधारणसभाः** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारणसभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

२६. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२७. **वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार : वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा नीति, नियमावली र कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**२८. साधारणसभाको बैठक :** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ कोउपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

**२९. विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्नेः** (१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा नीति, नियमावली तथा कार्यविधि विपरीत कार्य गरेमा,

(घ) अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) दफा ३१ को उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको १५ दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ । दोश्रो पटक पनि गणपुरक संख्या नपुगेमा त्यसको ७ दिनभित्र तेस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी तेस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित १५ प्रतिशत साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा/वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ वा संस्थाले न्यूनतम ५ जना देखि अधिक्तम २० जना सम्मिलित समूह निर्माण गरी प्रत्येक समूहको बैठकको बहुमतको निणर्यमा १० जना सदस्य बराबर १ जना सधारण सभाको प्रतिनिधि चयन हुनेगरी प्रतिनिधिमूलक साधारण सभा गर्न सकिनेछ ।

**३०. सञ्चालक समिति :** (१) सहकारी संस्थामा साधारणसभाबाट निर्‍वाचित एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको संचालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढि कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु भन्दा अघि सञ्चालक समितिको निर्वाचन गराउनु पर्नेछ । तर बिशेष अबस्थामा बढिमा ६ महिना कार्यावधि थप गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन अधिकार प्राप्त अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई अधिकार प्राप्त अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

**३२. समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

(घ) साधारणसभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति,नियमावली, निर्देशिका, कार्यविधि, रणनैतिक तथा आबधिक योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवद्र्धधनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ञ) अन्य विनियममा तोकिए बमोजिमका कार्य गर्ने ।

**३३. सञ्चालक पदमा बहाल नरहने:** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक लेखा समितिमा रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा, तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुनेछ ।

(ङ) निजको मृत्यु भएमा ।

**३४. सञ्चालकलाई पदबाट हटाउन सक्नेः** (१) साधारणसभाले वहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाईमात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट असुल उपर गरिनेछ ।

**३६. समितिको विघटन :** (१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः–

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पुरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा कार्यविधि बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा अधिकार प्राप्त अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

३७. लेखा सुपरीवेक्षण समितिको गठनः (१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा

अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद–७
## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने :** (१) संस्थाले आफ्ना सदस्यहरूको बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क संबन्धित संस्थाको वचत तथा ऋण नीतिमा तोके बमोजिम हुनेछ ।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशत भन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले बचत रकम सदस्यवीच ऋण लगानी,नेपाल सरकारले जारी गरेको ऋणपत्र वा राष्ट्र बैंकले जारी गरेको टे«जरी बिल खरीद गर्न, राष्ट्रिय सहकारी बैंकको शेयर खरिद गर्न बाहेकका अन्य काममा उपयोग गर्नहुने छैन। तर संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(७) संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्रदान गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

**४०. सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः** (१) संघीय कानून बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

४१. **व्यक्तिगत बचतको सीमाः** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियम तथा वचत तथा ऋण नीतिमा तोके बमोजिम हुनेछ ।

## परिच्छेद –८

## आर्थिक स्रोत परिचालन

४२. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था :** (१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन ।

(४) संस्थाको शेयरको अंकित मूल्य विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(६) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(७) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

४३. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था** (१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तिन महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) संस्थाले सबै प्रकारका वचत खाताहरु संचालन गर्न सक्नेछ ।

४४. **ऋण वा अनुदान लिन सक्नेः** (१) संस्थाले स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण् लिन तुलसीपुर उपमहानगरपालिकाका अधिकार प्राप्त अधिकारीको स्वीकृती लिनु पर्नेछ ।

४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने : (१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून वमोजिम स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारि समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्ने छ ।

(२) दफा (१) वमोजिम  प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले संघीय कानून बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा शिफारिस गरि पठाउनु पर्नेछ ।

## परिच्छेद –९

## संस्थाको कोष

४६ **संस्थाको कोष :** (१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य रकम ।

४७. **जगेडा कोष :** (१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्तय रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

४८. **संरक्षित पूँजी फिर्ता कोषः** (१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ ।

४९. **सहकारी प्रवर्धन कोष सम्बन्धी व्यवस्थाः** (१) संस्थाले सहकारी व्यवसायको प्रवर्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानून व्यवस्था भए बमोजिम हुनेछ ।

५०. अन्य कोष सम्बन्धी व्यबस्थाः (१) दफा ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ । तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी हुने छैन ।

## परिच्छेद –१०
## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :** (१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

**५२. विवरण उपलब्ध गराउनु पर्ने :** (१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको छ महिनाभित्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ

(क) वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) अधिकार प्राप्त गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद – ११
## लेखा र लेखापरीक्षण

**५३. कारोबारको लेखाः** संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी प्रचलित कानून बमोजिम लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

**५४. लेखापरीक्षणः** (१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजत–पत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजत–पत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभासमक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

५५. लेखापरीक्षकको नियुक्ति : (१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजत–पत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

**५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने :** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसुरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद – १२

## छुट,सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियतः** (१) सहकारी संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ

(क) सहकारी संस्थाले अचल सम्पत्ति वाहेक कारोवार सम्बन्धीकुनै लिखत रजिष्टे«शन गर्नु गराउनु पर्ने छैन।

(ख) संस्थाले व्यवसायीक प्रयोजन वाहेक आफ्नो कार्यालय तथा सेवा केन्द्र भवन, अस्पत्ताल, विद्यालय, लगायतका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(गं) संस्थाले ऋण लगानी गर्दा वा जमानत वापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन।

(घ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले जगेडा कोषमा छुट्याएको रकम, संरक्षित पूँजी फिर्ता कोषमा छुट्याएको रकम र सहकारी प्रवर्धन कोषमा जम्मा गरेको रकममा आय कर लाग्ने छैन।

(ङ) तुलसीपुर उपमहानगरपालिकाले सहकारी संस्थाले आफ्नो प्रयोगका लागि आयातगर्ने मेशिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पाटपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरुमा लाग्ने भन्सार महशुल वा मूल्य अभिवृद्धि कर वापतको रकममा अनुदान दिन सक्नेछ।

(च) यस दफामा उल्लिखित छुटहरुका अतिरिक्त औद्योगिक व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा बिशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने संस्थालाई प्रचलित कानून बमोजिम उद्योग व्यवसाय वा सेवाले पाए सरहको छुट,सुविधा र संरक्षण समेत प्राप्त हनेछ।

(छ) तुलसीपुर उपमहानगरपालिकाले विपन्न ग्रामिण महिला, अपांगता भएका व्यक्ति, मुक्त कमैया, हलिया, भूमिहिन कृषक,बेरोजगार,श्रमिक, दलित तथा अल्पसंख्यक जनजाती समेतका समुहको सहकारी खेती,सदस्यको श्रम र सिपमा आधारित स्वरोजगारीका उद्योग धन्दा प्रवर्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पुरै छुट दिन, बीउ पुँजी सहभागीता अनुदान, सहुलियतपूर्ण ऋण लगायतको बिशेष वित्तिय सुविधा प्रदान गर्न सक्नेछ।

(ज) तुलसीपुर उपमहानगरपालिकाले सहकारी कृषि फर्म, सहकारी उद्योग, अस्पताल, यातायात, सहकारी विद्यालय, दुग्ध उद्योग, लगायतका यस क्षेत्रमा प्रभाव पर्ने सहकारी व्यवसाय सञ्चालन गर्न विउ पुँजी अनुदान, सहुलियतपूर्ण ऋण, प्रचलित कानून बमोजिम लाग्ने करमा छुट लगायतको बिशेष सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ।

(झ) यस दफामा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत संघिय कानूनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–१३

## ऋण असुली तथा बाँकी बक्यौता

**५८. ऋण असुल गर्ने :** (१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्नेछ। धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्रस लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

**५९. कालो सूची सम्बन्धी व्यवस्थाः** संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधिभित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

**६१ बाँकी बक्यौता असुल उपर गर्ने :** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ ।

**६२. रोक्का राख्न लेखी पठाउने :** (१) संस्था वा अधिकार प्राप्त अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता,जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ ।

**६३. अग्राधिकार रहने** : कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६४. **कारबाही गर्न बाधा नपर्ने** : संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद– १४

## एकीकरण, बिघटन तथा दर्ता खारेज

६५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्था :** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

६६. **विघटन र दर्ता खारेजः** (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनसक्नेछ

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि कम्तिमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. लिक्वीडेटरको नियुक्तिः (१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा अधिकार प्राप्त अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानूनमा तोकिएको सिमासम्मको सम्पत्ति भएको संस्थाको हकमा अधिकार प्राप्त अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोगः कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१५

## अधिकार प्राप्त अधिकारी

**६९. अधिकार प्राप्त अधिकारीः** (१)यस ऐन अन्तर्गत अधिकार प्राप्त अधिकारीले गर्नुपर्ने कार्यहरू तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०. काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त अधिकार प्राप्त अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१६

## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्नेः** (१) अधिकार प्राप्त अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आबश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२)बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा अधिकार प्राप्त अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले तुलसीपुर उपमहानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(८) तुलसीपुर उपमहानगर नगर कार्यपालिकाले एक अनुगमन समितिको गठन गर्न सक्ने छ जसमा कार्यपालिकाले तोकेको व्यक्तिको संयोजकत्वमा उक्त समितिमा सहकारी हेर्ने प्रमुख कार्मचारी सदस्य सचिव, जिल्ला सहकारी संघ र विषयगत जिल्ला सहकारी संघका यस उपमहानगरपालिकाभित्रका प्रतिनिधि एक/एक जना रहने छन ।

**७२. छानविन गर्न सक्नेः** (१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पच्चिस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

७३. बचत तथा ऋणको कारोबार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** (१) अधिकार प्राप्त अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन उपमहानगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई तुलसीपुर उपमहानगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

**७५. सहकारी वचत तथा कर्जा सुरक्षण कोषः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तुलसीपुर उपमहानगरपालिकाले सहकारी संस्थाहरुको सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्ने छ ।

(२) सहकारी बचत तथा कर्जा सुरक्षा कोष सञ्चालन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले विमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउ जस्ता योजनामा उल्लिखित कारणले भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः** (१) बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरूको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षणका लागि त्यस्ता संस्थाहरु मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषमा इच्छुक सबै बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरु र तुलसीपुर उपमहानगरपालिकाको योगदान हुनेछ ।

(३) स्थिरीकरण कोषमा सहभागी संस्थाले बार्षिक बचतबाट जगेडा कोषमा छुट्याए पछि तोकिए बमोजिमको रकम जम्मा गर्न सक्नेछन् । स्थिरीकरण कोषको रकम तोकिएका बैंकमा खाता खोली राख्नु पर्नेछ ।

(४) स्थिरीकरण कोषको उपयोग देहायको प्रयोजनमा गर्न सकिनेछ

(क) सहभागी संस्थाको तरलता कायम राख्न र समस्याग्रस्त सहकारीको बचाउको लागि सापटी दिन,

(ख) सहभागी संस्था समस्याग्रस्त भएको अबस्थामा यस ऐन बमोजिम गठन भएको व्यवस्थापन समितिको खर्च व्यहोर्न,

(ग) स्थिरीकरण कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –१७
## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पुरा गर्नुपर्ने वित्तीय दायित्व पुरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा पच्चिस प्रतिशत वा पन्द्र जना मध्ये जुन बढि हुन्छ सो वरावरका सदस्यहरूले अधिकार प्रास्त अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ)सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ।

**७८. व्यवस्थापन समितिको गठनः** (१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यकालागि व्यवस्थापन समितिको गठन गर्न अधिकार प्राप्त अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१८
## कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

**७९. कसूर गरेको मानिने :** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पु-याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पु-याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पु-याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा

लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पु-याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

**८०. असल नियतले गरेको कामको बचाउः** (१) यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधि बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा सहकारी संस्थाहरुको संचालक वा पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामूहिक रुपले जवाफदेही हुने छैनन् ।

तर प्रक्रिया पुरा नगरी र बदनियतसाथ गरिएको कार्यको कुनै बचाउ हुने छैन ।

**८१. सजायः** (१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ

(क) खण्ड (क),(ग),(ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैंयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्षसम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्या उनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

**८२. जरिवाना हुने :** (१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैंयासम्म जरिवाना गर्नेछ

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्द्र गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम ब्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा,

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

**८३. रोक्का राख्ने:** (१) अधिकार प्राप्त अधिकारीले सम्बन्धित संस्थालाई दफा ८२ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

**८४. दोब्बर जरिवाना हुने :** (१) दफा ८२ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई अधिकार प्राप्त अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

**८५. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :** अधिकार प्राप्त अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर

गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

८६. **मुद्दा हेर्ने अधिकारीः** दफा ८१ बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

८७. **उजूरी दिने हद म्याद :** (१) कसैले दफा ८१ बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८१ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष उजूरीदिनु पर्नेछ ।

८८. **पुनरावेदन गर्न सक्ने :** (१) दफा ७ बमोजिम संस्था दर्ता अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र अधिकार प्राप्त अधिकारीको निर्णयउपर कार्यपालिकासमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८१ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछस्

(क) अधिकार प्राप्त अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपरसम्बन्धित उच्च अदालतमा ।

८९. **असुल उपर गरिने :** यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद–१९

## विविध

९०. **मताधिकारको प्रयोग** : कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९१. **सामाजिक परीक्षण गराउन सक्ने** : (१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

९२. **सहकारी शिक्षाः** सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्नुका साथै सहकारी विद्यालय र विश्वविद्यालय अन्तर्गत सहकारी संकाय वा शिक्षालय (स्कुल अफ कोअपरेटिभ) स्थापना गर्न आबश्यक सहयोग गर्न सक्नेछ ।

९३. **आर्थिक सहयोग गर्न नहुनेः** संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यकोलागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबद्र्धन सम्बन्धीकार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोवार गर्न सक्नेः** सहकारी संस्थाहरुले एक आपसमा अन्तर सहकारी कारोवार गर्नु साथै सहकारी संस्था र सम्बन्धीत सहकारी संस्थाका शेयर सदस्यहरुको संयुक्त लगानीमा कृषि फर्म, पशुपालन फर्म, र उत्पादन तथा सेवा व्यवसाय संचालन गर्न सक्नेछन् ।

९५. **ठेक्कापट्टा दिन नहुनेः** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. **सरकारी बाँकी सरह असुल उपर हुनेः** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९७. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागु नहुने :** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन ।

९८. **प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने :** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्‍याएको मानिने छैन ।

९९. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेः** (१) यो ऐनको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार नियम, मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

१००. **कर सम्बन्धी व्यबस्था :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तुलसीपुर उपमहानगरपालिकामा सञ्चालित सहकारी संस्थाहरुलाई सात प्रतिशत आय कर लाग्नेछ ।

१०१. **विवाद समाधान :** सहकारी संस्थाका बिच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि विवाद निरुपण समितिको गठन गर्न सकिने छ ।

१०२. **प्रोत्साहन गर्न सकिनेः** सहकारी क्षेत्रको प्रबद्र्धनका लागि उल्लेखनीय काम गर्ने व्यक्ति, संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गरिने छ ।

**१०३. विभागीय कारबाही हुने :** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम बिभागीय कारवाही हुनेछ ।

## अनुसूची १

## दर्ता दरखास्तको नमुना

मिति : ......................

श्री सहकारी अधिकृत ज्यू !

तुलसपुर उपमहानगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

**विषय : सहकारी संस्थाको दर्ता सम्बन्धमा ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

**संस्थासम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य सङ्ख्या :

(ज) महिला ........ जना

(२) पुरुष ......... जना

(छ) प्राप्त सेयर पूँजी रकम :

(ज) प्राप्त प्रवेश शुल्कको रकम :

## अनुसूची २

## संस्था दर्ता प्रमाण–पत्रको नमुना

## तुलसिपुर उपमहानगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

## सहकारी संस्था दर्ता प्रमाण–पत्र

दर्ता नं. :

तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ६ बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको सहकारी संस्था दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाण–पत्र प्रदान गरिएको छ

वर्गीकरण : ... ... ... ... ... ... ... ...

दर्ता गरेको मिति :

दस्तखत :

दर्ता गर्ने अधिकारीको नाम :

कार्यालयको छाप :

# तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५

*पारित मिति २०७५/०३/२४*

**प्रस्तावनाः** तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि तुलसीपुरउपनगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२) **सम्पति करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३) **भूमि कर (मालपोत) :** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४) **घर जग्गा वहाल करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५) **व्यवसाय करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) **जडिबुटी, कवाडी र जीवजन्तु करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७) **सवारी साधन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) **विज्ञापन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९) **मनोरन्जन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०) **बहाल बिटौरी शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन

गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **पार्किङ शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२) **सेवा शुल्क, दस्तुरः** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र -याफ्टीङ्गसेवा वा व्यवसाय संचालन व्यवस्थापन गरेका तथा अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनूसूचि (११) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३) **बिक्रि तथा निकासी शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टि, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट खरिढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको बिक्रि तथा निकासीमा अनुसूची (१२) मा उल्लेखित दरमा बिक्रि तथा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४) **लगानी बाट प्रतिफलः** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम अनुसूची (१३) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

१५) **कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।
२) उपदफा १ मा जे सुकै लेखिएको भएता पनी नगरसभाले आवश्यक ठानेमा कुनै क्षेत्रमा अनुसूची (१४) बमोजिमको कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ ।

१६) **कर तथा शुल्क संकलन सम्बन्धीकार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धीकार्यविधि तुलसीपुर उपमहानगरपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची– १**

**सम्पत्ति करका दरहरु**

| क्र.सं. | सम्पत्तिको अन्तिम मुल्य | कर रकम रु. | कर अक्षेरुपी |
|---|---|---|---|
| १ | रु १ देखि २ लाखसम्म | २५/- | पच्चिस रुपैया मात्र |
| २ | रु २ लाख देखि ३ लाखसम्म | ५०/- | पचास रुपैया मात्र |
| ३ | रु ३ लाख देखि ४ लाखसम्म | ७५/- | पचहत्तर रुपैया मात्र |
| ४ | रु ४ लाख देखि ५ लाखसम्म | १००/- | एकसय रुपैया मात्र |
| ५ | रु ५ लाख देखि ६ लाखसम्म | १२०/- | एकसय पच्चिस मात्र |
| ६ | रु ६ लाख देखि ७ लाखसम्म | १५०/- | एकसय पचास रुपैया मात्र |
| ७ | रु ७ लाख देखि ८ लाखसम्म | १७५/- | एकसय पचहत्तर रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| ८ | रु ८ लाख देखि ९ लाखसम्म | १९०/- | एकसय नव्वे रुपैया मात्र |
| ९ | रु ९ लाख देखि १० लाखसम्म | २००/- | दुईसय रुपैया मात्र |
| १० | रु १० लाख १ देखि १२ लाखसम्म | २५०/- | दुईसय पचास रुपैया मात्र |
| ११ | रु १२ लाख १ देखि १४ लाखसम्म | ३००/- | तीनसय रुपैया मात्र |
| १२ | रु १४ लाख १ देखि १६ लाखसम्म | ३५०/- | तीनसय पचास रुपैया मात्र |
| १३ | रु १६ लाख १ देखि १८ लाखसम्म | ३८०/- | तीनसय असी रुपैया मात्र |
| १४ | रु १८ लाख १ देखि २० लाखसम्म | ४००/- | चारसय रुपैया मात्र |
| १५ | रु २० लाख १ देखि २२ लाखसम्म | ५००/- | पाचसय रुपैया मात्र |
| १६ | रु २२ लाख १ देखि २४ लाखसम्म | ५५०/- | पाचसय पचास रुपैया मात्र |
| १७ | रु २४ लाख १ देखि २६ लाखसम्म | ६५०/- | छसय पचास रुपैया मात्र |
| १८ | रु २६ लाख १ देखि २८ लाखसम्म | ८००/- | आठसय रुपैया मात्र |
| १९ | रु २८ लाख १ देखि ३० लाखसम्म | १०००/- | एकहजार रुपैया मात्र |
| २० | रु ३० लाख १ देखि ३४ लाखसम्म | १२००/- | एकहजार दुईसय रुपैया मात्र |
| २१ | रु ३४ लाख १ देखि ३८ लाखसम्म | १५००/- | एकहजार पाचसय रुपैया मात्र |
| २२ | रु ३८ लाख १ देखि ४२ लाखसम्म | २०००/- | दुईहजार रुपैया मात्र |
| २३ | रु ४२ लाख १ देखि ४६ लाखसम्म | २५००/- | दुईहजार पाचसय रुपैया मात्र |
| २४ | रु ४६ लाख १ देखि ५० लाखसम्म | ३०००/- | तीनहजार रुपैया मात्र |
| २५ | रु ५० लाख १ देखि ६० लाखसम्म | ३५००/- | तीनहजार पाचसय रुपैया मात्र |
| २६ | रु ६० लाख १ देखि ७० लाखसम्म | ४५००/- | चारहजार पाचसय रुपैया मात्र |
| २७ | रु ७० लाख १ देखि ८० लाखसम्म | ६०००/- | छ हजार रुपैया मात्र |
| २८ | रु ८० लाख १ देखि ९० लाखसम्म | ८०००/- | आठ हजार रुपैया मात्र |
| २९ | रु ९० लाख १ देखि १ करोडसम्म | १०,०००/- | दशहजार मात्र |
| ३० | रु १ करोड १ देखि १ करोड २० लाख सम्म | १२,०००/- | बाह्र हजार मात्र |
| ३१ | रु १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १६,०००/- | सोह्र हजार मात्र |
| ३२ | रु १ करोड ६० लाख १ देखि २ करोडसम्म | २०,०००/- | विस हजार मात्र |
| ३३ | रु २ करोड १ देखि २ करोड २० लाख सम्म | २५,०००/- | पच्चीस हजार मात्र |
| ३४ | रु २ करोड २० लाख १ देखि ३ करोड २० लाख सम्म | ४०,०००/- | चालिस हजार मात्र |
| ३५ | रु ३ करोड २० लाख १ देखि ४ करोडसम्म | ५०,०००/- | पचास हजार मात्र |
| ३६ | रु ४ करोड १ देखि ५ करोडसम्म | ६०,०००/- | साठी हजार मात्र |
| ३७ | रु ५ करोड १ देखि माथि जति भए त्यतिमा २ दुई रुपैया प्रति हजारमे दरले | | |

**अनुसूची–१ संग सम्बन्धित**

सम्पत्ति कर प्रयोजनका लागि तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्यांकन (सडकको दायांबांया पर्ने जग्गा ७५ मिटरसम्मको जग्गालाई सडकले छोएको मानिने )

**वडा नं. १**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर वाघमारे पक्की सडक खण्डमा पिच सडक छोएका जग्गाहरु | ३ लाख |
| | हे.पो देखी देविस्थानसम्मको सडकले छोएका जग्गाहरु | २ लाख |
| | हे. पो.देखी कुमाल गाउ मिलन चौक देविस्थान छोएका जग्गाहरु | १ लाख ८० हजार |
| | घिमिरे चोक पोखरी कुमालगाउ सडकले छोएका जग्गाहरु | १ लाख ८० हजार |
| | पाठक टोल न्यूरोड कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख |
| | रामनगर विरेन्द्र मा.वि. शक्तिचौक मिलन चौक | १ लाख ५० हजार |
| | मिलन चौक छोटे तिलाविर घर हुदै गिरीराज ग्रन्जाको घरसम्म | १ लाख ५० हजार |
| | छोटेका अन्य मोटर वाटाहरु | १ लाख ५० हजार |
| | देविस्थान ठाटीगाउ अजिमाराका बाटाहरु | १ लाख ५० हजार |
| कृषि क्षेत्र | साविक पवननगर १,२,३,४ को खेतीयोग्य जमीन | ५० हजार |
| वगर क्षेत्र | | |

**वडा नं. २**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | भमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर सुर्खेत सडक) छोएको जग्गा | ३ लाख |
| | तुलसीपुर वाघमारे कालोपत्रे सडक छोएका जग्गाहरु | ३ लाख |
| | वालापुर तकियापुर भमके हे.पो. सडकले छोएको जग्गा | १ लाख ५० हजार |
| | पहलुवा (सिद्धपुर) कईरेपानी मनिकापुर तिनडुडे सडक खण्डमा छोएका जग्गाहरु | १ लाख ५० हजार |
| | घिमिरे चोक कार्तिकेचौक एकले पिपल ५०० मिटरसम्म | १ लाख ५० हजार |
| | घिमिरे चोक कार्तिकेचौक एकले पिपल ५०० मिटर पछाडि | १ लाख ५० हजार |
| | अश्वारा भुवनेश्वरी मन्दिर हुदै वाल संगिनी स्कुल पाठक टोलवाटो छेउमा | १ लाख ५० हजार |
| | मनिकापुर पोल्ट्री फर्म हुदै कार्की टोल | १ लाख ५० हजार |
| | तकियापुर खानेपानी भवन देखि भमके खोलासम्म | १ लाख ५० हजार |
| | खैरीपुर ताल देखि उत्तर दक्षिण मोटर वाटो | १ लाख ५० हजार |
| | खैरीपुर पूर्व ढलको लौवस्ता वस्तीको वाटो | १ लाख ५० हजार |
| | क्रसर उद्योग अगाडि पूर्व पश्चिम वाटो | १ लाख ५० हजार |
| | पोटली स्कूल रतननाथ प्रा.वि.को उत्तरको वाटो | १ लाख ५० हजार |
| | वजार क्षेत्र वालापुर, पोटली, घिमिरे चोक | १ लाख ५० हजार |
| कृषि क्षेत्र | अन्य साविक पवननगर गा.वि.स. ५,६,७,८,र ९ नवडाका सवै खेतीयोग्य जमिन | ५० हजार |
| | | |

**वडा नं. ३**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि. रानागांउ महिला चौतारीसम्म सडकले छोएका जग्गाहरु साविक वडा नं. १ | ४ लाख |
| | तुलसीपुर सल्यान सडकको प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्म सडकले छोएका जग्गाहरु साविक वडा नं. १ | १ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु साविक वडा नं. ७ | २० हजार |

| | | |
|---|---|---|
| | ग्राभल वाटोले छोएका जग्गाहरु साविक १० | १ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु साविक १० | १ लाख |
| कृषि क्षेत्र | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि.रानागांउसम्मको वांकी भाग साविक वडा न. १ | १ लाख |
| | प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्मको वांकी क्षेत्र (खमारी, हर्नेटी, पैयाखोरे, रामी र धामा,पहरेखोला) साविक वडा नं. १ | ३० हजार |
| | वाटोले नछोएका जग्गाहरु साविक १० | ८५ हजार |
| | भ्युडहर, असुरकोट, पन्नापुर साविक १० | ३० हजार |
| | वाटोले नछोएका जग्गाहरु साविक वडा नं. ७ | १० हजार |
| वगर क्षेत्र | पातुखोला ले कटान गरेको जग्गा साविक वडा नं. १ | ३० हजार |
| वगर क्षेत्र | पातुखोला, गहतेखोल, भमके खोलाले कटान गरेको जग्गा हरु साविक १० | ७० हजार |

**वडा नं. ४**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सल्यान सडकले छोएका जग्गाहरु साविक वडा नं. २ | ५ लाख |
| | सहायक ग्राभल सडकले छोएका जग्गाहरु साविक वडा नं. २ | ४ लाख ५० हजार |
| | अन्य कच्ची वाटोले छोएका जग्गाहरु साविक वडा नं. २ | ४ लाख ५० हजार |
| | पर्सेनि देखी बेतराबती हुदै बनहरीसम्म सडकको दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १६ | २ लाख |
| | बनहरी देखी चमेरे गुफा जाने सडकको दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १६ | १ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १६ | २ लाख |
| | पर्सेनि देखी बम्नै नवलपुर हुदै खाद्रे जाने बाटोको दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १७ | ३ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १७ | २ लाख |
| कृषि क्षेत्र | आवास क्षेत्र र जंगल क्षेत्रमा परेका वाहेकका अन्य जग्गाहरु साविक वडा नं. २ | १ लाख |

| | | |
|---|---|---|
| | अन्य बाँकी जग्गाहरु ९ नयावस्ति सुनौलिपुर साविक वडा नं. २ | १ लाख |
| | तराई खेतीयोग्य साविक वडा नं. १६ | ७० हजार |
| | पहाड खेतीयोग्य साविक वडा नं. १६ | २५ हजार |
| | तराई खेतीयोग्य साविक वडा नं. १७ | ७० हजार |
| | पहाड खेतीयोग्य साविक वडा नं. १७ | २५ हजार |

**वडा नं. ५**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | दुर संचारदेखि ग्रामीण चोकसम्म | ५० लाख |
| | दुर संचार देखि उत्तर वडानं.५ सिमानासम्म | २२ लाख |
| | ख लाईन मा पर्ने  जग्गाहरु | ३० लाख |
| | ग लाईन मा पर्ने  जग्गाहरु | ३० लाख |
| | घ लाईन मा पर्ने  जग्गाहरु | २७ लाख |
| | ङ लाईन तुलसी बार्डिङ्ग चौक देखी उ.बा.सं.चौक सडकमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन नामिनगर लाईन अन्य पिच सडकमा पर्ने जग्गा | २२ लाख |
| | घोराहि चौक देखी नामीनगर चौकसम्मको पिच सडमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन देखि वसपार्क मा जाने  सडकमा पर्ने जग्गा (दुवै बाटा) | ३० लाख |
| | वस पार्क क्षेत्रमा पर्ने जग्गा | २७ लाख |
| | अन्य पक्की सडकमा पर्ने जग्गा | २७ लाख |
| आवासिय क्षेत्र | अन्य पक्की सडकमा पर्ने जग्गा | २२ लाख |
| | माथि उल्लेखित सडक बाहेकका ग्राभेल सडकमा पर्ने जग्गाहरु | १८ लाख |
| कृषि क्षेत्र | कुनै पनि सडकले नछोएका जग्गाहरु | ९ लाख |

**वडा नं. ६**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | कालोपत्रे सडकले छोएका नेत्रलाल चौक देखि गुम्राह चौकसम्मका जग्गाहरु | २४ लाख ५० हजार |
| | कालोपत्रे सडकले छोएका गुम्राह चौक देखि एर्पोटसम्मका,अंचल प्रहरी कार्यालय सडक जग्गाहरु | १८ लाख |

| | | |
|---|---|---|
| | कालोपत्रे सडकले छोएका सहरी क्षेत्रभित्र पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | २० लाख |
| आवासिय क्षेत्र | ग्राभेल सडकले छोएका सुकौरा रोड भगवती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा रोड सरस्वती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा टोल गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु | ३ लाख |
| | ग्राभेल सडकले छोएका लक्ष्मी टोल ( गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु) | ३ लाख ५० हजार |
| | ग्राभेल सडकले छोएका कैलाश नगर टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका एकता टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका पद्मम नगर टोल तथा डुम्री गाऊमा पर्ने सवै बाटोमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका सरस्वती टोल क्याम्पस रोड मा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि बरुवागाउभित्रका ग्राभेल सडकमा पर्ने जग्गाहरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि क्याम्पस रोड जोड्ने सडकमा पर्ने जग्गाहरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ईन्द्रनगर टोल सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि सगरमाथा टोल सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | सगरमाथा टोल देखि सिप विकास कार्यालयसम्मको सडकका जग्गाहरु | ५ लाख ५० हजार |
| | तुल्सीपुर घोराही सडकदेखि मदन नगर टोलको ५०० मि. सडकमा पर्ने जग्गा हरु | ७ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ५०० मि. देखी तल मदन नगर टोलको सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | कालोपत्रे सडकले छोएका शहरी क्षेत्र बाहिर पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि राजापुर जाने सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | उत्तर कपडादेवी बन्कट्टा गोठलिगाऊ सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | माथि उल्लेखित कालोपत्रे सडक बाहेकका अन्यकालो पत्रे सडकमा पर्ने जग्गाहरु | ८ लाख |

| | | |
|---|---|---|
| | अन्य गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | २ लाख |
| कृषि क्षेत्र | बांकी खेति योग्य जग्गाहरु | १ लाख ५० हजार |
| वगर क्षेत्र | उत्तर कपडादेवी र गोठली गाऊमा पर्ने कालाखोला तथा रानीगार खोला छेउमा पर्ने जग्गाहरु | ८० हजार |

**वडा नं. ७**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सल्यान पिच सडकले छोएका जग्गाहरु साविक वडा नं. ३ | ११ लाख |
| | भित्री ग्राभेल र अन्य सडकले छोएका जग्गाहरु साविक वडा नं. ३ | ५ लाख |
| | तुलसीपुर सल्यान पिच सडकले छोएका जग्गाहरु साविक वडा नं. ४ | ११ लाख |
| | तुलसीपुर घोराही पिच सडकले छोएका जग्गाहरु साविक वडा नं. ४ | ११ लाख |
| | शहरी क्षेत्रभित्र पर्ने ग्राभल वाटोले छोएका जग्गाहरु साविक वडा नं. ४ | ८ लाख |
| | शहरी क्षेत्र वाहिर पर्ने ग्राभल सडकले छोएका जग्गाहरु साविक वडा नं. ४ | ५ लाख |
| | तुलसीपुर लमहि सडकखण्डमा पर्ने जग्गाहरु साविक वडा नं. १५ | १० लाख |
| | पक्की वाटोले छोएका जग्गाहरु साविक वडा नं. १५ | ८ लाख |
| | पर्सेनि देखी खाद्रे बनहरी जाने चोक दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १५ | ४ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १५ | २ लाख |
| कृषि क्षेत्र | सडकले नछोएका जग्गाहरु साविक वडा नं. ३ | १ लाख |
| | शहरी क्षेत्रभित्रका सडकले नछोएका जग्गाहरु साविक वडा नं. ४ | १ लाख |
| | शहरी क्षेत्र वाहिरपर्ने सडकले नछोएका जग्गाहरु साविक वडा नं. ४ | १ लाख |
| | खेतीयोग्य १/क, १/ ख , २/क, २/ख साविक वडा नं. १५ | ७० हजार |
| | तराई खेतीयोग्य साविक वडा नं. १५ | ७० हजार |

**वडा नं. ८**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सुर्खेत सडकले छोएका जग्गाहरु  साविक वडा नं. ८ | १० लाख |
| | अन्य ग्राभल वाटोले छोएका जग्गाहरु साविक वडा नं. ८ | ५ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु साविक वडा नं. ८ | ५ लाख |
| | तुल्सीपुर सुर्खेत सडक मा पर्ने जग्गा हरु साविक वडा नं. ११ | ५ लाख |
| | ग्राभल वाटोले छोएका जग्गाहरु साविक वडा नं. ११ | ४ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु साविक वडा नं. ११ | ४ लाख |
| कृषि क्षेत्र | वाटोले नछोएका जग्गाहरु साविक वडा नं. ८ | १ लाख |
| | वाटोले नछोएका जग्गाहरु साविक वडा नं. ११ | १ लाख |
| वगर क्षेत्र | गहतेखोलाले कटान गरेको जग्गा साविक वडा नं. ८ | ५० हजार |
| | पातुखोला,गहतेखोला भमके खोलाले कटान गरेको जग्गाहरु साविक वडा नं. ११ | ५० हजार |

**वडा नं. ९**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सुर्खेत सडकले छोएका जग्गाहरु (५/ख) | १० लाख |
| | दोघरे बेलुवा प्रतापकोट कालो पत्रेलाई छाएका जग्गाहरु | ९ लाख |
| | हाल प्रस्तावित न.वि.सहरी क्षेत्र (५/ख) | ९ लाख |
| | अन्य ग्राभल वाटोले छोएका जग्गाहरु | ६ लाख |
| | राउटेचौर शिवपुर सल्लीबन ग्रावेल बाटोले छाएको बाटो | ५ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| कृषि क्षेत्र | वाटोले नछोएका जग्गाहरु | २ लाख |
| वगर क्षेत्र | पातुखोलाले कटान गरेको जग्गा हरु | २ लाख |

### वडा नं. १०

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | राईखलियान देखी पिरगाउं सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १३ | २ लाख |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १३ | १ लाख ५० हजार |
| | तुलसीपुर सुकौरा सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १४ | २ लाख |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १४ | १ लाख ५० हजार |
| कृषि क्षेत्र | भित्री सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १३ | १ लाख ५० हजार |
| | खेतीयोग्य साविक वडा नं. १३ | ७० हजार |
| | खेतीयोग्य साविक वडा नं. १४ | ७० हजार |
| वगर क्षेत्र | पातुखोलाले कटान गरेका जग्गाहरु साविक वडा नं. १४ | ७० हजार |
| | बगरमा परिणत भएका जग्गाहरु | ५० हजार |

### वडा नं. ११

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर अमिलिया सडकखण्डका दाया बाया पर्ने जग्गा हरु साविक वडा नं. १९ | ३ लाख |
| | तुलसीपुर अमिलिया सडकखण्डको उरहरी चौक देखी पश्चिम उ.मा.बि. जाने सडक दाया बाया पर्ने जग्गा हरु साविक वडा नं. १९ | २ लाख |
| | दामोदर सडकको दायांबायां का जग्गा (जनबहार चौक देखी दुधिसोतासम्म) | २ लाख |

| | | |
|---|---|---|
| | कटाहा हुदै तुलसीपुर जाने कच्ची सडकका जग्गा साविक वडा नं. १९ | २ लाख |
| | उरहरी ५ हसनापुर हुदै तुलसीपुर जाने सडकका दायांबायां साविक वडा नं. १९ | २ लाख |
| | अन्य कच्ची सडकका दायांबायां साविक वडा नं. १९ | २ लाख |
| | दामोदर सडकको दायांबायां का जग्गाहरु (दुधेसोता देखी पातुखोलासम्म) साविक वडा नं. २० | २ लाख |
| | सुकौरा तुलसीपुर रोडमा पर्ने सडक दायांबायांमा पर्ने जग्गा साविक वडा नं. २० | २ लाख |
| | बेल्टाकुरा देखी कटाहा हुदै तुलसीपुर जाने कच्ची सडकका जग्गा साविक वडा नं. २० | २ लाख |
| | मोतीपुर पिरगाउ नवलपुर हुदै तुलसीपुर जाने कच्ची सडकका दायांबायां साविक वडा नं. २० | २ लाख |
| | अन्य कच्ची सडकका दायांबायां साविक वडा नं. २० | २ लाख |
| कृषि क्षेत्र | खेतीयोग्य साविक वडा नं. १९ | १ लाख |
| | खेतीयोग्य साविक वडा नं. २० | १ लाख |
| वगर क्षेत्र | बबई नदिले कटान गरेका जग्गाहरु साविक वडा नं. १९ | ५० हजार |
| | पातुखोलाले कटान गरेका जग्गाहरु साविक वडा नं. २० | ५० हजार |

**वडा नं. १२**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर अमिलिया रासी लोकमार्गको एयरपोर्ट हुदै टरिगाउ सिमाना, शहिद गेट पुकार पसलसम्म सडकका दायाबांया पर्ने जग्गा हरु | १२ लाख |
| | पुकार पसल शहिदगेट देखी दक्षिण भोजपुरे रोडसम्म सडक दायाबांया पर्ने जग्गाहरु | ४ लाख |
| | भोजपुरे रोड देखी दक्षिण शिवपुरसम्मको सडक दाया बाया पर्ने जग्गा | ३ लाख ५० हजार |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | २ लाख |
| | तुलसीपुर अमिलिया सडकखण्डका दाया बाया पर्ने जग्गा हरु वडा | ४ लाख |

| | | |
|---|---|---|
| | नं. १८ | |
| | दामोदर सडकको दायांबायां का जग्गाहरु (ग्वारखोला देखी जनबहार चौकसम्म) वडा नं. १८ | १ लाख ५०हजार |
| | हेमनगर देखी क्वाडिसम्म जाने बाटोको दायांबायांका जग्गाहरु वडा नं. १८ | १ लाख ५०हजार |
| | जसपुर देखी क्वाडी हुदै तुलसीपुर जाने कच्ची सडकका दायांबायां वडा नं. १८ | १ लाख ५०हजार |
| | अन्य कच्ची सडकका दायांबायां वडा नं. १८ | १ लाख ५०हजार |
| कृषि क्षेत्र | खेतीयोग्य | ७० हजार |
| वगर क्षेत्र | गुहार खोलाले कटान गरेका जग्गाहरु | ७० हजार |
| | गुहारखोलाले कटान गरेका जग्गाहरु साविक वडा नं. १८ | ७० हजार |

**वडा नं. १३**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर अमिलिया सडक कालोपत्रे | ३ लाख |
| | बखरिया ढकना सडक ग्रावेल सडक | १ लाख ५०हजार |
| | दमारगाउ अम्वापुर ग्राभेल सडक | १ लाख ५०हजार |
| | राप्ती राजमार्ग अम्वापुर मा.वि. ग्राभेल सडक | १ लाख ५०हजार |
| | राप्ती राजमार्ग गिधनिया मजघटुवा नौखान चौराह ग्राभेल सडक | १ लाख ५०हजार |
| | वाखे अकमी सडक ग्राभेल | १ लाख ५०हजार |
| | राप्ती राजमार्ग मजघटुवा रनियापुर सडक देखी अम्बापुर ग्राभेल सडक | १ लाख |
| | रनियापुर नौखान देखी बराहखुटि सिमलखुटि ग्राभेल सडक | १ लाख |
| कृषि क्षेत्र | खेतियोग्य जमिन सवै | ३० हजार |
| | वनसंग सटेका क्षेत्रको | ३० हजार |
| वगर क्षेत्र | ववई तथा सोताको जग्गा | ३० हजार |

**वडा नं. १४**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | सौडियार डुरुवा देखि पहली पन्दनपुर अकमी मटेरा खौसापुर | २ लाख |

| | | |
|---|---|---|
| | रोडमा पर्ने वाटो | |
| | साविक ३ लुहाडवरा हुदै कोठरीसम्मको | २ लाख |
| | मलुवार देखी भोजपुरगाउंसम्मको सडक पर्ने जग्गाहरु | २ लाख |
| | कोठरी डम्ना लुहाडवरा हुदै नदिसम्मको सडकमा पर्ने जग्गाहरु | १ लाख ८०हजार |
| | करङ्गा देखी गोठुवा सडक मा पर्ने जग्गाहरु | १ लाख ५०हजार |
| | भोजपुर गाउं देखी गोठेवासम्मका सडकमा पर्ने जग्गाहरु | १ लाख ५०हजार |
| | कोठरी देखी मन्दिर हुदै भौकासम्म | १ लाख ५०हजार |
| | जितपुर पन्नपुर गोडने बाटो | १ लाख ५०हजार |
| | अन्य सडकका दायां बांयाका जग्गाहरु | १ लाख ५०हजार |
| कृषि क्षेत्र | खेतियोग्य जमीन | ४० हजार |
| वगर क्षेत्र | बबईको वगर | २५ हजार |
| | वन क्षेत्रके जमिन | ५० हजार |

**वडा नं. १५**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | खैरा कोठरी सडक दाया बायाका जग्गाहरु | २ लाख |
| | विजौरी डुरुवा सडक  दाया बायाका जग्गाहरु | २ लाख |
| | गा.वि.स. देखि धमकापुर मलवार हुदै जनबहार जोडने वाटो | २ लाख |
| | पुकार पसल देखी धम्कापुर गबलवा हुदै मा.वि.भोजपुर जोड्ने बाटो | २ लाख |
| | अन्य भित्री वाटो दाया बायाका जग्गाहरु | १ लाख |
| कृषि क्षेत्र | खेतियोग्य जमिन | ४० हजार |
| वगर क्षेत्र | वगर,ववई, हापुर गुहार खोला | ५० हजार |

**वडा नं. १६**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | विजौरी भोजपुर सडक संग सटेको जग्गाहरु | ४ लाख |
| | पुकार पसल भोजपुर संग सटेको जग्गा | ४ लाख |
| | वडानं. १६ का ७ मीटर चौडाई भएको कच्ची सडक | २ लाख |
| | मानपुर भेलाही सडक संग सटेको जग्गाहरु | ४ लाख |

| | | |
|---|---|---|
| कृषि क्षेत्र | वडा नं १६ का सवै सडक संग नसटेको खेतियोग्य जमिन | ५० हजार |

**वडा नं. १७**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | घोराही तुलसीपुर पक्की सडक संग सटको जग्गाहरु | ६ लाख |
| | विजौरी मानपुर सडक संग सटेको जग्गाहरु | ६ लाख |
| | घोराही तुलसीपुर पक्की सडकको १ कि.मी.भित्र सडेको जग्गा | ४ लाख |
| | साविक मानपुर ९/क ८/क ७/ग मा प्लटिङको जग्गा | ४ लाख |
| | वडानं. १७ का ७ मीटर चौडाई भएको कच्ची सडक | २ लाख |
| कृषि क्षेत्र | वडा नं १७ का सवै सडक संग नसटेको खेतियोग्य जमिन | ५० हजार |

**वडा नं. १८**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको बजार क्षेत्रका दायांबांया पर्ने जग्गाहरु | १५ लाख |
| आवासिय क्षेत्र | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको दायांबांया पर्ने जग्गाहरु | १० लाख |
| | बिजौरी देखी साईपुरसम्म पक्की सडकका दायाबांया पर्ने जग्गा हरु | ६ लाख |
| | बिजौरी देखी जमुनी बांसडबरासम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | बिजौरी देखी घट्टेकुलोसम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | दुधरास देखी सातकुलोसम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | हेमन्तपुर देखी निमुवासम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | हेमन्तपुर धर्मशाला देखी डौडारेसम्म कच्ची सडकका दाया बाँया पर्ने जग्गा हरु | ४ लाख |
| | हेमन्तपुर पुष्पलाल चौकदेखी मनिकापुर जोडने बाटोसम्म कच्ची सडकका दायाबांया पर्ने जग्गा हरु | ५ लाख |
| | तुलसीपुर घोराहि सडक खण्ड्संग जोडिएका अन्य कच्ची सडकका | ५ लाख |

| | | |
|---|---|---|
| | दायाबांया पर्ने जग्गा हरु | |
| | अन्य सहायक सडक खण्डका जग्गाहरु | २ लाख ५०हजार |
| कृषि क्षेत्र | खेतियोग्य | १ लाख |
| | वनजंगल क्षेत्रका खेतियोग्य | ६० हजार |
| वगर क्षेत्र | | |

**वडा नं. १९**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको बजार क्षेत्रका दायांबांया पर्ने जग्गाहरु | १५ लाख |
| आवासिय क्षेत्र | बिजौरी हुदै हाडमे, स्थानगाउसम्म कच्ची सडक दाया बाया पर्ने जग्गा | ५ लाख |
| | बिजौरी देखी बांसगढि कच्ची सडकखण्डका दाया बाया पर्ने जग्गा हरु | ५ लाख |
| | बांसगढि देखी कुटेचौर कच्ची सडकका दायाबांया पर्ने जग्गा हरु | ४ लाख |
| | दुधरास देखी संग्राम जोडने कच्ची सडकका दायाबांया पर्ने जग्गा हरु | २ लाख |
| | स्थानगाउं देखी खरखरे कच्ची सडकका दाया बाया पर्ने जग्गा हरु | २ लाख |
| | संग्राम देखी छिल्लीकोट कच्ची सडकका दायाबांया पर्ने जग्गा हरु | २ लाख |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | १ लाख |
| कृषि क्षेत्र | खेतियोग्य जग्गाहरु | ५० हजार |
| | वन जंगल क्षेत्रका खेतियोग्य | ५० हजार |
| वगर क्षेत्र | | |

अनुसूची–१ संग सम्बन्धित

**सम्पत्ती कर प्रयोजनका लागी भौतिक सरचनाको मुल्यांकन दर**

| क्र.सं. | भौतिक संरचनाको विवरण | व्यापारीक दर प्रति वर्गफिट ०७४/०७५ | आवासीय दर प्रति वर्गफिट ०७४/०७५ |
|---|---|---|---|
| १ | लिफ्ट जडित आर.सि.सि. | २,२००.०० | २,०००.०० |
| २ | स्टिल फ्रेम स्टकचर | १,८००.०० | १,५००.०० |
| ३ | पक्कि आर.सि.सि. | १,९००.०० | १,८००.०० |
| ४ | लोड बेयरिङ | १,०००.०० | ८००.०० |

| | | | |
|---|---|---|---|
| ५ | पक्कि इट्टा टिनको छाना | ६००.०० | ५२५.०० |
| ६ | कच्ची इट्टा | ४५०.०० | ४००.०० |
| ७ | सेड | १००.०० | ५०.०० |
| ८ | अस्थाई | ५०.०० | २५.०० |

| क्र.सं. | भौतिक संरचनाको विवरण | दर प्रति वर्गफिट |
|---|---|---|
| १ | भित्री कांचो बाहिर पाको ईट्टामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता झिगटि टायल को छाना भएको | ४००-६०० |
| २ | भित्री बाहिर पाको ईट्टा वा ढुंगामा माटोको जोडाई भएकोभित्र बाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलाना वा जस्ता टायल झिगटि छाना भएको | ५२५-७०० |
| ३ | भित्र बाहिर पाको ईट्टा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान भएको | ८००-१७५० |
| ४ | आर सि.सि. फ्रेम स्टक्चरमा लिफट् एक्सीलेटर जडान भएको | १८००-२२०० |
| ५ | स्टिल फ्रेम स्टकचर भएको | १५००-१८०० |

## अनुसुची – २

## भुमीकर (मालपोत)

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | **शहरी क्षेत्रभित्र** | | | |
| | १ कठ्ठासम्म जग्गा हुने लाई न्यूनतम | २५.०० | पच्चिस रुपैया | |
| | १ कठ्ठा देखी ३ कठ्ठासम्म जग्गा | ६०.०० | साठि रुपैया | |
| | ३ कठ्ठा देखि ५ कठ्ठासम्म लाई प्रति कठ्ठा | १००.०० | एक सय रुपैया | |
| | ५ कठ्ठा देखी माथि प्रति कठ्ठा थप | २०.०० | बिस रुपैया | |
| २ | **शहरी क्षेत्र बाहिर** | | | |
| | ५ कठ्ठासम्म जग्गा हुने लाई न्यूनतम | ७५.०० | पचहत्तर रुपैया | |
| | ५ कठ्ठा देखी १० कठ्ठासम्म जग्गा | १२५.०० | एक सय पच्चिस रुपैया | |
| | १० कठ्ठा देखि १ बिगाहसम्म | २५०.०० | दुई सय पचास रुपैया | |
| | १ बिगाह देखी माथि प्रति कठ्ठा थप | २०.०० | बिस रुपैया | |
| ३ | **पहाडि क्षेत्र** | | | |
| | ५ कठ्ठासम्म जग्गा हुने लाई न्यूनतम | ५०.०० | पचास रुपैया | |
| | ५ कठ्ठा देखी १० कठ्ठासम्म जग्गा | ७५.०० | पचहत्तर रुपैया | |
| | १० कठ्ठा देखि १ बिगाहसम्म | १००.०० | एक सय रुपैया | |
| | १ बिगाह देखी माथि प्रति कठ्ठा थप | १५.०० | पन्द्र रुपैया | |

## अनुसुची – ३
## घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा वहाल कर | १० | दश प्रतिशत | |
| २ | - | | | |

## अनुसुची – ४
## व्यवसाय कर

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | **उद्योग दर्ता तथा संचालन अनुमती** | | | |
| | पूँजी १ लाखसम्म | २,०००.०० | दुई हजार | |
| | पूँजी ५ लाखसम्म | ३,०००.०० | तिन हजार | |
| | पूँजी १० लाखसम्म | ५,०००.०० | पांच हजार | |
| | पूँजी २५ लाखसम्म | ७,०००.०० | सात हजार | |
| | पूँजी ५० लाखसम्म | १५,०००.०० | पन्द्र हजार | |
| | पूँजी १ करोडसम्म | २५,०००.०० | पचिस हजार | |
| | सो भन्दा माथी थप प्रति लाखमा रु.५००। थप गर्दै जाने | | | |
| २ | **उद्योग नविकरण तथा संचालन अनुमती** | | | |
| | पूँजी १ लाखसम्म | १,०००.०० | एक हजार | |
| | पूँजी ५ लाखसम्म | २,०००.०० | दुई हजार | |
| | पूँजी १० लाखसम्म | ३,०००.०० | तीन हजार | |
| | पूँजी २५ लाखसम्म | ५,०००.०० | पाच हजार | |
| | पूँजी ५० लाखसम्म | ८,०००.०० | आठ हजार | |
| | पूँजी १ करोडसम्म | १५,०००.०० | पन्द्र हजार | |
| | सो भन्दा माथी थप प्रति लाखमा रु.३००/ थप गर्दै जाने | | | |
| ३ | **व्यवसाय दर्ता तथा संचालन अनुमती** | | | |
| | पूँजी १ लाखसम्म | १,५००.०० | एक हजार पांच सय | |
| | पूँजी ५ लाखसम्म | २,५००.०० | दुई हजार पांच सय | |
| | पूँजी १० लाखसम्म | ४,०००.०० | चार हजार | |
| | पूँजी २५ लाखसम्म | ६,०००.०० | छ हजार | |
| | पूँजी ५० लाखसम्म | १२,०००.०० | बाह्र हजार | |

| | | | | |
|---|---|---|---|---|
| | पूँजी १ करोडसम्म | १८,०००.०० | अठार हजार | |
| | सो भन्दा माथी थप प्रति लाखमा रु.५००। थप गर्दै जाने | | | |
| ४ | **व्यवसाय नविकरण तथा संचालन अनुमती** | | | |
| | पूँजी १ लाखसम्म | १,००.०० | एक हजार | |
| | पूँजी ५ लाखसम्म | २,०००.०० | दुई हजार | |
| | पूँजी १० लाखसम्म | ३,०००.०० | तिन हजार | |
| | पूँजी २५ लाखसम्म | ५,०००.०० | पांच हजार | |
| | पूँजी ५० लाखसम्म | ८,०००.०० | आठ हजार | |
| | पूँजी १ करोडसम्म | १२,०००.०० | बाह्र हजार | |
| | सो भन्दा माथी थप प्रति लाखमा रु.२००। थप गर्दै जाने | | | |
| ५ | **गै.स.स. दर्ता तथा अनुमति शुल्क** | | | |
| | स्थानीय स्तर | १,०००.०० | एक हजार | |
| | जिल्ला स्तर | ३,०००.०० | तिन हजार | |
| | प्रदेश स्तर | १०,०००.०० | दश हजार | |
| | राष्ट्रिय स्तर | २५,०००.०० | पचिस हजार | |
| | अन्तराष्ट्रिय स्तर | ५०,०००.०० | पचास हजार | |
| | **प्रदेश तथा संघिय सरकारका हकमा सोहि अनुसार** | | | |
| ६ | **गै.स.स. नविकरण तथा अनुमति शुल्क** | | | |
| | स्थानीय स्तर | १,०००.०० | एक हजार | |
| | जिल्ला स्तर | २,०००.०० | दुई हजार | |
| | प्रदेश स्तर | ५,०००.०० | पांच हजार | |
| | राष्ट्रिय स्तर | १०,००० | दश हजार | |
| | अन्तराष्ट्रिय स्तर | २५,०००.०० | पचिस हजार | |
| | **प्रदेश तथा संघिय सरकारका हकमा सोहि अनुसार** | | | |
| ७ | **मुख्य कार्यालय अन्यत्र भई यस उ.म.न.पा.मा संचालन अनुमति शुल्क** | | | |
| | बाणिज्य बैंक | १५,०००.०० | पन्द्र हजार | |
| | बिकास बैंक | ७,०००.०० | सात हजार | |

| | | | | |
|---|---|---|---|---|
| | फाईनान्स कम्पनि तथा वित्तिय संस्था | ५,०००.०० | पांच हजार | |
| | दुरसंचार सेवा प्रदायक | १०,०००.०० | दश हजार | |
| | बिमा कम्पनि | ५,०००.०० | पांच हजार | |
| | बैदेशिक रोजगारी | ५,०००.०० | पांच हजार | |
| | मनी ट्रान्सफर संस्था | ३,०००.०० | तिन हजार | |
| | वहुउद्देश्य सहकारी संस्था | २,५००.०० | दूई हजार पांच सय | |
| | वचत तथा ऋण सहकारी संस्था | १,५००.०० | एक हजार पांच सय | |
| | अन्य सहकारी संस्था | १,५००.०० | एक हजार पांच सय | |
| | कोचिङ्ग तथा भाषा प्रशिक्षण केन्द्र | १०,०००.०० | दश हजार | |
| | मोबाईल टावर शुल्क वार्षिक | ३,०००.०० | तिन हजार | |
| | डिजिटल केबुल नेटवर्क | १०,०००.०० | दश हजार | |
| | एफ एम संचालन तथा नविकरण शुल्क १०० वाटसम्म | ५,०००.०० | पांच हजार | |
| | दैनिक पत्रिका प्रकाशक | ५,०००.०० | पांच हजार | |
| | साप्ताहिक पत्रिका प्रकाशक | २,५००.०० | दुई हजार पांच सय | |
| | जग्गा प्लटिङ्ग गर्ने फर्म/कम्पनी | १,००,००० | एक लाख | |
| | हाउजिङ्ग सम्बन्धीकाम गर्ने फर्म/कम्पनी | ५,०००.०० | पांच लाख | |
| | **प्रदेश तथा संघिय सरकारका हकमा सोहि अनुसार तथा अन्य छुट भएको हकमा नगरप्रमुखले तोकि दिए अनुसार** | | | |

## अनुसुची – ५

## जडिबुटि, कवाडि, जिवजन्तु कर

| क्र.सं. | विवरण | परिमाण | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | उ.म.न.पा.भित्र उत्पादन भई निकासी हुने बस्तुमा लाग्ने कर | | | |
| | उन (प्राकृतिक, कृतिम, जगर) | प्रति के.जी | रु. १० पैसा | |
| | खोटो | प्रति के.जी | रु. ५० पैसा | |
| | जडिबुटि | | | |
| | काउला | प्रति के.जी | रु. ५० पैसा | |
| | मालागेडि | प्रति के.जी | रु. १५० पैसा | |
| | टिमुर | प्रति के.जी | रु. १५० पैसा | |
| | कुरिलो | प्रति के.जी | रु. १५० पैसा | |
| | बनकेरा | प्रति के.जी | रु. ७५ पैसा | |

| | | | | |
|---|---|---|---|---|
| | चुत्रो | प्रति के.जी | रु. ५० पैसा | |
| | धाईराको फुल | प्रति के.जी | रु. ५० पैसा | |
| | सुनकौली (तेजपत्ता) | प्रति के.जी | रु. १५० पैसा | |
| | सुनकौली (बोक्रा) | प्रति के.जी | रु. २/- | |
| | अन्य जडिबुटि | प्रति के.जी | रु. १/- | |
| | बनकस (खर), अम्लिसो, बाबिया, लोक्ता,पटेर, मलहन पत्ता, छवाली, पराल, निगालो आदि | | | |
| | | प्रति गाडा/ठेला | रु. १० /- | |
| | | प्रति टेक्टर | रु. ५० /- | |
| | | प्रति ट्रक | रु. १००/- | |
| २ | **मरेका वा मारिएका जिवजन्तु र पशु पंक्षिहरुको हाड, सिङ्ग, खुर, प्वांख निकासी** | | | |
| | प्वांख | प्रति के.जी | रु. २/- | |
| | सिङ्ग | प्रति के.जी | रु. २/- | |
| | हाड | प्रति के.जी | रु. १/- | |
| | खुर | प्रति के.जी | रु. २/- | |
| ३ | **मरेका वा मारिएका जिवजन्तुहरुको छाला निकासी** | | | |
| | छाला (ठुलो जनावर) | प्रति गाटा | रु. ३०/- | |
| | छाला (सानो जनावर) | प्रति गाटा | रु. १५/- | |
| ४ | **कवाडि निकासी कर** | | | |
| | फलाम | प्रति क्वी | रु. १००/- | |
| | प्लाष्टिक | प्रति क्वी | रु. १००/- | |
| | अन्य | प्रति क्वी | रु. २५/- | |
| | सिसाको बोतल ठुलो | प्रति पिस | रु. १/- | |
| | सिसाको बोतल सानो | प्रति पिस | रु.२५/- पैसा | |

## अनुसुची – ६

## सवारी साधन कर

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | <u>सवारी दर्ता तथा वार्षिक सवारी कर</u> | | | |
| | भाडाका टेम्पो अटोरिक्सा | १,०००.०० | एक हजार | |
| | टांगा, ठेला, रिक्सा | ७५०.०० | सात सय पचास | |

## अनुसुची – ७

## विज्ञापन कर

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | <u>होडिङ्ग बोर्ड, वाल पेन्टीङ्ग, ग्लो बोर्ड, व्यापारिक प्रयोजनार्थ</u> | | | |
| | २० वर्ग फुट वार्षिक | ८५०.०० | आठसय पचास | |
| | ४० वर्ग फुट थप | ३५.०० | पैतिस | |
| | ६० वर्ग फुट | ७२०.०० | सात सय बिस | |
| | ८० वर्ग फुट | ९६०.०० | नौ सय साठि | |
| | सो भन्दा माथि | १,२००.०० | एक हजार दुई सय | |
| | साना किसिमका प्रचार बोर्ड ४ वर्ग फुटसम्म वार्षिक | ५००.०० | पाच सय | |
| | सार्वजनिक स्थानमा व्यानर प्रतिमिटर ७ दिका लागि प्रतिदिन | ७.०० | सात | |
| | सार्वजनिक स्थानमा व्यानर प्रतिमिटर १५ दिका लागि प्रतिदिन | ५.०० | पांच | |
| | १ मिटर र १ बर्ग फुटसम्मको बिज्ञापन एक महिनासम्म प्रतिदिन | १.०० | एक | |
| | १ मिटर,१ बर्ग फुटसम्मको बिज्ञापन एक महिना भन्दा बढि प्रतिदिन | २.०० | दुई | |
| | प्रत्येक विद्युत पोलमा प्रति बर्ग मिटर प्रति महिना | १३.०० | तेह्र | |
| | एक भन्दा बढि बोर्ड भएमा एक निशुल्क तर थपको उपरोक्त अनुसार र थप नगर कार्यपालिकाले तोके अनुसार | | | |

## अनुसुची – ८
## मनोरञ्जन कर

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | **मनोरञ्जन कर** | | | |
| | ॐ शान्ति चलचित्र मन्दिर मासिक | ३,५००.०० | तीन हजार पांचसय | |
| | विष्णु चलचित्र मन्दिर मासिक | ३,०७५.०० | तीन हजार पचहत्तर | |
| २ | **जादु ,चटक, सर्कस, र रमाइलो मेला** | | | |
| | प्रतिदिन रु ५,०००/ देखि १०,०००/सम्म | स्तर हेरी नगरप्रमुखले तोके बमोजिम | | |

## अनुसुची – ९
## बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | **पसल घर न्यूनतम** | | | |
| | पसल घर भाडा अगाडि र पछाडिको प्रति दुई कोठा | ७,५००.०० | सात हजार पांच सय | |
| | पसल घर भाडा पछाडि एक कोठा | १,५००.०० | एक हजार पांच सय | |
| | पसल घरभाडा अगाडिको सटर मात्र | ६,०००.०० | छ हजार | |
| २ | **मासु बधशाला प्रति महिना प्रति स्टल** | १,२००.०० | एक हजार दुई सय | |
| ३ | **तरकारी भाडादर** | | | |
| | **साईड (ए) तर्फ** | | | |
| | कोठा नं. १ | १,४००.०० | एक हजार चार सय | |
| | कोठा नं. २ | १,७००.०० | एक हजार सात सय पचास | |
| | कोठा नं. ३ | १,६५०.०० | एक हजार छ सय पचास | |
| | कोठा नं. ४ | ५७५.०० | पांच सय पचहत्तर | |
| | कोठा नं. ५ | १,६५०.०० | एक हजार छ सय पचास | |
| | कोठा नं. ६ | १,४००.०० | एक हजार चार सय | |
| | कोठा नं. ७ | १,२५०.०० | एक हजार दुई सय पचास | |
| | कोठा नं. ८ | १,७००.०० | एक हजार सात सय | |
| | कोठा नं. ९ | ९००.०० | नौ सय | |
| | **साईड (बि) तर्फ** | | | |
| | कोठा नं. १ | २,३००.०० | दुई हजार तिन सयर् | |

| | | | | |
|---|---|---|---|---|
| | कोठा नं. २ | १,५५०.०० | एक हजार पांच सय पचास | |
| | कोठा नं. ३ | १,०७५.०० | एक हजार पचहत्तर | |
| | कोठा नं. ४ | ९००.०० | नौ सय | |
| | कोठा नं. ५ | १,०२५.०० | एक हजार पच्चिस | |
| ४ | **आलुमण्डिको भाडा दर प्रति कोठा** | १,५००.०० | एक हजार पांच सय | |
| ५ | **बसपार्क वर्कशप /उद्योग/ व्यवसाय जग्गा भाडा प्रतिबर्गफिट** | २.०० | दुई रुपैया | |
| ६ | **अटो भिलेज प्रति ६ मिटर मोहडा** | १,०००.०० | एक हजार | |
| ७ | **साझाबजार व्यापारिक स्टल** | | कार्यविधीमा तोकिए बमोजिम | |
| ८ | **उ.म.न.पा. र ट्रेक्टर व्यवसायी समितिको संयूक्त लगानीमा बनेको प्रति सटर** | १०,००० | दश हजार | |
| ९ | **बाल उद्यान तथा शौचालय शुल्क ग लाईन** | ३६५,५५५.०० | तिन लाख पैसठ्ठी हजार पांच सय पचपन्न बार्षिक | |

अनुसुची –१०

## मनोरञ्जन कर

| क.सं. | विवरण | एक दिनसम्म (२४ घन्टासम्म) | प्रति दुई घन्टासम्म | कैफियत |
|---|---|---|---|---|
| १ | **वसपार्क वा नगरपालिकाले तोकेको क्षेत्रमा पार्किङ गरे वाफत निम्नानुसार पार्किङ शुल्क लिने ।** | | | |
| | बस, ट्रक | २५०.०० | ४०.०० | |
| | ट्रेक्टर , मिनिवस | १५०.०० | ३०.०० | |
| | टयाक्सी ,टेम्पो कार आदी | ७५.०० | २०.०० | |
| | मोटर साईकल, स्कुटर | ५०.०० | १०.०० | |
| २ | **वसपार्क शुल्क निम्नानुसार (प्रति क्यू)** | | | |
| | बस, ट्रक | १००.०० | - | |
| | ट्रेक्टर , मिनिवस | ७५.०० | - | |
| | टयाक्सी ,टेम्पो कार आदी | ५०.०० | - | |

अनुसुची – ११

## सेवा शुल्क दस्तुर

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| क | सिफारिस तथा सेवा शुल्क दस्तुर | | | |
| १ | वकस पत्र शिफारिस | २,०००.०० | दुई हजार | |
| २ | बकस पत्र शिफारिस महिला | १,५००.०० | एक हजार पांच सय | |
| ३ | शेषपछिको वकस पत्र शिफारिस | १,०००.०० | एक हजार | |
| ४ | अंश वण्डा शिफारिस | ५००.०० | पांच सय | |
| ५ | नाता प्रमाणित विदेश प्रयोजन | १,०००.०० | एक हजार | |
| ६ | नाता प्रमाणित अनुसूची अनुसार | ५०.०० | पचास | |
| ७ | विदेश प्रयोजनको लागि गरिने सिफारिश | ५००.०० | पांच सय | |
| ८ | घर कायम सिफारिस | १,०००.०० | एक हजार | |
| ९ | रकम असुलीमा विगोको ( मिलापत्र ) | १५ | पन्द्र प्रतिशत | |
| १० | स्थायी वसोवास सिफारिस | ५००.०० | पांच सय | |
| ११ | अस्थायी वसोवास सिफारिस | ७००.०० | सात सय | |
| १२ | सम्वन्ध विच्छेद राय सिफारिस | १,०००.०० | एक हजार | |
| १३ | नाम सच्याई सर्जमिन (नाम, जन्मस्थान, मिति) | ७००.०० | सात सय | |
| १४ | मिला पत्र दुवै पक्षवाट | २५०.०० | दुईसय पचास | |
| १५ | टेलिफोन सिफारिस | ५००.०० | पांच सय | |
| १६ | खानेपानी धारा सिफारिस | ५००.०० | पांच सय | |
| १७ | संघसंस्था दर्ता सिफारिस | ७००.०० | सात सय | |
| १८ | अंगीकृत नागरिकता सर्जमिन तथा सिफारिस कार्य | १,०००.०० | एक हजार | |
| १९ | हलो जुवा सिफारिस | ५० | पचास | |
| २० | काठ सिफारिस कुकाठ, गोलिया | ८००.०० | आठ सय | |
| २१ | काठ सिफारिस कुकाठ, जर्ना र दाउरा | ५००.०० | पांच सय | |
| २२ | काठ सिफारिस साल सिसौ, गोलिया | २,०००.०० | दूई हजार | |
| २३ | काठ सिफारिस साल सिसौ जर्ना र दाउरा | १,०००.०० | एक हजार | |
| २४ | खयर | ३,०००.०० | तिन हजार | |
| २५ | सुकुम्वासी पुर्जा सिफारिस | ३००.०० | तीन सय | |

| | | | | |
|---|---|---|---|---|
| २६ | छुट जग्गा सिफारिस प्रति कठ्ठा शहरी क्षेत्र | ३,०००.०० | तिन हजार | |
| २७ | छुट जग्गा सिफारिस प्रति कठ्ठा शहरी क्षेत्र वाहिर | २,०००.०० | दुई हजार | |
| २८ | सुकुम्वासी सिफारिस | २००.०० | दुई सय | |
| २९ | द्धन्दपिडित सिफारिस | १००.०० | एक सय | |
| ३० | लालपुर्जा फोटो टांस | १००.०० | एक सय | |
| ३१ | नगदी रसिद समेत प्रमाणित | १००.०० | एक सय | |
| ३२ | घरको ताला खुलाउने दस्तुर | ७००.०० | सातसय | |
| ३३ | व्यवसायको लगत कट्टा गरेवापत | २००.०० | दुईसय मात्र | |
| ३४ | भरुवा बन्दुक नविकरण शुल्क | ५००.०० | पाच सय | |
| ३५ | मोठ श्रेस्ता सिफारिश | ५००.०० | पांचसय | |
| ३६ | उद्योग नामसारी (ठुला)े | १,०००.०० | एक हजार | |
| ३७ | उद्योग नामसारी (सानो) | ५००.०० | पांच सय | |
| ३८ | व्यवसाय नामसारी सिफारिश | ५००.०० | पाच सय | |
| ३९ | पेन्सन सिफारिश स्वदेश | २२५.०० | दुई सय पचिस | |
| ४० | पेन्सन सिफारिश भारत | ५०५.०० | पांच सय पांच | |
| ४१ | पेन्सन सिफारिश तेश्रो मुलुक | ८००.०० | आठ सय | |
| ४२ | पेन्सन नामसारी स्वदेशी | २२५.०० | दुई सय पचिस | |
| ४३ | पेन्सन नामसारी भारतिय | ५०५.०० | पांच सय पांच | |
| ४४ | नागरिकता सिफारिस | ५०.०० | पचास | |
| ४५ | पेन्सन नामसारी तेश्रो मुुलुक | ८००.०० | आठ सय | |
| ४६ | टेलिफोन, विधुत धारा नामसारी सिफारिस | ५००.०० | पाचसय | |
| ४७ | **मोहि लगत कटा शहरी क्षेत्र** | | | |
| क | मोहि लगत कट्टा १ विगाहसम्म | १,०००.०० | एक हजार | |
| ख | १ विगाह भन्दा माथी ५ विगाहसम्म | १,५००.०० | एक हजार पांचसय | |
| ग | ५ विगाह भन्दा माथी | २,०००.०० | दूई हजार | |
| घ | मोही नामसारी | ३००.०० | तिन सय | |
| ४८ | **मोहि लगत कट्टा शहरी क्षेत्र बाहिर** | | | |
| क | मोहि लगत कट्टा १ विगाहसम्म | ६००.०० | छ सय | |
| ख | १ विगाह भन्दा माथी ५ विगाहसम्म | ८००.०० | आठ सय | |
| ग | ५ विगाह भन्दा माथी | १,२००.०० | एक हजार दुई | |

| | | | | |
|---|---|---|---|---|
| | | | सय | |
| घ | मोही नामसारी | २००.०० | दई सय | |
| ४९ | **घर जग्गा नामसारी सिफारिस शहरीक्षेत्र** | | | |
| क | ५ कठ्ठासम्म | ५००.०० | पांच सय | |
| ख | ५–१० कठ्ठासम्म | ७००.०० | सात सय | |
| ग | १०–१ विगाहसम्म | १,०००.०० | एक हजार मात्र | |
| घ | सो भन्दा माथि | १,५००.०० | एक हजार पांच सय मात्र | |
| ५० | घरजग्गा नामसारी सिफारिस शहरी क्षेत्र वाहिर | | | |
| क | ५ कठ्ठासम्म | ३००.०० | तिन सय | |
| ख | ५–१० कठ्ठासम्म | ४००.०० | चार सय | |
| ग | १०–१ विगाहसम्म | ६००.०० | छ सय | |
| घ | सो भन्दा माथि | ८००.०० | आठ सय | |
| ५१ | अपुताली शिफारिस शहरी क्षेत्रभित्र | | | |
| क | ५ कठ्ठासम्म | २,०००.०० | दुई हजार मात्र | |
| ख | ५–१० कठ्ठासम्म | ३,०००.०० | तिन हजार मात्र | |
| ग | १०–१ विगाहसम्म | ४,०००.०० | चार हजार मात्र | |
| घ | सो भन्दा माथि | ५,०००.०० | पांच हजार मात्र | |
| ५२ | अपुताली शिफारिस शहरी क्षेत्र बाहिर | | | |
| क | ५ कठ्ठासम्म | १,०००.०० | एक हजार पांचसय | |
| ख | ५–१० कठ्ठासम्म | २,०००.०० | दुई हजार मात्र | |
| ग | १०–१ विगाहसम्म | ३,०००.०० | तिन हजार मात्र | |
| घ | सो भन्दा माथि | ४,०००.०० | चार हजार मात्र | |
| ५३ | ऐलानी जग्गा दर्ता सर्जमिन | | | |
| क | ५ कठ्ठासम्म | ३००.०० | तिन सय मात्र | |
| ख | ५–१० कठ्ठासम्म | ६००.०० | छ सय मात्र | |
| ग | १०–१ विगाहसम्म | ८००.०० | आठ सय मात्र | |
| घ | सो भन्दा माथि | १,०००.०० | एक हजार मात्र | |
| ५४ | ठेक्का पट्टा लाईसेन्सको लागि सिफारिस | | | |
| क | क श्रेणी | ६,०००.०० | छ हजार | |

| | | | | |
|---|---|---|---|---|
| ख | ख श्रेणी | ५,०००.०० | पांच हजार | |
| ग | ग श्रेणी | ४,०००.०० | चार हजार | |
| ५५ | ठेक्का पट्टा लाईसेन्सको नवीकरण/ सिफारिश | | | |
| | क श्रेणी | २५,०००.०० | पचिस हजार | |
| | ख श्रेणी | १५,०००.०० | पन्द्र हजार | |
| | ग श्रेणी | १०,०००.०० | दश हजार | |
| | घ श्रेणी | ५,०००.०० | पांच हजार | |
| ५६ | विदेश प्रयोजनका लागि सिफारिश | | | |
| | जन्ममिति प्रमाणित | १,१२०.०० | एक हजार एक सय बिस | |
| | विवाहित, अविवाहित प्रमाणित | १,१२०.०० | एक हजार एक सय बिस | |
| | ठेगाना प्रमाणित | १,१२०.०० | एक हजार एक सय बिस | |
| | चारित्रिक प्रमाणित | १,१२०.०० | एक हजार एक सय बिस | |
| | नाम फरक | १,१२०.०० | एक हजार एक सय बिस | |
| ५७ | स्वदेश प्रयोजनका लागि सिफारिश | | | |
| | जन्ममिति प्रमाणित | ३००.०० | तीनसय | |
| | विवाहित, अविवाहित प्रमाणित | ३००.०० | तीनसय | |
| | ठेगाना प्रमाणित | ३००.०० | तीनसय | |
| | चारित्रिक प्रमाणित | २५०.०० | र्दुइसय पचास | |
| | अन्य विविध | ५०.०० | पचास | |
| | संशोधन सम्वन्धी | ५००.०० | पाचसय | |
| ५८ | विद्युत सिफारिस | | | |
| क | उद्योग | २,०००.०० | दुई हजार | |
| ख | सामान्य घरायसी | ५००.०० | पांच सय | |
| ग | ऐलानी | १,०००.०० | एक हजार | |
| **५९** | **सम्पत्ति मूल्यांकन (अन्य प्रयोजनका लागि)** | | | |
| क | सम्पत्ति मूल्यांकन प्रति हजार | २.०० | दूई रुपैया | |

| | | | | |
|---|---|---|---|---|
| ६० | **जग्गा मूल्यांकन (विदेश पढन जाने प्रयोजन)** | | | |
| क | ५० लाखसम्म | २,५००.०० | दुई हजार पांच सय | |
| ख | ५० लाख भन्दा माथि १ करोडसम्म | ३,५००.०० | तीन हजार पांच सय | |
| ग | १ करोड भन्दा माथि २ करोडसम्म | ४,५००.०० | चार हजार पांच सय | |
| घ | २ करोड भन्दा माथि | ६,०००.०० | छ हजार | |
| ६१ | **आयश्रोत प्रमाणित सिफारिस (अन्य प्रयोजनका लागि)** | | | |
| क | आय श्रोत प्रमाणित प्रति हजार | १,०००.०० | एक रुपैया | |
| ६२ | **आयश्रोत प्रमाणित सिफारिस (विदेश पढन जाने प्रायोजन)** | | | |
| क | २० लाखसम्म | ३,०००.०० | तिन हजार | |
| ख | २० लाख देखि ३० लाखसम्म | ४,०००.०० | चार हजार | |
| ग | ३० लाख देखि ५० लाखसम्म | ५,०००.०० | पांच हजार | |
| घ | सो भन्दा माथि | ६,०००.०० | छ हजार | |
| ६३ | **तोकिएको मापदण्ड अनुसार घडेरी प्लटिङमा नयां बाटो खोल्न लगत कट्टा गर्दा सिफारिश** | | | |
| | ० कठ्ठा देखी ३ कठ्ठासम्म | ५,०००.०० | पांच हजार | |
| | ३ कठ्ठा देखी १० कठ्ठासम्म | १०,०००.०० | दश हजार | |
| | १० कठ्ठा देखी माथी | २५,०००.०० | पचिस हजार | |
| ६४ | **तोकिएको मापदण्ड अनुसार नयां प्लटिङ्ग गर्ने ईजाजत सिफारिश** | | | |
| क | ० कठ्ठा देखी १० कठ्ठासम्म | १०,०००.०० | दश हजार | |
| ख | १० कठ्ठा देखी १ बिगाहासम्म | २५,०००.०० | पचिस हजार | |
| ग | १ विगाह भन्दा माथी | ५०,०००.०० | पचास हजार | |
| ६५ | **प्लानिङ्ग बाहेक विगत देखी सार्वजनिक प्रयोगका लागि बनेका बाटाहरुमा रु.५००/** | | | |
| ६६ | **फाराम विक्री** | | | |
| क | विद्युत खानेपानी फाराम | ५०.०० | पचास | |
| ख | घर नक्शापास पुस्तिका | ५००.०० | पांच सय | |
| ग | पेशा व्यवसाय प्रमाण पत्र | २००.०० | दुई सय | |
| घ | नागरिकता फाराम | | आ.व.०७५/ | |

| | | | | |
|---|---|---|---|---|
| | | | ०७६ निशुल्क | |
| ङ | एकीकृत सम्पत्तिकर फाराम | ५०.०० | पचास | |
| च | उपरोक्त वाहेकका फाराम हरु | ५०.०० | पचास | |
| ६७ | <u>**अमिन सेवा शुल्क**</u> | | | |
| | शहरी क्षेत्र | १,०००.०० | एक हजार | |
| | शहरी क्षेत्र वाहिर | ५००.०० | पाचसय | |
| ६८ | **अस्थायी घर वनाउने ईजाजत शुल्क** | १,५००.०० | एक हजार पांच सय | |
| ६९ | <u>**घर नक्शापास (प्रति वर्गफिट)**</u> | | | |
| | शहरि क्षेत्रभित्र | | | |
| | शहरि क्षेत्रभित्र आवासीय | ११.०० | एघार | |
| | शहरि क्षेत्रभित्र व्यापारी | १३.०० | तेह्र | |
| | पक्की इटाको गाह्रो टिनको छानो | ९.०० | नौ | |
| | शहरी क्षेत्र बाहिर | | | |
| | आवासीय | ९.०० | नौ | |
| | व्यापारी | ११.०० | एघार | |
| | पक्की इटाको गाह्रो टिनको छानो | ८.०० | आठ | |
| | तुलसीपुर घोराही रोडका गुहारखोलासम्म घरहरुको | ७.०० | सात | |
| | तुलसीपुर अमिलिया सडक खण्डको वडा न.. ६ को अन्तिम सिमा देखि ववई नदिसम्मका घरहरुको | ७.०० | सात | |
| | अन्य ठाउका घरहरुको | ६.०० | छ | |
| | घर नक्सापास टिन तथा टायल छाना प्रति बर्ग फिट | ४.०० | चार | |
| | न.पा. क्षेत्रभित्र पर्खाल निर्माण गर्दा प्रति रनिङ्ग फुट | २.०० | दुई | |
| ७० | **घर बनाई नक्सापास गर्न आएमा १ देखि १९सम्म** | | | |
| | **शहरि क्षेत्रभित्र** | | | |
| | शहरि क्षेत्रभित्र आवासीय | ३५.०० | पैंतिस | |
| | शहरि क्षेत्रभित्र व्यापारी | ४०.०० | चालिस | |

| | | | | |
|---|---|---|---|---|
| | पक्की इटाको गाह्रो टिनको छानो | २०.०० | बिस | |
| | <u>**शहरी क्षेत्र बाहिर**</u> | | | |
| | आवासीय | ३५.०० | पैंतिस | |
| | व्यापारी | ३५.०० | पैंतिस | |
| | पक्की इटाको गाह्रो टिनको छानो | १५.०० | पन्द्र | |
| | तुलसीपुर घोराही रोडका गुहारखोलासम्म घरहरुको | १५.०० | पन्द्र | |
| | तुलसीपुर अमिलिया सडक खण्डको वडा न.. ६ को अन्तिम सिमा देखि ववई नदिसम्मका घरहरुको | १५.०० | पन्द्र | |
| | अन्य ठाउका घरहरुको | १५.०० | पन्द्र | |
| | वडान १ देखि १९सम्मका कच्ची घरहरुको प्रमाण पत्र दस्तुर | २००.०० | दुईसय | |
| | सुपरिभिजन | १,०००.०० | एकहजार | |
| | पुस्तक | ५००.०० | पाचसय | |
| | घरनक्शापास नामसारी | १,५००.०० | एक हजार पांच सय | |
| | घर कायम सिफारिश १००० बर्गफुटसम्म | १,२४०.०० | एक हजार एक सय बिस | |
| | घर कायम सिफारिश १००० बर्गफुट देखी माथि | २,२४०.०० | दई हजार दुई सय चालिस | |
| ७१ | <u>**कान्जी हाउस शुल्क प्रति दिन**</u> | | | |
| | वाखा सुगुर प्रति गोटा | १००.०० | एकसय | |
| | गोरु वा अन्य  प्रति गोटा | २००.०० | दुईसय | |
| ७२ | **खानेपानी धारा जडान गर्दा सडक वाटो काटे वापत शुल्क** | | | |
| | हाईवे र क लाइन  कालोपत्रे सडक | ५०,०००.०० | पचास हजार | |
| | ख र ग लाईन | २५,०००.०० | पचिस हजार | |
| | अन्य कालोपत्रे सडक | २५,०००.०० | पचिस हजार | |
| | कच्ची सडक काटे वापत | ५,०००.०० | पांच हजार | |
| ७३ | <u>**वसपार्क स्थित न.पा.बाट उपलव्ध गराइएका घडेरीहरुको न्यूनतम मूल्यांकन**</u> | | | |
| १ | क श्रेणी को प्रति घडेरी | ८,०००.०० | आठ हजार | |

| | | | | |
|---|---|---|---|---|
| | रु ८,००,०००। (आठ लाख) | | | |
| २ | ख श्रेणीको प्रति घडेरी<br>रु ६,००,०००। (छ लाख) | ६,०००.०० | छ हजार | |
| ३ | ग श्रेणीको प्रति घडेरी<br>रु ४,००,०००। (चार लाख) | ४,०००.०० | चार हजार | |
| ४ | घ श्रेणीको प्रति घडेरी<br>रु ३,००,०००। (तीन लाख) | ३,०००.००० | तीन हजार | |
| ५ | उपरोक्त जग्गामा भवन निर्माण भएको भए प्राविधिक वाट ऐन वमोजिम मूल्यांकन गराई जग्गाको मूल्यमा थप गरी लिने | | | |
| ७४ | **उद्यम तथा बजार विकास कोषबाट उपलव्ध गराउने उद्यम दर्ता/नविकरण** | १,०००.०० | एक हजार | |
| ७५ | **सरसफाई शुल्क वापत रु.५०/ देखी रु.३०००/सम्म लिनसकिने छ।** | सरसफई कार्यविधी तयार गरी | | |
| ७६ | **सरसफाई जरिवाना शुल्क वापत रु.५००/ देखी रु.५०,०००/सम्म लिन सकिनेछ।** | कार्यविधी तयार गरी | | |
| ७७ | **अन्य** | | | |
| | सक्सन पम्प प्रयोग गरे वापत प्रति ट्रिप | २,५००.०० | दूइहजार पांचसय | |
| | ट्रिपर भाडा प्रति ट्रिप | ५,०००.०० | पाचहजार | |
| | सडकमा निर्माण सामाग्री थुपार्ने अनुमतिको म्याद नाघेमा प्रतिदिन जरिवाना लाग्ने छ । | १,०००.०० | एक हजार | |
| ७८ | एफ.एम रेडियो संचालन शुल्क १०० वाट भन्दा माथि सिफारिश | ५,०००.०० | पांच हजार | |
| ७९ | **स्वास्थय सेवा प्रदायक निजी स्वास्थ्य संस्थाहरु (हस्पीटल, पोलिक्लिनीक, प्रयोगशाला, क्लीनिक आदी ) को नयां दर्ता तथा नविकरण शुल्क** | निर्देशिका वा कार्यवीधीले तोकेको हकमा सोहि अनुसार अन्यथा नगर कार्यपालिकाले तोकि दिए अनुसार | | |
| ८० | **निजि विद्यालय कक्षा थप शुल्क** | | | |
| | पुर्व प्राथमिक र मा.वि. कक्षा १०सम्म | १०,०००.०० | दश हजार | |
| | मा.वि. कक्षा ११ र १२ | १५,०००.०० | पन्द्र हजार | |
| | कक्षा थप अनुगमन शुल्क | १५,०००.०० | पांच हजार | |
| ८१ | **निजी विद्यालय वार्षिक नविकरण शुल्क** | | | |

| | | | | |
|---|---|---|---|---|
| | पुर्व प्राथमिक | २,०००.०० | दुई हजार | |
| | कक्षा १ देखी कक्षा ५सम्म | ३,०००.०० | तिन हजार | |
| | कक्षा ६ देखी कक्षा १०सम्म | ४,०००.०० | चार हजार | |
| | कक्षा ११ देखी कक्षा १२सम्म | ५,०००.०० | पांच हजार | |
| ८२ | मार्कसिट प्रतिलिपी | ३००.०० | तिन सय | |
| ८३ | ड्रोन उडान शुल्क प्रति ड्रोन | १,०००.०० | एक हजार | |
| ८४ | गैर नेपाली श्रमिक शुल्क दर्ता तथा नविकरण | १,५००.०० | एक हजार पांच सय | |
| ८५ | सार्वजनिक, ऐलानी प्रति जग्गा, गौचर जग्गा करार शुल्क | | कार्यवीधीले तोके अनूसार | |
| **ख** | **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र यफ्टिङ्ग शुल्क** | | | |
| | ट्रेकिङ्ग, | | नगर कार्यपालिकाले तोके बमोजिम | |
| | बन्जी जम्पिङ्ग, | | | |
| | जिपफ्लायर शुल्क | | | |

## अनुसुची – १२

## विक्रि तथा निकासी शुल्क

| क्र.सं. | विवरण | परिमाण | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | उ.म.न.पा.भित्र उत्पादन भई निकासी हुने बस्तुमा लाग्ने कर | | | |
| | स्लेट ÷ बिच्छ्याउने ढुंगा | प्रति वर्गफिट | रु. २/- | |
| | सिसौ, साल (चट्टा, गोलिया, चिरान) | प्रति ट्रक | रु. १०००/- | |
| | अन्य काठ (चट्टा, गोलिया, चिरान) | प्रति ट्रक | रु. १०००/- | |
| | पिना | प्रति के.जी | रु. ३० पैसा | |
| | भुसा | प्रति के.जी | रु. ५० पैसा | |
| | लप्सीको बियां | प्रति के.जी | रु. १/- | |
| | सालको बियां | प्रति के.जी | रु. १/- | |
| | चिउरीको बियां | प्रति के.जी | रु. १/- | |
| | सल्लाको सिम्टा | प्रति के.जी | रु. २५ पैसा | |
| | नेपाली कागज | प्रति के.जी | रु. १० पैसा | |
| | घिउ | प्रति के.जी | रु. ३/- | |
| | घिउ चिउरी | प्रति के.जी | रु. २/- | |

| | | | | |
|---|---|---|---|---|
| | अदुवा | प्रति क्वी | रु. ३०/- | |
| | ब्रान | प्रति क्वी | रु. २५/- | |
| | तोरी | प्रति क्वी | रु. ३५/- | |
| | सुठो | प्रति क्वी | रु. ३५/- | |
| | हलेदो कांचो | प्रति क्वी | रु. २५/- | |
| | हलेदो सुकेको | प्रति क्वी | रु. ३५/- | |
| | झुसे तिल | प्रति क्वी | रु. १५/- | |
| | काठको ठेकि | प्रति गोटा | रु. २/- | |
| | मसुरो, मास, मटर, चना, अडहर | प्रति क्वी | रु. २२/- | |
| | सिमिको गेडा, भट्टमास | प्रति क्वी | रु. १७/- | |
| | गहुं, मकै, चामल, | प्रति क्वी | रु. ७/- | |
| | धन | प्रति क्वी | रु. ५/- | |
| | बांस | प्रति गोटा | रु. ५० पैसा | |
| | सुर्तीको डण्ठल, करतन, नसल | प्रति के.जी | रु. २५ पैसा | |
| | आलस | प्रति क्वी | रु. २०/- | |
| | हरियो तरकारी | प्रति क्वी | रु. ५०/- | |
| | तोरिको तेल | प्रति लिटर | रु. २५ पैसा | |
| | मिनरल वाटर | प्रति बोतल | रु. २० पैसा | |
| | लहसुन, प्याज | प्रति क्वी | रु. २५/- | |
| | चौपाया | | | |
| | रांगा, भैसी | प्रति गोटा | रु. १००/- | |
| | खसि, बोका, भेडा, बाख्रा | प्रति गोटा | रु. ५०/- | |
| | भेनियर (प्लाईउडको कच्चा पदार्थ) | | | |
| | १.५ एम एस | प्रति वर्ग्रमिटर | रु. १२ पैसा | |
| | २ एम एस | प्रति वर्ग्रमिटर | रु. १५ पैसा | |
| | चुनढुंगा | प्रति क्युफुट | रु. १००/- | |
| | ईट्टा | प्रति हजार | रु. १२५/- | |
| | ह्युमपाईप (४५ ड्याससम्म) | प्रति गोटा | रु. १५/- | |
| | ह्युमपाईप (४५ ड्यास भन्दा माथि) | प्रति गोटा | रु. २०/- | |
| | विद्युत पोल सिमेन्ट | प्रति गोटा | रु. १५/- | |
| | कुखुरा | प्रति गोटा | रु. २/- | |
| | कुखुराको बच्चा | प्रति गोटा | रु. ५० पैसा | |

| | | | | |
|---|---|---|---|---|
| | अण्डा | प्रति पेटि | रु. ५/- | |
| | कुखुराको दाना | प्रति क्वी | रु. १०/- | |
| | मैदा | प्रति क्वी | रु. १०/- | |
| | तयारी प्लाईउड | प्रति पिस | रु. १०/- | |
| | विभिन्न खाने तेल | प्रति लिटर | रु. १/- | |
| २ | सिमेन्ट निकासी कर प्रतिबोरा | प्रति ५० के.जी | रु. १/- | |
| ३ | ढुंगा, गिट्टि, बालुवा निकासी | प्रति घन मि. | रु. ५०/- | |
| ४ | कोईला निकासी तथा आन्तरिक बिक्रि | प्रति के.जी. | रु. १० पैसा | |
| ५ | ढुंगा, गिट्टि, बालुवा मिसकट आन्तरिक बिक्रि | प्रति घन मि. | रु. १५/- | |
| ६ | ढुंगा, गिट्टि, बालुवा मिसकट बाह्य बिक्रि | प्रति घन मि. | रु. ५०/- | |
| ७ | क्लिङकर (सिमेन्ट उद्योग) निकासी | प्रति टन | रु. १००/- | |
| ८ | **दण्ड जरिवाना** | | | |
| | स्काईभेटर हेभी ईक्युपमेन्ट | प्रथम पटक | रु. २५०००/- | |
| | टिपर, ट्रक, हेभी ईक्युपमेन्ट | प्रथम पटक | रु. १००००/- | |
| | ट्रक्टर ट्रली | प्रथम पटक | रु. ५०००/- | |
| | पावर टेलर | प्रथम पटक | रु. २५००/- | |
| ९ | दोश्रो पटक देखी दोब्बर जरिवाना | | | |
| १० | सिमेन्ट स्थानीय पुर्वाधार शुल्क | प्रति ५० के.जी | रु. ३० पैसा | |

अनुसुची –१३

## लगानीबाट प्रतिफल

| क्र.सं. | विवरण | दरहरु | दरहरु | कैफियत |
|---|---|---|---|---|
| १ | शेयर लगानीबाट प्रतिफल | | नगर कार्यपालिकाले तोके बमोजिम | |
| २ | उद्यम विकासको व्याज | | | |

अनुसुची –१४

## अन्य व्यवस्थाहरु

| | |
|---|---|
| १ | घरबाटो सिफारिशमा महिला लाई २५ प्रतिशत छुट र औषधी उपचार तथा अपाङग परिचय पत्रको लागी निशुल्क सिफारीस दिने । |
| २ | व्यवसाय कर सोहि आ.व.को असोज मसान्तसम्म दाखिला गरेमा २० प्रतिशत छुटको व्यवस्था गर्ने । व्यवसायकर समयमा नवुझाएमा प्रति वर्ष २० प्रतिशत थप जरिवाना गर्ने |
| ३ | व्यवसाय कर र बहाल बिटौरी कार्यमा फिल्ड खटिने कर्मचारीलाई विशेष भत्ता स्वरुप उठेको रकमको ५ (पांच) प्रतिशत रकम उपलव्ध गराउने व्यवस्था गर्ने र फिल्डवाट असुल गरे |

| | |
|---|---|
| | वापतको रकम वाट २५ प्रतिशत असुल गर्ने कर्मचारी तथा संघ संस्थालाई उपलव्ध गराउने |
| ४ | साविक नगरपालिका साझेदारी विकास कोष तथा गाउ विकास कोष अन्तरगत विगतमा बक्यौता ऋण लगानी रकम असुल गर्दा कुल व्याजमा ५० प्रतिशत छुट गर्ने व्यवस्था मिलाउने । |
| ५ | यस उपमहानगरपालिकाको वडा नं. १ र २ सबै / वडा नं. ३, ४ र १९ को पहाडि क्षेत्र / १३, १४, १५ र १६ मा उद्योग व्यवसाय दर्ता तथा संचालन शुल्कमा ५० प्रतिशत छुट दिने । |
| ६ | दलित र महिलाहरुले दर्ता तथा संचालन गर्ने उद्योग तथा व्यवसायमा २५ प्रतिशत छुट व्यवस्था गर्ने |
| ७ | अपांगले दर्ता तथा संचालन गर्ने उद्योग तथा व्यवसायमा ५० प्रतिशत छुट व्यवस्था गर्ने |
| ८ | बर्ष भरी खेतीयोग्य जग्गा बांझो भएमा प्रति कठ्ठा रु.५०। थप शुल्क लाग्ने |
| ९ | पुरानो कच्ची घरहरुलाई ३ महिनासम्म निशुल्क अध्यावधिक गर्ने सो पछि प्रति घर रु.१०००/- शुल्क लिने र कार्यपालिकाको निर्णय अनुसार |
| १० | वर्षभरमि तिनवटा बाली लगाउने लाई निर्णय अनुसार कर छुटको व्यवस्था गर्ने २५ प्रतिशत |
| ११ | बाटो लगत कट्टि गर्नेलाई सम्पत्ति करमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने |
| १२ | न.पा.को मापदण्ड अनुसार बाटो लगत कट्टि गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने (प्लटिङ्ग बाहेक) |
| १३ | तुलसीपुर अटो भिलेजका हकमा प्रति ६ मिटर मोहडाका लागि मासिक रु.१०००/- |
| १४ | तुलसीपुर उपमहानगरपालिकामा नगदि रसिदको अवधि (१५) प्रन्द दिनसम्मको हुनेछ |
| १५ | अन्य व्यवस्था संघिय तथा प्रदेश कानून र कार्यपालिकाले तोकिए बमोजिम हुनेछ |

# <u>तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५</u>

*पारित मिति : २०७५।०३।२४*

**प्रस्तावनाः** आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यको लागि तुलसीपुर उपमहानगरपालिकाको संचित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नगरसभाले यो ऐन बनाएको छ ।

(१) **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७५ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

(२) **<u>आर्थिकवर्ष २०७५/०७६ को निमित्त तुलसीपुर उपमहानगरपालिकाको संचित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०७५/०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची–१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. १,५७,४१,९१,२०७।— (अक्षरेपी एक अर्ब सन्ताउन्न करोड एकचालिस लाख एकानब्बे हजार दुइ सय सात) मा नबढाई निर्दिष्ट गरिए बमोजिम तुलसीपुर उपमहानगरपालिकाको संचित कोषबाट खर्च गर्न सकिनेछ ।

(३) **<u>विनियोजनः</u>**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त तुलसीपुर उपमहानगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरपालिकाको नगरसभाको स्वीकृति लिनु पर्नेछ । कुनै भवितब्य परेको

अवस्थामा सिमा भन्दा बढी प्रतिशतको रकमान्तर सम्बन्धीकार्यपालिकाबाट भएको निर्णय नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदानको लागि विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकाशा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

(४) <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण:</u>

(१) अनुदानको रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने अनुदानको रुपमा स्थानीय संञ्चित कोषमा हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) र (२) बमोजिमको रकम मध्ये तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत अनुसूची २ बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगरसभाबाट पारित भएका योजना तथा कार्यक्रममा प्रचलित कानून बमोजिम खर्च खाता मार्फत भुक्तानी गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम मध्ये तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका महाशाखा वा शाखा अन्तर्गत वा वडा सचिवबाट अनुसूची ३ बमोजिमको भुक्तानी आदेशबाट माग भई आएमा भुक्तानी आदेश माग गर्ने अख्तियार प्राप्त अधिकारीमा उक्त भुक्तानी आदेश अन्तर्गत प्रचलित कानून बमोजिम भएको खर्च सम्बन्धी कारोबारको लेखा परिक्षण लगायतका सम्पूर्ण उत्तरदायित्व रहने गरी कार्यालयबाट एकल खाता कोष प्रणाली अवलम्वन गरी भुक्तानी गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अख्तियारी प्रयोग गर्ने पदाधिकारीले अख्तियारी बमोजिम प्रचलित कानून बमोजिम भएको खर्चको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तुलसीपुर उपमहानगरपालिकामा चौमासिक तथा वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण तुलसीपुर उपमहानगरपालिकाले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कात्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म थप भुक्तानी आदेश रोक्न सकिनेछ ।

(६) तुलसीपुर उपमहानगरपालिकाले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधी, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (७) बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण तुलसीपुर उपमहानगरपालिकाले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) अख्तियारी अनुसार भुक्तानी आदेशबाट भएको खर्च तथा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका योजनहरुको अभिलेख वडा, महाशाखा तथा शाखाहरुमा अनुसूची ४ अनुसार राख्नु पर्नेछ ।

(५) <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>

(१) यस ऐन बमोजिम महाशाखा वा शाखा वा वडा कार्यालयबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय मार्फत कार्यान्वयन गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा संघ वा प्रदेश सरकार समक्ष योजना वा कार्यक्रमको प्रगातिको आधारमा थप रकम उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(३) खर्च गर्ने अख्तियारी आधारमा तुलसीपुर उपमहानगरपालिकाबाट आफ्नो एकल खाता कोष प्रणाली आधारमा कार्यालय कोड अनुसार खर्च गर्न सकिनेछ ।

(६) <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u>

(१) यस ऐन बमोजिम भएको सम्पूर्ण योजनाका खर्च प्रचलित कानून अनुसार लेखा राखि आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रमको आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन गर्ने तहमा पठाउनु पर्नेछ ।

(७) <u>वित्तीय अनुशासनः</u>

(१) तुलसीपुर उपमहानगरपालिकाले कानून बनाई आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः–

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली राख्ने ।

(८) **अख्तियारी तथा कार्यक्रम स्वीकृतिः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा एकल खाता कोष प्रणाली अपनाई भुक्तानी आदेश अनुसार निकाशा दिईनेछ ।

(९) **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः**

(१) यस ऐनको कार्यान्वयन गर्न तुलसीपुर उपमहानगरपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

(१०) **आदेश जारी गर्न सक्नेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा तुलसीपुर उपमहानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची–१
### (दफा २ सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### संञ्चित कोषबाट विनियोजन हुने रकम

(रु. हजारमा)

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरकार्यपालिका | | | | | |
| २ | वडा समिति | | | | | |
| ३ | बिषयगत महाशाखा /शाखा | | | | | |
| ४ | ऋणको सांवा व्याज भुक्तानी | | | | | |
| ५ | लगानी (शेयर/ऋण) | | | | | |

अनुसूची–३

(दफा ४ (३) सँग सम्बन्धित)

भुक्तानी आदेश

# तुलसीपुर उपमहानगरपालिका

## वडा नं. ... .... को कार्यालय, दाङ्ग

प्रदेश नं. ५

भुक्तानी आदेश नं. ....................... मितिः .........................

### चालु/पूंजीगत खर्चको भुक्तानी आदेश

यस वडाको लागि विनियोजन भएको बजेटबाट तपशिलमा उल्लेख भएका योजना/कार्यक्रम/कार्यको लेखा परिक्षण लगायतको उत्तरदायित्व यसै भुक्तानी आदेश बमोजिम रहने भएकोले सो को विल, भर्पाई, प्रमाण वापतको रकम भुक्तानी गर्न मनासिव देखिएको हुँदा रकम रु. ..... ... .... ...... ... (अक्षेरुपी ... .... .... .... .... .. .... .... .... ... ... .... .... .... ... ... ... ... ... .... ..... ...) मात्र भुक्तानीका लागि देहायमा उल्लेख भए अनुसारको चेक तयार गरि दिनुहुन आवश्यक विवरण साथ अनुरोध छ ।

| क्र. सं. | गो. भौ. नं. | योजना/आयोजना /कार्यक्रम/कार्य के नाम | विनियोजित कुल रकम | पूर्व भु.आ. बाट खर्च भएको जम्मा रकम रु. | यस भु.आ. बाट भुक्तानी माग गरिएको रकम रु. | बाकी हुने जम्मा रकम रु. | भुक्तानी पाउनेको नाम,ठेगाना | भुक्तानी हुने बैंक |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(उपमहानगरपालिका कार्यालय)
(लेखा शाखा) दर्ता नं.
सिफारिस गर्नेः
प्रमाणित गर्नेः
मितिः

(वडा/शाखा/महाशाखा) तयार गर्नेको,
नाम, थरः
पदः
दस्तखतः
मितिः

(वडा/शाखा/महाशाखा) सिफारिस गर्नेको,
नाम, थरः
पदः
दस्तखतः
मितिः

(दफा ४ (८) सँग सम्बन्धित)

महाशाखा । शाखा । वडा नं. ... कार्यालयको बजेट विनियोजन, निकाशा, खर्च र बांकी विवरणको अभिलेख किताब

# तुलसीपुर उपमहानगरपालिका

## वडा नं. ... को कार्यालय, दाङ्ग

प्रदेश नं. ५

..... .... ....वडा नं. कार्यालयको बजेट विनियोजन, निकाशा, खर्च र बांकी विवरणको अभिलेख किताब

योजना/आयोजना/कार्यक्रम को नामः

योजना/आयोजना/कार्यक्रम क्र.सं.

बजेट रकम/खर्च शिर्षक नं.

वार्षिक विनियोजित जम्मा रकमः

| क्र. सं. | निकाशा तथा खर्च मागको विवरण | | | | बांकी रकम रु. | तयार/ पश गर्नेको दस्तखत | प्रमाणीत गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | मिति | गो.भौ. नं. | भुक्तानी आदेश नं. | रकम रु. | | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# तुलसीपुर विकास बोर्डको गठन र सञ्चालन गर्न बनेको ऐन, २०७५

*नगरसभाबाट पारित मिति: २०७५।०२।२७*

**प्रस्तावना:** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रका लक्षित नागरिक एवं सामाजिक संस्थाहरुमा सहुलियतपूर्ण रुपमा वित्त परिचालन, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमहरुका माध्यमबाट आर्थिक क्रियाशिलता तथा उद्यमशीलता सिर्जना गरी रोजगारी एवं स्वरोजगारी अवस्थाको विकास गर्दै विपन्न तथा लक्षित ब्यक्ति, बर्ग वा समुदायको गरिबी निवारण गरी आर्थिक समृद्धि हासिल गर्नको लागि तुलसीपुर विकास बोर्डको गठन र सञ्चालन गर्न वाञ्छनीय भएकोले, तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद– १**

**(संक्षिप्त नाम र प्रारम्भ)**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"तुलसीपुर विकास बोर्ड ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको तुलसीपुर विकास बोर्ड (समिति) सम्झनु पर्दछ

(ख) "कोष" भन्नाले यो ऐन बमोजिम तुलसीपुर विकास बोर्ड अन्तर्गत रहने तुलसीपुर विकास कोषको नामबाट मूल कोषको रुपमा रहने कोषलाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले यो ऐन बमोजिम संचालन हुने कार्यक्रमहरु सम्झनु पर्दछ ।

(घ) "गरीब" भन्नाले संघिय, प्रदेश तथा तुलसीपुर उपमहानगरपालिकाले समय समयमा तोकेको मापदण्ड अन्तर्गत राष्ट्रिय वा क्षेत्रगत गरीबीको रेखामुनी रहेको तथा शिक्षा, स्वस्थ्य जस्ता मानव विकासका सुचकहरुका आधारमा पिछडिएको र निश्चित लिङ्गगत तथा सामाजिक सूचकका आधारमा राष्ट्रिय विकास प्रक्रियामा समावेश हुन नसकेको व्यक्ति वा समुहलाई सम्झनु पर्दछ । साथै, प्रचलित कानून बमोजिम गरिब परिचय पत्र प्राप्त गरेको ब्यक्ति वा परिवारलाई सम्झनु पर्दछ ।

(ङ) "सहयोगी संस्था" भन्नाले तोकिएको वा लक्षित कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले प्रचलित कानून बमोजिम स्थापित संघ, संस्थाहरुलाई सम्झनु पर्दछ ।

(च) "सामुदायिक संस्था" भन्नाले तोकिएको वा लक्षित कार्यक्रमको उद्धेश्य प्राप्त गर्न समुदायमा आधारित भई प्रचलित कानून बमोजिम दर्ता भएको सामुदायिक संघ, संस्था सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले तुलसीपुर उप– महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ज) "सामाजिक परिचालन वा सशक्तिकरण" भन्नाले कुनै निश्चित समूह वा समुदायका मानिसहरुको

जीवनस्तर सुधार गर्न उनीहरुमा स्वतस्फुर्तता, सचेतना, अर्थपूर्ण सहभागिता, क्षमता विकास, सशक्त, आत्मनिर्भर एवं जागृतीको अवस्था प्राप्तीको लागि सक्षम तुल्याउने र विकास गर्ने समग्र प्रक्रिया सम्झनु पर्छ ।

(झ) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ ।

(ञ) "उपाध्यक्ष" भन्नाले बोर्डको उपाध्यक्ष सम्झनु पर्छ ।

(ट) "नगर प्रमुख" भन्नाले तुलसीपुर उप– महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ठ) "नगर उप– प्रमुख" भन्नाले तुलसीपुर उप– महानगरपालिकाको उप– प्रमुख सम्झनु पर्दछ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उप– महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ढ) "सदस्य" भन्नाले बोर्ड तथा संचालक समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले बोर्ड अध्यक्ष, उपाध्यक्ष समेतलाई जनाउँदछ ।

(ण) "निर्देशक" भन्नाले यसै ऐन बमोजिम नियुक्त हुने बोर्डको निर्देशक सम्झनु पर्छ ।

(त) "कर्मचारी" भन्नाले यो ऐन तथा तोकिए बमोजिम बोर्डको कर्मचारी सम्झनु पर्छ ।

(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली तथा नियम, नियमावली अन्तर्गत बनेको निर्देशिका वा कार्यविधिहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) "सार्वजनिक संगठित क्षेत्र" भन्नाले नेपाल सरकारको आफ्नो निकाय वा नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी स्वामित्व भएको निकाय वा राष्ट्रिय (देश भर कार्यक्षेत्र भएको), प्रदेश (प्रदेश भर कार्यक्षेत्र भएको), स्थानीय (स्थानीय तह भरी कार्यक्षेत्र भएको) स्तरको गैर सरकारी संघ, संस्था, बैंक तथा वित्तीय संस्थाहरु, पब्लीक तथा प्राईभेट कम्पनीहरु सम्झनु पर्नेछ ।

(ध) "संस्था" भन्नाले ऋण परिचालन गर्ने उद्देश्यले ऐन बमोजिम ऋण लगानी गरिने सहकारी संस्था लि. वा बैक वा वित्तीय संस्था र सशक्तिकरण कार्यक्रम संचालन गर्ने उद्देश्यले सामाजिक परिचालनको कार्य गर्ने गैर सरकारी संघ, संस्था सम्झनु पर्दछ ।

(न) "स्वरोजगार" भन्नाले आफ्नो ज्ञान, सिप, अनुभव, क्षमता तथा लगानीबाट आयमूलक तथा रोजगार हुने कार्य गर्न सक्षम भएको अवस्था सम्झनु पर्नेछ ।

(प) "उद्यमशिलता" भन्नाले प्रचलित ज्ञान, सिप, अनुभव, क्षमता, प्रविधी तथा लगानीको क्षेत्रमा नविनम तरिका तथा शिर्जनशिलताको प्रयोग गरी उद्यम, ब्यवसायहरुको विकास गर्ने कार्य सम्झनु पर्नेछ ।

(फ) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वार्षिक रुपमा आन्तरिक तथा स्वतन्त्र लेखा परिक्षण हुने, राज्यको करको दायरामा आएको तथा कानूनत संचालन एवं ब्यवस्थापन हुने संघ, संस्था सम्झनु पर्नेछ ।

(ब) "बोर्डको कोष" भन्नाले तुलसीपुर विकास कोषलाई सम्झनु पर्नेछ ।

(भ) "कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरकार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ र सो शब्दले बोर्ड अन्तर्गतको सचिवालय तथा कार्यालय समेतलाई जनाउनेछ ।

(म) "अन्यथा अवस्था" भन्नाले पद रिक्त वा कानूनी तथा ब्यवस्थापकिय जटिलता उत्पन्न भएको अवस्था सम्झनु पर्नेछ ।(स्पस्टिकरण भनेर सम्बन्धित स्थानमा नै राख्ने)

## परिच्छेद– २
## (बोर्डको गठन, उद्धेश्य तथा कार्य, कर्तव्य र अधिकार)

**३. बोर्डको गठनः**

(१) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रका लक्षित ब्यक्ति, वर्ग वा समुदाय तथा सामाजिक संस्थाहरुमा सहुलियतपूर्ण ऋण परिचालन तथा सशक्तिकरण कार्यक्रमका माध्यमबाट स्वरोजगार सिर्जना तथा उद्यमशीलता विकास सम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्न,

गराउनको लागि नीति निर्देशकको भूमिका निर्वाह गर्नका लागि देहाय बमोजिम बोर्डको गठन हुनेछः–

(क) नगर प्रमुख ..... ...... ...... ....... ...... ..... .... .... .... ... ... अध्यक्ष

(ख) नगर उप प्रमुख ...... ............ ............ ........ ............ ... उपाध्यक्ष

(ग) दफा ३ (२) बमोजिम योग्यता पुगेको सूची मध्येबाट कार्यपालिकाले निर्णय गरी तोकेको विषय विज्ञ २ दुई) जना .... ... ...... ... ... ... ... ... ... सदस्य

(घ) कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले निर्णय गरी तोकेको कार्यपालिका सदस्य १ (एक) जना .... .... .... .... .... ..... .... .... ... सदस्य

(ङ) नगरसभा सदस्यहरु मध्ये दलित वा महिला वा अपाङ्ग वा आदीवासी जनजाति वा अल्प संख्यकहरुको

समावेशी प्रतिनिधित्व हुने आधारमा नगर कार्यपालिकाले तोकेको २ (दुई) जना ..... सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत ..... ...... .... ..... ...... ..... .... ..... ... सदस्य

(छ) बोर्डको कार्यकारी निर्देशक ..... ........ ...... ..... ........... .... सदस्य सचिव

(२) ब्यवस्थापन वा सार्वजनिक प्रशासन वा अर्थशास्त्र वा ग्रामिण अर्थशास्त्र वा सो सरहको विषयमा स्नातकोत्तर गरी ब्यवस्थापन विषयमा तोकिएको संगठित क्षेत्रमा अनुभव हासिल गरेका ब्यक्तिहरुको ब्यक्तिगत विवरण एवं तोकिए बमोजिमको मूल्यांकन आधारमा तयार भएको सूचीमा रहेका ब्यक्तिहरुलाई दफा ३ (१.ग) प्रयोजनको लागि योग्यता पुगेको मान्नु पर्नेछ ।

(३) दफा ३ उपदफा १.ग बमोजिम मनोनयन हुने सदस्यको पदावधि ४ (चार) वर्षको हुनेछ र निज पुनः मनोनयन हुन सक्नेछ ।

(४) दफा ३ उपदफा १.ग बमोजिम विषय विज्ञ सदस्य मनोनयन गर्नको लागि कार्यपालिकाले उचित मापदण्ड अवलम्बन गर्न सक्नेछ ।

(५) बोर्डले आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा विषय विज्ञलाई बोर्डको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(६) दफा ३ (१) अनुसारको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछः

(क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा अध्यक्षबाट स्वीकृत भएमा र अध्यक्षको हकमा कुनै कारण निजको राजिनामा नगरसभाबाट स्वीकृत भएमा ।

(ख) मृत्यु भएमा ।

(ग) पदाधिकार तोकेको पक्षबाट फिर्ता बोलाउने निर्णय भएमा ।

(घ) विना सूचना लगातार ३ (तीन) वटा वैठकमा अनुपस्थित भएमा । (ङ) १ (एक) बर्ष भन्दा बढी अबधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा । तर उपरोक्त अनुसार निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिकको समय सीमा प्रदान गर्नु पर्नेछ ।

(७) दफा ३ (१) अनुसारको रिक्त पदको पूर्ती ऐनमा भएको ब्यवस्था अनुसार नै बांकी अवधीको लागि हुनेछ ।

(८) बोर्डका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार बोर्डको प्रस्तावना, उद्देश्य तथा कार्यहरुबाट उपलब्धी प्राप्त गर्न सकिने आधारमा तोकिए बमोजिम हुनेछ ।

४. **बोर्ड परियोजनाको रुपमा रहनेः** तुलसीपुर उपमहानगरपालिका अन्तर्गत विशेष परियोजनाको रुपमा देहाय अनुसार बोर्ड संचालित हुनेछ ।

(१) यो ऐन तथा प्रचलित कानून बमोजिम दफा ३ (१) अनुसारको बोर्ड (समिति) को निर्णयबाट बोर्ड अन्तर्गत परियोजनाहरु संचालित हुनेछन् ।

(२) बोर्डले आफ्नो कामकारबाहीको लागि तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर विकास बोर्ड, तुलसीपुर, दाङ्ग नाम रहेको छाप प्रयोग गर्नेछ ।

(३) बोर्डले कानून बमोजिम आफ्नो काम, कारवाहीहरुको अभिलेख ब्यस्थापन गर्नु पर्नेछ ।

(४) बोर्डले तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर विकास बोर्डको नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) नगरसभाबाट पारित नीति, कानून बमोजिम कार्यपालिकाको नीति, निर्णय अन्तर्गत रहि बोर्डले आफ्नो चालु तथा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने बजेट (श्रोत) को ब्यवस्था, तथा परिचालन सम्बन्धी निर्णय गर्न सक्नेछ ।

५. **बोर्डको कार्यालयः** अन्य कुनै ब्यवस्था भएकोमा बाहेक बोर्डको निर्णय अनुसारको कार्य संचालन गर्न तुलसीपुर उप– महानगरपालिका नगर कार्यपालिकाको कार्यालयभित्र वा उपमहानगरपालिका क्षेत्रभित्र कुनै उपयुक्त ठाँउमा बोर्डबाट तोकिएको स्थानमा बोर्डको कार्यालय रहनेछ । बोर्डले आफ्नो कार्य र कार्यक्रमको

आयतन र गुणस्तरियता कायम गराउनु पर्ने अवस्था भएमा कारण खुलाई प्रत्येक वडामा सेवा केन्द्र वा ईकाई स्थापना गर्न सक्नेछ ।

६. **बोर्डको उद्धेश्यः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रका लक्षित ब्यक्ति, वर्ग तथा सामाजिक संस्थाहरुमा सहुलियतपूर्ण ऋण परिचालन तथा सशक्तिकरण कार्यक्रमका माध्यमबाट रोजगार र स्वरोजगार सिर्जना तथा उद्यमशीलता विकास गर्नको लागि सम्भाब्यताको आधारमा उपयुक्त नीति, योजना, कार्यक्रम, आयोजना निर्माण तथा कार्यान्वयन गरी, गराई तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र गरीबी निवारण गरी आर्थिक समृद्धि हासिल गर्ने बोर्डको मुख्य उद्देश्य हुनेछ ।

७. **बोर्डको कार्यहरुः** दफा ६ बमोजिमको उद्देश्य प्राप्त गर्नको लागि बोर्डको देहाय बमोजिमका कार्यहरु हुनेछ ।

(१) कोष बृद्धिको लागि आवश्यक पर्ने आर्थिक श्रोतहरु प्राप्त हुने पक्ष, निकाय, क्षेत्रको पहिचान तथा परिचालन सम्बन्धी नीति, कानून, कार्यविधि, योजना तर्जुमा गरी कार्यपालिका, नगरसभाबाट पारित गराई लागु गर्ने, गराउने ।

(२) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र स्वरोजगारी, उद्यमशिलता विकास मार्फत गरिबी निवारण गर्न तोकिए बमोजिम सहुलियत पूर्ण ऋण परिचालन तथा असुली गर्नको लागि लक्षित ब्यक्ति, बर्ग वा समुदाय तथा सामाजिक संस्थाहरुको पहिचान सम्बन्धी नीति, कानून, कार्यविधि, योजना तर्जुमा गरी कार्यपालिका, नगरसभाबाट पारित गराई लागु गर्ने, गराउने ।

(३) तुलसीपुर उपमहानगरपालिकाबाट स्वीकृत नीति, कानून अनुसार स्वरोजगार सिर्जना, उद्यमशिलता विकास तथा गरिबी निवारण सम्बन्धी आवश्यक कार्यक्रम, आयोजना निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

(४) तुलसीपुर उपमहानगरपालिका तथा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पिछडिएका एवं गरीबीको रेखामुनि रहेका व्यक्ति, परिवार, वर्ग वा समुदाय नियमानुसार पहिचान गरी सहुलियतपूर्ण ऋण परिचालन तथा असुली सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत भए अनुसार लागु गर्ने गराउने ।

(५) उद्यमशिलता वा वित्त व्यवस्थापनको क्षेत्रमा कार्यरत स्थानीय सहयोगी संघ, संस्थाहरु बीच नियमानुसार समन्वय कायम गर्ने, गराउने ।

(६) सामाजिक परिचालन मार्फत स्थानीय श्रम तथा शीप, श्रोत, साधन र ज्ञानको उपयोग गरी उद्यम विकास गर्न चाहने गरीव, बेरोजगार, असहाय, पिछडिएको व्यक्ति, परिवार वा समूह, बर्गको आर्थिक तथा सामाजिक विकास सम्बन्धी कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

(७) बोर्ड अन्तर्गत संचालन गरिने कार्य, कार्यक्रमहरु नियमानुसार अनुगमन, मूल्यांकन गर्ने, गराउने तथा सो को लागि मार्गदर्शन गर्ने ।

(८) बोर्डको वार्षिक बजेट, कार्यान्वयन योजना, वार्षिक खरिद योजना, अनुगमन योजना, प्रतिफल सुचकहरु स्वीकृत गर्ने ।

(९) तुलसीपुर उपमहानगरपालिकाबाट स्वीकृत नीति, कानून अनुसार बोर्डको कोषको लगानी तथा

असुली सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत भए बमोजिम लागु गर्ने गराउने ।

(१०) बोर्डको वार्षिक प्रतिवेदन समिक्षा गरी उपयुक्त नीति तर्जुमा गर्ने तथा लेखापरीक्षण प्रतिवेदनको कैफियतहरु नियमित वा असुल उपर गराउने तथा वेरुजुको अभिलेख लगत राख्न लगाई फर फारक गर्ने गराउने ।

८. **बोर्डको निर्णयबाट सञ्चालन हुने कार्यक्रमहरुः** बोर्डको उद्धेश्य हासिल गर्न स्थानीय माग तथा आवश्यकता अनुसार ऋण परिचालन तथा असुली कार्यलाई सहयोग पुग्ने तबरबाट बाह्य श्रोतको खोजी गरी श्रोत प्राप्तीको आधारमा तोकिए बमोजिम देहाय बमोजिमका कार्यक्रम सञ्चालन हुनेछन्

(१) कृषि, पशुपंक्षि पालन, सिलाइ बुनाइ, स्थानीय श्रोत र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग जस्ता आयबृद्धि, सिप विकास, रोजगारी सृजना तथा स्वरोजगार अभिबृद्धि र उत्पादन बृद्धि कार्यक्रम,

(२) गरीबी निवारणको कार्यमा प्रत्यक्ष सहयोग पु-याउने र आय आर्जन हुने कार्यक्रम तथा आवश्यकता अनुसार पूरक कार्यक्रमको रुपमा आधारभूत स्वास्थ्य, साक्षरता, प्राविधिक शिक्षा, युवा रोजगार, शीपमुलक तथा चेतनामूलक तालिम तथा साना सिँचाई, खानेपानी, सरसफाई, ग्रामीण सडक, ग्रामीण उर्जा तथा वातावरण सम्बन्धी सामाजिक परिचालन सम्बन्धी कार्यक्रम,

(३) समुदायबाट पहिचान भएका र सम्भाव्यता भएका २५ लाखसम्मका स– साना सडक सिचांई पुल सामुदायिक भवन आदिमा नगरपालिकाको नियमित र विकास कार्यक्रममा दोहोरो नपर्ने गरी स्थानीय समुदायले नै मर्मत, संभार र संचालनको दिगो व्यवस्थापन हुने अवस्थाका पूर्वाधारहरुको निर्माण कार्य गर्ने गराउने सम्बन्धमा सामाजिक परिचालन सम्बन्धी कार्यक्रम,

(४) गरीबी निवारण कार्यक्रम वा आयोजना संचालन हुने निश्चित भएको अवस्थामा सो को पूर्व व्यवस्थापकीय वा प्राविधिक वा सामाजिक अध्ययन अवलोकनको लागि सहयोगी संस्था मार्फत सहजरुपमा सञ्चालन गर्ने कार्य पद्धतिको विकास गरी त्यस्ता कार्यक्रममा सामाजिक परिचालनका माध्यमबाट संलग्न हुने व्यक्ति, परिवार, सामुदायिक संस्था तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्ने तालिम, गोष्ठि, अवलोकन भ्रमण सम्बन्धी कार्यक्रम ।

(५) दिगो विकास लक्ष्य हासिल गर्न पालिकाको नियमित तथा बोर्डको निर्णयबाट संचालन गर्नु पर्ने कार्यक्रमहरु ।

(६) आर्थिक, पूर्वाधार, सामाजिक उद्यमशीलता तथा वातावरणीय विकाससँग सम्बन्धित कार्यक्रमहरु

(७) कार्यक्रमहरु वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न र वोर्डको अभिलेख व्यवस्थापन गरी वार्षिक रुपमा कार्यक्रमहरुको प्रगति विवरण प्रतिवेदन तयार गर्ने अभिलेख तथा प्रतिवेदन र विद्युतीय अभिलेखको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।

९. **बोर्डको कर्तव्य र अधिकारः** बोर्डको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) तुलसीपुर उपमहानगरपालिकाबाट स्वीकृत नीति, कानून बमोजिम बोर्डको सञ्चालन र व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(२) बोर्डको वार्षिक तथा आवधिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(३) बोर्डको उद्देश्य प्राप्त गर्न आवश्यक योजना, कार्यक्रम पारित गरी लागु गर्ने, गराउने ।

(४) लक्षित कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गर्ने साझेदार तथा सहयोगी संस्थाहरुको छनौट तथा परिचालनको आधार (Criteria) पूर्व निर्धारीत गरी सार्वजनिक खरिद कानूनको प्रक्रिया पालना हुने गरी सम्झौता र सम्झौताको कार्यान्वयन व्यवस्थापन गर्ने,

(५) लक्षित विकास सम्बन्धी योजना तथा कार्यक्रम अन्तर्गत सहुलियतपूर्ण ऋण प्रदान तथा असुल गर्ने आधार, सूचक सहितको कार्यविधि तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृति भए अनुसार लागु गर्ने गराउने ।

(६) स्थान, क्षेत्र, व्यक्ति, वर्ग वा परिवार वा समुदाय विशेषको गरीवी मापनका सूचक सहितको आधार, मापदण्ड तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृति भए अुनसार लागु गर्ने गराउने ।

(७) कार्यक्रम संचालन गर्दा पालिकाको नियमित काममा असर नपर्ने र दोहोरो नपर्ने गरी महिला सशक्तिकरण, बालवालिका, जेष्ठ नागरिक, अपाङ्ग, जलवायु परिवर्तन, गरिबी निवारण तथा जनस्वास्थ्य जस्ता क्षेत्रका दिगो विकास लक्ष्य अन्तर्गतका सूचकहरु हासिल गर्ने गरी कार्यक्रम स्वीकृति, अनुगमन, मुल्याँकन, समिक्षा तथा प्रतिवेदन गर्ने व्यवस्था गर्ने, गराउने ।

(८) बोर्डको कार्यक्षेत्रभित्रका योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(९) बोर्डको निर्णयबाट संचालन भएका कार्य, कार्यक्रमहरु तथा बोर्ड अन्तर्गतको कोष परिचालनको वार्षिक लेखापरीक्षण गराउने र प्राप्त प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

(१०) बोर्ड अन्तर्गत भएका कार्य, कार्यक्रमहरुको चौमासिक तथा बार्षिक रुपमा समिक्षा गरी सोही समय सिमा अनुसारको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

(११) कार्यचाप, आर्थिक अवस्था र संगठन तथा ब्यवस्थापन विश्लेषण आधारमा बोर्डको संगठनात्मक स्वरुप तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत भए अनुसारको दरबन्दी ब्यवस्थापनको कार्य गर्ने, गराउने ।

(१२) बोर्डको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्य गर्ने ।

**१०. बोर्डको बैठकः**

(१) बोर्डको बैठक बार्षिक न्युनतम ४ (चार) वटामा नघट्ने गरी बस्नेछ । दुई बैठकको बीचमा ९० (नब्बे) दिन भन्दा बढी फरक हुने छैन । तर, आवश्यकता अनुसार जति पनि संख्यामा बोर्डको बैठक बस्न सक्नेछ । अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सदस्य सचिवले बोर्ड वैठक बोलाउनेछ ।

(२) अध्यक्ष र सदस्य सचिव अनिवार्य उपस्थित भई न्युनतम ५ (पांच) जना उपस्थित भएमा बोर्ड बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) बोर्डका ३ (तीन) जना सदस्यहरुले बोर्ड बैठक डाक्नको लागि अध्यक्षलाई लिखित सूचना गरेमा अधिकतम १५ (पन्ध्र) दिनभित्र बोर्डको बैठक बस्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) बोर्ड बैठकको निर्णय सर्वसम्मत हुनुपर्नेछ । सर्वसम्मत हुन नसकेमा बोर्डको सदस्य संख्याको बहुमतले निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(५) बैठकको निर्णयको प्रस्ताव अध्यक्षको आदेशमा तयार गरी सबै सदस्यहरुलाई वैठक बस्नु भन्दा २४ घण्टा अघि सदस्य सचिवले उपलब्ध गराउनु पर्नेछ । त्यस्तो प्रस्ताव पेश गर्दा प्रस्तावको पृष्ठभूमि, निर्णयको लागि पेश गरिएको मामिलाको सम्बन्धी कानून, निर्देशिका वा पूर्व निर्णयका आधार सहीतको पेश गर्नु पर्ने कारण, व्यवस्थापनको विवेकपूर्ण सिफारिश र निर्णय हुनुपर्ने व्यहोराको प्रस्ताव गरी चार खण्डको विवरण पठाउनुपर्नेछ ।

(६) बोर्डको छलफल पछि कायम भएको निर्णय व्यहोरा तयार गरी सदस्य सचिवले सबै सदस्यहरु तथा अध्यक्षलाई ४८ घण्टाको कुनै संशोधन भए पेश गर्ने अनुरोध सहीत पठाउनु पर्नेछ ।

(७) निर्धारीत समयसीमाभित्र संशोधन प्राप्त नभएमा बोर्ड बैठकका निर्णय प्रमाणित गरी सदस्य सचिवले बोर्डका अध्यक्ष सहीत सबै सदस्यहरुलाई पठाउनु पर्नेछ । बोर्डसंग सम्बन्धीत अन्य अभिलेख पनि सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ ।

११. **समितिको बैठकमा भाग लिन नपाउनेः** समितिको कुनै सदस्य समितिको बैठकमा छलफल हुने कुनै विषयसँग प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रहेमा त्यस्तो सदस्यले सो विषयमा हुने समितिको बैठकमा भाग लिन पाउने छैन ।

१२. **उपसमिति गठन गर्न सक्नेः**

(१) बोर्ड (समिति) ले यस ऐन बमोजिम आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## बोर्डको स्रोत, कोष परिचालन तथा व्यवस्थापन

१३. **बोर्डले आर्थिक स्रोत जुटाउन सक्नेः** बोर्डले आफ्नो उद्देश्य हासिल गर्नको लागि प्रचलित कानून बमोजिम विभिन्न निकाय, पक्षबाट अनुदान वा ऋण स्वरुप आर्थिक स्रोत प्राप्त गर्न सक्नेछ ।

१४. **बोर्डको कोषः**

(१) बोर्डले आफ्नो उद्देश्य हासिल गर्नको लागि बोर्डको एक कोष हुनेछ । यो कोषलाई तुलसीपुर विकास कोष (मूल कोष) भनीनेछ । जसमा देहायका श्रोतबाट रकम जम्मा हुनेछ ।

(क) तुलसीपुर उप– महानगरपालिकाबाट अनुदान तथा ऋण स्वरुप प्राप्त हुने रकम,

(ख) तुलसीपुर उप– महानगरपालिकामा गाभिएका कोषहरुबाट प्राप्त रकम,

(ग) कोषको प्रस्ताव अनुसार विभिन्न कोष, तह, सरकार, निकाय, पक्ष, संघ, संस्था तथा क्षेत्र मध्ये बाट प्राप्त हुने पुँजीगत वा प्रशासनिक अनुदान वा सहुलियतयुक्त ऋण स्वरुप प्राप्त हुने रकम,

(घ) प्रचलित कानून बमोजिम स्वीकृति लिई विदेशी तथा अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त हुने रकम ।

(ङ) संघिय तथा प्रदेश सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त हुने रकम,

(च) प्रचलित कानून बमोजिम विभिन्न निकाय, पक्ष, व्यक्तिबाट प्राप्त हुने दान, दातब्य ।

(छ) बोर्डको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम ।

(ज) कुनै अन्य श्रोतबाट प्राप्त भएको वा हुने रकम ।

(२) उपदफा (१) बमोजिम प्राप्त सम्पुर्ण रकम तुलसीपुर उप–महानगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा एकमुष्ठ रुपमा समावेश गराई नगरसभाबाट पारित भएको हुनु पर्नेछ । बोर्ड अन्तर्गत रहने मुख्य तथा अन्य कोषहरुको बिबरण, बार्षिक बजेट, कार्यक्रम तुलसीपुर उपमहानगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम (रातो किताब) मा समावेश गरी प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसार नगरसभाबाट पारित भएको रकम बोर्डले यो ऐन तथा प्रचलित कानून बमोजिम बोर्डको निर्णयबाट परिचालन वा खर्च गर्न सक्नेछ ।

(४) कोषमा प्रशासनिक वा चालु खर्चको लागि प्राप्त हुने अनुदान कुनै कारणबाट बचत हुन गई फिर्ता गर्नु नपर्ने अवस्थामा तुलसीपुर विकास कोषमा जम्मा गरी अभिलेख राख्नु पर्नेछ । तर पूँजीगत प्रकृतिको खर्चलाई चालु प्रकृतिको खर्चमा स्थानान्तरण गर्न सकिने छैन ।

(५) जुनसुकै बखत हिसाव अभिलेख लिन सकिने गरी सबै भन्दा धेरै ब्याज प्राप्त हुने सूचकको आधारमा सार्वजनिक खुला प्रतिस्पर्धाको मूल्यांकनबाट छनौट भएको कुनै एक वा एक भन्दा धेरै संख्याका बैंकहरुको खातामा बोर्डको निर्णयबाट तुलसीपुर विकास कोष (मूल कोष) को सबै रकम जम्मा गरी संचालन गर्ने र अभिलेख राख्नु पर्नेछ ।

(६) ब्याज आम्दानीको बढीमा २५ प्रतिशतबाट कार्य सम्पादनमा आधारित प्रोत्साहन कोष स्थापना गरी कार्य सम्पादनको बस्तुगत सूचकहरुको आधारमा नियमानुसार प्रोत्साहन रकम वितरण गर्न सकिनेछ ।

(७) कोषको लेखा प्रणाली स्थानीय तहलाई लागु हुने नेपाल सरकारको प्रचलित लेखा प्रणाली बमोजिम तुलसीपुर उपमहानगरपालिकाको लेखा वा आर्थिक प्रशासन शाखाले नियमानुसार राख्नुपर्नेछ ।

**१५. कोष अन्तर्गत ऋण परिचालन हुने क्षेत्रहरुः** दफा १४ बमोजिमको तुलसीपुर विकास कोष (मूल कोष) मा एकमुष्ठ हिसाव देखिने गरी तोकिए अनुसारको क्षेत्रगत विकासका लागि देहाय बमोजिमका क्षेत्रहरुमा कोषको रकम ऋणको रुपमा परिचालन गरिनेछ ।

(१) बोर्डको उद्देश्य अनुरुप क्षेत्रगत लक्ष्यहरु हासिल गर्न तुलसीपुर विकास कोषलाई ऋणको रुपमा परिचालन गर्न देहाय बमोजिमका क्षेत्रहरु रहने छन:–

(क) गरीबी निवारणः गरिबी निवारण सम्बन्धी विषयमा तोकिए बमोजिम ब्यक्तिगत तथा संस्थागत रुपमा ऋण परिचालन गर्ने प्रयोजनको लागि तोकिए अनुसार ऋण परिचालन, असुली तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ख) उद्यमशीलता विकासः उद्यमशिलता तथा रोजगारी बृद्धि सम्बन्धी विषयमा तोकिए बमोजिम ब्यक्तिगत तथा संस्थागत रुपमा ऋण परिचालन गर्ने प्रयोजनको लागि तोकिए अनुसार ऋण परिचालन, असुली तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ग) महिला सशक्तिकरणः महिलाहरुको आय आर्जन बृद्धि सम्बन्धी विषयमा तोकिए बमोजिम ब्यक्तिगत तथा संस्थागत रुपमा ऋण परिचालन गर्ने प्रयोजनको लागि तोकिए अनुसार ऋण परिचालन, असुली तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(घ) दिगो विकास साझेदारीः दिगो विकास लक्ष्य हासिल गर्ने सम्बन्धी विषयमा तोकिए बमोजिम ब्यक्तिगत तथा संस्थागत रुपमा ऋण परिचालन गर्ने प्रयोजनको लागि तोकिए अनुसार ऋण परिचालन तथा क्षमता विकासका कार्यक्रम संचालन गर्नु पर्नेछ।

(२) दफा १५ उपदफा (१) बमोजिमको क्षेत्रहरुमा बोर्डको निर्णय अनुसार आवश्यकता अनुसार तुलसीपुर विकास कोष (मुख्य कोष) बाट खर्च हुने र बोर्डको कार्यालयको खातामा दफा १५ (१) अनुसारका क्षेत्रहरुमा सहायक कोषहरुको नामको खातामा लगानी तथा असुली भएको हिसावको अभिलेख देखिने गरी मूल कोषबाट नै रकम खर्च गर्नु पर्नेछ र सोही आधारमा प्रचलित कानून बमोजिमको लेखा प्रणालीका आधारमा तुलसीपुर विकास कोष (मूल कोष) को अभिलेख राख्नु पर्नेछ ।

**१६. कोषको परिचालन तथा ब्यवस्थापनः**

(१) बोर्ड अन्तर्गत रहने तुलसीपुर विकास कोष (मूल कोष) तोकिए बमोजिम संचालन र परिचालन गरिनेछ ।

(२) दफा १४ उपदफा (१) बमोजिम तुलसीपुर विकास कोष (मूल कोष) को रकम दफा १५ उपदफा (१) अनुसारका क्षेत्रहरुमा ऋण स्वरुप बाहेक अन्य प्रयोजनमा परिचालन गर्न पाईने छैन ।

(३) कोषबाट परिचालन भएको ऋणको सांवा, ब्याज प्राकृतिक प्रकोप, दैवी विपत्ती, संकटकाल जस्ता अवस्था वा कुनै अति संवेदनशिल अवस्थाको कारण दिवालीया वा असुल हुन नसक्ने भई मिनाहा दिनु पर्ने भएमा बोर्डको सिफारिशमा कार्यपालिकाको निर्णयबाट ऋणको मूल कोष नघट्ने गरी मिनाहा हुन सक्नेछ । मिनाहा सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ

(४) दफा १२ (१) बमोजिम बोर्डको कोषमा प्राप्त हुने रकम मध्ये प्रशासनिक वा चालु खर्च वापतको प्राप्त अनुदान बाहेक कोषको बैंकमा रहेको बचत तथा लगानी गरिएको ऋण रकम बापत प्राप्त हुने ब्याज, जरिवाना, दस्तुर शुल्क तथा अन्य आम्दानी रकमको कुल अंकको बढीमा ७५ (पचहत्तर) प्रतिशत रकमबाट चालु (संचालन) तथा पूंजीगत खर्चमा रकम विनियोजन गरी बांकी २५ (पच्चिस) प्रतिशत रकमलाई पूनः दफा १२ (१) बमोजिमको मुख्य कोषमा जम्मा गरी मुख्य कोषलाई बार्षिक रुपमा बृद्धि गर्दै लानु पर्नेछ ।

(५) कोषको रकमलाई ऋण स्वरुप परिचालन गर्दा संगठित रुपमा प्रचलित कानून बमोजिम दर्ता भई नियमानुसार संस्थागत सुशासन अनुरुप संचालन भएका सहकारी संस्था तथा वित्तीय संस्था मार्फत तोकिए बमोजिम परिचालन गर्नु पर्नेछ ।

(६) कोषको रकम ऋण स्वरुप परिचालन गर्दा ऋण सुरक्षणका प्रयाप्त उपाएहरु नियमानुसार अवलम्बन गर्नु पर्नेछ ।

(७) कोषको रकम ऋण स्वरुप सहुलियत दरमा परिचालन गर्दा प्रचलित बजार दर भन्दा न्युनतम दरमा नियमानुसार बोर्डले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

(८) बोर्ड अन्तर्गत आर्थिक कारोबार तथा कोषको रकम बचत (जम्मा) गर्दा “क” बर्गको बैंक मार्फत मात्र गर्नु पर्नेछ ।

१७. **सामुदायिक वा सहयोगी संस्थालाई परिचालन गर्न सकिने:** बोर्डले गरीबी निवारण, उद्यमशलिता तथा रोजगारी विकास, महिला सशक्तिकरण तथा दिगो विकास सम्बन्धी एवं तोकिए बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नको लागि स्थानीय स्तरमा कार्यरत सामुदायिक वा सहयोगी संस्था वा समुह वा गैर सरकारी संघ, संस्थाहरुलाई सो निकायहरुको कार्यक्षेत्र, योग्यता, अनुभव र कार्यदक्षता तथा कार्यक्रम संचालन गर्न सक्ने क्षमता समेतको तोकिएका आधारमा पूर्वनिर्धारित छनौटका सूचक अनुसार मूल्यांकन गरी नियमानुसार निर्धारित सम्झौता शर्तहरुको आधारमा परिचालन गर्न सक्नेछ ।

१८. **सामुदायिक संस्थालाई परिचालन गर्ने:** बोर्डबाट निर्धारित मापदण्ड पुरा गरी बोर्ड अन्तर्गत सूचीकृत भएका समुदायमा आधारित सामुदायिक संस्थाहरुलाई यस ऐन बमोजिमको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम संचालन गर्न नियमानुसार परिचालन गर्न सकिनेछ ।

## परिच्छेद ४

## <u>बोर्डको लेखा, लेखा परिक्षण</u>

१९. **बोर्डको लेखा:** बोर्ड अन्तर्गतको आर्थिक कारोबारको लेखा प्रणाली स्थानीय तहको लागि नेपाल सरकार महालेखा नियन्त्रक कार्यालय) ले निर्धारण गरे बमोजिम हुनेछ । प्रचलित कानून बमोजिम कारोबारको प्रकृति अनुसार प्रोदभावी र नगदमा आधारित लेखा प्रणाली अबलम्बन गर्नु पर्नेछ । लेखा प्रणाली सम्बन्धी अन्य ब्यवस्था प्रचलित कानून बमोजिम तोकिए बमोजिम हुनेछ ।

२०. **खाता सञ्चालन:**

(१) सामान्यत तुलसीपुर उपमहानगरपलिकाको प्रमुख प्रशासकिय अधिकृतले बोर्डको सदस्य सचिवलाई प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको १५ गतेभित्र प्रचलित कानून बमोजिम खाता संचालन तथा नियमानुसार खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ । कानून विपरित कार्य हुन नसकेको प्रमाणका आधारमा अख्तियारी फिर्ता गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त अख्तियारीको आधारमा बोर्डको सदस्य सचिव र तुलसीपुर उपमहानगर पालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट बोर्ड अन्तर्गतको कोषको बैंक खाता नियमानुसार संचालन हुनेछ । अन्यथा अवस्था भएमा प्रमुख प्रशासकिय अधिकृतले खाता संचालनको लागि आर्थिक प्रशासन शाखाको अन्य लेखा अधिकृतलाई तोक्न

सक्नेछ । बोर्डको सदस्य सचिव र आर्थिक प्रशासन प्रमुखले आफ्नो उत्तरदायित्वमा आफू मुनीको अधिकृत स्तरको कर्मचारीहरुलाई प्रचलित कानून बमोजिम क्रमशः खाता संचालनको अधिकार प्रत्यायोजन गर्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गरे पनि कोषको संचालन र खर्च हुने रकमको लागि सदस्य सचिव वा कार्यकारी प्रमुख र आर्थिक प्रशासन प्रमुखले नै पूर्ण रुपमा उत्तरदायित्व र जबाफदेहिता बहन गर्नु पर्नेछ । सदस्य सचिव वा निर्देशकले आफ्नो आर्थिक अधिकार प्रत्यायोजन गर्दा आर्थिक प्रशासन शाखाको प्रमुख भन्दा एक तह माथिको अधिकारीलाई मात्र अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) कोषको प्रभावकारी कार्यान्वयन तथा वित्तीय जोखिम कम गर्न कोषको लागि आन्तरिक नियन्त्रण प्रणाली विकास गरी लागु गर्नु पर्नेछ । वित्तीय जोखिम हुन नदिन सो प्रणाली पर्याप्त भए नभएको कुराको परीक्षण आन्तरिक लेखा परीक्षण मार्फत गर्नु पर्नेछ ।

(५) कोषको खाता संचालन सम्बन्धमा खाता संचालकहरुले पूर्ण रुपमा उत्तरदायित्व, जबाफदेहिता बहन गर्नु पर्नेछ ।

(६) कोषको लेखाको अभिलेख चुस्त, दुरुस्त रुपमा अद्यावधिक अवस्थामा राख्नको लागि प्रमुख प्रशासकिय अधिकृत तथा बोर्डको सदस्य सचिवले आवश्यक कर्मचारीको ब्यवस्थापन तथा प्रबन्ध गर्नु पर्नेछ ।

**२१. लेखा परिक्षणः**

(१) बोर्डको निर्णयबाट संचालन हुने आर्थिक कारोबार तथा कोष परिचालनको आन्तरिक र अन्तिम लेखा परिक्षण गर्नु पर्नेछ ।

(२) तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाले बोर्डको आन्तरिक लेखा परीक्षण गर्नेछ । आन्तरिक लेखा परिक्षण गर्दा बोर्डको सम्पूर्ण आर्थिक कारोवार तथा लेखा व्यवस्थाको चौमासिक रुपमा लेखा परीक्षण सम्पन्न गरी कार्यकारी निर्देशक समक्ष पेश गर्नुपर्नेछ । कार्यकारी निर्देशकले यस्तो प्रतिवेदनमा औंल्याईएको कैफियतहरु अर्को आन्तरिक लेखा परीक्षण सम्पन्न हुनु अगावै वा आवश्यकतानुसार तुरुन्त फछ्र्यौट गर्नुपर्नेछ ।यसरी फछर्यौट भएको जानकारी निजले चौमासिक रुपमा प्रतिवेदन सहीत बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(३) आन्तरिक लेखा परिक्षण शाखाले वार्षिक रुपमा समेत बोर्डको सम्पूर्ण आर्थिक कारोवार तथा लेखा व्यवस्थाको आन्तरिक लेखा परिक्षण गरी वार्षिक प्रतिवेदन निर्देशक समक्ष पेश गरी निर्देशक मार्फत बोर्डमा पेश गर्नु पर्नेछ । प्रतिवेदन सम्बन्धमा बोर्डबाट कुनै निर्देशन भएमा सो निर्देशन बमोजिम कारवाही गर्नु पर्नेछ ।

(४) आन्तरिक लेखा परीक्षणको आवधिक तथा वार्षिक रुपमा तयार गरिएको प्रतिवेदन महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गर्दा उपलब्ध गराउनु पर्नेछ ।

(५) महालेखा परीक्षकको कार्यालयबाट कोषको अन्तिम लेखापरीक्षण गरिनेछ । अन्तिम लेखा परीक्षणको वार्षिक प्रतिवेदन निर्देशकले बोर्ड समक्ष र बोर्डले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । यसरी पेश गर्दा बोर्डले प्रतिवेदनको विषयमा गरिएको कारवाही र फछ्र्यौटको विवरण तथा व्यहोरा समेत कार्यपालिकामा पेश गर्नुपर्नेछ । कार्यपालिकाले नगरसभामा सो वार्षिक प्रतिवेदन उपर आवश्यक कारवाही गरी पेश गर्नु पर्नेछ ।

(६) बोर्डलाई उपयुक्त लागेमा कोषको आन्तरिक लेखा परिक्षण पदाधिकारी नियुक्ती नगरी नेपाल लेखापरीक्षक संघमा दर्तावाल लेखापरीक्षकलाई नियुक्त गरी स्वतन्त्ररुपमा आवधिक वा जुनसुकै बखत हिसाब किताव परीक्षण गर्न लगाउन सक्नेछ ।

(७) तुलसीपुर उपमहानगरपालिकाले चाहेमा जुनसुकै बखत बोर्डको आवधिक वा वार्षिक हिसाव किताव जाँच्न वा जाँच्ने ब्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद– ५

## कर्मचारीको ब्यवस्था तथा सेवा सुविधा सम्बन्धी ब्यवस्था

२२. **बोर्डको कर्मचारी सम्बन्धी विशेष ब्यवस्थाः** कानूनत विशेष अन्य ब्यवस्था नभएसम्म बोर्डको नियमित,आकस्मिक तथा विकासात्मक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने कर्मचारीको ब्यवस्थापन तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले नियमीत प्रक्रिया अनुसार परियोजनागत रुपमा गर्नु पर्नेछ ।

२३. **बोर्ड अन्तर्गत कार्य गर्ने कर्मचारीहरुको किसिम र कर्मचारी ब्यवस्थापनः** बोर्ड अन्तर्गत संगठन र व्यवस्थापन विश्लेषण गरी अन्य कानूनी ब्यवस्था नभएसम्मको लागि नतिजामुखी कार्यविवरणको आधारमा देहाय बमोमिजका पदहरु रहनेछन्—

(१) निर्देशकः बोर्डको कार्यकारी प्रमुख एवं सदस्य सचिवको रुपमा यो ऐन, प्रचलित कानून तथा बोर्ड अध्यक्ष संग गरिएको सम्झौता शर्तहरु अनुसार साविकमा पाईरहेको सेवा, सुविधा नघट्ने र नियमानुसार थप सेवा सुविधा लिन सक्ने गरी बोर्डको मूख्य कार्यकारी भूमिका निर्वाह गर्न दफा २४ (१) अनुसार योग्यता पुगेको ब्यक्ति नियुक्त हुने आधारमा बोर्ड अन्तर्गत स्वीकृत स्थायी दरबन्दीको एउटा निर्देशक पद रहनेछ ।

(२) कार्यक्रम संयोजकः बोर्ड अन्तर्गत दफा १५ (१) अनुसारका क्षेत्रहरुको योजना, कार्यक्रम संचालन कार्यान्वयन), ब्यवस्थापन तथा परिचालन गर्ने जिम्मेवार कर्मचारीको रुपमा यो ऐन, प्रचलित कानून तथा बोर्ड अध्यक्ष संग गरिएको सम्झौता शर्तहरु अनुसार साविकमा पाईरहेको सेवा, सुविधा नघट्ने र नियमानुसार थप सेवा सुविधा लिन सक्ने गरी बोर्ड अन्तर्गत एक वा बहु कार्यक्रमहरुको सम्पूर्ण संयोजनकारी भूमिका निर्वाह गर्न दफा २४ (२) अनुसार योग्यता पुगेको ब्यक्ति नियुक्त हुने आधारमा बोर्ड अन्तर्गतको स्वीकृत स्थायी वा परियोजनागत दरबन्दीमा एक वा धेरै संख्यामा कार्यक्रम संयोजकको पद रहनेछ ।

(३) सामाजिक परिचालकः बोर्ड अन्तर्गत समुह तथा सामाजिक परिचालन, ऋण लगानी तथा असुली एवं निर्धारित क्षेत्रका स्वीकृत कार्यक्रमहरु घरदैलो तथा समुदाय स्तरमा गई संचालन गर्ने

जिम्मेवार कर्मचारीको रुपमा यो ऐन, प्रचलित कानून तथा निर्देशक एवं कार्यक्रम संयोजक संग गरिएको सम्झौता शर्तहरु अनुसार सेवा, सुविधा प्राप्त गर्ने गरी दफा २४ (३) अनुसारको योग्यता पुगेको ब्यक्ति परियोजनागत अवधीसम्मको लागि सेवा करारको रुपमा नियुक्त हुने आधारमा बोर्ड अन्तर्गतको परियोजनागत दरबन्दीमा एक वा धेरै संख्यामा सामाजिक परिचालकको पद रहनेछ ।

(४) आर्थिक प्रशासन/लेखा प्रमुखः तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत प्रमुख प्रशासकिय अधिकृतले लिखित रुपमा तोकेको आर्थिक प्रशासन/लेखा शाखा प्रमुख वा आर्थिक प्रशासन/लेखा शाखा प्रमुखबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने लेखा समुहको अधिृकत वा सहायक स्तरको कर्मचारीले कानूनत अन्य ब्यवस्था नभएसम्मको लागि बोर्ड अन्तर्गत संचालन हुने सम्पुर्ण आर्थिक कारोबारहरुको जिम्मेवारी लिई काम गर्ने आधारमा बोर्ड अन्तर्गत स्वीकृत स्थायी दरबन्दीको एउटा आर्थिक प्रशासन÷लेखा शाखा प्रमुखको पद रहनेछ ।

(५) ब्यवस्थापन सहायकः बोर्ड अन्तर्गत जनशक्ति ब्यवस्थापन तथा प्रशासन, लेखा तथा सूचना प्रविधि क्षेत्रको सम्पूर्ण सहायक स्तरको कार्य गर्ने जिम्मेवार कर्मचारीको रुपमा यो ऐन, प्रचलित कानून तथा निर्देशक एवं कार्यक्रम संयोजक संग गरिएको सम्झौता शर्तहरु अनुसार सेवा, सुविधा प्राप्त गर्ने गरी दफा २४ (४) अनुसारको योग्यता पुगेको ब्यक्ति परियोजनागत अवधीसम्मको लागि सेवा करारको रुपमा नियुक्त हुने आधारमा बोर्ड अन्तर्गतको परियोजनागत दरबन्दीमा एक वटा ब्यवस्थापन सहायकको पद रहनेछ ।

(६) कार्यालय सहयोगीः बोर्ड अन्तर्गत कार्यालय सरसफाई, पत्राचार तथा कार्यालयमा सहयोगी प्रकृतिका सम्पुर्ण सहयोगी स्तरका कार्यहरु गर्ने जिम्मेवार कर्मचारीको रुपमा यो ऐन, प्रचलित कानून तथा निर्देशक एवं कार्यक्रम संयोजक संग गरिएको सम्झौता शर्तहरु अनुसार सेवा, सुविधा प्राप्त गर्ने गरी दफा २४ (५) अनुसारको योग्यता पुगेको ब्यक्ति परियोजनागत अवधीसम्मको लागि सेवा करारको रुपमा नियुक्त हुने आधारमा बोर्ड अन्तर्गतको परियोजनागत दरबन्दीमा एक वटा कार्यायिल सहयोगीको पद रहनेछ ।

(७) बोर्ड अन्तर्गत आंशिक वा पूर्ण समयको लागि सेवा करारको रुपमा कर्मचारीहरु छनौट गर्दा अन्य योग्यताको अलावा पारिश्रमीकमा समेत घटाघट प्रतिस्पर्धा गराउने मूल्यांकन मापदण्ड लागु गरी छनौट गर्न सकिनेछ ।

(८) कार्यबोझ र परियोजनाको आवश्यकताको आधारमा कर्मचारी अपुग वा विषय विशेषज्ञताको आवश्यकता भएमा नियमानुसार परामर्श सेवाको रुपमा अल्प अवधिको लागि नियुक्त गर्न सकिने छ । तर, यस्तो सेवा लिन बोर्डको पूर्व स्वीकृती आवश्यक हुनेछ ।

(९) कार्यबोझका हिसावले दफा १५ (१) अनुसारको एक भन्दा बढी क्षेत्रहरुमा कुनै एक जना संयोजकलाई कार्य जिम्मेवारी प्रदान गर्न सकिनेछ ।

(१०) मितब्ययीता अपनाउन अन्य क्षेत्रमा पनि एक ब्यक्ति बहु जिम्मेवारीको प्रणाली अवलम्बन गरी कर्मचारी परिचालन गर्न सकिनेछ ।

(११) उप-म्हानगरपालिकाको कार्यालयबाट बोर्ड अन्तर्गतको काममा काजमा खटिएका कर्मचारीहरुलाई पूर्ववत रुपमा खाईपाई आएको सेवा, सुविधा नघट्ने गरी बोर्डको आर्थिक अवस्था अनुसार कार्यपालिकाबाट स्वीकृत कार्यविधि अनुसार थप सेवा, सुविधा बोर्डको आम्दानी वा उपमहानगरपालिकाबाट तोकिए बमोजिम प्रदान गर्नु पर्नेछ ।

**२४. कर्मचारीहरुको लागि आवश्यक योग्यताः**

(१) तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा प्रशासन वा राजश्व वा वित्त वा सामाजिक विकास सेवा/समुहमा शाखा अधिकृत वा अधिकृत छैठौ तह/स्तर भन्दा माथीको पदमा स्थायी रुपमा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयबाट तयार भएको सूची विवरण मध्येबाट नगर प्रमुखको सिफारिस तथा प्रस्तावमा समायवधी तोकिएको सरुवा/काजमा न्युक्त भई काम गर्ने गरी कार्यपालिकाबाट भएको निर्णय नै निर्देशकको लागि आवश्यक योग्यता हुनेछ । तर, कार्यालयको तर्फबाट निर्देशक पदमा काजमा पठाउन तोकिए बमोजिमको योग्यता पुगेको कर्मचारीहरुको सूची तयार हुन नसक्ने लिखित कारण नगर प्रमुख समक्ष पेश भई नगर प्रमुखको प्रस्ताव र कार्यपालिकाबाट निर्णय भएको अवस्थामा निर्देशक पदको लागि परियोजनागत/बार्षिक समयावधीमा नविकरण हुन सक्ने आधारमा सेवा करार गरी सेवा लिनु पर्ने अवस्थामा ब्यवस्थापन वा सार्वजनिक प्रशासन वा अर्थशास्त्र वा ग्रामिण अर्थशास्त्र वा मानविकि वा कानून विषयमा स्नातक उपाधी हासिल गरी सार्वजनिक संगठित क्षेत्रमा निर्देशक वा अधिकृत स्तरमा न्युनतम ५ (पांच) बर्ष अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(२) कार्यक्रम संयोजक पदको लागि सेवा करार गर्नु पर्ने अवस्थामा ब्यवस्थापन वा सार्वजनिक प्रशासन वा अर्थशास्त्र वा ग्रामिण अर्थशास्त्र वा शिक्षा प्रशासन वा मानविकी विषयमा स्नातक उपाधी हासिल गरी सार्वजनिक संगठित क्षेत्रमा अधिकृत स्तर भए ४ (तीन) वर्ष र सहायक स्तर भएमा न्युनतम ७ (सात) बर्ष अनुभव हासिल गरेको हुनु पर्नेछ । तर, तुलसीपुर उपमहानगरपालिकामा अधिकृत स्तर छैंठौ पदमा स्थायी रुपमा कार्यरत कर्मचारीलाई काजमा खटाउनु पर्दा सोही पदको योग्यता नै मान्य हुनेछ ।

(३) सामाजिक परिचालक पदको लागि सेवा करार गर्नु पर्ने अवस्थामा ब्यवस्थापन वा सार्वजनिक प्रशासन वा अर्थशास्त्र वा ग्रामिण अर्थशास्त्र वा मानविकि वा समाजशास्त्र विषयमा प्रविणता प्रमाणपत्र तह उपाधी हासिल गरी सार्वजनिक संगठित क्षेत्रमा सामाजिक परिचालक वा सहायक स्तरमा न्युनतम ४ चार) बर्ष अनुभव हासिल गरेको वा एस.एल.सी. पास गरेको हकमा ७ (सात) बर्ष अनुभव हासिल गरेको हुनु पर्नेछ। तर, तुलसीपुर उपमहानगरपालिकामा सहायक स्तरको पदमा स्थायी रुपमा कार्यरत कर्मचारीलाई काजमा खटाउनु पर्दा सोही पदको योग्यता नै मान्य हुनेछ ।

(४) ब्यवस्थापन सहायक पदको लागि सेवा करार गर्नु पर्ने अवस्थामा ब्यवस्थापन वा सार्वजनिक प्रशासन वा अर्थशास्त्र वा ग्रामिण अर्थशास्त्र वा मानविकी वा कानून विषयमा प्रविणता प्रमाणपत्र तह उपाधी हासिल गरी कम्प्युटर विषयमा डिप्लोमा तालिम प्राप्त गरी सार्वजनिक संगठित क्षेत्रमा ब्यवस्थापन वा कम्प्युटर वा प्रशासन सहायक स्तरमा न्युनतम २ (दुई) बर्ष अनुभव हासिल गरेको हुनु पर्नेछ । तर, तुलसीपुर उपमहानगरपालिकामा सहायक स्तरको पदमा स्थायी रुपमा कार्यरत कर्मचारीलाई काजमा खटाउनु पर्दा सोही पदको योग्यता नै मान्य हुनेछ ।

(५) कार्यालय सहयोगी पदको लागि सेवा करार गर्नु पर्ने अवस्थामा आठ कक्षा उत्तीर्ण गरी कार्यालय सरसफाई, पत्रचार तथा कार्यालयमा सहयोगी प्रकृतिका कार्यमा अनुभव प्राप्त गरेको हुनु पर्नेछ । तर, तुलसीपुर उपमहानगरपालिकामा सहयोगी पदमा स्थायी रुपमा कार्यरत कर्मचारीलाई काजमा खटाउनु पर्दा सोही पदको योग्यता नै मान्य हुनेछ ।

**२५. कर्मचारी ब्यवस्थापन सम्बन्धमा विशेष ब्यवस्थाः** बोर्डको कार्य संचालन तथा ब्यवस्थापनको लागि कानूनत् अन्य ब्यवस्था भएकोमा बाहेक कार्यालयबाट पेश भएको विषयमा नगर प्रमुख स्तरिय निर्णयका आधारमा कर्मचारी परिचालन तथा ब्यवस्थापन गर्न सकिनेछ ।

**२६. कर्मचारीहरुको सेवा, सुविधाः**

(१) कार्य सम्पादन करार सम्झौतामा उल्लेखित शर्तहरुको आधारमा बढीमा परियोजना सिमा अवधी तोकेर काजमा खटिने वा नियुक्त हुनेछन् र पूनः खटिन वा नियुक्त हुन सक्नेछन् । तर स्थायी रुपमा खटिने वा नियुक्त हुन सक्ने छैनन् ।

(२) कर्मचारीहरुसंग कार्य सम्पादनमा आधारित करार सम्झौता गर्दा करार सम्झौताको शर्तहरुमा उल्लेख गरी लचिलो समय (Flexi Time) अवधारणा अनुसार प्रति घण्टा, प्रति दिनको समय आधारमा समेत सेवा, सुविधा प्रदान गर्न सकिने रुपमा नियुक्त गर्नु पर्नेछ ।

(३) तुलसीपुर उपमहानगरपालिकाबाट काजमा खटिएका तर तुलसीपुर उपमहानगरपालिकाबाट तलब सुविधा लिईरहेका कर्मचारीहरु तथा सेवा परामर्शमा कार्यरत कर्मचारीहरुको हकमा सेवा सुविधा निर्धारण गर्दा आधारभूत तलबमान समयका आधारमा र आधारभूत भन्दा अतिरिक्त मौद्रीक सुविधा ऋण लगानी र असुलीमा क्रमश २५ प्रतिशत र ७५ प्रतिशतको अनुपातमा अंक भार दिईएको सूचकमा आधारित गराई ऋण लगानी बापत प्राप्त हुने ब्याज आम्दानीबाट कार्य सम्पादनमा आधारित प्रोत्साहन कोष स्थापना गरी सो कोष वितरण सम्बन्धी कार्यपालिकाबाट स्वीकृत कार्यविधि अनुसार उपलब्ध गराउनु पर्नेछ ।

(४) कर्मचारीहरुलाई उपलब्ध गराईने तलब लगायत मौद्रिक सुविधाहरु ऐनको दफा १४ अन्तर्गतको सिमाभित्र रहि उपलब्ध गराउनु पर्नेछ ।

(५) कर्मचारीहरुको लागि उपलब्ध गराईने पारिश्रमीक, सेवा शर्त, सेवा सुविधा करार सम्झौताको शर्तहरुमा उल्लेख भए अनुसार हुनेछ । यस अलावा सेवा सुविधा सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(६) कर्मचारीहरुले कोषलाई हानि नोक्सानी हुने कुनै कामकारवाही गरेमा वा भ्रष्टाचारको अभियोग प्रमाणित भएमा वा बोर्ड तथा संचालक समिति वा पदसोपान अनुसार उल्लेखित तथा तोकिएको नीति, निर्णय तथा निर्देशन विपरीत काम गरेमा संचालक समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई सो पदबाट हटाउन सक्नेछ । पदबाट हटाउनु अगाडी सफाई पेश गर्ने मनासिव माफिकको मौका प्रदान गर्नु पर्नेछ । पदबाट हटेको कर्मचारीले बोर्ड समक्ष उजुरी गर्न सक्नेछ र बोर्डको निर्णय अन्तिम हुनेछ तर प्रचलित कानून बमोजिम पिडित पक्षले कानूनी उपचार लिन सकिनेछ ।

(७) तुलसीपुर उपमहानगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई बोर्ड अन्तर्गत काजमा खटाउदा उनीहरुको तलब सुविधा प्रचलित कानुनी ब्यवस्था अनुसार पूर्ववत खाईपाई आए सरह हुनेछ तर बोर्डको निर्णय अनुसार उक्त कर्मचारीहरुलाई विशेष सुविधा प्रदान गर्न सकिनेछ ।

**२७. निर्देशकको काम, कर्तव्य र अधिकारः**

(क) बोर्डको कार्यकारी कार्यहरुको प्रमुख भूमिका निर्वाह गर्ने आधारमा निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(१) बोर्डको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(२) तुलसीपुर उपमहानगरपालिकाको स्वीकृत नीति, कानून अन्तर्गत रहि बोर्डको अल्पकालीन, मध्यकालिन तथा दिर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्ने ।

(३) बोर्डबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(४) बोर्डको नियमित, आकस्मिक तथा विकासात्मक कार्यहरु एवं सहुलियतपूर्ण ऋण परिचालन र असुली सम्बन्धी कार्यक्रमहरुको निरीक्षण, सुपरिवेक्षण गरी बोर्डको उद्धेश्य प्राप्त गर्न आवश्यक कार्य गर्ने र वार्षिक तथा आवधिक प्रगति विवरण एवं प्रतिवेदन बोर्ड समक्ष पेश गर्ने ।

(५) बोर्डको निमित्त आवश्यक रकम जुटाउन आन्तरिक तथा वाह्य स्रोतको खोजी गर्ने ।

(६) नियमानुसार गर्नु पर्ने तोकिएका अन्य कार्यहरु गर्ने ।

(ख) उपदफा (१) मा उल्लेख भए देखि वाहेक निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२८. कर्मचारीहरुको काम, कर्तब्य र अधिकारः** बोर्डको नीतिगत ब्यवस्था, बोर्ड तथा संचालक समितिको निर्णय अनुसार भएका निर्देशन तथा प्रचलित कानूनको अधिनमा रहि बोर्ड अन्तर्गतका सम्पूर्ण नियमित, विकासात्मक र आकस्मिक प्रकृतिका कार्यहरुको कार्यान्वयन तथा कार्य सम्पादन गर्ने आधारमा भएको करार शर्त तथा तोकिए बमोजिम कर्मचारीहरुको काम, कर्तब्य र अधिकार हुनेछ ।

## परिच्छेद ६
## (विविध)

**२९. काम कारवाही वदर नहुने**

(१) यो ऐन बमोजिम बोर्ड तथा समितिको गठनमा कुनै त्रुटि भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै कामकारवाही भएको भएता पनि सोही कारणले मात्र त्यस्तो कामकारवाही वदर हुने छैन ।

(२) उपदफा (१) बमोजिम गठन भएका समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्रगत शर्त तथा कार्याविधि समितिले तोके बमोजिम समेत हुनेछ ।

**३०. सहभागी हुन नपाउनेः** सदस्य, निर्देशक तथा कुनै कर्मचारीले आफ्नो व्यक्तिगत स्वार्थ भएको कुनै विषय बस्तुसँग सम्वन्धित बोर्डको कुनै निर्णय प्रक्रिया साथै गैर कानूनी कार्यमा सहभागी हुन पाउने छैनन् ।

**३१. सपथ ग्रहणः** सदस्य, निर्देशक तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै गोपनीयता र इमान्दारिताको नियमानुसार शपथ ग्रहण गर्नु गराउनु पर्नेछ ।

**३२. वार्षिक प्रतिवेदनः**

(१) निर्देशकले बोर्डको कामकारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिनाभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ र बोर्डले तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त बोर्डले वर्ष भरि सञ्चालन गरेको कार्यक्रम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, बोर्ड सञ्चालन खर्च तथा कार्यक्रमबाट भएको उपलब्धि र भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

(३) निर्देशकले बोर्डको स्वीकृति लिई उपदफा (२) मा उल्लेख भए बमोजिमको बोर्डको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

**३३. बैठक भत्ताः** बोर्ड (समिति) सदस्य (पदाधिकारी) हरुले बैठकमा भाग लिए वापत दफा १४ (४) को परिधिभित्र रहि प्रति महिना बढीमा २ (दुई) वटा बैठकको दरले बोर्डको आर्थिक अवस्थालाई विश्लेषण गरी बोर्डको निर्णय अनुसार बैठक भत्ता प्राप्त गर्न सक्नेछन् ।

**३४. आदेश वा निर्देशन दिन सक्नेः** बोर्डले गरेको कामकारवाहीको आवश्यक जाँचबुझ गरी वा आवश्यक ठानेका बखत कोषको उद्देश्य अनुरुप कार्य गर्नको लागि बोर्डलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी कार्यपालिकाले दिएको आदेश वा निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**३५. कार्यक्रमको समन्वय तथा अनुगमनः** यस ऐन बमोजिम सञ्चालन भएका विकास तथा गरीवी निवारण सम्बन्धी कार्यक्रमको अनुगमन बोर्ड आफैले वा कार्यपालिकाले तोकेका व्यक्तिबाट गर्न, गराउन सक्नेछ ।

**३६. अधिकार प्रत्यायोजनः**

(१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार

कुनै सदस्य, दफा (१२) बमोजिम गठित उपसमिति वा निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ

(२) अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३७. सम्पत्ति तथा दायित्व सर्ने:** बोर्ड विघटन भएमा बोर्डको जिम्मामा रहेका सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व तुलसीपुर उप– महानगरपालिकामा सर्नेछ ।

**३८. नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने:**

(१) यस ऐनको उद्धेश्य कार्यान्वयनको लागि बोर्डले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही बोर्डले आफ्नो कामकारबाही सुचारु रुपले सञ्चालन गर्न गराउन आवश्यक विनियम, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

**३९. बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा तुलसीपुर उपमहानगरपालिकाले सो बाधा अड्काउ फुकाउनको लागि स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५

*पारित मितिः २०७५।०४।३१*

**प्रस्तावनाः**

वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका समुदाय लगायत त्यस्तो वनक्षेत्रमा आश्रित एवं त्यस्तो वनक्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित वनदेखि टाढाका समुदाय समेतको वन व्यवस्थापन र लाभको बाँडफाडमा पहिचान, प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा तल्याउद वन श्रातबाट अधिकतम लाभ उठाइ लाभका न्यायाचित वितरणका माध्यमबाट स्थानीय समुदायको आर्थिक, सामाजिक, भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आर्थिक सम्बृद्धी एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वनको व्यवस्थापन, उपयोग सम्वन्धि स्थानीय वन व्यवस्थापन सम्वन्धि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५१ को उपधारा (छ) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को ङ (२) र ५) तथा प्रचलित कानूनमा भएको व्यवस्था कार्यन्वयन गर्न स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार यस तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५ बनाएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा (क) "वन" भन्नाल पण वा आशिक रूपमा रुखहरूल ढाकिएका विद्यमान अवस्थामा रहका सामुदायिक वन, धार्मिक वन, शहरी वन, ग्रामिण वन, कृषि वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक-निजी वन समेतलाई सम्झनु पर्छ ।

(ख) स्थानीय वन ऐन, २०७५ भन्नाले यस तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले पारित गरेको तुलसीपुर उपमहानगरपालिकाको वन ऐन २०७५ सम्झनुपर्दछ ।

(ग) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

(घ) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौ-पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

(ङ) “वनमाथिको पहुँच” भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वन पैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

(च) “वनमाथिको स्वामित्व” भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तररूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(छ) “वन अधिकार” भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

(ज) “स्थानीय वन परिषद्” भन्नाले दफा १३ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

(झ) “स्थानीय समुदाय” भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित,अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

(ञ) “अन्य समुदाय” भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदवार आफ्नोघर परिवारको विकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोगगर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवंलाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार समुदायलाई सम्झनु पर्दछ ।

(ट) “अधिकारवाला” भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुनेव्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

(ठ) “वन क्षेत्र”भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलितकानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएकोवा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाडक्षेत्र सम्झनु पर्छ ।

(ड) “वन पदावार” भन्नाल वनमा रहका वा पाइएका वा वनबाटल्याइएका काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फल, मावा, चिराइता,च्याउ र सब पकारका जङ्गली जडीबटी, वनस्पती तथा तीनकाविभिन्न भाग वा अङ्ग,बालुवा, वापशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहारसम्झनु पर्छ ।

(ढ) “सामुदायिक वन” भन्नाले समुदायद्धारा व्यवस्थापन गरेको वनलगायत कबुलियती वन, धार्मिक, परम्परागत विधिबाट संरक्षण रव्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।

(ण) “पारिवारिक निजी वन” भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

(त) "परम्परागत उपभोक्ता"भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसारआफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दैआएका समुदायलाई सम्झनुपर्दछ ।

(थ) "परम्परागत जीवन पद्धति" भन्नाले परापूर्व कालदेखि मौलिकपरम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

(द) "सामुदायिक वनको स्वामित्व" भन्नाले वनको हैसियत नखस्किने गरीसंरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्नेवनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउनेछ ।

(ध) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले सामुदायिक वनकोसंरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धितवनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्णवर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठनहुने उपभोक्ता समूहलाई सम्झनु पर्छ ।

(न) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वनउपभोक्ता समूहको साधारण सभाले चयन गरेको कार्य समितिलाई जनाउनेछ ।

(प) "वनश्रोत"भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक,धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिकवनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथितोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमाआउने वनश्रोत समेतलाई जनाउनेछ ।

(फ) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम सरकारको अनुमतीमा स्थापित उद्योग सम्झनु पर्छ ।

(ब) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिमकर्तव्य निर्वाह गर्ने अख्तियारप्राप्त अधिकारी सम्झनु पर्दछ ।

(भ) "तोकिएको"वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेकोनियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(म) "वातावरणीय सेवा" भन्नाले वन संरक्षण गरेर पानीका मूहान संरक्षण वापत स्वच्छ पानी, स्वच्छ हावावाट पाईने सेवा सम्झनुपर्छ ।

(य) "स्थानीय सरकार" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्यापालिका वा कार्यपालिकाबाट अधिकार प्राप्त अधिकारी सम्झनुपर्छ ।

(र) "स्थानीय तह" भन्नाले तुलसीपुर उपमहानगर पालिका वा संघीय कानून अनुसारका स्थानीय तह सम्झनुपर्छ ।

## परिच्छेद–२
## सामुदायिक वनको स्वामित्व, वन अधिकार र दायित्व सम्बन्धी व्यवस्था

**३. सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्नेः**(१) परम्परागत रूपमा सरक्षण, भागचलन, उपयाग गद आइरहका राष्टिय वनका कन भागतोकिए बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने रत्यस्तो वनको दिगो वन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकारसमुदायलाई हुनेछ ।

(२) उपदफा(१)बमोजिमको वन क्षेत्र स्थानीय समुदायको पूर्वसूसुचित मञ्जुरी बिना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागिस्थानीय सरकारले अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागिस्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय समुदायको पूर्व स्विकृति र आमसहमतिमा स्थानीय सरकारले प्रयोगमाल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

(४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनकोलागि प्रयोगमा ल्याउँदा सम्बन्धित समुदायलाई पर्न गएको सामाजिक,आर्थिक, भौतिक, जैविक विविधताको क्षति समेतको विचार गरी उचितक्षतिपूर्ति दिनु पर्नेछ ।

४. सामुदायिक वनमा स्थानीय समुदायको अधिकारः(१) सामुदायिक वनमा सामुदायिक रूपमा स्थानीय समुदायले देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।

(क) स्थानीय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनकोदीगो व्यवस्थापन जैविक विविधताको संरक्षण, संम्बद्र्धन, प्रवद्र्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि सामुदायिक वनव्यवस्थापन समूह गठन गर्ने,

(ख) सामुदायिक वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास,संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

(ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वनपैदावारहरू प्राप्त गर्ने, समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वनक्षेत्रमा आवत जावत गर्ने,वनक्षेत्रमा व्यवस्थित पशुचरण गर्ने,

घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायकोदैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

(ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बनसंचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतकोलाभ प्राप्त गर्ने,

(च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिकर आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवापुऱ्याउने र सामुदायिक विकास गर्ने,

(छ) वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोसंरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(ज) सामुदायिक वनलाई निरन्तर रूपमा सामुदायिक वनकै रूपमासंरक्षण, व्यवस्थापन र निरन्तरता दिन पाउने,

(झ) सामुदायिक वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्तासमूह, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारकोउपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम, कर्तव्य र अधिकारहरू तोक्ने,

(ञ) सामुदायिक वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाईलागू गर्ने, गराउने,

(ट) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने रत्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक लगायतका आर्थिक सामाजिक रूपमापिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाकोउत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाँड र प्रयोग गर्ने,तर, स्थानीय समुदायको निर्णयले त्यस्तो लाभ सामुदायिक वन व्यवस्थापन समूहहरू, सामुदायिक वन उपभोक्ता महासंघ र पारिवारिक निजी वन संघको संस्थागत तथा पैरवी क्षमता विकासमा समेत खर्च गर्न सक्नेछन्,

(ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

(ड) उपभोक्तासमूहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

(ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पुऱ्याउने कार्यको लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वनश्रोत,वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन,वनमा आधारित उपभोक्ता समूहले संचालन गरेको उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिईदीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने,

(ण) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप,दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण रबजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने रबजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्ने,

(त) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायकोजीविकोपार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषि वन, पशुपालन,वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वनउद्यम सम्बन्धी क्रियाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

(थ) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक वनक्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम समुदाय आफैले वा तेस्रो पक्षसंग सम्झौता गरीसंचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानीय समुदायको आर्थिक उन्नतिमा टेवापुऱ्याउने,

(द) सामुदायिक वनश्रोतको शुल्क निर्धारण गरी असुलउपर गर्ने शुल्कछुट वा मिनाहा दिने,

(ध) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतकोपूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यमविकास गर्ने र त्यस्तो निर्णय लिने,

(न) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वनकार्ययोजनामा तोकिए बमोजिम वन सम्वद्र्धन (गोडमेल, हाँगा काँटछाट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धतिअपनाई वन विकास र संरक्षण गर्ने,

(प) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवंजैविक विविधता संरक्षण, भु–दृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्तावातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवासुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणलाइ अगाडिबढाउन,

(फ) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली,पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुनेवातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने,

(ब) सामुदायिक वनक्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाईगर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको बिक्रिवितरण, उपयोग, उपभोग, श्रोत प्रयोग बापतको लाभ स्थानीय सरकारले तोके वमोजिम प्राप्त गर्ने ।

(२) सामुदायिक वन उपभोक्ता समूहको सदस्यको हैसियतले प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन :–

(क) सामदायिक वनक्षत्रमा रहका पाकतिक श्रात साधनका विकास, सरक्षण, उपयाग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

(ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

(ग) सामदायिक वन उपभात्ता समहमा सहभागी हन र नतत्व लिन एव निणय पकयामा भाग लिने,

(घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने,

(ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोसंरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

(३) उपदफा (२) मा उल्लेखित अधिकारको अतिरिक्त वनउपभोक्ता समूहभित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, अल्पसंख्यक, सिमान्तकृत, दलित समुदायलेसामुदायिक वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्नेछन ।

(क) कुनै विशिष्ट जाती वा समुदायसंग मात्र सम्बन्धित वा त्यस्तोसमुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनकोसीपसंग सम्बन्धीत प्राकृतिक श्रोत साधन वा वनपैदवारहरू माथिप्राथमिकता प्राप्त गर्ने,

(ख) सामुदायिक वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप,पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

(ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागतज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरतादिने,

(घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान,सीप, पेशा र जीवनशैलीसंग सम्बन्धीत अभ्यासहरूको निरन्तरतादिने ।

(ङ) सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासीजनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मानप्राप्त गर्ने ।

(४) सामदायिक वन सरक्षण तथा व्यवस्थापनमा नियमित रूपमासहभागी हन नसक्न टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमापुऱ्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरीसामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरू प्राप्त हुनेछन् ।

(क) सामुदायिक वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूकोउपभोग गर्न पाउने,

(५) उपदफा (१), (२), (३), (४) को अतिरिक्त स्थानीय परिवेशअनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातिलाईदिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि वनउपभोक्ता समूहकोआमभेलाबाट पारित गरि स्थानीय सरकारसमक्ष पेश गर्नु पर्नेछ । स्थानीयसरकारले त्यस्तो अधिकारको सूचि मनासिव देखिएमा वा आवश्यक थपघटगरी स्वीकृत गर्नेछ ।

**(६) वनमा आधारित उद्यम विकासः-**

(क) सामुदायिक वनश्रोतको प्रयोग गरीवनपैदावारमा आधारित उद्योगहरू सामुदायिक वन उपभोक्ता समूह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वातेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ ।

(ख) उपदफा (६) को(क) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वनक्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न सक्नेछन् ।

(ग) उपदफा (६) को(क) र (ख)बमोजिम तेस्रोपक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समुदाय भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

६. सामुदायिक वनमा उपभोक्ता समूहको उत्तरदायित्वः

(१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहिसामुदायिक वनश्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्नेउत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(२) यस एन, नियमावली र सम्बन्धित तहबाट जारी गरकानिदशिकाका अधिनमा रहि सामुदायिक वन व्यवस्थापन कार्ययोजनाबनाउने उत्तरदायित्व वन उपभोक्ता समूहको हुनेछ ।

(३) सामुदायिक वन व्यवस्थापनमा स्थानीय समुदायको पूर्ण (व्यक्तिगत, घरधुरी, सामुहिक, समावेशी) रूपमा सहभागितागराउने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(४) सामुदायिक वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(५) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुरुप सामुदायिकवनश्रोतको प्रभावकारी रूपमा व्यवस्थापन भए नभएको सन्दर्भमास्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्नेउत्तरदायित्व उपभोक्ता समूहको हुनेछ ।

(६) समुदायबाट व्यवस्थापन गरिएको सामुदायिक वनश्रोतको आयर अन्य लाभबाट सामुदायिक वन उपभोक्ता समूहको साधारण सभा रसाधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमायोगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्तासमूहको हुनेछ ।

(७) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चारी कटानी, अतिक्रमण आदिबाटसामदायिक वनलाइ जागाइ सामदायिक वन सरक्षण गन उत्तरदायित्वउपभोक्ता समूहको हुनेछ ।

(८) सामुदायिक वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमावृक्षारोपण गर्ने, सम्बृद्धि वृक्षरोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बद्र्धन प्रणाली (एक्ल्याउने, बाक्लो वनपतल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने) जस्ता कार्यगरी वनको हैसियतमा सधाद लजान जस्ता वन सबद्धन गन उत्तरदायित्वउपभाक्ता समहका हनछ ।

७. सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्थाः(१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा बिक्री वितरणबाटप्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ ।

(क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाटप्राप्त रकम सामुदायिक वन उपभोक्ता समूहको साधारण सभालेतोके बमोजिम बाँडफाँड गर्नेछ,

(ख) बाँडफाड गर्दा विपन्न वर्ग र महिलाको विकासमा ४० (चालीस) प्रतिशत रसामाजिक विकास र वन विकासमा ६० (साठी) प्रतिशत हुनेछ ।

**८. सामुदायिक वनको स्वामित्व खोस्न नसक्नेः** (१) समुदायले प्राप्त गरेको सामुदायिक वन र त्यस्तो सामुदायिक वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछैन । तर, देहायको कार्य गरेमा सामुदायिक वनउपभोक्ता समूहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न सक्नेछ ।

(क) सामुदायिकवन उपभोक्ता समूहले प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा,

(ख) सामुदायिकवन उपभोक्ता समूहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ग) सामुदायिक वनको वास्तविक हैसियत खस्कने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

(घ) तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५ अनुसार कार्य नगरेमा,

(२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा सामुदायिक वन उपभोक्ता समूहको विधान, कार्ययोजना र समुदायको हित बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समूहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले यस ऐन वा प्रचलित ऐन विपरित कार्य गरेमा यस ऐनमा तोकिए जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**९. स्थानीय समुदायसंग स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्ने** (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले देहाय बमोजिमका निर्णय लिनु पूर्व सामुदायिक वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेछ ।

(क) सामुदायिक वनलाई वनको रूपमै संरक्षण र व्यवस्थापनमा निरन्तरता नदिई अन्य कुनै सार्वजनिक हितको लागि प्रयोग गर्न,

(ख) सामुदायिक वन उपभोक्ता समूहलाई प्रभावित पार्ने कुनै योजना तर्जुमा तथा कार्यान्वयन गर्दा वा नीति नियमहरू निर्माण गर्दा,

(२) राष्ट्रिय रूपमा वन अधिकार र प्राकृतिक श्रोत साधनसंग सम्बन्धित ऐन र कानून, नीति तथा कार्यक्रमहरू निर्माण गर्दा त्यस्तो ऐन र कानून, नीति तथा कार्यक्रमहरूले कुनै जाति, वर्ग वा समुदायलाई प्रभावित पार्ने देखिएमा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/महासन्धि, घोषणा- पत्र र सम्झौता र नेपाल सरकारले व्यक्त गरेका प्रतिबद्धताहरूमा उल्लेखित व्यवस्थाहरूको अधिनमा रहि नेपाल सरकार लगायत सम्बन्धित तहले त्यस्तो समुदायको अख्तियार प्राप्त प्रतिनिधिहरूसंग अनिवार्य रूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिईनेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय समुदायसंग र उपदफा (२) बमोजिमविभिन्न जाति, बर्ग वा समुदायसंग नेपाल सरकार लगायत सम्बन्धित तहले स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी नलिई कुनै काम कारबाही गरेको कारण त्यस्तो समुदायलाई भौतिक, अभौतिक, मनोवैज्ञानिक लगायतका कुनै पनि प्रकारको क्षति पुग्न गएमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सम्बन्धित समुदायलाई हुनेछ ।

**१०. सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः-** (१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यकको यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि गराईनेछ । (२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत समुदायकोसमावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा समानुपातिक समावेशी सिद्धान्तको आधारमा निर्णायक तह (पदाधिकारी) लगायतमा सबै समुदायका महिलाको प्रतिनिधित्व हुने गरी कम्तिमा ५० (पचास) प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गराईनेछ । (३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्नेछ ।

११. सामुदायिक वनलाई प्राथमिकता दिनु पर्ने : -(१) सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन । (२) सामुदायिक वन, प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई राज्यले प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राख्नुपर्नेछ ।

१२. राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकार : -(१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन् ।

(क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने, पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

(ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

(घ) परम्परागत रूपमा चरिचरण, पशुचरण गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण, पशुचरणको रूपमा उपभोग गर्ने, ९ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

(च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुर्‍याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारबाट प्राप्त गर्ने, साथै वनमा लागेको आगलागि नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धितसमूह र सरकारबाट उचित राहातको व्यवस्था गरिनेछ, ९छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरेबापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

(ज) सिमसार क्षत्र र राष्टिय वनका व्यवस्थापनमा पत्यक्ष रूपमा सहभागी हन ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेखित स्थानीय समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरण र पशुचरणको लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा स्थानीय सरकारले स्थानीय समुदायको पूर्व सुसुचित मञ्जुरी लिई त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक प्रयोगको व्यवस्था स्थानीय सरकारले तत्काल मिलाउनु पर्नेछ । यसरी सार्वजनिक वाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित उपभोक्ता समूहको निर्णय अनुसार उपयोग गरिनेछ । (४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत

साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा (२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखीसम्बन्धित समुदायलाई स्थानीय सरकारले उचित क्षतिपूर्ति दिनु पर्नेछ ।

## परिच्छेद- ३

## सामुदायिक वन तथा अन्य वन दर्ता र हस्तान्तरण सम्बन्धी व्यवस्था

**१३. दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन** : -साविकमा दर्ता तथाहस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु यसै ऐन द्धारा सन्चालन व्यवस्थापन हुनेछन ।

**१४. दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्र** :-दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई प्रदेश कानुन तथा यस ऐनअनुसारसामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक निजी वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐनद्धारा सन्चालन तथा व्यवस्थापन हुनेछन ।

## परिच्छेद-४

## सामुदायिक वन सम्वन्धी व्यवस्था

**१५. सामुदायिक वन सुम्पने**:-(१) उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण, सम्बद्र्धन, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै भाग प्रदेश सरकारको सहमतिमा सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

(२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

**१६. कार्ययोजना संशोधन:-(**१) उपभोक्ता समूहले वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकताअनुसार समायानुकुल परिमार्जन गर्न सक्ने छ । (२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्लेख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० (तीस) दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ ।सामुदायिक वन उपभोक्ता समूहले आफनो कार्ययोजना स्थानीय सरकारलाइ जानकारी गराएको ३० तीस) दिन भित्रकुनै निर्देशन प्राप्त नभएमा समूहले स्वत कार्यान्वयन गर्न सक्ने छ ।

१७. उपभोक्ता समूहको दर्ता:- (१) प्रचलित कानून बमोजिम गठन गरिएको उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको दरर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ । (३) वन ऐन, २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक

नीजि वनहरु २ (दुई) बर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्न सक्नेछ ।

**१८. उपभोक्ता समूह संगठित संस्था रहने-:** सामुदायिक वन उपभोक्ता समूहहरु देहाय अनुसार अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन् । (१) समूहको छुट्टै छाप हुनेछ ।

(२) समूहको आफ्नो टाचा हन छ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

**१९. प्रतिवेदन दिनुपर्ने :-** (१)सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरुकासमूहले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको ६ (छ) महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकार तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालमा पेश गर्नुपर्नेछ ।

**२०. उपभोक्ता समूहको चालु खर्च कोष तथा अक्षय कोष सम्बन्धी ब्यवस्था :-**(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै चालु खर्च कोष हुनेछ । चालु खर्च कोषमा दहायका रकम जम्मा हनछ ।

(क) सघिय सरकार, पदश सरकार र स्थानीय सरकारबाट पाप्त हन अनदान रकम,

(ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्य रकम,

(ग) वन पैदावार (जैविकविविधता) को विक्रिवितरण वाट प्राप्त रकम,

(घ) उद्योग तथा पर्यापर्यटन सञ्चालनवाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त,

(च) उपदफा (३) र (५)बमोजिम अक्षय कोषको कुल ब्याजको ८० प्रतिशत बापत प्राप्त हुने रकम,

(छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(२) उपभोक्ता समूहको तर्फबाट गरिने संचालन वा चालु वा पूंजीगत खर्च उपदफा (१) बमोजिमको चालु खर्च कोषबाट गरिनेछ ।

(३) कानुनमा वा स्रोत अनुसार स्पष्ट तोकिएर खर्च गर्ने भनिएको शिर्षकका रकमहरु बाहेकको रकमबाट उपभोक्ता समूह अन्र्तगत कहिल्यै खर्च गर्न नसकिने गरी वन विकास उपभोक्ता अक्षय कोष स्थापना गर्नु पर्नेछ ।

(४) वन विकास उपभाक्ता अक्षय काष स्थापना तथा बद्धि गन नगरपालिकाल एक पटक बिउ पूंजी रकम अनुदान स्वरुप उपभोक्ता समूहको आर्थिक अवस्था हेरी उपलब्ध गराउन सक्नेछ ।

(५) वनको समुचित विकास गर्नको लागि वन विकास उपभोक्ता समूहअक्षय कोषको रकम स्वतन्त्र सचनाका पतिस्पधाका आधारमा धर ब्याज पाप्त हन बकमा जम्मा गन पनछ र अक्षय कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको २०% (बीस प्रतिशत) रकम पूनः वन विकास उपभोक्ता समूह अक्षय

कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ८०% (असी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई वन विकास सम्बन्धी कार्यक्रममा खर्च गर्न सकिने गरी उपदफा १ (च) बमोजिमको चालु खर्च कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) उपदफा १ बमोजिम चालु खर्च कोषको रकम वन विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

(७) उपदफा १ बमोजिमको चालु खर्च कोष तथा अक्षय कोषको नियमानुसार सामाजिक परीक्षण र सार्वजनिक लेखापरिक्षण गर्नु पर्नेछ ।

(८) चालु खर्च कोष तथा अक्षय कोषको लेखा प्रचलित कानून अनुसार राख्नु पर्नेछ र लेखा अभिलेख राख्ने तथा लेखा परिक्षण गराउने सम्बन्धमा उपभोक्ता समूह समिति पूर्ण रुपमा उत्तरदायि हुनु पर्नेछ ।

(९) कुनै कारण उपभोक्तासमूह पूर्ण रुपमा विगठन हुने वा उपदफा १ बमोजिमको अक्षय कोष बेवारिस हुन सक्ने अवस्था सिर्जना भएमा कार्यपालिकाले निर्णय गरी अक्षय कोषलाई अन्य वन समूहको अक्षय कोषमा हस्तान्तरण गरी जम्मा तथा संचालन हुने ब्यवस्था गर्नु पर्नेछ । अन्य वन समूहमा कूनै कारण जम्मा हुन नसकेमा तुलसीपुर उपमहानगरपालिकाको संचीत कोषमा जम्मा गर्नु पर्नेछ । (१०) उपदफा १ बमोजिमको चालु खर्च तथा अक्षय कोष संचालन तथा खाता संचालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**२१. वन परिषद्को गठन** -(१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन् :

(क) तुलसीपुर उपमहानगरपालिका प्रमुख - अध्यक्ष

(ख) वन तथा वातावरण समितिको प्रतिनिधि - सदस्य १ जना

(ग) नगरसभाको प्रतिनिधि - सदस्य २जना

(घ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि - सदस्य २जना

(ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि - सदस्य १ जना

(च) दलित अधिकारको क्षेत्रमा काम गर्ने - सदस्य १ जना

(छ) पारिवारिक निजीवन को प्रतिनिधि - सदस्य १ जना

(ज) व्यावसायिक संस्थाका प्रतिनिधि - सदस्य १ जना

(ज) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि - सदस्य ५ जना

(झ) नगर प्रमुखले तोकेको वा वन वातावरण शाखाको प्रमुख - सदस्य सचिव

तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्ड तथा क्षेत्रहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको सबल प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।दफा (३) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० (पचास) प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।

(५) परिषद्ले परिषद्को काम कार्बाहिलाई व्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधि हासिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा १० (दश) बर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ । सदस्य सचिवको कार्यअवधि ४ (चार) बर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्य र अधिकार नियमावली र निर्देशिकामा तोकिए बमाजिम हनछ ।

(६) परिषद्का पदाधिकारीहरु रकर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सेवा, सुविधा र भत्ता पाउनेछन् ।

**२२. परिषद्को काम, कर्तव्य र अधिकारः** -(१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारका विषयहरुमा नेपाल सरकारलाई सुझाव दिने ।

(ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमासंरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित,अल्पसंख्यक तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने । (घ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितका वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहका नीति परिवतन गन वा नया नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

(च) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) स्थानीय समुदाय, आदिवासी, जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षत्रबाट आश्रित एव लाभान्वित वनदखि टाढाका समदायका वनमाथिका पहच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

(ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, अल्पसंख्यक तथा उक्त वनक्षत्रबाट आश्रित एव लाभान्वित वनदखि टाढाका समदायका वनमाथिका पहच, स्वामित्व, प्रतिनिधित्व, लाभकोबाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

(झ) परम्परागतरुपमा संरक्षण,संवद्र्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वनप्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृर्जना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

(ञ) सामदायिक वनहरु बीच समन्वय गरर स्थानीय आपति, पाकतिक रुपमापास हन वन पैदावारलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

(ट) अन्तर स्थानीय सरकारकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

(ठ) समुदायद्वारा संचालित कार्यक्रमहरु अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने ।

(ड) समुदायको आन्तरिक सुशासनको लागी आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने ।

(ढ) जैविकविविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने ।

**२३. परिषद्को बैठक सम्बन्धी कार्यविधिः-**(१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५० (पचास) प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) परिषद्कोनिर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

(५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. जाँचबुझ र निरीक्षण गर्न सक्ने :** (१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वनअधिकार संरक्षण परिषद् आफै वा परिषद्ले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी

लगायतका व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषद्ले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद-६

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**२५. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने** :- (१) कुनै व्यक्ति, वन उपभोक्ता समूह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समूहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, आम सार्वजनिक हितको लागि यस ऐनको दफा ११ बमोजिम वन उपभोक्ता समूह वा सम्बन्धित समुदायको स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी (Free Prior Inform Consent) लिई नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

**२६. दण्ड सजायः** देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछ (१) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेरतोकिए वमोजिम जरिवाना हुनेछ ।

(२) दफा ४ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(३) दफा ४ को उपदफा (३), (४) र (५) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर तोकिए वमोजिम जरिवाना हुनेछ ।

(४) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू-सुचित मञ्जुरी लिनु पर्नेमा नलिई कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समूहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति दिनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई विभागिय सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

**२७. मुद्दा हेर्ने अधिकारः**(१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२८. क्षतिपूर्तिको भराउन सक्नेः**(१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदायवा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय

वा  व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी  हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको  आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा  व्यक्तिलाई दिलाउन सक्नेछ ।

## परिच्छेद - ७

## पारिवारिक निजी वन सम्बन्धी व्यवस्था

**२९. पारिवारिक निजी वन दर्ता** : पारिवारिक निजी वनको दर्ता यसैकानुन वमोजिम गरिने छ । (१) पारिवारिक निजी वन स्थानीय तहमा दर्ता गरिनेछ ।

(२)  दर्ता भएकापारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट ऋण लिन सक्ने व्यवस्था गरिनेछ ।

(३)  पारिवारिक निजी वन भित्रको काठ कटानी तथा ओसार पसारगर्न स्थानीय सरकारवाट  अनुमती लिएर विक्रि वितरण गर्न सक्नेछ ।

(४)  पारिवाकि निजी वन किसानहरुलाइ कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

(५) पाविरिक निजी वनका किसानहरुल वनमा आधारित उद्यागहरु स्थापना गन चाहमा स्थानिय  सरकारले अनुमती दिनेछ ।

(६) पारिवारिक निजी वन दैवि पैकोप भएर नष्ट भएमा क्षेती पूर्तीका लागि सहुलियत विमाको  लागि समन्वयको व्यवस्था गरिनेछ ।

(७) पारिवारिक निजी वनमा परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु  वृक्षारोपण गर्न प्रोत्साहन गर्नु पर्नेछ ।

## परिच्छेद-८

## पारिवारिक निजी वन सम्बन्धी अन्य ब्यवस्था

**३०. पारिवारिक निजी वन सम्वन्धी अन्य व्यवस्थाः**(१) पारिवारिक निजीको रुपमा वन दर्ताभएका पारिवारिक निजी वनको संरक्षण, सम्बद्र्धन,  उपयोग एवं व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गरी विक्री  वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ ।

(२) पारिवारिक निजी वनलाई स्थानीय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनेछ।

(३) पारिवारिक निजी वन दर्ता भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र सो को  सम्बन्धित निकायमा जानकारी दिनु पर्नेछ ।

(४) पारिवारिक निजी वन किसानहरुले स्थानीय सरकारले तोकेको निवेदन सहितस्थानीय  सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(५) पारिवारिक निजी वन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९
## वातावरण तथा जैविक विविधता सम्बन्धी व्यवस्था

**३१. वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण गर्नु पर्नेः**(१) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनकोलागि १५ (पन्ध्र) दिनको अवधि तोकी पालिकास्तरको कुनै एक दैनिक समाचारपत्र, पत्रीका, श्रब्य माध्यम मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशित भएपछि सो सम्बन्धमाकसैको राय सुझाव भए त्यसरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्रसम्बन्धित प्रस्तावकलाई आफ्नो राय सुझाव दिन सकिनेछ । यसरी राय सुझाव दिनेले त्यसको जानकारी नगरपालीकालाई समेत दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त राय सुझाव समेत संलग्न गरी प्रस्तावकलेसो प्रस्तावको कार्यान्वयनबाट वातावरणको के कुन क्षेत्रमा के कस्तो प्रभाव पर्दछ सोउल्लेख गरी क्षेत्र निर्धारणको लागि तुीसिपुर उपमहानगर पालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित निकायलेनिवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी क्षेत्र निर्धारण सम्बन्धमा आफ्नो रायसहित सो निवेदन उपमहानगरपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम क्षेत्र निर्धारणको लागि कुनै निवेदन प्राप्त भएमाउपमहानगरपालिका कार्यालयले सो निवेदनसाथ संलग्न कागजात जाँचबुझ गरी प्रस्तावित वा संशोधितरूपमा क्षेत्र निर्धारण गरी दिनु पर्नेछ ।

(६) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको लागिदेहाय बमोजिम कार्यसूची स्वीकृत गर्नु पर्नेछ । (१) प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेप्रस्तावको हकमा प्रस्तावकले सोको प्रतिवेदनको लागि कार्यसूची बनाई सो कार्यसूची स्वीकृत गराउनु पर्नेछ । (२) उपनियम (१)बमोजिम कार्यसूची स्वीकृत गर्दा प्रस्तावको प्रकृति अनुसार सम्बन्धित निकाय वा उपमहानगरपालिकाले त्यस्तो कार्यसूचीलाई आवश्यकता अनुसारसामान्य हेरफेर वा परिमार्जन गर्न सक्नेछ ।

(७) प्रारम्भिक वातावरणीय परिक्षण वा प्रभाव मूल्याकंन सम्बन्धि अन्य ब्यवस्था तोकिए बमाजिम हनछ ।

**३२. प्रतिवेदन तयार गर्नु पन** : प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(१) प्रस्तावकले ऐन बमोजिम स्वीकृत भएकोकार्यसूचीको आधारमा प्रारम्भिक वातावरणीयपरीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धीप्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रारम्भिकवातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको सम्बन्धमा प्रस्तावकले प्रस्ताव कार्यान्वयनहुने नगरपालिका तथा सरोकारराख्ने व्यक्ति वा संस्थालाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावकोसम्बन्धमा १५ (पन्ध्र) दिनभित्र लिखित राय सुझाव दिनको लागि तुलसीपुर उपमहानगरपालिका, विद्यालय, अस्पताल रस्वास्थ्य केन्द्रमा

सूचना टाँस गरी मुचुल्का तयार  गर्नेछ र सोही बमोजिमको १५ (पन्ध्र) दिनेसूचना राष्ट्रिय स्तरको कुनै एक दैनिक  समाचारपत्रमा समेत प्रकाशन गर्नु पर्नेछ ।यसरी सूचना प्रकाशन भएपछि सो सम्बन्धमा कुनै राय सुझाव प्राप्त हुन आएमा सोराय सुझाव समेतलाई प्रतिवेदनमा समावेश गर्नु  पर्नेछ ।तर, वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयारीको  सिलसिलामा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा एक पटक प्रस्ताव बारेमा  सार्वजनिक सुनुवाईको आयोजना गरी रायसुझाव संकलन गर्नु पर्नेछ ।

**३३. प्रस्ताव स्वीकृतिको लागि पेश गर्नुः**(१) तयार भएको प्रतिवेदनको १५ (पन्ध्र) दिन भित्र वार्डको सिफारिश समेत संलग्नगरी उक्त  प्रस्ताव स्वीकृतिका लागि स्थानिय सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने ।

(३) प्रस्ताव साथ संलग्न प्रतिवेदन जाँचबुझगर्नेछ र जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले  वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभावपार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परिक्षण मात्र  गरे हुने प्रस्तावको सम्बन्धमा सोप्रस्ताव प्राप्त भएको मितिले २१ (एक्काईस) दिनभित्र  आफैले स्वीकृति दिनेछ रवातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको सम्बन्धमा आफ्नो  राय र प्रतिवेदनको १० (दश) प्रति संलग्न गरी प्रस्ताव प्राप्त भएको ३० (तीस) दिनभित्र  उपमहानगर पालिकामा पठाउनु पर्नेछ ।

**३४. प्रतिवेदन पालन गर्नु पर्ने** : प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा उपमहानगरपालिकाबाट स्वीकृत प्रतिवेदनमा उल्लेख भए  बमोजिमका विषयहरु उपमहानगरपालिकाले तोकिदिएका शर्तहरूअनिवार्य रूपले पालन गर्नु पर्नेछ ।

**३५. अनुगमन तथा मूल्याङ्कनः**(१) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावकोअनुगमन तथा मूल्याङ्कन सम्बन्धित  निकायले गर्नेछ । (२)  उपनियम (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा प्रस्ताव स्वीकृतहुँदा तोकिएको शर्तमा उल्लेख गरिएका प्रभाव भन्दा बढी प्रभाव परेको देखिएमासम्बन्धित निकायले त्यस्ता प्रभावहरू हटाउन वा हटाउने उपायहरू अवलम्बन गर्नप्रस्तावकलाई आवश्यक निर्देशन  दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धितप्रस्तावकको कर्तव्य हुनेछ ।

## परिच्छेद - १०

## प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था

**३६. मापदण्ड विपरीत फोहर मैला निष्काशन गर्न नहुनेः**(१) उपमहानगरपालिकाल राजपत्रमा सचना पकाशन गरी ताकिदिएका मापदण्ड विपरीत हन गरी कसैले पनिकुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मीविकिरण तथा फोहर मैला निष्काशन गर्न गराउन हुँदैन ।

**३७. अस्थायी वा स्थायी प्रदुषण नियन्त्रण प्रम्रमाणपत्र सम्बन्धी व्यवस्स्थाः**(१) हाल सचालन भइ रहका उद्यागल या एनपारम्भ भएका मितिल एक वषभित्र र या एन प्रारम्भ हुनु पूर्व दर्ता भईउत्पादन शुरु नभएका उद्योग वा यो नियमावली प्रारम्भ भएपछि  दर्ता हुने उद्योगले उत्पादन शुरु गरेको मितिले ६० (साठी) दिनभित्र सम्बन्धित उद्योगको  विस्तृत विवरणउल्लेख गरी अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र

लिन तुलसीपुर उपमहानगरपालिका समक्षनिवेदन दिनु पर्नेछ।यसरी निवेदन प्राप्त भएमा उपमहानगरपालिका कार्यालयले सो निवेदनउपर जाँचबुझ गरी आवश्यकता अनुसार उद्योग संचालन हुने वडा वा क्षेत्रको राय सुझाव समेत लिदा त्यस्तो उद्योग सञ्चालन गर्दावातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखेमा वा त्यस्तो प्रभाव कम वानियन्त्रण गर्न सकिने भएमा त्यस्तो निवेदन प्राप्त भएको मितिले ९० (नब्बे) दिन भित्रनिवेदकलाई एक वर्षको निमित्त अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनेछ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भएपछि दर्ता हुने उद्योगले ऐन, नियम बमोजिम क्षेत्र निर्धारण गर्ने सिलसिलामा वडा कार्यालय वा क्षेत्रको सकारात्मक राय सुझाव प्राप्त गरिसकेको भए उपमहानगरपालिकाबाट अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ ।

३८. प्रदुषण गरेमा वा फोहरमैला निष्काशन गरेमा उजूरी गर्न सक्ने:(१) कुनै व्यक्ति, संस्था वा उद्योगले ऐन वा यस ऐन अन्रतगत वनेको नियमावली बमोजिम तोकिएको शर्त वा मापदण्ड अनुरुप प्रदूषण नियन्त्रण नगरेमा वा फोहर मैला निष्काशन गरेमा सो कार्यबाट प्रभावित व्यक्ति, संस्थाले तुलसीपुर उपनगरपालिकामा उजुर गर्न सक्नेछ ।

**३९. सम्बन्धित निकाय आफैले सरसफाई सम्बन्धी काम गर्न सक्ने:**(१) कुनै व्यक्ति,संस्था वा उद्योगले ऐनमा तोकिएको शर्त वा मापदण्ड विपरीत फोहरमैला निष्काशन नगर्ने सूचना गर्दा पनि फोहरमैला निष्काशन गरेको कारणलेसर्वसाधारणमा प्रतिकूल असर पर्न गएमा सम्बन्धित निकायले आफ्नै खर्चमा त्यस्तो फोहरमैला हटाउनु पर्नेछ ।

## परिच्छेद - ११
## क्षतिपूर्ति तथा अन्य व्यवस्था

**४०. क्षर्तिपूर्ति भराउन निवेदन दिन सक्ने:**(१) ऐन बमोजिम कसैले कुनैव्यक्ति, संस्था वा प्रस्तावकसँग क्षतिपूर्ति भराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वाप्रस्तावकले गरेको कुनै कामबाट निवेदकलाई के कस्तो क्षति पुग्न गएकोले कतिक्षतिपूर्ति भराउन चाहेको हो सो व्यहोरा खुलाई उपमहानगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा सो निवेदन र आवश्यकता अनुसार सम्बद्ध ठाउँको वस्तुस्थिति समेतकोजाँचबुझ गरी सो विषयमा सम्बन्धित कार्यालयवाट खटिएको भए निरीक्षक समेतको राय, सुझाव लिई निवेदकलाई पुग्न गएकोवास्तविक क्षतिको मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कारणले क्षतिको मूल्याङ्कन गर्न नसक्नेभएमा कार्यालयले सो विषयमा सुझावको लागि सो सम्बन्धी निवेदनप्राप्त भएको ३० (तीस) दिनभित्र सो निवेदन सम्बन्धित वडा वा पक्ष वा निकायमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कुनै निवेदन प्राप्त भएमा सम्बन्धित वडा वा पक्ष व निकायलेसो सम्बन्धमा जाँचबुझ गरी आवश्यकता अनुसार सम्बन्धित ठाउँको वस्तुस्थिति हेरीराय सुझाव सहित त्यस्तो निवेदन कार्यालयमा फिर्तापठाउनु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम क्षतिको मूल्याङ्कन गरिएकोमा सोही बमोजिम रसम्बन्धित वडा वा  पक्ष वा निकायबाट सुझाव माग गरिएकोमा उपनियम (४) बमोजिम सुझाव प्राप्तभए पछि  पालिका प्रमुखले सो सुझाव अनुसार क्षतिपूर्ति निर्धारण गर्नु पर्नेछ ।

(६) क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपदफा (३) बमोजिम सम्बन्धित वडा वा पक्ष वा  निकायमा पठाइएकोमा सम्बन्धित वडा वा पक्ष वा निकायबाट सुझाव प्राप्त भएको मितिले  १५ (पन्ध्र) दिनभित्र र सम्बन्धित निकायमा निवेदन नपठाएकोमा क्षतिपूर्तिको लागि निवेदन परेको ६० (साठी) दिन भित्र नगर प्रमुखले क्षतिपूर्ति सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(७) क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा कार्यालय तथा प्रमुखलाई सम्बन्धितव्यक्ति, संस्था वा  प्रस्तावकलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनैकागजात, उपकरण, यन्त्र आदि पेश गर्न लगाउने, प्रदूषण, ध्वनि, ताप वा फोहरमैलाको सिर्जना वा निष्काशन गरेको  ठाउँमा प्रवेश गरी जाँचबुझ गर्ने अधिकार हुनेछ ।

४१. निर्धारित समयमा क्षतिपूर्ति रकम बुझाउनु पर्नेः-९१) क्षतिपूर्तिको रकम निर्धारण भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित व्यक्ति, संस्था  वाप्रस्तावकले क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्ति वा संस्था वा पक्षलाई बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्याद भित्र क्षतिपूर्तिको रकम बुझाउननसकेको मनासिव  माफिकको कारण जनाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलेम्याद थपको लागि निवेदन  गरेमा र त्यसरी निवेदनमा उल्लेख भएको कारण मनासिव देखिएमा नगर प्रमुखले एक  पटकको लागि बढीमा ३० (तीस) दिनको म्याद थपगरिदिन सक्नेछ ।

**४२. वातावरणीय प्रभाव मूल्याङन गर्नु नपर्ने** : -(१) सामुदायिक वनमा वातावरणीय प्रभाव मूल्याङन गर्नु नपर्ने

(२) पारिवारीक निजिवनमा वातावरणीय प्रभाव मूल्याङन गर्नु नपर्ने

(३) स्थानीय उपभोक्ता समूह वा टोल विकास संस्थाले गर्नेसडक निर्माण लगायतको विकास  आयोजना र १० (दश) करोड भन्दा कम लागतमा निर्माण हुने विकास कार्यक्रम तथा  योजनामा वातावरणीय प्रभाव मुल्यांकन तथा पूर्व वातावरण प्रभाव अध्ययन गर्नु पर्ने छैन ।  तर, तुलसीपुर उपमहानगरपालिकाले आवश्यक ठानेमा वातावरणीय प्रभाव मूल्याकन गराउन सक्नेछ ।

**४३. वातावरणीय प्रभाव मूल्याङन गर्नु पर्ने** : -

(१) ठुला चिडियाखाना निर्माण गर्ने,

(२) विभिन्न प्रजातिका आयातित जङ्गली जनावरहरू प्रतिस्थापना गर्ने,

(३) औद्योगिक क्षेत्र,

(४) खानी क्षेत्र,

(५) रु.१० (दश) करोड भन्दा माथि लागत भएको विकास आयोजनाहरु,

(६) शहरी विकास क्षेत्र,

(७) जलस्रोत र उर्जा क्षेत्र,

(८) तुलसीपुर उपमहानगरपालिकाले तोकेको क्षेत्रहरु ।

## परिच्छेद - १२
## विविध

४४. **स्थानीय सरकारबाट अनुमति लिनु पर्नेः** तुलसीपुर उपमहानगरपालिकाको वन ऐन २०७५ (१)स्थानीय तहको अनुमति लिई उपभोक्ता समूहले स्थानीय सामुदायिक वनक्षेत्रमा सामुदायिक चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पंहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादित बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

(२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी वन उपभोक्ता समूहले तोकेको व्यक्तिले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको जानकारी अनिवार्य रूपमा स्थानीय सरकारलाई दिनुपर्नेछ ।

(३) सामुदायिक वन समूहको दर्ता प्रमाणपत्रका आधारमा प्रचलित कानून अनुसार सहकारीदर्ता गरी सहकारी मार्फत स:मिलका साथैवन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्नेछन् ।

(४) तुलसीपुर उपमहानगरपालिकाले पारिवारिक निजी वन दर्ता, संरक्षण, संवद्र्धन, व्यवस्थापन र निर्यातको जानकारी दिएर काम गर्न सक्नेछ ।

४५. **अधिकार प्रत्यायोजन** : तुलसीपुर उपमहानगरपालिकाको प्रमुख वा परिषद्को अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार आफूमा रहेको अधिकार पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४६. **असल नियतले गरेको कामको बचाउ** : वन उपभोक्ता समूह वा समिति, क्षतिपूर्ति समिति वा तुलसीपुर उपमहानगरपालिकाको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन । निजको कानून बमोजिम पालिकाबाट सुरक्षा हुनेछ ।

४७. **नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य पूर्तिको लागि तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

## अनुसुची-१
## (उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन)

श्री प्रमूखज्यू,
उपमहानगरपालिका, तुल्सीपुर ।

तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५ मा तथा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी समूह दर्ताको लागि अनुरोध गर्दछौ ।

निवेदक :

...................................... उपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसुची–२
## (उपभोक्ता समूह दर्ताको प्रमाण–पत्र)
## तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङ्ग

दर्ता नं. :

श्री..... ... ... ..... ... ... उपभोक्ता समूह

यस तुलसीपुर उपमहानगरपालिकाको मिति ............... को निर्णय अनुसार तुलसीपुर उपमहानगरपालिको वन ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

उपभोक्ता समूहको विवरण

उपभोक्ता समूहको क्षेत्रफल :

घरधुरी संख्या :

कुल जनसंख्या :

प्रमाण पत्र दिने अधिकारी

नाम :

दर्ता :

दस्तखत :

मिति :

(यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को  प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ)

## अनुसुची–३
## (सामुदायिक वन दर्ताको लागि दिइने निवेदन)

श्री नगर प्रमूखज्यू,
...............................नगरपालिका, दाङ्ग ।

तुलसीपुर उपमहानगरपालिकाको वन ऐन २०७५ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण, सम्बद्र्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निदेदन पेश गरेका छौं ।

(क) प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम :

(ख) ठेगाना :

(ग) चार किल्ला :

(घ) क्षेत्रफल :

(ङ) जैविक विविधता :

निवेदक,

.....................................सामुदायिक वनउपभोक्ता समूहको तर्फबाट

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसुची-४

## (सामुदयिक वन दर्ता प्रमाण पत्र)

## तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाकोकार्यालय, तुलसीपुर, दाङ्ग

श्री ..................... उपभोक्ता समूह,

....................................

तुलसीपुर उपमहानगरपालिकाको वन ऐन, २०७५को अधिनमा रही देहायको राष्ट्रिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी संरक्षण, सदुपयोग, सम्बद्र्धन गर्न सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

नाम :

चारकिल्ला :

क्षेत्रफल :

प्रमाणपत्र दिने अधिकारीको,

नाम, थर :

दस्तखत :

मिति :

# तुलसीपुर उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५

*पारित मिति: २०७५।१२।२७*

**प्रस्तावना:**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएकोछ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "नगरप्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरप्रमुख सम्झनुपर्छ ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्धन कोषलाई सम्झनु पर्छ ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्रशोधन, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः–

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ड) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाका सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीम, कार्यविधि तथा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(थ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ध) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबद्र्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषि जन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरू बीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(न) "वडा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको वडा सम्झनुपर्छ ।

(प) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) "सभा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाका नगरसभालाई सम्झनु पर्छ ।

(ब) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्नेसंकलन केन्द्रलाई सम्झनु पर्छ ।

(भ) "हाट–बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## कृषि बजारसम्वन्धी व्यवस्था

३ **कृषि बजारको स्थापना:**

(१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा तोकिए बमोजिम कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले तोकिए बमोजिम उपमहानगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

४. **कृषि बजारको वर्गीकरण:**

(१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट–बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क नगरसभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति:**

(१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कृषि व्यवसाय प्रवर्धन सम्बन्धी व्यवस्था

६. **स्थानीय कृषि व्यवसाय प्रवर्धन समिति:**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्धन लगायतका कार्य गर्न तुलसीपुर उपमहानगरपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन:–

(क) नगर प्रमुख वा नगर उपप्रमुख — अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) उपमहानगरपालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख — सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना — सदस्य

(च) समितिले मनोनयन गरेको व्यवसायिक किसान मध्ये एक जना — सदस्य

(छ) उपमहानगरपालिकाको कृषि महाशाखा/शाखा प्रमुख — सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप—समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय उपमहानगरपालिकाको कृषि क्षेत्र हेर्ने शाखा वा महाशाखामा रहनेछ ।

७. समितिको काम, कर्तव्य र अधिकारः– यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय स्तरमा कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक नीति, कानून, योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्धन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवद्र्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि व्यवसाय प्रवर्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

८. <u>कृषि व्यवसायलाई सुविधा दिनेः–</u>

(१) उपमहानगरपालिको कृषि व्यवसायका लागि नगरसभाद्धारा देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछः–

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसायप्रवर्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **कृषि ऋणः**

(१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैठक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद ४
## कोषको स्थापना तथा सञ्चालन

१०. **कोषको स्थापनाः**

(१) कृषि व्यवसाय प्रवर्धन गर्नका लागि एक छुट्टैकृषि व्यवसाय प्रवर्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्–

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) उपमहानगरपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषमा रहेको रकम आर्थिक वर्षको अन्तमा बचत भएको अवस्थामा अर्को बर्ष समेत निरन्तर रुपमा कोषमा रहिरहनेछ ।

११. **कोषको सञ्चालनः**

(१) उपमहानगरपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) उल्लेख भए देखि बाहेकको अवस्थामा तोकिए बमोजिम कोषको ब्यवस्थापन तथा संचालन हुनेछ ।

(३) कोषको सचिवालय उपमहानगरपालिका अन्तर्गतको कृषि महाशाखा÷शाखामा रहनेछ ।

१२. **कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन समितिको सदस्य–सचिव र लेखा प्रमुख वा लेखा प्रमुखले तोकेको लेखा सम्बन्धी कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको संचालन, कार्यान्वयन, अभिलेख तथा लेखा परिक्षण प्रचालित कानून बमोजिम हुनेछ ।

(५) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **लेखा र लेखापरीक्षणः**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ५

## व्यवसायिक कृषि करार (लिज)

१४. **व्यवसायिक कृषि करार गर्न सकिनेः**

(१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्न दुई वा दुई भन्दा बढी पक्ष बीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१५. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

१६. **जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः**

(१) कुनै कृषक वा कृषिव्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए

वमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

१७. <u>स्वामित्व हस्तान्तरण नहुने:</u> यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

१८. <u>पुनःकरार गर्न नहुने:</u> यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

१९. <u>व्यवसायिक कृषि करारका विषयवस्तुहरू:</u>

१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची( २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

२०. <u>व्यवसायिक कृषि करारका पक्षहरूको दायित्वः</u>

(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ–आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

२१. <u>करार पुरा गर्नु पर्ने समय र तरिका:</u>

(१) करारमा करार पुरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पुरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पुरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पुरा गर्नु पर्नेछ ।

२२. **करार पुरा गर्ने स्थानः**

(१) करार बमोजिम काम पुरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पुरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

२३. **करार पुरा गर्नु नपर्ने अवस्थाः** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पुरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत रुपमा परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

(च) करार प्रचालित कानून विपरित भएको आवस्थामा ।

२४. **करार दर्ता गर्नु पर्नेः**

(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले ३५ (पैतिस) दिन भित्र सम्वन्धित उपनगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति उपनगरपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करारदर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानून बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) उपनगरपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने

अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनु पर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विवाद समाधान

२५. **विवादको समाधानः**

(१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैतिस दिनभित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंङ्गो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ (पैतिस) दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानून बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप ७ (सात) दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता

ऐन, २०५५ को म्याद भित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

२६. **म्याद सम्बन्धमा:** यस ऐन बमोजिमको विवादमा पक्षको कावु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा १५ (पन्ध्र) दिन म्याद थाम्न पाउनेछ ।

२७. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयन:**

(१) मध्यस्थता समितिको निर्णय भएको ७ (सात) दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नुपर्नेछ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा यसै ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

२८. **व्यवसाय दर्ता गर्नु पर्ने:**

(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता कृषि विकास महाशाखा वा शाखाको सिफारिस तथा प्रचलित कानून बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कृषि विकास महाशाखा वा शाखाको कर्मचारीलाई तर यदि कृषि विकास महाशाखा वा शाखामा अधिकृत स्तरको कर्मचारी नभएमा अन्य शाखाको कुनै अधिकृत स्तरको कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः**

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३०. **कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारीः**

(१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३१. **दण्ड सजायः** (१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा ३ र ४ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म ।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

३२. **पुनरावेदनः** यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३३. **बीमा सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ
(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करारसम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागु हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।
(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

३४. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३५. **वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने:** यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

३६. **बार्षिक रुपमा बजेट व्यवस्था गर्नु पर्ने:** कृषि विकास शाखा वा महाशाखा अन्तर्गत तोकिए बमोजिम कार्यक्रम संचालन गर्नको लागि पालिकाले बार्षिक रुपमा बजेट सिमा प्रदान गरी बजेट ब्यवस्था गर्नु पर्नेछ र शाखा वा महाशाखाले तोकिए बमोजिम कार्यक्रमहरु संचालन गर्नु पर्नेछ ।

३७. **नियम वनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

३८. **बचाऊ:** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूची –१

दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,
(२) वागवानी जन्यः फलफुल, तरकारी, मसलाबाली, पूष्प
(३) पशु, पन्छी
(४) माछा, मासु,दुध,फुल,हाड,छाला,ऊन
(५) च्याउ,
(६) मौरी, रेशम
(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली
(८) तेलहन, दलहन
(९) कपास, जुट, उखु, रबर खेती, टिमुर
(१०) कृषि पर्यटन
(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषि वस्तुहरु
(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मल खाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग
(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

## अनुसूची (२)

दफा १९ सँग सम्बन्धित

(क) करारका पक्षहरू,

(ख) करार खेतीको क्षेत्र,

(ग) जग्गा र भौतिक साधन,

(घ) वस्तुको विवरण,मात्रा,

(ङ) गुणस्तर,

(ङ) सम्झौताको अवधि,

(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(छ) भुक्तानीको प्रक्रिया,

(ज) ढुवानीको दायित्व,

(झ) उत्पादन प्रक्रिया,

(ञ) अनुगमनका पक्षहरू,

(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(ठ) गुणस्तर निर्धारणका आधारहरू,

(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

# तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४ पहिलो संशोधन

प्रथम प्रमाणिकरण २०७४।०२।०७

पहिलो संशोधन प्रमाणिकरण २०७५।०४।३१

**प्रस्तावनाः**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप कृषक, कालिगड श्रमिक न्यून आयवर्ग एवं सीमान्तकृत समुदाय सामाजिक कार्यकर्ता वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर र समाजवाद उन्मूख तथा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको गठन,दर्ता, सञ्चालन प्रवर्द्धन एवं नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले तुलसीपुर उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “आन्तरिक कार्यविधि” भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएकोआन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) “कसूर” भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) “परिवार” भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, नाति, नातिनि, अविवाहित छोरी धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ । तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) “बचत” भन्नाले संस्था संगको शर्त बमोजिम सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) “मन्त्रालय” भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय र प्रदेश मंत्रालय सम्झनुपर्छ।

(छ) "मुख्य कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्ष सम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्य तर्फको

खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ।

(ज) “अधिकार प्राप्त अधिकारी" भन्नाले दफा ६९ बमोजिम तोकिएको सहकारीहेर्ने अधिकार प्राप्त कर्मचारी सम्झनुपर्छ ।

(झ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ।

(ञ) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

(ट) “विभाग” भन्नाले संघीय वा प्रदेश सरकार वा तुलसीपुर उपमहानगरपलिका अन्तर्गतको सहकारी विभाग वा महाशाखा वा शाखा सम्झनुपर्छ ।

(ठ) “शेयर” भन्नाले सहकारी संघ संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(ड) “सञ्चालक” भन्नाले संचालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ढ) “सदस्य” भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ण) “समिति” भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(त) “सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(थ) “सहकारी व्यवसाय” भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(द) “सहकारी सिद्धान्त” भन्नाले स्वैच्छिक तथा खुला सदस्यता नियन्त्रण सदस्यको आर्थिक सदस्यद्वारा लोकतान्त्रिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(ध) “संस्था” भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(न) “साधारण सभा भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(प) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(फ) “संघ” भन्नाले नगर, बिषयगत, जिल्ला/केन्द्रिय/राष्ट्रिय सहकारी संघ/महासघ सम्झनुपर्छ ।

## परिच्छेद-२

## सहकारी संस्थाको गठन तथा दर्ता

**३. संस्थाको गठनः**

(१)कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय प्रारम्भिक सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक आफ्नो श्रम वा सीपमा आधारित भइ युवा लगायतले व्यवसाय संचालन गर्ने सहकारी संस्थाको हकमा पेशागत प्रमाणपत्र भएका पन्ध्र जना स्थानीय नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।तर एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ । तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एक भन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ ।

(६) यस ऐन बमोजिम दर्ता भएका कम्तिमा पाँच वटा बहुउद्देश्यीय वा बिषयगत संस्थाहरुले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफुल प्रशोधन, तरकारी संकलन तथा भण्डारण जडिबुटि प्रशोधन, चिनी उद्योग, शीत भण्डार, दुग्ध उद्योग, अस्पताल, विद्यालय, प्राविधिक शिक्षालय, विश्वविद्यालय, प्रयोगशाला जस्ता ठुला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न नगरस्तरमा बिशिष्टिकृत सहकारी संघको गठन गर्न सक्ने छन ।

४. <u>**दर्ता नगरी सहकारी सस्था संचालन गर्न नहुने:**</u> जो कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न पाईने छैन ।

५. <u>**दर्ताको लागि दरखास्त दिनु पर्ने:**</u>

(१) यस ऐन बमोजिम गठन भएका बहुउद्देश्यीय वा विषयगत सहकारी संस्था ले विशिष्टिकृत संघ दर्ताका लागि अधिकार प्राप्त अधिकारी समक्ष अनुसूची (१) को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछ।

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरणहरु ।

६. <u>दर्ता गर्नु पर्नेः</u>

(१) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय

बमोजिम भएको पाइएमा अधिकार प्राप्त अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची (२) को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) तोकिए बमेजिमका अन्य आधारहरु पुरा भएको ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका तुलसीपुर उपमहानगरपालिकाभित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिने छ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

७. <u>दर्ता गर्न अस्वीकार गर्न सक्नेः</u>

(१) दफा ६ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी बिनियम संशोधन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

८. **<u>सहकारी संस्था संगठित संस्था हुनेः</u>**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासितर सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छापहुनेछ ।

(३) सहकारी संस्थाले यस ऐन वा प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

९.**<u>सहकारी संस्थाको कार्यक्षेत्रः</u>**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा देहायका आधारमा तिन वडा सम्म कार्यक्षेत्र तोकिने छः

(१) सदस्यहरु वीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्था दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार को स्विकृति प्राप्त हुन सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको, आधार पेश भएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा उपमहानगरपालिकावाट तोकिएको मापदण्ड अनुसार भएको ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यको बसोवासको प्रकृति पायक पर्ने स्थान स्थानीय, अवस्थिति तोकिए बमोजिम बिशेष व्यवसायीक आबश्यकताका आधारमा कार्यक्षेत्र विस्तार गर्न सकिने छ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, विद्यालय तथा क्याम्पस, स्वास्थ्य सेवा, यातायात, सञ्चार सेवा कृषि उत्पादन, वनजन्य पैदावार तथा अन्य उत्पादन, प्रशोधन वा सञ्चय गर्ने जस्ता व्यवसायीक क्षेत्र एवं सदस्यहरुको सहभागीता विस्तारका कारण प्रारम्भ वा कार्य

सञ्चालन गर्दा फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्य क्षेत्र उपमहानगरपालिका आंशिक वा पुरै कायम गर्न सकिने छ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरुको कार्य क्षेत्र विनियममा व्यवस्था भए अनुसार कायम भएको मानिनेछ। साविक नगरपालिकाका वडाहरु वा नगरपालिका र गाउँ विकास समिति उल्लेख भएकोमा साविक क्षेत्र समावेश हुदा बनेको वडा सम्म मात्र कार्यक्षेत्र कायम भएको_मानिने छ।

**१०. <u>जानकारी दिन पर्ने तथा स्वीकृति लिनुपर्ने</u>:**

तुलसीपुर उपमहानगरपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले तुलसीपुर उपमहानगरपालिकामा सेवा सञ्चालन गर्दा स्थानीय तहले तोकेको विषय वा शर्तहरु स्वीकार गरेको पत्र संलग्न राखी सञ्चालित सेवाको विवरण सहित अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिई अभिलेख खडा गर्नु पर्नेछ ।

**११. <u>विषयगत आधारमा वर्गीकरण</u>:**

(१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) उत्पादक संस्थाः कृषि दुग्ध, चिया, कफि, उखु,फलफुल, पशुपालन, माछ्रापालन, पंक्षी पालन र अगुवा वाली विशेषका, विषयगत एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था ।

(ख) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार उर्जा तथा इन्धन र स्वास्थ्सेवा,वचत तथा ऋृण विद्यालय तथा क्याम्पस, यातायात, सहुलियत उपभोक्ता पसल, विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेत सदस्यहरुले संस्थाबाट सेवा प्राप्त गर्ने विषय का आधारमा उपभोगजन्य संस्था,

(ग) श्रमिक संस्थाः हस्तकला खाद्य परिकार, औद्योगिक,उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेत वा सदस्यहरुले श्रम लगानी तथा सहभागीताका आधारमा अन्य श्रममा आधारित संस्था,

(घ) बहुउद्देश्यीय संस्थाः उत्पादन उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने वा एक भन्दा बढी विषयगत आधार भएका बहुमुखी संस्था ।

(२) उपदफा (१) को खण्ड (क) (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य विषयगत संस्थाहरु गठन गर्न बाधा पर्नेछैन । तर प्रकृति परिवर्तन गर्दा नयां थप गर्दा नयां प्रकृतिको बिनियम स्विकृत गराउनुपर्ने छ ।

(४) तुलसीपुर उपमहानगरपालिका कार्यक्षेत्रभित्रका प्रारम्भीक सहकारी संस्थाहरु र तुलसीपुर उपमहानगरपालिका भन्दा बढी 'पहिलो संशोधनद्वारा थप कार्यक्षेत्र भएको भए पनि तुलसीपुर उपमहानगरपालिकाभित्र ठेगाना र कार्यालय भएका सहकारी संस्थाहरु मात्र सदस्य हुने,

सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रणवाट संचालन तथा व्यवस्थापन हुने सहकारीहरुको उपमहानगरस्तरमा १ वटा मात्र छाता संगठनको रुपमा तोकिए बमोजिम गठन, नियमन, संचालन तथा व्यवस्थापन हुने गरी तुलसीपुर उपमहानगर सहकारी संघ दर्ता हुन सक्नेछ ।

१२. <u>कारोवार व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने:</u>

(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्ति गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यसऐन र विनियमको अधी नमा रही आवश्यक कारोवार सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन। तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार व्यवसाय,उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी उपमहानगरपालिकाको अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

१३. <u>दायित्व सीमित हुने:</u>

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

(३) सामान्यत संचालकहरु दायित्वबाट पन्छीन नमिल्ने तथा संचालकहरुले निर्णायाधिकार प्रयोग गरेको आधारमा दायित्व बहन गर्नुपर्ने ।

१४. <u>सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने:</u> संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## <u>परिच्छेद- ३</u>

## <u>संस्थाका उद्देश्य तथा कार्य</u>

१५. <u>संस्थाको उद्देश्य:</u> कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको व्यवसायिक आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ।

१६. <u>संस्थाको कार्य:</u> संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछनः

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने

(ख) सदस्यको हित प्रवद्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्था विचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ङ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने

(च) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

(छ) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(ज) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा अधिकार प्राप्त अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(झ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४

## विनियम तथा आन्तरिक कार्यविधि

१७. **विनियम बनाउनु पर्ने:**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

१८. **आन्तरिक कार्यविधि बनाउन सक्ने:**

(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो नीति बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नीति,नियमावली र आन्तरिक कार्यविधि सम्बन्धिसंस्थाको संञ्चालक मितिको बैठकले पारित गरे पछि लागु हुनेछ ।तर तत्काल पछि हुने साधारणसभाले अनुमोदन गर्नु अनिवार्य हुनेछ ।

१९. **विनियम, नीति, नियमावली र आन्तरिक कार्यविधिमा संशोधन:**

(१) सञ्चालक समितिले संशोधन गरी लागु गर्न सक्नेछ र उक्त विनियम नीति नियमावली र आन्तरिक कार्यिविधि संशोधनलाई साधारण सभाले अनुमोदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ भने नीति नियमावली र कार्यविधि साधारण सभाको निर्णय पछि लागु हुने छ ।

## परिच्छेद-५

## सदस्यता

२०. **संस्थाको सदस्यता:**

(१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछः

(क) संस्थाको कार्यक्षेत्रमा बसोवास गरिरहेको.

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको.

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको

(ङ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(च) समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य नरहेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु · टोल विकास संस्था, सामुदायिक वन संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्था, यातायात, खानेपानी, सिंचाई, शिक्षा, पर्यटन सहकारी संस्थामा प्रारम्भिक सहकारी संस्थाले सदस्यता लिन वाधा पर्ने छैन।

२१. <u>सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः</u>

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको सञ्चालक समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैंतीस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित ब्यक्तिले त्यस्तो संस्था उपर अधिकार प्राप्त अधिकारीसमक्ष उजुर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी अधिकार प्राप्त अधिकारीलाई गराउनु पर्नेछ ।

२२. <u>सदस्य हुन नपाउनेः</u>

(१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा दफा २० को उपदफा (२) मा उल्लेख भए देखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँच वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२३. <u>सदस्यताको समाप्तिः</u>

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारण सभामा बिना पटकसम्म अनुपस्थित भएमा, सूचना तीन

(ग) यो ऐन, यस ऐन अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २० बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभए सम्म वा निजले लिएको ऋण तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभए सम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

२४. **सुविधा प्राप्त गर्न नसक्नेः** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन यस ऐन अन्तर्गत वनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद - ६

## साधारणसभा सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति

२५. <u>साधारणसभाः</u>

(१) सहकारी संस्थाको सर्वोच्च मुख्य अङ्गको रुपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाको बिनियम बमोजिम शेयर खरिद गरेका सबै सदस्यहरू साधारणसभाका सदस्य हुने छन् ।

(३) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

२६. <u>**प्रारम्भिक साधारण सभाको काम कर्तव्य र अधिकारः प्रारम्भिक**</u> साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिन सम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२७. **<u>वार्षिक साधारणसभाको काम कर्तव्य र अधिकारः</u>** वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा नीति नियमावली र कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

२८. **<u>साधारणसभाको बैठकः</u>**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) दफा ३८ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा २९ कोउपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले निर्देशन दिएमा,

२९. **विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्नेः**

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था

देखिन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछः

(क) सहकारीको मूल्य मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा नीति, नियमावली तथा कार्यविधि विपरीत कार्य गरेमा,

(ग) अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(घ) दफा ३१ को उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा अधिकार प्राप्त धिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको १५ दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ। दोश्रो पटक पनि गणपुरक संख्या नपुगेमा त्यसको ७ दिनभित्र तेस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी तेस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित १५ प्रतिशत साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा/वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरु छनौट गरी त्यस्ता प्रतिनिधिहरुको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ वा संस्थाले न्यूनतम ५ जना देखि अधिक्तम २० जना सम्मिलित समूह निर्माण गरी प्रत्येक समूहको बैठकको बहुमतको निर्णयमा १० जना सदस्य बराबर १ जना सधारण सभाको प्रतिनिधि चयन हुनेगरी प्रतिनिधिमूलक साधारण सभा गर्न सकिनेछ ।

३०. <u>सञ्चालक समितिः</u>

(१) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचत एक सञ्चालक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्कबाहेक अर्को कुनै संस्थाको संचालक बन्न पाउने छैन । तर वार्षिक दुई करोड रुपैयाभन्दा कमको कारोवार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रुपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढि वासलात अंकको कारोवारगर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(६) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचनः**

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु भन्दा अघि सञ्चालक समितिको निर्वाचन गराउनु पर्नेछ। तर बिशेष अबस्थामा बढिमा ६ महिना कार्यावधि थप गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन अधिकार प्राप्त उपमहानगरपालिकाको अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई अधिकार प्राप्त अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुर्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ । (६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३२. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने गराउने,

(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

(घ) साधारणसभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति नियमावली निर्देशिका कार्यविधि रणनैतिक, तथा आबधिक योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ञ) अन्य विनियममा तोकिए बमोजिमका कार्य गर्ने ।

३३. **<u>सञ्चालक पदमा बहाल नरहने:</u>** देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ३४ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक लेखा समितिमा रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा, तर दफा ३० को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुनेछ ।

(ङ) निजको मृत्यु भएमा ।

३४. **<u>सञ्चालकलाई पदबाट हटाउन सक्ने:</u>**

(१) साधारणसभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछः

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

३५. <u>निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुनेः</u>

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाईमात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट असूल उपर गरिनेछ ।

३६. <u>समितिको विघटनः</u>

(१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा कार्यविधि बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा २९ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा अधिकार प्राप्त अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिनाभित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको

दैनिक कार्य सञ्चालन गर्न अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

३७. **लेखा सुपरीवेक्षण समितिको गठनः**

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एक भन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

३८. **लेखा सुपरिवेक्षण समितिको काम कर्तव्य र अधिकारः**

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने, (ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउनेछैन ।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

३९. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः**

(१) संस्थाले आफ्ना सदस्यहरूको बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन । तर यो ऐन प्रारम्भ हुनु अघि विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क संबन्धित संस्थाको वचत तथा ऋण नीतिमा तोके बमोजिम हुनेछ । १ प्रतिशत भन्दा बढी तोक्न पाईने छैन्।

(४) बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशत भन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले संकलन गरेको बचत रकम सदस्यवीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा राष्ट्रबैंकले जारी गरेको ट्रेजरी बिल खरीद गर्न राष्ट्रिय सहकारी बैंकको शेयर, खरिद गर्न बाहेकका अन्य काममा उपयोग गर्नहुने छैन । तर संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(७) संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्रदान गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

४०. <u>सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः</u>

(१) संघीय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ।

[११](२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाहरुका लागि निर्देशक ब्याजदर हुनेछ ।

४१. <u>व्यक्तिगत बचतको सीमाः</u> संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियम, PEARLS तथा वचत तथा ऋण नीतिमा तोके बमोजिम हुनेछ ।

## <u>परिच्छेद - ८</u>

## <u>आर्थिक स्रोत परिचालन</u>

४२. <u>शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्थाः</u>

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । तर नेपाल

सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) संस्थाको शेयरको अंकित मूल्य विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(४) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

४३. <u>**रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्थाः**</u>

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तिन महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३)संस्थाले सबै प्रकारका वचत खाताहरु कानून बमोजिम संचालन गर्न सक्नेछ । तर ति खाताहरु संचालन गर्नु पूर्व साधारणसभावाट स्विकृत गराउनुपर्ने छ ।

४४. <u>**ऋण वा अनुदान लिन सक्नेः**</u>

(१) संस्थाले स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण लिन तुलसीपुर उपमहानगरपालिकाका अधिकार प्राप्त अधिकारीको स्वीकृती लिनु पर्नेछ ।

४५. <u>**नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्नेः**</u>

(१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून वमोजिम स्वीकृतिको लागि अधिकार प्राप्त अधिकारि समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्नेछ।

(२) दफा (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा नगर कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा शिफारिस गरि पठाउनु पर्नेछ ।

## <u>परिच्छेद - ९</u>

## <u>संस्थाको कोष</u>

४६. <u>**संस्थाको कोषः**</u>

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रुपमा प्राप्त रकम,

(ग) ऋणको रुपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य रकम ।

४७. <u>जगेडा कोषः</u>

(१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन:

(क) आर्थिक वर्षको खूद बचत रकमको कम्तीमा २५ (पच्चिस) प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

४८. <u>संरक्षित पूँजी फिर्ता कोषः</u>

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ४७ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा २५ (पच्चिस) प्रतिशत रकम उपदफा (१) बमोजिमको संरक्षित पूँजी फिर्ता कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ ।

(४) संस्थाको कुल व्यवसायीक कारोबारको रकमले सदस्यको कारोबार रकमलाई भाग गरी आएको अंकलाई संरक्षित पूँजी फिर्ता कोषको रकमले गुणा गर्दा आउने रकमलाइ नै संरक्षित पूँजी फिर्ता कोषको रकमको रुपमा बितरण गर्नु पर्नेछ ।

४९. <u>सहकारी प्रवर्द्धन कोष सम्बन्धी व्यवस्थाः</u>

(१) संस्थाले सहकारी व्यवसायको प्रवद्र्धन गर्नको लागि दफा ४७ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको ०.५ (शुन्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको उपयोग संघीय कानुन व्यवस्था भए बमोजिम हुनेछ ।

५०. <u>अन्य कोष सम्बन्धी व्यबस्थाः</u>

(१) दफा ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहन सक्ने छन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ । तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी हुने छैन ।

(३) उपमहानगरपालिका तहको सहकारी संघ विकासको लागी तोकिए वमोजिम संचालन हुने गरी दफा ४७, ४८ र ४९ को अतिरिक्त ०.५ प्रतिशतले हुने रकम उपमहानगरपालिका तह सहकारी संघ विकास कोषमा जम्मा हुने गरी राख्नु पर्नेछ ।

## परिच्छेद १०

## अभिलेख र सूचना

५१. **अभिलेख राख्नु पर्ने:**

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिबेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

५२. **विवरण उपलब्ध गराउनु पर्ने:**

(१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको छ महिनाभित्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ। उपरोक्त समयावधीमा बिवरण पेश नगरेमा प्रति महिना रु. ५००.०० (पांच सय) का दरले संस्थाबाट जरिवाना लिइ कानून बमोजिम कारबाही गर्नु पर्नेछ।

(क) वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत वितरण सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) अधिकार प्राप्त गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण

## परिच्छेद - ११

## लेखा र लेखापरीक्षण

५३. **कारोबारको लेखा:** संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी प्रचलित कानून बमोजिम लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

५४. <u>लेखापरीक्षणः</u>

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजत-पत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजत -पत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभासमक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले दफा ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

५५. <u>लेखापरीक्षकको नियुक्तिः</u>

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजत –पत्र प्राप्त खापरीक्षकहरू मध्येबाट साधारणसभाले निर्णय गरी एक वा एक भन्दा बढी लेखापरीक्षक सूचिकृत तथा पारिश्रमिक समेत निर्णय गरी सूचीकृत मध्ये कुनै एक लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

५६. <u>लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः</u>

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैनः

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(ज) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नुपर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस दफाको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद १२

## छुट,सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियतः**

(१) सहकारी संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछः

(क) सहकारी संस्थाले अचल सम्पत्ति वाहेक कारोवार सम्बन्धि कुनै लिखत रजिष्ट्रेशन गर्नु गराउनु पर्ने छैन ।

(ख) संस्थाले व्यवसायीक प्रयोजन वाहेक आफ्नो कार्यालय तथा सेवा केन्द्र भवन, अस्पत्ताल, विद्यालय, लगायतका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(ग) संस्थाले ऋण लगानी गर्दा वा जमानत वापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

(घ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले जगेडा कोषमा छुट्याएको रकम संरक्षित पूँजी फिर्ता कोषमा छुट्याएको रकम र सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आय कर लाग्ने छैन ।

(ङ) तुलसीपुर उपमहानगरपालिकाले सहकारी संस्थाले आफ्नो प्रयोगका लागि आयात गर्ने मेशिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पाटपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरुमा लाग्ने भन्सार महशुल वा मूल्य अभिवृद्धि कर वापतको रकममा अनुदान दिनसक्नेछ ।

(च) यस दफामा उल्लिखित छुटहरुका अतिरिक्त औद्योगिक, कानून व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित बमोजिम उद्योगले पाए सरहको र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा बिशेष उद्योग व्यवसाय वा सेवा सञ्चालन गर्ने संस्थालाई प्रचलित कानून बमोजिम उद्योग व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र संरक्षण समेत नगरसभाको निर्णयानुसार प्राप्त हनेछ ।

(छ) तुलसीपुर उपमहानगरपालिकाले विपन्न ग्रामिण महिला अपांगता भएकाव्यक्ति, मुक्त कमैया, हलिया, भूमिहिन कृषक, बेरोजगार, श्रमिक, दलित तथा अल्पसंख्यक जनजाती समेतका समुहको सहकारी खेती सदस्यको श्रम र सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रर्वद्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पुरै

छुट दिन बीउ पुँजी सहभागीता अनुदान, सहुलियतपूर्ण ऋण लगायतको बिशेष वित्त सुविधा प्रदान गर्न सक्नेछ ।

(ज) तुलसीपुर उपमहानगरपालिकाले सहकारी कृषि फर्म सहकारी उद्योग, अस्पताल, यातायात, सहकारी विद्यालय, दुग्ध उद्योग, लगायतका यस क्षेत्रमा प्रभाव पर्ने सहकारी व्यवसाय सञ्चालन गर्न विउ पुँजी अनुदान साझेदारी लगानी, सहुलियतपूर्ण ऋण प्रचलित कानून बमोजिम लाग्ने करमा छुट लगायतको बिशेष सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ ।

(झ)यस दफामा उल्लेखित छुट, सुविधा र सहुलियत बा संस्थालाई प्राप्त हुने अन्य छुट सुविधा र सहुलियत १ संघिय तथा प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १३

## ऋण असुली तथा बाँकी बक्यौता

५८. **ऋण असूल गर्नेः**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारे पश्चात् पनि उक्त सम्पत्ति संस्थाकै नाममा रहिरहेको अवस्था सम्म ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

५९. **कालो सूची सम्बन्धी व्यवस्थाः संस्थाबाट ऋण लिई रकमको** अपचलन गर्ने वा तोकिएको समयावधिभित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**६०.कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्थाः** कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन अन्तरगत रहि नगरसभाले तोके वा पारित गरेको बमोजिम हुनेछ ।

६१. **बाँकी बक्यौता असूल उपर गर्नेः** कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ।

६२. **रोक्का राख्न लेखी पठाउनेः**

(१) संस्था वा अधिकार प्राप्त अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण वा नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ ।

६३. **अग्राधिकार रहनेः** कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

६४. **कारबाही गर्न वाधा नपर्नेः** संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद- १४

## एकीकरण बिघटन तथा दर्ता खारेज

६५. **एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्थाः**

(१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुई भन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा एकिकृत/पूर्व लिखित विनियम विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

(४) एकिकरण वा विभाजनको आपसी करार, पूनलिखित बिनियम तथा निर्णयलाई अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेपछि लागु हुनेछ ।

६६. <u>विघटन र दर्ता खारेजः</u>

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनसक्नेछः

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछः

(क) लगातार दुई वर्ष सम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि अधिकार प्राप्त अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि कम्तिमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

६७. <u>लिक्वीडेटरको नियुक्तिः</u>

(१) दफा ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा अधिकार प्राप्त अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा अधिकार प्राप्त अधिकारीले कुनै अधिकृत स्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

६८. **लिक्वीडेशन पछिको सम्पतिको उपयोगः** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१५

## अधिकार प्राप्त अधिकारी

६९. **अधिकार प्राप्त अधिकारीः**

(१) यस ऐन अन्तर्गत अधिकार प्राप्त अधिकारीले गर्नुपर्ने सबै कार्यहरू तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७०. **काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम कर्तव्य तथा अधिकारको अतिरिक्त अधिकार प्राप्त अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१६

## निरीक्षण तथा अनुगमन

७१. **निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

(१) अधिकार प्राप्त अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा अधिकार प्राप्त अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले तुलसीपुर उपमहानगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

(८) तुलसीपुर उपमहानगर नगर कार्यपालिकाले एक अनुगमन समितिको गठन गर्न सक्ने छ जसमा कार्यपालिकाले तोकेको सहकारी समितिको संयोजकत्वमा उक्त समितिमा सहकारी हेर्ने प्रमुख

कर्मचारी सदस्य सचिव, तुलसीपुर उपमहानगर सहकारी संघ, जिल्ला सहकारी संघ, विषयगत जिल्ला सहकारी संघका यस उपमहानगरपालिकाभित्रका प्रतिनिधि एक/एक जना रहने छन।

(९) अन्यत्र दफामा जुनसुकै कुरा लेखिएको भएता पनि ऐन, नियम, कार्यविधि बमोजिम गर्ने अनुगमनमा बाधा पर्ने छैन् ।

७२. <u>छानविन गर्न सक्ने:</u>

(१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पच्चिस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

७३. <u>बचत तथा ऋणको कारोबार गर्ने संस्था को निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:</u>

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

७४. <u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:</u>

(१) अधिकार प्राप्त अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन उपमहानगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण.

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई तुलसीपुर उपमहानगरपालिकाबाट शेयर साझेदारी, प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था, (झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

७५. **सहकारी वचत तथा कर्जा सुरक्षण कोषः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि तुलसीपुर उपमहानगरपालिकाले सहकारी संस्थाहरुको सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्ने छ ।

(२) सहकारी बचत तथा कर्जा सुरक्षा कोष सञ्चालन सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले विमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउ जस्ता योजनामा उल्लिखित कारणले भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

७६. **स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः**

(१) बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरूको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षणका लागि त्यस्ता संस्थाहरु मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कोषमा इच्छुक सबै बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरु र तुलसीपुर उपमहानगरपालिकाको तोकिए अनुसार साझेदारी, ऋण, लगानी, अनुदान योगदान हुनेछ।

(३) स्थिरीकरण कोषमा सहभागी संस्थाले बार्षिक बचतबाट जगेडा कोषमा छुट्याए पछि तोकिए बमोजिमको रकम जम्मा गर्न सक्नेछन् । स्थिरीकरण कोषको रकम तोकिएको बैंकमा खाता खोली राख्नु पर्नेछ ।

(४) स्थिरीकरण कोषको उपयोग देहायको प्रयोजनमा गर्न सकिनेछः

(क) सहभागी संस्थाको तरलता कायम राख्न र समस्या ग्रस्त सहकारीको बचाउको लागि सापटी दिन,

(ख) सहभागी संस्था समस्याग्रस्त भएको अबस्थामा यस ऐन बमोजिम गठन भएको व्यवस्थापन समितिको खर्च व्यहोर्न,

(ग) स्थिरीकरण कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) कर्जा सुरक्षण तथा स्थीरीकरण कोष संचालन गर्न देहाय बमोजिम व्यवस्था गरिएको छः

क. उक्त कोषको उपयोग कोषमा योगदान गर्ने सदस्यहरु तथा उपमहानगरपालिकाले तोकेको सहकारी हेर्ने संयोजक, सहकारी शाखा प्रमुख सदस्य सचिव भई समिति मार्फत प्रस्ताव गरी कार्यपालिकाबाट ऐन, नियम अन्तर्गत बनेको कार्यविधि वमोजिम हुनेछ ।

ख. कार्यपालिकाले तोकेको सहकारी समितिको संयोजकत्वमा उक्त समितिमा सहकारी हेर्ने प्रमुख कर्मचारी सदस्य सचिव, उपमहानगरपालिकाले तोकेको सदस्यहरु रहने समितिले अनुगमन, नियमन भूमिका निर्वाह गर्नेछ ।

## परिच्छेद - १७

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

### ७७.संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिनेः

(१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा सहकारी शाखाको सिफारिसमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा पच्चिस प्रतिशत वा पन्द्र जना मध्ये जुन बढि हुन्छ सो वरावरका सदस्यहरूले अधिकार प्रास्त अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ।

### ७८. व्यवस्थापन समितिको गठनः

(१) दफा ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यकालागि व्यवस्थापन समितिको गठन गर्न अधिकार प्राप्त अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिफारिस भई आएमा कार्यपालिकाले तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम गठित व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १८

## कसूर दण्ड जरिवाना तथा पुनराबेदन

७९. **कसूर गरेको मानिने:** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा.

(ग) ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुर्याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइ सकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुर्‍याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुर्‍याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पु-याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

(द) सदस्यलाई अन्याय गर्ने गरी बदनियतपूर्ण कार्य गरेको अवस्थामा, धितो लिलाम गरेको वा जालसाजी गरी सदस्यलाई हानी पुगाएमा, कम मूल्यांकन गरी लिलाम गराएमा ।

८०. <u>असल नियतले गरेको कामको बचाउ:</u>

(१) यस ऐन अ न्तरगत बनेको नियम, विनियम वा कार्यविधि बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा सहकारी संस्थाहरुको संचालक वा पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामूहिक रुपले जवाफदेही हुने छैनन् । तर प्रक्रिया पुरा नगरी र बदनियतसाथ गरिएको कार्यको कुनै बचाउ हुने छैन ।

८१. <u>सजाय:</u>

(१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ ।

(क) खण्ड (क) (ग), (ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैंया सम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा बिगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा बिगो भराई बिगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछः

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद(ङ) खण्ड (ढ) को कसूरमा दश बर्ष सम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुर्या उनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८२. <u>जरिवाना हुनेः</u>

(१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैंया सम्म जरिवाना गर्नेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्द्र गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम ब्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण जानकारी नदिएमा, कागजात, प्रतिबेदन, सूचना वा

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा,

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

८३. **रोक्का राख्ने:**

(१) अधिकार प्राप्त अधिकारीले सम्बन्धित संस्थालाई दफा ८२ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ। सदस्यलाई हानी पुगेको पर्याप्त प्रमाण प्राप्त भएमा ऋण, सांवा, व्याज तिरी फुकुवा गर्ने माग दावी परी निवेदन प्राप्त भएमा विषय किनारा नलागेको अवस्था सम्म अधिकार प्राप्त अधिकारीले धितो लिलाम रोक्का वा दाखिल खारेज गर्न, रोक्का राख्न पत्र काट्न सक्नेछ र सम्बन्धीत निकायले सो रोक्का राख्नुपर्नेछ ।

८४. **दोब्बर जरिवाना हुने:**

(१) दफा ८२ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई अधिकार प्राप्त अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

८५. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने:** अधिकार प्राप्त अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन बमोजिम आफ्नो काम अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कर्तव्य र कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन तथा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

८६. **मुद्दा हेर्ने अधिकारी:** दफा ८१ बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

८७. <u>उजूरी दिने हद म्यादः</u>

(१) कसैले दफा ८१ बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८१ बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष उजूरीदिनु पर्नेछ ।

८८. <u>पुनरावेदन गर्न सक्नेः</u>

(१) दफा ७ बमोजिम संस्था दर्ता अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र अधिकार प्राप्त अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८१ बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछन् ।

(क) अधिकार प्राप्त अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपरसम्बन्धित उच्च अदालतमा ।

८९. असूल उपर गरिनेः यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## <u>परिच्छेद-१९</u>

## <u>विविध</u>

९०. **<u>मताधिकारको प्रयोगः</u>** कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९१. **<u>सामाजिक परीक्षण गराउन सक्नेः</u>**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य सेवा र सन्तुष्टीको स्तर, सदस्यहरूले प्राप्त गरेका सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक सामाजिक, सांस्कृतिक तथा, वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ । (३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

९२. **<u>सहकारी शिक्षाः</u>** सहकारी क्षेत्रको प्रवद्र्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्नुका साथै सहकारी विद्यालय र विश्वविद्यालय अन्तर्गत सहकारी संकाय वा शिक्षालय (स्कुल अफ कोअपरेटिभ) स्थापना गर्न आबश्यक सहयोग गर्न सक्नेछ।

९३. **<u>आर्थिक सहयोग गर्न नहुनेः</u>** संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् | सामाजिक कार्यकोलागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।तर स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “सामाजिक कार्य " भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

९४. **<u>अन्तर सहकारी कारोवार गर्न सक्नेः</u>** सहकारी संस्थाहरुले एक आपसमा अन्तर सहकारी कारोवार गर्नु का साथै सहकारी संस्था र सम्बन्धीत सहकारी संस्थाका शेयर सदस्यहरुको संयुक्त लगानीमा कृषि फर्म, पशुपालन फर्म, र उत्पादन तथा सेवा व्यवसाय संचालन गर्न सक्नेछन । सो कारोबार तुलसीपुर उपमहानगरपालिकाको सहकारी शाखामा दर्ता हुनुपर्नेछ । जसको छुट्टै लोगो हुनेछ । अन्तर सरकारी कारोबार यसै ऐन र तोकिएको कार्यविधि अनुसार संचालित हुनेछन् । स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “अन्तर सरकारी कारोबार” भन्नाले संयुक्त लगानी व्यवसाय करार पत्र वमोजिम संचालित कार्यलाई जनाउँछ ।

९५. **<u>ठेक्कापट्टा दिन नहुनेः</u>** संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. **<u>सरकारी बाँकी सरह असूल उपर हुनेः</u>** कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह गरिनेछ । मानी असूल उपर

९७. **<u>कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :</u>** यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

९८. **<u>प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्नेः</u>** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पु-याएको मानिने छैन ।

९९. **<u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः</u>**

(१) यो ऐनको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार नियम, मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

१००. **<u>कर सम्बन्धी व्यबस्थाः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर सम्बन्धी व्यवस्था संघीय र प्रदेश कानून वमोजिम हुनेछ ।

१०१. **<u>विवाद समाधानः</u>** सहकारी संस्थाका बिच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि विवाद निरुपण समितिको गठन गर्न सकिने छ ।

१०२. **<u>प्रोत्साहन गर्न सकिने:</u>** सहकारी क्षेत्रको प्रबद्धनका लागि उल्लेखनीय काम गर्ने व्यक्ति, संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गरिने छ ।

१०३. विभागीय कारबाही हुनेः यो ऐन र यस ऐन अन्तरगत बनेको नियममा उल्लेखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत हुनेछ ।

## अनुसूची १
## दर्ता दरखास्तको नमुना

मिति..........................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ ।

**विषयः सहकारी संस्थाको दर्ता सम्बन्धमा ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नामः -　　(ख) ठेगानाः -
(ग) उद्देश्यः-　　(घ) मुख्य कार्यः -
(ङ) कार्यक्षेत्रः　　(च) दायित्वः -
(छ) सदस्य सङ्ख्याः　　(१) महिला............जना
२) पुरुष............जना　　(छ) प्राप्त सेयर पूँजी रकमः -..........................
(ज) प्राप्त प्रवेश शुल्कको रकमः..........................

## अनुसूची २
## संस्था दर्ता प्रमाण-पत्रको नमुना

### तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङ
### सहकारी संस्था दर्ता प्रमाणपत्र

दर्ता नं.

तुलसीपुर उपमहानगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ६ बमोजिम श्री................ लाई सीमित दायित्व भएको सहकारी संस्था दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गीकरणः.........................

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५

पारित मितिः२०७५/१२/२७

प्रमाणिकरण मितिः२०७५/१२/२७

**प्रस्तावनाः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी तुलसपुर उपनगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "अध्यक्ष" भन्नाले तुलसपुर उपमहानगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

ख. "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

ग. "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

घ. "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम ......... गा.पा./न.पा. रहेको जिल्लाको नाम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

ङ. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

च. "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. तुलसीपुर उपमहानगरपालिका ने.पा. रहेको प्रदेशको नम्बर वा नाममा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

छ. "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

झ. "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भुस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

ञ. "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

ट. "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

ठ. "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

ड. "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

ढ. "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

ण. "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

त. "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

थ. "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

द. "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

ध. "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

न. "समिति" भन्नाले दफा ३ बमोजिमको गाउँरनगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

प. "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

फ. "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

ब. “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद – २

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **गाउँरनगर विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिकारनगरपालिकाभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक गाउँरनगर विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| क. | नगर प्रमुख | -संयोजक |
| ख. | नगर उपप्रमुख | -सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ. | विषयगत समितिका संयोजकहरु | -सदस्य |
| ङ. | प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| च. | सामाजिक महाशाखारशाखा प्रमुख | -सदस्य |
| छ. | पूर्वाधार विकास महाशाखारशाखा प्रमुख | -सदस्य |
| ज. | तुलसपुर उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि | -सदस्य |
| झ. | तुलसपुर उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| ञ. | नगर प्रहरी प्रमुख | -सदस्य |
| ट. | राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकारनगरपालिकास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| ठ. | नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) | -सदस्य |
| ड. | निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) | -सदस्य |
| ढ. | गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) | -सदस्य |
| ण. | नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) | -सदस्य |
| त. | विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको ब्यक्ति | -सदस्य सचिव |

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५ . **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागु गर्ने, गराउने,

(ग) तुलसपुर उपमहानगरपालिकाको  सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) तुलसपुर उपमहानगरपालिकाको पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्कालको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागु गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) तुलसपुर उपमहानगरपालिकाको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँ/नगरसभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद – ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् व्यवस्थापन समितिः** (१) तुलसीपुर उपमहानगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | -संयोजक |
| (ख) | वडा सदस्यहरू | -सदस्य |
| (ग) | वडाभित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू | -सदस्य |
| (घ) | वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू | -सदस्य |
| (ङ) | राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) | स्थानीय रेडक्रस, | -सदस्य |
| (छ) | गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना | -सदस्य |
| (ज) | वडा सचिव | -सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा

योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) नगरकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगरकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद् प्रतिकार्यका लागि तुलसीपुर उपमहानगरपालिकाको आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ ।

९. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

१०. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् व्यवस्थापन सम्बन्धमा तुलसीपुर उपमहानगरपालिकाको नगरपालिकाभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) तुलसीपुर उपमहानगरपालिकाको नगरपालिकाभित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले तुलसीपुर उपमहानगरपालिकाको नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी

योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागु गर्नु पर्नेछ ।

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने** : तुलसीपुर उपमहानगरपालिकाकोभित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा तुलसीपुर उपमहानगरपालिकाको देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद – ५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् व्यवस्थापन कोष** : (१) विपद् व्यवस्थापनका लागि तुलसीपुर उपमहानगरपालिकाको छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्ः-

(क) तुलसीपुर उपमहानगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि तुलसीपुर उपमहानगरपालिकाको कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत गाउँ/नगरसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद – ६

## कसूर तथा सजाय

१३. **कसूर र सजाय :** कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद – ७

## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :** (१) नेपाल सरकारले तुलसीपुर उपमहानगरपालिकाकोभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु तुलसीपुर उपमहानगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन तुलसीपुर उपमहानगरपालिकाभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा तुलसीपुर उपमहानगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा तुलसीपुर उपमहानगर सहयोग र समन्वय गर्नेछ ।

१५. **नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :** (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि गाउँ तुलसीपुर उपमहानगरपालिकालेसोधखोज गर्न सक्नेछ ।(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नादेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय :** (१) तुलसीपुर उपमहानगरपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्याउनु तुलसीपुर उपमहानगरपालिकाको दायित्व हुनेछ ।

१७. <u>तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने</u> :

(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम तुलसीपुर उपमहानगरपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन तुलसीपुर उपमहानगरपालिकाको क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) तुलसीपुर उपमहानगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

१८. <u>राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था</u> : (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त तुलसीपुर उपमहानगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तुलसीपुर उपमहानगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहात उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः-

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा** : विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका तुलसीपुर उपमहानगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

२०. **निर्देशन दिन सक्ने** : समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२१. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२२. **अभिलेख राख्नु पर्ने**: (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहात स्पष्टरूपमा राख्नुपर्ने छ ।

२३. **पुरस्कार दिन सक्ने** : स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदन** : (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

२५. **प्रशासनिक खर्च व्यवस्थापन**: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च नगरकार्यपालिकाले व्यवस्था गर्नेछ ।

२६. **<u>अधिकार प्रत्यायोजन</u>** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **<u>नियम बनाउने अधिकार</u>** :नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५

*पारित मितिः २०७५/१२/२७*

**प्रस्तावना :**

नेपालको संविधानले आधारभूत र माध्यामिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरेकाले तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालन भैरहेका र हुने विद्यालय लगायत अन्य शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गरी सबैबालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै उपमहानगरपालिका भित्रका सबै बालबालिकाहरुको लागि क्रमशः अनिवार्य, निशुल्क, गुणस्तरीय र जीवनोपयोगी विद्यालय शिक्षाको व्यवस्था गरी सक्षम नागरिकको माध्यमबाट राष्ट्र निर्माणको आधार तयार पार्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ (१), अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र २१ ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५" रहेको छ ।

२) यो ऐन तुलसीपुर उपमहानगरपालिका क्षेत्र भर लागु हुनेछ ।

३) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ख) "प्राथमिक शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

ग) "माध्यमिक शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

घ) "नगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनुपर्छ ।ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन वा बहिरा वा अटिज्म वा बौद्धिक अपाङ्गता वासुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुटै समूहमा राखी विशेष रुपमा दिइने शिक्षा सम्झनुपर्छ ।

च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यामिक दुवै शिक्षा सम्झनुपर्छ ।

छ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषय वस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म वा दश कक्षा पछिको ३ (तीन) वर्षे पाठ्यक्रम अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

ज) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफा मूलक र नेपाल सरकारबाट नियमित रुपमा अनुदान वा सहयोग वा समपुरक पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले धार्मिक विद्यालय गुम्वा वा गुरुकूल वा मदरशा) समेतलाई जनाउनेछ ।

झ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ञ) “सहकारी विद्यालय” भन्नाले सहकारी मूल्य, सिद्धान्तमा आधारित भई कम्तिमा २०० (दुई सय) शेयर सदस्य भएको, कुल पूंजीमा १ (एक) जना शेयर सदस्यको बढीमा १० (दश) प्रतिशत सम्म हिस्सा कायम भएको एवं बचत तथा ऋणको कारोबार नगर्ने र शेयर पूंजी तथा जगेडा कोषको लगानी हुने मूल आधारम प्रचलित कानून बमोजिम स्वीकृत विनियम अनुसार शिक्षा सम्बन्धि मात्र कार्य गर्ने स्वीकृती पाई शिक्षालय वा विद्यालय सञ्चालन (दर्ता) अनुमति प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

ट) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम र निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ड) “अनुमति” भन्नाले नेपाल सरकार वा उपमहानगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको स्थायी/अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ढ) “निशुल्क शिक्षा” भन्नाले तोकिएको शीर्षकहरुमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनुपर्छ । यो व्यवस्थाले नेपालको संविधानको धारा ३९ को उपधारा २ बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी उपमहानगरपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

ण) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा उपमहानगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

त) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै संस्था वा व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनुपर्छ ।

थ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीनकार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

द) “प्रारम्भिक बालशिक्षा” भन्नाले ३ (तीन) बर्ष देखि ५ (पाँच) बर्ष सम्मका बालबालिकाहरुलाई दिइने दुई बर्षे शिक्षा सम्झनुपर्छ ।

ध) “शिक्षक छनौट समिति” भन्नाले स्वीकृत दरवन्दी तथा थप अनुदान राहत कोटामा करारमा शिक्षक नियुक्तिको सिफारिश गर्न गठन भएको नगर स्तरीय शिक्षक छनौट समिति लाइ सम्झनु पर्छ ।

न) “समावेशी शिक्षा” भन्नाले दृष्टिविहीन, न्यूनदृष्टियुक्त, बहिरा, सुस्त-श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही सकेसम्म घर-परिवारबाट अलग नराखी दिइने शिक्षा सम्झनुपर्छ ।

प) “शिशु स्याहार” भन्नाले ३ (तीन) वर्ष मुनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनुपर्छ ।

फ) “शिक्षा ऐन, २०२८” भन्नाले तत्काल कार्यान्वयनमा रहेको शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई सम्झनुपर्छ ।

ब) “शिक्षा महाशाखा” भन्नाले तुलसीपुर उपमहानगरपालिका अन्तरगतको शिक्षा महाशाखालाई सम्झनुपर्छ ।

भ) “कार्यपालिका” भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

म) “स्थानीय शिक्षा अधिकारी” भन्नाले शिक्षा सेवा, रा.प.द्वितीय श्रेणी, उपसचिव (नवौं/दशौं तह) पदका शिक्षा महाशाखा हेर्ने प्रमुखलाई सम्झनु पर्छ ।

## पच्छिेद-२

## विद्यालयको स्थापना, कक्षा थप, समायोजन तथा सिकाइ केन्द्र सम्बन्धि व्यवस्था

३. विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्ने :

१) कसैले विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा समितिको सिफारिश सहित शैक्षिक शत्र सुरु हुनु भन्दा ४ (चार) महिना अगावै उपमहानगरपालिकाको शिक्षा महाशाखामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर संघीय, प्रादेशिक र उपमहानगरपालिकाको कानून अनुसार उपमहानगरपालिकाको शिक्षा महाशाखाले आवश्यक जाँचवुझ गरी नगर शिक्षा समितिमा पेश गर्नेछ र उक्त विषयको प्रतिवेदनलाई राय सहित कार्यपालिकामा सिफारिश गर्नेछ ।

३) शिक्षा समितिको सिफारिशलाई अध्ययन गरी कक्षा थप वा नयाँ विद्यालय सञ्चालन अनुमती दिने नदिने निर्णय कार्यपालिकाले गर्नेछ । अनुमति प्राप्त विद्यालयहरुलाई स्थानीय शिक्षा अधिकारीले तोकिए बमोजिमको ढांचामा प्रमाणपत्र दिनेछ ।

४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नाफा कमाउने उद्देश्यले कम्पनीको रुपमा विद्यालय सञ्चालनको अनुमति दिइने छैन ।

५) उपदफा (४) मा जुनसुकै कुरा लेखिए पनि कुनै विद्यालयले कम्पनी खारेज गरी कानूनमा भएको व्यवस्था अनुसार शैक्षिक गुठी वा सहकारीमा रुपान्तरण हुन बाधा पर्ने छैन ।

६) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

७) संघीय तथा प्रादेशिक कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तगत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

क) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा ३० (तीस) जना र नीजि गुठी भए कम्तीमा ७ (सात) जना सदस्य भएको संगठित संस्था हुनु पर्ने,

ख) शैक्षिक गुठीको आय-व्ययका श्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवन कालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा व्यवस्था भएकोमा बाहेक उपमहानगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

८) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्था संग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुनेछ तर ती विद्यालयको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन उपमहानगरपालिकाबाट हुनेछ ।

९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुनेछ ।

१०) गैरनाफामुलक विशेष सेवा सुविधायुक्त संस्थागत विद्यालय, गैरनाफामुलक तथा सहकारीमा आधारीत विद्यालय लाई अनुमति दिदा पहिलो वर्ष कक्षा ०-५ (प्राथमिक तह), दोस्रो वर्ष कक्षा ६-८ (आधारभुत तह), त्यस पछि प्रत्येक वर्ष एक कक्षा मात्र थप गर्ने गरी अनुमति दिन सकिने छ ।

११) यस दफा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. नविकरणको व्यवस्था** :

क) हरेक वर्षको शैक्षिक सत्र सकिनु अगावै संस्थागत तथा निजि विद्यालयहरुले आफुले सञ्चालन गर्ने कक्षा र भर्ना योजना सहित शिक्षा महाशाखामा नविकरण गर्नु पर्नेछ ।

ख) नविकरण शुल्क शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

५. विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्नेः

१) सामुदायिक तथा संस्थागत विद्यालयहरुले पूरा गर्नुपर्ने पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ । प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नहुँदा सम्म विद्यालयहरुलाई सञ्चालनको अनुमति दिइने छैन ।

२) यो ऐन जारी हुँदा सञ्चालनमा रहेका संस्थागत विद्यालयको पूर्वाधार तोकिएको अवधि भित्र पूरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पूरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द हुनेछ ।

३) सामुदायिक विद्यालहरुको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र उपमहानगरपालिकाको हुनेछ ।

६. उपमहानगरपालिकाले विद्यालय सार्न वा समायोजन वा नाम परिवर्तन गर्न वा कक्षा स्थगन गर्न वा बन्द गर्न सक्ने :

**१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरु स्वतः समायोजन हुनेछन** :

क) दुई वा सो भन्दा बढि विद्यालयहरु वीचको पैदल दुरी सहज आवागमन सहित बढीमा ३० (तीस) मिनेट वा दुई किलो मिटर सम्म भई कक्षा ५ (पांच) सम्म सञ्चालन रहेको,

ख) २ (दुई) वा सो भन्दा बढी विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा समितिको सिफारिश सहित उपमहानगरपालिकामा निवेदन दिएमा,

ग) कुनै पनि विद्यालयमा तोकिएको भन्दा कम विद्यार्थी भएमा तिनीहरुको शिक्षाको लागि उपमहानगरपालिकाले दफा ६ (१) बमोजिमको विद्यालयमा वा अन्य विद्यालयमा सवै विद्यार्थीहरुलाई अध्ययनको व्यवस्था मिलाएमा ।

२) बिद्यार्थी संख्याको आधारमा वा विद्यालय नक्साङ्कनको आधारमा, विद्यालयमा कक्षा स्थगन वा बन्द गर्न आवश्यक देखिएमा शिक्षा समितिले कार्यपालिकामा सीफारिस गर्नेछ ।

३) विद्यार्थी संख्या न्यून रही ३० (तीस) मिनेटको दूरी भित्र रहेका प्राथमिक तहका (१-५) कक्षाहरु १ वा १ भन्दा वढि शिक्षा समितिले स्थगन गर्न सक्नेछ । कक्षा स्थगन अस्थायी प्रकृतिको हुनेछ ।

४) यस दफा बमोजिम अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

**७. आवासीय विद्यालय सञ्चालन गर्न सक्ने** :

१) उपमहानगरपालिकाले नगर क्षेत्र भित्रका विकट र छरिएका ग्रामीण बस्तीहरुमा सञ्चालित दफा (५) को उपदफा (ग) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताको लागि तोकिएको विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न सक्नेछ ।

२) यस्ता विद्यालयहरुमा तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरुले निशुल्क आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्नेछन् ।

३) अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा गुणस्तरीयता सुनिश्चित गर्न तुलसीपुर उपमहानगरपालिकाले समायोजन गरेका विद्यालयका वालवालिकालाई तोकिए बमोजिम यातायातको व्यवस्था गरी अन्य विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ ।

४) यस दफा सम्बन्धी अन्य व्यवस्था तोकिय वमोजिम हुनेछ ।

**८. शाखा विद्यालय सञ्चालन गर्न सक्ने** :

तोकिएको सीमा भन्दा कम विद्यार्थी सङ्ख्या भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडा भित्रको वा नजीकैको कुनै माध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी उपमहानगरपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुनेछ ।

**९. ठुला (मेघा) विद्यालय सञ्चालन गर्न सक्ने** :

१) हाल सञ्चालनमा रहेका कुनै इच्छुक विद्यालयले दफा (४) मा उल्लेखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र सर्त पुरा गरेमा उपमहानगरपालिकाले ठूला विद्यालयको रुपमा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ :

क) कम्तिमा २५०० (दुई हजार पांचसय) भन्दा बढी विद्यार्थी भएको,

ख) न्यूनतम तहगत र विषयगत दरवन्दी भएको,

ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र एस.इ.इ. परीक्षाको नतिजा राष्ट्रिय स्तरको भन्दा उच्च रहेको,

घ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको,

२) यस्ता विद्यालयहरुलाई संघ वा प्रदेश वा उपमहानगरपालिकाले देहायका क्षेत्रमा थप लगानी गर्न सक्नेछ

क) कक्षा कोठा, प्रयोगशाला र अन्य पूर्वाधार विकास तथा यातायात व्यवस्थापनमा,

ख) विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन समेत) को आधारमा थप विषयगत शिक्षकको व्यवस्थापन,

ग) निशुल्क शिक्षा कार्यान्वयन तथा दफा ६ (१) बमोजिमको विद्यालय सञ्चालन नहुँदा सम्म दफा (५) को उपदफा (१) ग बमोजिम समायोजन भएको विद्यालयका विद्यार्थीहरुलाई आवासको व्यवस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालनका लागि अनुदान दिने,

**१०. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :**

१) उपमहानगरपालिकाले समुदायमा पुस्तकालय स्थापना र संचालन, साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरु समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

२) सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको व्यवस्था गर्नेछ ।

**११. प्रारम्भिक बाल विकास शिक्षा सम्बन्धि व्यवस्था :**

१) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बाल शिक्षा सञ्चालनको अनुमति सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर शिक्षा समितिले दिनेछ ।

२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालयको अवधि २ (दुई) वर्षको हुनेछ ।

३) ३ (तीन) वर्ष उमेर नपुगेका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गर्न तथा ५ (पाँच) वर्ष पुरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राखिरहन पाइने छैन ।

४) सामुदायमा आधारित बाल विकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई मातृ विद्यालयको रुपमा तोकिए बमोजिम सञ्चालन गरिनेछ ।

**१२. अनौपचारिक शिक्षा सम्बन्धि व्यवस्था :**

१) उपमहानगरपालिकाले आफ्ना नागरिकहरुको शिक्षा सम्वन्धी विविध आवश्यकता पूरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुल्ला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको तोकिए बमोजिम व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-३

## पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षाको माध्यम र परीक्षा सम्बन्धि व्यवस्था

**१३. पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धि व्यवस्था :**

१) विद्यालयले संघीय र प्रादेशिक कानूनमा तोकिए बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक अध्यापन गराउनुपर्ने छ ।

२) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकास र व्यवस्थापन तथा पाठ्यपुस्तकको उपलव्धता सम्बन्धमा अनुगमन लगायतका कामको लागि तोकिए बमोजिमको पाठ्यक्रम विकास तथा अनुगमन समिति रहनेछ ।

**१४. थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्ने :**

१) कुनै विद्यालयले थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोगको लागि तोकिए बमोजिमको आधार र प्रकृया पूरा गरी स्थानीय शिक्षा अधिकारीबाट स्वीकृति लिनुपर्नेछ ।

२) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति स्थानीय शिक्षा अधिकारीबाट लिनु पर्नेछ ।

**१५. शिक्षाको माध्यम :**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुन सक्नेछ । तर देहायको अवस्थामा शिक्षाको माध्यम निम्न बमोजिम हुन सक्नेछ ।

क) प्राथमिक शिक्षा (कक्षा १-५) मातृ भाषामा दिन सकिनेछ,

ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

ग) शिक्षणको माध्यम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ,

**१६. परीक्षाको सञ्चालन :**

१) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) नगर परीक्षा समितिले संचालन र प्रमाणिकरण गर्नेछ । कक्षा ५ (पांच) को अन्तिम परीक्षा तथा विभिन्न कक्षाको सिकाइ उपलब्धि परीक्षा तोकिए बमोजिम सञ्चालन हुनेछ ।

२) माध्यमिक तह (कक्षा १०-१२) को परीक्षा संघीय तथा प्रादेशिक कानून अनुसार सञ्चालन हुनेछ ।

## परिच्छेद-४

## कार्यपालिका, नगर शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय शिक्षा अधिकारी र वडा समितिको काम, कर्तव्य र अधिकार

**१७. कार्यपालिका :**

१) शिक्षा सम्बन्धि नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

२) नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

३) शिक्षा सम्बन्धि वार्षिक, अल्पकालिन र दीर्घकालीन योजना स्वीकृत गर्ने,

४) शिक्षा सम्बन्धि अन्य आवश्यक निर्णय गर्ने र निर्देशन दिने ।

**१८. नगर शिक्षा समिति :**

१) नगर क्षेत्र भित्र संञ्चालन हुने विद्यालयको सञ्चालन र ब्यवस्थापनको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहने छ ।

क) उपमहानगरपालिको प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

ख) नगर कार्यपालिकाको शिक्षा हेर्ने बिषयगत समितिको संयोजक - सदस्य

ग) कार्यपालिका सदस्य मध्येबाट कार्यपालीकाले मनोनित गरेको एक जना - सदस्य

घ) सामुदायिक विद्यालयको प्रतिनिधित्व हुने गरी विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक मध्येबाट उपमाहानगरपालिको प्रमुखले मनोनित गरेको तीन जना - सदस्य

ङ) संस्थागत विद्यालयको छाता संगठनहरुमध्ये उपमहानगरपालिको प्रमुखले मनोनित गरेको एकजना - सदस्य

च) नगर शिक्षा समितिले शिक्षा बिद् मध्येबाट मनोनयन गरेको एक जना - सदस्य

छ) संघीय कानून अनुसार गठन भएको नगर स्तरिय शिक्षक महासंघको अध्यक्ष -सदस्य

ज) कार्यपालिका वा नगरसभा सदस्य मध्येबाट उपमाहानगरपालिको प्रमुखले मनोनित गरेको एकजना - सदस्य

झ) कार्यपालिकाले मनोनयन गरेको शिक्षा विज्ञ सल्लाहकार १ (एक) जना - सदस्य

ञ) उपमहानगरपालिकाको स्थानीय शिक्षा अधिकारी -सदस्य सचिव

२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २(दुई) बर्षको हुनेछ ।

३) मनोनित सदस्यहरु सकेसम्म समाबेशी र सकेसम्म १ (एक) जना अपांग हुनु पर्नेछ ।

४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

५) नगर सिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनको अन्यत्र लेखिए बाहेक देहाय वमोजिम हुनेछ

क) शिक्षा सम्बन्धि नगर स्तरीय योजना तर्जुमा गर्ने,

ख) सामुदायिक बिद्यालयलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी कार्यपालिकामा सिफारिश गर्ने,

ग) सामुदायिक बिद्यालयहरुको लेखा परीक्षणका लागि लेखा परीक्षकको सूचीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने,

घ) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शिक्षक तथा कर्मचारी दरबन्दी बितरण र मिलान गर्ने, नगरभित्र शिक्षकको सरुवा र पदस्थापन गर्ने, प्रधानाध्यापकको नियुक्ति गर्ने ।

ङ) विद्यालय ब्यवस्थापन समितिलाई निर्देशन दिने,

च) नगर शिक्षा समितिको अन्य काम कर्तब्य अधिकार र वैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१९. प्रमुख प्रशासकीय अधिकृतः**

१) शिक्षा सम्बन्धि नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र नगरसभामा पेस गर्न सुझाव दिने,

२) शिक्षाका कार्यक्रमहरुको अनुगमन, निरीक्षण, समन्वय र निर्देशन गर्ने,

२) प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धि अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. स्थानीय शिक्षा अधिकारीः

१) उपनगरपालिकामा शिक्षा सम्बन्धी शाखा वा महाशाखा प्रमुखको रुपमा एक स्थानीय शिक्षा अधिकारी रहनेछ । यो ऐनको अन्यत्र लेखिए बाहेक निजको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ

क) प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाई, सामुदायिक सिकाई केन्द्र, धार्मिक विद्यालय, बिशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धिनीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी नगर शिक्षा समितिमा पेस गर्ने,

ख) नगरसभा, कार्यपालिका र नगर शिक्षा समितिको निर्णयहरु कार्यान्वयन गर्ने,

ग) आधारभूत तहको परिक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन गर्ने,

घ) नगर प्रमुखको निर्देशन र निर्णयहरु पालना र कार्यान्वयन गर्ने,

ङ) प्रमुख प्रशासकीय अधिकृतको निर्देशन र निर्णयहरु पालना र कार्यान्वयन गर्ने ।

२) स्थानीय शिक्षा अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२१. वडा समितिः**

१) विद्यालय उमेर समूहका, विद्यालय बाहिर रहेका वालवालिकाको अभिलेख राखी विद्यालय पठाउन आवश्यक कार्य गर्ने,

२) भर्ना अभियान सञ्चालन गर्ने ,

३) वडा भित्रका विद्यालयहरु बीच समन्वय गर्ने,

४) विद्यालयलाई आवश्यक आर्थीक, भौतिक सहयोग गर्ने,

५) वडा समितिका शिक्षा सम्बन्धि अन्य कामहरु तोकिए बमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समितिः**

विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ ।

१) सामुदायिक विद्यालयको व्यवस्थापन समिति :

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा २ (दुई) जना महिला सहित ४ (चार) जना - सदस्य

ख) नगर प्रमुखले मनोनित गरेको स्थानीय समाजसेवी सहित १ (एक) जना महिला पर्ने गरी २ (दुई) जना - सदस्य

ग) सम्बन्धित वडा अध्यक्ष वा वडा समितिले तोकेको सो समितिको सदस्य १ (एक) जना - सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई उल्लेख्य सहयोग गरेका स्थानीय व्यात्तिहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनीत गरेको १ (एक) जना महिला सहित दुईजना - सदस्य

ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानेको १ (एक) जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) विद्यालय व्यवस्थापन समितिको लागि अभिभावकको भेलाले उपदफा (१) को खण्ड १ (क) अनुसारका सदस्यहरु छानेको मितिले ७ (सात) दिन भित्र वि.व्य.स. को पहिलो बैठक बसी उपदफा (१) को खण्ड १ (घ) अनुसारको सदस्यहरु मनोनयन गरिसक्नु पर्नेछ ।

३) खण्ड (२) अनुसार सदस्य मनोनयन गरेको मितिले १५ (पन्द्र) दिन भित्र वि.व्य.स. को दोस्रो बैठक बसी उपदफा (१) को खण्ड (१) को (क) बमोजिमका सदस्यहरुले आफूहरु मध्येवाट वि.व्य.स. अध्यक्ष छान्नु पर्नेछ ।

४) खण्ड (३) बमोजिम बैठक बसी अध्यक्ष छनोट गर्न नसकेमा खण्ड (३) बमोजिम तोकिएको समय वितेको ५ (पांच) दिन भित्र सो व्यहोरा प्रधानाध्यापकले नगर शिक्षा समितिमा प्रतिवेदन सहित पेश गर्नु पर्नेछ । सो प्रतिबेदन प्राप्त भएपछि उपरोक्त खण्ड (१) को (क) बमोजिमका सदस्यहरु मध्येवाट नगर शिक्षा समितिले अध्यक्ष मनोनयन गर्नेछ ।

५) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा नगरपालिका क्षेत्र भित्रका सम्बन्धित बिषय तथा व्यवसायसंग आवद्धहरुमध्ये नगर शिक्षा समितिले मनोनित गरेको बढीमा २ (दुई) जना थप सदस्य रहनेछन् ।

६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा २५% (पच्चिस प्रतिशत) सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावकहरु रहनेछन् ।

७) व्यवस्थापन समितिका पदाधिकारीहरुको योग्यता र गठन सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

८) शैक्षिक गुणस्तर वृद्दि गर्न आवस्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन स्रोतको परिचालन प्रचलित कानून अनुसार गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने

घ) विद्यालयमा कायम रहेका दरवन्दीलाई तोकिए बमोजिम बिषय परिवर्तन गर्नुपर्ने भएमा औचित्य सहित नगर शिक्षा समितिमा सिफारिश गर्ने,

ङ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

**२. संस्थागत विद्यालयको व्यवस्थापन समिति :**

१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने छ :

क) विद्यालयको सिफारिशमा नगर शिक्षा कार्यालयवाट मनोनित भएका व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ (एक) जना - सदस्य

ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येवाट वडा समितिको सिफारिशमा नगरप्रमुखले मनोनित गरेको १ (एक) जना महिला सहित कम्तिमा २(दुई) जना - सदस्य

घ) नगर शिक्षा प्रमुखले तोकेको सो कार्यालयको एक जना प्रतिनिधि - सदस्य

ङ) सम्बन्धीत विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको १ (एक) जना शिक्षक - सदस्य
च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिश गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्य मध्येबाट र सहकारी अन्तरगतबाट सञ्चालित भए सहकारीको शेयर सदस्य मध्येबाट सिफारिश गर्नु पर्नेछ ।

३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४) संस्थागत तथा सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिन हुनेछः-

क) विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,
ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,
ग) अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाइ शिक्षक पदमा नियुक्ति गर्ने,
घ) नेपाल सरकारले तोकेको न्यूनतम तलव स्केलमा नघटाइ शिक्षक तथा कर्मचारीलाइ तलव दिने,
ङ) शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा २ (दुई) महिना पहिले आगामी शैक्षिक सत्रको लागि शुल्क प्रस्तावगरी नगर शिक्षा महाशाखाको कार्यालयमा पेशगर्ने ।

५) दफा २२ (१) र (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा तोकिएको निकाय वा अधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदवाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौका वाट बञ्चित गरिने छैन ।

६) विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिन हुनेछ ।

**२३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष सहितको प्रतिवेदनको आधारमा सम्बन्धित वडा समितिले सिफारिश गरेमा नगर शिक्षा समितिले छानविन गर्दा सो सिफारिस प्रमाणित भएमा त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब माफिक मौका दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले ३ (तीन) सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२४. विद्यालय सञ्चालन कार्यविधि :**

१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक विद्यालयले आफ्नो लक्ष्य, मूल्य, मान्यता,सञ्चालन प्रक्रिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरुको आचार संहिता, शिक्षक कर्मचारी, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायत अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन विनियम, अभिभावक भेलाबाट पारित गरी नगर शिक्षा समितिबाट स्वीकृत गराइ कार्यान्वयन गर्नु पर्नेछ ।

२) विद्यालय सञ्चालन विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

३) विद्यालय सञ्चालन विनियम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## आर्थिक प्रबन्ध, सहायता र छुट

**२५. नगर शिक्षा विकास कोष :**

१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन तथा ऐनको अन्य व्यवस्था कार्यान्वयनका लागि तुलसीपुर उपमहानगरपालिका अन्तगत नगर शिक्षा विकास कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ः-

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको रकम,

च) दफा (३२) को उपदफा (४) बमोजिम संस्थागत विद्यालयबाट प्राप्त रकम,

छ) चन्दा, दान, दातब्यबाट प्राप्त रकम,

ज) शिक्षा सम्बन्धी करको ब्यवस्था बापत प्राप्त हुने रकम,

झ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) अनुदान वा अन्य रुपमा कोषमा प्राप्त हुने स्रोतमा उल्लेखित शर्त बमोजिमको शिर्षकमा खर्च हुने बाहेकको नगर शिक्षा विकास कोषमा प्राप्त हुने रकमबाट नगर शिक्षा विकास अक्षय कोष स्थापना गर्नु पर्नेछ । कोषमा प्राप्त हुने रकम सर्ब प्रथम नगर शिक्षा विकास कोषमा जम्मा गर्नु पर्नेछ र नगर शिक्षा विकास कोषमा खर्च नभई बांकी भएको रकम मात्र नगर शिक्षा विकास अक्षय कोषमा जम्मा गर्नु पर्नेछ ।नगर शिक्षा विकास अक्षय कोषमा रकम जम्मा भई सके पछि अक्षय कोषबाट रकम निकाल्न पाईने छैन अक्षय कोष क्रमसः बृद्धि हुदै जानेछ । अक्षय कोषको ब्याज आम्दानीबाट उपदफा (४) बमोजिम खर्च गर्न पाईनेछ ।

४) नगर शिक्षा विकास अक्षय कोषको रकम स्वतन्त्र सूचनाको प्रतिस्पर्धा आधारमा धेरै ब्याज प्राप्त हुने "क" बर्गको बैंकमा जम्मा गर्नु पर्नेछ र अक्षय कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको २० %

(बीस प्रतिशत) रकम पूनः नगर शिक्षा विकास अक्षय कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ८० % (असी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई सामुदायिक विद्यालयहरुको शैक्षिक विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

५) नगरको सामुदायिक विद्यालयहरुको शैक्षिक विकासमा खर्च गर्ने गरी नगर शिक्षा विकास कोष तथा नगर शिक्षा विकास अक्षय कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमेजिम हुनेछ ।

६) नगर शिक्षा विकास कोष तथा नगर शिक्षा विकास अक्षय कोषको खाता संचालन नगर शिक्षा महाशाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृतले तोकेको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

७) नगर शिक्षा विकास कोष तथा नगर शिक्षा विकास अक्षय कोषको आन्तरिक तथा महालेखा परिक्षकबाट लेखा परिक्षण हुनेछ ।

८) कुनै कारणबाट नगर शिक्षा विकास अक्षय कोष खारेज हुन गएमा कोषमा भएको रकम नगरपालिकाको संचित कोषमा हस्तान्तरण हुनेछ ।

**२६. विद्यालय विकास कोष** :

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ । विद्यालय विकास कोष स्थापना गर्नु प्रत्येक विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**२) विद्यालय विकास कोषको श्रोत** :

क) अनुदान,

ख) ऋण,

ग) चन्दा, दान, दातब्य

घ) भाडा, शुल्क,

ङ) निजी तथा अन्य आम्दानी ।

३) कानुनमा वा स्रोत अनुसार स्पष्ट तोकिएर खर्च गर्ने भनिएको शिर्षकका रकमहरु बाहेकको रकम उपदफा (१) बमोजिम कोषमा अक्षय (नमासिने) रुपमा जम्मा गरी राख्नु पर्नेछ ।

४) विद्यालय विकास कोष स्थापना तथा बृद्धि गर्न नगरपालिकाले एक पटक विउ पूंजी रकम अनुदान स्वरुप सामुदायिक विद्यालयको अवस्था हेरी उपलब्ध गराउन सक्नेछ ।

५) विद्यालय विकास कोषको नियमानुसार सामाजीक र लेखा परिक्षण गर्नु पर्नेछ ।

६) विद्यालय विकास कोषको रकम सार्वजनिक सूचनाको प्रतिस्पर्धा आधारमा धेरै ब्याज प्राप्त हुने "क" बर्गको बैंकमा जम्मा गर्नु पर्नेछ र कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको ४० % (चालीस प्रतिशत) रकम पूनः विद्यालय विकास कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ६०% (साठी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई विद्यालयहरुको शैक्षिक विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

७) कोष विद्यालय रहदा सम्म अविच्छिन्न सञ्चालनमा रहनेछ भने विद्यालय समायोजन भएको खण्डमा कोष समायोजन हुने विद्यालयको विद्यालय विकास कोषमा समायोजन गर्नु पर्नेछ । कुनै कारणबाट विद्यालय विकास कोष बेवारिसे हुन गएमा कोषको रकम नगर शिक्षा विकास अक्षय कोषमा हस्तान्तरण गर्नु पर्नेछ ।

८) उपदफा (१) वमोजिमको कोषको रकम हिनामिना तथा दुरुपयोग गरेमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानुन बमोजिम कार्वाही हुनेछ र सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९) विद्यालय विकास कोषको खाता संचालन विद्यालयका प्रधानाध्यापक र विद्यालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१०) विद्यालय विकास कोषमा प्रत्येक महिना वा प्राप्ती श्रोत आधारमा रकम जम्मागर्नु विद्यालयको कर्तव्य हुने छ ।

११) विद्यालय विकास कोष संचालन सम्बन्धमा यो ऐन तथा प्रचलित कानून प्रतिकुल नहुने गरी अक्षय कोषको मर्म अनरुप ब्यवस्थित रुपमा संचालन गर्न विद्यालयले कार्यविधि तर्जुमा गरी नियमानुसार स्वीकृत गरी लागु गर्न सक्नेछ ।

१२) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**२७. विद्यालय र बाल बिकास केन्द्रलाई अनुदानको व्यवस्था** :

१) नगरपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बाल बिकास केन्द्रलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुयाएको मानिने छैन ।

२) अनुदान सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२८. विद्यालयलाई छुट र सुविधा** :

१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालित विद्यालयलाई संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुनेछ ।

२) सामुदायिक वा शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालित विद्यालयलाई नगरपालिकाले आफूले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छूट दिन सक्नेछ ।

## परिच्छेद-६

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृति सम्बन्धि व्यवस्था

**२९. अनिवार्य, निशुल्क आधारभूत शिक्षा सम्बन्धि व्यवस्था** :

१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरुलाई तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध हुनेछ ।

२) नेपालको संविधान प्रदत्त मौलिक अधिकार तथा नेपाल सरकारद्वारा जारी अनिवार्य तथा निशुल्क शिक्षा, शिक्षा ऐन २०७५ वमोजिम ४ (चार) वर्ष पुरा भई १३ (तेह्र) वर्ष पुरा नभएका बालवालिका लागि आधारभूत तह सम्म अनिवार्य शिक्षाको व्यवस्था गरिनेछ ।

३) अनिवार्य शिक्षा उपलब्ध हुने उमेर समूहका वालवालिकालाई विद्यालयमा नपठाउने वा वालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी, व्यापारी वा अन्य व्यक्तिलाई नगरपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्नेछ । त्यस्ता व्यक्ति वा संस्थालाई नगरपालिकाबाट उपलब्ध हुने सेवा सुबिधा रोक्का वा स्थगन गरिनेछ ।

४) जरिवाना तथा कारवाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. निशुल्क माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था :**

१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूह आधारभूत शिक्षा (०-८) का सबै बालवालिकालाई नगरपालिकाले तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध गराउनेछ ।

२) माध्यमिक शिक्षा (९-१२) को हकमा निःशुल्क शिक्षाको व्यवस्थापन संघीय र प्रादेशिक कानून अनुसार गरिनेछ ।

३) दफा २८ (१) र दफा २९ (१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराइ सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई स्थानीय शिक्षा अधिकारीले सचेत गराउने तथा प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ ।

४) यस दफाको उप दफा(१), (२), (३) मा जेसुकै लेखिएता पनि कुनै अभिभावक, सर्वसाधारण नागरिक, साहु महाजन, दाता वा संघ संस्थाले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विदालयले लिन सक्नेछ ।

**३१. विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

**३२. संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउनु पर्नेः**

१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्या वा प्रत्येक कक्षामा तोकिएको न्यूनतम विद्यार्थी सङ्ख्या जुन धेरै हुन्छ सो को १० % (दश प्रतिशत) मा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला,दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

३) समितिले छनौटका लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्नेछ । नगरपालिकाले छनौटको आधार सहितको निर्देशन दिएमा सो आधारलाई मुख्य आधार मानी छात्रवृत्ति छनौट गर्नु पर्नेछ ।

४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि नगरपालिकाले थप कार्यविधि वनाई प्रत्येक विद्यालयका लागि छात्रवृतिको कोटा तोकि निर्दिष्ट प्रक्रिया मार्फत् परीक्षाका माध्यमबाट छात्रवृतिमा अध्ययन गर्ने विद्यार्थी आफै वा सम्वन्धित विद्यालयलाई नै छनौट र सिफारिश गर्न तोक्न सक्नेछ । यसरी छनौट र सिफारिश भएका विद्यार्थीलाई निशुल्क अध्यापन गराउनु सम्बन्धित विद्यालयको दायित्व हुनेछ तर उपदफा (१) बमोजिम निर्धारण भएको छात्रवृति कोटा बराबरको रकम सम्बन्धित विद्यालयले नगर शिक्षा समितिको कोषमा जम्मा गर्ने गरी तोक्न सक्नेछ । यसरी तोकिएको रकम नगर शिक्षा समितिले तोकिएको कार्यविधि बमोजिम दफा (६) अनुसार स्थापित आवासीय विद्यालयमा अध्ययनरत विपन्न र लक्षित वर्गको छात्रछात्राहरुको आवासीय छात्रवृत्तिमा खर्च गर्नेछ ।

## परिच्छेद-७

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धि व्यवस्था

**३३. विद्यालय शिक्षण सेवाको गठन :**

१) संघीय कानूनमा व्यवस्था भए बमोजिम उपमहानगरपालिकामा एक विद्यालय शिक्षण सेवा गठन हुनेछ ।

२) शिक्षकहरुको सेवाको सर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

३) संघीय र प्रादेशिक कानूनको अधिनमा रही उपमहानगरपालिकाले शिक्षकको सेवा, शर्त सम्बन्धि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

४) विद्यालयमा कायम रहने शिक्षकहरुको दरबन्दी र पद तोकिए बमोजिम हुनेछ ।

**३४. शिक्षकको नियुक्ति :**

१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहको नियुक्ती संघीय कानून बमोजिम शिक्षक सेवा आयोगको सिफारिशमा नगर शिक्षा समितिको निर्णय अनुसार स्थानीय शिक्षा अधिकारीले गर्नेछ ।

२) विद्यलयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा स्थायी पदपूर्ति नहुदा सम्म करारमा शिक्षक नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको नगर स्तरीय शिक्षक छनौट समिति हुनेछ । शिक्षक छनौट समितिको प्रशासनिक कार्य र जनशक्तिको व्यवस्था नगर शिक्षा महाशाखाले गर्नेछ ।

क) नगर शिक्षा समितिको अध्यक्ष – अध्यक्ष

ख) सदस्य सचिवले तोकेका तीनजना बिज्ञ – सदस्य

ग) स्थानीय शिक्षा अधिकारी – सदस्य सचिव

३) नगर स्तरीय शिक्षक छनौट समितिका सदस्यहरुको योग्यता देहाय अनुसार हुनेछ ।

क) शिक्षा, शिक्षण, प्रशासन र व्यवस्थापन क्षेत्रमा अधिकृत वा सो सरहको स्तरमा कम्तिमा ५ (पांच) वर्ष काम गरेको ।

ख) बिषयगत शिक्षक नियुक्त गर्ने परीक्षामा बिषयगत विज्ञहरु तोकिने छन ।

ग) उपरोक्त अनुसार गठन हुने शिक्षक छनौट समितिका सदस्यहरु मध्ये विज्ञ सदस्यहरु स्नातकोत्तर तह उत्तिर्ण हुनुपर्नेछ ।

४) समितिका सदस्यहरुको सेवा, सुविधा, बैठक तथा अन्य व्यवस्थापन तोकिए बमोजिमहुनेछ ।

५) छनौट समितिबाट सिफरिस भएका व्यक्तिलाई विद्यालयले बढीमा १ (एक) शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्नेछ ।

६) विज्ञहरु जिल्ला भित्रका रोष्टर शिक्षक वा अन्यबाट तोकिन सक्नेछन ।

७) शिक्षक छनौट सम्बन्धमा करार शिक्षक छनौट समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमको पालना गर्नु पर्नेछ ।

८) समितिले गरेका मुख्य मुख्य कार्य, सुधार गर्नु पर्ने पक्षहरु तथा तोकिएका अन्य विवरणहरु समाबेश गरी तयार पारिएको वार्षिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

९) नगर शिक्षा समितिले यस सम्वन्धी आंसिक वा पूर्ण अधिकार विद्यालय शिक्षक छनौट समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०) यस सम्वन्धी अन्य व्यवस्था तोकिएवमोजीम हुनेछ ।

**३५. सरुवा सम्बन्धि व्यवस्था :**

१) उपमहानगरपालिका भित्रका समुदायिक विद्यालयहरुमा आधारभूत तहको प्राथमिक शिक्षकहरुलाइ समान तहको दरवन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई सम्बन्धित बिषय र तहको दरबन्दीमा नगर शिक्षा समितिको निर्णयानुसार स्थानीय शिक्षा अधिकारीले तोकिए बमोजिम सरुवा गर्नेछ । सामान्यतया नगर भित्रका शिक्षकलाई ५ (पांच) बर्षको समय तोकी एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नु पर्नेछ । यसरी सरुवा भई अर्को विद्यालयमा गएका शिक्षक कम्तिमा ४ (चार) वर्ष र वढिमा ५ (पांच) वर्ष सम्म सोही विद्यालयमा रहनेछन् । नि.मा.वि., मा.वि. र प्राविधिक धारका शिक्षकहरुको अध्यापनको विषयमा असर नपर्ने गरी मात्र सरुवा गरीने छ । सरुवा सम्वन्धि अन्य व्यवस्था देहाय वमोजिम हुनेछ ।

क) दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई समयावधि भन्दा अगावै सरुवा गर्नु पर्ने भएमा कार्यरत विद्यालयको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा अधिकारीले अर्को स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

ख) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भई यस उपमहानगरपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय तथा स्थानीय तहको सहमति र आउने विद्यालयको सहमति सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

ग) संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था गरिएकोमा वाहेक अन्तर स्थानीय तह सरुवा गर्दा नगर स्तरीय शिक्षक छनौट समितिले परीक्षा (लिखित, मौखिक वा दुवै) लिई सवै भन्दा उच्च अङ्क प्राप्तगर्ने शिक्षकलाइ सरुवाको सिफारिश गर्नेछ ।

घ) ऐन जारी हुनु भन्दा अघि देखि कार्यरत राहत,करार शिक्षक वा थप अनुदानमा कार्यरत शिक्षकलाइ पनि सोही दरबन्दी तथा थप अनुदान कोटामा उपदफा (१) बमोजिम सरुवा गरिने छ ।

ङ) सेवा निवृत्त हुन १ (एक) वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेको शिक्षकको अन्तर स्थानीय तहमा सरुवाका लागि सहमति प्रदान गरिने छैन ।

च) शिक्षक सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३६. काज सम्बन्धि व्यवस्था :**

१) सामुदायिक विद्यालयमा कार्यरत कुनै पनि शिक्षकलाई नगर शिक्षा समितिले आवश्यकता र औचीत्यताका आधारमा कुनै पनि विद्यालयमा काज खटाउन सक्नेछ ।

२) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकलाई शिक्षा समितिले शिक्षा महाशाखा, नगरका शैक्षिक कार्यक्रमहरु तथा शैक्षिक प्रशासनका क्षेत्रहरुमा काज खटाउन सक्नेछ । यसरी काज खटाउनु पूर्व निजले अध्यापन गर्ने विद्यालय र विषयको पठन पाठनको सुनिश्चितता गर्नु पर्नेछ ।

**३७. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धि व्यवस्था :**

१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक र संघीय तथा प्रादेशिक कानून एवं उपमहानगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक र कर्मचारीको दरबन्दि रहनेछ ।

२) प्रधानाध्यापक छनोट गर्नका लागि सम्बन्धित तहको शिक्षक पदमा कम्तीमा २ (दुई) बर्ष सेवा गरेका स्थायी शिक्षकहरु मध्येबाट मुल्यांकन बिधि अपनाई छनौट गर्नु पर्नेछ ।

३) प्रधानाध्यापकको पदावधि ५ (पाँच) वर्षको हुनेछ । निजसोही विद्यालयको प्रधानाध्यापक पदमा पुनः नियुक्त हुन सक्ने छैन ।

४) उपदफा (३) मा लेखिएको कुनै कुराले एउटा विद्यालयमा एक कार्यकाल पूरा गरेका प्रधानाध्यापकलाई अर्को विद्यालयमा प्रधानाध्यापक हुन कुनै बाधा परेको मानिने छैन ।

५) प्रधानाध्यापकले नगरपालिकासँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

६) कार्य सम्पादन सम्झौता अनुसार प्रधानाध्यापकले कार्य गर्न नसके नगर शिक्षा समितिले जुनसुकै बखत निजलाई हटाउन सक्नेछ । तर यसरी हटाउनु पूर्व निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

७) प्रधानाध्यापकको छनौट सम्बन्धी कार्यिविधि, नियुक्ति, सेवा, शर्त र सुविधा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८) महिला शिक्षकलाई प्रधानाध्यापक बनाउन थप प्रोत्साहन अंक प्रदान गरी कार्यसम्पादन करार मूल्यांकन लगायत तोकिएको मापदण्डका आधारमा प्रधानाध्यापक नियुक्त गर्न सकिनेछ ।

९) प्रधानाध्यापकको छनौट गर्दा माध्यमिक तहका लागि शिक्षाशास्त्र विषय वा विज्ञान विषयमा स्नातकोत्तर तह र आधारभूत तहको लागि शिक्षाशास्त्र वा विज्ञान विषयमा स्नातकतह उतीर्ण गरेको सम्वन्धित तहको स्थायी शिक्षक मात्र उम्मेदवार हुन पाउनेछन् ।

१०) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरुको नियुक्ति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११) उपदफा (२) र (९) वमोजिमको अतिरिक्त शिक्षा समितिले योग्यता पुगेका व्यक्तिलाई व्यवस्थापन सुधारका लागि विशेष व्यवस्थागरी नगर शिक्षा समितिले प्रधानाध्यापकको व्यवस्था गर्न सक्नेछ ।

१२) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**३८. दरबन्दी मिलान :**

१) प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र अन्य तहमा विद्यार्थी सङख्या तथा सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा नगर शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ । दरवन्दी मिलान प्रत्येक वर्ष विद्यालयवाट प्राप्त तथ्याङ्कलाई सत्यापन गरेर मात्र गरीनेछ ।

२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानवाट सरुवा हुने शिक्षकले पत्र पाएको मितिले १ (एक) हप्ता भित्र रमाना लिई तोकिएको विद्यालयमा हाजिर भईसक्नु पर्नेछ । यसरी हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाइ नगर शिक्षा समितिको निर्णय अनुसार तोकिए बमोजिम कारवाही गर्नु पर्नेछ ।

३) कुनै बिषयमा आवश्यक नभएका शिक्षक दरबन्दी वा बढी भएका दरबन्दी नगर शिक्षा समितिले फाजिलमा राखेछ । यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई नगर शिक्षा महाशाखाले व्यवस्थापन गर्नेछ । कुनै कारणले यस्ता शिक्षकको पद रिक्त भएमा पदपूर्ति गरिने छैन ।

**४) देहाय अनुसार दरबन्दी मिलान गर्न सकिनेछ :**

क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान गरिसकेपछि विद्यालयलाई दरबन्दी नपुग भएमा नगरपालिकाले आफ्नो स्रोतमा थप दरबन्दी सिर्जना गर्न सक्नेछ ।

ख) शिक्षक पदमा शिक्षक पदपूर्ति गर्दा नगरपालिका स्तरीय शिक्षण सेवा समिति मार्फत व्यवस्था गरिनेछ ।

ग) शिक्षण सेवाको अन्य व्यबस्था दफा ३४ अनुसार हुनेछ ।

५) दरबन्दी मिलान सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. शिक्षकको पेशागत महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

१) संघीय कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न शिक्षक महासंघ रहनेछ ।

२) नेपाल शिक्षक महासंघ नगर स्तरमा गठन गर्न सकिनेछ ।

**३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन उपमहानगरपालिकामा सिफारिश गर्नु पर्नेछ :**

क) तोकिए बमोजिमका पदीय दायित्व पुरा नगरेमा,

ख) बिना सूचना लगातार १५ (पन्द्र) दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा मासिक तलब लिने गरी अन्य काम गरेमा वा अन्य कुनै व्याबसायिक कृयाकलाप गरेमा, तर उपदफा (३) (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन वा प्रचलित कानून बमोजिम काम गर्न बाधा परेको मानिने छैन ।

ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

च) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

छ) स्थायी आवासीय अनुमति लिएमा,

ज) तोकिए वमोजिक शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेमा,

४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर कार्यपालिकाले निजलाई पदवाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि सफाइको मनासिब मौका भने प्रदान गरिनेछ ।

५) प्रत्येक शिक्षकले आफ्नो शैक्षिक योग्यता अनुसार प्र.अ.ले स्वीकृत गरेको समय तालिका अनुसार अध्यापन गर्नुपर्ने छ । यसरी तल्लो तहको शिक्षकले माथील्लो कक्षामा अध्यापन गर्दा विद्यालय व्यवस्थापन समिति थप आर्थीक भार वहन गर्न बाध्यहुने छैन ।

६) प्रत्येक शिक्षकले साप्ताहिक रुपमा कम्तिमा २५ घण्टी अध्यापन गर्नु पर्नेछ ।

७) विद्यालय (०-१२ कक्षा) भित्र मौजुदा शिक्षक (निजी स्रोत समेत) ले उप–दफा

६) वमोजीम अध्यापन गर्दा वढी संख्या हुन आउने शिक्षकलाइ शिक्षा महाशाखाले अन्य विद्यालयमा सरुवा गरी व्यवस्थापन गर्ने छ ।

८) विद्यालयमा शिक्षक उपलव्ध भएसम्म कक्षा १-३ सम्म ग्रेड शिक्षण गर्नुपर्ने छ ।

९) शिक्षक, कर्मचारी सबैले तोकिए वमोजिम कार्य सम्पादन सम्झौता गर्नुपर्नेछ । त्यसको आधारमा कार्यसम्पादन मुल्यांकन गरिनेछ ।

१०) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

**४०. शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापन** :

१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ । सो सम्बन्धि गुनासोको अध्ययन गरी सम्भव भएको उपाय अपनाई तोकिए बमोजिम सम्बन्धित निकायले गुनासो फछ्र्यौट गर्नु पर्नेछ ।

२) विद्यालय तहबाट फछ्र्यौट हुन नसके उचित कारण खोलि ३० (तीस) दिन भित्र स्थानीय शिक्षा अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

३) विद्यालय तहबाट प्राप्त गुनासोको ३० (तीस) दिन भित्र प्रचलित कनून अनुसार सम्बोधन गर्नु स्थानीय शिक्षा अधिकारीको कर्तव्य हुनेछ ।

४) स्थानीय शिक्षा अधिकारीले फछ्र्यौट गर्न नसकेको पेशागत गुनासो नगर शिक्षा समितिमा पेश गरिनेछ ।

५) नगर शिक्षा समितिले गरेको गुनासो फस्यौंट अन्तिम हुनेछ ।

**४१. अदालतको आदेशबाट पुनः वहाली हुन सक्नेः**

१) कुनै पनि शिक्षक वा कर्मचारीले कानुन वमोजिम सजाय पाइ नोकरीबाट हटाइएको वा बर्खास्त भएमा अदालतको आदेश वा फैसला वमोजिम मात्र नोकरीमा पुनः वहाली हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीवाट हटेदेखि पुनः वहाली भएको मिति सम्मको पूरा तलव, भत्ता र तलव वृद्धि आदेश वा फैसला बमोजिम प्राप्त गर्नेछ ।

**४२. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने** :

दफा (४१) को उपदफा (२) मा उल्लेखित अवस्था तथा दफा (३९) को उपदफा ३ (घ) मा भएको व्यवस्था को प्रतिकूल नहुने गरी वा नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

**४३. दरवन्दी स्वीकृत गर्नु पर्ने** :

१) सामुदायिक विद्यालयले सरकारी दरबन्दीमा वाहेक अन्य स्रोतवाट शिक्षक नियुक्ति गर्नको लागि तोकिए वमोजिम तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा बाट विद्यालयले आफ्नो दरबन्दी बिश्लेषण तथा कार्यभार स्वीकृत गराएर मात्र भर्ना गर्नु पर्नेछ । यसरी दरवन्दी स्वीकृत नगरी कुनै विद्यालयले शिक्षक

नियुक्ति गरेमा नियुक्त शिक्षकलाइ भुक्तानी गरेको तलव, भत्ता र अन्य रकमहरु निर्णय तथा नियुक्ति गर्ने पदाधिकारीले विद्यालय शिक्षा विकास कोषमा तिर्नु पर्नेछ ।

२) यस सम्बन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद -८

## दण्ड, सजाय, पुरस्कार तथा सम्मान

**४४. दण्ड र सजाय** :

१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाइ संघीय र प्रादेशिक कानून बमोजिम मुद्दा हेर्ने अधिकारीले विगो असूल गरी बिगो वमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएम त्यस्तो व्यक्तिलाइ कसूरको अवस्था हेरी संघीय र प्रदेशिक कानूनमा व्यवस्था भएकोमा सोही वमोजिम र नभएमा रु.१००,०००।- एक लाख रुपैया सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवैसजाय हुनेछ :

क) प्रस्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही तथा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृती बेगर प्रबेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रण लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाण पत्र जारी गरेमा,

ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परीक्षाको लागि रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाण-पत्र जारी गरेमा,

ट) दफा (४९) अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा,

३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको किनारा नलागे सम्म स्वत निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरीएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

४) उपदफा (१) र (२) मा लेखिएको देखि बाहेक कसैले यो ऐन वा ऐन अन्तगत वनेको नियम उल्लघन गरेमा तोकिएको अघिकारीले देहाय वमोजिम सजाय गर्न सक्नेछ ः

क) विद्यालयका शिक्षक र कर्मचारीलाई बिभागीय सजाय र जरिवाना गर्ने,

ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने,

ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्ने,

घ) विद्यालयलाइ सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्ने ।

**४५. पुरस्कार तथा सम्मान**

१) शिक्षा विकास, गुणस्तरीय शिक्षा, विद्यार्थीको सर्वाङर्गिण विकासमा विशेष टेवा पुऱ्याउने विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक तथा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरु वा अन्य व्यक्ति र संस्थाहरुलाई उपमहानगरपालिकाले तोकिए बमोजिम विभिन्न मापदण्डको आधारमा सम्मान र पुरस्कारको व्यवस्था गर्नेछ ।

२) यस्तो पुरस्कारको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. सम्पत्ति सम्वन्धी मुद्धाको तहकिकात र जाहेरी :**

सम्पत्ति सम्बन्धी मुद्धाको तहकिकात, जाहेरी सम्बन्धी ब्यवस्था संघीय, प्रादेशिक र स्थानीय कानूनमा तोकिए वमोजिम हुनेछ ।

**४७. पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनराबेदन लाग्नेछ ।

## परिच्छेद-९

## विद्यालयको सम्पत्ति व्यवस्थापन

**४८. विद्यालयको सम्पत्तिः**

१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति उपमाहानगरपालिकाले अन्य विद्यालय, सामुदायिक बाल विकास केन्द्र, उपमहानगरपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, सङ्ग्राहलय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच बिखन गरी प्राप्त भएको रकम नगर शिक्षा विकास कोषमा जम्मा हुनेछ ।

३) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ, संस्था संग दान, दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि उपमहानगरपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ

संस्थावाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः उपमहानगरपालिकाको हुनेछ ।

६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**४९. विद्यालय सम्पत्ति संरक्षण तथा व्यवस्थापन समितिः**

१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण र व्यवस्थापन तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहनेछ :

क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको सदस्य - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) मालपोत र नापी प्रशासन सम्वन्धी काम गर्ने नेपाल सरकारको तृतीय श्रेणीको अधिकृत २ (दुई) जना - सदस्य

घ) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धि बिषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक संचालन सम्बन्धि ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## विद्यालयको शुल्क निर्धारण सम्वन्धी व्यवस्था

**५०. विद्यालयको वर्गीकरण :**

विद्यालयको बर्गीकरण सम्बन्धी ब्यवस्था संघीय कानून अन्तगत तोकिए बमोजिम हुनेछ ।

५१. संस्थागत र सहकारी विद्यालयको सुल्क निर्धारण सम्वन्धी व्यवस्था ः

१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहनेछ :

क) नगर शिक्षा समिति अध्यक्ष - अध्यक्ष

ख) सामाजिक समिति संयोजक - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) संस्थागत वा सहकारी विद्यालयको बि.ब्य.स. अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ (एक) जना - सदस्य

ङ) अभिभावकका क्षेत्रमा कामगरेका संघ/सस्थाका अध्यक्षहरु मध्य बाट नगर प्रमुखले मनोनीत गरेको १ (एक) जना - सदस्य

च) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ ।

३) बिद्यालयको बर्गीकरणका आधारमा मात्र शुल्क निर्धारण गरिनेछ ।

४) शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## क्षमता अभिवृद्धि, सुपरिवेक्षण तथा शैक्षिक गुणस्तर

५२. विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्धि तथा सुपरिवेक्षणको व्यवस्थाः

१) नगरपालिकाले विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्दि तथा सुपरिपेक्षणको आवश्यक स्रोत र कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

२) यस्तो कार्य गर्न आवश्यक महसुस गरिएमा नगरपालिकाले थप जनशक्ति व्यवस्था गर्न सक्नेछ । यसरी नियुक्त गर्दा विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये विद्यायललाई पठन-पाठनमा अवरोध नआउने गरी समेत व्यवस्था मिलाउन सकिनेछ ।

३) यस ऐन कार्यान्वयनमा आउँदाको हकमा, यस्तो नियुक्ति गर्नु परेमा यस नगरपालिका भित्र पहिले नै कार्यरत स्रोत व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

४) शिक्षा महाशाखामा कार्यरत अधिकृत छैटौ, सातौं र आठौं स्तरका कर्मचारीहरु स्वतः फिल्डमा खटिने कर्मचारी हुनेछन् । तोकिएको विद्यालयमा गई सुपरिवेक्षण सम्वन्धि गरेका कार्यहरुको प्रतिवेदन प्रत्येक १५ (पन्ध्र) दिनमा नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ । संघीय सरकारले विगतमा नियुक्त गरेका विद्यालय निरिक्षक र स्रोत व्यक्तिहरुले प्राप्त गर्ने गरेको सुविधा नगरपालिकाले फिल्डमा खटिए वाफत उपलब्ध गराउनेछ ।

५) सुपरिवेक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५३. कार्यसम्पादन मुल्यांकन**

१) नगरपालिका भित्र स्थापित विद्यालयहरु, कार्यरत शिक्षक, प्रधानअध्यापक तथा विद्यालय व्यवस्थापन समितिको नगर स्तरीय कार्यसम्पादन मुल्यांकनको व्यवस्था गरिनेछ ।

२) कार्यसम्पादन मुल्यांकन सम्बन्धि अन्य व्यवस्था संघिय कानून बमोजिम हुनेछ ।

**५४. गुणस्तर मापन तथा मुल्यांकन**

१) नगरपालिकाको आफ्नो क्षेत्र भित्र रहेका विद्यालयहरुको सिकाई स्तर तथा शैक्षिक गुणस्तर मूल्यांकान र परीक्षण कार्यहरु गर्न सक्नेछ ।

२) यस्तो कार्य गर्न स्थानिय, प्रदेश स्तरिय, राष्ट्रिय वा अन्तराष्ट्रिय विज्ञ, विश्व विद्यालय, गैरसरकारी, सरकारी वा अन्य संघ संस्थासँग सहकार्य गर्न सक्नेछ ।

३) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्यांकनका मापदण्ड र शर्तहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१२
## विविध

**५५. अनुमति वा स्वीकृति रद्द गर्ने :**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्रतगत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीको सिफारिशमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**५६. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय क्षेत्र भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२) तोकिए बमोजिम बाहेक कुनैपनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईनेछैन ।

३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

४) विद्यालय हाता भित्र कुनै पनि राजनीतिक दलको भेला, सेमिनार, गोष्ठी वा आम सभा गर्न पाइने छैन ।

५) बालबालिकालाई बालबालिकासंग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गर्न गराउन पाइने छैन ।

६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५७. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्थाः**

१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, सीपमूलक तालिम, ट्यूशन, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालनको लागि अनुमती दिने सम्बन्धी ब्यवस्था संघीय कानून बमोजिम तोकिए अनुसार हुनेछ ।

३) उपदफा (१) र (२) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम उपमहानगरपालिकाले बन्द गर्नेछ भने त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानून बमोजिम कारवाही गरिनेछ ।

**५८. प्रगति विवरण बुझाउनु पर्नेः**

प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको एक महिना भित्र तोकिए बमोजिमको विवरणहरु समावेश गरी वार्षिक प्रगति विवरण नगर शिक्षा महाशाखामा बुझाउनु पर्नेछ ।

**५९. साझेदारी वा सहकार्य गर्न सकिने :**

विद्ययालय व्यवस्थापन सुधार, गुणस्तरिय शिक्षा विकास तथा विद्यार्थीहरुको सिकाई अभिवृद्धि सम्बन्धि कार्य गर्नका लागि प्रचलित कानून वमोजिम सञ्चालनमा रहेका गैरसरकारी वा गैर नाफामूलक संस्थासंग उपमहानगरपालिकाले पारस्परीक साझेदारी वा सहकार्य गर्न सक्नेछ ।

**६०. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार :**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न उपमहानगरपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरुमा आवश्यक नियम बनाउन सक्नेछ ।

क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

ख) विद्यालयलाई दिइने अनुदान,

ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन,

घ) अक्तिरिक्त तथा सहक्रियाकलाप,

ङ) विद्यार्थी भर्ना र विद्यार्थी संख्या सम्बन्धि,

च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

छ) विद्यालयको आय-व्यय जाँच र विद्यालयको खाता संचालन,

ज) विद्यालयको किताब, बहि र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

झ) संघीय र प्रादेशिक कानूनको परिधिमा रहेरविद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण तथा स्वीकृति,

ञ) शिक्षक तथा विद्यार्थी आचार संहिता,

ट) विद्यालय र समुदायमा पुस्तकालय तथा वाचनालय,

ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धि तालिम,

ड) भाषा शिक्षण, ट्यूशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

ण) विद्यार्थी परिवहन,

त) संस्थागत विद्यालयको सञ्चालन सम्बन्धि सम्पूर्ण विषयहरु,

थ) गुठी विद्यालय सञ्चालन सम्बन्धी,

द) स्रोत केन्द्र र स्रोत व्यक्ति ,

ध) सहकारी विद्यालय सञ्चालन सम्बन्धि,

न) युवा तथा खेलकुद,

प) प्राविधिक र वहुप्राविधिक शिक्षालय सञ्चालन सम्वन्धि

फ) विज्ञ समूह गठन सम्बन्धी,

ब) ऐनमा उल्लेखित अन्य विषयहरु ।

२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तरगत रहेर नगर कार्यपालिकाले आवश्यक निर्देशिका कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**६१. स्वयंसेवक परिचालन गर्न सकिनेः**

१) आवश्यक विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेका स्नातकलाई नगर विकासमा सहभागी गराउन नगरपालिकाले त्यस्तो स्नातकलाई शैक्षिक स्वयंसेवकको रुपमा परिचालन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम स्वयंसेवाप्रदान गर्ने स्नातकलाई आवश्यक तालिम तथा निर्बाहका लागि प्रतिमहिना निर्वाह खर्च उपलब्ध गराउनेछ ।

३) स्वयम्सेवकले सम्झौता बमोजिमको काम गर्दा सम्झौता बमोजिम पाउने सुविधा र उपदफा (२) बमोजिम पाउने निर्वाह खर्च बाहेक अन्य कुनै पारिश्रमिक र रकम पाउनेछैन ।

४) स्वयंसेवाको अवधि बढीमा २ (दुई) वर्षको हुनेछ ।

५) सम्झौता अनुसार सफल कार्य सम्पादन गर्ने स्वयंसेवकलाई नगरपालिकाले स्वयंसेवा पूरा गरेको प्रमाणपत्र दिनेछ ।

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विषयमा अध्ययन पूरा गरी उपाधि प्राप्त गर्न आवश्यक व्यवहारिक अभ्यास (इन्टर्नशीप) र तोकिएको शर्त पूरा गरी स्वेच्छाले थप व्यवहारिक अभ्यास गरेकोमा त्यसरी गरेको थप व्यवहारिक अभ्यासको अवधिलाई पनि स्वयंसेवा गरेको मानिनेछ ।

७) स्वयंसेवा परिचालन गर्दा नगरपालिकाले स्वयमसेवा परिचालनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त संस्थाहरुसंग सहकार्य र समन्वय गर्न सक्नेछ ।

८) स्वयंसेवा संचालन तथा परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६२. बाल क्लवः**

१) हरेक विद्यालयमा विद्यार्थीहरुको नेतृत्व र क्षमता वृद्धि गर्न तथा उनीहरुको विद्यालयप्रति अपनत्वको भावना विकास गर्न र सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन बाल क्लवको गठन गरिनेछ ।

२) बालक्लवको गठन विधि, प्रक्रिया, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**६३. संस्थागत विद्यालयको हकमा लागु नहुनेः**

यस ऐनको दफाहरु (३४), (३५), (३६), (३८), (४०), (४२) र (४३) संस्थागत विद्यालयको हकमा लागु हुने छैन ।

**६४. शिक्षा सल्लाहकार नियुक्त गर्न सक्नेः**

नगर प्रमुखले शिक्षा क्षेत्रमा विशेष योगदान गरेका व्यक्तिहरु मध्येबाट उपमहानगरपालिकालाई आर्थिक भार नपर्ने गरी विज्ञ सल्लाहकार नियुक्त गर्न सक्नेछन ।

**६५. प्राविधिक शिक्षालय संचालन गर्न सक्ने** :

उपमहानगरपालिकाले आफ्नै लगानीमा वा साझेदारीमा गैर नाफा मुलक प्राविधिक शिक्षालय संचालन गर्न सक्नेछ । यसरी संचालन गर्दा विश्वविद्यालय अथवा सि.टि.इ.भि.टी. बाट सम्वन्धन प्राप्त गर्नुपर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

**६६. तेस्रो पक्षबाट मुल्याकन गराउन सक्नेः**

यस उपमहानगरपालिका क्षेत्र भित्र संचालित सम्पूर्ण वा कुनै एक शैक्षीक कार्यक्रम को मुल्याङ्कन तेस्रो पक्षबाट गराउन सक्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

**६७. सक्रमणकालिन व्यवस्था** :

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली बनाउँदा सम्म कार्यपालिकाले आवश्यक कार्यविधि तोकि निर्देशन गर्न सक्नेछ ।

**६८. वाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा-अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ तर त्यस्तो आदेश लगत्तैको नगर सभाबाट ऐन संशोधन प्रक्रियाबाट अनुमोदन भई ऐनमा समावेश हुनु पर्नेछ अन्यथा सोतह बदर हुनेछ ।

**६९. बचाउ र खारेजी** :

१) यो ऐन वा यस ऐन अन्तगत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तगत कारबाही चलाउन वाधा पर्ने छैन ।

३) यो ऐन जारी हुनुपूर्व यस सम्बन्धी कार्यपालिका, शिक्षा समिति र शिक्षा महाशाखाबाट भए गरेका कार्यहरु यसै अनुरुप भए गरेको मानिनेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको स्वास्थ्य ऐन, २०७५

*पारित मिति २०७५/१२/२७*

**प्रस्तावनाः**

नगरबासीहरुलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा स्थानीय सरकारको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा १२६ तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरेको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम तुलसीपुर उप–महानगरपालिका स्वास्थ्य ऐन, २०७५ रहेको छ ।

ख) नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले तुलसीपुर उप–महानगरपालिकाको स्वास्थ्य ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले तुलसीपुरउप–महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ६ अनुसार उप–महानगरपालिकामा गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबद्र्धन केन्द्र, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

**परिच्छेदः २**

**आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था**

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा

प्रदायकहरु ३ प्रकारका हुनेछन ।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य प्रबद्र्धन केन्द्र, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी्र, आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछन ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **नगर स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) उप–महानगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय र व्यवस्थापन गर्न नगर स्वास्थ्य समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः

(क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य – अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक – सदस्य

(ग) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको १ जना – सदस्य

(घ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना – सदस्य

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना – सदस्य

(च) कार्यपालिकाको सदस्यहरुमध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना – सदस्य

(छ) उप–महानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख – सदस्य सचिव

(२) नगर स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) आफ्नो कार्य क्षेत्रभित्रको स्वास्थ्य योजना तयार गर्ने ।

(ख) उप–महानगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति तथा स्वीकृति सम्बन्धी उप–महानगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गराउने ।

(च) स्वास्थ्य विशष्ोज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहँुच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगर कार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. नगर स्वास्थ्य अनुगमन समिति गठनः**

(१) उप–महानगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न नगर स्वास्थ्य अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः

(क) नगर उप प्रमुख – अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक – सदस्य

(ग) नगरसभाका सदस्यहरू मध्येबाट अध्यक्षले तोकेको एक जना महिला सहित २ जना – सदस्य

(घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधि मध्येबाट अध्यक्षले तोकेको एकजना –सदस्य

(ङ) नगरभित्रका स्वास्थ्य व्यवसायी संघहरु मध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जना –सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मंचको प्रमुख वा प्रतिनिधि एक जना –सदस्य

(छ) उप–महानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख – सदस्य सचिव

(२) नगर स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकारः– नगर स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**७. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टा छुट्टै ब्यवस्थापन समिति गठन गरिने छ । उप– महानगरपालिका प्रमुख संरक्षक रहनेछ ।

(क) सम्वन्धित वडाको वडाध्यक्ष –अध्यक्ष

(ख) वडाध्यक्ष बाट मनोनित गरेको ब्यक्ति –उपाध्यक्ष

ग) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट १ जना–सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव –सदस्य

(ङ) समितिले मनोनित गरेको स्थानीय ब्यापार संघको प्रतिनिधि –सदस्य

(च) संरक्षकबाट मनोनित स्थानीय महिला १ जना –सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख –सदस्य सचिव

यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि शहरी स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको कार्यक्षेत्रका स्वास्थ्य संस्था रहेका वडा भन्दा वाहेकका वडा अध्यक्षहरु पदेन सदस्य रहनेछन । शहरी स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हकमा शहरी स्वास्थ्य प्रवर्धन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका–२०७४ बमोजिम हुनेछ ।

२) **स्वास्थ्य संस्था ब्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन्ः**

क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत उप–महानगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(ङ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

८. **बैंक खाता सञ्चालनः** हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण उप–महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

९. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड**

(१) अस्पतालः उप–महानगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न उप–महानगरपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकीः उप–महानगरपालिकाले प्रत्येक वडा अर्थात् जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य केन्द्र या शहरी स्वास्थ्य प्रबद्र्धन केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहने छ । आवश्यकता अनुसार उप महानगरपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, प्रयोगशाला सेवा, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

(ग) उपकरणः प्राथमिक उपचारका आधारभूत उपकरण ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्रः उप–महानगरपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि समुदाय वा ट्रष्टहरु सँगको साझेदारीमा वा उप–महानगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकपरे उप–महानगरपालिकाले थप जनशक्ति तोक्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

(४) माथि जुनसुकै कुरा लेखिय पनि निजी स्वास्थ्य संस्थाहरुको संचालन स्विकृति तथा अनुगमन सम्वन्धमा तुलसीपुर उपमहानगरपालिकाले तयार पारेको स्वास्थ्य संस्था संचालन तथा स्तर उन्नती मापदण्ड २०७५ बमोजिम हुनेछ ।

**१०. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।**

(१) उप–महानगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्था द्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैयासम्मको सञ्चालन अनुमति उप–महानगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा उप–महानगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमाभित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशय पत्रमा उल्लेख गरिएको समय सीमाभित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) उप–महानगरपालिकाले नगर क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ ।

**११. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः**

उप–महानगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तीमा २ जना एमविविएस डाक्टर, कम्तीमा ४ जना स्टाफ नर्स, कम्तीमा एक जना ल्याव टेक्निसियन, फार्मेसी सहायक, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व., ३ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसी हुनुपर्ने ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापन प्रणाली भएकोहनु पर्ने ।

(४) अन्य पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ ।

(५) उप महानगरपालिकाले थप मापदण्ड तोकी लागु गर्न सक्नेछ ।

**१२. पोलिक्लिनिक सञ्चालनको अनुमतिः**

(१) उप–महानगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृति लिनु पर्नेछ ।

**१३. मेडिकल प्रयोगशाला सञ्चालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित उप–महानगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला सञ्चालन गर्ने स्थान, घर धनी र संचालक बीचको घर भाडा सम्बन्धी संझौता पत्र,

(३) प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ,

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ,

(६) प्रस्तावित लागत,

**१४.फार्मेसी सञ्चालनको अनुमतिः**

फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फर्मले उप–महानगरपालिकामा अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पुरा गरी औषधी व्यवस्था बिभागबाट स्वीकृति लिएको फार्मेसी सञ्चालन अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

**१५. मापदण्ड पुरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि उप–महानगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त प्रयोगशाला प्राविधिक बाहेकका ब्यक्तिले रगत, दिसा पिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सो को आम जनतालाई जानकारी दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक तथा फार्मेसी प्राविधिक बाहेक अरुले औषधी बेचेको पाइएमा तोकिए बमोजिम जरिवाना अनुमति खारेज गर्न सकिनेछ ।

**१६. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः**

निजी लगानी र ट्रष्ट मार्फत् सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कूल शैयाको कम्तीमा १० प्रतिशत शैया उप– महानगरपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहीहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

**परिच्छेदः४**

**स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेविका सम्बन्धी व्यवस्था**

**१७. स्वास्थ्यकर्मीहरुको व्यवस्थापनः** उपमहानगरपालिकाभित्रका सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन्

(१) स्थायीः उप–महानगरपालिकाको सेवामा रहेका नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु मध्यवाट तहगत प्रणाली अनुसार जिम्मेवारी दिइने छ ।

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा उप–महानगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(३) महिला स्वास्थ्य स्वयंसेविकाहरु

**१८. महिला स्वास्थ्य स्वयं सेविकाको व्यबस्थाः**

स्वास्थ्य सेवालाई घरघरको पहँुच मा पु¥याउन र जनचेतना फैलाउन उप–महानगरपालिकाले स्वास्थ्य आमा समुहको छनौटमा स्वास्थ्य संस्थाको सिफारिसमा महिला स्वास्थ्य स्वयं सेविकाहरु नियूक्ति गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयं सेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा प्रति १५०० जनसंख्याको लागि एक जना महिला स्वास्थ्य स्वयम सेविकाको आमा समुहले छनोट गरी स्वास्थ्य संस्थाले तुलसीपुर उपमहानगरपालिका स्वास्थ्य महाशाखामा जानकारी गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको आधारभुत तालिम व्यवस्थापन गरीने छ । उप–महानगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुको कामको उचित मुल्याङकन र सम्मान गर्दै दिर्घ सेवा सम्मान ६० बर्षमा र शारिरीक रुपमा अशक्त, दिर्घ रोगी भएमा पनि उक्त सेवा उपलव्ध गराई विदाई गरिने छ र नयाँ नियुक्ति गर्दा कम्तीमा माध्यमिक शिक्षा परीक्षा कक्षा उतिर्ण वा सो सरहलाई मात्र नियुक्ति दिइने छ ।

(५) कुनै पनि संस्थामा कार्यरत तलवी कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

(६) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुहको अनुरोध र स्वास्थ्य संस्थाको सिफारिस अनुसार ६० वर्षको उमेरसम्म आफनो सेवा प्रदान गर्न सक्ने छन् । सिफारिस नभएमा वा ६० वर्ष पुरा भएपछि स्वतः पदमुक्त हुनेछ ।

**१९. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिने छ ।

**२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्यूनतम दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता परेमा उप–महानगरपालिकाल करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) करार सेवामा कर्मचारीको नियुक्ति तुलसीपुर उप–महानगरपालिकाको करारमा प्राविधिक कर्मचारी नियुक्ति गर्ने कार्यविधि २०७५ बमोजिम हुनेछ ।

**२१. कर्मचारी सरुवाः** स्वास्थ्यकर्मीहरुको उप–महानगरपालिकाभित्रको आन्तरिक सरुवा स्वास्थ्य महाशाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतवाट हुनेछ ।

**२२. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(१) उप–महानगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य महाशाखा हेर्ने अधिकृत सँग उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२३. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२४. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि उप–महानगरपालिका स्वास्थ्य महाशाखाले प्रक्रिया अघि वढाउनेछ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२६. औषधी तथा स्वाध्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको ब्यवस्था उप–महानगरपालिका स्वास्थ्य महाशाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण स्थानीय स्वास्थ्य संस्थाले माग गरे वमोजिम ३०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले उप महानगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र उप–महानगरपालिकाको स्वास्थ्य महाशाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) उप–महानगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२८.सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन**

(१) उप–महानगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बिमा कार्यक्रमलाई

प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेदः ७

## महामारी रोकथाम, फोहर मैला व्यवस्थापन सम्बन्धी व्यवस्था

### २९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टाभित्र नजिकको स्वास्थ्य संस्था वा स्वयं सेविकालाई टिपोर्ट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ७ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयं सेविकालाई टिपोर्ट गराउनु पर्नेछ ।

(३) टिपोर्ट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा उप–महानगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

### ३०. महामारी रोक थाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा उप–महानगरपालिकाले सोको प्रभाव क्षेत्र निक्रयौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्व साधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

### ३१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि उप–महानगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागु पदार्थ जन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था हाट वजार जस्ता क्षेत्रहरुको १०० मिटरभित्र धुम्रपान र मदिरापान बिक्री वितरण तथा सेवन निषेध गर्नेछ ।

(४) खाद्य पदार्थ सँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा उप–महानगरपालिकाले कारवाही गर्न सक्नेछ ।

**३२. स्वास्थ्य संस्था जन्य फोहर मैला व्यवस्थापन**

(१) उप–महानगरपालिका स्वास्थ्य महाशाखाले स्वास्थ्य संस्थाबाट उत्पादन हुने औषधी तथा मेडिकल जन्य फोहोरमैला व्यवस्थापनको निम्ती मापदण्ड सहितको आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उप–महानगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाहरुमा औषधी तथा मेडिकल जन्य फोहरमैला व्यवस्थापनको लागि अनिवार्य रुपमा वार्षिक कार्य योजना बनाई सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद ८
## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस** (१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र उप–महानगरपालिकाबाट सिफारिस लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि उप–महानगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई उप–महानगरपालिका स्वास्थ्य महाशाखाले समन्वय गर्ने छ ।

३५. स्वास्थ्य आमा समूह, म.स्वा.से. सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. उप–महानगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक रुपमा उप–महानगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. उप–महानगरपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ÷संस्था, ट्रष्ट र ब्यक्तिहरु सँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३८. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**३९. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**४०. संक्रमणकालीन व्यवस्थाः**

यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**४१. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा– अड्काउ परेमा उप–महानगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश नगरसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**४२. बचाउ र लागु हुनेः**

(१) यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ पहिलो सशोधन

पारित मितिः २०७५/१२/२७
पहिलो संशोधन मितिः २०७८/०१/१०

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरेकाले तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालन भैरहेका र हुने विद्यालय लगायत अन्य शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गरी सबै बालबालिकाको विद्यालय शिक्षा पाउने मौलिक हकको सम्मान गर्दै उपमहानगरपालिकाभित्रका सबै बालबालिकाहरुको लागि क्रमशः अनिवार्य, निःशुल्क, गुणस्तरीय र जीवनोपयोगी विद्यालय शिक्षाको व्यवस्था गरी सक्षम नागरिकको माध्यमबाट राष्ट्र निर्माणको आधार तयार पार्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ (१), अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) र २१ ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १
## (प्रारम्भिक)

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्राथमिक शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ

(ग) "माध्यमिक शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ

(घ) "नगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनुपर्छ ।

(ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन वा बहिरा वा अटिज्म वा बौद्धिक अपाङ्गता वा सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष रुपमा दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(छ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषय वस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म वा दश कक्षा पछिको ३ (तीन) वर्षे पाठ्यक्रम अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ज) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफा मूलक र नेपाल सरकारबाट नियमित रुपमा अनुदान वा सहयोग वा समपुरक पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले धार्मिक विद्यालय (गुम्वा वा गुरुकूल वा मदरशा) समेतलाई जनाउनेछ ।

(झ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) “सहकारी विद्यालय” भन्नाले सहकारी मूल्य, सिद्धान्तमा आधारित भई कम्तिमा २०० (दुई सय) शेयर सदस्य भएको, कुल पूंजीमा १ (एक) जना शेयर सदस्यको बढीमा १० (दश) प्रतिशतसम्म हिस्सा कायम भएको एवं बचत तथा ऋणको कारोबार नगर्ने र शेयर पूंजी तथा जगेडा कोषको लगानी हुने मूल आधारमा प्रचलित कानून बमोजिम स्वीकृत विनियम अनुसार शिक्षा सम्बन्धीमात्र कार्य गर्ने स्वीकृती पाई शिक्षालय वा विद्यालय सञ्चालन (दर्ता) अनुमति प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(ट) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियम र निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ड) “अनुमति” भन्नाले नेपाल सरकार वा उपमहानगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको स्थायी÷अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) “निशुल्क शिक्षा” भन्नाले तोकिएको शीर्षकहरुमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनुपर्छ । यो व्यवस्थाले नेपालको संविधानको धारा ३९ को उपधारा २ बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी उपमहानगरपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

(ण) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा उपमहानगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै संस्था वा व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनुपर्छ ।

(थ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीनकार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) “प्रारम्भिक बालशिक्षा” भन्नाले ३ (तीन) बर्ष देखि ५ (पाँच) बर्षसम्मका बालबालिकाहरुलाई दिइने दुई बर्षे शिक्षा सम्झनुपर्छ ।

(ध) “शिक्षक छनौट समिति” भन्नाले स्वीकृत दरवन्दी तथा थप अनुदान राहत कोटामा करारमा शिक्षक नियुक्तिको सिफारिश गर्न गठन भएको नगर स्तरीय शिक्षक छनौट समिति लाइ सम्झनु पर्छ ।

(न) “समावेशी शिक्षा” भन्नाले दृष्टिविहीन, न्यूनदृष्टियुक्त, बहिरा, सुस्त–श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही सकेसम्म घर–परिवारबाट अलग नराखी दिइने शिक्षा सम्झनुपर्छ ।

(प) “शिशु स्याहार” भन्नाले ३ (तीन) वर्ष मुनिका बालबालिकालाई तोकिएको मापदण्ड बमोजिम उचित स्याहार सहित प्रदान गरिने विद्यालय बाहिरको सेवा सम्झनुपर्छ ।

(फ) “शिक्षा ऐन, २०२८” भन्नाले तत्काल कार्यान्वयनमा रहेको शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई सम्झनुपर्छ ।

(ब) “शिक्षा महाशाखा” भन्नाले तुलसीपुर उपमहानगरपालिका अन्तरगतको शिक्षा, युवा तथा खेलकुद महाशाखालाई सम्झनुपर्छ ।

(भ) “कार्यपालिका” भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(म) “स्थानीय शिक्षा अधिकारी” भन्नाले शिक्षा सेवाको रा.प.द्वितीय श्रेणी, उपसचिव(नवौं÷ दशौतह)पदका शिक्षा महाशाखा हेर्ने प्रमुखलाई सम्झनु पर्छ ।

३(म१)“शिक्षा महाशाखा प्रमुख” भन्नाले शिक्षा महाशाखामा कार्यरत शिक्षा सेवाको वरिष्ठतम कर्मचारीलाईसम्झनु पर्छ र स्थानीय शिक्षा अधिकारीले गर्ने सम्पूर्ण कामकाज शिक्षा महाशाखा प्रमुखले गरेकोमानिने छ ।

## पच्छिेद–२

## विद्यालयको स्थापना, कक्षा थप, समायोजन तथा सिकाइ केन्द्र सम्बन्धीव्यवस्था

३. **विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्नेः**

(१) कसैले विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पुरा गरी वडा समितिको सिफारिश सहित शैक्षिक शत्र सुरु हुनु भन्दा ४ (चार) महिना अगावै उपमहानगरपालिकाको शिक्षा महाशाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर संघीय, प्रादेशिक र उपमहानगरपालिकाको कानून अनुसार उपमहानगरपालिकाको शिक्षा महाशाखाले आवश्यक जाँचवुझ गरी नगर शिक्षा समितिमा पेश गर्नेछ र उक्त विषयको प्रतिवेदनलाई राय सहित कार्यपालिकामा सिफारिश गर्नेछ ।

(३) शिक्षा समितिको सिफारिशलाई अध्ययन गरी कक्षा थप वा नयाँ विद्यालय सञ्चालन अनुमती दिने नदिने निर्णय कार्यपालिकाले गर्नेछ । अनुमति प्राप्त विद्यालयहरुलाई स्थानीय शिक्षा अधिकारीले तोकिए बमोजिमको ढांचामा प्रमाणपत्र दिनेछ ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नाफा कमाउने उद्देश्यले कम्पनीको रुपमा विद्यालय सञ्चालनको अनुमति दिइने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिए पनि कुनै विद्यालयले कम्पनी खारेज गरी कानूनमा भएको व्यवस्था अनुसार शैक्षिक गुठी वा सहकारीमा रुपान्तरण हुन बाधा पर्ने छैन ।

(६) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय ।

७) संघीय तथा प्रादेशिक कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा ३० (तीस) जना र नीजि गुठी भए कम्तीमा ७ (सात) जना सदस्य भएको संगठित संस्था हुनु पर्ने

(ख) शैक्षिक गुठीको आय–व्ययका श्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवन कालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघीय र प्रादेशिक कानूनमा व्यवस्था भएकोमा बाहेक उपमहानगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) संघीय कानून अनुसार कुनै विदेशी शिक्षण संस्था संग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानून अनुसार हुनेछ तर ती विद्यालयको अनुगमन, निरीक्षण र आधारभूत तहको परीक्षार्थीको मूल्याङ्कन उपमहानगरपालिकाबाट हुनेछ ।

(९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुनेछ ।

(१०) गैरनाफामुलक विशेष सेवा सुविधायुक्त संस्थागत विद्यालय, गैरनाफामुलक तथा सहकारीमा आधारीत विद्यालय लाई अनुमति दिदा पहिलो वर्ष कक्षा ०–५ (प्राथमिक तह), दोस्रो वर्ष

कक्षा ६–८ (आधारभुत तह), त्यस पछि प्रत्येक वर्ष एक कक्षा मात्र थप गर्ने गरी अनुमति दिन सकिने छ ।

(११) यस दफा सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **<u>नविकरणको व्यवस्थाः</u>**

(क) हरेक वर्षको शैक्षिक सत्र सकिनु अगावै संस्थागत तथा निजि विद्यालयहरुले आफुले सञ्चालन गर्ने कक्षारभर्ना योजना सहित शिक्षा महाशाखामा नविकरण गर्नु पर्नेछ ।

(ख) नविकरण शुल्क शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

५. **<u>विद्यालय खोल्नका लागि पूर्वाधार पुरा गर्नु पर्नेः</u>**

(१) सामुदायिक तथा संस्थागत विद्यालयहरुले पुरा गर्नुपर्ने पूर्वाधारहरु तोकिए बमोजिम हुनेछ । प्रचलित कानून अनुसार तोकिएको पूर्वाधार तयार नहुँदासम्म विद्यालयहरुलाई सञ्चालनको अनुमति दिइने छैन ।

(२) यो ऐन जारी हुँदा सञ्चालनमा रहेका संस्थागत विद्यालयको पूर्वाधार तोकिएको अवधिभित्र पुरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पुरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द हुनेछ ।

(३) सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व संघ, प्रदेश र उपमहानगरपालिकाको हुनेछ ।

६. **<u>उपमहानगरपालिकाले विद्यालय सार्न वा समायोजन वा नाम परिवर्तन गर्न वा कक्षा स्थगन गर्न वा बन्द गर्न सक्नेः</u>**

(१) सामान्यतया देहायको अवस्थामा विद्यालयहरु स्वतः समायोजन हुनेछन :

(क) दुई वा सो भन्दा बढि विद्यालयहरु बीचको पैदल दुरी सहज आवागमन सहित बढीमा ३० (तीस) मिनेट वा दुई किलो मिटरसम्म भई कक्षा ५ (पांच)सम्म सञ्चालन रहेको,

(ख) २ (दुई) वा सो भन्दा बढी विद्यालयका विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा समितिको सिफारिश सहित उपमहानगरपालिकामा निवेदन दिएमा,

(ग) कुनै पनि विद्यालयमा तोकिएको भन्दा कम विद्यार्थी भएमा तिनीहरुको शिक्षाको लागि उपमहानगरपालिकाले दफा ६ (१) बमोजिमको विद्यालयमा वा अन्य विद्यालयमा सवै विद्यार्थीहरुलाई अध्ययनको व्यवस्था मिलाएमा ।

(२) बिद्यार्थी संख्याको आधारमा वा विद्यालय नक्साङ्कनको आधारमा, विद्यालयमा कक्षा स्थगन वा बन्द गर्न आवश्यक देखिएमा शिक्षा समितिले कार्यपालिकामा सीफारिस गर्नेछ ।

(३) विद्यार्थी संख्या न्यून रही ३० (तीस) मिनेटको दूरीभित्र रहेका प्राथमिक तहका (१—५) कक्षाहरु १ वा १ भन्दा वढि शिक्षा समितिले स्थगन गर्न सक्नेछ । कक्षा स्थगन अस्थायी प्रकृतिको हुनेछ ।

(४) यस दफा बमोजिम अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

७. **आवासीय विद्यालय सञ्चालन गर्न सक्नेः**

(१) उपमहानगरपालिकाले नगर क्षेत्रभित्रका विकट र छरिएका ग्रामीण बस्तीहरुमा सञ्चालित दफा (५) को उपदफा (ग) बमोजिम समायोजन गरिएका विद्यालयमा अध्ययनरत विद्यार्थी तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चितताको लागि तोकिएको विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न सक्नेछ ।

(२) यस्ता विद्यालयहरुमा तोकिए बमोजिमका विद्यार्थी तथा विद्यालय उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरुले निशुल्क आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्नेछन् ।

(३) अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा गुणस्तरीयता सुनिश्चित गर्न तुलसीपुर उपमहानगरपालिकाले समायोजन गरेका विद्यालयका वालवालिकालाई तोकिए बमोजिम यातायातको व्यवस्था गरी अन्य विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ ।

(४) यस दफा सम्बन्धी अन्य व्यवस्था तोकिय वमोजिम हुनेछ ।

८. **शाखा विद्यालय सञ्चालन गर्न सक्नेः**

तोकिएको सीमा भन्दा कम विद्यार्थी सङ्ख्या भई कुनै सामुदायिक विद्यालय तत्काल अन्य विद्यालयमा समायोजन हुन सक्ने अवस्था नभएमा सो विद्यालयलाई वडाभित्रको वा नजीकैको कुनैमाध्यमिक विद्यालयको शाखा विद्यालयको रुपमा सञ्चालन हुने गरी उपमहानगरपालिकाले तोक्न सक्नेछ । यसरी तोकिएको विद्यालयको व्यवस्थापन समिति मातृ विद्यालयले तोके बमोजिम हुनेछ ।

९. **ठुला (मेघा) विद्यालय सञ्चालन गर्न सक्नेः**

(१) हाल सञ्चालनमा रहेका कुनै इच्छुक विद्यालयले दफा (४) मा उल्लेखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधार र सर्त पुरा गरेमा उपमहानगरपालिकाले ठूला विद्यालयको रुपमा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ :

(क) कम्तिमा २५०० (दुई हजार पांचसय) भन्दा बढी विद्यार्थी भएको,

(ख) न्यूनतम तहगत र विषयगत दरवन्दी भएको,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा तोकिएको स्तर कायम गरेको तथा माध्यमिक शिक्षा परीक्षा र एस.इ.इ. परीक्षाको नतिजा राष्ट्रिय स्तरको भन्दा उच्च रहेको,

(घ) पर्याप्त जमिन तथा पूर्वाधार भएको वा विकास गर्न सकिने आधार भएको,

(२) यस्ता विद्यालयहरुलाई संघ वा प्रदेश वा उपमहानगरपालिकाले देहायका क्षेत्रमा थप लगानी गर्न सक्नेछः

(क) कक्षा कोठा, प्रयोगशाला र अन्य पूर्वाधार विकास तथा यातायात व्यवस्थापनमा,

(ख) विद्यार्थी सङ्ख्या र सञ्चालित कक्षा (सेक्सन समेत) को आधारमा थप विषयगत शिक्षकको व्यवस्थापन,

(ग) निशुल्क शिक्षा कार्यान्वयन तथा दफा ६ (१) बमोजिमको विद्यालय सञ्चालन नहुँदासम्म दफा (५) को उपदफा (१) ग बमोजिम समायोजन भएको विद्यालयका विद्यार्थीहरुलाई आवासको व्यवस्थाका लागि आवास भवन निर्माण तथा छात्राबास सञ्चालनका लागि अनुदान दिने,

१०. <u>सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः</u>

(१) उपमहानगरपालिकाले समुदायमा पुस्तकालय स्थापना र संचालन, साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतनामूलक कार्यहरु समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) सिकाइ केन्द्रका लागि तोकिएको मापदण्डमा आधारित भएर अनुदानको व्यवस्था गर्नेछ ।

११. <u>प्रारम्भिक बाल विकास शिक्षा सम्बन्धीव्यवस्थाः</u>

(१) तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक बाल शिक्षा सञ्चालनको अनुमति सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर शिक्षा समितिले दिनेछ ।

(२) प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक विद्यालयको अवधि २ (दुई) वर्षको हुनेछ ।

(३) ३ (तीन) वर्ष उमेर नपुगेका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गर्न तथा ५ (पाँच) वर्ष पुरा भएका बालबालिकालाई यस्ता केन्द्रमा राखिरहन पाइने छैन ।

(४) सामुदायमा आधारित बाल विकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई मातृ विद्यालयको रुपमा तोकिए बमोजिम सञ्चालन गरिनेछ ।

१२. <u>अनौपचारिक शिक्षा सम्बन्धीव्यवस्थाः</u>

(१) उपमहानगरपालिकाले आफ्ना नागरिकहरुको शिक्षा सम्वन्धी विविध आवश्यकता पुरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुल्ला शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको तोकिए बमोजिम व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद–३

## पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षाको माध्यम र परीक्षा सम्बन्धीव्यवस्था

**१३.** <u>पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धीव्यवस्थाः</u>

(१) विद्यालयले संघीय र प्रादेशिक कानूनमा तोकिए बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक अध्यापन गराउनुपर्ने छ ।

(२) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक विकास र व्यवस्थापन तथा पाठ्यपुस्तकको उपलव्धता सम्बन्धमा अनुगमन लगायतका कामको लागि तोकिए बमोजिमको पाठ्यक्रम विकास तथा अनुगमन समिति रहनेछ ।

१४. <u>थप पाठ्यपुस्तक तथा पाठ्यसामाग्री अध्यापन गर्न स्वीकृति लिनुपर्ने:</u>

(१) कुनै विद्यालयले थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोगको लागि तोकिए बमोजिमको आधार र प्रकृया पुरा गरी स्थानीय शिक्षा अधिकारीबाट स्वीकृति लिनुपर्नेछ ।

(२) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति स्थानीय शिक्षा अधिकारीबाट लिनु पर्नेछ ।

१५. <u>शिक्षाको माध्यम:</u>

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुन सक्नेछ । तर देहायको अवस्थामा शिक्षाको माध्यम निम्न बमोजिम हुन सक्नेछ ।

(क) प्राथमिक शिक्षा (कक्षा १–५) मातृ भाषामा दिन सकिनेछ,

(ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(ग) शिक्षणको माध्यम सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ,

१६. <u>परीक्षाको सञ्चालन:</u>

(१) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) नगर परीक्षा समितिले संचालन र प्रमाणिकरण गर्नेछ । कक्षा ५ (पांच) को अन्तिम परीक्षा तथा विभिन्न कक्षाको सिकाइ उपलब्धि परीक्षा तोकिए बमोजिम सञ्चालन हुनेछ ।

(२) माध्यमिक तह (कक्षा १०–१२) को परीक्षा संघीय तथा प्रादेशिक कानून अनुसार सञ्चालन हुनेछ ।

## परिच्छेद–४

## कार्यपालिका, नगर शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय शिक्षा अधिकारी र वडा समितिको काम, कर्तव्य र अधिकार

१७. <u>कार्यपालिका:</u>

(१) शिक्षा सम्बन्धीनीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(२) नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

(३) शिक्षा सम्बन्धीवार्षिक, अल्पकालिन र दीर्घकालीन योजना स्वीकृत गर्ने,

(४) शिक्षा सम्बन्धीअन्य आवश्यक निर्णय गर्ने र निर्देशन दिने ।

१८. <u>नगर शिक्षा समिति:</u>

(१) नगर क्षेत्रभित्र संञ्चालन हुने विद्यालयको सञ्चालन र ब्यवस्थापनको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहने छ ।

(क) उपमहानगरपालिको प्रमुख वा निजले तोकेको कार्यापालिकाको सदस्य — अध्यक्ष

(ख) नगर कार्यपालिकाको शिक्षा हेर्ने बिषयगत समितिको सदस्य –सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक जना –सदस्य

(घ) सामुदायिक विद्यालयको प्रतिनिधित्व हुने गरी विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापक मध्येबाट उपमहानगरपालिकाको प्रमुखले मनोनित गरेको कम्तिमा एक जना महिला सहित तीन जना –सदस्य

(ङ) संस्थागत विद्यालयको छाता संगठनहरुमध्ये उपमहानगरपालिको प्रमुखले मनोनित गरेको एकजना –सदस्य

(च) नगर शिक्षा समितिले शिक्षाविद मध्येबाट मनोनयन गरेको एक जना –सदस्य

(छ) संघीय कानून अनुसार गठन भएको नगर स्तरिय शिक्षक महासंघको अध्यक्ष –सदस्य

(ज) कार्यपालिका वा नगरसभा सदस्य मध्येबाट उपमहानगरपालिकाको प्रमुखले मनोनित गरेको एकजना –सदस्य

(झ) कार्यपालिकाले मनोनयन गरेको शिक्षा विज्ञ सल्लाहकार १ (एक) जना –सदस्य

(ञ) उपमहानगरपालिकाको स्थानीय शिक्षा अधिकारी–सदस्यसचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल २(दुई) बर्षको हुनेछ ।

(३) मनोनित सदस्यहरु सकेसम्म समाबेशी र सकेसम्म१ (एक) जना अपांग हुनु पर्नेछ ।

(४) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(५) नगर सिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनको अन्यत्र लेखिए बाहेक देहाय वमोजिम हुनेछः

(क) शिक्षा सम्बन्धी नगर स्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक बिद्यालयलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी कार्यपालिकामा सिफारिश गर्ने,

(ग) सामुदायिक बिद्यालयहरुको लेखा परीक्षणका लागि लेखा परीक्षकको सूचीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने,

(घ) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त शिक्षक तथा कर्मचारी दरबन्दी बितरण र मिलान गर्ने, नगरभित्र शिक्षकको सरुवा र पदस्थापन गर्ने, प्रधानाध्यापकको नियुक्ति गर्ने ।

(ङ) विद्यालय ब्यवस्थापन समितिलाई निर्देशन दिने,

(च) नगर शिक्षा समितिको अन्य काम कर्तब्य अधिकार र वैठक सम्बन्धीकार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. <u>प्रमुख प्रशासकीय अधिकृतः</u>

(१) शिक्षा सम्बन्धीनीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र नगरसभामा पेस गर्न सुझाव दिने,

(२) शिक्षाका कार्यक्रमहरुको अनुगमन, निरीक्षण, समन्वय र निर्देशन गर्ने,

(२) प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धीअन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. <u>स्थानीय शिक्षा अधिकारीः</u>

(१) उपनगरपालिकामा शिक्षा सम्बन्धी शाखा वा महाशाखा प्रमुखको रुपमा एक स्थानीय शिक्षा अधिकारी रहनेछ । यो ऐनको अन्यत्र लेखिए बाहेक निजको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाई, सामुदायिक सिकाई केन्द्र, धार्मिक विद्यालय, बिशेष शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धिनीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी नगर शिक्षा समितिमा पेस गर्ने,

(ख) नगरसभा, कार्यपालिका र नगर शिक्षा समितिको निर्णयहरु कार्यान्वयन गर्ने,

(ग) आधारभूत तहको परिक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन गर्ने,

(घ) नगर प्रमुखको निर्देशन र निर्णयहरु पालना र कार्यान्वयन गर्ने,

(ङ) प्रमुख प्रशासकीय अधिकृतको निर्देशन र निर्णयहरु पालना र कार्यान्वयन गर्ने ।

(२) स्थानीय शिक्षा अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२१. <u>वडा समितिः</u>

(१) विद्यालय उमेर समूहका, विद्यालय बाहिर रहेका वालवालिकाको अभिलेख राखी विद्यालय पठाउन आवश्यक कार्य गर्ने,

(२) भर्ना अभियान सञ्चालन गर्ने ,

(३) वडाभित्रका विद्यालयहरु बीच समन्वय गर्ने,

(४) विद्यालयलाई आवश्यक आर्थीक, भौतिक सहयोग गर्ने,

(५) वडा समितिका शिक्षा सम्बन्धीअन्य कामहरु तोकिए बमोजिम हुनेछ ।

२२. **विद्यालय व्यवस्थापन समितिः**

विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति हुनेछ ।

(१) सामुदायिक विद्यालयको व्यवस्थापन समिति

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा २ (दुई) जना महिला सहित ४ (चार) जना –सदस्य

(ख) नगर प्रमुखले मनोनित गरेको स्थानीय समाजसेवी सहित १ (एक) जना महिला पर्ने गरी २ (दुई) जना –सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष वा वडा समितिले तोकेको सो समितिको सदस्य १ (एक) जना –सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई उल्लेख्य सहयोग गरेका स्थानीय व्यात्तिहरु मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनीत गरेको १ (एक) जना महिला सहित दुईजना –सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानेको १ (एक) जना –सदस्य

(च) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिको लागि अभिभावकको भेलाले उपदफा (१) को खण्ड १ (क) अनुसारका सदस्यहरु छानेको मितिले ७ (सात) दिनभित्र वि.व्य.स. को पहिलो बैठक बसी उपदफा (१) को खण्ड १ (घ) अनुसारको सदस्यहरु मनोनयन गरिसक्नु पर्नेछ ।

(३) खण्ड (२) अनुसार सदस्य मनोनयन गरेको मितिले १५ (पन्द्र) दिनभित्र वि.व्य.स. को दोस्रो बैठक बसी उपदफा (१) को खण्ड (१) को (क) बमोजिमका सदस्यहरुले आफूहरु मध्येवाट वि.व्य.स. अध्यक्ष छान्नु पर्नेछ ।

(४) खण्ड (३) बमोजिम बैठक बसी अध्यक्ष छनोट गर्न नसकेमा खण्ड (३) बमोजिम तोकिएको समय वितेको ५ (पांच) दिनभित्र सो व्यहोरा प्रधानाध्यापकले नगर शिक्षा समितिमा प्रतिवेदन सहित पेश गर्नु पर्नेछ । सो प्रतिबेदन प्राप्त भएपछि उपरोक्त खण्ड (१) को (क) बमोजिमका सदस्यहरु मध्येवाट नगर शिक्षा समितिले अध्यक्ष मनोनयन गर्नेछ ।

(५) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा नगरपालिका क्षेत्रभित्रका सम्बन्धित बिषय तथा व्यवसायसंग आवद्धहरुमध्ये नगर शिक्षा समितिले मनोनित गरेको बढीमा २ (दुई) जना थप सदस्य रहनेछन् ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा २५% (पच्चिस प्रतिशत) सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावकहरु रहनेछन् ।

(७) व्यवस्थापन समितिका पदाधिकारीहरुको योग्यता र गठन सम्बन्धीअन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(८) शैक्षिक गुणस्तर वृद्दि गर्न आवस्यक व्यवस्था मिलाउनुका अतिरिक्त सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन स्रोतको परिचालन प्रचलित कानून अनुसार गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालय सञ्चालन सम्बन्धमा हुने महत्वपूर्ण विषयमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गर्ने

(घ) विद्यालयमा कायम रहेका दरवन्दीलाई तोकिए बमोजिम बिषय परिवर्तन गर्नुपर्ने भएमा औचित्य सहित नगर शिक्षा समितिमा सिफारिश गर्ने,

(ङ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

२. **संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने छ –

(क) विद्यालयको सिफारिशमा नगर शिक्षा कार्यालयबाट मनोनित भएका व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ (एक) जना – सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येवाट वडा समितिको सिफारिशमा नगरप्रमुखले मनोनित गरेको १ (एक) जना महिला सहित कम्तिमा २(दुई) जना – सदस्य

(घ) नगर शिक्षा प्रमुखले तोकेको सो कार्यालयको एक जना प्रतिनिधि – सदस्य

(ङ) सम्बन्धीत विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको १ (एक) जना शिक्षक – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको व्यक्ति सिफारिश गर्दा सम्बन्धित विद्यालय कम्पनी अन्तरगत सञ्चालित भए कम्पनीको शेयर सदस्य मध्येबाट र सहकारी अन्तरगतबाट सञ्चालित भए सहकारीको शेयर सदस्य मध्येबाट सिफारिश गर्नु पर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धीव्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) संस्थागत तथा सहकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिन हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि साधन र स्रोतको प्राप्ति र परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने,

(ग) अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाइ शिक्षक पदमा नियुक्ति गर्ने,

(घ) नेपाल सरकारले तोकेको न्यूनतम तलव स्केलमा नघटाइ शिक्षक तथा कर्मचारीलाइ तलव दिने,

(ङ) शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा २ (दुई) महिना पहिले आगामी शैक्षिक सत्रको लागि शुल्क प्रस्तावगरी नगर शिक्षा महाशाखाको कार्यालयमा पेशगर्ने ।

(५) दफा २२ (१) र (२) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा तोकिएको निकाय वा अधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदवाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौका वाट बञ्चित गरिने छैन ।

(६) विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य अधिकार र बैठक सम्बन्धीकार्यविधि तोकिए बमोजिन हुनेछ ।

२३. <u>विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः</u>

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष सहितको प्रतिवेदनको आधारमा सम्बन्धित वडा समितिले सिफारिश गरेमा नगर शिक्षा समितिले छानविन गर्दा सो सिफारिस प्रमाणित भएमा त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापनसमितिलाईआफ्नो सफाइ पेश गर्ने मनासिब माफिक मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले ३(तीन) सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२४. <u>विद्यालय सञ्चालन कार्यविधिः</u>

(१) यो ऐन र प्रचलित कानूनको अधिनमा रही प्रत्येक विद्यालयले आफ्नो लक्ष्य, मूल्य, मान्यता,सञ्चालन प्रक्रिया, शिक्षक, कर्मचारी, अभिभावक तथा अन्य सरोकारवालाहरुको आचार संहिता, शिक्षक कर्मचारी, अभिभावक, विद्यार्थी र अन्य सरोकारवालाको जिम्मेवारी, कर्तव्य र दायित्व तथा विद्यालय सञ्चालन विधि र प्रक्रिया लगायत अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विद्यालय सञ्चालन विनियम, अभिभावक भेलाबाट पारित गरी नगर शिक्षा समितिबाट स्वीकृत गराइ कार्यान्वयन गर्नु पर्नेछ ।

(२) विद्यालय सञ्चालन विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(३) विद्यालय सञ्चालन विनियम सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५
## आर्थिक प्रबन्ध, सहायता र छुट

२५. **नगर शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन तथा ऐनको अन्य व्यवस्था कार्यान्वयनका लागि तुलसीपुर उपमहानगरपालिका अन्तर्गत नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयको वार्षिक आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिए बमोजिमको रकम,

(च) दफा (३२) को उपदफा (४) बमोजिम संस्थागत विद्यालयबाट प्राप्त रकम,

(छ) चन्दा, दान, दातब्यबाट प्राप्त रकम,

(ज) शिक्षा सम्बन्धी करको ब्यवस्था बापत प्राप्त हुने रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) अनुदान वा अन्य रुपमा कोषमा प्राप्त हुने स्रोतमा उल्लेखित शर्त बमोजिमको शिर्षकमा खर्च हुने बाहेकको नगर शिक्षा विकास कोषमा प्राप्त हुने रकमबाट नगर शिक्षा विकास अक्षय कोष स्थापना गर्नु पर्नेछ । कोषमा प्राप्त हुने रकम सर्ब प्रथम नगर शिक्षा विकास कोषमा जम्मा गर्नु पर्नेछ र नगर शिक्षा विकास कोषमा खर्च नभई बांकी भएको रकम मात्र नगर शिक्षा विकास अक्षय कोषमा जम्मा गर्नु पर्नेछ । नगर शिक्षा विकास अक्षय कोषमा रकम जम्मा भई सके पछि अक्षय कोषबाट रकम निकाल्न पाईने छैन अक्षय कोष क्रमसः बृद्धि हुदै जानेछ । अक्षय कोषको ब्याज आम्दानीबाट उपदफा (४) बमोजिम खर्च गर्न पाईनेछ ।

(४) नगर शिक्षा विकास अक्षय कोषको रकम स्वतन्त्र सूचनाको प्रतिस्पर्धा आधारमा धेरै ब्याज प्राप्त हुने “क” बर्गको बैंकमा जम्मा गर्नु पर्नेछ र अक्षय कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको २० % (बीस प्रतिशत) रकम पूनः नगर शिक्षा विकास अक्षय कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ८० % (असी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई सामुदायिक विद्यालयहरुको शैक्षिक विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

(५) नगरको सामुदायिक विद्यालयहरुको शैक्षिक विकासमा खर्च गर्ने गरी नगर शिक्षा विकास कोष तथा नगर शिक्षा विकास अक्षय कोषको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमेजिम हुनेछ ।

(६) नगर शिक्षा विकास कोष तथा नगर शिक्षा विकास अक्षय कोषको खाता संचालन नगर शिक्षा महाशाखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृतले तोकेको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) नगर शिक्षा विकास कोष तथा नगर शिक्षा विकास अक्षय कोषको आन्तरिक तथा महालेखा परिक्षकबाट लेखा परिक्षण हुनेछ ।

(८) कुनै कारणबाट नगर शिक्षा विकास अक्षय कोष खारेज हुन गएमा कोषमा भएको रकम नगरपालिकाको संचित कोषमा हस्तान्तरण हुनेछ ।

२६. <u>विद्यालय विकास कोषः</u>

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ । विद्यालय विकास कोष स्थापना गर्नु प्रत्येक विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

(२) विद्यालय विकास कोषको श्रोत

(क) अनुदान,

(ख) ऋण,

(ग) चन्दा, दान, दातब्य

(घ) भाडा, शुल्क,

(ङ) निजी तथा अन्य आम्दानी ।

(३) कानूनमा वा स्रोत अनुसार स्पष्ट तोकिएर खर्च गर्ने भनिएको शिर्षकका रकमहरु बाहेकको रकम उपदफा (१) बमोजिम कोषमा अक्षय (नमासिने) रुपमा जम्मा गरी राख्नु पर्नेछ ।

(४) विद्यालय विकास कोष स्थापना तथा बृद्धि गर्न नगरपालिकाले एक पटक विउ पूंजी रकम अनुदान स्वरुप सामुदायिक विद्यालयको अवस्था हेरी उपलब्ध गराउन सक्नेछ ।

(५) विद्यालय विकास कोषको नियमानुसार सामाजिक र लेखा परिक्षण गर्नु पर्नेछ ।

(६) विद्यालय विकास कोषको रकम सार्वजनिक सूचनाको प्रतिस्पर्धा आधारमा धेरै ब्याज प्राप्त हुने “क” बर्गको बैंकमा जम्मा गर्नु पर्नेछ र कोष बापत प्राप्त हुने बार्षिक ब्याज रकमको ४० % (चालीस प्रतिशत) रकम पूनः विद्यालय विकास कोषमा जम्मा गर्नु पर्नेछ र बांकी ६०% (साठी प्रतिशत) रकम तोकिए बमोजिम कार्यक्रम बनाई विद्यालयहरुको शैक्षिक विकास कार्यक्रममा उपयोग गर्नु पर्नेछ ।

(७) कोष विद्यालय रहदासम्म अविच्छिन्न सञ्चालनमा रहनेछ भने विद्यालय समायोजन भएको खण्डमा कोष समायोजन हुने विद्यालयको विद्यालय विकास कोषमा समायोजन गर्नु पर्नेछ । कुनै कारणबाट विद्यालय विकास कोष बेवारिसे हुन गएमा कोषको रकम नगर शिक्षा विकास अक्षय कोषमा हस्तान्तरण गर्नु पर्नेछ ।

(८) उपदफा (१) वमोजिमको कोषको रकम हिनामिना तथा दुरुपयोग गरेमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानून बमोजिम कार्वाही हुनेछ र सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(९) विद्यालय विकास कोषको खाता संचालन विद्यालयका प्रधानाध्यापक र विद्यालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(१०) विद्यालय विकास कोषमा प्रत्येक महिना वा प्राप्ती श्रोत आधारमा रकम जम्मागर्नु विद्यालयको कर्तव्य हुने छ ।

(११) विद्यालय विकास कोष संचालन सम्बन्धमा यो ऐन तथा प्रचलित कानून प्रतिकुल नहुने गरी अक्षय कोषको मर्म अनरुप ब्यवस्थित रुपमा संचालन गर्न विद्यालयले कार्यविधि तर्जुमा गरी नियमानुसार स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(१२) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२७. <u>विद्यालय र बाल बिकास केन्द्रलाई अनुदानको व्यवस्थाः</u>

(१) नगरपालिकाले तोकिएको आधारमा सामुदायिक विद्यालय र बाल बिकास केन्द्रलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न यस दफाले वाधा पुयाएको मानिने छैन ।

(२) अनुदान सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. <u>विद्यालयलाई छुट र सुविधाः</u>

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालित विद्यालयलाई संघीय र प्रादेशिक कानूनमा भएको व्यवस्था बमोजिम छुट र सुविधा हुनेछ ।

(२) सामुदायिक वा शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालित विद्यालयलाई नगरपालिकाले आफूले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम विशेष छूट दिन सक्नेछ ।

## परिच्छेद–६

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृति सम्बन्धीव्यवस्था

२९. <u>अनिवार्य, निशुल्क आधारभूत शिक्षा सम्बन्धीव्यवस्थाः</u>

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकाहरुलाई तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध हुनेछ ।

(२) नेपालको संविधान प्रदत्त मौलिक अधिकार तथा नेपाल सरकारद्वारा जारी अनिवार्य तथा निशुल्क शिक्षा, शिक्षा ऐन २०७५ वमोजिम ४ (चार) वर्ष पुरा भई १३ (तेह्र) वर्ष पुरा नभएका बालवालिका लागि आधारभूत तहसम्म अनिवार्य शिक्षाको व्यवस्था गरिनेछ ।

(३) अनिवार्य शिक्षा उपलब्ध हुने उमेर समूहका वालवालिकालाई विद्यालयमा नपठाउने वा वालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी, व्यापारी वा अन्य व्यक्तिलाई नगरपालिकाले तोकिए बमोजिम दण्ड जरिवाना गर्नेछ । त्यस्ता व्यक्ति वा संस्थालाई नगरपालिकाबाट उपलब्ध हुने सेवा सुबिधा रोक्का वा स्थगन गरिनेछ ।

(४) जरिवाना तथा कारवाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. <u>निशुल्क माध्यमिक शिक्षा सम्बन्धीव्यवस्थाः</u>

(१) सामुदायिक विद्यालयबाट लक्षित उमेर समूह आधारभूत शिक्षा (०–८)का सबै बालवालिकालाई नगरपालिकालेतोकिएबमोजिम निशुल्क शिक्षा उपलब्ध गराउनेछ ।

(२) माध्यमिक शिक्षा (९–१२) को हकमा निःशुल्क शिक्षाको व्यवस्थापन संघीय र प्रादेशिक कानून अनुसार गरिनेछ ।

(३) दफा २८ (१) र दफा २९ (१) बमोजिम प्रदान गरिएको शिक्षामा कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराइ सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई स्थानीय शिक्षा अधिकारीले सचेत गराउने तथा प्रधानाध्यापकलाई विभागीय कारवाही गर्न सक्नेछ ।

(४) यस दफाको उप दफा(१),(२),(३) मा जेसुकै लेखिएता पनि कुनै अभिभावक, सर्वसाधारण नागरिक, साहु महाजन, दाता वा संघ संस्थाले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विदालयले लिन सक्नेछ ।

३१. <u>विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः</u>

नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृतिको व्यवस्था गर्न सक्नेछ ।

३२. <u>संस्थागत विद्यालयले छात्रवृति उपलब्ध गराउनु पर्नेः</u>

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्या वा प्रत्येक कक्षामा तोकिएको न्यूनतम विद्यार्थी सङ्ख्या जुन धेरै हुन्छ सो को १० % (दश प्रतिशत) मा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला,दलित वा जनजाति तथा अल्पसङ्ख्यक र अन्य समुदायका विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृतिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्नेछ । नगरपालिकाले छनौटको आधार सहितको निर्देशन दिएमा सो आधारलाई मुख्य आधार मानी छात्रवृत्ति छनौट गर्नु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि नगरपालिकाले थप कार्यविधि वनाई प्रत्येक विद्यालयका लागि छात्रवृतिको कोटा तोकि निर्दिष्ट प्रक्रिया मार्फत् परीक्षाका माध्यमबाट छात्रवृतिमा अध्ययन गर्ने विद्यार्थी आफै वा सम्वन्धित विद्यालयलाई नै छनौट र सिफारिश गर्न तोक्न सक्नेछ । यसरी छनौट र सिफारिश भएका विद्यार्थीलाई निशुल्क अध्यापन गराउनु सम्बन्धित विद्यालयको दायित्व हुनेछ तर उपदफा (१) बमोजिम निर्धारण भएको छात्रवृति कोटा बराबरको रकम सम्बन्धित विद्यालयले नगर शिक्षा समितिको कोषमा जम्मा गर्ने गरी तोक्न सक्नेछ । यसरी तोकिएको रकम नगर शिक्षा समितिले तोकिएको कार्यविधि

बमोजिम दफा (६) अनुसार स्थापित आवासीय विद्यालयमा अध्ययनरत विपन्न र लक्षित वर्गको छात्र छात्राहरुको आवासीय छात्रवृत्तिमा खर्च गर्नेछ ।

## परिच्छेद–७

## विद्यालय शिक्षण सेवाको गठन र सञ्चालन सम्बन्धीव्यवस्था

३३. **विद्यालय शिक्षण सेवाको गठनः**

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम उपमहानगरपालिकामा एक विद्यालय शिक्षण सेवा गठन हुनेछ ।

(२) शिक्षकहरुको सेवाको सर्त (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) संघीय र प्रादेशिक कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) संघीय र प्रादेशिक कानूनको अधिनमा रही उपमहानगरपालिकाले शिक्षकको सेवा, शर्त सम्बन्धीतोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

(४) विद्यालयमा कायम रहने शिक्षकहरुको दरबन्दी र पद तोकिए बमोजिम हुनेछ ।

३४. **शिक्षकको नियुक्तिः**

(१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहको नियुक्ती संघीय कानून बमोजिम शिक्षक सेवा आयोगको सिफारिशमा नगर शिक्षा समितिको निर्णय अनुसार स्थानीय शिक्षा अधिकारीले गर्नेछ ।

(२) विद्यालयमा रिक्त दरबन्दी तथा शिक्षक अनुदान कोटामा स्थायी पदपूर्ति नहुदासम्म करारमा शिक्षक नियुक्तिको व्यवस्था गर्न निम्न बमोजिमको नगर स्तरीय शिक्षक छनौट समिति हुनेछ । शिक्षक छनौट समितिको प्रशासनिक कार्य र जनशक्तिको व्यवस्था नगर शिक्षा महाशाखाले गर्नेछ ।

(क) नगर शिक्षा समितिको अध्यक्ष — अध्यक्ष

(ख) सदस्य सचिवले तोकेका तीनजना बिज्ञ — सदस्य

(ग) स्थानीय शिक्षा अधिकारी — सदस्य सचिव

(३) नगर स्तरीय शिक्षक छनौट समितिका सदस्यहरुको योग्यता देहाय अनुसार हुनेछ ।

(क) शिक्षा, शिक्षण, प्रशासन र व्यवस्थापन क्षेत्रमा अधिकृत वा सो सरहको स्तरमा कम्तिमा ५ (पांच) वर्ष काम गरेको ।

(ख) बिषयगत शिक्षक नियुक्त गर्ने परीक्षामा बिषयगत विज्ञहरु तोकिने छन ।

(ग) उपरोक्त अनुसार गठन हुने शिक्षक छनौट समितिका सदस्यहरु मध्ये विज्ञ सदस्यहरु स्नातकोत्तर तह उत्तिर्णा हुनुपर्नेछ ।

(४) समितिका सदस्यहरुको सेवा, सुविधा, बैठक तथा अन्य व्यवस्थापन तोकिए बमोजिमहुनेछ ।

(५) छनौट समितिबाट सिफरिस भएका व्यक्तिलाई विद्यालयले बढीमा १ (एक) शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्नेछ ।

(६) विज्ञहरु जिल्लाभित्रका रोष्टर शिक्षक वा अन्यबाट तोकिन सक्नेछन ।

(७) शिक्षक छनौट सम्बन्धमा करार शिक्षक छनौट समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमको पालना गर्नु पर्नेछ ।

(८) समितिले गरेका मुख्य मुख्य कार्य, सुधार गर्नु पर्ने पक्षहरु तथा तोकिएका अन्य विवरणहरु समाबेश गरी तयार पारिएको वार्षिक प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(९) नगर शिक्षा समितिले यस सम्वन्धी आंसिक वा पूर्ण अधिकार विद्यालय शिक्षक छनौट समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१०) यस सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **सरुवा सम्बन्धी व्यवस्थाः**

(१) उपमहानगरपालिकाभित्रका समुदायिक विद्यालयहरुमा आधारभूत तहको प्राथमिक शिक्षकहरुलाइ समान तहको दरवन्दीमा तथा आधारभूत तहका निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई सम्बन्धित बिषय र तहको दरबन्दीमा नगर शिक्षा समितिको निर्णयानुसार स्थानीय शिक्षा अधिकारीले तोकिए बमोजिम सरुवा गर्नेछ । सामान्यतया नगरभित्रका शिक्षकलाई ५ (पांच) बर्षको समय तोकी एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नु पर्नेछ । यसरी सरुवा भई अर्को विद्यालयमा गएका शिक्षक कम्तिमा ४ (चार) वर्ष र वढिमा ५ (पांच) वर्षसम्म सोही विद्यालयमा रहनेछन् । नि.मा.वि., मा.वि. र प्राविधिक धारका शिक्षकहरुको अध्यापनको विषयमा असर नपर्ने गरी मात्र सरुवा गरीने छ । सरुवा सम्वन्धि अन्य व्यवस्था देहाय वमोजिम हुनेछ ।

(क) दरबन्दीमा कार्यरत स्थायी शिक्षकलाई समयावधि भन्दा अगावै सरुवा गर्नु पर्ने भएमा कार्यरत विद्यालयको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी नगर शिक्षा अधिकारीले अर्को स्थानीय तहमा सरुवाको लागि सहमति दिन सक्नेछ ।

(ख) अन्य स्थानीय तह अन्तरगतका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भई यस उपमहानगरपालिकाभित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय तथा स्थानीय तहको सहमति र आउने विद्यालयको सहमति सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(ग) संघीय र प्रादेशिक कानूनमा अन्यथा व्यवस्था गरिएकोमा वाहेक अन्तर स्थानीय तह सरुवा गर्दा नगर स्तरीय शिक्षक छनौट समितिले परीक्षा (लिखित, मौखिक वा दुवै) लिई सवै भन्दा उच्च अङ्क प्राप्तगर्ने शिक्षकलाइ सरुवाको सिफारिश गर्नेछ ।

(घ) ऐन जारी हुनु भन्दा अघि देखि कार्यरत राहत,करार शिक्षक वा थप अनुदानमा कार्यरत शिक्षकलाइ पनि सोही दरबन्दी तथा थप अनुदान कोटामा उपदफा (१) बमोजिम सरुवा गरिने छ ।

(ङ) सेवा निवृत्त हुन १ (एक) वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेको शिक्षकको अन्तर स्थानीय तहमा सरुवाका लागि सहमति प्रदान गरिने छैन ।

(च) शिक्षक सरुवा सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **काज सम्बन्धीव्यवस्था:**

(१) सामुदायिक विद्यालयमा कार्यरत कुनै पनि शिक्षकलाई नगर शिक्षा समितिले आवश्यकतारऔचीत्यताका आधारमा कुनै पनि विद्यालयमा काज खटाउन सक्नेछ ।

(२) सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकलाई शिक्षा समितिले शिक्षा महाशाखा, नगरका शैक्षिक कार्यक्रमहरु तथा शैक्षिक प्रशासनका क्षेत्रहरुमा काज खटाउन सक्नेछ । यसरी काज खटाउनु पूर्व निजले अध्यापन गर्ने विद्यालय र विषयको पठन पाठनको सुनिश्चितता गर्नु पर्नेछ ।

३७. **प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धीव्यवस्था:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक र संघीय तथा प्रादेशिक कानून एवं उपमहानगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक र कर्मचारीको दरबन्दि रहनेछ ।

(२) प्रधानाध्यापक छनोट गर्नका लागि सम्बन्धित तहको शिक्षक पदमा कम्तीमा २ (दुई) बर्ष सेवा गरेका स्थायी शिक्षकहरु मध्येबाट मुल्यांकन बिधि अपनाई छनौट गर्नु पर्नेछ ।

(३) प्रधानाध्यापकको पदावधि ५ (पाँच) वर्षको हुनेछ । निजसोही विद्यालयको प्रधानाध्यापक पदमा पुनः नियुक्त हुन सक्ने छैन ।

(४) उपदफा (३) मा लेखिएको कुनै कुराले एउटा विद्यालयमा एक कार्यकाल पुरा गरेका प्रधानाध्यापकलाई अर्को विद्यालयमा प्रधानाध्यापक हुनकुनैबाधापरेकोमानिनेछैन।

(५) प्रधानाध्यापकले नगरपालिकासँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(६) कार्य सम्पादन सम्झौता अनुसार प्रधानाध्यापकले कार्य गर्न नसके नगर शिक्षा समितिले जुनसुकै बखत निजलाई हटाउन सक्नेछ । तर यसरी हटाउनु पूर्व निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(७) प्रधानाध्यापकको छनौट सम्बन्धी कार्यिविधि, नियुक्ति, सेवा, शर्त र सुविधा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) महिला शिक्षकलाई प्रधानाध्यापक बनाउन थप प्रोत्साहन अंक प्रदान गरी कार्यसम्पादन करार मूल्यांकन लगायत तोकिएको मापदण्डका आधारमा प्रधानाध्यापक नियुक्त गर्न सकिनेछ ।

(९) प्रधानाध्यापकको छनौट गर्दा माध्यमिक तहका लागि शिक्षाशास्त्र विषय वा विज्ञान विषयमा स्नातकोत्तर तह र आधारभूत तहको लागि शिक्षाशास्त्र वा विज्ञान विषयमा स्नातकतह उतीर्ण गरेको सम्वन्धित तहको स्थायी शिक्षक मात्र उम्मेदवार हुन पाउनेछन् ।

(१०) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक र कर्मचारीहरुको नियुक्ति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा (२) र (९) वमोजिमको अतिरिक्त शिक्षा समितिले योग्यता पुगेका व्यक्तिलाई व्यवस्थापन सुधारका लागि विशेष व्यवस्थागरी नगर शिक्षा समितिले प्रधानाध्यापकको व्यवस्था गर्न सक्नेछ ।

(१२) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**३८. दरबन्दी मिलानः**

(१) प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र अन्य तहमा विद्यार्थी सङख्या तथा सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा नगर शिक्षा समितिले दरबन्दी मिलान गर्नेछ । दरवन्दी मिलान प्रत्येक वर्ष विद्यालयवाट प्राप्त तथ्याङ्कलाई सत्यापन गरेर मात्र गरीनेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानवाट सरुवा हुने शिक्षकले पत्र पाएको मितिले १ (एक) हप्ताभित्र रमाना लिई तोकिएको विद्यालयमा हाजिर भईसक्नु पर्नेछ । यसरी हाजिर नहुने, रमाना नदिने र हाजिर नगराउने प्रधानाध्यापक र शिक्षकलाइ नगर शिक्षा समितिको निर्णय अनुसार तोकिए बमोजिम कारवाही गर्नु पर्नेछ ।

(३) कुनै बिषयमा आवश्यक नभएका शिक्षक दरबन्दी वा बढी भएका दरबन्दी नगर शिक्षा समितिले फाजिलमा राख्नेछ । यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई नगर शिक्षा महाशाखाले व्यवस्थापन गर्नेछ । कुनै कारणले यस्ता शिक्षकको पद रिक्त भएमा पदपूर्ति गरिने छैन ।

(४) देहाय अनुसार दरबन्दी मिलान गर्न सकिनेछ:

(क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान गरिसकेपछि विद्यालयलाई दरबन्दी नपुग भएमा नगरपालिकाले आफ्नो स्रोतमा थप दरबन्दी सिर्जना गर्न सक्नेछ ।

(ख) शिक्षक पदमा शिक्षक पदपूर्ति गर्दा नगरपालिका स्तरीय शिक्षण सेवा समिति मार्फत व्यवस्था गरिनेछ ।

(ग) शिक्षण सेवाको अन्य व्यबस्था दफा ३४ अनुसार हुनेछ ।

(५) दरबन्दी मिलान सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **<u>शिक्षकको पेशागत महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:</u>**

(१) संघीय कानूनमा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न शिक्षक महासंघ रहनेछ ।

(२) नेपाल शिक्षक महासंघ नगर स्तरमा गठन गर्न सकिनेछ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन उपमहानगरपालिकामा सिफारिश गर्नु पर्नेछ :–

(क) तोकिए बमोजिमका पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ (पन्द्र) दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा मासिक तलब लिने गरी अन्य काम गरेमा वा अन्य कुनै व्याबसायिक कृयाकलाप गरेमा,

तर उपदफा (३) (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा वाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र उपमहानगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन वा प्रचलित कानून बमोजिम काम गर्न बाधा परेको मानिने छैन ।

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(च) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(छ) स्थायी आवासीय अनुमति लिएमा,

(ज) तोकिए वमोजिक शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेमा,

(४) उपदफा (३) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर कार्यपालिकाले निजलाई पदवाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि सफाइको मनासिब मौका भने प्रदान गरिनेछ ।

(५) प्रत्येक शिक्षकले आफ्नो शैक्षिक योग्यता अनुसार प्र.अ.ले स्वीकृत गरेको समय तालिका अनुसार अध्यापन गर्नुपर्ने छ । यसरी तल्लो तहको शिक्षकले माथील्लो कक्षामा अध्यापन गर्दा विद्यालय व्यवस्थापन समिति थप आर्थीक भार वहन गर्न बाध्यहुने छैन ।

(६) प्रत्येक शिक्षकले साप्ताहिक रुपमा कम्तिमा २५ घण्टी अध्यापन गर्नु पर्नेछ ।

(७) विद्यालय (०–१२ कक्षा)भित्र मौजुदा शिक्षक (निजी स्रोत समेत) ले उप—दफा (६)वमोजीम अध्यापन गर्दा वढी संख्या हुन आउने शिक्षकलाइ शिक्षा महाशाखाले अन्य विद्यालयमा सरुवा गरी व्यवस्थापन गर्ने छ ।

(८) विद्यालयमा शिक्षक उपलव्ध भएसम्म कक्षा १–३सम्म ग्रेड शिक्षण गर्नुपर्ने छ ।

(९) शिक्षक, कर्मचारी सबैले तोकिए वमोजिम कार्य सम्पादन सम्झौता गर्नुपर्नेछ । त्यसको आधारमा कार्यसम्पादन मुल्यांकन गरिनेछ ।

(१०) यस सम्वन्धि अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

४०. **शिक्षक तथा कर्मचारीको गुनासो व्यवस्थापनः**

(१) सामुदायिक विद्यालयको शिक्षक र कर्मचारीको पेशागत गुनासो सम्बन्धित विद्यालयका प्रधानाध्यापक र प्रधानाध्यापकको गुनासो विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ । सो सम्बन्धीगुनासोको अध्ययन गरी सम्भव भएको उपाय अपनाई तोकिए बमोजिम सम्बन्धित निकायले गुनासो फछ्र्यौट गर्नु पर्नेछ ।

(२) विद्यालय तहबाट फछ्र्यौट हुन नसके उचित कारण खोलि ३० (तीस) दिनभित्र स्थानीय शिक्षा अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) विद्यालय तहबाट प्राप्त गुनासोको ३० (तीस) दिनभित्र प्रचलित कनून अनुसार सम्बोधन गर्नु स्थानीय शिक्षा अधिकारीको कर्तव्य हुनेछ ।

(४) स्थानीय शिक्षा अधिकारीले फछ्यौंट गर्न नसकेको पेशागत गुनासो नगर शिक्षा समितिमा पेश गरिनेछ ।

(५) नगर शिक्षा समितिले गरेको गुनासो फस्यौंट अन्तिम हुनेछ ।

४१. <u>अदालतको आदेशबाट पुनः वहाली हुन सक्नेः</u>

(१) कुनै पनि शिक्षक वा कर्मचारीले कानून वमोजिम सजाय पाइ नोकरीबाट हटाइएको वा बर्खास्त भएमा अदालतको आदेश वा फैसला वमोजिम मात्र नोकरीमा पुनः वहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले संघीय कानून अनुसार नोकरीवाट हटेदेखि पुनः वहाली भएको मितिसम्मको पुरा तलव, भत्ता र तलव वृद्धि आदेश वा फैसला बमोजिम प्राप्त गर्नेछ ।

४२. <u>तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः</u>

दफा (४१) को उपदफा (२) मा उल्लेखित अवस्था तथा दफा (३९) को उपदफा ३ (घ) मा भएको व्यवस्था को प्रतिकूल नहुने गरी वा नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलव, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवा अवधिमा समेत गणना हुने छैन ।

४३. <u>दरवन्दी स्वीकृत गर्नु पर्नेः</u>

(१) सामुदायिक विद्यालयले सरकारी दरबन्दीमा वाहेक अन्य स्रोतवाट शिक्षक नियुक्ति गर्नको लागि तोकिए वमोजिम तुलसीपुर उपमहानगरपालिका शिक्षा महाशाखा बाट विद्यालयले आफ्नो दरबन्दी बिश्लेषण तथा कार्यभार स्वीकृत गराएर मात्र भर्ना गर्नु पर्नेछ । यसरी दरवन्दी स्वीकृत नगरी कुनै विद्यालयले शिक्षक नियुक्ति गरेमा नियुक्त शिक्षकलाइ भुक्तानी गरेको तलव, भक्ता र अन्य रकमहरु निर्णय तथा नियुक्ति गर्ने पदाधिकारीले विद्यालय शिक्षा विकास कोषमा तिर्नु पर्नेछ ।

(२) यस सम्बन्धीअन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद –८

## दण्ड, सजाय, पुरस्कार तथा सम्मान

४४. <u>दण्ड र सजायः</u>

(१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाइ संघीय र प्रादेशिक कानून बमोजिम मुद्दा हेर्ने अधिकारीले विगो असुल गरी बिगो वमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाइ कसूरको अवस्था हेरी संघीय र प्रदेशिक कानूनमा व्यवस्था भएकोमा सोही

वमोजिम र नभएमा रु.१००,०००।— (एक लाख) रुपैयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवैसजाय हुनेछ

(क) प्रस्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरवाही तथा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृती बेगर प्रबेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रण लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै कक्षा, शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा वा परीक्षा तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गरेमा वा सञ्चालन अनुमति नपाएको कुनै कक्षा सञ्चालन गरी शैक्षिक प्रमाण पत्र जारी गरेमा,

(ञ) अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई आफ्नो विद्यालयबाट परीक्षाको लागि रजिष्ट्रेशन गराएमा, परीक्षामा सहभागी गराएमा वा शैक्षिक योग्यताको प्रमाण–पत्र जारी गरेमा,

(ट) दफा (४९) अनुसार तोकिएको शुल्क विपरित हुने गरी कुनै संस्थागत विद्यालयले शुल्क लिएमा,

(३) उपदफा (१) र (२) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको किनारा नलागेसम्म स्वत निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरीएमा निजलाई यस ऐन बमोजिम बिभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र (२) मा लेखिएको देखि बाहेक कसैले यो ऐन वा ऐन अन्तर्गत वनेको नियम उल्लघन गरेमा तोकिएको अधिकारीले देहाय वमोजिम सजाय गर्न सक्नेछः

(क) विद्यालयका शिक्षक र कर्मचारीलाई बिभागीय सजाय र जरिवाना गर्ने,

(ख) विद्यार्थीलाई छात्राबास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) शिक्षक वा अन्य व्यक्ति भए कसूरको मात्रा हेरी बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्ने,

(घ) विद्यालयलाइ सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्ने ।

४५. **पुरस्कार तथा सम्मान**

(१) शिक्षा विकास, गुणस्तरीय शिक्षा, विद्यार्थीको सर्वाङर्गिण विकासमा विशेष टेवा पु¥याउने विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक तथा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरु वा अन्य व्यक्ति र संस्थाहरुलाई उपमहानगरपालिकाले तोकिए बमोजिम विभिन्न मापदण्डको आधारमा सम्मान र पुरस्कारको व्यवस्था गर्नेछ ।

(२) यस्तो पुरस्कारको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. **सम्पत्ति सम्वन्धी मुद्धाको तहकिकात र जाहेरीः** सम्पत्ति सम्बन्धी मुद्धाको तहकिकात, जाहेरी सम्बन्धी ब्यवस्था संघीय, प्रादेशिक र स्थानीय कानूनमा तोकिए वमोजिम हुनेछ ।

४७. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनराबेदन लाग्नेछ ।

## परिच्छेद–९

## विद्यालयको सम्पत्ति व्यवस्थापन

४८. **विद्यालयको सम्पत्तिः**

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति उपमाहानगरपालिकाले अन्य विद्यालय, सामुदायिक बाल विकास केन्द्र, उपमहानगरपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, सङ्ग्राहलय, सीप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेच बिखन गरी प्राप्त भएको रकम नगर शिक्षा विकास कोषमा जम्मा हुनेछ ।

(३) शैक्षिक गुठी अन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ, संस्था संग दान, दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि उपमहानगरपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थावाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः उपमहानगरपालिकाको हुनेछ ।

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

४९. **विद्यालय सम्पत्ति संरक्षण तथा व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण र व्यवस्थापन तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहनेछ

(क) नगर प्रमुख वा नगर प्रमुखले तोकेको सदस्य –अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) मालपोत र नापी प्रशासन सम्वन्धी काम गर्ने नेपाल सरकारको तृतीय श्रेणीको अधिकृत २ (दुई) जना –सदस्य

(घ) स्थानीय शिक्षा अधिकारी –सदस्य सचिव

(२) कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धीबिषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक संचालन सम्बन्धीब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१०

## विद्यालयको शुल्क निर्धारण सम्वन्धी व्यवस्था

५०. **विद्यालयको वर्गीकरणः**

विद्यालयको बर्गीकरण सम्बन्धी ब्यवस्था संघीय कानून अन्तर्गत तोकिए बमोजिम हुनेछ ।

५१. **संस्थागत र सहकारी विद्यालयको सुल्क निर्धारण सम्वन्धी व्यवस्थाः**

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण समिति रहनेछः

(क) नगर शिक्षा समिति अध्यक्ष –अध्यक्ष

(ख) सामाजिक समिति संयोजक –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) संस्थागत वा सहकारी विद्यालयको बि.ब्य.स. अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ (एक) जना –सदस्य

(ङ) अभिभावकका क्षेत्रमा कामगरेका संघ/सस्थाका अध्यक्षहरु मध्य बाट नगर प्रमुखले मनोनीत गरेको १ (एक) जना –सदस्य

(च) स्थानीय शिक्षा अधिकारी –सदस्य सचिव

(२) शुल्क निर्धारण समितिले तोकिएको आधारमा शुल्क निर्धारण गर्नेछ ।

(३) बिद्यालयको बर्गीकरणका आधारमा मात्र शुल्क निर्धारण गरिनेछ ।

(४) शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धीब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–११

## क्षमता अभिवृद्धि, सुपरिवेक्षण तथा शैक्षिक गुणस्तर

५२. **विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्धि तथा सुपरिवेक्षणको व्यवस्थाः**

(१) नगरपालिकाले विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्दि तथा सुपरिपेक्षणको आवश्यक स्रोत र कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

(२) यस्तो कार्य गर्न आवश्यक महसुस गरिएमा नगरपालिकाले थप जनशक्ति व्यवस्था गर्न सक्नेछ । यसरी नियुक्त गर्दा विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये विद्यायललाई पठन—पाठनमा अवरोध नआउने गरी समेत व्यवस्था मिलाउन सकिनेछ ।

(३) यस ऐन कार्यान्वयनमा आउँदाको हकमा, यस्तो नियुक्ति गर्नु परेमा यस नगरपालिकाभित्र पहिले नै कार्यरत स्रोत व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

(४) शिक्षा महाशाखामा कार्यरत अधिकृत छैटौ, सातौं र आठौं स्तरका कर्मचारीहरु स्वतः फिल्डमा खटिने कर्मचारी हुनेछन् । तोकिएको विद्यालयमा गई सुपरिवेक्षण सम्वन्धि गरेका कार्यहरुको प्रतिवेदन प्रत्येक १५ (पन्ध्र) दिनमा नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ । संघीय सरकारले विगतमा नियुक्त गरेका विद्यालय निरिक्षक र स्रोत व्यक्तिहरुले प्राप्त गर्ने गरेको सुविधा नगरपालिकाले फिल्डमा खटिए वाफत उपलब्ध गराउनेछ ।

(५) सुपरिवेक्षण सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५३. **कार्यसम्पादन मुल्यांकन**

(१) नगरपालिकाभित्र स्थापित विद्यालयहरु, कार्यरत शिक्षक, प्रधानअध्यापक तथा विद्यालय व्यवस्थापन समितिको नगर स्तरीय कार्यसम्पादन मुल्यांकनको व्यवस्था गरिनेछ ।

(२) कार्यसम्पादन मुल्यांकन सम्बन्धीअन्य व्यवस्था संघिय कानून बमोजिम हुनेछ ।

५४. **गुणस्तर मापन तथा मुल्यांकन**

(१) नगरपालिकाको आफ्नो क्षेत्रभित्र रहेका विद्यालयहरुको सिकाई स्तर तथा शैक्षिक गुणस्तर मूल्यांकान र परीक्षण कार्यहरु गर्न सक्नेछ ।

(२) यस्तो कार्य गर्न स्थानीय, प्रदेश स्तरिय, राष्ट्रिय वा अन्तराष्ट्रिय विज्ञ, विश्व विद्यालय, गैरसरकारी, सरकारी वा अन्य संघ संस्थासँग सहकार्य गर्न सक्नेछ ।

(३) गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्यांकनका मापदण्ड र शर्तहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१२
## विविध

**५५. अनुमति वा स्वीकृति रद्द गर्ने:**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीको सिफारिशमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**५६. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय क्षेत्रभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) तोकिए बमोजिम बाहेक कुनैपनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईनेछैन ।

(३) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

(४) विद्यालय हाताभित्र कुनै पनि राजनीतिक दलको भेला, सेमिनार, गोष्ठी वा आम सभा गर्न पाइने छैन ।

(५) बालबालिकालाई बालबालिकासंग सम्बन्धित बाहेक अन्य कुनै पनि जुलुस, प्रदर्शन आदिमा सहभागी गर्न गराउन पाइने छैन ।

(६) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५७. शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, सीपमूलक तालिम, ट्यूशन, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धीव्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालनको लागि अनुमती दिने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम तोकिए अनुसार हुनेछ ।

(३) उपदफा (१) र (२) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम उपमहानगरपालिकाले बन्द गर्नेछ भने त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानून बमोजिम कारवाही गरिनेछ ।

**५८. प्रगति विवरण बुझाउनु पर्ने:**

प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको एक महिनाभित्र तोकिए बमोजिमको विवरणहरु समावेश गरी वार्षिक प्रगति विवरण नगर शिक्षा महाशाखामा बुझाउनु पर्नेछ ।

५९. **<u>साझेदारी वा सहकार्य गर्न सकिनेः</u>**

विद्ययालय व्यवस्थापन सुधार, गुणस्तरिय शिक्षा विकास तथा विद्यार्थीहरुको सिकाई अभिवृद्धि सम्बन्धीकार्य गर्नका लागि प्रचलित कानून वमोजिम सञ्चालनमा रहेका गैरसरकारी वा गैर नाफामूलक संस्थासंग उपमहानगरपालिकाले पारस्परीक साझेदारी वा सहकार्य गर्न सक्नेछ ।

६०. **<u>नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः</u>**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न उपमहानगरपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरुमा आवश्यक नियम बनाउन सक्नेछ ।

(क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यालयलाई दिइने अनुदान,

(ग) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन,

(घ) अक्तिरिक्त तथा सहक्रियाकलाप,

(ङ) विद्यार्थी भर्ना र विद्यार्थी संख्या सम्बन्धि,

(च) छात्रावासको अनुमति, स्वीकृति र सञ्चालन तथा अनुगमन,

(छ) विद्यालयको आय–व्यय जाँच र विद्यालयको खाता संचालन,

(ज) विद्यालयको किताब, बहि र अन्य कागजात तयार गर्ने तथा राख्ने तरिका,

(झ) संघीय र प्रादेशिक कानूनको परिधिमा रहेरविद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण तथा स्वीकृति,

(ञ) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(ट) विद्यालय र समुदायमा पुस्तकालय तथा वाचनालय,

(ठ) शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन सम्बन्धीतालिम,

(ड) भाषा शिक्षण, टयूशन सेन्टर, तयारी कक्षा वा अन्य यस्तै विद्यालय बाहिरका शिक्षा,

(ढ) विद्यार्थी सल्लाह, परामर्श, निर्देशन र सुरक्षा,

(ण) विद्यार्थी परिवहन,

(त) संस्थागत विद्यालयको सञ्चालन सम्बन्धीसम्पूर्ण विषयहरु,

(थ) गुठी विद्यालय सञ्चालन सम्बन्धी,

(द) स्रोत केन्द्र र स्रोत व्यक्ति ,

(ध) सहकारी विद्यालय सञ्चालन सम्बन्धि,

(न) युवा तथा खेलकुद,

(प) प्राविधिक र वहुप्राविधिक शिक्षालय सञ्चालन सम्वन्धि

(फ) विज्ञ समूह गठन सम्बन्धी,

(ब) ऐनमा उल्लेखित अन्य विषयहरु ।

(२) यस ऐनको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको नियम अन्तर्गत रहेर नगर कार्यपालिकाले आवश्यक निर्देशिका कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

६१. <u>स्वयंसेवक परिचालन गर्न सकिनेः</u>

(१) आवश्यक विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेका स्नातकलाई नगर विकासमा सहभागी गराउन नगरपालिकाले त्यस्तो स्नातकलाई शैक्षिक स्वयंसेवकको रुपमा परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वयंसेवाप्रदान गर्ने स्नातकलाई आवश्यक तालिम तथा निर्बाहका लागि प्रतिमहिना निर्वाह खर्च उपलब्ध गराउनेछ ।

(३) स्वयम्सेवकले सम्झौता बमोजिमको काम गर्दा सम्झौता बमोजिम पाउने सुविधा र उपदफा (२) बमोजिम पाउने निर्वाह खर्च बाहेक अन्य कुनै पारिश्रमिक र रकम पाउनेछैन ।

(४) स्वयंसेवाको अवधि बढीमा २ (दुई) वर्षको हुनेछ ।

(५) सम्झौता अनुसार सफल कार्य सम्पादन गर्ने स्वयंसेवकलाई नगरपालिकाले स्वयंसेवा पुरा गरेको प्रमाणपत्र दिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विषयमा अध्ययन पुरा गरी उपाधि प्राप्त गर्न आवश्यक व्यवहारिक अभ्यास (इन्टर्नशीप) र तोकिएको शर्त पुरा गरी स्वेच्छाले थप व्यवहारिक अभ्यास गरेकोमा त्यसरी गरेको थप व्यवहारिक अभ्यासको अवधिलाई पनि स्वयंसेवा गरेको मानिनेछ ।

(७) स्वयंसेवा परिचालन गर्दा नगरपालिकाले स्वयमसेवा परिचालनमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त संस्थाहरुसंग सहकार्य र समन्वय गर्न सक्नेछ ।

(८) स्वयंसेवा संचालन तथा परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. <u>बालक्लवः</u>

(१) हरेक विद्यालयमा विद्यार्थीहरुको नेतृत्व र क्षमता वृद्धि गर्न तथा उनीहरुको विद्यालयप्रति अपनत्वको भावना विकास गर्न र सर्वाङ्गीण विकासमा सहयोग पुर्याउन बालक्लवको गठन गरिनेछ ।

(२) बालक्लवको गठन विधि, प्रक्रिया, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६३. <u>संस्थागत विद्यालयको हकमा लागु नहुनेः</u>

यस ऐनको दफाहरु (३४), (३५), (३६), (३८), (४०), (४२) र (४३) संस्थागत विद्यालयको हकमा लागु हुने छैन ।

६४. <u>शिक्षा सल्लाहकार नियुक्त गर्न सक्नेः</u>

नगर प्रमुखले शिक्षा क्षेत्रमा विशेष योगदान गरेका व्यक्तिहरु मध्येबाट उपमहानगरपालिकालाई आर्थिक भार नपर्ने गरी विज्ञ सल्लाहकार नियुक्त गर्न सक्नेछन ।

**६५. प्राविधिक शिक्षालय संचालन गर्न सक्नेः**

उपमहानगरपालिकाले आफ्नै लगानीमा वा साझेदारीमा गैर नाफामुलक प्राविधिक शिक्षालय संचालन गर्न सक्नेछ । यसरी संचालन गर्दा विश्वविद्यालय अथवा सि.टि.इ.भि.टी. बाट सम्वन्धन प्राप्त गर्नुपर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

**६६. तेस्रो पक्षबाट मुल्याकन गराउन सक्नेः**

यस उपमहानगरपालिका क्षेत्रभित्र संचालित सम्पूर्ण वा कुनै एक शैक्षीक कार्यक्रम को मुल्याङ्कन तेस्रो पक्षबाट गराउन सक्नेछ । यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजीम हुनेछ ।

**६७. संक्रमणकालिन व्यवस्थाः**

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली बनाउँदासम्म कार्यपालिकाले आवश्यक कार्यविधि तोकि निर्देशन गर्न सक्नेछ ।

**६८. वाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा–अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन बमोजिम भएको मानिनेछ तर त्यस्तो आदेश लगत्तैको नगरसभाबाट ऐन संशोधन प्रक्रियाबाट अनुमोदन भई ऐनमा समावेश हुनु पर्नेछ अन्यथा सोतह बदर हुनेछ ।

**६९. बचाउ र खारेजीः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिना–मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन वाधा पर्ने छैन ।

(३) यो ऐन जारी हुनुपूर्व यस सम्बन्धी कार्यपालिका, शिक्षा समिति र शिक्षा महाशाखाबाट भए गरेका कार्यहरु यसै अनुरुपभए गरेको मानिनेछ ।

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

नगरसभाबाट पारित मितिः २०७५/२/७

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भः**(१) यो ऐनको नाम तुलसीपुर उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाल तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका/नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त तुलसीपुर उपमहानगरपालिकाको गाउँकार्यपालिका/ नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागुगर्न सक्नेछ ।

५. **बचाउः** (१) यो ऐन प्रारम्भ हुनु अघि कार्यपालिकाबाट पारित भएका नियमावी, कार्यबिधि, निर्देशिका,मापदण्डहरु यसै बमोजिम भएको मानिनेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५

*नगरसभाबाट मिति २०७५/०२/०७*

**प्रस्तावनाः** न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्यायप्रतिको जनविश्वास कायम राखी रहनको लागि प्रचलनमा रहेको संघीय कानूनमा भएदेखि बाहेक थप कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची-८ को क्रम संख्या १२ एवं धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) बमोजिम एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम तुलसीपुर उपमहानगर कार्यपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको तुलसीपुर उपमहानगर कार्यपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ रहेको छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** **"उजुरी"** भन्नाले समिति समक्ष परेको उजुरीबाट शुरु भएको प्रचलित कानून बमोजिम समितिले कारवाही र किनारा गर्ने उजुरी सम्झनु पर्छ।

**(ख)** **"खाम्ने"** भन्नाले तोकिएको सम्पत्तिको मूल्यांकन गरिदा भ्याउने हदलाई सम्झनु पर्दछ।

**(ग)** **"चलन चलाई दिने"** भन्नाले निर्णय पश्चात हक अधिकार प्राप्त भएको व्यक्तिलाई कुनै वस्तु वा सम्पत्ति भोग गर्न दिने कार्यलाई सम्झनु पर्दछ।

**(घ)** **"जमानत"** भन्नाले कुनै व्यक्ति वा सम्पत्तिलाई न्यायिक समितिले चाहेको वखतमा उपस्थित वा हाजिर गराउन लिएको जिम्मा वा उत्तरदायित्वलाई सम्झनु पर्दछ।

**(ङ)** **"तामेली"** भन्नाले न्यायिक समितिको क्षेत्राधिकारभित्रका विवादहरुमा सम्वन्धित पक्षलाई वुझाईने म्याद, सुचना, आदेश, पूर्जी वा जानकारी पत्र रितपूर्वक वुझाउने कार्यलाई सम्झनु पर्छ।

**(च)** **"तायदात"** भन्नाले सम्पत्तिको विवरण वा गन्ती गरेको संख्या जनिने व्यहोरा वा सम्पत्तिको फाँटवारी वा लगतलाई सम्झनु पर्दछ।

**(छ)** **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ।

**(ज)** **"दरपीठ"** भन्नाले न्यायिक समिति समक्ष पेश हुन आएका कुनै कागजपत्रको सम्बन्धमा रित नपुगे वा कानूनले दर्ता नहुने वा नलाग्ने भएमा त्यसको पछाडिपट्टि सोको कारण र अवस्था जनाइ अधिकार प्राप्त अधिकारीले लेखि दिने निर्देशन वा व्यहोरा लाई सम्झनु पर्दछ।

(झ) **"नामेसी"** भन्नाले कुनै व्यक्तिको नाम, थर र वतन समेतको विस्तृत विवरण खुलाइएको व्यहोरालाई सम्झनु पर्दछ।

(ञ) **"नालिश"** भन्नाले कुनै विवादको विषयमा दफा ८ बमोजिम दिएको उजुरी, निवेदन वा फिराद सम्झनु पर्छ

(ट) **"निर्णय किताव"** भन्नाले समितिले उजुरीमा गरेको निर्णयको अभिलेख राख्नको लागि खडा गरेको उजुरीमा निर्णय गरेको व्यहोरा र त्यसको आधार तथा कारणको संक्षिप्त उल्लेख भएको किताब सम्झनु पर्छ।

(ठ) **"पन्चकृति मोल"** भन्नाले पञ्च भलादमीले सम्पत्तिको स्थलगत तथा स्थानीय अवलोकन मूल्यांकन गरी विक्री वितरण हुन सक्ने उचित ठहराएर निश्चित गरेको मुल्यलाई सम्झनु पर्दछ।

(ड) **"पेशी"** भन्नाले न्यायिक समिति समक्ष निर्णयार्थ पेश हुने विवादहरुमा पक्षहरुलाई उपस्थित गराइ सुनुवाइ गर्ने कामलाई सम्झनु पर्दछ।

(ढ) **"प्रतिबादी"** भन्नाले बादीले जसका उपर उजुरी दर्ता गर्दछ सो व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ण) **"वकपत्र"** भन्नाले विवाद सम्बन्धमा जानकार भई साक्षीको रुपमा व्यक्त गरेका कुरा लेखिने वा लेखिएको कागजलाई सम्झनु पर्छ।

(त) **"बन्द ईजलास"** भन्नाले न्यायिक समिति अन्तर्गत निरुपण हुने विवादहरु मध्येगोप्य प्रकुतिको विवाद भएको र सम्वद्ध पक्षहरुविच गोपनियता कायम गर्न आवश्यक देखिएमा सम्वद्ध पक्षहरु मात्र सहभागी हुनेगरी प्रवन्ध गरीएको सुनुवाई कक्षलाई सम्झनुपर्छ।

(थ) **"वादी"** भन्नाले कसै उपर समिति समक्ष उजुरी दर्ता गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(द) **"मूल्तवी"** भन्नाले न्यायिक समिति अन्तर्गत विचाराधीन मुद्दा अन्य अड्डा अदालतमा समेत विचाराधिन भईरहेको अवस्थामा न्यायिक समितिले निर्णय गर्दा अन्य विचाराधिन मुद्दामा प्रभावित हुने देखिएमा प्रभाव पार्ने मुद्दाको फैसला नभएसम्म प्रभावित हुने मुद्दा स्थगित गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ध) **"लगापात"** भन्नाले घरजग्गा र त्यससँग अन्तरनिहित टहरा, बोट विरुवा, खुल्ला जमिन र त्यसमा रहेका सबै खाले संरचना वा चर्चेको जग्गा, छेउछाउ, सेरोफेरो र सम्पूर्ण अवयवलाई सम्झनु पर्दछ।

(न) **"सदरस्याहा"** भन्नाले धरौटीमा रहेको रकमको लगत कट्टा गरी आम्दानीमा वाध्ने कार्यलाई सम्झनु पर्छ।

(प) **"सभा"** भन्नाले गाउँ सभा/नगरसभा सम्झनु पर्छ।

(फ) **"समिति"** भन्नाले न्यायिक समिति सम्झनु पर्छ र सो शव्दले स्थानीय सरकार सञ्चालन ऐनको दफा ४८ को उपदफा (६) बमोजिमको समितिलाई समेत जनाउनेछ।

(व) **"साल वसाली"** भन्नाले हरेक वर्षको लागि छुट्टाछुट्टै हुने गरी प्रतिवर्षको निमित्त स्थायी रुपमा तय गरिएको शर्त सम्झनु पर्छ।

(भ) **"स्थानीय ऐन"** भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनुपर्छ।

(म) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२

## समितिको अधिकार

३. **उजुरीमा निर्णय सम्बन्धी कामः** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै व्यहोराले लगत कट्टा गर्ने अधिकार समितिलाई मात्र हुनेछ।

४. **निर्णय सम्बन्धी बाहेक अन्य कामः** (१) दफा ३ मा उल्लेख भएको वा प्रचलित कानूनले समिति वा समितिको सदस्यले नै गर्ने भन्ने व्यवस्था गरेको वा कार्यको प्रकृतिले समिति वा समितिको सदस्यले नै गर्नु पर्ने स्पष्ट भैरहेको देखि बाहेकको अन्य कार्यहरू यस ऐनमा तोकिएको कर्मचारी र त्यसरी नतोकिएकोमा समितिले निर्णय गरी तोकेको वा अधिकार प्रदान गरेको कर्मचारीले गर्नु पर्नेछ।

(२) न्यायिक समितिमा काम गर्न भनी तोकिएका कर्मचारीले यस ऐन र प्रचलित कानून बमोजिम तोकिएको काम गर्दा समितिको संयोजक वा समितिले तोकेको सदस्यको प्रत्यक्ष निर्देशन, देखदेख र नियन्त्रणमा रही गर्नु पर्नेछ।

५. **यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नु पर्नेः** समितिले उजुरी वा उजुरीको कारवाही र किनारा गर्दा प्रचलित र सम्बन्धित संघीय कानूनमा स्पष्ट उल्लेख भए देखि बाहेक यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

६. **समितिले हेर्नेः** समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछः

(क) स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ अन्तर्गतको उजुरी,

(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि प्रेषित उजुरी,

(ग) संविधानको अनुसूची- ८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा

(घ) प्रचलित कानूनले गाउँ पालिका/नगर पालिकाले हेर्ने भनि तोकेका उजुरीहरू।

७. **समितिको क्षेत्रा धिकारः** समितिले दफा ६ अन्तर्गतका मध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नेछः

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष तुलसीपुर उपमहानगर पालिकाको भैगोलिक क्षेत्राधिकारभित्र बसोबास गरी रहेको,

(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकारभित्र नरहेको,

(ग) तुलसीपुर उपहानगर पालिकाको क्षेत्राधिकारभित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरीएको,

(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति तुलसीपुर उपहानगर पालिकाको भैगोलिक क्षेत्राधिकारभित्र रहिरहेको,तथा

(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना तुलसीपर उपहानगर पालिकाको भैगोलिक क्षेत्रभित्र घटेको।

## परिच्छेद-३

## उजुरी तथा प्रतिवाद दर्ता

८ **बिवाद दर्ता गर्ने**:कसै उपर बिवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम (१) हकदैया पुगेको व्यक्तिले समितिको तोकिएको शाखा समक्ष उजुरी दर्ता गर्न सक्नेछ।

(२) उपदफा बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित (१)कानून बमोजिम खुलाउनु पर्ने कुरा सबै खुलाई तथा पुर्याउनु पर्ने प्रक्रिया सबै पुरा गरी अनुसूची-१ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

(३) उपदफा मा लेखिए देखि बाहेक उजुरीमा देहाय बमोजिमको व्यहोरा समेत खुलाउनु पर्नेछ। (२)

(क) वादीको नाम, थर, वतन र निजको बाबुर आमा, तथा थाहा भएसम्म बाजे र बज्यैको नाम

(ख) प्रतिबादीको नाम, थर र थाहा भएसम्म निजको बाबु र आमाको नाम, थर र स्थान पत्ता लाग्ने गरी स्पष्ट खुलेको वतन

(ग) तुलसीपुर उपहानगरपालिकाको नाम सहित समितिको नाम

(घ) उजुरी गर्नु परेको व्यहोरा र सम्पूर्ण विवरण

(ङ) तुलसीपुर उपहानगर पालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा

(च) समितिको क्षेत्राधिकार भित्रको उजुरी रहेको व्यहोरा र सम्बन्धित कानून,

(छ) बादीले दावी गरेको विषय र सोसँग सम्बन्धीत प्रमाणहरू

(ज) हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी व्यहोरा,

(झ) कुनै सम्पत्तिसँग सम्बन्धित विषय भएकोमा सो सम्पत्ति चल भए रहेको स्थान, अवस्था तथा अचल भए चार किल्ला सहितको सबै विवरण।

(४) प्रचलित कानूनमा कुनै विशेष प्रक्रिया वा ढाँचा वा अन्य केहि उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनु पर्नेछ।

(५) कुनै किसिमको क्षतिपूर्ति भराउनुपर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा त्यस्तो क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनु पर्नेछ।

९. **बिवाद दर्ता गरी निस्सा दिने**: (१) उजुरी प्रशासकले दफा ८ बमोजिम प्राप्त उजुरी दर्ता गरी बादीलाई तारेख तोकि अनुसूची-२ बमोजिमको ढाँचामा बिवाद दर्ताको निस्सा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तारेख दिनु पर्ने अवस्थामा तारेख तोक्दा अनुसूची-३ बमोजिमको ढाँचामा तारेख भर्पाई खडा गरी सम्बन्धित पक्षको दस्तखत गराई मिसिल सामेल राख्नु पर्छ

(३) उपदफा (२) बमोजिम तारेख भरपाईमा तोकिएको तारेख तथा उक्त मितिमा हुने कार्य समेत उल्लेख गरी सम्बन्धित पक्षलाई अनुसूची-४ बमोजिमको ढाँचामा तारेख पर्चा दिनु पर्नेछ।

१० . **उजुरी दरपीठ गर्ने**:प बमोजिम पेश भएको उजुरीमा ८उजुरी प्रशासकले दफा (१) ्रक्रिया नपुगेको देखिए पुरा गर्नु पर्ने देहायको प्रक्रिया पुरा गरी अथवा खुलाउनु पर्ने देहायको व्यहोरा खुलाइ ल्याउनु भन्ने व्यहोरा लेखि पाच दिनको समय तोकि तथा बिवाद दर्ता गर्न नमिल्ने भए सो को कारण सहितको व्यहोरा जनाई दरपीठ गरेमा बादीलाई उजुरी फिर्ता दिनु पर्नेछ।

(२) उपदफा बमोजिम प्रक्रिया नपुगेको भनि दरपीठ गरी फिर्ता गरेको उजुरीमा दरपीठमा उल्लेख (१) भए बमोजिमको प्रक्रिया पुरा गरी पाच दिनभित्र ल्याएमा दर्ता गरि दिनु पर्छ।

(३) उपदफा बमोजिमको दरपीठ आदेश उपर चित्त नबुझ्ने पक्षले सो आदेश भएको मितिले (१)तिन दिन भित्र उक्त आदेशको विरूध्दमा समिति समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा बमोजिमको (१) बमोजिम दिएको निवेदन व्यहोरा मनासिब देखिए समितिले उपदफा (३) दरपीठ बदर गरी बिवाद दर्ता गर्न आदेश दिनसक्नेछ।

(५) उपदफा बमोजिम आदेश भएमा उजुरी प्रशासकले त्यस्तो बिव (४)ाद दर्ता गरी अरू प्रक्रिया पुरा गर्नु पर्नेछ।

**१२. दर्ता गर्न नहुनेःबमोजिम पेश भएको उजुरीमा देहाय बमोजिमको व्यहोरा ८उजुरी प्रशासकले दफा - बमोजिमको प्रक्रिया पुरा गरी १०ठिक भएन भएको जाँच गरी दर्ता गर्न नमिल्ने देखिएमा दफा दरपीठ गर्नु पर्नेछः-**

(क) प्रचलित कानूनमा हदम्याद तोकिएकोमा हदम्याद वा म्याद भित्र उजुरी परे नपरेको,

(ख) प्रचलित कानून बमोजिम समितिको क्षेत्राधिकार भित्रको उजुरी रहेन रहेको,

(ग) कानुन बमोजिम लाग्ने दस्तुर दाखिल भए नभएको,

(घ) कुनै सम्पत्ति वा अधिकारसँग सम्बन्धित विषयमा विवाद निरूपण गर्नुपर्ने विषय उजुरीमा समावेश रहेकोमा त्यस्तो सम्पत्ति वा अधिकार विषयमा उजुरी गर्न बादीको हक स्थापित भएको प्रमाण आवश्यक पर्नेमा सो प्रमाण रहे नरहेको,

(ङ) उक्त विषयमा उजुरी गर्ने हकदैया बादीलाई रहे नरहेको,

(च) लिखतमा पुरा गर्नुपर्ने अन्य रित पुगे नपुगेको, तथा

१३. **दोहोरो दर्ता गर्न नहुनेः** (१)यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम समिति वा अन्य कुनै अदालत वा निकायमा कुनै पक्षले उजुरी गरी समिति वा उक्त अदालत वा निकायबाट उजुरीमा उल्लेख भएको विषयमा प्रमाण बुझि वा नबुझि विवाद निरोपण भैसकेको विषय रहेको छ भने सो उजुरीमा रहेका पक्ष विपक्षको बीचमा सोहि विषयमा समितिले उजुरी दर्ता गर्न र कारवाही गर्नु हुँदैन।

(२) उपदफा बमोजिम दर्ता गर्न नमिल्ने उजुरी भुलवश दर्ता भएकोमा सो व्यहोरा जानकारी भएपछि (१) गर् उजुरी जुनसुकै अवस्थामा रहेको भए पनि समितिले उजुरी खारेजनुपर्नेछ।

१४. **उजुरी साथ लिखत प्रमाणको सक्कल पेश गर्नु पर्नेः** -उजुरी साथ पेश गर्नु पर्ने प्रत्येक लिखत प्रमाणको सक्कल र कम्तिमा एक प्रति नक्कल उजुरी साथै पेश गर्नु पर्नेछ र उजुरी प्रशासकले त्यस्तो लिखतमा कुनै कैफियत जनाउनुप र्ने भए सो जनाइ सो प्रमाण सम्बन्धित मिसिलमा राख्नु पर्नेछ।

१५. **उजुरी तथा प्रतिवाद दर्ता दस्तुरः** प्रचलित कानूनमा बिवाद दर्ता दस्तुर तोकिएकोमा सोहि (१) बमोजिम तथा दस्तुर नतोकिएकोमा एक सय रूपैयाँ बुझाउनु पर्नेछ।

(२) प्रचलित कानूनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा बाहेक एक सय रूपैयाँ प्रतिवाद दर्ता दस्तुर लाग्नेछ।

१६. **प्रतिवाद पेश गर्नु पर्नेः**बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा २०प्रतिबादीले दफा (१) सूचनामा तोकिएको समयावधि भित्र उजुरी प्रशासक समक्ष आफै वा वारेस मार्फत लिखित प्रतिवाद दर्ता गर्नुपर्नेछ।

(२) उपदफा वाद पेबमोजिम प्रति (१)श गर्दा प्रतिबादीले भएको प्रमाण तथा कागजातका प्रतिलिपि साथै संलग्न गरी पेश गर्नु पर्नेछ।

(३) प्रतिवादीले लिखित ब्यहोरा दिँदा अनुसूची-५ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

१७. **प्रतिवाद जाँच गर्नेः**नून बमोजिम पेश भएको प्रतिवाद जाँच गरी का १५उजुरी प्रशासकले दफा (१) बमोजिमको रित पुगेको तथा म्याद भित्र पेश भएको देखिए दर्ता गरी समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नु पर्नेछ।

(२) उपदफा बमोजिम प्रतिवाद दर्ता हुने भएमा उजुरी प्रशासकले प्रतिबादीलार् (१)इ बादी मिलानको तारेख तोक्नु पर्नेछ।

१८. **लिखतमा पुरागर्नु पर्ने सामान्य रितः** प्रचलित कानून तथा यस ऐनमा अन्यत्र लेखिए देखि बाहेक (१) समिति समक्ष दर्ता गर्न ल्याएका उजुरी तथा प्रतिवादमा देहाय बमोजिमको रित समेत पुरा गर्नु पर्नेछः

(क) एफोर साइजको नेपाली कागजमा बायाँ तर्फ पाँच सेन्टिमिटर, पहिलो पृष्ठमा शीरतर्फ दश सेन्टिमिटर र त्यसपछिको पृष्ठमा पाँच सेन्टिमिटर छोडेको तथा प्रत्येक पृष्ठमा बत्तिस हरफमा नबढाई कागजको एकातर्फ मात्र लेखिएको,

(ख) लिखत दर्ता गर्न ल्याउने प्रत्येक व्यक्तिले लिखतको प्रत्येक पृष्ठको शीर पुछारमा छोटकरी दस्तखत गरी अन्तिम पृष्ठको अन्त्यमा लेखात्मक तथा ल्याप्चे सहिछाप गरेको,

(ग) कुनै कानून व्यवसायीले लिखत तयार गरेको भए निजले पहिलो पृष्ठको बायाँ तर्फ निजको कानून व्यवसायी दर्ता प्रमाणपत्र नंबर, नाम र कानून व्यवसायीको किसिम खुलाई दस्तखत गरेको, तथा

(घ) लिखतको अन्तिम प्रकरणमा यस लिखतमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भन्ने उल्लेख गरी सो मुनि लिखत दर्ता गर्न ल्याएको वर्ष, महिना र गते तथा वार खुलाई लिखत दर्ता गर्न ल्याउने व्यक्तिले दस्तखत गरेको, ।तर ब्यहोरा पुराइ पेश भएको लिखत लिनलाइ यो उपदफाले बाधा पारेको मानिने छैन।

(२) लिखतमा विषयहरू क्रमबध्द रूपमा प्रकरण प्रकरण छुट्याई संयमित र मर्यादित भाषामा लेखिएको हुनुपर्नेछ।

(३) लिखतमा पेटबोलिमा परेको स्थानको पहिचान हुने स्पष्ट विवरण र व्यक्तिको नाम, थर, ठेगाना तथा अन्य विवरण स्पष्ट खुलेको हुनु पर्नेछ।

(४) लिखत दर्ता गर्न ल्याउने वा समितिमा कुनै कागज गर्न आउनेले निजको नाम, थर र वतन खुलेको नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नुपर्छ।

१९. **नक्कल पेश गर्नु पर्नेः** -उजुरी वा प्रतिवाद दर्ता गर्न ल्याउनेले विपक्षीको लागि उजुरी तथा प्रतिवादको नक्कल तथा संलग्न लिखत प्रमाणहरूको नक्कल साथै पेश गर्नु पर्छ।

२०. **उजुरी वा प्रतिवाद संशोधनः** लिखत दर्ता गर्न ल्याउने पक्षले समितिमा दर्ता भइसकेको लिखतमा (१) लेखाइ वा टाइप वा मुद्रणको सामान्य त्रुटी सच्याउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा माग बमोजिम सच्याउँदा दावी तथा प्रतिवादमा गरीएको माग वा दावीमा मुलभुत पक्षमा फरक नपर्ने र निकै सामान्य प्रकारको संशोधन माग गरेको देखेमा उजुरी प्रशासकले सो बमोजिम सच्याउन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम संशोधन भएमा सो को जानकारी उजुरीको अर्को पक्षलाई दिनु पर्नेछ।

## परिच्छेद-४

## म्याद तामेली तथा तारेख

२१. **म्याद सूचना तामेल गर्नेः** बमोजिम बिवाद दर्ता भएपछि बढिमा ९उजुरी प्रशासकले दफा (१) **दुई** दिन भित्र प्रतिबादीका नाममा प्रचलित कानूनमा म्याद तोकिएको भए सोहि बमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्दा दफा ९ बमोजिमको उजुरी तथा उक्त उजुरी साथ पेश भएको प्रमाण कागजको प्रतिलिपी समेत संलग्न गरी पठाउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढि प्रतिबादीलाई म्याद दिनु पर्दा प्रमाणकागजको नक्कल कुनै एकजना मुल प्रतिबादीलाई पठाई बाँकिको म्यादमा प्रमाणकागजको नक्कल फलानाको म्याद साथ पठाइएको छ भन्ने व्यहोरा लेखि पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको म्याद वडा कार्यालयले बढिमा तिन दिन भित्र तामेल गरी तामेलीको व्यहोरा खुलाई समितिमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम म्याद तामेल हुन नसकेमा देहाय बमोजिमको विद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गर्नु पर्नेछः

(क) म्याद तामेल गरिनु पर्ने व्यक्तिको कुनै फ्याक्स वा ईमेल वा अन्य कुनै अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट,

(ख) प्रतिबादीले म्याद तामेली भएको जानकारी पाउन सक्ने मनासिब आधार छ भन्ने देखिएमा समितिको निर्णयबाट कुनै स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर वा स्थानीय एफ.एम. रेडियो वा स्थानीय टेलिभिजनबाट सूचना प्रसारण गरेर, वा

(ग) अन्य कुनै सरकारी निकायबाट म्याद तामेल गराउँदा म्याद तामेल हुन सक्ने मनासिब कारण देखिएमा समितिको आदेशबाट त्यस्तो सरकारी निकाय मार्फत।

(६) यस ऐन बमोजिम म्याद जारी गर्नुपर्दा अनुसूची-६ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

२२. **रोहवरमा राख्नु पर्नेः** यस ऐन बमोजिम वडा कार्यालय मार्फत तामेल गरिएको म्यादमा सम्बन्धित वडाको अध्यक्ष वा सदस्य तथा कम्तिमा दुईजना स्थानीय भलादमि रोहवरमा राख्नु पर्नेछ।

२३. **रीत बेरीत जाँच गर्नेः** (१) उजुरी प्रशासकले म्याद तामेलीको प्रतिवेदन प्राप्त भएपछि रीतपूर्वकको तामेल भए को छ वा छैन जाँच गरी आवश्यक भए सम्बन्धित वडा सचिवको प्रतिवेदन समेत लिई

रीतपूर्वकको देखिए मिसिल सामेल राखि तथा बेरीतको देखिए बदर गरी पुनः म्याद तामेल गर्न लगाई तामेली प्रति मिसिल सामेल राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सम्बन्धित कर्मचारीले बदनियत राखि कार्य गरेको देखिए उजुरी प्रशासकले सो व्यहोरा खुलाई समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनको व्यहोरा उपयुक्त देखिए समितिले सम्बन्धित कर्मचारी उपर कारवाहीको लागि कार्यपालिका समक्ष लेखि पठाउनसक्नेछ।

२४. **तारेखमा राख्नु पर्नेः** (१) उजुरी प्रशासकले दफा ९ बमोजिम बिवाद दर्ता गरेपछि उजुरीकर्तालाई र दफा १६ बमोजिम प्रतिवाद दर्ता गरेपछि प्रतिबादीलाई तारेख तोकि तारेखमा राख्नु पर्नेछ।

(२) उजुरीका पक्षहरूलाई तारेख तोक्दा तारेख तोकिएको दिन गरिने कामको व्यहोरा तारेख भर्पाई तथा तारेख पर्चामा खुलाई उजुरीका सबै पक्षलाई एकै मिलानको मिति तथा समय उल्लेख गरी एकै मिलानको तारेख तोक्नु पर्छ।

(३) उपदफा हाजिर नभए पनि तोकिएको कार्य सम्पन्न बमोजिम तारेख तोकिएको समयमा कुनै पक्ष (२) गरी अर तारेख तोक्नु पर्ने भएमा हाजिर भएको पक्षलाई तारेख तोकि समयमा हाजिर नभई पछि हाजिर हुने पक्षलाई अघि हाजिर भई तारेख लाने पक्षसँग एकै मिलान हुने गरी तारेख तोक्नुपर्छ।

(४) यस दफा बमोजिम तोकिएको तारेखमा उपस्थित भएका पक्षहरूलाई साथै राखि समितिले उजुरीको कारवाहि गर्नु पर्छ।

(५) उपदफा मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको तारेखमा कुनै पक्ष उपस्थित नभए (४) पनि समितिले बिवादको विषयमा कारवाही गर्न बाधा पर्ने छैन।

२५. **समितिको निर्णय बमोजिम हुनेः** समितिले म्याद तामेली सम्बन्धमा प्रचलित कानून तथा यस ऐनमा लेखिए देखि बाहेकको विषयमा आवश्यक प्रक्रिया निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-५

## सुनवाई तथा प्रमाण बुझ्ने सम्वन्धमा

२६. **प्रारम्भिक सुनवाईः**प्रतिवाद मेलमिलापबाट बिवाद निरुपण हुन नसकी समितिमा आएका बिवाद (१) दर्ता वा बयान वा सो सरहको कुनै कार्य भएपछि सुनवाईको लागि पेश भएको बिवादमा उपलब्ध प्रमाणका आधारमा तत्काल निर्णय गर्न सकिने भएमा समितिले बिवाद पेश भएको पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ।

(२) समिति समक्ष पेश भएको बिवादमा उपदफा तत्काल निर्णय गर्न सकिने नदेखिएमा बमोजिम (१) समितिले देहाय बमोजिमको आदेश गर्न सक्नेछः-

(क) बिवादमा मुख नमिलेको कुरामा यकीन गर्न प्रमाण बुझ्ने वा अन्य कुनै कार्य गर्ने,

(ख) बिवादमा बुझ्नु पर्ने प्रमाण यकिन गरी पक्षबाट पेश गर्न लगाउने वा सम्बन्धित निकायबाट माग गर्ने आदेश गर्ने,

(ग) मेलमिलापका सम्बन्धमा बिवादका पक्षहरूसँग छलफल गर्ने, तथा

(घ) बिवादका पक्ष उपस्थित भएमा सुनुवाइको लागि तारेख तथा पेशिको समय तालिका निर्धारण गर्ने।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले स्थानीय ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको उजुरीमा मेलमिलापको लागि पठाउने आदेश गर्नुपर्नेछ।

२७. **प्रमाण दाखिल गर्नेः** -बादी वा प्रतिबादीले कुनै नयाँ प्रमाण पेश गर्न अनुमति माग गरी निवेदन पेश गरेमा उजुरी प्रशासकले सोहि दिन लिन सक्नेछ।

२८. **लिखत जाँच गर्नेः**सत्यता परीक्षण गर्न रेखा वा समितिले उजुरीमा पेश भएको कुनै लिखतको (१) हस्ताक्षर विशेषज्ञलाई जाँच गराउन जरूरी देखेमा सो लिखतलाई असत्य भन्ने पक्षबाट परीक्षण दस्तुर दाखिल गर्न लगाई रेखा वा हस्ताक्षर विशेषज्ञबाट लिखत जाँच गराउन सक्नेछ।

(२) उपदफा आदेश गर्नु बमोजिम जाँच गर्दा मनासिब माफिकको समय तोकि (१)पर्नेछ र समय भित्र जाँच सम्पन्न हुनको लागि यथासम्भव व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा बमोजिम जाँच गर्दा लिखत असत्य ठहरीएमा लिखत सत्य रहेको भन्ने पक्षबाट लागेको (१) (१) दस्तुर असुल गरी उपदफा बमोजिम दस्तुर दाखिल गर्ने पक्षलाई भराई दिनुपर्छ।

२९. **साक्षी बुझ्नेः**समितिबाट साक्षी बुझ्ने आदेश गर्दा साक्षी बुझ्ने दिन तोकि आदेश गर्नुपर्नेछ। (१) पर्ने।जना राख्नु ५साछी राख्दा बढीमा

(२) उपदफा (१) बमोजिम आदेश भएपछि उजुरी प्रशासकले उजुरीको पक्षलाई आदेशमा उल्लेख भएको मितिमा साक्षी बुझ्ने तारेख तोक्नुपर्नेछ।

(३) साक्षी बुझ्ने तारेख तोकिएको दिनमा आफ्नो साक्षी समिति समक्ष उपस्थित गराउनु सम्बन्धित पक्षको दायित्व हुनेछ।

३०. **समितिको तर्फबाट बकपत्र गराउनेः**यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि (१) नाबालक वा अशक्त वा वृध्दवृध्दा पक्ष रहेको उजुरीमा साक्षि बकपत्रको लागि तोकिएको तारेखको दिन उपस्थित नभएको वा उपस्थित नगराइएको साक्षीलाई समितिले म्याद तोकि समितिको तर्फबाट झिकाई बकपत्र गराउन सक्नेछ।

(२) उपदफा बमोजिम साक्षी झिकाउँदा बकपत्र हुने तारेख तोक (१)ि म्याद जारी गर्नु पर्नेछ र उजुरीका पक्षहरूलाई समेत सोहि मिलानको तारेख तोक्नु पर्नेछ।

३१. **साक्षी बकपत्र गराउनेः**उजुरी प्रशासकले साक्षी बकपत्रको लागि तोकिएको दिन पक्षहरूसँग (१) निजहरूले उपस्थित गराउन ल्याएका साक्षिको नामावली लिई समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) साक्षी बकपत्रको लागि तोकिएको तारेखको दिन उजुरीका सबै पक्षले साक्षी उपस्थित गराउन ल्याएको भए कार्यालय खुल्ना साथ तथा कुनै पक्षले साक्षी उपस्थित गराउन नल्याएको भए दिनको बाह्र बजेपछि समितिले उपलब्ध भए सम्मका साक्षीको बकपत्र गराउनु पर्नेछ।

३२. **बन्देज गर्न सक्नेः**षयवस्तु भन्दा फरक प्रकारको तथा साक्षीको बकपत्र गराउँदा उजुरीको वि (१) साक्षी वा उजुरीको पक्षलाई अपमानित गर्ने वा झिझ्याउने वा अनुचित प्रकारको प्रश्न सोधिएमा समितिले त्यस्तो प्रश्न सोध्नबाट पक्षलाई बन्देज गर्न सक्नेछ।

(२) नाबालक वा वृद्ध वा असक्त वा बिरामीले साक्षी बक्नु पर्ने भई त्यस्तो उजुरीमा कुनै पक्षको उपस्थिति वा अन्य कुनै मनासिब कारणले साक्षीलाई बकपत्र गर्न अनुचित दबाव परेको वा पर्ने

प्रबल सम्भावना रहेको छ भन्ने समितिलाई लागेमा समितिले त्यस्तो पक्षको प्रत्यक्ष उपस्थितिलाई बन्देज गरी निजले साक्षीले नदेख्ने गरी मात्र उपस्थित हुन आदेश गर्न सक्नेछ।

(३) उपदफा बमोजिम आदेश गरेमा साक्षीले नदेख्ने गरी पक्ष उपस्थित हुने व्यवस्था मिलाउने (२) दायित्व समितिको हुनेछ।

(४) उपदफा बमोजिम गर्दा समितिले उजुरीसँग सम्बन्धित आवश्यक प्रश्न तयार (२) वा (१) गरी समितिको तर्फबाट बकपत्र गराउन सक्नेछ।

३३. **पेशी सूची प्रकाशन गर्नु पर्नेः**उजुरी प्रशासकले प्रत्येक हप्ता शुक्रवार अगामी हप्ताको लागि पेशी (१) तोकिएको बिवादहरूको साप्ताहिक पेशी सूची तथा तोकिएको दिन उक्त दिनको लागि पेशी तोकिएका बिवादहरूको पेशी सूची प्रकाशन गरन्ेछ।

(२) उपदफा निजको अनुपस्थितिमा निजले जिम्मेवारी तोकेको बमोजिमको सूची संयोजकले र (१) समितिको सदस्यले प्रमाणित गर्नु पर्नेछ।

३४. **दैनिक पेशी सूचीः**बमोजिमको साप्ताहिक पेशी सूचीमा चढेका ३२उजुरी प्रशासकले दफा (१) बिवाद हरूको तोकिएको दिनको पेशी सूची तयार गरी एक प्रति सूचना पाटीमा टाँस्न लगाउनुपर्नेछ तथा एक प्रति समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा बमोजिमको सूचीमा बिवादहरू उल्लेख गर्दा बिवाद दर्ताको आधारमा देहायको क्रममा (१) तयार गरी प्रकाशन गराउनु पर्नेछः-

(क) नाबालक पक्ष भएको बिवाद,

(ख) शारिरीक असक्तता वा अपाङ्गता भएको व्यक्ति पक्ष भएको बिवाद,

(ग) सत्तरी वर्ष उमेर पुरा भएको वृध्द वा वृध्दा पक्ष भएको बिवाद, तथा

(घ) बिवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको बिवाद,

(३) उपदफा (२) बमोजिम पेशी सूची तयार गर्दा मुल्तवीबाट जागेका तथा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट पुनः इन्साफको लागि प्राप्त भई दर्ता भएको बिवादको हकमा शुरूमा समितिमा दर्ता भएको मितिलाई नै दर्ता मिति मानि क्रम निर्धारण गर्नुपर्नेछ।

(४) उपदफा (१) वा (२) मा रहेको क्रमानुसार नै समितिले बिवादको सुनवाई र कारवाही तथा किनारा गर्नु पर्नेछ ।

३५. **उजुरी प्रशासकको जिम्मेवारी हुनेः** पेशी सूचीमा चढेका बिवादहरू कार्यालय खुलेको एक घण्टा भित्र समिति समक्ष सुनवाईको लागि पेश गर्ने तथा उक्त दिनको तोकिएको कार्य सकिए पछि समितिबाट फिर्ता बुझिलिई सुरक्षित राख्ने जिम्मेवारी उजुरी प्रशासकको हुनेछ।

३६. **प्रमाण सुनाउन सक्नेः** समितिले दफा २५ बमोजिम तोकिएको तारेखको दिन उपस्थित सबै पक्षलाई अर्को पक्षले पेश गरेको प्रमाण एवम् कागजात देखाई पढिबाँची सुनाई सो बारेमा अर्को पक्षको कुनै कथन रहेको भए लिखित बयान गराई मिसिल सामेल गराउन सक्नेछ।

३७. **बिवादको सुनवाई गर्नेः**सुनी निजहरूको बिवादको सुनवाई तथा समितिले दुवै पक्षको कुरा (१) निर्णय गर्नुपर्नेछ।

(२) उपदफा बमोजिमको सुनवाई तथा निर्णय गर्दा पक्षहरूको रोहवरमा गर्नुपर्नेछ। (१)

(३) उपदफा बमोजिम बिवादको सुनवाई गर्दा इजलास कायम गरी सुनवाई गर्न (१) मनासिव देखिएमा सोही अनुसार गर्न सक्नेछ।तर दुबै पक्षको भनाइ तथा जिकिर सुन्नलाइ उपदफा ३ अनुसारको इजलास कायम गर्न बाधा हुने छैन।

३८. **बन्द इजलासको गठन गर्न सक्ने** समितिले महिला तथा बालबालिका समावेश रहेको तथा (१) आवश्यक देखेको अन्य बिवादको सुनवाईको लागि बन्दइजलास कायम गरी सुनवाई गर्न सक्नेछ।

(२) उपदफा बमोजिमको बन्द इजलासमा बिवादका पक्ष तथा अन्य सरोकारवाला बाहेक अन्य (१) व्यक्तिलाई इजलासमा प्रवेश गर्न नपाउने गरी बन्द इजलासको गठन गर्नु पर्नेछ ।

(३) बन्द इजलासबाट हेरिने बिवादको काम कारवाहीपिडीतको , नाम थर ठेगाना लगायतका विषय गोप्य राख्नु पर्नेछ ।

३९. **बन्द इजलास सम्बन्धी अन्य व्यवस्थाः**बन्द इजलासबाट हेरिएका बिवादहरूको कागजातको (१) प्रतिवादि र निजको हितमा असर परेको कुनै सरोकारवाला बाहेक अरू कसैलाई ,प्रतिलिपि बादी उपलब्ध गराउनु हुँदैन ।

(२) उपदफा ब (१)मोजिमको बिवादको तथ्य खुलाई कुनै समाचार कुनै पत्रपत्रिकामा संप्रेषण हुन दिनु हुँदैन ।

(३) उपदफा मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले पक्षको गोपनियता तथा हितमा (२) प्रतिकुल प्रभाव नपर्ने गरी समाचार संप्रेषण गर्न भने कुनै बाधा पर्नेछैन ।

४०. **थप प्रमाण बुझ्नेः** बिवादको सुनवाईको क्रममा बिवादको कुनै पक्षको अनुरोधमा वा बिवाद सुनवाईको क्रममा समिति आफैले थप प्रमाण बुझ्नु पर्ने देखेमा उजुरीका पक्षहरूलाई थप प्रमाण पेश गर्न पेश गर्ने तारेख तोकि आदेश गर्न सक्नेछ ।

४१. **स्वार्थ बाझिएको बिवाद हेर्न नहुनेः**समितिको सदस्यले देहायका बिवादको कारवाही र किनारामा (१) नुहुँदैनःसंलग्न हु-

(क) आफ्नो वा नजिकको नातेदारको हक हित वा सरोकार रहेको बिवाद,

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले अपुताली पर्दा कानून बमोजिम अपुताली प्राप्त गर्न सक्ने प्राथमिकता क्रममा रहेको व्यक्ति, मामा, माइजु, सानीआमा, ठूलीआमा, सानोबाबु, ठूलोबाबू, पति वा पत्नी तर्फका सासू, ससुरा, फूपु, फूपाजु, साला, जेठान, साली, दिदी, बहिनी, भिनाजु, बहिनी ज्वाईं, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाईं, भाञ्जी बुहारी तथा त्यस्तो नाताका व्यक्तिको एकासगोलमा रहेको परिवारको सदस्य सम्झनुपर्छ ।

(ख) निजले अन्य कुनै हैसियतमा गरेको कुनै कार्य वा निज संलग्न रहेको कुनै विषय समावेश रहेको कुनै बिवाद,

(ग) कुनै विषयमा निजले बिवाद चल्ने वा नचल्ने विषयको छलफलमा सहभागि भई कुनै राय दिएको भए सो विषय समावेश रहेको बिवाद, वा

(घ) अन्य कुनै कारणले आधारभूत रूपमा निज र निजको एकाघरसंगोलका परिवारका सदस्यको कुनै स्वार्थ बाझिएको बिवाद ।

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था देखिएमा जुन सदस्यको त्यस्तो अवस्था पर्छ उक्त सदस्यले बिवाद हेर्न नहुने कारण खुलाई आदेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) को प्रतिकुल हुने गरी कुनै सदस्यले कुनै बिवादको कारवाहि र किनारामा सहभागि हुन लागेमा बिवादको कुनै पक्षले आवश्यक प्रमाण सहित बिवादको कारवाहि किनारा नगर्न निवेदन दिन सक्नेछ र सो सम्बन्धमा  काम कारबाही स्थानीय ऐनको दफा ४८(५) अनुसार हुनेछ ।

(४) उपदफा (३) अनुसार बिवाद निरुपण हुन नसक्ने अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८(६) र (७) को ब्यबस्था अनुसारको सभाले तोकेको समितिले काम कारवाहि र किनारामा गर्नेछ ।

(५) उपदफा (४) बमोजिम गर्दा सभाले बिवादका पक्षहरूलाई सोहि उपदफा बमोजिम गठित समितिबाट बिवादको कारवाहि किनारा हुने कुराको जानकारी गराई उक्त समिति समक्ष उपस्थित हुन पठाउनु पर्नेछ ।

## परिच्छेद-६

## निर्णय र अन्य आदेश

४२. **निर्णय गर्नु पर्नेः**बिवाद हेर्दा कुनै प्रमाण बुझ्नुपर्ने बाँकि  समितिले सुनवाईको लागि पेश भएको (१) नरहि बिवाद किनारा गर्ने अवस्था रहेको देखिएमा सोहि पेशीमा बिवादमा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा  बमोजिम निर्णय गरेपछि निर्णयको व्यहोरा निर्णय किताबमा लेखि समितिमा उपस्थित (१) सदस्यहरू सबैले दस्तखत गर्नु पर्नेछ ।

(३) उपदफा र अन्य प्रचलित कानून बमोजिम खुलाउनु पर्ने  ४२बमोजिम गरीएको निर्णयको दफा  (१) विवरण खुलेको पूर्णपाठ निर्णय भएको मितिले बढिमा सात दिन भित्र तयार गरी मिसिल सामेल राख्नु पर्छ ।

(४) उपदफा  मा जुनसुकै कुरा (१)लेखिएको भए तापनि समयाभाव अथवा अन्य कुनै मनासिब कारणले गर्दा सोहि दिन बिवाद निर्णय गर्न नसक्ने भएमा आगामि हप्ताको कुनै दिनको लागि अर्को पेशी तारेख तोक्नु पर्नेछ ।

४३. **निर्णयमा खुलाउनु पर्नेः**बमोजिम गरेको निर्णयको पूर्णपाठमा यस दफा  ४१समितिले दफा  (१) बमोजिमका कुराहरू खुलाई अनुसूची-७ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

(२) उपदफा निर्णय गर्नुपर्ने देखिएको  ,बमोजिम पूर्णपाठ तयार गर्दा बादी तथा प्रतिबादीको जिकिर (१) दुवै पक्षबाट पेश भएको प्रमाणका कुराहरू समेतको विषय खुलाउनु पर्नेछ । ,विषय

(३) उपदफा मा उल्लेख भए (२) देखि बाहेक पूर्णपाठमा देहायका कुराहरू समेत खुलाउनु पर्नेछः-

(क) तथ्यको ब्यहोरा,

(ख) बिवादको कुनै पक्षले कानून व्यवसायी राखेको भएमा निजले पेश गरेको बहस नोट तथा बहसमा उठाइएका मुल विषयहरु,

(ग) निर्णय गर्नको लागि आधार लिइएको प्रमाणका साथै दुवै पक्षबाट पेश भएको प्रमाण तथा त्यसको विश्लेषण,

(घ) निर्णय कार्यान्वयन गर्नको लागि गर्नुपर्ने विषयहरूको सिलसिलेवार उल्लेखन सहितको तपसिल खण्ड, तथा

(ङ) निर्णय उपर पुनरावेदन लाग्ने भएमा पुनरावेदन लाग्ने जिल्ला अदालतको नाम र के कति दिन भित्र पुनरावेदन गर्नु पर्ने हो सो समेत ।

(४) उपदफा २ तथा ३ मा उल्लेख भए देखि बाहेक देहायका कुराहरु समेत निर्णयमा खुलाउन सक्नेछः-

(क) साँक्षी वा सर्जमिनको बकपत्रको सारांश,

(ख) कुनै नजीरको व्याख्या वा अवलम्बन गरेको भए सो नजीरको विवरण र बिवादमा उक्त नजीरको सिद्धान्त के कुन आधारमा लागु भएको हो अथवा लागु नभएको हो भन्ने कारण सहितको विश्लेषण,

(ग) निर्णयबाट कसैलाई कुनै कुरा दिनु भराउनु पर्ने भएको भए कसलाई के कति भराई दिनु पर्ने हो सोको विवरण, तथा

(घ) बिवादको क्रममा कुनै मालसामान वा प्रमाणको रुपमा केहि वस्तु समिति समक्ष पेश भएको भए सो मालसामान वा वस्तुको हकमा के गर्ने हो भन्ने विषय ।

४४. **प्रारम्भिक सुनवाईमा निर्णय हुन सक्नेः**समितिले पहिलो सुनवाईको लागि पेश भएको अवस्थामा (१) नै बिवादमा थप प्रमाण बुझिरहनुपर्ने अवस्था नरहेको देखेमा अथवा हदम्याद वा हकदैया वा समितिको क्षेत्राधिकार नरहेको कारणले बिवाद निर्णय गर्न नमिल्ने देखेमा पहिलो सुनवाईमा नै निर्णय गर्न सक्नेछ ।\

(२) उपदफा बमोजिमको निर्णय क्षेत्राधिकारको अभाव रहेको कारणले भएको अवस्थामा क्षेत्राधिकार (१) ग्रहण गर्ने अदालत वा स्थानीय तह वा अन्य निकायमा उजुरी गर्न जानु भनि सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ ।

४५. **निर्णय संशोधनः** (१) समिति समक्ष बिवादको पक्ष वा कुनै सरोकारवालाले बिवादको निर्णयमा भएको कुनै लेखाईको त्रुटी संशोधन गरी पाउन जिकिर लिई निर्णयको जानकारी भएको पैंतिस दिन भित्र निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परी समितिले हेर्दा सामान्य त्रुटी भएको र संशोधनबाट निर्णयको मूल आशयमा कुनै हेरफेर नहुने देखेमा छुट्टै पर्चा खडा गरी निवेदन बमोजिम निर्णय संशोधन गर्ने आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश मूल निर्णयको अभिन्न अङ्गको रुपमा लिइनेछ ।

४६. **निर्णयमा हेरफेर गर्न नहुनेः** (१) समितिका सदस्य अथवा अरु कसैले पनि समितिका सदस्यहरुको दस्तखत भैसकेपछि निर्णयमा कुनै प्रकारको थपघट वा केरमेट गर्न हुँदैन ।

(२) कसैले उपदफा (१)बमोजिम को कसुर गर्ने कर्मचारीलाई आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनुपर्नेछ ।

४७. **निर्णय भएपछि गर्नुपर्ने कारवाहिः** (१) उजुरी प्रशासकले समितिबाट निर्णय भएपश्चात निर्णय किताबमा समितिका सदस्यहरु सबैको दस्तखत भएको यकिन गरी निर्णय किताब र मिसिल जिम्मा लिनु पर्छ ।

(२) यस ऐन बमोजिम निर्णयको पूर्णपाठ तयार भएपछि सबै सदस्यको दस्तखत भैसकेपछि उजुरी प्रशासकले निर्णयको कार्यान्यवय गर्नका लागि तत्काल गर्नुपर्ने केहि कार्य भए सो सम्पन्न गरी मिसिल अभिलेखको लागी पठानुपर्छ ।

४८. **निर्णय गर्नपर्ने अवधिः** (१) समितिले प्रतिवाद दाखिल भएको वा बयान गर्नुपर्नेमा प्रतिबादीको बयान भएको मितिले तथा प्रतिवाद दाखिल नभएको वा बयान नभएकोमा सो हुनुपर्ने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र बिवादको अन्तिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयावधि गणना गर्दा मेलमिलापको लागि पठाईएको बिवादको हकमा मेलमिलापको प्रक्रियामा लागेको समय कटाई अवधि गणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिवादमा बुझ्नुपर्ने प्रमाण तथा पुरा गर्नु पर्ने प्रक्रिया बाँकी नरही बिवाद निर्णय गर्न अङ्ग पुगिसकेको भए सो पुगेको पन्ध्र दिनभित्र अन्तिम निर्णय गर्नु पर्नेछ ।

**४९. अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सकिनेः- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ को उपदफा ८ को खण्ड क) देखि (ङ) सम्म बसय विषयमा तत्काल अन्तरिम संरक्षणात्मक ) आदेश जारी गर्न सकिनेछ । यस्तो आदेश जारी गर्दा निवेदकले पेश गरेको कागजात, निजको अवस्था र वस्तुगत परिस्थितिको प्रारम्भिक छानविन गरी तत्काल आदेश नगरे निवेदकलाई पर्न सक्ने नकारात्मक प्रभावको मुल्यांकन गर्नु पर्दछ । न्यायिक समितिले जारी गर्ने अन्तरिम संरक्षणात्मक आदेश अनुसूची ८ मा उल्लेख गरे बमोजिम हुनेछ ।**

## परिच्छेद-७

## समितिको सचिवालय

५०. **समितिको सचिवालयः** समितिको कार्यसम्पादनलाई सहजिकरणा गर्न एक सचिवालय रहने छ (१)

(२) उपदफा अभिलेख ,वमोजिमको सचिवालयमा कार्यपालिकाले आवश्यताअनुसार उजुरी प्रशासक (१) प्रशासक तथा अन्य कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ । सचिवालयको कार्यसम्पादनलाई व्यवस्थित गर्न सचिवालयअन्तर्गत उजुरी शाखाफाँट रहन सक्नेछ ।/फाँट तथा अभिलेख शाखा /

५१. **उजुरी प्रशासकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भए देखि बाहेक उजुरी प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पेश भएका उजुरी, प्रतिवाद र अन्य लिखतहरु जाँच गरी रीत पुगेको भए कानून बमोजिम लाग्ने दस्तुर लिई दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए कारण जनाई दरपीठ गर्ने,

(ख) विवादमा प्रमाणको लागि पेश भएका नक्कल कागजलाई सक्कलसँग भिडाई ठिक देखिएमा प्रमाणित गर्ने र मिसिल सामेल राख्ने तथा सक्कलमा केहि कैफियत देखिएमा सो जनाई सम्बन्धित पक्षको सहिछाप गराई राख्ने,

(ग) पेश भएका लिखत साथ संलग्न हुनुपर्ने प्रमाण तथा अन्य कागजात छ वा छैन भए ठीक छ वा छैन जाँच्ने,

(घ) समितिको आदेशले झिकाउनुपर्ने प्रतिबादी, साक्षी वा अन्य व्यक्तिको नाममा म्याद जारी गर्ने,

(ङ) विवादका पक्षलाई तारेख वा पेशी तारेख तोक्ने,

(च) समिति समक्ष पेश हुनुपर्ने निवेदन दर्ता गरी आदेशको लागि समिति समक्ष पेश गर्ने,

(छ) कानून बमोजिम वारेस लिने तथा गुज्रेको तारेख थाम्ने निवेदन लिई आवश्यक कारवाही गर्ने,

(ज) समितिबाट भएको आदेश कार्यान्वयन गर्ने गराउने,

(झ) समितिमा पेश वा प्राप्त भएका कागजपत्र बुझ्ने, भर्पाई गर्ने लगायतका कार्यहरु गर्ने,

(ञ) आवश्यकतानुसार समितिको तर्फबाट पत्राचार गर्ने,

(ट) समितिको आदेशले तामेल गर्नु पर्ने म्याद तामेल गर्ने गराउने, तामेल भएको म्यादको तामेली जाँची रीतपूर्वकको नभए पुनः जारी गर्ने तथा अन्य अदालत वा निकायबाट प्राप्त भएको गाउँपालिका/नगरपालिकाले तामेल गरि दिनुपर्ने म्याद तामेल गर्ने गराउने,

(ठ) निर्णय किताब र उजुरीको मिसिल जिम्मा लिने,

(ड) समितिमा दर्ता भएका विवाद तथा निवेदन लगायतका कागजातको अभिलेख तयार गर्ने र मासिक वा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने निकाय समक्ष प्रतिवेदन तयार गरी संयोजकबाट प्रमाणित गराई सम्बन्धित निकायमा पठाउने,

(ढ) आफ्नो जिम्मा रहेका उजुरीका मिसिलमा रहेका कागजातको रीतपूर्वक नक्कल दिने,

(ण) जिल्ला अदालतमा पुनरावेदन लाग्ने गरी निर्णय भएका विवादमा पुनरावेदन म्याद जारी गरी तामेल गर्ने गराउने,

(त) अदालत वा अन्य कुनै निकायमा विवादको मिसिल वा कुनै कागजात पठाउनुपर्ने भएमा समितिलाई जानकारी गराई मिसिल वा कागजात पठाउने तथा फिर्ता प्राप्त भएपछि कानून बमोजिम सुरक्षित राख्ने व्यवस्था मिलाउने,

(त) निर्णय किताब जिम्मा लिने तथा

(थ) पेश भएका निवेदन लगायतका कागजातमा समितिबाट आदेश हुनुपर्ने वा निकासा लिनु पर्नेमा समिति समक्ष पेश गर्ने ।

**५२. अभिलेख प्रशासकको काम, कर्तव्य र अधिकारः**अभिलेख यस ऐनमा अन्यत्र उल्लेख भए बाहेक (१) - प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्णय कार्यान्वयन सम्बन्धीः

(२) निर्णय बमोजिम चलन चलाउनुपर्ने, कुनै कुरा दिलाईभराई दिनुपर्ने लगायतका निर्णय कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरु गर्ने तथा निर्णय कार्यान्वयनको अभिलेख राखी कानून बमोजिम विवरण पठाउनुपर्ने निकायहरुमा विवरण पठाउने,

(३) निर्णय कार्यान्वयनको क्रममा निवेदन दिएका पक्षहरुको वारेस लिने, सकार गराउने, गुज्रेको तारेख थमाउने लगायतका कार्यहरु गर्ने,

(४) समितिको आदेशले रोक्का भएको वा अरु कुनै अदालत वा निकायबाट रोक्का भै आएको जायजेथा अन्य अड्डा अदालतमा दाखिल चलान गर्नुपर्ने भए सो गर्ने,

(५) निर्णय बमोजिम लिलाम गर्ने लगायतका अन्य कुनै काम गर्नुपर्ने भए सो समेत गर्ने, तथा

(६) लेखिए देखि बाहेकको कुनै कार्य निर्णय कार्यान्वयनको क्रममा गर्नुपर्ने भएमा समिति समक्ष पेश गरी आदेश बमोजिम गर्ने ।

(ख) अभिलेख संरक्षण सम्बन्धीः

(१) अभिलेख शाखाको रेखदेख गरी निर्णय भएका मिसिल सुरक्षित राख्ने र कानून बमोजिम सडाउनेपर्ने कागजहरु सडाउने,

(२) निर्णय भएका मिसिलहरुमा कागजात जाँच गरी दुरुस्त रहेनरहेको हेर्ने र मिसिल कानून बमोजिम गरी दुरुस्त अवस्थामा राख्ने

(३) कानून बमोजिम सडाउने कागजको विवरण तयार गरी सो विवरण सुरक्षित रहने व्यवस्था गर्ने,

(४) अभिलेख शाखामा प्राप्त भएको मिसिलहरुको सालबसाली अभिलेख राख्ने र आवश्यकतानुसार विवरण तयार गर्ने, तथा

(५) कुनै अदालत वा निकायबाट अभिलेखमा रहेको मिसिल वा कुनै कागजात माग भै आएमा रीतपूर्वक पठाउने र फिर्ता प्राप्त भएपछि रीतपूर्वक गरी सुरक्षित राख्ने ।

**५३. उजुरी प्रशासक वा अभिलेख प्रशासकको आदेश उपरको निवेदनः** १) यस ऐन बमोजिम उजुरी प्रशासक वा अभिलेख प्रशासकले गरेको आदेश वा कारवाही उपर चित्त नबुझ्ने पक्षले सो आदेश वा कारवाही भएको पाँच दिनभित्र समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर सुनुवाई गरी निवेदन पेश भएको बढिमा सात दिन भित्र निवेदन उपरको कारवाहि टुङ्गयाउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन उपर आदेश वा निर्णय गर्नुपूर्व केहि बुझ्नुपर्ने भए सो बुझेर मात्र निर्णय वा आदेश गर्नुपर्नेछ ।

## परिच्छेद-८

## मेलमिलाप सम्बन्धी व्यवस्था

**५४. मिलापत्र गराउनेः**समितिले प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने जुनसुकै उजुरीमा (१) मिलापत्र गराउनसक्नेछ ।

(२) विवादका पक्षहरूले मिलापत्रको लागि अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिएमा समितिले उजुरीमा मिलापत्र गराउन उपयुक्त देखेमा मिलापत्र गराइदिनेछ ।

(३) उपदफा बमोजिम पक्षहरूले दिएको निवेदनको व्यहोरा समितिले दुवै पक्षलाई सुनाई त्यसको (२) परिणाम सम्झाई पक्षहरूको मिलापत्र गर्ने सम्बन्धमा सहमति रहेनरहेको सोध्नुपर्नेछ ।

(४) उपदफा बमोजिम सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा समितिले पक्षहरूको निवेदनमा (३) उल्लेख भएको व्यहोरा बमोजिमको मिलापत्र तीन प्रति तयार गराउनुपर्नेछ ।

(५) उपदफा बमोजिमको मिलापत्रको व्यहोरा पक्षहरूलाई पढीबाँची सुनाई मिलापत्र गर (४)्न मञ्जुर भएमा पक्षहरूको सहिछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज अनुसूची-१० बमोजिमको ढाँचामा प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नुपर्नेछ तथा एक-एक प्रति बादी तथा प्रतिबादीलाई दिनु पर्नेछ ।

५५. **मेलमिलाप गराउन सक्ने**ःबमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा समितिले प्रचलित कानून (१) पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ ।

(२) पक्षहरूले जुनसुकै तहमा विचाराधीन रहेको प्रचलित कानूनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा विवादका पक्षले संयुक्त रूपमा समिति समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा बमोजिम निवेदन दिएकोमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त देखिएमा (२) समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरोपण गर्न लेखि पठाउनु पर्नेछ ।

(४) उपदफा बमोजिमको आदेशपछि मेलमिलाप सम्बन्धी कारवाहि प्रारम्भ गरी पक्षहरूबीच (३) मेलमिलाप गराई दिनु पर्नेछ ।

(५) मेलमिलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. **उजुरी निर्णय गर्ने**ःसमितिले यस ऐन बमोजिम मेलमिलापको माध्यमबाट उजुरीको निरोपण गर्न (१) प्रक्रिया बढाएकोमा मेलमिलापको माध्यमबाट उजुरीको निरोपण हुन नसकेमा पक्षहरूलाई उजुरीको पेशी तारेख तोकि कानून बमोजिम कारवाही गरी सुनवाई तथा निर्णय गर्ने प्रक्रिया बढाउनु पर्नेछ ।

(२) उपदफा (२) को उपदफा ४७मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय ऐनको दफा (१) बमोजिमको उजुरीमा मेलमिलाप वा मिलापत्र हुन नसकेमा समितिले अधिकार क्षेत्र रहेको अदालतमा जाने भनि सुनाईदिनुपर्नेछ ।

५७. **मेलमिलाप वा मिलापत्र हुन नसक्ने**ः- यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उजुरीमा मिलापत्र गराउँदा उजुरीको प्रकृति वा मिलापत्रको व्यहोराबाट नेपाल सरकार बादी भई चलेको कुनै विवाद वा सार्वजनिक तथा सरकारी सम्पत्ति वा हितमा असर पर्ने देखिएमा समितिले त्यस्तो विवादमा मिलापत्र गराउने छैन । तर त्यस्तो असर पर्ने व्यहोरा हटाई अन्य व्यहोराबाट मात्र मिलापत्र गर्न चाहेमा भने मिलापत्र गराई दिनु पर्नेछ ।

५८. **मेलमिलापको लागि प्रोत्साहन गर्ने**ः-समितिले समिति समक्ष सुनवाई (१) को लागि पेश भएको उजुरीमा मेलमिलाप हुनसक्ने सम्भावना रहेको देखेमा पक्षहरूलाई मेलमिलापको लागि तारेख तोक्न सक्नेछ ।

(२) उपदफा उपस्थित भएसम्म ,बमोजिमको तारेखको दिन समितिले विवादका पक्ष तथा विपक्ष (१) पक्षले पत्याई साथै लिइआएका अन्य व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल

बमोजिम मिलापत्र कागज तयार गर्न लगाई गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए मिलापत्र गरार्इदिनुपर्नेछ ।

(३) उजुरीमा तोकिएको म्यादमा समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारेख गुजारी विवादमा तारेखमा नरहेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट उजुरीको पक्ष कायम हुने देखिएको व्यक्ति समेत मेलमिलापको लागि उपस्थित भएमा समितिले मेलमिलाप गराई मिलापत्रको कागज गराईदिनुपर्नेछ ।

५९. **प्रारम्भिक सुनवाई पूर्व मेलमिलापः**उजुरी प्रशासकले प्रारम्भिक सुनवाईको लागि समिति समक्ष (१) वस्था देखिएमा वा पक्षहरूले सो व्यहोराको उजुरी पेश हुनुपूर्व उजुरीमा मेलमिलाप हुनसक्ने अ निवेदन लिरइ आएमा मिलापत्रको व्यहोरा खुलेको कागज तयार गरी समिति समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा बमोजिम गर्दा मिलापत्रमा अन्तिम सहमति नजुटेको भए तापनि पक्षहरू मेलमिलापको (१) उजुरी प्रशासकले पक्षहरूको निवेदन लिई उजुरीमा लागि प्रक्रियामा जान सहमत भएमा मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउने आदेशको लागि समिति समक्ष पेश गर्नसक्नेछ ।

६०. **मेलमिलापकर्ताको सूची तयार गर्नेः** समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय (१) खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार बमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण गर्नेछः

(क) कम्तिमा माध्यमिक तह उत्तिर्ण गरेको

(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको; तथा

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको ।

(घ) मेलमिलापकर्ताको ४८ घण्टा तालिम लिइ मेलमिलापकर्ताको कार्य गर्दै आएको

(ङ) २५ बर्ष उमेर पुरा भएको ।

(च) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिइ हाल काम गरिरहेकाको हकमा निजलाइ निरन्तरता दिन सकिने ।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नुपर्नेछ तथा मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनुपर्ने छ ।

६१. **मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नेः**बमोजिम तयार भएको सूची प्रत्येक ५९समितिले दफा (१) वर्ष अद्यावधिक गर्नुपर्नेछ ।

(२) प्रत्येक वर्ष अद्यावधिक गरेको मेलमिलापकर्ताको सूची समितिले सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम मेलमिलापकर्ताको सूचीमा सूचीकृत हुन योग्यता पुगेको व्यक्तिले समिति समक्ष सूचीकृत गरिपाउनको लागि अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनसक्नेछ ।

६२. **मेलमिलापकर्ताको सूचीबाट हटाउने:**बमोजिम मेलमिलापकर्ताको सूची ६०समितिले दफा (१) मेलमिलापकर्ताको नाम सूचीबाट हटाउनेछः अद्यावधिक गर्दा देहायको अवस्थाका-

(क) निजको मृत्यु भएमा;

(ख) निजले आफ्नो नाम सूचीबाट हटाईपाउँ भन्ने निवेदन दिएमा;

(ग) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा;

(घ) निज कुनै संस्थासँग सम्बध्द रहेकोमा सो संस्था खारेज वा विघटन भएमा; र

(ङ) समितिले दफा ६७ को उपदफा (२) बमोजिम निजलाई सूचीबाट हटाउने निर्णय गरेमा ।

(च) बसइ सराइ गरेमा ।

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाइएका मेलमिलापकर्ताहरूको नामावली समितिले सार्वजनिक सूचनाको लागि प्रकाशन गर्नु पर्नेछ ।

६३. **मेलमिलापको लागि समयावधि तोक्ने:**समितिले यस ऐन बमोजिम मेलमिलाको लागि (१) मेलमिलापकर्ता पठाउँदा बढिमा तिन महिना सम्मको समय तोकि पठाउनेछ ।

(२) मेलमिलापको लागि पठाउँदा सामान्यतयाः वढिमा तीनजना बाट मेलमिलाप गराउने गरी तोक्नुपर्ने छ ।

६४. **मेलमिलापकर्ताको छनौटः** कार्यको लागि विवादका पक्षहरूलाई समितिले मेलमिलाप गराउने (१) एक जना मेलमिलापकर्ताको छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा पक्षहरूबीचमा एकजना मेलमिलापकर्ताको लागि सहमति नभएमा समितिले पक्षहरूको सहमतिमा तिन जना मेलमिलापकर्ताको छनौट गर्नुपर्नेछ ।

(३) पक्षहरूको बीचमा मेलमिलापकर्ताको नाममा सहमति हुन नसकेमा समितिले मेलमिलापकर्ताको सूचीमा रहेका मेलमिलापकर्ताहरू मध्येबाट दुवै पक्षबाट एक-एक जना मेलमिलापकर्ता छनौट गर्न लगाई तेस्रो मेलमिलापकर्ता छनौट गरि दिनु पर्नेछ ।

(४) उजुरीका सबै पक्षको सहमतिमा मेलमिलापकर्ताको सूचीमा नरहेको यस ऐन बमोजिम मेलमिलापकर्ता हुन अयोग्य नभएको कुनै व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडी बढाउन सहमत भै लिखित निवेदन दिएमा समितिले त्यस्तो व्यक्ति वा संस्थालाई मेलमिलापकर्ता तोकि दिनु पर्नेछ ।

६५. **मेलमिलापकर्ताको परिवर्तन:**निवेदन दिएको अवस्थामा समितिले देहायको अवस्था परि पक्षहरूले (१) मेलमिलापकर्ता परिवर्तन गरिदिनुपर्नेछः-

(क) दफा ६१ बमोजिम मेलमिलापकर्ताको सूचीबाट हटाउने अवस्था भएमा,

(ख) पक्षहरूले पारस्परिक सहमतिमा मेलमिलापकर्ता हेरफेर गर्न मञ्जुर भएमा,

(ग) विवादको कुनै पक्षले मेलमिलापकर्ता प्रति अविश्वास रहेको लिखित जानकारी गराएमा,

(घ) कुनै कारणले मेलमिलापकर्ताले मेलमिलापमा सहभागी भैरहन नसक्ने जनाएमा,

(ङ) विवादको विषयवस्तुमा मेलमिलापकर्ताको कुनै स्वार्थ रहेको मेलमिलापकर्ताले जानकारी गराएमा वा कुनै स्रोतबाट समिति समक्ष जानकारी भएमा, तथा

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको हैसियतले कार्यगर्दा दफा ६६ तथा अन्य प्रचलित कानून बमोजिम पालन गर्नु पर्ने आचरण पालन नगरेमा ।

(२) मेलमिलापकर्ता परिवर्तनको कारणले तोकिएको समयमा मेलमिलापको कार्य सम्पन्न हुन नसक्ने भएमा समितिले बढिमा एक महिना सम्मको समय थप गर्न सक्नेछ ।

६६. **मेलमिलापको लागि पठाउँदा गर्ने प्रक्रियाः**समितिले कुनै उजुरी मेलमिलापको लागि (१) मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकि देहाय बमोजिमको कागज साथै राखि लेखिपठाउनु पर्नेछः

(क) उजुरीको सारसंक्षेप वा मुख्य मुख्य कागजातको प्रतिलिपी,

(ख) उजुरीको पक्ष वा वारेस भए वारेसको नाम, थर, वतन र उपलब्ध भएसम्म टेलिफोन नम्बर, ईमेल, फ्याक्स तथा अन्य सम्पर्क विवरण; तथा

(ग) मेलमिलाप सम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने स्थान र समय ।

(२) मेलमिलापकर्ताले समिति समक्ष माग गरेमा उजुरीका कागजातहरूको नक्कल उपलब्ध गराउनु पर्नेछ ।

(३) मेलमिलापको लागि तोकिएको समय सम्पन्न भएको सात दिन भित्र उजुरीको पक्षहरू समिति समक्ष उपस्थित हुने गरी तारेख तोक्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलापकर्ताले तोकिएको समय अगावै उजुरी समिति समक्ष फिर्ता पठाउने निर्णय गरेमा सो निर्णयको जानकारी भएको सात दिन भित्र पक्षहरूलाई समिति समक्ष उपस्थित हुनेगरी पठाउनुपर्नेछ ।

६७. **मेलमिलापमा अवलम्बन गर्नुपर्ने प्रक्रियाः** समितिले पक्षहरूको सहमतिमा मेलमिलापको लागि (१) छलफल गर्ने तथा अन्य कार्य गर्ने स्थानको छनौट गरी पक्ष तथा मेलमिलापकर्तालाई सोको जानकारी उपलब्ध गराउनुपर्नेछ । तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले अन्य कुनै स्थानको छनौट गर्न बाधा पर्ने छैन ।

(२) पक्षहरूलाई उपदफा स्थानमा तोकिएको समयमा उपस्थित बमोजिम मेलमिलापकर्ताले तोकेको (१) हुने दायित्व रहनेछ ।

(३) उपदफा बमोजिमको दायित्व पक्षहरूले पुरा नगरेमा मेलमिलापकर्ताले (२)मेलमिलापको प्रक्रिया बन्द गरी समितिलाई सोको लिखित जानकारी गराई उजुरीको कागजात फिर्ता पठाउन सक्नेछ ।

(४) मेलमिलापको क्रममा मेलमिलापकर्ताले पक्षहरूबीचमा सहजकर्ताको भूमिका गर्नेछ र उक्त भूमिका निर्वाह गर्ने क्रममा निजले पक्षहरू बाहेक देहायका व्यक्तिहरूसँग समेत एकल वा सामूहिक वार्ता गर्नसक्नेछः

(क) विवादको विषयमा जानकारी रहेको उजुरीका पक्षले रोजेको व्यक्ति; तथा

(ख) विवादको विषयवस्तुको बारेमा जानकारी रहेको स्थानीय भद्रभलादमी ।

(५) मेलमिलापकर्ताले पक्षहरूको सहमतिमा पक्षहरूसँग देहाय बमोजिम वार्ता गर्नसक्नेछः

(क) पक्षहरूसँग एकल एकान्तवार्ता; तथा

(ख) टेलिफोन वार्ता, भिडीयो कन्फ्रेन्स वा सञ्चारको अन्य माध्यमबाट वार्तालाप ।

(६) प्रचलित कानून तथा यस ऐनको मान्यता विपरीत नहुनेगरी पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले मेलमिलापको कार्यविधि निर्धारण गर्न सक्नेछ ।

६८. **मेलमिलापकर्ताको आचरणः** (१) मेलमिलापकर्ताले देहाय बमोजिमको आचरण पालन गर्नु पर्नेछः-

(क) मेलमिलाप सम्बन्धी कारवाही निष्पक्ष ढङ्गले सम्पादन गर्नु पर्ने,

(ख) कुनै पक्षप्रति झुकाव, आग्रह, पूर्वाग्रह नराख्ने वा राखेको देखिने कुनै आचरण वा व्यवहार नगर्ने,

(ग) कुनै पक्षलाई डर, त्रास, झुक्यान वा प्रलोभनमा पारी मेलमिलाप गराउन नहुने,

(घ) विवाद कायम रहेको अवस्थामा विवादको कुनै पक्षसँग आर्थिक कारोबारमा सँलग्न नहुने,

(ङ) मेलमिलाप सम्बन्धमा बनेको प्रचलित कानून तथा अन्य स्थापित मान्यता विपरीत आचरण गर्न नहुने,

(च) मेलमिलापको क्रममा पक्षहरुसँग सम्मानजनक, सदभावपूर्ण र सबै पक्षप्रति समान व्यवहार कायम गर्ने,

(छ) मेलमिलापको क्रममा पक्षहरुले व्यक्त गरेको विषयवस्तुको गोपनीयता कायम राख्ने तथा

(ज) मेलमिलापको क्रममा पक्षबाट प्राप्त भएको कुनै कागजात वा वस्तु प्रक्रिया सम्पन्न भएपछि वा निज प्रक्रियाबाट अलग भएपछि सम्बन्धित पक्षलाई सुरक्षित फिर्ता गर्ने ।

(२) समितिले कुनै मेलमिलापकर्ताले उपदफा (१) बमोजिमको आचरण पालना नगरेको उजुरी परी वा सो विषयमा स्वयं जानकारी प्राप्त गरी छानविन गर्दा व्यहोरा ठिक देखिए त्यस्तो मेलमिलापकर्तालाई मेलमिलापकर्ताको सूचीबाट हटाउनेछ ।

६९. **लिखत तयारी र मिलापत्रः** (१) मेलमिलापकर्ताले पक्षहरुसँगको छलफल पश्चात मेलमिलापको लागि दुवै पक्ष सहमत भएकोमा मिलापत्र गराई सहमति भएको विषयवस्तु बमोजिमको मिलापत्रको लिखत तयार गरि समिति समक्ष पठाउनु पर्नेछ ।

७०. **मेलमिलाप नभएको उजुरीमा गर्नुपर्ने कारवाहीः**(१) मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा मेलमिलापकर्ताले पक्षहरुलाई समिति समक्ष हाजीर हुन जाने बढिमा सात दिनको म्याद तोकि पठाउनुपर्नेछ ।

७१. **मेलमिलाप नभएको उजुरीमा निर्णय गर्नुपर्नेः** (१)स्थानीय ऐनको दफा ४७ को विबादमा (१) समितिले मेलमिलापको लागि पठाएको उजुरीमा पक्षहरुबीच मेलमिलाप हुन नसकि मेलमिलापकर्ताको प्रतिवेदन सहित प्राप्त हुन आएमा कानून बमोजिम कारवाही गरी निर्णय गर्नु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको उजुरीमा अधिकारक्षेत्र ग्रहण गर्ने सम्बन्धित अदालत वा निकायमा उजुरी गर्न जानु भनि सुनाई पठाई दिनु पर्छः-

(क) स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ को उपदफा (२) बमोजिमको विवादमा, तथा

(ख) कुनै अदालत वा निकायबाट मेलमिलापको लागि प्रेषित भएको विवादमा ।

(३) उपदफा (२) को देहाय (ख) बमोजिमको विवादमा सम्बन्धित अदालत वा निकायमा पठाउँदा हाजिर हुन जाने तारेख तोकी पठाउने तथा मिसिल समेत नक्कल खडा गरी अभिलेख राखि सक्कल मिसिल सम्बन्धित अदालत वा निकायमा पठाउनु पर्नेछ ।

७२. **मेलमिलाप दस्तुरः** मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नेछैन ।तर पक्षहरूको सहमतिमा मेलमिलापकर्ताले पक्षहरुबाट बढीमा ५०० रुपैंया सम्म लिन पाउने छन् ।

७३. **समुदाय स्तरमा हुने सामुदायिक मेलमिलाप प्रवर्धन गर्न कर्मचारी तोक्न सक्नेः (१)**समितिले स्थानीय स्तरमा मेलमिलाप प्रवर्ध्दन गर्नको लागि कार्यपालिकामा अनुरोध गरेमा कर्मचारी खटाई समुदाय स्तरमा मेलमिलापको प्रवर्ध्दनात्मक कार्यक्रम गर्नसकिनेछ ।

(२) समुदाय स्तरमा हुने सामुदायिक मेलमिलापको हकमा दफा ५९ अनुसारको योग्यता तथा (१) अनुभव नभएका मेलमिलापकर्तावाट मेलमिलाप गराउन वाधा पर्ने छैन ।

(२) समितिले समुदायस्तरमा हुने सामुदायिक मेलमिलापको कार्यविधि तोके वमोजिम हुनेछ ।

## परिच्छेद-९

## निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था

७४. **सचिवालयको जिम्मेवारीः-** कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहि समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी सम्पूर्ण कार्यको रेखदेख गर्ने जिम्मेवारी वहन गर्नुपर्नेछ ।

७५. **सहयोग गर्नु पर्नेः-**उपमहानगर कार्यपालिकाको कार्यालय तथा सो अन्तर्गतका सबै वडा (१) कार्यालय तथा अन्य कार्यालयले यस ऐन तथा प्रचलित कानून बमोजिम समितिले गरेको निर्णय बमोजिम व्यक्ति वा संस्था वा अन्य कसैसँग असुल गर्नुपर्ने जरीवाना वा अन्य रकम असुलउपर गर्न सहयोग गर्नु पर्नेछ ।

(२) यस ऐन तथा प्रचलित कानून बमोजिम समितिले असूल गर्न पर्ने जरीवाना, बिगो वा अन्य कुनै प्रकारको रकम असुलउपर नभई उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यालयहरुले कुनै सिफारिश वा कुनै कार्य गरि दिने छैनन ।

७६. **असुल उपर गर्नेः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम कुनै पक्षसँग जरीवाना वा बिगो वा अन्य कुनै प्रकारको असुल उपर गर्नुपर्ने भएमा सो पक्षले जरीवाना तिर्न बुझाउन ल्याएमा बुझि सदरस्याहा गरी जरीवानाको लगत कट्टा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असुलउपर नभएमा लगत राखी सम्बन्धित पक्षको नाम नामेसी तथा जरीवाना रकम समेतको विवरण उपमहानर कार्यपालिकाको कार्यालयका साथै सबै वडा कार्यालयमा समेत अभिलेखको लागि पठाउनु पर्नेछ ।

(३) सम्बन्धित कार्यालयहरुले उपदफा (२) बमोजिम लेखि आएमा त्यस्तो पक्षसँग जरीवाना रकम असुलउपर गरी अभिलेख शाखामा सदरस्याहा गर्न पठाउनु पर्नेछ ।

**७७. भरी भराउ गर्नेः** -(१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै पक्षले राखेको दस्तुर, वा अन्य कुनै प्रकारको रकम कुनै पक्षबाट भराईपाउने भएमा भराईपाउने पक्षले भरीदिनुपर्ने पक्षको त्यस्तो रकम भराईदिनुपर्ने स्रोत खुलाई अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा यथासम्भव नगद रहेको बैंक खाता वा कुनै सहकारी वा बचत संस्थामा रहेको रकम र सो नभएमा लिलाम बिक्री गरी असुलउपर गर्नुपर्ने अवस्था भएमा कुनै अचल सम्पत्तिको व्यहोरा खुलाई निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदनमा दफा ७८ बमोजिमको विवरण खुलाई निवेदन दिनु पर्नेछ

**७८. चलन चलाई दिनेः** (१) समितिले यस ऐन बमोजिम गरेको कुनै निर्णय बमोजिम कुनै सम्पत्ति वा अधिकार वा कुनै विषयवस्तु वा सेवा वा अन्य कुनै विषयको चलन पाउने ठहरेको पक्षले त्यस्तो चलन पाउने विषयको विवरण खुलाई अभिलेख प्रशासक समक्ष अनुसूची-१३ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अभिलेख प्रशासकले निर्णय बमोजिमको विषयको चलन चलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिंदा चलन चलाउनुपर्ने सम्पत्तिको दफा ७८ बमोजिमको विवरण खुलाउनुपर्नेछ ।

**७९. सम्पत्तिको विवरण खुलाउनु पर्नेः-** भरिभराउ गर्न वा चलनचलाइ पाउनको लागि निवेदन दिने विवादको पक्षले निवेदनमा सम्पत्तिको विवरण उल्लेख गर्दा देहाय बमोजिमको विवरण खुलाउनुपर्नेछः-

**(क) अचल सम्पत्तिको विवरण**

(१) घरजग्गा भए रहेको स्थानको ठेगाना तथा चार किल्ला;

(२) घर जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल;;

(३) घर रहेको भए घरको तला तथा कवल र सम्भव भएसम्म वर्गफिट;

(४) घर जग्गाको अवस्थिती आवास वा औद्योगिक वा व्यापारिक क्षेत्रमा रहेको व्यहोरा;

(५) कच्ची वा पक्कि सडकसँग जोडिएको व्यहोरा;

(६) घरजग्गाको स्वामित्व रहेको व्यक्तिको नाम थर साथै स्वामित्व भन्दा फरक व्यक्तिको भोगचलन रहेको भए भोगचलन गर्नेको नाम थरका साथै अन्य विवरण; तथा

(७) घरमा भएको लगापात तथा खरिदबिक्रि हुन सक्ने न्यूनतम मूल्य ।

**(ख) चल सम्पत्तिको विवरणः**

(१) चलसम्पत्ति रहेको ठाउँ तथा भोग वा नियन्त्रण राख्नेको नाम थर;

(२) बैंक खातामा रहेको नगद भए खातावालको साथै बैंक तथा शाखाको नाम;

(३) चल सम्पत्तिको प्रकार तथा नगद बाहेकको भए सम्भावित बिक्रि मूल्य; तथा

(४) नगद बाहेकको चल सम्पत्ति भए अवस्था, प्रकृति तथा बनोटका साथै प्रत्येकको साइज र सँख्या ।

८०. **सम्पत्ति रोक्का राख्ने** (१) अभिलेख प्रशासकले दफा ७५ वा ७६ बमोजिम निर्णय कार्यान्वयनको लागि निवेदन परेपछि देखाइएको सम्पत्तिको हकमाआवश्यक पर्ने जति जेथा रोक्का राख्ने सम्बन्धमा निर्णयको लागि कार्यापालिका समक्ष पेश गर्ने र कार्यपालिकाबाट रोक्का राख्ने निर्णय गरेपछी निर्णय बमोजिम जेथा रोक्का राख्नको लागि सो जेथा दर्ता रहेको कार्यालय वा रजिष्ट्रेशन गर्ने कार्यालयमा लेखि पठाउनु पर्नेछ ।

(२) बाली, ब्याज, बहाल लगायतको सम्पत्तिको हकमा निवेदन परेको बढिमा दुई दिन भित्र सम्पत्ति तायदात गर्न लगाई तायदात गर्दाको समयमा नै आवश्यक पर्ने जति सम्पत्ति वा सोबाट प्राप्त हुने बाली, बहाल, ब्याज, मुनाफा आदि आय नियन्त्रण गर्नु वा रोक्का राख्नु पर्छ र त्यसको भरपाई सम्बन्धित पक्षलाई दिनुपर्छ ।

(३) दफा ७८ को देहाय (ख) बमोजिमको सम्पत्तिको हकमा भरिभराउको लागि आवश्यक पर्ने जति सम्पत्ति रोक्का राखी रोक्काको सूचना आवश्यकताअनुसार लेखा शाखा वा सम्बन्धित बैंक वा सम्बन्धित निकायमा तुरुन्त लेखि पठाउनुपर्नेछ ।

(४) सम्पति रोक्का सम्वन्धि आदेश अनुसूची १४ बमोजिम हुनेछ ।

८१. **सम्पत्ति लिलाम गर्दा अपनाउनुपर्ने कार्यविधिः** (१) कार्यपालिकाले यस ऐन बमोजिम भरीभराउ गर्नुपर्ने बिगो वा कोर्ट फी वा त्यस्तै कुनै रकम असुलउपर गर्न दफा ७८ को देहाय (क) बमोजिम सम्पत्तिको विवरण खुलाई दर्खास्त परेमा त्यस्तो रकम भरीदिनुपर्ने व्यक्तिलाई बुझाउनुपर्ने रकम बुझाउनसात दिनको म्याद दिई सूचना जारी गर्नुपर्छ ।

(२) उपदफा (२) बमोजिमको म्यादमा रकम बुझाउन नल्याएमा त्यस्तो भरीदिनुपर्ने व्यक्तिको भरीपाउने व्यक्तिले देखाएको दफा ७८ को देहाय (क) बमोजिमको सम्पत्ति तायदात गरी ल्याउनु पर्छ ।

(३) दण्ड, जरीवाना, सरकारी बिगो वा कुनै अदालत वा निकाय वा उपहानगर कार्यपालिकाको कार्यालय वा समितिको निर्णयले असुल उपर गर्नु पर्ने कुनै रकमको हकमा त्यस्तो असुलउपर हुनु पर्ने व्यक्तिले बुझाउन नल्याएमा निजको जुनसुकै अचल सम्पत्ति फेला परेमा तायदात गरी रोक्का राख्नु पर्छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जेथा जमानत वा कुनै प्रकारको नगद धरौट दाखिल गरेको हकमा सो सम्पत्तिबाट खाम्ने जति रकमको लागि उपदफा (३) बमोजिम गरिरहनु पर्दैन ।

(५) उपदफा (४) बमोजिम मोल कायम भएपछि उक्त अचल सम्पत्तिको लिलामको सूचना सम्बन्धित पक्षलाई दिई सर्वसाधारणको जानकारीको लागि लिलाम हुने मिति र सम्पत्तिको विवरण सहितको सार्वजनिक सूचना गाउँपालिका/नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रकको कार्यालयमा टाँस्न लगाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचनामा तोकिएको दिनमा उक्त सूचनामा तोकिएको सम्पत्ति पञ्चकिर्ते मोलबाट माथि बढाबढ प्रक्रिया बमोजिम लिलाम गर्नु पर्नेछ ।

(७) लिलाम प्रक्रियामा सम्भव भएसम्म जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय वा स्थानीय प्रशासन कार्यालय, स्थानीय प्रहरी कार्यालय तथा गाउँपालिका/नगरपालिका क्षेत्र भित्र रहेका अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई रोहवरमा राख्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम गर्दा उक्त सम्पत्ति कसैले पनि लिलाम सकार नगरेमा सोहि प्रक्रियाबाट पुनः दोस्रोपटक लिलाम गर्नुपर्नेछ तथा दोस्रोपटक गर्दा पनि कसैले लिलाम सकार नगरेमा भराईपाउने पक्ष निवेदकलाई नै उक्त सम्पत्ति पञ्चकिर्ते मोलमा सकार गर्न लगाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम गर्दा निवेदकले सम्पत्ति सकार गर्न नचाहेमा पछि अर्को जेथा खुल्न आएका बखत कानून बमोजिम गर्नेगरी निजको निवेदन तामेलीमा राखी लिलाममा चढाईएको सम्पत्ति फुकुवा गरीदिनु पर्छ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका/नगरपालिकाको कुनै रकम असुल उपर गर्ने क्रममा लिलाम गर्दा कसैले सकार नगरेमा जतिमा सकार हुन्छ त्यतिमा नै सो सम्पत्ति लिलाम गरी प्राप्त रकम सदरस्याहा गरी नपुग रकमको हकमा कानून बमोजिम अन्य सम्पत्ति वा प्रक्रियाबाट असुलउपर गर्नुपर्नेछ ।

८२. **तायदात गर्ने प्रक्रियाः** (१)अभिलेख प्रशासकले दफा ७९ बमोजिम सम्पत्ति तायदात गर्नुपर्दा कम्तिमा वडा सचिव स्तरको कर्मचारी खटाई त्यस्तो अचल सम्पत्तिको चलन चल्तीको मूल्य स्पष्ट खुल्ने गरी तायदात गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तायदात गर्ने कर्मचारीले तायदात गर्नुपर्ने सम्पत्तिको चलनचल्तीको मूल्य कायम गर्ने प्रयोजनले पञ्चकिर्ते मोल कायम गरी मुचुल्का खडा गरी अभिलेख प्रशासक समक्ष प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पञ्चकिर्ते मोल कायम गर्दा देहाय बमोजिमक कुरालाई आधार लिई कायम गर्नु पर्नेछः

(क) निवेदकले निवेदनमा खुलाएको मूल्य,

(ख) निर्णयमा उल्लेख भएको भए सो मूल्य,

(ग) पक्षले जमानत वा कुनै अन्य प्रयोजनको लागि कार्यपालिका समक्ष निवेदन दिँदा खुलाएको मूल्य,

(घ) तायदात गर्दा भै आएको स्थानीय मूल्याँकन अनुसारको मूल्य,

(ङ) मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्य,

(च) अन्य कुनै प्रयोजनले कुनै सरकारी निकायले कुनै मूल्य कायम गरेको भए सो मूल्य,

(छ) पञ्चकिर्ते मोल कायम गर्नुभन्दा तत्काल अगावै कुनै खरिदबिक्रि भएको भए सो मूल्य ।

**स्पष्टिकरणः** "पञ्चकिर्ते मोल" भन्नाले अचल सम्पत्ति बिक्रि गर्नुपर्दा बिक्रिहुने न्युनतम मूल्यलाई सम्झनुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा देहाय बमोजिमको कुरालाई समेत ध्यानमा राख्नुपर्नेछः

(क) औद्योगिक वा व्यापारिक वा आवास क्षेत्र लगायत सडक सञ्जालसँग जोडिएको छ वा छैन; तथा

(ख) नगरक्षेत्रभित्र पर्ने घरको हकमा घरको वर्तमान अवस्था सम्बन्धमा प्राविधिक मुल्याँकन प्रतिवेदन ।

८३. **खाम्ने जति मात्र लिलाम गर्नुपर्नेः** (१)कार्यपालिकाले दफा ८० बमोजिम लिलाम गर्दा असुलगर्नुपर्ने बाँकि खाम्ने जति सम्पत्तिमात्र लिलाम गर्नुपर्नेछ ।

(२) सम्पत्ति लिलाम गर्दा सकार भएको रकम असुलउपर गर्नुपर्ने भन्दा बढि भएमा सो बढि भएको जति रकम सम्पत्तिवाल पक्षलाई फिर्ता गरीदिनु पर्छ ।

(३) उपदफा (२) बमोजिम रकम फिर्ता पाउने पक्ष लिलाम गर्दाको बखत उपस्थित नभएको भए रकम फिर्ता लिन आउनुभनी निजको नाममा सात दिनको सूचना जारी गरी झिकाई रकम फिर्ता गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम गर्दा सम्बन्धित पक्ष रकम फिर्तालिन नआएमा उक्त रकम सञ्चितकोषमा दाखिल गरी आम्दानी बाँधि सदरस्याहा गर्नुपर्छ ।

(५) अभिलेख प्रशासकले दफा ८० बमोजिम लिलाम गरेको सम्पत्ति सकार गर्ने पक्षको नाममा सम्पत्ति दर्ता नामसारीको लागि सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गरी निजलाई सम्पत्तिको चलनपूर्जी उपलब्ध गराई आवश्यक परे सो सम्पत्तिको चलन चलाईदिनु पर्छ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८० बमोजिमको लिलाम प्रक्रिया अगाडी बढिसकेपछि भराउनुपर्ने रकम बुझाउन ल्याए पनि सो रकम नबुझि सम्पत्ति लिलाम गर्नु पर्नेछ ।

८४. **लिलाम उपरको उजुरीः** यस ऐन बमोजिम भएको लिलामको प्रक्रियामा चित्त नबुझ्ने पक्षले जुन प्रक्रिया उपर चित्त नबुझेको हो सो भएको पन्ध्र दिन भित्र समिति समक्ष उजुरी पेश गरी भएको आदेश बमोजिम गर्नुपर्नेछ ।

८५. **बिगो भराउँदा वा चलन चलाउँदा लागेको खर्चः** यस ऐन बमोजिम बिगो भराउँदा वा चलनचलाउँदा लागेको खर्च बिगो भरीदिनुपर्ने वा चलनदिनुपर्ने सम्बन्धित पक्षले व्यहोर्नु  पर्नेछ ।

८६. **यथास्थितिमा राख्ने** कार्यपालिकाले यस ऐन बमोजिम चलनचलाई माग्न वा बिगो भराईपाउन कुनै -ः सम्पत्ति देखाई निवेदन परेपछि बिगो भराउने वा चलनचलाउने कार्य सम्पन्न नभएसम्मको लागि उक्त सम्पत्ति हकहस्तान्तरण गर्न, भत्काउन, बिगार्न तथा कुनै प्रकारको निर्माण कार्य गरी उक्त सम्पत्तिको स्वरुप परिवर्तन गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित पक्षको नाममा आदेश जारी गरी उक्त सम्पत्ति यथास्थितिमा राख्नुपर्नेछ ।

८७. **निवेदनबाट कारवाही गर्नेः** -(१) अभिलेख प्रशासकले कुनै पक्षले दफा ८५ बमोजिम भएको आदेश विपरित कुनै सम्पत्तिको हक हस्तान्तरण वा स्वरुप परिवर्तन आदि गरेको निवेदन परेमा उक्त निवेदन दर्ता गरी त्यस्तो गर्ने पक्षको नाममा तिन दिनको म्याद  जारी गरी निजलाई हाजिर गराई सो निवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको निवेदन पेश हुन आएमा पक्षलाई नयाँ उजुरी दर्ता गर्न नलगाई उक्त निवेदनबाट नै आवश्यक कारवाही गरी निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदनको व्यहोराबाट निवेदन समितिको क्षेत्राधिकार भित्र नपर्ने विषयमा परेको देखिएमा समितिले उक्त विषयमा क्षेत्राधिकार ग्रहण गर्ने अदालत वा निकाय समक्ष जान सुनाईदिनुपर्नेछ ।

**८८. चलन चलाउने सूचनाः** (१) अभिलेख प्रशासकले समितिको निर्णय बमोजिम चलन चलाई पाउन निवेदन परेमा चलन चलाउने मिति खुलाई फलानो मितिमा फलानो घर जग्गाको चलन चलाउन कर्मचारी खटिई आउने हुँदा सो मिति अगावै घर जग्गा खालि गरीदिनु भनि चलन दिनुपर्ने पक्षको नाममा सूचना जारी गर्नुपर्नेछ ।

(२) चलन दिनुपर्ने सम्पत्ति उजुरीको पक्ष बाहेक अन्य कसैको भोगचलनमा रहेको भएमा अभिलेख प्रशासकले सोहि पक्षको नाममा उपदफा (१) बमोजिमको सूचना जारीगर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको मितिमा खटिईजाँदा घरजग्गा खाली गरेको भए सम्बन्धित कर्मचारीले चलन चलाई दिएको मुचुल्का खडागरी तथा घरजग्गा खाली नगरेको भए खाली गराई चलन चलाई चलन चलाएको मुचुल्का खडा गरी प्रतिवेदन साथ अभिलेख शाखामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-१०

## विविध

**८९. नक्कल निवेदनः** (१) समिति समक्ष दर्ता रहेको उजुरीको कुनै सरोकारवाला पक्षले विवादको मिसिलमा रहेको कुनै कागजपत्रको नक्कल लिनको लागि निवेदन दिएमा समितिले उक्त पक्षलाई सो कागजको नक्कल उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा सम्बन्धित पक्षले उजुरी शाखामा रहेको मिसिलको नक्कल लिनुपर्दा उजुरी प्रशासक तथा अभिलेख शाखामा रहेको मिसिलको नक्कल लिनुपर्ने भएमा अभिलेख प्रशासक समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिनको एघार बजे अगावै पेश भएमा सम्बन्धित कर्मचारीले सोहि दिन र सो भन्दा पछी पेश भएमा सम्भव भएसम्म सोहि दिन नभए सोको भोलिपल्ट नक्कल उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन दिंदा फरक फरक उजुरीको लागि फरक फरक निवेदन दिनु पर्नेछ ।

(५) विवादको कुनै पक्षले उपदफा (१) बमोजिमको निवेदन दिंदा नक्कलको सट्टामा कागजपत्रको फोटो खिच्ने अनुमति मागेमा सो दिनुपर्नेछ ।

(६) नक्कल निवेदन दिंदा अनुसूची-१५ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

**९०. नक्कल दस्तुरः** (१) सम्बन्धित प्रशासकले दफा ८८ बमोजिम नक्कल वा फोटो खिच्नको लागि निवेदन दिनेपक्षसँग देहाय बमोजिमको दस्तुर लिई नक्कल उपलब्ध गराउनुपर्नेछः

(क) नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको रू ५।–रुपैयाँको दरले,

(ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको प्रति पृष्ठको रू ५।– रुपैयाँको दरले, तथा

(ग) लिखत कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा प्रति पानाको रू ५।– रुपैयाँको दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नक्कल दस्तुर नलाग्ने पक्षलाई यस दफा बमोजिमको दस्तुर लाग्ने छैन ।

(३) यस दफा बमोजिम नक्कल उतार गरी लैजाने पक्षले नक्कल उतार गर्दा लागेको खर्चको व्यवस्था आफै गर्नुपर्नेछ ।

९१. **दस्तुर उल्लेख गर्नेः** (१)नक्कल प्रमाणित गर्ने सम्बन्धित प्रशासकले नक्कल प्रमाणित गर्दा नक्कल लैजाने पक्षको नाम थर तथा उजुरीमा हैसियतका साथै नक्कल उतार गरे वापत दाखिल गरेको दस्तुर र नक्कल पाना समेत उल्लेख गरी नक्कल दिएको व्यहोरा जनाई नक्कल प्रमाणित गर्नु पर्नेछ ।

९२. **दस्तुर चुक्ता नभई नक्कल नदिइनेः-** सम्बन्धित प्रशासकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमोजिम लाग्ने दस्तुर दाखिल नगर्दा सम्म नक्कल दिने छैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउने छैन ।

९३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरीसँग सम्बन्धित प्रचलित कानूनमा कुनै कुरा लेखिएको भए सोमा लेखिए जतिको हकमा सोहि बमोजिम हुनेछ ।

९४. **नियम बनाउने अधिकारः-** समितिले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

**अनुसूची-१**

**(दफा ८ को उपदफा (२)सँग सम्बन्धित)**

**उजुरीको ढाँचा**

न्यायिक समिति समक्षपेश गरेको

**निवेदन-पत्र**

सम्वत् २०७५ साल को निवेदन नं.---------------------

**विषयः- सम्वन्ध विच्छेद**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------

वस्ने-----------------को छोरा/छोरी/श्रीमती/---------------------------------------निवेदक

**विरुद्ध**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------

वस्ने-----------------को छोरा/छोरी/श्रीमती/---------------------------------------विपक्षी

म निम्न वुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु :

१. म निवेदक र यस विवादको दोस्रो पक्षविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएको हो । विवाह भएपश्चात २ वर्षसम्म अर्थात २०७१ सालसम्म हामीविच सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको छ । एक आपसमा लोग्ने स्वास्नीविचको सहमति र सहकार्यमा छोरा जन्मेपछी क्रमशः समस्या देखिँदै जान थाल्यो । २०७१ सालको तिहारमा माइत गएपछी उनी घर आइनन् । पटक पटक घर आउन फोनबाट अनुरोध गरें । २ पटकसम्म लिन गएँ । तर निजले तिमीसँग मेरो जीवन चल्न सक्दैन, म घर जान सक्तिन, तिमी जे गर्नुपर्छ गर भनि ठाडो जवाफ दिन थालिन । के कारणले यस्तो हुन गयो भनि सोध्दा

अव तिम्रो र मेरो सम्वन्ध छैन आफुखुसी गर र  मलाई सम्पर्क नगर,गरेमा राम्रो हुँदैन भनि धाक धम्की र त्रास मसेत दिइन । लामो समयसम्म मन फर्केला र घर आउलिन भनि पर्खी वसैं तर आईनन । करिव ३ वर्षपछी अर्थात २०७४ साल भाद्र महिनामा पुनः लिन गएँ तर विपक्षी मसँग वोल्दै नवोली घरभित्र छिरिन र साला जेठान पठाईशारीरिक आक्रमण गर्नेसम्मको कार्य गरी मलाई तथा नाम गालि गलौच गरे । मुश्किलले ज्यान जोगाई निराश भएर घर फर्किएँ र अव दोस्रो पक्षश्रीमती मसँग पुनः फर्कि आउने र दाम्पत्य जीवन सुमधुर हुने सम्भावना नभएकोले पारिवारिक विवाद निरुपणका लागि यो निवेदन दिन आएको छु ।

२. यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो बुझ्नु पर्छ बुझी बिवाद निरुपण गराई पाउँ ।

३. यस उपमहानगरपालिका कार्यपालिकाबाट जारी भएको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को परिच्छेद दफा बमोजिम विपक्षी ------जनालाई म्याद सुचना दस्तुर रु.-------- पाना------को निवेदनको प्रतिलिपि दस्तुर रु.--------- यसै निवेदन साथ दाखिल गरेको छु ।

४. यो निवेदन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ अनुसार यसै  क्षेत्राधिकारभित्र पर्दछ।

५. यो निवेदन हदम्याद भित्रै छ र म निवेदकलाई यस विषयमा निवेदन दिने हकदैया प्राप्त छ ।

६. यस विषयमा अन्यत्र कहीँ कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७. यसमा दोस्रो पक्षको माइती तर्फका र मेरो घर तर्फका परिवारका सदस्यहरु झिकाई थप व्यहोरा वुझ्न सकिनेछ ।

८. यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

निवेदक

निज

ईति सम्वत् २०७५ साल   महिना   रोज शुभम्-------------------।

## अनुसूची-२
## (दफा ९ को उपदफा (१)सँग सम्बन्धित)
## उजुरी दर्ता गरेको निस्साको ढाँचा

श्री-----------------------------

----------------।

विषय:- उजुरी दर्ताको निस्सापत्र सम्बन्धमा ।

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं.-------वस्ने-------------------विरुद्ध जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं.-------वस्ने ----------------------------ले -------------निवेदन दर्ता गर्न ल्याएकोमा आजको मितिमा दर्ता गरी दर्ता नं. निस्सा जारी गरि दिएको छ ।

अधिकृत कर्मचारी

नामः-

पदः-

दस्तखतः-

कार्यालयको छाप

## अनुसूची-३
## (दफा ९ को उपदफा (२)सँग सम्बन्धित)
## तारिख भर्पाई
## तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङको
## न्यायिक समितिले खडा गरिएको तारेख भरापाई

सम्वत २०७५ सालको निवेदन नं.---------------------

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं. वस्ने ----------------------निवेदक/वादी

**बिरुद्ध**

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं. वस्ने-----------विपक्षी/प्रतिवादी

**मुद्दा :-**

मिति---------------------------मा--------------------काम भएकोले सोही दिन--------बजे यस न्यायिक समिति/कार्यालयमा उपस्थित हुनेछु भनी सही गर्ने-----------------------------------१

वादी/निवेदकको सहीः-                    विपक्षी/प्रतिवादीको सहीः-

ईति सम्वत् २०७५ साल

## अनुसूची-४
### (दफा ९ को उपदफा (३) सँग सम्बन्धित)
### तारिख पर्चा
### तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङको
### न्यायिक समितिले खडा गरिएको तारेख भरापाई

सम्वत २०७५ सालको निवेदन नं.---------------------

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं. वस्ने----------------------निवेदक/वादी

**बिरुद्ध**

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं. वस्ने----------------------विपक्षी/प्रतिवादी

मिति .............. मा ................... काम गर्न ........ बजे हाजिर हुन आउनुहोला ।

फाँटवालाको दस्तखतः-

मिति :-

## अनुसूची-५
### (दफा १५ को उपदफा (३)सँग सम्बन्धित)
### प्रतिवादको ढाँचा
### लिखित जवाफको नमूना
### न्यायिक समिति समक्ष पेश गरेको
### लिखित जवाफ

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं. वस्ने

(वर्ष समेत गरी तिन पुस्ते नाता सम्वन्ध उल्लेख गर्ने)-------------------लिखित जवाफ प्रस्तुतकर्ता

**बिरुद्ध**

जिल्ला दाङ तुलसीपुर उपमहानगर पालिका वडा नं. वस्ने

(वर्ष समेत गरी तिन पुस्ते नाता सम्वन्ध उल्लेख गर्ने)-------------------विपक्षी

**विषय सम्वन्ध विच्छेद ।**

म निम्न बुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछु :

१. म लिखित जवाफ प्रस्तुतकर्ता र विपक्षी निवेदकविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह भएको व्यहोरा ठिक हो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको ठिक हो । २०७१ सालको तिहारमा माइत गएपछी म घर नफर्केको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, २ पटकसम्म लिन आएको तर म घर नगएको,मैले विपक्षी निवेदकलाई दाम्पत्य जीवन चल्न नसक्ने भनेको र मेरा दाईभाईले शारीरिक आक्रमण गर्नेसम्मको कार्य गरेकोभनि

कपोलकल्पित झुठा र हुँदै नभएका निराधार व्यहोरा उल्लेख गरी विवाद गरेको कुरा उल्लेख गर्न चाहान्छु ।

२. मलाई विपक्षी निवेदक समेत मिली गालि गलौच, डर, धाक, धम्की देखाई हातपात गरी घरबाट निकाला गरेपछी म माइतीमा आई वसेकी हुँ । विवाह भएको केही वर्षपछी विना कारण ममाथी विभिन्न किसिमका आरोप लगाई अपमान गर्ने, गाली गलौच गर्ने लगायतका कामहरु हुँदैगए । परिवारका अन्य सदस्यहरुले म माथी घृणा गर्ने, वोलचाल नगर्ने जस्ता कार्य गरेपनि विपक्षीबाट केही समय मलाई नै समर्थन र सहयोग गर्दै आएका थिए तर पछी विपक्षी निवेदक समेत उनिहरुसँगै मिले र मलाई जवरजस्त गरबाट निकाल्ने कार्यमा सहभागी भए । के कुन कारणले वा मेरो के गल्तीले यसो गरेका हुन भनि वुझ्दा वेलावेला दाइजो नल्याएको भनि माइती पक्षसमेतको आलोचना गर्ने गरेका थिए । सायद उनिहरुलाई दाइजोकै लोभका कारण मलाई घरबाट निकालीदिएका हुनुपर्दछ । मैले कुनै गल्ती नगरेको र विपक्षी लोग्नेसँग पूर्ववत माया, सद्भाव र सम्मान यथावत रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गरीपाउँ ।

३. घरबाट जवरजस्त निकालेपछी ४ महिनाको नावालक छोरा काखी च्यापेर माइती आएको झण्डै ३ वर्षसम्म वेखवर, सम्पर्कविहिन वसी अहिले एक्कासी सम्वन्ध विच्छेदको माग गरी निवेदन दिनु आफैंमा आश्चर्यजनक लागेको छ, सत्य तथ्य वुझि कानून वमोजिम गरिपाउँ ।

४ . वमोजिम लिखित .... बाट जारी भएको स्थानीय न्यायिक कार्यविधीको दफा........................ यसै निवेदनसाथ दाखिल गरेको छु ।...... जवाफ वापत दस्तुर रु

५. यो लिखित जवाफ म्यादभित्रै लिई म आफैं उपस्थित भएको छु ।

६. यस विषयमा अन्यत्र कहीं कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७. यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

निवेदक

नामः ...................................

इति संवत ............. महिना ..................... साल .................गतेरोज शुभम् ।....................

**अनुसूची-६**

**(दफा २० को उपदफा (६)सँग सम्बन्धित)**

**न्यायिक समितिबाट जारी भएको**

**म्यादसूचना**

..........................................................वस्ने को नाउँमा....................................................

गाउँपालिका ......................................./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका

कार्यालयबाट जारी भएको १५ दिने सूचना (पन्ध्र)

.............................................वस्ने ले तपाईंको .................................................................... को विवाद परेको भनि निवेदन दर्ता गरेको हुँदा सो........................................................... विरुद्ध प्रतिलिपी यसै साथ पठाईएको छ । अतः तपाईले यो म्याद वुझेको वा रित पूर्वक तामेल भएको मितिले १५९ पन्ध्र दिनभित्रमा आफ्नो भनाइ सहित आफैं वा कानून वमोजिमको वारेश मार्फत यस कार्यालयमा हाजिर हुन आउनुहोला । अन्यथा कानून वमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

इति सम्बत। .........शुभम्............गते रोज.....................महिना......................साल..................

**अनुसूची-७**
**(दफा ४२ को उपदफा (१)सँग सम्बन्धित)**
**निर्णयको ढाँचा**

...................................... न्यायिक समिति

संयोजक श्री...............................................................................

सदस्य श्री.................................................................................

सदस्य श्री.................................................................................

निर्णय

संवत ............... सालको निवेदन नं........

विषयः वलेसीबाट पानी झारेको ।

................. जिल्ला ................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं............ ...............................वस्ने

...........................................................................प्रथम पक्ष

विरुद्ध

................. जिल्ला ................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं............ ...............................वस्ने

...........................................................................दोस्रो पक्ष

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७(१)ज वमोजिम निवेदन दर्ता भई सोही ऐनको दफा ४६ वमोजिम गठन भएको न्यायिक समिति समक्ष प्रस्तुत हुन आएको मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छः

(१) ............. गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडा नं. ...................... नक्सा सिट नं.... कि.नं........क्षे.फ...........को घरजग्गामा पश्चिम तर्फका कि.नं..........का संधियार विपक्षी ..................ले घर वनाउँदा आफ्नो घरजग्गामा सिमानासम्म आई जोडि वनाएको तर छत तथा वलेसीको पानी आफ्नो घर कम्पाउण्डभित्र झार्नेगरी वनाएको हुँदा सो वलेसी वन्द गराइपाउँ भन्ने निवेदकको निवेदन व्यहोरा ।

(२) ............. गाउँ/नगर/महानगर पालिकाबाट प्रचलित भवन निर्माण सम्वन्धी मापदण्ड वमोजिम इजाजत प्राप्त गरी भवनको नक्सा समेत स्वीकृत गराई सो नक्सा वमोजिम भवन निर्माण गरेको हुँ । विपक्षी निवेदकले भने वमोजिम आफ्नो घरको छत तथा वलेसीको पानी निजको घर कम्पाउण्डभित्र झार्ने नगरेको आफ्नै घरजग्गामा झार्ने गरेको हुँदा झुठा निवेदन खारेज गरिपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ ।

(३) ............. गाउँ/नगर/उपमहानगर/महानगर पालिकाबाट स्थलगत निरिक्षण तथा सर्वेक्षण गर्न गएका प्राविधिक टोलिले स्थलगत निरिक्षण गरी मिति........मा पेश गरेको स्केच सहितको

प्रतिवेदनबाट प्रत्यर्थीको घरतर्फबाट छत तथा वलेसीको पानी खस्दा निवेदकको घर कम्पाउण्डभित्र पर्ने गरेको देखिन्छ भन्ने व्यहोरा उल्लेखित भएको ।

(४) विवादका दुवै पक्षलाईमेलमिलाप गराउने प्रयोजनका लागि........................गाउँपालिका /नगरपालिका /उपमहानगर/महानगरपालिक वडा नं.......,................ मा रहेको मेलमिलाप केन्द्रमा पठाउँदा मेलमिलाप हुन नसकी फर्कि आएको ।

निर्णय

दुवै पक्षलाई सुनुवाईको लागि आज पेशी तोकिएकोमा विवादका सम्वन्धित पक्षहरु स्वयमं तथा निजहरुबाट नियुक्त गरेका कानून व्यवसायीहरु समेतको भनाई सुनी पुनः मिलापत्र गर्नुहोस भनि सम्झाउँदा वुझाउँदा पनि मिलापत्र गर्न मञ्जुर नगर्नु भएकोले फाइलमा संलग्न प्रमाण कागजहरुको समेत मूल्याङ्कन गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(२) वमोजिमनिर्णय दिनुपर्ने हुन आई निर्णयतर्फ विचार गर्दा निवेदकको कि. नं....को पश्चिमतर्फ प्रत्यर्थीको कि.नं....को घरजग्गा जोडिएर रहेकोमा विवाद देखिएन । निवेदकको भनाई अनुसार आफ्नो घर कम्पाउण्डभित्र प्रत्यर्थीको छत तथा वलेसीको पानी झारेको हो होइन भनि स्थलगत रुपमै जाँचवुझ गरी प्राविधिक प्रतिवेदन पेश गर्न कार्यालयबाट खटि गएका प्राविधिक कर्मचारीले मिति............मा पेश गरेको स्केच सहितको प्राविधिक प्रतिवेदन समेतबाट निवेदकको माग दावी वमोजिम आफ्नो घर कम्पाउण्डभित्र प्रत्यर्थीको छत तथा वलेसीबाट पानी झर्ने गरेको भन्ने पुष्टि हुने देखिन्छ । प्रत्यर्थीले यस कार्यालयबाट पारित गरेको नक्सामा समेत छत तथा वलेसीको पानी आफ्नै घरजग्गामा झार्ने भनि देखाईएको र निवेदकको घर कम्पाउण्डभित्र पानी झार्न पाउनुपर्छ भनि प्रत्यर्थीले दावी विरोध गर्न समेत नसकेको र प्रचलित कानून र प्रचलनबाट समेत अर्काको घर कम्पाउण्डभित्र आफ्नो छत तथा वलेसीको पानी झार्न पाउने नदेखिएको हुँदा निवेदकको माग वमोजिम प्रत्यर्थीले आफ्नो छत तथा वलेसीबाट आफ्नै घर जग्गामा पानी झार्ने प्रवन्ध गर्नुपर्ने देखिन्छ । निवेदकको घर कम्पाउण्डमा पानी झार्न नपाउने ठहर्छ । सो ठहर्नाले तपशिल बमोजिम गर्नु ।

**तपशिल**

१. सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार दस्तुर लिई नक्कल दिनु ।

२. यो निर्णयमा चित्त नवुझे ३५ दिनभित्र .............जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनि प्रत्यर्थीलाई सुनाईदिनु ।

३. म्यादभित्र पुनरावेदन नपरेमा कानून वमोजिम निर्णय कार्यान्वयन गर्नु/गराउनु ।

इति संवत् ............ साल..................महिना.....................गते....................रोज शुभम् ।

## अनुसूची-८
**(दफा ४८ को सँग सम्बन्धित)**
## अन्तरिम संरक्षणात्मक आदेशको नमूना

.......................................................... न्यायिक समिति
संयोजक श्री.......................................................................................
सदस्य श्री.........................................................................................
सदस्य श्री.........................................................................................

**आदेश**

संवत ............................ सालको निवेदन नं........

**विषयः पिडितलाई उपचार गराउने सम्वन्धमा ।**

................. जिल्ला ................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं........... ...............................वस्ने
.........................................................................................प्रथम पक्ष

**विरुद्ध**

................. जिल्ला ................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं........... ...............................वस्ने
.........................................................................................दोस्रो पक्ष

यसमा निवेदकको माग वमोजिम ..........................जिल्ला वडा नं............................... वस्ने ...............को नाति ..........................को छोरा/छोरी वर्ष ................ को ................ले आफुलाई असाध्य रोग लागि नियमित रुपमा हप्ताको २ पटक मृगौला डायलोसिस गर्न चिकित्सकले शिफारिस गरेकोमा एकाघरका छोरा वर्ष ................. को ...........................ले नियमित रुपमा डायलोसिस गर्न अटेर गरेको, घरि घरि रुपैंया नभएको वहाना गर्ने गरेको, कहिले कहिले कार्यालयको कामको व्यस्तताले फुर्सद नमिलेको आदि कारण जनाई आफुले नियमित प्राप्त गर्नुपर्ने स्वाथ्य सेवा प्राप्त गर्न नसकेको हुँदा आफ्नो जीवन झनझन खतरायुक्त वन्दै गएको भनि अस्पतालको चिकित्सकको पुर्जा र शिफारिस सहित पेश हुन आएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएको हुँदा हाललाई निवेदकको लागि चिकित्सकले शिफारिस गरे वमोजिम हरेक हप्ता २ पटक डायलोसिस गर्नु गराउनु तथा निजको स्वाथ्यलाभका लागि आवश्यक अन्य प्रवन्ध समेत मिलाउनु भनि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९(८) वमोजिम विपक्षी ........................को नाममा यो अन्तरिम संरक्षणात्मक आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी विपक्षीलाई लेखी पठाईदिनु । यो आदेश अनुसार उपचार भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति संवत .................. साल ..........महिना....गते रोज..शुभम् ।

## अनुसूची-९

**(दफा ५३ को उपदफा (२)सँग सम्बन्धित)**

**मिलापत्रको लागि निवेदनको ढाँचा**

...................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका न्यायिक समितिसमक्ष पेश गरेको मिलापत्रको संयुक्त निवेदनपत्र

............. जिल्लागाउँपालिका ............. ./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं . वस्ने ............... .........

छोरा को....................................................................................................../छोरी/श्रीमति

वर्ष प्रथम ) निवेदक.................................................................................. को .................

(पक्ष

**विरुद्ध**

............. जिल्लागाउँपालिका ............. ./नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका, वडा नं . लिखित जवाफकता्........................................... को ................. वस्ने वर्ष .............. .........
(दोस्रो पक्ष)

**विषयः सम्वन्ध विच्छेद ।**

हामी निवेदक  निम्न लिखित निवेदन गर्दछौः

१. हामीविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव  २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको,  सोहि वर्ष २०७१ सालको तिहारमा माइत गएपछी घर नआएको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनि निवेदकको निवेदन परेको ।

२. आफुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो । आफु खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको  ।

३. हामी झगडा गरि आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेतभैसकेको छ । घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अलग वसेकोमा गाउँपालिका .....................नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको न्यायिक समिति मार्फत वडा नंमेलमिलाप ............................ अन्तर्गतको ................. . को पहलमा ए................ केन्द्रमा मेलमिलापकर्ताक आपसमा छलफल गरी मिली आएको व्यहोरा यो छ की विगतमा जे जस्ता विषयमा असमझदारी तथा वेमेल भएको भएतापनी हामीविच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गरी पाउँ भन्ने निवेदन दावी छोडि पुनः सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि

वढाउने छौं । निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ वमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका (२) छौं , लेखिए वमोजिम मिलापत्र गरी पाउँ ।

४. गाउँपालिका................../नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका स्थानीय न्यायिक कार्यविधी वमोजिम यो मिलापत्रको संयुक्त निवेदन दस्तुर बापत रु यसैसाथ संलग्न छ ।...........

५. यसमा लेखिएका व्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

निवेदकहरु

......................................प्रथम पक्ष

....................................दोस्रो पक्ष

इति संवत् ............. साल...................महिना......................गते.....................रोज शुभम् ।

## अनुसूची-१०
**(दफा ५३ को उपदफा (५)सँग सम्बन्धित)**

तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाको न्यायिक समितिसमक्ष पेश गरेको

**मिलापत्रको संयुक्त निवेदन पत्र**

सम्वत् २०७५ साल को निवेदन नं.---------------------

**विषयः- सम्वन्ध विच्छेद**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को छोरा/छोरी/श्रीमती/----------------------------------------निवेदक

**विरुद्ध**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को छोरा/छोरी/श्रीमती/------------------------------------------विपक्षी

म निवेदक निवेदन वापत रु १०।–दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

हामी निवेदक निम्न लिखित निवेदन गर्दछौं :

१. हामी विच सम्वत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएकोमा करिव २ वर्षसम्म सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको, सोहि वर्ष २०७१ सालको तिहारमा माइत गएपछी घर नआएको, पटक पटक घर आउन फोनबाट अनुरोध गरेको, लिन गएको तर उल्टै कुटपिट गरी पठाएको भनि निवेदकको निवेदन परेको ।

२ फुलाई दाइजो नल्याएको निउँबाट घरमा हेला गरेको, अपमान गरी जवरजस्त घरबाट निकाला गरेको हो । आफु खुशीले माइत गई वसेको होइन अझपनि लोग्नेप्रति आफ्नो यथावत माया, सद्भाव र सम्मान रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध यथावत कायम गराईपाउँ भन्ने प्रत्यर्थीको लिखित जवाफ रहेको ।

३. हामी झगडा गरि आयौं, केहीवर्ष लोग्ने स्वास्नी छुटिएर वस्यौं, हामीबाट एक सन्तानको जायजन्म समेत भैसकेको छ । घरमा सामान्य घरायसी विषयले मनमुटाव भई लोग्ने स्वास्नी अलग अगल बसेकोमा तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय अन्तरगत न्यायिक समिति मार्फत वडा नं. मा मेलमिलाप केन्द्रमा---------------------को पहलमा एक आपसमा छलफल गर्दा मिलि आएको ब्यहोरा यो छ कि विगतमा के जस्ता बिषयमा असमझदारी तथा वेमेल भएको भएता पनि हामी वीच एक अर्काप्रति विश्वास, सदभाव र प्रेम कायमै रहेकोले लोग्ने स्वास्नीको सम्वन्ध विच्छेद गर पाउँ भन्ने निवेदन दावी छोडी सुमधुर सम्वन्धका साथ दाम्पत्य जीवनलाई व्यवस्थित ढंगले अगाडि वढाउने

छौं । निवेदकको घरमा तत्काल लोग्ने स्वास्नी मिलि वस्ने वातावरण नहुने भएकोले छुट्टै ठाउमा डेरा लिई वस्न हामी दुवै पक्ष सहमत भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (२) वमोजिम यो मिलापत्रको संयुक्त निवेदन पेश गरेका छौं, लेखिए वमोजिम मिलापत्र गरी पाउँ ।

४. तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाको न्यायिक समिति कार्यविधि बमोजिम यो मिलापत्रको संयूक्त निवेदन दस्तुर वापत रु-----------------यसैसाथ संलग्न छ ।

५. यसमा लेखिएका व्यहोरा ठिक साँचो हुन्, झुठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

निवेदकहरु

......................................प्रथम पक्ष

....................................दोस्रो पक्ष

इति सम्वत् २०७५ साल----------महिना---------गते------------रोज शुभम् ।

**अनुसूची-११**
**(दफा ६० को उपदफा (३)सँग सम्बन्धित)**
**मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा**
**न्यायिक समिति**
**तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय समक्ष पेश गरेको**
**निवेदन**

| |
|---|
| फोटो |

**विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी----------तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय न्यायिक समिति अन्तर्गतका--------------------मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

तपसिल

(१) नागरिकता प्रमाणपत्रको छाँयाकपी,
(२) स्नातक तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,
(३) मेलमिलापकर्ताको तालिमप्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,
(४) मेलमिलाप सम्बन्धी अनुभव र
(५) व्यक्तिगत विवरण (Bio- data)

**निवेदक**
नाम थरः-
दस्तखतः-
मितिः-

**अनुसूची-१२**

**(दफा ७६ को उपदफा (१)सँग सम्बन्धित)**

**तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय**

**न्यायिक समिति समक्ष पेश गरेको**

**भरिभराउको निवेदन पत्र**

मुद्दा  भरिभराई पाउँ भन्ने वारे ।

सम्वत् २०७५ साल को निवेदन नं.---------------------

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को   छोरा/छोरी/श्रीमती/-----------------------------------------निवेदक

विरुद्ध

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को   छोरा/छोरी/श्रीमती/------------------------------------------विपक्षी

म निवेदक निवेदन वापत रु १०।–दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१. तुलसीपुर उपमहानगर कार्यपालिकाको  कार्यालय तुलसीपुर दाङको न्यायिक सिमितिको मिति २०७५/ मा भएको निर्णयलाई जिल्ला अदालतको सदर भनी मिति-----------------------विपक्षी श्री बाट भराई दिनु न्यायिक समितिको निर्णयलाई सदर कायम गरी फैसला गरेको हुँदा मैले न्यायिक समिति समक्ष शुरुमा राखेको धरौटी रकम-------------------रु----------------------भरी भराइ पाउँ भनी निवेदन पेश गरेको छु ।

२. धरौटी वापत जम्मा गरेको भरपाई/रसिद/ भौचरको सक्कल प्रति र सम्मानित जिल्ला अदालतबाट मिति २०७५/  / मा भएको फैसलाको छायाँकपी समेत यसै निवेदन साथ संग्न गरी पेश गरेको छु ।

३ यस निवेदनमा लेखिएको ब्यहोरा ठिक साँचो हो झुठ्ठा ठहरे कानून बमोजम सहुला बुझाउला  ।

निवेदक

निज

ईति सम्वत् २०७५ साल   महिना  गते रोज  मा शुभम्------------------------।

**अनुसूची-१३**

**(दफा ७७ को उपदफा (१) सँग सम्बन्धित)**

**न्यायिक समिति**

तुलसीपुर उपमहानगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङ समक्ष पेश गरेको निवेदन पत्र ।

**विषयः चलन चलाई पाउँ भन्ने वारे ।**

सम्वत् २०७५ साल को निवेदन नं.---------------------

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को छोरा/छोरी/श्रीमती/------------------------------------------निवेदक

**विरुद्ध**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को छोरा/छोरी/श्रीमती/------------------------------------------विपक्षी

म निवेदक निवेदन वापत रु १०।–दस्तुर साथै राखी निम्न व्यहोरा निवेदन गर्दछु ।

१. उपरोक्त सम्वन्धमा विपक्षी सँगको उल्लेखित मुद्दामा यस तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय तुलसीपुर दाङको न्यायिक समितिबाट मिति २०७५/ / मा भएको निर्णयमा विपक्षीलाई चित्त नबुझी उक्त निर्णय उपर सम्मानित जिल्ला अदालतमा पुनरावेदन गरेकोमा सम्मानित अदालतबाट मिति २०७५/ / मा न्यायिक समितिकै निर्णयलाई सदर गरी मेरै हक भोग कायम ठहर गरेको हुँदा मेरै हक भोग कायम भएको सम्पत्तिलाई यथाशिघ्र चलन चलाई पाउन यो निवेदन पेश गरेको छु ।

२. यसै निवेदन साथ देहायका कागजाहतरु समेत संलग्न गरेको छु

३. न्यायिक समितिले मिति---------------मा गरेको निर्णयको छायाँकपी-१

४. जिल्ला अदालतको मिति--------------मा गरेको फैसलाको छायाँकपी-१

५. उल्लेखित निवेदनमा उल्लेखत गरेको ब्यहोरा झुठ्ठा ठहर कानून बमोजिम सहूला बुझाउला ।

निवेदक

निज

ईति सम्वत् २०७५ साल -------------------------------।

**अनुसूची-१४**
**(दफा ७९ को उपदफा (४) सँग सम्बन्धित)**
**सम्पति रोक्काको अदेश**

............................................ न्यायिक समिति

संयोजक श्री.........................................................................................
सदस्य श्री...........................................................................................
सदस्य श्री...........................................................................................

**आदेश**

सम्वत् २०७५ साल को निवेदन नं.----------------------

**विषयः सम्पति हस्तान्तरण रोक्का ।**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को छोरा/छोरी/श्रीमती/----------------------------------निवेदक

**विरुद्ध**

दाङ जिल्ला तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालय वडा नं.------------
वस्ने-----------------को छोरा/छोरी/श्रीमती/----------------------------------विपक्षी

यसमा निवेदकको माग बमोजिम जिल्ला दाङ तुलसीपुर उपमहानगर कार्यालयपालिकाको कार्यालय वडा नं को क्षेत्रफल--------------कि.नं.---------को जग्गामा वनेको-----------------को नाममा रहेको अंशवण्डाको वर्गफिटको------तले घर समेत विपक्षी--------------सम्पत्ती निज विपक्षीबाट अन्य अंशियारहरुको मन्जुरी विना हक हस्तान्तरण हुन सक्ने आशंका गरी निवेदकले दिएको निवेदन उपर प्रारम्भिक रुपमा जाँचवुझ गर्दा व्यहोरा मनासिव देखिएको हुँदा हाललाई प्रत्यर्क्षीको नाममा रहेको उल्लिखित घरजग्गाको हक हस्तान्तरण गर्न सिफारिस नदिन वडालाई र अर्को आदेश नभएसम्मका लागि उक्त घरजग्गाको हक हस्तान्तरण नगर्नु/गर्न नदिनु भनी मालपोत कार्यालयको नाममा समेत स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ (६) बमोजिम यो रोक्काको आदेश जारी गरिदिएका छौं । यो आदेश मिसिल सामेल राखी सम्वन्धित कार्यालयहरुमा पठाईदिनु । यो आदेश अनुसार रोक्का भएको जानकारी प्राप्त गरी मिसिल सामेल राख्नु र नियमानुसार पेश गर्नु ।

ईति सम्वत २०७५ साल-------माहिना------------गते---------रोज शुभम् ।

**अनुसूची-१५**

**(दफा ८८ को उपदफा (६) सँग सम्बन्धित)**

**नक्कलको लागि निवेदन**

न्यायिक समिति

.......... गाउँपालिका/नगरपालिकामा पेश गरेको

**निवेदन पत्र**

**विषयः नक्कल पाउँ भन्ने बारे ।**

जिल्ला दाङ तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालया वडा नं. ५वस्ने
बर्ष को..........................................................................................................निवेदक

**विरुद्ध**

जिल्ला दाङ तुलसीपुर उपमहानगर कार्यापालिकाको कार्यालया वडा नं. ५वस्ने
बर्ष को..........................................................................................................बिपक्षी

**मुद्दाः ...................................**

म निवेदक निवेदन दस्तुर वापत रु. १०।–साथै राखी निम्न व्यहोरा निवेदन गर्दछुः-

(१)उपरोक्त विपक्षी सँगको उल्लेखित मुद्दामा अध्ययनको लागि देहायका कागजातहरु आवश्यक परेको हुँदा प्रमाणित प्रतिलिपी पाउँ भनी यो निवेदन साथ उपस्थित भएको छु । अतः नक्कलको प्रमाणित प्रतिलिपी पाउँ ।

देहाय

(क)..........................................................................

(ख)..........................................................................

(ग)..........................................................................

(घ) ..........................................................................

(ङ) ..........................................................................

२) लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज

इति सम्वत २०७५ साल  महिना  गते  रोज  शुभम्--------------------।

# तुलसीपुर मेट्रो कलेज संचालन तथा व्यवस्थापन सम्बन्धी विधान, २०७५

*पारित मिति २०७५/०३/०५*

**प्रस्तावनाः**

शिक्षा बिना मानव जीवनसँगै समग्र देश, समाजको अवस्था अगाडी बढ्न सक्तैन। समाजलाई नयाँ गति र दिशा प्रदान गर्नका लागि शिक्षाको आवश्यकता अपरिहार्य छ । नेपाल जस्तो विकासोन्मुख देशका लागि शिक्षा विकासको मेरुदण्ड नै हो र त्यसमा पनि प्राविधिक शिक्षाको आवश्यकता अपरिहार्य नै मानिन्छ । तुलसपुरलाई शिक्षाको केन्द्रका रुपमा विकास गर्नका लागि उपमहानगरपालिकाले विभिन्न पहलकदमी लिइरहेको छ ।

शिक्षाको विकाससँगै समग्र देशको विकास पनि जोडिएको हुन्छ । नेपालमा पछिल्लो अवस्थामा देशको आवश्यकतालाई बोध गरेर सीपमुलक र प्राविधिक शिक्षाको माग बढिरहेको छ । अहिले प्राविधिक र सीपमुलक शिक्षामा सरकारले विशेष ध्यान दिइरहेको छ । यसका साथै निजी स्तरबाट सञ्चालित भएका शैक्षिक संस्थाहरुले प्राविधिक र सीपमुलक शिक्षा प्रदान गरेको भएपनि त्यो निम्न आयस्तर भएका जनताको पहुँचमा रहेको छैन । यस कलेजले विभिन्न विश्वविद्यालय, प्राविधिक शिक्षालय लगायतको स्विकृतिमा विभिन्न प्राविधिक विषयको अध्यापन गराउने छ । यस्तै विविध पक्षलाई आत्मसाथ गरेर स्थानीय सरकार सञ्चालन ऐन २०७५ बमोजिम तुलसीपुर मेट्रो कलेज सञ्चालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०७५ बनाइ लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संषिप्त नाम र प्रारम्भ**

क) यस विधानको नाम तुलसीपुर मेट्रो कलेज संचालन तथा व्यवस्थापन सम्बन्धी विधान २०७५ रहेको छ ।

ख) यो विधान संचालक समितिबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

क) विधान भन्नाले तुलसीपुर मेट्रो कलेजले सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधान २०७५ लाई सम्झनु पर्दछ ।

ख) कलेज भन्नाले तुलसीपुर मेट्रो कलेज तुलसीपुरलाई सम्झनु पर्दछ ।

ग) नियमावली भन्नाले यस विधानको अधिनमा रही तर्जुमा गरिने नियमावलीलाई सम्झनु पर्दछ ।

घ) संचालक समिति भन्नाले विधानको दफा १० बमोजिम गठन हुने क्याम्पस संचालक समितिलाई सम्झनु पर्दछ ।

ङ) व्यवस्थापन समिति भन्नाले कलेज व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

च) कलेज प्रमुख भन्नाले कलेजको प्रशासनिक प्रमुखलाई सम्झनु पर्दछ ।

छ) अध्यक्ष भन्नाले कलेज संचालक समितिको सन्दर्भमा सो समितिको अध्यक्षलाई सम्झनु पर्दछ र सो शब्द कलेज संचालक समितिको अध्यक्ष र कार्यकारी समितिको सन्दर्भमा कलेज प्रमुखलाई सम्झनु पर्दछ ।

ज) सहायक कलेज प्रमुख भन्नाले सहायक कलेज प्रमुखलाई सम्झनु पर्दछ ।

झ) कार्यक्रम संयोजक भन्नाले कलेजले सञ्चालन गरेका विभिन्न शैक्षिक कार्यक्रमलाई हेर्ने गरी नियुक्त कार्यक्रम संयोजक सम्झनु पर्दछ ।

ञ) शिक्षक भन्नाले स्थायी, अस्थायी, करार र आंशिक रुपमा यस कलेजमा शिक्षण सेवामा कार्यरत शिक्षकलाई जनाउने छ ।

ट) कर्मचारी भन्नाले यस कलेजमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारीमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

ठ) बैठक भन्नाले कलेज संचालक समिति, व्यवस्थापन समिति र यस विधान अनुरुप गठन भएका समिति एवं उप समितिको बैठकलाई सम्झनु पर्दछ ।

ड) सदस्य भन्नाले कलेज व्यवस्थापन समिति, संचालक समितिलाई जनाउने छ ।

ढ) परीक्षा प्रमुख भन्नाले कलेजको परीक्षा विभागको प्रमुखलाई सम्झनु पर्दछ ।

ण) ऐन नियम भन्नाले स्थानीय तह सञ्चालन गर्न बनेको कानूनलाई जनाउनेछ ।

## परिच्छेद २

**३. कलेजका उद्देश्यहरु देहाय बमोजिम रहनेछ :**

क) प्रचलित ऐन नियमको अधिनमा रही स्थापित विश्वविद्यालय वा शैक्षिक संस्थाहरुसंग सम्बन्धन प्राप्त गरी स्थानीय आवश्यकताको आधारमा विभिन्न विश्वविद्यालयहरुसंग सम्बन्धन लिएर विभिन्न प्राविधिक र सीपमुलक विषयका तहगत कक्षाहरु संचालन गर्ने ।

ख) प्रचलित ऐन नियममा रही स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरुसंग सम्बन्ध कायम गर्ने र आर्थिक तथा अन्य सहयोग आदान प्रदान गर्ने ।

ग) कलेजलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

घ) अनुशासित, स्तरीय, दक्ष र देशभक्त नागरिकहरुको उत्पादन गर्ने ।

ङ) विद्यार्थीहरुमा स्वस्थ प्रतिष्पर्धात्मक भावनाको विकास गराई युगानुकुल सक्षम जनशक्तिको विकास गर्ने ।

च) कलेजको यस क्षेत्रकै नेतृत्वदायी स.स्थाको रुपमा विकास गर्ने ।

छ) कलेजको व्यवस्थापनमा हरेक क्षेत्रको प्रतिनिधित्व गराई साझा सामाजिक प्रतिष्ठानको रुपमा कलेजलाई अगाडि बढाउने ।

ज) शिक्षक एवं कर्मचारीहरुलाई तालिम तथा अध्ययन अनुसन्धानमा सहभागि गराई कलेजको शैक्षिक तथा प्रशासनिक कार्यलाई सशक्त र प्रभावकारी बनाउने,

झ) समानुकुल कलेजको विकास गर्दै लगेर कलेजलाई प्राविधिक शिक्षाको केन्द्रका रुपमा विकास गर्ने ।

ञ) कलेज अन्तर्गत विभिन्न खेलकुद तथा कल्याणकारी कार्यक्रमको व्यवस्था र संचालन गर्ने ।

ट) छात्रवृत्ति, पदक, सम्मान तथा पुरस्कारहरु प्रदान गर्ने व्यवस्था गर्ने ।

**४. कलेजको प्रशासनिक कार्यालय रहने स्थानः**

क) कलेजको प्रशासनिक कार्यालय तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ हरिपौरीमा रहनेछ ।

ख) कलेजको कार्यक्षेत्र विस्तारसंगै आवश्यकताको आधारमा अन्य स्थानमा पनि सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ ।

**५. कलेज स्वशासित संस्था हुने** :

क) कलेज अविच्छिन्न उत्तराधिकारवाला ऐक स्वशासित र संगठित संस्थाथ हुनेछ ।

ख) कलेजको सम्पूर्ण काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसको नमूना अनुसूची १ मा दिइएको छ ।

ग) यस कलेजको संगठन तालिका अनुसूची २ बमोजिम हुनेछ ।

**परिच्छेद ३**

**६. कलेज संगठनः** स्वरुप, पदाधिकारी र संचालक समिति

**क) कलेजको संगठनः** कलेजको संगठन देहाय बमोजिम हुनेछ ।

ख) कलेज संचालक समिति

ग) कलेज प्रमुख

७. कलेज सञ्चालक समितिको गठनः

१) कलेज व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | नगर प्रमुख |
| ख) सदस्यहरु उपप्रमुख, वडा अध्यक्ष लगायत) विभिन्न क्षेत्रका | १३ जना |
| ग) सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**८. व्यवस्थापन समितिको काम, कर्तवय र अधिकारः**

१) कलेज व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कलेजको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कारवाही गर्ने गराउने ।

ख) कलेजको सञ्चालनको निमित्त आवश्यक स्रोत र साधनको व्यवस्थापन गर्ने ।

ग) कलेजलाई आवश्यक शिक्षक तथा कर्मचारी व्यवस्था गर्ने ।

घ) सम्बन्धन लिएको विश्वविद्यालयको स्वीकृत पाठ्यक्रम एवं शैक्षिक कार्यक्रम अनुसार अध्ययन अध्यापनका साथै प्रयोगात्मक शिक्षाको उचित व्यवस्था मिलाउने ।

ङ) सम्बन्धन लिइएका विश्वविद्यालयबाट जारी गरिएका नीति तथा निर्देशनहरुलाई आवश्यकता हेरी कार्यान्वयन गर्ने गराउने ।

च) शैक्षिक गुणस्तर अभिबृद्धिको लागि विभिन्न सम्बन्धित विश्वविद्यालयसंग सम्पर्क एवं समन्वय कायम गर्ने।

छ) कलेजको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

ज) कलेजको चल अचल सम्पत्तिको संरषण र सम्बर्धन गर्ने गराउने ।

झ) लेखा परिक्षक नियुक्ति गर्ने र सो सभामा कलेजको आय, व्यय र शैक्षिक गतिविधिको विवरण पेश गर्ने।

ञ) प्रत्येक वर्ष स्थानीय अभिभावक, चन्दादाता र शिक्षाप्रेमीहरुको साधारण सभा गर्ने र सो सभामा कलेजको आय, व्यय र शैक्षिक गतिविधिको विवरण पेश गर्ने।

ट) स्वच्छ शैक्षिक वातावरण कायम राख्न कलेजलाइ विभिन्न रचनात्मक क्रियाकलापमा सहभागि गराउने।

ठ) अवान्छित गतिविधिमा संलग्न हुने शिक्षक, कर्मचारी एव. विद्यार्थी उपर आवश्यक कारवाही गर्ने।

ड) शैक्षिक गुणस्तर अभिबृद्धि हुने गोष्ठी, तालिम आदि कार्यक्रममा शिक्षक एवं कर्मचारीहरुलाई सहभागि तुल्याउने।

ढ) गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने।

ण) विद्यार्थीहरुको आचार संहिता पारित गर्ने।

त) कलेजबाट निर्धारित शुल्कमा अतिरिक्त कलेजको विकासका लागि अन्य शुल्कहरु पनि लगाउने।

थ) कलेजमा रिक्त शिक्षक तथा कर्मचारीहरुको पदपूर्ति गर्ने गराउने।

द) कलेजको आवश्यकता अनुसार विनियम संशोधन गर्ने र उपनियमहरु बनाउन।

**९. सञ्चालक समिति भंग गर्न सकिने** :

देहायको अवस्थामा सञ्चालक समिति वा सो समितिका अधयक्ष वा सदस्यलाई पदबाट हटाउन वा समिति भंग गरी नयाँ समिति गठन गर्ने अधिकार बहुमत सदस्यको सिफारिस बमोजिम सञ्चालकमा रहनेछ।

१) कलेजको सम्पत्ति हिनामिना गरेमा

२) कलेजको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको हक (स्वामित्व) संस्थापक स्वयं वा प्रचलित नेपाल कानून निजको नजिकको हकदारमा रहनेछ।

३) संस्थापकले अर्को कुनै व्यक्ति वा संस्थालाई आर्थिक क्रियाकलापमा सहभागी गराएमा पछि समावेश हुने सहभागिको हैसियत एवं हक अधिकारी सिमित दायित्वको आधारमा निर्धारित हुनेछ।

४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कलेज वा संस्थापक माथि प्रत्यक्ष आर्थिक व्ययभार थपिने प्रकृतिको निर्णय गर्नुअघि समिति वा क्याम्पस प्रमुखले संस्थापकको लिखित सहमतिबाट मात्र निर्णय गर्ने छ।

**१०. कलेज व्यवस्थापन समितिः**

क) कलेजको दैनिक प्रशासन तथा अन्य कार्यहरुको रेखदेख सुपरिवेक्षण, नीति निर्माण तथा कलेजको भौतिक र शैक्षिक विकास सम्बन्धी कार्य नै सभाको कार्यकारी निकायको रुपमा ५ सदस्यीय कलेज व्यवस्थापन समिति रहनेछ ।

ख) व्यवस्थापन समितिको गठन गर्दा पदेन सदस्य तथा सञ्चालक समितिबाट मनोनयन हुने १(एक) सदस्य बाहेक १ (एक) अध्यक्ष तथा ४(चार) सदस्यहरु सर्वसम्मत वा निर्वाचन प्रकृयाबाट छनौट गर्नेछ। कलेज प्रमुख व्यवस्थापन समितिको सदस्य सचिव भई काम गर्नेछन्।

**११. व्यवस्थापन समितिको गठनः**

व्यवस्थापन समितिको गठन निम्नानुसार हुनेछ।

| | |
|---|---|
| १) नगर प्रमुख | अध्यक्ष |
| २) जनप्रतिनिधि मध्येबाट २ जना | सदस्य |
| ३) सम्बन्धिक विश्वविद्यालयबाट १ जना | सदस्य |
| ४) कलेज प्रमुख | सदस्य सचिव |

**१२. व्यवस्थापन समितिको बैठकः**

क) व्यवस्थापन समितिको बैठक सामान्यतया प्रत्येक महिनामा बस्नेछ र आवश्यकताअनुसार विशेष बैठक बोलाउन सकिनेछ।

ख) व्यवस्थापन समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा सदस्य सचिवले बैठक सञ्चालन गर्नेछन्।

ग) व्यवस्थापन समितिको सम्पूर्ण सदस्यहरुको ५ प्रतिशतलाई गणपुरक संख्या मानिने छ। उपस्थित सदस्य संख्याको बहुमतबाट प्रस्तावहरु पारित हुनेछन्।

घ) व्यवस्थापन समितिको कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

**१३. व्यवस्थापन समितिको काम, कर्तवय र अधिकार**

क) कलेजको अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गरी कलेज सञ्चालक समिति समक्ष पेश गर्ने।

ख) कलेजको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी कलेज सञ्चालक समिति समक्ष पेश गर्ने।

ग) कलेजको कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निदृेशन दिने।

घ) कलेजको मासिक शुल्क तथा अनय शुल्कहरु निर्धारण गर्ने।

ङ) कलेज सञ्चालन गर्न आवश्यक निर्णयहरु निर्धारण गर्ने।

च) आवश्यकतानुसार समिति उपसमितिको गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार तोक्ने।

छ) कलेज प्रमुख तथा सहायक क्याम्पस प्रमुखको नियुक्ति गर्ने।

ज) अन्तिम लेखापरिक्षण प्रतिवेदन कलेज सञ्चालक समिति पेश गर्ने।

झ) कलेजको हितका लागि आवश्यक अन्य कार्यहरु गर्ने।

ञ) छात्रवृत्तिको बन्दोवस्त गर्ने।

ट) कलेजको भौतिक पूर्वाधार निर्माण, सम्भार र सुरक्षाको लागि आवश्यक समितिहरु गठन गर्ने ।

ठ) शिक्षक र कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्ने।

ड) कलेज स्थापना दिवस, प्रदर्शनी र मेलाको सञ्चालन गर्ने।

ढ) विद्यार्थी भर्नाको नीति बनाउने।

ण) कुनै कारण रिक्त रहन गएको सञ्चालक समितिको सदस्य मनोनयन गर्ने।

**१४. कलेज व्यवस्थापन समितिका पदाधिकारीहरुको कम, कर्तव्य तथा अधिकार**

१) अध्यक्षको काम, कर्तव्य र अधिकारहरु निम्न अनुसार रहनेछन्।

क) कलेज सञ्चालक समितिको बैठकको अध्यक्षता गर्ने।

ख) कलेजद्वारा आयोजित सभा समारोहको अध्यक्षता गर्ने ।

ग) कलेजसँग सम्बन्धीत जुनसुकै विषयमा निरीक्षण गर्न र निर्देशन दिन सक्ने ।

घ) कलेज प्रमुखको विदा तथा काज स्वीकृत गर्ने ।
ङ) सञ्चालक समितिको बैठक बोलाउने ।
च) कुनैपनि विषयमा निर्णय गर्नु पर्दा मत बराबर भएमा निर्णायक मत दिने ।
छ) मत बराबर भएमा निर्णयक मत दिने ।
ज) सञ्चालक समितिका पदाधिकारीको भ्रमण आदेश दिने ।
झ) सञ्चालक समितिको निर्णय बमोजिम प्राचार्यले पाउने सवारी साधन र कम्प्युटर इन्टरनेट लगायतका सुविधाको माग फाराम स्वीकृत गर्ने ।
ञ) बहुमतको आधारमा निर्णय दिने ।

**१५. सदस्यताको लागि योग्यताः**

कलेज सभा तथा कलेज व्यवस्थापन समितिको सदस्य हुनका लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ ।
क) नेपालको नागरिकता प्राप्त गरेको ।
ख) पदेन सदस्य बाहेकका अन्यका लागि २१ वर्ष उमेर पुरा भएको ।
ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतद्वारा कसुरदार ठहरी सजाय नपाएको ।
घ) शैक्षिक क्षेत्रको विकास तथा कलेजको हितका लागि समर्पित भावना भएको ।

१६. सदस्यताको खारेजीः

क) सम्बन्धीत सदस्यले राजिनामा दिएमा ।
ख) मृत्यु भएमा ।
ग) मानसिक असन्तुलन बिग्रेमा वा पागल भएमा ।
घ) नैतिक पतन हुने अपराधमा संलग्न भएको प्रमाणित भएमा ।
ङ) लगातार तीन पटकसम्म पूर्व सूचना नगरी बैठकमा अनुपस्थित रहेमा ।
च) कलेजका हित विपरित कार्यहरुमा सक्रिय हरेको प्रमाणित भएमा ।

**१७. कलेज प्रमुख तथा सहायक प्रमुखको काम कर्तव्य तथा अधिकार**

क) व्यवस्थापन समितिको सदस्य सचिव भई काम गर्ने ।
ख) अध्यक्षको निर्देशन बमोजिम कलेज व्यवस्थापन समितिको बैठक बोलाउने ।
ग) सहायक कलेज प्रमुख, विभागीय प्रमुखहरु र कार्यक्रम संयोजकहरु मार्फत कलेजको शैक्षिक क्षेत्रको सम्पूर्ण कार्यको जिम्मेवारी बहन गर्ने गराउने ।
घ) वार्षिक बजेट तथा कार्यक्रम बनाउन लगाउते र तोकिएको समयमा व्यवस्थापन समितिको बैठकमा पेश गर्ने ।
ङ) विधान र नियमावलीमा व्यवस्था गरिए अनुसार आन्तरिक लेखापरिक्षणमा सहयोग गर्ने तथा अन्तिम लेखा परिक्षण गराई सोको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।
च) कलेजको सम्पूर्ण सम्पत्तिको अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने ।
छ) कलेजका लागि आवश्यक सर सामान, नियमावलीमा व्यवस्था गरिए अनुसार खरिद गर्ने वा खरिद गर्न लगाउने ।

ज) कलेजका तर्फबाट गर्नुपर्ने कार्यका लागि कलेजको प्रतिनिधि भई हस्ताक्षर गर्ने वा गर्न लगाउने ।

झ) सञ्चालक समितिले दिएको नियम पालना गर्ने ।

ञ) आवश्यकता अनुसार आंशिक तथा ज्यालादारी शिक्षक कर्मचारी एवं कर्मचारी नियुक्ति गर्ने र म्याद थप गर्ने ।

ट) प्राज्ञिक विकासको लागि शैक्षिक गोष्ठीहरु सञ्चालन गर्ने ।

ठ) अन्य सस्थाको हितमा कार्य गर्ने ।

## परिच्छेद ४

### १८. कलेजको कोष, लेखापालन तथा लेखापरिक्षण सम्बन्धी व्यवस्था

१) कलेजको एक कोष रहनेछ र यसमा देहायका रकमहरु हुनेछन् ।

क) विद्यार्थीबाट प्राप्त शुल्क ।

ख) तुलसपुिर उपमहानगरपालिकाबाट प्राप्त अनुदान

ग) विभिन्न दातृ निकायबाट अनुदान या ऋण सापटी लिएको रकम ।

घ) कलेजले विभिन्न ठाउँबाट ऋण सापटी लिएको रकम ।

ङ) अन्य कुनै पनि श्रोतबाट प्राप्त रकम ।

च) कलेज कोषको रकमको प्रयोग तोकिएको बैठकमा खाता सञ्चालन गरिनेछ ।

छ) कलेज कोष खाताको संचालन नियमावलीमा तोकिए अनुसार हुनेछ ।

२) कलेजको आम्दानी सोही दिन बैंकमा दाखिला गर्नुपर्नेछ । उक्त दिन दाखिला गर्न नसकेको रकम भोलिपल्टै दाखिला गर्नुपर्नेछ ।

३) कलेजको कोषको खर्च नगरपालिकाका लेखा अधिकृत र प्राचार्यको संयुक्त दस्तखतमा वा सञ्चालक समितिको निर्णय बमोजिम दुइ जनाको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

४) सामान खरिद गर्नुपरेमा प्रचलित आर्थिक तथा खरिद ऐन नियम अनुसार खरिद गर्नेछ ।

५) प्राचार्यलाई आवशयक सामानको माग फाराममा अध्यक्ष वा उपाध्यक्षको स्विकृति आवश्यक हुनेछ । शिक्षक तथा कर्मचारीलाई आवश्यक सामानको माग फाराम प्राचार्यको स्वीकृति आवश्यक हुनेछ ।

६) शिक्षक तथा कर्मचारीहरुलाई सवारी साधन, कम्प्युटर र विद्युतीय सामानको सुविधा दिंदा वा जिम्मा लगाउँदा प्राचार्यको स्वीकृति आवश्यक हुनेछ ।

७) प्रशासन, लेखा, जिन्सी, पुस्तकालय, शाखाले सम्बन्धित अधिकारीहरुको स्वीकृति बिना कुनै पनि सामान शिक्षक, कर्मचारी र अन्य कसैलाई जिम्मा दिने छैन ।

८) सवारी साधन सुविधा पाएका शिक्षक वा कर्मचारीले कार्यालयको प्रयोजनको लागि मात्र सवारी साधन प्रयोग गर्न पाउने छन् ।

९) सञ्चालक समितिको अध्यक्ष र पदाधिकारीहरुले कलेजको कामको सिलसिलामा सवारी साधन प्रयोग गर्न पाउनेछन् ।

१०) कलेजको सवारी साधनको सुविधा पाएका शिक्षक र कर्मचारीले कलेजको कामको सिलसिलामा उपत्यका बाहिर सवारी साधन लानुपरेमा अध्यक्ष र प्राचार्यको स्वीकृति आवश्यक हुनेछ ।

११) कलेजको वार्षिक आय व्ययको लेखा परिक्षण तुलसीपुर उपमहानगरपालिकाको आय व्ययको लेखा परिक्षणका लागि नियुक्त लेखा परिक्षकबाट हुनेछ ।

१२) कलेजको सम्पत्तिः कलेजको सम्पत्ति संचालक समिति र प्राचार्यको संरक्षणमा हुनेछ ।

**१९. लेखा र लेखापरिक्षणः**

क) कलेजको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

ख) आन्तरिक लेखा परिक्षण र अन्तिम लेखापरिक्षण नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

ग) लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धीव्यवस्था नियमावपलीमा तोकिए अनुसार हुनेछ ।

**२०. आन्तरिक लेखापरिक्षण सम्बन्धी व्यवस्थाः**

क) कलेजको आय व्यय तथा लेखा प्रणालीलाई सुव्यस्थित र पारदर्शी बनाउन तथा नियन्त्रण गर्न एक आन्तरिक लेखापरिक्षण समिति रहनेछ । यस सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

ख) आन्तरिक लेखा परिक्षण समितिमा एक जना संयोजक र दुई जना सदस्य रहनेछन् ।

**२१. आन्तरिक लेखा परीक्षण समितिको काम, कर्तव्य र अधिकार**

क) आर्थिक वर्ष समाप्त भएको दुइ्र महिनाभित्र आन्तरिक लेखापरिक्षण प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेश गर्ने ।

ख) कलेज सञ्चालनको कुनै पनि समयमा कलेजको कार्यमा बाधा नपर्ने गरी लेखासंग सम्बन्धित कागजातहरु निरिक्षण गर्न सक्नेछ ।

ग) बिल भरपाईमा चित्त नबुझेमा वा शंका लागेमा जाँच बुझ र रुजु गर्न सक्नेछ ।

घ) आर्थिक हिसाबको हिनामिना भएको फेला गरेमा तत्काल प्रमाण सहित कारवाहीका लागि संचालक समितिमा पेश गर्नेछ ।

ङ) आन्तरिक लेखापरिक्षण समितिको कामको लागि हुने खर्च कलेजले व्यहोर्ने छ ।

**परिच्छेद ५**

**विद्यार्थी भर्ना**

१) यो कलेज तुलसीपुर उपमहानगरपालिकाबाट संचालित भएको हुँदा देहाए बमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइनेछ ।

क) तुलसीपुर उपमहानगरपालिका क्षेत्रका विद्यार्थी ५० प्रतिशत

ख) दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका बाहेक का विद्यार्थी १५ प्रतिशत

ग) दाङ जिल्ला बाहिरका विद्यार्थी ३० प्रतिशत

घ) दुर्गम जिल्लाका विद्यार्थी ५ प्रतिशत

ङ) प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई झुकाव परीक्षा समेत लिन सञ्चालक समितिले ५ सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरुमध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ ।

## परिच्छेद ६
## समितिको व्यवस्था

क) कायृक्रम समितिः सञ्चालक समितिले कलेजको विभाग र शाखाहरुको प्रतिनिधित्व हुने गरी प्राचार्यको अध्यक्षतामा एक कार्यक्रम समिति गठन गर्न सक्नेछ । सो समितिको सदस्य सचिव प्रशासन शाखा प्रमख हुनेछ ।

**कार्यक्रम समितिको काम, कर्तव्य र अधिकारः**

१) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न प्राचार्यलाई सहयोग गर्ने ।

२) दैनिक शैक्षिक प्रशासन सञ्चालन गर्न प्राचार्यलाई सहयोग गर्ने ।

३) विभिन्न संकाय र विभागहरुबिच समन्वय गर्ने ।

४) संकाय र विभागहरुलाई आवश्यक शैक्षिक सामान, प्रयोगशालाका सामान र फर्निचर लगायत शैषक वर्ष आगाडि नै सञ्चालक समितिमा पेश गर्न प्राचार्यलाई सहयोग गर्ने ।

५) संकाय र विभागीय प्रमुखहरुको सेवा र सुविधा सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।

६) अध्यक्ष वा पदाधिकारीको विशेष उपस्थिति हुन सक्नेछ ।

**ख) परीक्षा समितिः**

कलेजको शैक्षिक विभागहरुको प्रतिनिधित्व हुने गरी एक जना परीक्षा प्रमुख सहित परीक्षा समिति गठन गरिनेछ । परीक्षा समितिको कामको लागि विश्वविद्यालय र अन्य स्रोतबाट आएको रकमको आम्दानी खर्चको अभिलेख लेखाशाखाबाट परीक्षा समितिका पदाधिकारीहरुको सुविधा सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।

**ग) परामर्श समिति**

सरकारी र गैरसरकारी कार्यालय तथा व्यक्ति वा कुनै संस्थाको कार्यमा कलेजबाट परामर्श सेवा उपलब्ध गराउन एकजना परामर्श प्रमुख सहित परामर्श समिति गठन गर्न सकिनेछ । परामर्श समितिका पदाधिकारीहरुको सेवा सुविधा सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ७
## सेवाका पद तथा श्रेणीहरु

**१) दरबन्दीको सृजना**

कलेजमा आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरबन्दी कलेज सञ्चालक समितिले निर्धारण गरेर तुलसीपुर उपमहानगरपालिका कार्यपालिकामा पेश गर्नेछ र कार्यपालिकाको सिफारिसमा नगरसभाले पास गर्नेछ ।

पद तथा श्रेणीहरुः कलेजमा देहायका पद तथा श्रेणीहरु रहनेछन् ।

| **क) शिक्षातर्फ** | **तलब** |
|---|---|
| १) प्राध्यापक | नेपाल सरकारको स्केल |
| २) सहप्राध्यापक | नेपाल सरकारको स्केल |
| ३) उपप्राध्यापक | नेपाल सरकारको स्केल |
| ४) सहायक प्राध्यापक | नेपाल सरकारको स्केल |

५) प्रशिक्षक — नेपाल सरकारको स्केल

६) प्रयोगशाला सहायक — नेपाल सरकारको स्केल

**ख) प्रशासन तर्फ**

१) अधिकृत

२) सहायक स्तरका पद

२) उपदफा १(क) को १,२,३ र ४ मा उल्लेख भएका पदहरु शिक्षकको रुपमा हुनेछ र ५ र ६ मा उल्लेख भएका पदहरु सहायक शिक्षकका रुपमा रहनेछन् ।

३) उपदफा १(ख) मा उल्लेख भएका पदहरुको तह देहाय बमोजिम हुनेछ ।

**क) अधिकृत स्तर**

१. अधिकृत स्तर छैटौं तह

२. अधिकृत स्तर सातौं तह

**ख) सहायक स्तर**

१. सहायक स्तर पहिलो तह (पियन वा सो सरह)

२. सहायक स्तर दोस्रो तह

३. सहायक स्तर तेस्रो तह

४. सहायक स्तर चौथो तह

५. सहायक स्तर पाँचौं तह

३. पदपूर्ति

क. सञ्चालक समितिले कलेजमा रिक्त रहेको पद नयाँ नियुक्ति वा बढुवाद्वारा पूर्ति गर्न सक्नेछ ।

ख. सञ्चालक समितिले कर्मचारी भर्ना र सेवा सुविधा सम्बन्धमा कार्यविधि बनाएर सोही बमोजिम गर्न सक्नेछ ।

## अनुसुचि – १

### कलेजको छाप

## अनुसूची –२

## कलेजको संगठन तालिका



# तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७६

*पारितमिति २०७६/०३/२४ गते*

**प्रस्तावनाः–** तुलसीपुर उपमहानगरपालिकाको समग्र विकासका लागि आवश्यक स्रोतको रुपमा रहेको कर तथा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद–१**

**(प्रारम्भिक)**

१) **संक्षिप्त नाम र प्रारम्भः–**

(१) यस ऐनको नाम **"तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन,** २०७६" रहेको छ ।

(२) यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ ।

(३) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि तुलसीपुरउपनगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२) **परिभाषाः**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

क) "आथिक ऐन" भन्नाले सालबसाली तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन सम्झनु पर्छ

ख) "उप–प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

ग) "कम्पनी" भन्नाले प्रचलित संघीय कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

घ) "कर" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ ।

ङ) "कर अधिकृत" भन्नाले दफा ५ बमोजिम तुलसीपुर उपमहानगरपालिकाले नियुक्ति गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने उपमहानगरपालिकाको अधिकृत स्तरको कर्मचारीलाई समेत जनाउँछ ।

च) "कर कार्यालय" भन्नाले उपमहानगरपालिका कर तथा राजश्व सम्बन्धी काम, कारवाही र निर्णय गर्ने महाशाखा, शाखा, वडा कार्यालय वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको तुलसीपुर उपमहानगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

छ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

ज) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ ।

झ) "राजश्व" भन्नाले कर बाहेकका राजश्व, सेवा शुल्क सम्झनु पर्छ ।

ञ)  "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, बुवा, आमा र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ ।

ट)  "प्रमुख" भन्नाले उपमहानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ठ)  "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ड)  "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई जनाउनेछ ।

ढ)  "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

ण)  "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद–२
## (राजश्व निर्धारणका आधार र कर प्रशासन)

३)  **<u>कर तथा राजश्व निर्धारणका आधारः–</u>**

(१)  कर राजश्व देहायका आधारमा निर्धारण गरिनेछ :–

क)  कर तिर्न सक्ने क्षमता,

ख)  कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

ग)  कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

घ)  नागरिकको सुविधा,

ङ)  स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

च)  करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता ।

(२)  राजश्व उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ ।

४)  **<u>कर प्रशासनः–</u>**

(१)  यस ऐन बमोजिमको कर तथा राजश्वको प्रशासन उपमहानगरपालिकाको राजश्व व्यवस्थापन शाखाले गर्नेछ ।

(२)  उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन न.पा. क्षेत्रभित्र आवश्यकता अनुसार कार्यालय रहन सक्नेछन् ।

५)  **<u>कर्मचारी सम्बन्धी व्यवस्थाः–</u>**

(१)  उपमहानगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कार्यालयमा रहन सक्नेछन् ।

(२)  तुलसीपुर उपमहानगरपालिकाले कर तथा राजस्व महाशाखा वा शाखा वा सोही प्रयोजनको अन्य संगठन संरचनामा प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

६) **<u>कर अधिकृतको काम, कर्तव्य र अधिकारः</u>**– यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः–

क) करदाता दर्ता गर्ने,

ख) करदाताबाट विवरण प्राप्त गर्ने,

ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

घ) कर संकलन गर्ने,

ङ) कर तथा राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

ज) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

झ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

ञ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

ट) कर सम्बन्धी कार्यहरुमा उत्तरदायि, जवादेही भई कार्य गर्ने,

ठ) कर सम्बन्धी तोकिए बमोजिम अन्य काम गर्ने ।

ठ) अधिकार प्रत्यायोजनः–

(१) प्रमुख प्रशासकिय अधिकृतले संविधान, प्रचलित कानून र यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कार्यालयका अन्य अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका अधिकृतलाई आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

८) **<u>प्रत्यायोजित अधिकार र जिम्मेवारीः–</u>**

(१) दफा (७) बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा (७) बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद–३

## (कर तथा राजश्व)

९) **<u>सम्पति करः</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

१०) **<u>भूमि कर (मालपोत)</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

११) **घर जग्गा वहाल करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

१२) **व्यवसाय करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१३) **जडिबुटी, कवाडी र जीवजन्तु करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

१४) **सवारी साधन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम प्रदेश कानूनमा व्यवस्था भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

१५) **विज्ञापन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्तेलेखन, साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम प्रदेश कानूनमा व्यवस्था भए बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१६) **मनोरन्जन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम प्रदेश कानूनमा अन्यथा व्यवस्था बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१७) **बहाल बिटौरी शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१८) **पार्किङ शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१९) **प्राकृतिक स्रोत शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र ढुंङ्गा, गिटि, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन तथा बिक्रि प्रदेश कानूनले तोके अनुसार अनुसूची (११) बमोजिम शुल्क लिई असुल उपर गरिनेछ ।

२०) **ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरे वापत अनूसूचि (१२) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२१) **<u>सेवा शुल्क, दस्तुरः</u>** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण, संचालन, व्यवस्थापन गरेका तथा अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनूसूचि (१३) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२२) **<u>पर्यटन शुल्कः</u>** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्यटकीय स्थलको रुपमा विकास गरेका क्षेत्रहरुमा अनूसूचि (१४) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२३) **<u>लगानी बाट प्रतिफलः</u>** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम, साविक नगरपालिका साझेदारी विकास कोष र गाउँ विकास कोषमा रहेका रकमहरु अनुसूची (१५) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज आवश्यक नियम कानून निर्माण गरि असुल उपर गरिनेछ ।

२४) **बसपार्क पुर्वाधार शुल्कः** तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा निर्माण भएको बसपार्कभित्रका बिभिन्न क्षेत्रहरुमा अनुसुचि (१६) बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

२५) **<u>कर छुटः</u>**

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनी नगरसभाले आवश्यक ठानेमा कुनै विशेष क्षेत्र, कुनै विशेष तथा महत्वाकाँक्षी कार्यक्रममा अनुसूची (१७) बमोजिमको कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ साथै सो बाहेक अन्य कुनै क्षेत्रमा नगर कार्यपालिकाको निर्णय अनुसार कर छुट, अनुदान तथा सुविधा दिन सक्नेछ र सो निर्णयलाई नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

## परिच्छेद–४
## (करदाता दर्ता)

२६) **<u>करदाताको पहिचान तथा दर्ताः–</u>**

(१) कसैले व्यवसाय/उद्योग सञ्चालन गर्न चाहेमा व्यवसाय/उद्योग गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेका कारोवार र कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरुको आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

२७) **<u>करदाताको दायित्वः–</u>** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः–

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख) निर्धारित समयमा विवरण पेश गर्ने,

ग) निर्धारित समयमा कर दाखिला गर्ने,

घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

ङ) हिसाब किताब र अधिलेख दुरुस्त राख्ने,

च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

छ) कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

२८) <u>करदाताको अधिकारः–</u>

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः–

क) सम्मानपूर्वक व्यवहारको अधिकार,

ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग) कर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक पुरा अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ ।

२९) **करदाताको प्रतिनिधित्वः–**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ । स्पस्टीकरणः– यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद–५
## (कर विवरण र कर दाखिला)

३०) <u>कर, राजश्व दाखिला गर्न आदेश दिन सक्नेः–</u>

(१) यस ऐन बमोजिम कर, राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर, राजश्व नबुझाएमा वा दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयमा कर, राजश्व दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिको म्यादभित्र कर, राजश्व दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले ३० (तीस) दिनसम्मका अवधि थपिदिन सक्नेछ ।

३१) **<u>सच्याउन सकिनेः–</u>** यस परिच्छेद बमोजिमको कर, राजश्व दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धीवा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो कर, राजश्व दाखिला भएको मितिले ३ (तीन) महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

३२) **<u>कर दाखिला गर्नुपर्नेः–</u>** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

३३) **<u>कर दाखिलाको निस्सा दिनु पर्नेः–</u>** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैर कर राजश्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद–६

## (कर समायोजन)

३४) **<u>कर फिर्ता सम्बन्धी व्यवस्थाः–</u>**

(१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकि भएमा त्यसमा मिलान गरी बाँकि रहेको रकम फिर्ता दिनु पर्नेछ ।

३५) **<u>कर समायोजन सम्बन्धी व्यवस्थाः–</u>**

(१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद–७

## (कर परीक्षण, निर्धारण र संकलन)

३६) **<u>कर परीक्षणः–</u>**

(१) यस ऐन बमोजिम करदाताले कर दाखिला पेश नगरेको वा पेश गरेको कर, राजश्वमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः–

क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

ख) गलत वा झुट्टा विवरण कागजात संलग्न गरेको देखिएमा,

ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

ङ) करको दर फरक परेकोमा,

च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न ३० (तीस) दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचना तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ ।

३७) <u>कर निर्धारणको सूचनाः–</u>

(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

३८) <u>कर असुल गर्न सक्नेः–</u>

(१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताको यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ ः–

क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

ङ) करदाताको कारोवार रोक्का गरेर,

च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

छ) करदाताको सम्पत्ति एकै पटक वा पटक–पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकि कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकमभन्दा बढी भएमा बढी भए जति रकम ६० (साठी) दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३९) **किस्ताबन्दिमा कर असूली:–** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र ३ (तीन) किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुने छैन ।

## परिच्छेद–८

## (ब्याज, शुल्क र जरिवाना)

४०) **जरिबाना लाग्ने:–**

(१) यस ऐनको पालना नगरी कर तथा राजश्व दाखिला नगरेमा कर अधिकृतले जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा (२१) को उपदफा (२) बमोजिमको म्यादभित्र उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन गरेको व्यवसाय तथा दाखिला गर्नु पर्ने कर राजश्व दाखिला नगरेमा दाखिला गर्नुपर्ने म्याद नाघेको मिति देखि सो वर्षको अन्त्यसम्म कर रकमको १० देखी २० प्रतिशतका दरले लाग्ने जरिवाना कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि कर नबुझाएमा २० देखी ५० प्रतिशतका दरले लाग्ने जरिवाना कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि कर नबुझाएमा ५० देखी १०० प्रतिशतका दरले लाग्ने जरिवाना कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र पनि कर करदातालाई उपमहानगरपालिकाले दिने नियमित सेवा तथा विद्युत, पानी, दुरसञ्चार, बैकमा ऋण लिने सुविधा कटौंती गर्ने, जस्ता कारबाहीका प्रक्रिया तथा सरकारी बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

(६) उपदफा (२),(३) र (४) मा जुन सुकै कुरा भनिए पनि दोहोरो हुने गरी कर लगाईने छैन

४१) **ब्याज लाग्ने:–** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकि रकममा वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

४२) शुल्क लाग्ने:–

(१) यस ऐन बमोजिम अभिलेख राख्नु पर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

४३) चक्रिय व्याज नलाग्नेः– यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिबानामा चक्रिय ब्याज लाग्ने छैन ।

## परिच्छेद–९
## (पूर्वादेश, प्रशासकिय पुनरावलोकन र पुनरावेदन)

४४) **पूर्वादेश माग गर्न सक्नेः–**

(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणको लागि निजले प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकिय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश प्रमुख प्रशासकिय अधिकृतले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

४५) **प्रशासकिय पुनरावलोकन हुन सक्नेः–** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकिय पुनरावोलकन हुन सक्नेछः–

क) कर अधिकृतले गरेको कर निर्धारण, चक्रिय कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

४६) **प्रशासकिय पुनरावलोकनको प्रक्रियाः–**

(१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० (तीस) दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी तोकिएको ढाँचामा प्रमुख प्रशासकिय अधिकृत प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकिय पुनरावेदनको लागि परेको निवेदन उपर साठी कार्यदिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ ।

४७) **उजुरी नलाग्नेः–** यस ऐन बमोजिम प्रशासकिय पुनरावेदन गर्न सकिने विषयमा त्यस्तो पुनरावेदन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

४८) **पुनरावेदन दिन सक्नेः–**

(१) प्रशासकिय पुनरावेदनको निर्णय भएकोमा सो मितिले र प्रशासकिय पुनरावेदन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ३५ (पैतीस) दिनभित्र सम्बन्धित तोकिए बमोजिमको धरौटी संलग्न गरी उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–१०
## (समन्वय)

४९) **नेपाल सरकारसँग समन्वयः–**

(१) उपमहानगरपालिकाले संघीय कानून, प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन उपमहानगरपालिका वा उपमहानगरपालिकाले अधिकार सुम्पेको प्रमुख प्रशासकिय अधिकृत वा अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृत सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले संविधानको साझा सूची रहेका विषयसँग सम्बन्धित कर वा राजस्वका आधार र दर वा कर प्रशासनका संबन्धमा प्रदेश सरकार र नेपाल सरकारसंग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५०) **नेपाल राष्ट्र बैंकसँग समन्वयः–** उपमहानगरपालिकाले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंक सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५१) **अन्य संस्थासँग समन्वयः–** उपमहानगरापलिका वा अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ ।

५२) **राजस्व सम्बन्धी नया प्रस्तावः–** उपमहानगरपालिकाले कर तथा राजश्व सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्न सक्नेछ ।

५३) <u>सूचना सार्वजनिक गर्नु पर्नेः–</u>

(१) उपमहानगरपालिकाले लगाएको कर र राजस्व उठाउने सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई आफ्नो वेभसाइटमा राख्ने व्यवस्था मिलाउनेछ ।

## परिच्छेद–११
## विविध

५४) **<u>विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः–</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपमहानगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

५५) **<u>कागजातको ढाँचाः–</u>**

(१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि उपमहानगरपालिका कार्यपालिकाले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका आदि सर्वसाधारणको जानकारीको लागि उपमहानगरपालिकाको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

५६) **<u>सूचना तामेली रीत पुगेको मानिनेः–</u>**

(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्यतीय उपकरण मार्फत पठाएको,

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

५७) **कागजातको अभिलेख राख्नेः**

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः–

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु कागजात र सोलाई पुष्टयाई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पु-याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्टयाई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा ४ (चार) वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

५८) **जाचबुझ सम्बन्धीअधिकारः—** यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धी अधिकार हुनेछ । जाँचबुझमा दोषी ठहर भएमा निजलाई कारबाहिको लागि सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ ।

५९) **कर अधिकृतको परिचय पत्रः**— कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६०) **विभागीय कारवाही र सजाय हुनेः**—

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्न पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा करदाताले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ । यसका साथै कुनै कर्मचारीले दाखिला गर्नु पर्ने रकम समयमा दाखिला नगरेमा समेत प्रमुख प्रशासकिय अधिकृतले कानून बमोजिम आवश्यक कारवाही गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकिय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारवाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा कारबाहीको लागि नगर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्ने प्रमुख प्रशासकिय अधिकृतले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा प्रमुख प्रशासकिय अधिकृतले निजलाई कारबाही गर्नेछ ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन ।

६१) **पुरष्कृत गर्न सक्नेः—**

(१) तुलसीपुर नगरकार्यपालिकाको कार्यालयले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था तुलसीपुर नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६२) **म्याद हदम्याद नजानेः—** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६३) **नियम बनाउन सक्नेः—** यसको कार्यान्वयन गर्न तुलसीपुर नगरकार्यपालिकाले आवश्यक नियमावली, नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

६४) **बाधा अडकाउ फुकाउः** यस आर्थिक ऐन कार्यान्वयनमा कुनै बाधा अडकाउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ । उक्त निर्णयलाई नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

| अनुसूची-१<br>सम्पत्ती करका दरहरु | | | |
|---|---|---|---|
| क्र.सं. | सम्पत्तिको अन्तिम मुल्य | कर रकम रु. | कर अक्षरुपी |
| १ | रु. १ देखि २ लाखसम्म | २५/- | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाखसम्म | ५०/- | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाखसम्म | ७५/- | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाखसम्म | १००/- | एकसय रुपैया मात्र |
| ५ | रु. ५ लाख १ देखि ६ लाखसम्म | १२५/- | एकसय पच्चीस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाखसम्म | १५०/- | एकसय पचास रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| ७ | रु. ७ लाख १ देखि ८ लाखसम्म | १७५/- | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाखसम्म | १९०/- | एकसय नव्वे रुपैया मात्र |
| ९ | रु. ९ लाख १ देखि १० लाखसम्म | २००/- | दुईसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाखसम्म | २५०/- | दुईसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाखसम्म | ३००/- | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाखसम्म | ३५०/- | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाखसम्म | ३८०/- | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाखसम्म | ४००/- | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाखसम्म | ५००/- | पांचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाखसम्म | ५५०/- | पाचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाखसम्म | ६५०/- | छसय पचास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाखसम्म | ८००/- | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाखसम्म | १०००/- | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाखसम्म | १२००/- | एकहजार दुईसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाखसम्म | १५००/- | एकहजार पांचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाखसम्म | २०००/- | दुईहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाखसम्म | २५००/- | दुई हजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाखसम्म | ३०००/- | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाखसम्म | ३५००/- | तीन हजार पांचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाखसम्म | ४५००/- | चार हजार पाचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाखसम्म | ६०००/- | छ हजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाखसम्म | ८०००/- | आठ हजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोडसम्म | १०,०००/- | दशहजार मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाखसम्म | १२,०००/- | वाह्र हजार मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाखसम्म | १६,०००/- | सोह्र हजार मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोडसम्म | २०,०००/- | विस हजार मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाखसम्म | २५,०००/- | पच्चीस हजार मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड | ४०,०००/- | चालीस हजार मात्र |

| | | | |
|---|---|---|---|
| | २० लाखसम्म | | |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ करोडसम्म | ५०,०००/- | पचास हजार मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोडसम्म | ६०,०००/- | साठी हजार मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए त्यतिमा २ दुई रुपैया प्रति हजारको दरले | | |

**अनुसूची–१ संग सम्बन्धित**

**सम्पत्ति कर प्रयोजनका लागि तु.उ.म.न.पा. क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्यांकन**

**(आ.व. २०७६/०७७)**

**वडा नं. १ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर वाघमारे पक्की सडक खण्डमा पिच सडक छोएका जग्गाहरु | ३ लाख |
| | हे.पो. देखि देवि स्थानसम्मको सडकले छोएका जग्गाहरु | २ लाख |
| | हे.पो. देखि कुमाल गांउ मिलन चौक देवि स्थान छोएका जग्गाहरु | १ लाख ८० हजार |
| | घिमिरे चोक पोखरी कुमालगाउ सडकले छोएका जग्गाहरु | १ लाख ८० हजार |
| | पाठक टोल न्यूरोड कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख |
| | रामनगर विरेन्द्र मा.वि. शक्तिचौक मिलन चौक | १ लाख ५० हजार |
| | मिलन चौक छोटे तिलाविर घर हुदै गिरीराज ग्रन्जाको घरसम्म | १ लाख ५० हजार |
| | छोटेका अन्य मोटर वाटाहरु | १ लाख ५० हजार |
| | देवि स्थान ठाटीगाउ अजिमाराका बाटाहरु | १ लाख ५० हजार |
| कृषि क्षेत्र | साविक पवननगर १, २, ३, ४ को खेती योग्य जमीन | ५० हजार |
| वगर क्षेत्र | | |

**वडा नं. २ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | भमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर, सुर्खेत सडक) छोएको जग्गा | ३ लाख |
| | तुलसीपुर वाघमारे कालोपत्रे सडक छोएका जग्गाहरु | ३ लाख |

| | | |
|---|---|---|
| | वालापुर तकियापुर भमके हे.पो. सडकले छोएको जग्गा | १ लाख ५० हजार |
| | पहलुवा (सिद्धपुर) कुईरपानी मनिकापुर तिनडुडे सडक खण्डमा छोएका जग्गाहरु | १ लाख ५० हजार |
| | घिमिरे चोक कार्तिके चौक एकले पिपल ५०० मिटरसम्म | १ लाख ५० हजार |
| | घिमिरे चोक कार्तिके चौक एकले पिपल ५०० मिटर पछाडि | १ लाख ५० हजार |
| | अश्वारा भुवनेश्वरी मन्दिर हुदै वाल संगिनी स्कुल पाठक टोलवाटो छेउमा | १ लाख ५० हजार |
| | मनिकापुर पोल्ट्री फर्म हुदै कार्की टोल | १ लाख ५० हजार |
| | तकियापुर खानेपानी भवन देखि भमके खोलासम्म | १ लाख ५० हजार |
| | खैरीपुर ताल देखि उत्तर दक्षिण मोटर वाटो | १ लाख ५० हजार |
| | खैरीपुर पूर्व ढलको लौवस्ता वस्तीको वाटो | १ लाख ५० हजार |
| | क्रसर उद्योग अगाडि पूर्व पश्चिम वाटो | १ लाख ५० हजार |
| | पोटली स्कूल रतननाथ प्रा.वि. को उत्तरको वाटो | १ लाख ५० हजार |
| | वजार क्षेत्र वालापुर, पोटली, घिमिरे चोक | १ लाख ५० हजार |
| | भमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर, सुर्खेत सडक) छोएको जग्गा | ३ लाख |
| कृषि क्षेत्र | अन्य साविक पवन नगर गा.वि.स. ५, ६, ७, ८ र ९ नं वडाका सवै खेती योग्य जमिन | ५० हजार |

**वडा नं. ३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि. रानागांउ महिला चौतारीसम्म सडकले छोएका जग्गाहरु साविक वडा नं. १ | ४ लाख |
| | तुलसीपुर सल्यान सडकको प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्म सडकले छोएका जग्गाहरु साविक वडा नं. १ | १ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु साविक वडा नं. ७ | २० हजार |
| | ग्राभल वाटोले छोएका जग्गाहरु साविक १० | १ लाख |
| कृषि क्षेत्र | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि.राना गांउसम्मको वांकी भाग साविक वडा न. १ | १ लाख |
| | प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्मको वांकी क्षेत्र | १ लाख |

| | | |
|---|---|---|
| | (खमारी, हर्नेटी, पैयाखोरे, रामी र धामा, पहरेखोला) साविक वडा नं. १ | |
| | वाटोले नछोएका जग्गाहरु साविक १० | ३० हजार |
| | भ्युडहर, असुरकोट, पन्नापुर साविक १० | ८५ हजार |
| | वाटोले नछोएका जग्गाहरु साविक वडा नं. ७ | ३० हजार |
| वगर क्षेत्र | पातुखोला ले कटान गरेको जग्गा साविक वडा नं. १ | ३० हजार |
| | पातुखोला, गहतेखोल, भमके खोलाले कटान गरेको जग्गाहरु साविक १० | ७० हजार |

**वडा नं. ४ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सल्यान सडकले छोएका जग्गाहरु साविक वडा नं. २ | ५ लाख |
| | सहायक ग्राभल सडकले छोएका जग्गाहरु साविक वडा नं. २ | ४ लाख ५० हजार |
| | अन्य कच्ची वाटोले छोएका जग्गाहरु साविक वडा नं. २ | ४ लाख ५० हजार |
| | पर्सेनि देखी बेतराबती हुदै बनहरीसम्म सडकको दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १६ | २ लाख |
| | बनहरी देखी चमेरे गुफा जाने सडकको दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १६ | १ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १६ | २ लाख |
| | पर्सेनि देखी बम्नै नवलपुर हुदै खाद्रे जाने बाटोको दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १७ | ३ लाख |
| कृषि क्षेत्र | आवास क्षेत्र र जंगल क्षेत्रमा परेका वाहेकका अन्य जग्गाहरु साविक वडा नं. २ | २ लाख |
| | अन्य बाँकी जग्गाहरु ९ नयावस्ति सुनौलिपुर साविक वडा नं. २ | १ लाख |
| | तराई खेतीयोग्य साविक वडा नं. १६ | १ लाख |
| | पहाड खेतीयोग्य साविक वडा नं. १६ | ७० हजार |
| | तराई खेतीयोग्य साविक वडा नं. १७ | २५ हजार |
| | पहाड खेतीयोग्य साविक वडा नं. १७ | ७० हजार |

## वडा नं. ५ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | दुर संचार देखि ग्रामीण चोकसम्म | ५० लाख |
| | दुर संचार देखि उत्तर वडानं.५ सिमानासम्म | २२ लाख |
| | "ख" लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | "ग" लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | "घ" लाईन मा पर्ने जग्गाहरु | २७ लाख |
| | ङ लाईन तुलसी बार्डिङ्ग चौक देखी उ.बा.सं.चौक सडकमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन नामिनगर लाईन अन्य पिच सडकमा पर्ने जग्गा | २२ लाख |
| | घोराहि चौक देखी नामीनगर चौकसम्मको पिच सडमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन देखि वसपार्क मा जाने सडकमा पर्ने जग्गा (दुवै बाटा) | ३० लाख |
| | वस पार्क क्षेत्रमा पर्ने जग्गा | २७ लाख |
| | अन्य पक्की सडकमा पर्ने जग्गा | २७ लाख |
| | अन्य पक्की सडकमा पर्ने जग्गा | २२ लाख |
| आवासिय क्षेत्र | माथि उल्लेखित सडक बाहेकका ग्राभेल सडकमा पर्ने जग्गाहरु | १८ लाख |
| | कुनै पनि सडकले नछोएका जग्गाहरु | ९ लाख |
| कृषि क्षेत्र | दुर संचार देखि ग्रामीण चोकसम्म | ५० लाख |

## वडा नं. ६ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | कालोपत्रे सडकले छोएका नेत्रलाल चौक देखि गुम्राह चौकसम्मका जग्गाहरु | २४ लाख ५० हजार |
| | कालोपत्रे सडकले छोएका गुम्राह चौक देखि एर्पोटसम्मका,अंचल प्रहरी कार्यालय सडक जग्गाहरु | १८ लाख |
| | कालोपत्रे सडकले छोएका सहरी क्षेत्रभित्र पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | २० लाख |
| आवासिय क्षेत्र | ग्राभेल सडकले छोएका सुकौरा रोड भगवती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा रोड सरस्वती टोलभित्र पर्ने | ६ लाख |

| | | |
|---|---|---|
| | जग्गाहरु | |
| | ग्राभेल सडकले छोएका सुकौरा टोल गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु | ३ लाख |
| | ग्राभेल सडकले छोएका लक्ष्मी टोल ( गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु ) | ३ लाख ५० हजार |
| | ग्राभेल सडकले छोएका कैलाश नगर टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका एकता टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका पद्मम नगर टोल तथा डुम्री गाऊमा पर्ने सवै बाटोमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका सरस्वती टोल क्याम्पस रोड मा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि बरुवागाउभित्रका ग्राभेल सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि क्याम्पस रोड जोड्ने सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ईन्द्रनगर टोल सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि सगरमाथा टोल सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | सगरमाथा टोल देखि सिप विकास कार्यालयसम्मको सडकका जग्गाहरु | ५ लाख ५० हजार |
| | तुल्सीपुर घोराही सडकदेखि मदन नगर टोलको ५०० मि. सडकमा पर्ने जग्गा हरु | ७ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ५०० मि. देखी तल मदन नगर टोलको सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | कालोपत्रे सडकले छोएका शहरी क्षेत्र बाहिर पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि राजापुर जाने सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | उत्तर कपडादेवी बन्कट्टा गोठलिगाऊ सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | माथि उल्लेखित कालोपत्रे सडक बाहेकका अन्यकालो पत्रे सडकमा पर्ने जग्गाहरु | ८ लाख |
| | अन्य गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | २ लाख |

| | | |
|---|---|---|
| कृषि क्षेत्र | बांकी खेति योग्य जग्गाहरु | १ लाख ५० हजार |
| वगर क्षेत्र | उत्तर कपडादेवी र गोठली गाऊमा पर्ने कालाखोला तथा रानीगार खोला छेउमा पर्ने जग्गाहरु | ८० हजार |

**वडा नं. ७ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सल्यान पिच सडकले छोएका जग्गाहरु साविक वडा नं. ३ | ११ लाख |
| | भित्री ग्राभेल र अन्य सडकले छोएका जग्गाहरु साविक वडा नं. ३ | ५ लाख |
| | तुलसीपुर सल्यान पिच सडकले छोएका जग्गाहरु साविक वडा नं. ४ | ११ लाख |
| | तुलसीपुर घोराही पिच सडकले छोएका जग्गाहरु साविक वडा नं. ४ | ११ लाख |
| | शहरी क्षेत्रभित्र पर्ने ग्राभल वाटोले छोएका जग्गाहरु साविक वडा नं. ४ | ८ लाख |
| | शहरी क्षेत्र वाहिर पर्ने ग्राभल सडकले छोएका जग्गाहरु साविक वडा नं. ४ | ५ लाख |
| | तुलसीपुर लमहि सडकखण्डमा पर्ने जग्गाहरु साविक वडा नं. १५ | १० लाख |
| | पक्की वाटोले छोएका जग्गाहरु साविक वडा नं. १५ | ८ लाख |
| | पर्सेनि देखी खाद्रे बनहरी जाने चोक दायां बांया पर्ने जग्गाहरु साविक वडा नं. १५ | ४ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १५ | २ लाख |
| कृषि क्षेत्र | सडकले नछोएका जग्गाहरु साविक वडा नं. ३ | १ लाख |
| | शहरी क्षेत्रभित्रका सडकले नछोएका जग्गाहरु साविक वडा नं. ४ | १ लाख |
| | शहरी क्षेत्र वाहिरपर्ने सडकले नछोएका जग्गाहरु साविक वडा नं. ४ | १ लाख |
| | खेतीयोग्य १/क, १/ख, २/क, २/ख साविक वडा नं. १५ | ७० हजार |
| | तराई खेतीयोग्य साविक वडा नं. १५ | ७० हजार |

**वडा नं. ८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |

| | | |
|---|---|---|
| आवासिय क्षेत्र | तुलसीपुर सुर्खेत सडकले छोएका जग्गाहरु  साविक वडा नं. ८ | १० लाख |
| | अन्य ग्राभल बाटोले छोएका जग्गाहरु साविक वडा नं. ८ | ५ लाख |
| | गोरेटो तथा कच्ची बाटोले छोएका जग्गाहरु साविक वडा नं. ८ | ५ लाख |
| | तुल्सीपुर सुर्खेत सडक मा पर्ने जग्गा हरु साविक वडा नं. ११ | ५ लाख |
| | ग्राभल बाटोले छोएका जग्गाहरु साविक वडा नं. ११ | ४ लाख |
| | गोरेटो तथा कच्ची बाटोले छोएका जग्गाहरु साविक वडा नं. ११ | ४ लाख |
| कृषि क्षेत्र | बाटोले नछोएका जग्गाहरु साविक वडा नं. ८ | १ लाख |
| | बाटोले नछोएका जग्गाहरु साविक वडा नं. ११ | १ लाख |
| वगर क्षेत्र | गहतेखोलाले कटान गरेको जग्गा साविक वडा नं. ८ | ५० हजार |
| | पातुखोला,गहतेखोला भमके खोलाले कटान गरेको जग्गा हरु साविक वडा नं. ११ | ५० हजार |

**वडा नं. ९ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर सुर्खेत सडकले छोएका जग्गाहरु (५÷ख) | १० लाख |
| | दोघरे बेलुवा प्रतापकोट कालो पत्रेलाई छोएका जग्गाहरु | ९ लाख |
| | हाल प्रस्तावित न.वि.सहरी क्षेत्र (५÷ख) | ९ लाख |
| | अन्य ग्राभल बाटोले छोएका जग्गाहरु | ६ लाख |
| | राउटेचौर शिवपुर सल्लीबन ग्रावेल बाटोले छाएको बाटो | ५ लाख |
| | गोरेटो तथा कच्ची बाटोले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| कृषि क्षेत्र | बाटोले नछोएका जग्गाहरु | २ लाख |
| वगर क्षेत्र | पातुखोलाले कटान गरेको जग्गा हरु | २ लाख |

**वडा नं. १० (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | राईखलियान देखी पिरगाउं सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १३ | २ लाख |

| | | |
|---|---|---|
| | भित्री सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १३ | १ लाख ५० हजार |
| | तुलसीपुर सुकौरा सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १४ | २ लाख |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १४ | १ लाख ५० हजार |
| कृषि क्षेत्र | भित्री सडकसंग जोडिएका जग्गाहरु साविक वडा नं. १३ | १ लाख ५० हजार |
| | खेती योग्य साविक वडा नं. १३ | ७० हजार |
| | खेती योग्य साविक वडा नं. १४ | ७० हजार |
| वगर क्षेत्र | पातुखोलाले कटान गरेका जग्गाहरु साविक वडा नं. १४ | ७० हजार |
| | बगरमा परिणत भएका जग्गाहरु | ५० हजार |

**वडा नं. ११ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| आवासिय क्षेत्र | तुलसीपुर अमिलिया सडकखण्डका दाया बाया पर्ने जग्गा हरु साविक वडा नं. १९ | ३ लाख |
| | तुलसीपुर अमिलिया सडकखण्डको उरहरी चौक देखी पश्चिम उ.मा.बि. जाने सडक दाया बाया पर्ने जग्गा हरु साविक वडा नं. १९ | २ लाख |
| | दामोदर सडकको दायांबायां का जग्गा (जनबहार चौक देखी दुधिसोतासम्म) | २ लाख |
| | कटाहा हुदै तुलसीपुर जाने कच्ची सडकका जग्गा साविक वडा नं. १९ | २ लाख |
| | उरहरी ५ हसनापुर हुदै तुलसीपुर जाने सडकका दायांबायां साविक वडा नं. १९ | २ लाख |
| | अन्य कच्ची सडकका दायांबायां साविक वडा नं. १९ | २ लाख |
| | दामोदर सडकको दायांबायां का जग्गाहरु (दुधेसोता देखी पातुखोलासम्म) साविक वडा नं. २० | २ लाख |
| | सुकौरा तुलसीपुर रोडमा पर्ने सडक दायांबायांमा पर्ने जग्गा साविक वडा नं. २० | २ लाख |
| | बेल्टाकुरा देखी कटाहा हुदै तुलसीपुर जाने कच्ची सडकका जग्गा | २ लाख |

| | | |
|---|---|---|
| | साविक वडा नं. २० | |
| | मोतीपुर पिरगाउ नवलपुर हुदै तुलसीपुर जाने कच्ची सडकका दायांबायां साविक वडा नं. २० | २ लाख |
| | अन्य कच्ची सडकका दायांबायां साविक वडा नं. २० | २ लाख |
| कृषि क्षेत्र | खेतीयोग्य साविक वडा नं. १९ | १ लाख |
| | खेतीयोग्य साविक वडा नं. २० | १ लाख |
| वगर क्षेत्र | बबई नदिले कटान गरेका जग्गाहरु साविक वडा नं. १९ | ५० हजार |
| | पातुखोलाले कटान गरेका जग्गाहरु साविक वडा नं. २० | ५० हजार |

**वडा नं. १२ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा |
|---|---|---|
| व्यापारिक क्षेत्र | | |
| ३ | १० धुर देखि १ कठठासम्म | ७००।०० | ६००।०० | ५००।०० | ४००।०० | ३५०।०० |
| ४ | १ कठ्ठा देखि ५ कठठासम्म | ८००।०० | ७००।०० | ६००।०० | ५००।०० | ४००।०० |
| ५ | ५ कठ्ठा देखि माथि | १,०००।०० | ८००।०० | ७००।०० | ६००।०० | ५००।०० |

| चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं. ४, ७, १०, ११, १३, १४, १५, १६ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | ० देखी ५ धुरसम्म | ४००।०० | ३५०।०० | ३००।०० | २५०।०० | २००।०० |
| २ | ५ देखी १० धुरसम्म | ५००।०० | ४००।०० | ३५०।०० | ३००।०० | २५०।०० |
| ३ | १० देखी १ कठ्ठासम्म | ६००।०० | ५००।०० | ४००।०० | ३५०।०० | ३००।०० |
| ४ | १ कठ्ठा देखी ५ कठ्ठासम्म | ७००।०० | ६००।०० | ५००।०० | ४५०।०० | ३५०।०० |
| ५ | ५ कठ्ठा देखी माथी | ९००।०० | ७००।०० | ६००।०० | ५००।०० | ४००।०० |
| चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं. १, ३, १९ | | | | | | |
| क्र. सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | १ कठ्ठा देखी ५ | ५००।०० | ३५०।०० | ३००।०० | २५०।०० | १५०।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कठ्ठासम्म | | | | | |
| २ | ५ कठ्ठा देखी १ बिगाहसम्म | ६००।०० | ४००।०० | ३५०।०० | ३००।०० | २००।०० |
| ३ | १ विगाह देखि २ विगाहसम्म | ७००।०० | ५५०।०० | ४५०।०० | ४००।०० | २५०।०० |
| ४ | २ विगाह देखि माथि | ८००।०० | ६००।०० | ५००।०० | ४००।०० | ३००।०० |
| ५ | १ क्ठा देखी ५ कठ्ठासम्म | ५००।०० | ३५०।०० | ३००।०० | २५०।०० | १५०।०० |

**नोटः नक्सामा बाटो नभए पनि चलन चल्तीका बाटोहरुलाई समेत बाटो मानी प्रमाणित गर्ने ।**

## अनुसुची – १४
## पर्यटन शुल्क

| क.सं. | विवरण | दरहरु |
|---|---|---|
| १ | नगरपालिकाले पर्यटनको लागि तोकेको क्षेत्र | नगर कार्यपालिकाले तोके बमोजिम |
| २ | | |

## अनुसुची – १५
## लगानीबाट प्रतिफल

| लगानीबाट प्रतिफल (आ.व. २०७६/०७७) | | |
|---|---|---|
| क.सं. | विवरण | दरहरु |
| १ | शेयर लगानीबाट प्रतिफल | नगर कार्यपालिकाले तोके बमोजिम |
| २ | उद्यम विकासको व्याज | |
| ३ | दुना टपरी उद्योगलाई लगानी गरेको ऋणमा | २ प्रतिशत वार्षिक |
| ४ | हाम्रो पहुच सहकारी संस्थालाई लगानी गरेको ऋणमा | ६ प्रतिशत वार्षिक |
| ५ | अन्यको हकमा कार्यपालिकाले तोके बमोजिम | |

| अनुसुची – १६<br>बसपार्क पुर्वाधार शुल्क | | |
|---|---|---|
| क.सं. | विवरण | दरहरु |
| १ | सटर पुर्व आगाडि | १०,०००.०० |
| २ | सटर पश्चिम पछाडि | ८,०००.०० |
| ३ | पिसाब गरेको | ५.०० |
| ४ | शौच गरेका | १०.०० |

| | | |
|---|---|---|
| ५ | स्नान | २५.०० |
| ६ | टर्मिनल भवन टिकट घर | १००००.०० |
| ७ | टर्मिनल भवन २ वटा टिकट घर | १५०००.०० |
| ८ | टर्मिनल भवन चमेना गृह | ७०,०००.०० |
| ९ | पार्किङ्ग शुल्क लामो समय रात्री समेत | |
| | दैनिक | १००.०० |
| | मासिक (७ दिन देखी ३० दिनसम्म) एकमुष्ट | १,५००.०० |
| १० | पार्किङ्ग शुल्क छोटो समय प्रति दुई घन्टा | |
| | मोटर साईकल | १०.०० |
| | अन्य सवारी साधन | १५।०० |
| ११ | प्रवेश तथा निकास | |
| | दाङ्ग जिल्लाभित्र चल्ने सवारी साधन | १००.०० |
| | प्रदेशभित्र चल्ने सवारी साधन | १५०.०० |
| | मध्यम दुरीमा चल्ने सवारी साधन | २५०.०० |
| | लामो दुरीमा चल्ने सवारी साधन | ३५०.०० |
| | अन्तरदेशयि चल्ने सवारी साधन | ५००.०० |
| १२ | गाडि धुलाई क्षेत्र जग्गा भाडा प्रति एक स्थान | २०,०००.०० |

अनुसुची – १७
कर सम्बन्धी अन्य ब्यवस्थाहरु

| क्र.सं. | विवरण |
|---|---|
| १ | घर बाटो सिफारिशमा महिला लाई २५ प्रतिशत छुट र औषधी उपचार तथा अपाङग परिचय पत्रको लागी निशुल्क सिफारीस दिने । |
| २ | दलित र महिलाहरुले दर्ता, संचालन गर्ने उद्योग तथा व्यवसायमा २५ प्रतिशत छुट व्यवस्था गर्ने । |
| ३ | अपांगले दर्ता तथा संचालन गर्ने उद्योग तथा व्यवसायमा ५० प्रतिशत छुट व्यवस्था गर्ने । |
| ४ | यस उपमहानगरपालिकाको वडा नं. १ र २ सबै/वडा नं. ३,४ र १९ को पहाडि क्षेत्र/१३, १४,१५ र १६ मा उद्योग व्यवसाय दर्ता तथा संचालन शुल्कमा ५० प्रतिशत छुट दिने । |
| ५ | कृषि उत्पादन, औषधि पसल तथा दुधजन्य पदार्थको व्यवसाय गर्नेलाई २५ प्रतिशत छुट । |
| ६ | ग्रामिण वडामा ठुलाखाले व्यवसाय संचालन लाई प्रवर्धन गर्न व्यवसाय करमा ५० प्रतिशत छुट । |
| ७ | १०० जना भन्दा बढि रोजगार दिने उद्योगलाई पहिलो ३ वर्षको करमा ५० प्रतिशत मात्र |

| | |
|---|---|
| | लगाईनेछ । |
| ८ | वर्षभरमि तिनवटा बाली लगाउने लाई निर्णय अनुसार कर छुटको व्यवस्था गर्ने २५ प्रतिशत । |
| ९ | बाटो लगत कट्टि गर्नेलाई सम्पत्ति करमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने । |
| १० | न.पा.को मापदण्ड अनुसार बाटो लगत कट्टि गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने (प्लटिङ्ग बाहेक) । |
| ११ | व्यवसाय कर सोहि आ.व.को असोज मसान्तसम्म दाखिला गरेमा २० प्रतिशत छुटको व्यवस्था गर्ने । |
| १२ | बर्ष भरी खेतीयोग्य जग्गा बांझो भएमा प्रति कठ्ठा रु.५०। थप शुल्क लाग्ने । |
| १३ | बाणिज्य, घरेलु, कम्पनी तथा औषधी व्यवस्था विभागमा दर्ता भएका तर उ.म.न.पा. दर्ता नभएकालाई ३ वर्षको व्यवसारकर लिई दर्ता गर्ने । |
| १४ | घरबहाल प्रत्येक चौमासिकसम्म दाखिला गर्नु पर्ने अन्यथा बार्षिक २०% का दरले मासिक दामासाहिले जरिवाना । |
| १५ | सम्पत्ति कर पौष मसान्तसम्म दाखिला गरेमा लाग्ने करमा १०% छुट तथा एक वर्षको बक्यौतामा लाग्ने करमा २०% एक वर्ष भन्दा बढि भए ३०% जरिवाना । |
| १६ | तोकिएको समयसम्म पनि कर/राजश्व दाखिला नगरेमा उपमहानगरपालिकाले दिने नियमित सेवा तथा विघूत, पानी, दुरसञ्चार, बैकमा ऋण लिने सुविधा कटौंती गर्ने, जस्ता कारबाहीका प्रक्रिया तथा सरकारी बाँकि सरह असुल उपर गर्ने । |
| १७ | साविक नगरपालिका साझेदारी विकास कोष तथा गांउ विकास कोष अन्तरगत विगतमा बक्यौता ऋण लगानी रकम असुल गर्दा कुल व्याजमा ५० प्रतिशत छुट गर्ने व्यवस्था मिलाउने । |
| १८ | कार्यालयको निर्णय अनुसार तोकिएको विशेष मिति बमोजिम उल्लेखित अबधीभित्र व्यवसाय कर र बहाल बिटौरी कार्यमा निर्णयानुसारको लिखित कार्यआदेश सहित फिल्डमा खटिने कर्मचारीलाई उठेको रकमको ५ (पांच) प्रतिशत रकम कार्य पुष्टि हुने प्रमाणहरुको आधारमा विशेष भत्ता स्वरुप उपलव्ध गराउने । |
| १९ | फिल्डवाट जफत तथा जरिवाना असुल गरे वापतको रकम वाट २५ प्रतिशत असुल गर्ने कर्मचारी तथा संघ संस्थालाई उपलव्ध गराउने । |
| २० | अनुमति नलिई व्यवसाय गरेकालाई शतप्रतिशत जरिवाना गरी दर्ता गर्नु पर्ने । |
| २१ | तुलसीपुर उपमहानगरपालिकामा नगदि रसिदको अवधि (१५) प्रन्द दिनसम्मको हुनेछ । |
| २२ | अन्य व्यवस्था संघिय तथा प्रदेश कानून र कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ । |

# <u>तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०७६</u>

*पारित मिति २०७६/०३/२४*

**<u>प्रस्तावना:</u>** आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यको लागि तुलसीपुर उपमहानगरपालिकाको संचित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नगरसभाले यो ऐन बनाएको छ ।

(१) **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम "विनियोजन ऐन (विधेयक), २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

(२) **<u>आर्थिकवर्ष २०७६/०७७ को निमित्त तुलसीपुर उपमहानगरपालिकाको संचित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची–१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.१,७१,८८,०६०००। (अक्षरेपीएक खर्ब एकहत्तर करोड अठासी लाख छ हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम तुलसीपुर उपमहानगरपालिकाको संचित कोषबाट खर्च गर्न सकिनेछ ।

(३) **<u>विनियोजनः</u>**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त तुलसीपुर उपमहानगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरपालिकाको नगरसभाको स्वीकृति लिनु पर्नेछ । कुनै भवितब्य परेको

अवस्थामा सिमा भन्दा बढी प्रतिशतको रकमान्तर सम्बन्धीकार्यपालिकाबाट भएको निर्णय नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदानको लागि विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकाशा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

(४) <u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u>

(१) अनुदानको रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने अनुदानको रुपमा स्थानीय संञ्चित कोषमा हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) र (२) बमोजिमको रकम मध्ये तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत अनुसूची २ बमोजिमको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगरसभाबाट पारित भएका योजना तथा कार्यक्रममा प्रचलित कानून बमोजिम खर्च खाता मार्फत भुक्तानी गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम मध्ये तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गतका महाशाखा वा शाखा अन्तर्गत वा वडा सचिवबाट अनुसूची ३ बमोजिमको भुक्तानी आदेशबाट माग भई आएमा भुक्तानी आदेश माग गर्ने अख्तियार प्राप्त अधिकारीमा उक्त भुक्तानी आदेश अन्तर्गत प्रचलित कानून बमोजिम भएको खर्च सम्बन्धी कारोबारको लेखा परिक्षण लगायतका सम्पूर्ण उत्तरदायित्व रहने गरी कार्यालयबाट एकल खाता कोष प्रणाली अवलम्वन गरी भुक्तानी गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अख्तियारी प्रयोग गर्ने पदाधिकारीले अख्तियारी बमोजिम प्रचलित कानून बमोजिम भएको खर्चको प्रगति प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तुलसीपुर उपमहानगरपालिकामा चौमासिक तथा वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण तुलसीपुर उपमहानगरपालिकाले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कात्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म थप भुक्तानी आदेश रोक्न सकिनेछ ।

(६) तुलसीपुर उपमहानगरपालिकाले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधी, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (७) बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण तुलसीपुर उपमहानगरपालिकाले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २४ गतेभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) अख्तियारी अनुसार भुक्तानी आदेशबाट भएको खर्च तथा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका योजनहरुको अभिलेख वडा, महाशाखा तथा शाखाहरुमा अनुसूची ४ अनुसार राख्नु पर्नेछ ।

(५) <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>

(१) यस ऐन बमोजिम महाशाखा वा शाखा वा वडा कार्यालयबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय मार्फत कार्यान्वयन गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा संघ वा प्रदेश सरकार समक्ष योजना वा कार्यक्रमको प्रगातिको आधारमा थप रकम उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(३) खर्च गर्ने अख्तियारी आधारमा तुलसीपुर उपमहानगरपालिकाबाट आफ्नो एकल खाता कोष प्रणाली आधारमा कार्यालय कोड अनुसार खर्च गर्न सकिनेछ ।

(६) <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u>

(१) यस ऐन बमोजिम भएको सम्पूर्ण योजनाका खर्च प्रचलित कानून अनुसार लेखा राखि आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रमको आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन गर्ने तहमा पठाउनु पर्नेछ ।

(७) <u>वित्तीय अनुशासनः</u>

(१) तुलसीपुर उपमहानगरपालिकाले कानून बनाई आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः–

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली राख्ने ।

(८) **अख्तियारी तथा कार्यक्रम स्वीकृतिः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा एकल खाता कोष प्रणाली अपनाई भुक्तानी आदेश अनुसार निकाशा दिईनेछ ।

(९) **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः**

(१) यस ऐनको कार्यान्वयन गर्न तुलसीपुर उपमहानगरपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ ।

(१०) **आदेश जारी गर्न सक्नेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा तुलसीपुर उपमहानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची–१

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरकार्यपालिका | | | | | |
| २ | वडा समिति | | | | | |
| ३ | बिषयगत महाशाखा । शाखा | | | | | |
| ४ | ऋणको सांवा व्याज भुक्तानी | | | | | |
| ५ | लगानी (शेयर/ऋण) | | | | | |

अनुसूची–३

(दफा ४ (३) सँग सम्बन्धित)

भुक्तानी आदेश

# तुलसीपुर उपमहानगरपालिका

वडा नं. ... .... को कार्यालय, दाङ्ग

प्रदेश नं. ५

भुक्तानी आदेश न. ........................... मितिः ......................

## चालु/पूँजीगत खर्चको भुक्तानी आदेश

यस वडाको लागि विनियोजन भएको बजेटबाट तपशिलमा उल्लेख भएका योजना/कार्यक्रम/कार्यको लेखा परिक्षण लगायतको उत्तरदायित्व यसै भुक्तानी आदेश बमोजिम रहने भएकोले सो को विल, भर्पाई, प्रमाण वापतको रकम भुक्तानी गर्न मनासिव देखिएको हुँदा रकम रु. ..... ... .... ...... ... (अक्षेरुपी ... .... .... .... .... ... .... .... .... ... ... .... .... .... ... ... ... ... ... .... ..... ...) मात्र भुक्तानीका लागि देहायमा उल्लेख भए अनुसारको चेक तयार गरि दिनुहुन आवश्यक विवरण साथ अनुरोध छ ।

| क्र. सं. | गो. भौ. नं. | बजेट खर्च/ योजना शिर्षक नं. | योजना/आयोजना/ कार्यक्रम/ कार्यको नाम | विनियोजित कुल रकम | पूर्व भु.आ.बाट खर्च भएको जम्मा रकम रु. | यस भु.आ. बाट भुक्तानी माग गरिएको रकम रु. | बांकी हुने जम्मा रकम रु. | भुक्तानी पाउनेको नाम, ठेगाना | भुक्तानी हुने बैंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(वडा / शाखा / महाशाखा) तयार गर्नेको,
नाम, थरः
पदः

(वडा / शाखा / महाशाखा) सिफारिस गर्नेको,
नाम, थरः
पदः

(वडा / शाखा / महाशाखा) प्रमाणित गर्नेको,
नाम, थरः
पदः
दस्तखतः
मितिः

स्तखतः
मेतिः

(उपमहानगरपालिका कार्यालय)
(लेखा शाखा) दर्ता नं.
सिफारिस गर्नेः
प्रमाणित गर्नेः
मितिः

**अनुसूची–४**

**(दफा ४ (८) सँग सम्बन्धित)**

**महाशाखा । शाखा । वडा नं. ... कार्यालयको बजेट विनियोजन, निकाशा, खर्च र बांकी विवरणको अभिलेख किताब**

# तुलसीपुर उपमहानगरपालिका

**वडा नं. ... को कार्यालय, दाङ्ग**

**प्रदेश नं. ५**

..... .... ....वडा नं. कार्यालयको बजेट विनियोजन, निकाशा, खर्च र बांकी विवरणको अभिलेख किताब

योजना/आयोजना/कार्यक्रम को नामः

योजना/आयोजना/कार्यक्रम क्र.सं.

बजेट रकम/खर्च शिर्षक नं.

वार्षिक विनियोजित जम्मा रकमः

| क्र. सं. | निकाशा तथा खर्च मागको विवरण | | | | बांकी रकम रु. | तयार/ पश गर्नेको दस्तखत | प्रमाणीत गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | मिति | गो.भौ. नं. | भुक्तानी आदेश नं. | रकम रु. | | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# <u>तुलसीपुर पूर्वाधार विकास प्राधिकरण ऐन, २०७६</u>

*पारित मिति २०७६/०३/२४*

**<u>प्रस्तावनाः</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रकोसडक वा ढल वा खानेपानी वा विद्युत विस्तार/उर्जा वा बैकल्पिक उर्जा वा उद्यान/पार्क वा मेट्रो यातायात वा पर्यटन वा सिंचाई वा नाला वा ब्यवस्थित बस्ती/शहरीकरण वा सार्वजनिक यातायात वा सूचना संचार प्रविधिको क्षेत्रहरु मध्ये चालु आर्थिक वर्षमा कुनै एक वा बहु क्षेत्रमा गुरु योजना वा विस्तृत परियोजना प्रतिवेदन वा विशेष योजनाका आधारमा नगरसभाबाट पारित भई तोकिएको भौतिक पूर्वाधारका क्षेत्रको विकासलाई प्राधिकरण मार्फत प्रभावकारी समन्वय, श्रोत साधनको मितब्ययी परिचालन, नीतिगत स्पटता, प्रभावकारी संवाद आदिका माध्यमबाट विवाद वा अवरोध रहित बनाई सिमित समयभित्र प्रभावकारी तबरबाट देखिने वा महसुस गर्न सकिने स्तरमा सम्पन्न गरी उच्चतम भौतिक विकासको उद्देश्य हासिल गर्न तुलसीपुर उपमहानगरपालिका अन्तर्गत तुलसीपुर पूर्वाधार विकास प्राधिकरण गठन तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले, तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन पारित गरी लागु गरेकोछ ।

## परिच्छेद–१
## (संक्षिप्त नाम र प्रारम्भ)

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम "तुलसीपुर पूर्वाधार विकास प्राधिकरण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम संचालक समितिको निर्णय अनुसार कार्य संचालन हुने गरी स्थापना भएको तुलसीपुर पूर्वाधार विकास प्राधिकरण सम्झनु पर्दछ ।

(ख) "योजना/परियोजना/कार्यक्रम" भन्नाले यो ऐन बमोजिम संचालन हुने योजना/ परियोजना/कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ग) "सहयोगी संस्था" भन्नाले तोकिएको वा लक्षित कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित संघ, संस्थाहरुलाई सम्झनु पर्दछ ।

(घ) "टोल विकास संस्था" भन्नाले प्रचलित कानून बमोजिम पालिका अन्तर्गत दर्ता भएको शहरी विकासको लागि जनता सम्मिलित संस्था सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(च) "सामाजिक परिचालन वा सशक्तिकरण" भन्नाले कुनै निश्चित समूह वा समुदायका

मानिसहरुको जीवनस्तर सुधार गर्न उनीहरुमा स्वतस्फुर्तता, सचेतना, अर्थपूर्ण सहभागिता, क्षमता विकास, सशक्त, आत्मनिर्भर एवं जागृतीको अवस्था प्राप्तीको लागि सक्षम तुल्याउने र विकास गर्ने समग्र प्रक्रिया सम्झनु पर्छ ।

(छ) "अध्यक्ष" भन्नाले प्राधिकरण संचालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले प्राधिकरण संचालक समितिकोउपाध्यक्ष सम्झनु पर्छ ।

(झ) "नगर प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ञ) "नगर उप–प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ठ) "सदस्य÷पदाधिकारी" भन्नाले प्राधिकरणको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउँदछ ।

(ड) "निर्देशक" भन्नाले यस ऐन बमोजिम नियुक्त प्राधिकरणको निर्देशक सम्झनु पर्छ ।

(ढ) "कर्मचारी" भन्नाले यो ऐन तथा तोकिए बमोजिम प्राधिकरण तथा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(त) "सार्वजनिक संगठित क्षेत्र" भन्नाले नेपाल सरकारको आफ्नो निकाय वा नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी स्वामित्व वा लगानी भएको राष्ट्रिय (कार्यक्षेत्राधिकार देशभर), प्रदेश (कार्यक्षेत्राधिकार प्रदेश भर), स्थानीय (कार्यक्षेत्राधिकार स्थानीय तह) स्तरको निकाय वा तह वा गैर सरकारी संघ, संस्था वा बैंक तथा वित्तीय संस्थाहरु वा पब्लिक कम्पनीहरु सम्झनु पर्नेछ ।

(थ) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वार्षिक रुपमा आन्तरिक तथा स्वतन्त्र लेखा परीक्षण हुने, राज्यको करको दायरामा आएको तथा कानूनत संचालन एवं ब्यवस्थापन हुने संघ, संस्था सम्झनु पर्नेछ ।

(द) "अन्यथा अवस्था" भन्नाले पद रिक्त वा कानूनी तथा ब्यवस्थापकीय जटिलता उत्पन्न भएको अवस्था सम्झनु पर्नेछ ।

(ध) "सदस्य सचिव" भन्नाले दफा ३ बमोजिम संचालक समितिको सदस्य सचिव सम्झनु पर्नेछ ।

(न) "संचालक समिति वा समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने प्राधिकरण संचालक समिति सम्झनु पर्नेछ ।

(प) "कार्यपालिका" भन्नालेतुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिका सम्झनु पर्नेछ ।

(फ) “सुशासन समिति” भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट गठन भएको सुशासन समिति सम्झनु पर्नेछ ।

(ब) “लेखा समिति” भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट गठन भएको लेखा समिति सम्झनु पर्नेछ ।

(भ) “नगरसभा” भन्नालेतुलसीपुर उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्नेछ ।

## परिच्छेद–२

## (प्राधिकरण संचालक समितिको गठन, उद्देश्य तथा काम, कर्तव्य र अधिकार)

३. <u>प्राधिकरण संचालक समितिको गठनः</u>

(१) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र सडक वा ढल वा खानेपानी वा विद्युत विस्तार÷उर्जा वा बैकल्पिक उर्जा वा उद्यान/पार्क वा मेट्रो यातायात वा पर्यटन वा सिंचाई वा नाला वा ब्यवस्थित बस्ती/शहरीकरण वा सार्वजनिक यातायात वा सूचना संचार प्रविधिकोक्षेत्रहरु मध्ये तत्कालको नगरसभाबाट चालु आर्थिक वर्षको लागि कुनै एक वा बहु क्षेत्रमा पारित भई तोकिएको भौतिक पूर्वाधारका क्षेत्रको विकासलाई प्राधिकरण मार्फत प्रभावकारी समन्वय, श्रोत साधनको मितब्ययी परिचालन, नीतिगत सहजता, प्रभावकारी संवाद आदिका माध्यमबाट विवाद वा अवरोध रहित बनाई सिमित समयभित्र प्रभावकारी तबरबाट देखिने वा महसुस गर्न सकिने स्तरमा सम्पन्न गरी उच्चतम भौतिक विकासको उद्देश्य हासिल गर्न आवश्यक पर्ने नीति, योजना, कार्यक्रम तर्जुमा

तथा कार्यान्वयन गर्ने, गराउने भूमिका निर्वाह गर्नका लागि देहाय बमोजिम प्राधिकरण संचालक समितिको गठन हुनेछः–

(क) नगर प्रमुख ..... ...... ...... ....... ...... ..... .... .... .... ...... अध्यक्ष

(ख) नगर उपप्रमुख ...... ............ ............ ........ ............ ... उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत (प.दे.न.) ..... ...... .... ..... ...... ... सदस्य

(घ) सुशासन समिति संयोजक (प.दे.न.) .... .... .... ..... ..... ........ सदस्य

(ङ) पूर्वाधार विकास समिति संयोजक (प.दे.न.) .... .... .... ..... ..... सदस्य

(च) कार्यपालिकाले निर्णय गरी तोकेको कार्यपालिका सदस्य ३ (तीन) जना ... सदस्य

(छ) नगरसभा सदस्यहरु मध्ये दलित वा महिला वा अपाङ्ग वा आदीवासी जनजाति वा अल्प संख्यकहरुको समावेशी प्रतिनिधित्व हुने आधारमा नगर कार्यपालिकाले तोकेको ३ (तीन) जना ... .... ... ... ... .... .... .... .... .... ..... .... .... .... .... ... सदस्य

(ज) दफा ३ (२) बमोजिम योग्यता पुगेको सूची मध्येबाट कार्यपालिकाले निर्णय गरी तोकेको विषय विज्ञ २ जना ......... ..... .... ... ... .... .... .... .... .... .... .... सदस्य

(झ) पूर्व जनप्रतिनिधिहरु मध्येबाट नगर प्रमुखले तोकेको १ (एक) जना ... .... सदस्य

(ञ) निर्देशक (प.दे.न.) .... ...... ..... ....... ..... ... ... सदस्य सचिव

(२) ब्यवस्थापन वा सार्वजनिक प्रशासन वा अर्थशास्त्र वा ग्रामिण अर्थशास्त्र वा ईन्जिनियरिङ्ग वा सो

सरहकोविषयमा स्नातकोत्तर गरी ब्यवस्थापन विषयमा तोकिएको संगठित क्षेत्रमा न्युनतम ५ वर्ष अनुभव हासिल गरेका ब्यक्तिहरुको ब्यक्तिगत विवरण मूल्यांकन आधारमा तयार भएको सूचीमा रहेका ब्यक्तिहरुलाई दफा ३ (१.ज) प्रयोजनको लागि योग्यता पुगेको मान्नु पर्नेछ ।

(३) दफा ३ उपदफा (१.ज) बमोजिम मनोनयन हुने सदस्यको पदावधि ४ (चार) वर्षको हुनेछ र निज पुनः मनोनयन हुन सक्नेछ ।

(४) दफा ३ उपदफा १ (ज) बमोजिम विषय विज्ञ सदस्य मनोनयन गर्नको लागि कार्यपालिकाले उचित मापदण्ड अवलम्बन गर्न सक्नेछ ।

(५) प्राधिकरणले आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा विषय विज्ञलाई प्राधिकरणको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(६) दफा ३ (१) अनुसारको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछः

(क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा कुनै कारणले निज नगर प्रमुख पदबाट हटेमा वा नगर प्रमुख पदको राजिनामा स्वीकृत भएमा ।

(ख) निजको मृत्यु भएमा ।

(ग) पदाधिकार तोकेको पक्षबाट फिर्ता बोलाउने निर्णय भएमा ।

(घ) विना सूचना लगातार ३ (तीन) वटा वैठकमा अनुपस्थित भएमा ।

(ङ) १ (एक) बर्ष भन्दा बढी अबधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।

तर उपरोक्त अनुसार निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाड्ने मनासिव माफिक सफाई पेश गर्ने समय सीमा प्रदान गर्नु पर्नेछ ।

(७) दफा ३ (१) अनुसार रिक्त पदपूर्ती ऐनमा भएको ब्यवस्था अनुसार बॉकी अवधीको लागि हुनेछ

(८) अन्य ब्यवस्था भएकोमा बाहेक ऐनको प्रस्तावना अनुसार उद्देश्य हासिल गर्न प्राधिकरणको नेतृत्वको भूमिका निर्वाह गर्ने गरी यो ऐन तथा प्रचलित कानून बमोजिम प्राधिकरण संचालक समितिबाट निर्धारित भए अनुसार प्राधिकरण अध्यक्षको काम, कर्तब्य र अधिकार हुनेछ ।

(९) दफा ३ (१.ज) बमोजिम प्राधिकरण संचालक समिति सदस्यको रुपमा रहने विषय विज्ञ २ जना पदाधिकारीहरुले समिति बैठकको निर्णय तथा कार्यान्वयन प्रक्रियामा सक्रिय र अर्थपूर्ण रुपमा सहभागि भई संचालक समितिबाट तोकिए बमोजिम विषय विज्ञताको आधारमा निश्पक्ष भई आफ्नो भूमिका निर्वाह गर्नु निजहरुको कर्तब्य र दायित्व हुनेछ । विषय विज्ञहरुलाई समितिको सिफारिसमा कार्यपालिकाबाट भएकोनिर्णय अनुसार सेवा, सुविधा प्रदान गर्न सकिनेछ ।

(१०) दफा ३ (१.झ) बमोजिमको प्राधिकरण संचालक समिति सदस्यले समिति बैठकको निर्णय

तथा कार्यान्वयन प्रक्रियामा सक्रिय र अर्थपूर्ण रुपमा सहभागि भई संचालक समितिबाट तोकिए बमोजिम निश्पक्ष रुपमा आफ्नो भूमिका निर्वाह गर्नु निजको कर्तब्य र दायित्व हुनेछ ।

(११) मत विभाजन हुने अवस्थामा प्राधिकरण संचालक समिति पदाधिकारीहरु मध्ये प्रमुख प्रशासकिय अधिकृत र निर्देशक (सदस्य सचिव) लाई मताधिकार हुने छैन ।

(१२) संचालक समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार प्राधिकरणको प्रस्तावना, उद्देश्य तथा कार्यहरुबाट उपलब्धी प्राप्त गर्न सकिने आधारमा तोकिए बमोजिम हुनेछ ।

४. **प्राधिकरण तुलसीपुर उमहानगरपालिका अन्तर्गत रहने:** प्राधिकरण तुलसीपुर उपमहानगरपालिका अन्तर्गत रहि देहाय अनुसार संचालित हुनेछ ।

(१) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र सडक वा ढल वा खानेपानी वा विद्युत विस्तार÷उर्जावा बैकल्पिक उर्जा वा उद्यान/पार्क वा मेट्रो यातायात वा पर्यटन वा सिंचाई वा नाला वा ब्यवस्थित बस्ती/शहरीकरण वा सार्वजनिक यातायात वा सूचना संचार प्रविधिकोक्षेत्रहरु मध्ये तत्कालको नगरसभाबाट चालु आर्थिक वर्षको लागि कुनै एक वा बहु क्षेत्रमा पारित भई तोकिएको भौतिक पूर्वाधारका क्षेत्रको विकासलाई प्राधिकरण मार्फत प्रभावकारी समन्वय, श्रोत साधनको मितब्ययी परिचालन, नीतिगत सहजता, प्रभावकारी संवाद आदिका माध्यमबाट विवाद वा अवरोध रहित बनाई सिमित समयभित्र प्रभावकारी तबरबाट देखिने वा महसुस गर्न सकिनेस्तरमा सम्पन्न गरी उच्चतम भौतिक विकासको उद्देश्य हासिल गर्नको लागि आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न, गराउन यो ऐन तथा प्रचलित कानून बमोजिम दफा ३ (१) अनुसारको संचालक समितिको निर्णयबाट प्राधिकरणका योजनाहरु संचालित हुनेछन्।

(२) प्राधिकरणले आफ्नो कामकारबाहीको लागि तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर पूर्वाधार विकास प्राधिकरणको सचिवालय, तुलसीपुर, दाङ्ग नाम रहेको छांप प्रयोग गर्नेछ ।

(३) प्राधिकरण सचिवालयले आफ्नो सबै काम, कारवाहीहरुलाई कानून बमोजिम ब्यवस्थित रुपमा अभिलेख राख्नु पर्नेछ ।

(४) प्राधिकरणले तुलसीपुर उपमहानगरपालिका मार्फत आफ्नो नामबाट नालिस उजूर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) नगरसभाबाट पारित नीति, कानून बमोजिम कार्यपालिकाको नीति, निर्णय अन्तर्गत रहि प्राधिकरणले आफ्नो चालु तथा कार्यक्रम संचालनको लागि आवश्यक पर्ने बजेट (श्रोत) को ब्यवस्था, संचालन तथा परिचालन सम्बन्धी निर्णय गर्न सक्नेछ ।

५. **प्राधिकरणको सचिवालय कार्यालय:** अन्य कुनै ब्यवस्था भएकोमा बाहेक प्राधिकरणको सचिवालय कार्यालय तुलसीपुर उप–महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहनेछ

६. **प्राधिकरणको उद्देश्य:** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको सडक वा ढल वा खानेपानी वा

विद्युत विस्तार÷उर्जा वा बैकल्पिक उर्जा वा उद्यान/पार्क वा मेट्रो यातायात वा पर्यटन वा सिंचाई वा नाला वा ब्यवस्थित बस्ती÷शहरीकरण वा सार्वजनिक यातायात वा सूचना संचार प्रविधिकोक्षेत्रहरु मध्ये चालु आर्थिक वर्षमा कुनै एक वा बहु क्षेत्रमा गुरु योजना वा विस्तृत परियोजना प्रतिवेदन वा विशेष योजनाका आधारमा नगरसभाबाट पारित भई तोकिएको भौतिक पूर्वाधारका क्षेत्रको विकासलाई प्राधिकरण मार्फत प्रभावकारी समन्वय, श्रोत साधनको मितब्ययी परिचालन, नीतिगत सहजता, प्रभावकारी संवाद आदिका माध्यमबाट विवाद वा अवरोध रहित बनाई सिमित समयभित्र प्रभावकारी तबरबाट देखिने वा महसुस गर्न सकिने स्तरमा सम्पन्न गरी उच्चतम भौतिक विकास हासिल गर्नु तुलसीपुर पूर्वाधार विकास प्राधिकरणको मुख्य उद्देश्य हुनेछ ।

७. **प्राधिकरणको कार्यहरुः** दफा ६ बमोजिमको उद्देश्य प्राप्त गर्नको लागि प्राधिकरणको देहाय बमोजिमका कार्यहरु हुनेछ ।

(१) शहरी पूर्वाधार निर्माणको लागि आवश्यक पर्ने आर्थिक श्रोतहरुको पहिचान तथा परिचालन सम्बन्धी नीति तर्जुमा गरी का.पा.वा नगरसभाबाट स्वीकृत भए अनुसार कार्यान्वयनमा ल्याउने ।

(२) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र शहरी पूर्वाधार निर्माण सम्बन्धी नयां गुरु योजना निर्माणमा सहयोग, समन्वय गर्ने गराउने ।

(३) तुलसीपुर उपमहानगरपालिका वा अन्य निकायबाट शहरी पूर्वाधार विकासका लागि प्राधिकरण मार्फत कार्यान्वयन गर्ने गरी प्राप्त भएको वा विनियोजित बजेटभित्र रहि प्राधिकरण संचालक समितिको निर्णय अनुसार कार्यस्थलहरु छनौट गरी योजना कार्यान्वयन गर्ने ।

(४) शहरी पूर्वाधार विकास सम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम, आयोजना निर्माण तथा कार्यान्वयन सम्बन्धी नीतिगत मागर्दशन तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(५) शहरी पूर्वाधार व्यवस्थापनको क्षेत्रमा कार्यरत स्थानीय सहयोगी संघ, संस्थाहरु बीच समन्वय कायम गर्ने, विवाद वा अवरोधहरु हटाउने, सरोकारवाला पक्षहरु संग प्रभावकारी संवाद गर्ने, नीतिगत स्पस्टताको लागि आवश्यक कार्यहरु गर्ने ।

(६) सामाजिक परिचालन मार्फत स्थानीय ज्ञान, श्रम, शीप, श्रोत, साधनको विकास एवं उपयोग गरी आत्मनिर्भर एवं दिगो शहरी पूर्वाधार विकास सम्बन्धी नीतिहरु तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(७) प्राधिकरण मार्फत संचालन, कार्यान्वयन गर्न नगरसभाबाट तोकिएको योजनाहरुको नियमानुसार अनुगमन, मूल्यांकन गर्ने, गराउने ।

(८) नगरसभाबाट प्राधिकरण मार्फत संचालन गर्ने भनी तोकिएका योजनाहरु सिमित समयभित्र प्रभावकारी तबरबाट देखिने वा महसुस गर्न सकिने स्तरमा सम्पन्न गरी उच्चतम भौतिक विकासहासिल गर्न आवश्यक कार्यहरु गर्ने ।

(९) प्राधिकरणको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको कैफियतहरु अध्ययन गरी

बेरुजुहरु भएको भए त्यसको अभिलेख राख्न लगाई नियमित वा असुल उपर गराउने र सुधारका लागि आवश्यक कार्य गर्ने गराउने ।

८. **प्राधिकरण मार्फत सञ्चालन हुने योजनाहरु र संचालन प्रणालीः**

(१) स्थानीय माग तथा आवश्यकता एवं विश्व ब्यापी अभ्यासको अध्ययनबाट तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको सडक वा ढल वा खानेपानी वा विद्युत विस्तार÷उर्जा वा बैकल्पिक उर्जा वा उद्यान पार्क वा मेट्रो यातायात वा पर्यटन वा सिंचाई वा नाला वा ब्यवस्थित बस्ती/शहरीकरण वा सार्वजनिक यातायात वा सूचना संचार प्रविधिको क्षेत्रहरु मध्ये चालु आर्थिक वर्षमा कुनै एक वा बहु क्षेत्रमा गुरु योजना वा विस्तृत परियोजना प्रतिवेदन वा विशेष योजनाका आधारमा नगरसभाबाट पारित भई तोकिएको भौतिक पूर्वाधारका क्षेत्रको विकास सम्बन्धी योजनाहरु प्राधिकरण मार्फत सिमित समयभित्र प्रभावकारी तबरबाट देखिने वा महसुस गर्न सकिने स्तरमा संचालन गर्नु पर्नेछ ।

(२) सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानूनभित्र रहि प्राधिकरण मार्फत संचालन हुने योजनाहरुको लागि आवश्यक कच्चा वा तयारी पदार्थ वा माल बस्तु वा साधन वा सेवा सार्वजनिक सूचनाको आधारमा घटाघट प्रक्रियाबाट खरिद गरी उपयोग गर्ने, तुलसीपुर उपमहानगरपालिकाको यान्त्रीक साधनहरुलाई योजनामा प्रयोग वा उपयोग गरी त्यसकोअभिलेख अद्यावधिक रुपमा राख्ने, प्राधिकरणको प्रत्यक्ष निर्देशन, नियन्त्रणमा श्रमीक वा ज्यामीहरुलाई परिचालन गरी दैनिक हाजीरी आधारमा काममा लगाई आपसी सम्झौता बमोजिम नियमानुसार पारिश्रमीक वा ज्याला उपलब्ध गराउने संचालन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(३) दफा ८ (२) अनुसार काम गराउदाको लागत लाभ विश्लेषण गर्दा खुल्ला बोलपत्र आबहन गरी काम गराउदा उच्चतम गुणस्तर र मितब्ययीता कायम हुने भएमा सार्वजनिक सूचनाका आधारमा घटाघट माध्यमबाट प्राधिकरण मार्फत संचालन हुने योजनाहरु कार्यान्वयन गुर्न पर्नेछ ।

(४) दैनीक रुपमा पारिश्रमीक वा ज्याला भूक्तानी गर्ने गरी काममा लगाईने मेसिन/यन्त्र अपरेटर वा चालक वा सहचालक वा श्रमीक वा ज्यामी वा सहयोगी वा सुपरभाईजरहरुलाई दैनिक वा घण्टा वा मासिक हिसावमा घटाघट प्रक्रियाबाट लिखित रुपमा प्रस्ताव/कबोल गराई सोही आधारमा उनीहरुको ब्यक्तिगत विवरण सहित तयार भएको सूचीमा आधारित भई आपसी सम्झौता गरी सूचीभित्र रहेकाहरु मध्येबाट काम काजमा लगाउन सकिनेछ ।

(५) प्राधिकरण मार्फत संचालन गरिने भौतिक विकासका योजनाहरु विभिन्न अनाबृष्टि, अतिबृष्टि, विरोध, द्वन्द्व जस्ता प्रतिकूल अवस्था वा स्वीकृत दररेट भन्दा बढी पर्ने वा गुणस्तर कायम गर्न असम्भव हुने वा अस्वाभाविक अवस्था उत्पन्न हुन सक्ने अवस्था बाहेक प्राधिकरणको उद्देश्य हासिल गर्नको लागि प्राधिकरण संचालक समिति पदाधिकारी तथा कर्मचारीहरुले

आफ्नो प्रत्यक्ष सुपरिवेक्षण, अनुगमन, सहभागिता, संलग्नता, नियन्त्रण तथा निर्देशनमा योजनाका कार्यहरु संचालन गर्नु पर्नेछ ।

(६) प्राधिकरण मार्पफत संचालन गरिने भौतिक विकासका योजनाहरुको लागत अनुमान तथा आवश्यक अन्य पक्ष प्रचलित कानून बमोजिम स्वीकृत गराई सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ तर स्वीकृत दर रेट भन्दा मंहङ्गो वा अधिक नहुने गरी वास्तविक खर्च वा कार्य सम्पन्न भएको आधारमा मूल्याकंन गरी नियमानुसार भुक्तानी गर्न सकिनेछ ।

(७) प्राधिकरण मार्फत संचालित योजनाहरुलाई प्राधिकरण संचालक समितिको निर्णय अनुसार सामाजिक तथा सार्वजनिक परिक्षण गर्न सकिनेछ ।

९. **<u>प्राधिकरणको कर्तव्य र अधिकारः</u>** नगरसभाबाट पारित भई तोकिएको क्षेत्रको भौतिक विकास सम्बन्धी योजना कार्यान्वयनको सन्दर्भमा प्राधिकरणको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) प्राधिकरणको उद्देश्य हासिल गर्न आवश्यक पर्ने सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(२) नगरसभाबाट प्राधिकरण मार्फत संचालन हुने गरी पारित भएका योजनाहरुमा बजेट श्रोत सुनिस्चिताका लागि पैरवी गर्ने ।

(३) प्राधिकरण मार्फत संचालन हुने योजनाहरुको कार्यान्वयन सम्बन्धमा उत्पन्न विवाद, अवरोध हटाउन आवश्यक समन्वय, सहकार्य तथा संवादका कार्य गर्ने ।

(४) प्राधिकरण मार्फत संचालन हुने वा भएका योजनाहरुको गुणस्तर सम्बन्धी आधार तथा प्रगति सूचक निर्धारण गर्ने ।

(५) प्राधिकरणबाट संचालन, कार्यान्वयन भएका योजनाहरुको नियमित अनुगमन, मूल्याँकन तथा प्रतिवेदन गर्ने व्यवस्था गर्ने ।

(६) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र भौतिक विकासका हिसावले नमूना योग्य काम गर्न सकिने नगरसभाबाट प्राधिकरण मार्फत संचालन गर्ने गरी तोकिएका योजनाहरुमा बजेट अभाव हुने स्थितिमा निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण प्रणाली (BOOT: Build, Ownership Operate and Transfer Model) मा काम गर्न निजी क्षेत्रसंग सहकार्य, समन्वय गरी कार्यपालिकामा प्रस्ताव पेश गर्ने ।

(७) प्राधिकरण मार्फत कार्यान्वयन गरिएका योजनाहरुमा सामुदायिक अपनत्व तथा स्वामित्व सम्बन्धी सशक्तिकरणका लागि आवश्यक कार्यक्रम संचालन गर्ने ।

(८) प्राधिकरण मार्फत संचालन भएका योजनाको चौमासिक तथा बार्षिक रुपमा समिक्षा गरी सोही समय सिमा अनुसारको प्रगति प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

(९) प्राधिकरण अन्तर्गत संगठनात्मक स्वरुप तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(१०) प्राधिकरणको उद्देश्य प्राप्त गर्न यो ऐनले प्रदान गरेका अधिकारहरु प्रयोग गर्ने ।

११) प्राधिकरणको उद्देश्य प्राप्त गर्न प्रचलित कानून बमोजिम आवश्यक कार्य गर्ने ।

१०. **<u>संचालक समितिको बैठकः</u>**

(१) प्राधिकरण संचालक समितिको बैठक बार्षिक न्युनतम ५ (पाँच) वटामा नघट्ने गरी बस्नेछ ।

दुई बैठकको वीचमा ७० (सत्तरी) दिन भन्दा बढी फरक हुने छैन । तर, आवश्यकता अनुसार जति पनि संख्यामा समितिको बैठक बस्न सक्नेछ र अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सदस्य सचिवले समितिकोवैठक बोलाउनेछ ।

(२) अध्यक्षको उपस्थिति अनिवार्य हुनेछ र अध्यक्ष सहित न्युनतम ७ (सात) जना उपस्थित भएमा समितिको बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिका ३ (तीन) जना सदस्यहरुले समितिको बैठक डाक्नको लागि अध्यक्षलाई लिखित सूचना गरेमा अधिकतम १५ (पन्ध्र) दिनभित्र समितिको बैठक बस्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) समिति बैठकको निर्णय सर्वसम्मत हुनुपर्नेछ । सर्वसम्मत हुन नसकेमा समितिको सदस्य संख्याको बहुमतले गरेको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(५) बैठकको निर्णयको प्रस्ताव अध्यक्षको आदेशमा तयार गरी सदस्य सचिवले सबै सदस्यहरुलाई वैठक बस्नु भन्दा २४ घण्टा अघि उपलब्ध गराउनुपर्नेछ । त्यस्तो प्रस्ताव पेश गर्दा प्रस्तावको पृष्ठभूमि, निर्णयको लागि पेश गरिएको विषय सम्बन्धी कानून, निर्देशिका वा पूर्व निर्णयका आधार सहीत पेश गर्नु पर्ने कारण, व्यवस्थापनको विवेकपूर्ण सिफारिश र निर्णय हुनुपर्ने व्यहोराको प्रस्ताव गरी चार खण्डको विवरण पठाउनुपर्नेछ ।

(६) प्राधिकरण समितिमा छलफल पछि कायम भएको निर्णय व्यहोरा तयार गरी सदस्य सचिवले सबै सदस्यहरु तथा अध्यक्षलाई ४८ घण्टा अगाडी कुनैसंशोधन भए पेश गर्ने अनुरोध सहित पठाउनु पर्नेछ ।

(७) निर्धारीत समयसीमाभित्र संशोधन प्राप्त नभएमा प्राधिकरण बैठकका निर्णय प्रमाणित गरी सदस्य सचिवले समितिका अध्यक्ष सहित सबै सदस्यहरुलाई पठाउनु पर्नेछ । समिति तथा प्राधिकरणसंग सम्बन्धित अन्य अभिलेख पनि सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ ।

११. **समितिको बैठकमा भाग लिन नपाउनेः** कुनै पदाधिकारी समितिको बैठकमा छलफल हुने कुनै विषयसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित रहेको भए त्यस्तो पदाधिकारीले सो विषयमा हुने समितिको बैठकमा भाग लिन पाउने छैन ।

१२. **उपसमिति गठन गर्न सक्नेः**

(१) समितिले यस ऐन बमोजिम आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति, कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति, कार्यदलको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## प्राधिकरण मार्फत संचालन गरिने योजनाहरुको स्रोत परिचालन तथा व्यवस्थापन

१३. **<u>प्राधिकरणको आर्थिक स्रोत प्राप्त हुने आधारः</u>** नगरसभाबाट पारित भई प्राधिकरण मार्फत संचालन गर्ने भनी तोकिएका योजनाहरुका लागि बजेट स्रोत अपुग भएमा प्राधिकरणले आफ्नो उद्देश्य हासिल गर्न प्रचलित कानून बमोजिम विभिन्न निकाय वा पक्षमा प्रस्ताव पेश गरी प्राप्त भएको रकम तुलसीपुर उपमहानगर पालिकाको संचित कोषमा अनुदान वा ऋण स्वरुप आर्थिक स्रोतको रुपमा जम्मा हुने र नगरसभाबाट प्राधिकरणबाट संचालन हुने भनी पारित भएका योजनाका लागि नगरसभाबाट पारित बजेट प्राधिकरणले प्राप्त गर्नेछ ।

१४. **<u>प्राधिकरण मार्फत संचालन गरिने योजनाहरुको श्रोतः</u>**

(१) प्राधिकरणको उद्देश्य हासिल गर्नको लागि निम्नानुसारको आर्थिक श्रोत हुनेछ ।

(क) तुलसीपुर उप–महानगरपालिका नगरसभाबाट बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्राधिकरण मार्फत संचालन गर्ने गरी पारित भएका योजनाहरुको लागि नगरसभाबाट विनियोजन गरिएको रकम ।

(ख) प्राधिकरणको प्रस्ताव अनुसार विभिन्न कोष वा तह वा सरकार वा निकाय वा पक्ष वा संघ, संस्था तथा क्षेत्र, विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्था वा ब्यक्तिबाट प्राप्त भएको रकम तुलसीपुर उपमहानगरपालिकाको संचित कोषमा जम्मा भई नगरसभाबाट प्राधिकरण मार्फत संचालन हुने गरी पारित भएका योजनाहरुका लागि दान, दातब्य, पुँजीगत तथा प्रशासनिक अनुदान, सहुलियतयुक्त ऋणको रुपमा प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिम प्राप्त सम्पुर्ण रकम तुलसीपुर उप–महानगरपालिकाको संचित कोषमा जम्मा भई बार्षिक बजेट तथा कार्यक्रममा एकमुष्ठ रुपमा समावेश भएर नगरसभाबाट पारित हुनेछ र योजनागत रुपमा नगरसभाबाट विनियोजन भएको रकम प्राधिकरण मार्फत संचालन हुने योजनामा उपयोग हुनेछ ।

(३) उपदफा (२) अनुसार नगरसभाबाट पारित योजनाको लागि विनियोजन भएको योजनागत रकम प्राधिकरण संचालक समितिबाट यो ऐन तथा प्रचलित कानून बमोजिम निर्णय गरी खर्च गर्नु पर्नेछ ।

(४) प्राधिकरणको निर्णयबाट योजनागत रुपमा खर्च हुने पूंजीगत तथा चालु खर्चको लेखा तुलसीपुर उपमहानगरपालिकाको लेखा वा आर्थिक प्रशासन शाखाले प्रचलित कानून बमोजिम अद्यावधिक रुपमा राखु पर्नेछ ।

१५. **<u>प्राधिकरण अन्तर्गत स्रोत परिचालन तथा ब्यवस्थापनः</u>** दफा १४ अनुसार प्राधिकरण मार्फत संचालन गरिने योजनाहरुको लागि विनियोजन भएको बजेट रकम प्रचलित कानून अनुसार तुलसीपुर उपमहानगरपालिका अन्तर्गतको नियमित अख्तियारी बमोजिम कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा तथा आन्तरिक खरिद ईकाई एवं नियमानुसार सम्बन्धित शाखाहरु मार्फत परिचालन तथा ब्यवस्थापन हुनेछ ।

१६. **सामुदायिक वा सहयोगी संस्थालाई परिचालन गर्न सकिने** नगरसभाबाट प्राधिकरण मार्फत संचालन गर्ने भनी पारित भएका योजनाहरु सञ्चालन गर्नको लागि स्थानीय स्तरमा कार्यरत सामुदायिक वा सहयोगी संस्था वा समुह वा टोल विकास संस्था वा गैर सरकारी संघ, संस्था वा कम्पनीहरुलाई सो निकायहरुको कार्यक्षेत्र, योग्यता, अनुभव र कार्यदक्षता तथा योजना, कार्यक्रम संचालन गर्न सक्ने क्षमता समेतका आधारमा पूर्वनिर्धारित छनौट सूचकहरु अनुसार मूल्याकंन गरी तोकिए बमोजिम सम्झौता शर्तहरुको अधिनमा रहि प्राधिकरणबाट परिचालन गर्न सकिनेछ ।

१७. **सामुदायिक संस्थालाई परिचालन गर्नेः निर्धारित** मापदण्ड पुरा गरी प्राधिकरण अन्तर्गत सूचीकृत भएका समुदायमा आधारित सामुदायिक संस्थाहरुलाई यस ऐन बमोजिमको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम, क्रियाकलाप संचालन गर्न प्रचलित कानून अनुसार तोकिए बमोजिम परिचालन गर्न सकिनेछ ।

## परिच्छेद ४
## प्राधिकरणको लेखा र लेखा परीक्षण

१८. **प्राधिकरणको लेखाः**

(१) प्राधिकरण मार्फत संचालन गरिने योजनाहरुमा हुने आर्थिक कारोबारको लेखा/अभिलेख राख्ने, लेखा परिक्षण गराउने र लेखा प्रतिवेदन तयार गर्ने उत्तरदायित्व तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको आर्थिक प्रशासन/लेखा शाखाको हुनेछ ।

(२) उपदफा (१) अनुसारको कार्य सम्पादनमा प्राधिकरण सचिवालय निर्देशकले उत्तरदायि, जवाफदेही भई सहयोग गर्नु पर्नेछ ।

(३) प्राधिकरण अन्तर्गत संचालन हुने योजनाहरुमा परिचालन हुने श्रोतको आर्थिक कारोबार नेपाल सरकारबाट निर्धारित प्रचलित लेखा प्रणाली अनुसार प्रोदभावि तथा नगदमा आधारित हुनेछ

१९. **लेखा परीक्षणः**

(१) प्राधिकरण संचालक समितिको निर्णयबाट प्राधिकरण अन्तर्गत संचालन हुने आर्थिक कारोबार सम्बन्धमा आन्तरिक र अन्तिम लेखा परीक्षण गर्नु पर्नेछ ।

(२) तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाले प्राधिकरण अन्तर्गतका योजनाहरुमा परिचालन हुने स्रोतको आन्तरिक लेखा परीक्षण गर्नेछ । आन्तरिक लेखा परीक्षण गर्दा सम्पूर्ण आर्थिक कारोवार तथा लेखा व्यवस्थाको मासिक रुपमा लेखा परीक्षण गरी चौमासिक रुपमा प्राधिकरणको संचालक समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ । संचालक समितिबाट यस्तो प्रतिवेदनमा औल्याईएको कैफियतहरु अर्को आन्तरिक लेखा परीक्षण सम्पन्न हुनु अगावै वा आवश्यकतानुसार तुरुन्त फछ्र्यौट गर्ने ब्यवस्था गर्नुपर्नेछ ।

(३) आन्तरिक लेखा परीक्षण शाखाले वार्षिक रुपमा समेत प्राधिकरणको आर्थिक कारोवार तथा लेखा व्यवस्थाको आन्तरिक लेखा परीक्षण गरी वार्षिक प्रतिवेदन संचालक समितिमा पेश गर्नु पर्नेछ र समितिमा छलफल गरी आवश्यक काम, कारवाही गर्नु पर्नेछ ।

(४) तुलसीपुर उपमहानगरपालिका र तुलसीपुर उपमहानगरपालिकाको लेखा समितिले जुनसुकै बखत प्राधिकरण अन्तर्गत संचालन हुने योजनाहरु कार्यान्वयन विषयमा आन्तरिक तथा अन्तिम लेखा परिक्षण प्रतिवेदनले औल्याएका कैफियतमा आधारित भई सुधारका लागि आवधिक वा वार्षिक हिसाव किताव जाँच्न वा जाँच्ने ब्यवस्था तथा पृष्ठपोषण प्रदान गर्न सक्नेछ ।

(५) संचालक समितिलाई उपयुक्त लागेमा प्राधिकरण मार्फत संचालन हुनेयोजनाहरुमा परिचालन हुने श्रोतको आन्तरिक लेखा परीक्षण गर्न दर्तावाला लेखापरीक्षकलाई नियुक्त गरी स्वतन्त्र रुपमा आवधिक वा जुनसुकै बखत हिसाब किताव परीक्षण गर्न लगाउन सक्नेछ ।

(६) आन्तरिक लेखा परीक्षणको आवधिक तथा वार्षिक रुपमा तयार गरिएको प्रतिवेदन महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गर्दा उपलब्ध गराउनु पर्नेछ ।

(७) महालेखा परीक्षकको कार्यालयबाट प्राधिकरण अन्तर्गतका योजनाहरुमा परिचालन हुने श्रोतको अन्तिम लेखापरीक्षण गरिनेछ । अन्तिम लेखा परीक्षणबाट औल्याईएका कैफियत तथा वेरुजुहरुको वार्षिक प्रतिवेदन संचालक समिति र संचालक समितिले कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा संचालक समितिबाट गरिएको कारवाही र फछ्र्यौटको विवरण कार्यपालिका मार्फत नगरसभामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–५

## कर्मचारीको ब्यवस्था तथा सेवा सुविधा सम्बन्धी ब्यवस्था

२०. **<u>प्राधिकरणको कर्मचारी सम्बन्धी ब्यवस्था:</u>** प्राधिकरणको उद्देश्य अनुसार सिमित समयमा देखिने वा महसुस गर्न सकिने स्तरमा भौतिक विकास सम्बन्धी नतिजा प्राप्त गर्नु पर्ने कारण अध्यक्ष तथा समिति प्रति बढी उत्तरदायि, जवाफदेही हुने गरी जनशक्ती परिचालन गर्नु पर्ने अवस्थामा यो ऐन लागु हुंदाको स्थायी दरबन्दीमा असर नपर्ने आधारमा कानूनत विशेष ब्यवस्था भएमा सोही बमोजिम हुने गरी प्राधिकरण अन्तर्गत दफा २१ अनुसार स्थायी तथा अस्थायी दरबन्दी कायम हुनेछ र सो को लागि आवश्यक पर्ने कर्मचारीको ब्यवस्थापन प्रचलित कानून बमोजिम प्राधिकरण अध्यक्ष वा प्राधिकरण संचालक समिति स्तरिय निर्णय अनुसार तुलसीपुर उपमहानगरपालिकाको कार्यालयले गर्नु पर्नेछ ।

२१. **<u>प्राधिकरण अन्तर्गत कार्य गर्ने कर्मचारीहरुको किसिम र कर्मचारी ब्यवस्थापन:</u>**

(क) प्राधिकरणको उद्देश्य अनुसार सिमित समयमा देखिने वा महसुस गर्न सकिने स्तरमा भौतिक विकास सम्बन्धी नतिजा प्राप्त गर्नु पर्ने कारण अध्यक्ष तथा समिति प्रति बढी उत्तरदायि जवाफदेही हुने गरी दफा २० बमोजिम प्राधिकरणको कर्मचारी दरबन्दी तोकिएको नतिजामुखी कार्य विवरणको आधारमा देहाय अनुसार कायम हुनेछ ।

(१) निर्देशक: दफा २२ बमोजिम योग्यता पुगेको आवेदकको माग दावि सहितको निवेदन प्राप्त भएको अवस्थामा तुलसीपुर उपमहानगरपालिका सुशासन समितिको सिफारिसमा नगर कार्यपालिकाबाट पारित गराई तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक श्रोतबाट सेवा, सुविधा भुक्तानी हुनेआधारमा काम काज गर्ने वा सेवा उपलब्ध गराउने गरी नगर प्रमुखबाट

नियुक्त गरिनेछ। प्राधिकरण अन्तर्गत एक जना निर्देशक पदको परियोजनागत स्थायी दरबन्दी रहनेछ ।

(२) दफा २१ (१) बमोजिम नियुक्त भई काम गर्ने निर्देशकलाई प्राधिकरण अध्यक्षबाट नियुक्ती पत्र दिनु पर्नेछ र निजको सेवा, शर्त, सेवाको सुरक्षा, सुविधा तथा पदको कार्यविवरण सम्बन्धी ब्यवस्था अध्यक्ष संग प्रचलित कानून बमोजिम गरिएको सम्झौतामा तोकिए अनुसार हुनेछ ।

(३) प्राविधिक पदहरु : दफा २१ (१) बाहेक प्राधिकरणमा आवश्यक हुनेप्राविधिक पदहरुको लागि संगठन तथा ब्यवस्थापन विश्लेषण आधारमा संचालक समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत भए अनुसार अस्थायी पदहरुको दरबन्दी कायम हुनेछ । अस्थायी पदका दरबन्दीहरुमा प्राधिकरण संचालक समितिको निर्णयबाट प्रचलित कानून बमोजिम नियमानुसारको प्रक्रिया पुरा गरी कर्मचारी पूर्ति गर्नु पर्नेछ । प्राधिकरणबाट माग भई आएमा तुलसीपुर उपमहानगरपालिकाको कार्यालयले प्रचलित कानून अनुसार काज वा सेवा करार सम्झौता आधारमा कार्यविवरण सहित प्राविधिक कर्मचारीहरु उपलब्ध गराउनु पर्नेछ ।प्राधिकरण अन्तर्गतका प्राविधिक पदहरुले प्राप्त गर्ने सेवा, सुविधा तथा शर्तहरु अध्यक्ष संग प्रचलित कानून बमोजिम भएको सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

(४) प्रशासन, लेखा, खरिद र सहयोगी कर्मचारी सम्बन्धी ब्यवस्थाः प्राधिकरणको लागि आवश्यक पर्ने प्रशासन, लेखा, खरिद र सहयोगी कर्मचारी ब्यवस्थापनको कार्य संचालक समितिको निर्णय अनुसार तुलसीपुर उपमहानगर पालिका कार्यालयले प्रचलित कानून तथा नियमित अख्तियारी बमोजिम कार्य गर्नु पर्नेछ ।

(ख) दफा २१ अन्तर्गतका कर्मचारीहरुको नियमानुसार प्रशासनिक नियन्त्रण, परिचालन तथा ब्यवस्थापनको कार्य तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयको प्रशासन तथा जनशक्ति विकास महाशाखा वा शाखा अन्तर्गतबाट हुनेछ ।

(ग) प्राधिकरणको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई प्राधिकरणमा भएको कार्य चाप तथा कार्यबोझको विश्लेषण गरी अध्यक्षबाट स्वीकृति लिई कार्यालयले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय अन्तर्गतको कुनै महाशाखा वा शाखा अन्तर्गतको कामकाजमा लगाउने वा कार्य जिम्मेवारी प्रदान गर्न सकिनेछ ।

२२. <u>कर्मचारीहरुको लागि आवश्यक योग्यताः</u>

(१) निर्देशकको लागि सिभिल ईन्जीनियर विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको र नेपाल सरकार अन्तर्गत वा सार्वजनिक संगठित क्षेत्र वा निकाय वा तहमा न्युनतम १० वर्ष ईन्जिनियर पदमा कार्य अनुभव भएको तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार योग्यता पुगेको ब्यक्तिलाई तुलसीपुर उपमहानगरपालिकाको सुशासन समितिको सिफारिसमा नगर कार्यपालिकाबाट पारित भएको हुनु पर्नेछ । तर, प्राधिकरणमा निर्देशक नभई वा अस्वस्थ भएको कारण निर्देशक पद लामो समयसम्म रिक्त हुने विशेष अवस्था सिर्जना भएर प्राधिकरण संचालक समितिको निर्णय वा अध्यक्ष बाट माग भई आएमा तुलसीपुर उपमहानगरपालिकामा विषयगत योग्यता पुगी प्राविधिक

अधिकृत स्तरको पदमा स्थायी रुपमा कार्यरत कर्मचारीलाई काजमा खटाउनु पर्दा सोही पदको योग्यता नै मान्य हुनेछ ।

(२) आवश्यक हुने प्राविधिक पदहरुको लागि संगठन तथा ब्यवस्थापन विश्लेषण वा नेपाल सरकार अन्तर्गत प्रचलित कानून बमोजिम अन्य निकायमा लागु भएको योग्यता मान्य हुनेछ ।

२३. <u>**कर्मचारी ब्यवस्थापन सम्बन्धमा विशेष ब्यवस्थाः**</u>

(१) प्राधिकरण अन्तर्गत स्वीकृत स्थायी तथा अस्थायी पदको दरबन्दीमा कार्यरत कर्मचारीहरु कुनै कारणबाट पदमुक्त भई उक्त पद रिक्त हुन गएमा यो ऐन तथा प्रचलित कानून बमोजिम दफा ३ (१) अनुसारको समितिको सिफारिसमा कार्यपालिकाको निर्णय अनुसार कार्यान्वयन गरिनेछ ।

(२) प्राधिकरणको कार्य संचालन तथा ब्यवस्थापनको लागि कानूनत् अन्य ब्यवस्था भएकोमा बाहेक प्रचलित कानून बमोजिम कार्य चापको संवेदनशिलता पुष्टि हुने गरी अध्यक्ष वा समिति स्तरिय निर्णयका आधारमा कर्मचारी परिचालन, ब्यवस्थापन गर्न सकिनेछ ।

२४. **कर्मचारीहरुको सेवा, सुविधाः**

(१) प्राधिकरणको स्थायी वा अस्थायी दरबन्दीमा कार्यरत कर्मचारी तथा तुलसीपुर उपमहानगरपालिकाको कार्यालयबाट काजमा खटिई काम गर्ने कर्मचारीहरुको आधारभूत तलबतथा अन्य सुविधा प्रचलित कानून तथा यो ऐन बमोजिम सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

(२) प्राधिकरणको अस्थायी दरबन्दीको प्राविधिक पदमा तुलसीपुर उपमहानगरका कार्यालयबाट काजमा खटिई काम गर्ने स्थायी कर्मचारीहरुको आधारभूत तलब सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) प्राधिकरणको स्थायी वा अस्थायी दबन्दीमा तुलसीपुर उपमहानरपालिकाबाट काजमा खटिई काम गर्ने दफा २४ (१) र (२) बमोजिमका कर्मचारीको लागि खाई पाई आएको आधारभूत सेवा सुविधाबाहेक बजेट श्रोतको आधारमा तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाबाट पारित कार्यविधिमा ब्यवस्था भए अनुसार थप अतिरिक्त भत्ता वा सुविधा प्रदान गर्न सकिनेछ ।

(४) अध्यक्ष संग भएको सेवा करार सम्झौताका आधारमा काम गर्ने कर्मचारीहरुको हकमा सेवा करार सम्झौतामा उल्लेख गरिए अनुसार हुनेछ ।

(५) अतिरिक्त सुविधा प्रदान गर्ने प्रयोजनार्थ कार्य सम्पादन करार वा करार सम्झौता गर्दा नियमानुसार करार शर्तमा उल्लेख गरी लचिलो समय (Flexi Time) अवधारणा अनरुप प्रति घण्टा, प्रति दिनको समय आधारमा तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाबाट पारित कार्यविधिमा ब्यवस्था भए अनुसार थप सेवा, सुविधा प्रदान गर्नेगरी कर्मचारी परिचालन गर्न सकिनेछ ।

(६) कर्मचारीहरुले प्राधिकरणलाई हानि नोक्सानी हुने कुनै कामकारवाही गरेमा वा भ्रष्टाचारको

अभियोग प्रमाणित भएमा वा तुलसीपुर उपमहानगरपालिका वा प्राधिकरणको नीति, निर्णय तथा निर्देशन विपरीत काम गरेमा वा प्रचलित कानून विपरित आचरण, ब्यवहार देखाएको पुष्टि हुने प्रमाणका आधारमा संचालक समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई सो पदबाट हटाउन सक्नेछ । पदबाट हटाउनु अगाडी सफाई पेश गर्ने मनासिव माफिकको मौका प्रदान गर्नु पर्नेछ । पदबाट हटेको कर्मचारीले प्राधिकरण समक्ष उजुरी गर्न सक्नेछ साथै प्रचलित कानून बमोजिम पिडित पक्षले कानूनी उपचार लिन सकिनेछ ।

(७) तुलसीपुर उपमहानगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुलाई प्राधिकरण अन्तर्गत काजमा खटाउदा उनीहरुको तलब सुविधा प्रचलित कानुनी ब्यवस्था अनुसार पूर्ववत खाईपाई आए सरह हुनेछ तर तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाबाट पारित कार्यविधिमा ब्यवस्था भए अनुसार उक्त कर्मचारीहरुलाई विशेष सुविधा प्रदान गर्न सकिनेछ ।

२५. <u>निर्देशकको काम, कर्तव्य र अधिकार:</u>

(१) नगरसभाबाट प्राधिकरण मार्फत संचालन गर्ने भनी पारित भएका योजनाहरु संचालनार्थ प्रमुख भूमिका निर्वाह गर्ने आधारमा निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(१) यो ऐन तथा प्रचलित कानून बमोजिम संचालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

(२) प्राधिकरण मार्फत संचालन हुने दिर्घकालीन, अल्पकालीन तथा वार्षिक योजना तर्जुमा गरी संचालक समितिमा पेश गर्ने ।

(३) उपदफा (२) बमोजिम संचालक समितिबाट पारित भएका योजनाहरु तुलसीपुर उपमहानगरपालिका नगर प्रमुख मार्फत कार्यपालिका/नगरसभा समक्ष पेश गर्नका लागि आवश्यक पर्ने ब्यवस्थापनको सबै कार्य गर्ने ।

(४) नगरसभा मार्फत संचालन हुने गरी स्वीकृत भएका योजनाहरु प्रचलित कानून अन्तर्गत रहि ऐनको दफा ८ अनुसार कार्यान्वयन गर्ने, गराउने ।

(५) दैनिक कार्यको सुपरीवेक्षण तथा निरीक्षण गरी प्राधिकरणको उद्धेश्य अनुसार आवश्यक कार्य गर्ने,

(६) प्राधिकरण मार्फत सञ्चालन भएका योजनाहरुको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी संचालक समिति तथा सम्बन्धित अन्य पक्षहरुमा पेश गर्ने र सो को ब्यवस्थापन गर्ने ।

(७) प्राधिकरण मार्फत संचालन हुने योजनाको निमित्त आवश्यक रकम जुटाउन आन्तरिक तथा वाह्य स्रोत प्रदायकहरु संग समन्वय, सहकार्य गरेर प्रस्ताव तयार गरी सम्बन्धित निकाय, पक्षमा पेश गर्ने ।

(८) संचालक समितिको बैठक तथा बैठक निर्णय अभिलेख ब्यवस्थापन गर्ने ।

(९) संचालक समितिको बैठक निर्णय अध्यक्षबाट बन्द दस्तखत गराई निर्देशकको तर्फबाट प्रमाणीत गर्ने ।

(१०) प्राधिकरण मार्फत संचालन हुने योजनाहरु सम्बन्धी सरोकारवाला पक्षहरु संग प्रभावकारी समन्वय, सहकार्य, गरी संवाद, सूचना संप्रेषण, प्रतिवेदन सम्बन्धी कार्य गर्ने

(११) सिर्जनशिल, पूर्व सक्रिय (एचयबअतष्खभ) भई आफ्नो ज्ञान, सिप, अनुभवका आधारमा

निश्पक्ष रुपमा प्राधिकरणलाई पृष्ठपोषण प्रदान गर्ने ।

(१२) प्राधिकरण मार्फत संचालन गर्ने योजना तथा काम, कारवाहीहरु सम्बन्धमा सूचना संप्रेषण अधिकारीको रुपमा कार्य गर्ने ।

(१३) प्राधिकरणका लागि आवश्यक पर्ने कानूनहरुको मस्यौदा गर्न सरोकारवालाहरुबाट सुझाव संकलन गरी पेश गर्ने

(१४)नियमानुसार तोकिए बमोजिमको कार्य गर्ने ।

(२) निर्देशक प्राधिकरणको निर्णय कार्यान्वयनको हकमा संचालक समिति र तुलसीपुर उपमहानगर पालिकाको नियमित कार्यहरुको हकमा कार्यालय प्रति उत्तरदायि हुनु पर्नेछ ।

(३) प्राधिकरण अन्तर्गत कार्यरत कर्मचारीहरुको ब्यवस्थापकको रुपमा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाका कार्यालयको प्रशासन तथा जनशक्ति विकास महाशाखा/शाखा संग समन्वय गरी समुचित रुपमा ब्यवस्थापकिय कार्य गर्ने ।

(४) दफा २५ मा उल्लेख भए देखि वाहेक निर्देशकको अन्य काम, कर्तव्य र अधिकार अध्यक्ष संगको सम्झौता पत्रमा उल्लेख भए तथा तोकिए बमोजिम हुनेछ ।

२६. **कर्मचारीहरुको काम, कर्तब्य र अधिकारः** प्राधिकरणको नीतिगत ब्यवस्था, संचालक समितिको निर्णय अनुसार भएका निर्देशन तथा प्रचलित कानूनको अधिनमा रहि प्राधिकरणको नियमित, विकासात्मक र आकस्मिक प्रकृतिका कार्यहरु कार्यान्वयन गर्ने आधारमा भएको सम्झौता, करार शर्त वा तोकिए बमोजिम कर्मचारीहरुको काम, कर्तब्य र अधिकार हुनेछ ।

## परिच्छेद ६
## (विविध)

२७. **काम कारवाही वदर नहुनेः**

(१) यो ऐन बमोजिम प्राधिकरण तथा समितिको गठनमा कुनै त्रुटि भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै कामकारवाही भएको भएता पनि सोही कारणले मात्र त्यस्तो कामकारवाही वदर हुने छैन ।

(२) उपदफा (१) बमोजिम गठन भएका समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्रगत शर्त तथा कार्य अवधि समितिले तोकेबमोजिम हुनेछ ।

२८. **सहभागी हुन नपाउनेः** निर्देशक तथा कुनै कर्मचारीले आफ्नो व्यक्तिगत स्वार्थ भएको कुनै विषयबस्तुसँग सम्वन्धित संचालक समितिको कुनै निर्णय प्रक्रिया साथै राजनीतिक दलगत कार्यक्रममा सहभागी हुन पाउने छैनन्।

२९. **सपथ ग्रहणः** सदस्य, निर्देशक तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै नियमानुसार गोपनीयता र इमान्दारिताको शपथ ग्रहण गर्नु पर्नेछ ।

३०. **वार्षिक प्रतिवेदनः**

(१) निर्देशकले प्राधिकरणको कामकारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिनाभित्र संचालक समिति समक्ष पेश गर्नु पर्नेछ र समितिले तुलसीपुर

उपमहानगरपालिकाको कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राधिकरणले वर्ष भरि सञ्चालन गरेको योजना, योजना लागत, योजना सञ्चालन खर्च तथा योजना एवं कार्यक्रमबाट भएको उपलब्धि र भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

(३) निर्देशकले प्राधिकरण संचालक समितिको स्वीकृति लिई उपदफा (२) मा उल्लेख भए बमोजिम प्राधिकरणको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

३१. **बैठक भत्ताः** प्राधिकरण संचालक समिति पदाधिकारीहरुले वैठकमा भाग लिए वापत बजेट श्रोत परिधि भित्र रहि तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधि तथा नियमानुसार वैठक भत्ता पाउनेछन्।

३२. **आदेश वा निर्देशन दिन सक्नेः** नगरसभा र कार्यपालिकाले प्राधिकरणले गरेको कामकारवाहीको आवश्यक जाँचबुझ गरी वा आवश्यक ठानेका बखत प्राधिकरणको उद्धेश्य अनुरुप कामकारवाही गर्नको लागि आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी नगरसभा कार्यपालिकाले दिएको आदेश वा निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

३३. **कार्यक्रमको समन्वय तथा अनुगमनः** यस ऐन बमोजिम सञ्चालन भएका शहरी पूर्वाधार विकास सम्बन्धी योजना तथा कार्यक्रमको अनुगमन संचालक समिति आफैले वा कार्यपालिकाले तोकेका व्यक्तिबाट गर्न, गराउन सक्नेछ ।

३४. **अधिकार प्रत्यायोजनः**

(१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार कुनै सदस्य, यसै ऐन बमोजिम गठित उपसमिति वा निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार समिति पदाधिकारी वा कर्मचारीहरुलाई माथिल्लो पदसोपान आधारमा प्रत्यायोजन गर्न सक्नेछ ।

(३) निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार प्राधिकरणकोकुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३५. **सम्पत्ति तथा दायित्व सर्नेः** प्राधिकरण विघटन भएमा प्राधिकरणको जिम्मामा रहेका सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व तुलसीपुर उप–महानगरपालिकामा सर्नेछ ।

३६. **नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः**

(१) यस ऐनको उद्धेश्य कार्यान्वयनको लागि संचालक समितिले आवश्यक नियमावली मस्यौदा प्रस्ताव गर्न सक्नेछ र त्यस्तो नियमावली तुलसीपुर उपमहानगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियमावलीको अधीनमा रही कार्यपालिकाले प्राधिकरणको कामकारबाही सुचारु रुपले सञ्चालन गर्न गराउन आवश्यक विनियम, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

३७. **प्रशासकिय नियन्त्रणः** प्राधिकरण अन्तर्गत कार्यरत कर्मचारीहरु नीतिगत निर्णयका विषयमा संचालक

समिति र प्रशासकिय नियम एवं नियमित अख्तियारीका विषयमा तुलसीपुर उपमहानगरपालिका कार्यालयको अख्तियारवाला प्रति उत्तरदायि भई काम गर्नु पर्नेछ ।

३८. **बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा तुलसीपुर उपमहानगरपालिकाबाट नगरसभाबाट अनुमोदन गराउने गरी कार्यपालिकाले सो बाधा अड्काउ फुकाउनको लागि स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

# तुलसीपुर जनशक्ति स्रोत केन्द्र(सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७७

*पारित मितिः २०७८/०१/१०*

**प्रस्तावनाः**

तुलसीपुर उपमहानगरपालिकामा निर्वाचित, मनोनित वा नियुक्त जनप्रतिनिधि तथा पदाधिकारी, सरकारी निकाय तथा स्थानीय सेवामा कार्यरत कर्मचारी र शिक्षकहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तुलसीपुर जनशक्ति विकास केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम तुलसीपुर जनशक्ति स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७७ रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**(२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "केन्द्र" भन्नालेदफा ३ बमोजिमको तुलसीपुर जनशक्ति स्रोत केन्द्रसम्झनुपर्छ।

(ख) "सञ्चालक समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "कार्यकारीनिर्देशक" भन्नालेदफा १२ को उपदफा २ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) "नगर प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाका नगर प्रमुख सम्झनु पर्छ।

(च) "महाशाखा/शाखा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्य विभाजन नियमावली २०७४ ले निर्धारण गरेका विषयगत महाशाखा र शाखा सम्झनु पर्छ।

(छ) "तोकिएको" वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ।

(झ) "कार्यकारी अधिकृत" भन्नाले केन्द्रको दैनिक प्रशासकीय काम गर्ने गरि तोकिएको अधिकृत सम्झनु पर्छ।

## परिच्छेद - २
## केन्द्रको स्थापना, उद्देश्य तथा काम कर्तव्य र अधिकार

**३. केन्द्रको स्थापनाः**

तुलसीपुर उपमहानगरपालिकामा निर्वाचित, मनोनित वा नियुक्त जनप्रतिनिधि तथा पदाधिकारी, सरकारी निकाय तथा स्थानीय सेवामा कार्यरत कर्मचारी र शिक्षकहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न तुलसीपुर जनशक्ति स्रोत केन्द्र स्थापना गरेको छ।

**४. केन्द्रको कार्यालयः**

केन्द्रको मुख्य कार्यालय तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र रहनेछ ।

**५. केन्द्रको उद्देश्यः**

केन्द्रको देहाय बमोजिमको उद्देशय हुनेछः

क) स्थानीय आवश्यकताको पहिचान गरि तुलसीपुर उपमहानगरपालिकाका निर्वाचित, मनोनित वा नियुक्त जनप्रतिनिधि तथा पदाधिकारी, सरकारी निकाय तथा स्थानीय सेवामा कार्यरत कर्मचारीहरु, शिक्षक तथा विकास निर्माणका कार्यमा संलग्न उपभोक्ता समितिहरुलाई आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने ।

ख) स्थानीय विकासमा योगदान पुऱ्याउने प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न त्यस सम्बन्धी खोज तथा अनुसन्धान गर्ने

ग) प्रशिक्षण कार्यक्रम बढी उपयोगी बनाउन प्रशिक्षण सामाग्री तयार, परामर्श सेवा तथा सुचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ) सरकारी सेवाका कर्मचारीहरलाई सेवाकालिन, सेवा प्रवेश, सीप तथा क्षमता अभिबृद्धी गर्ने तालिम प्रदान गर्ने ।

**६. सञ्चालक समितिको गठनः**

१) केन्द्रको प्रभावकारी सञ्चालन एवं मार्ग निर्देशन गर्न देहाय बमोजिमका सदस्यहरु भएको सञ्चालक समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | - अध्यक्ष |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) | शिक्षा समितिका संयोजक | - सदस्य |
| घ) | सुशासन समितिका संयोजक | - सदस्य |
| ङ) | प्रशासन महाशाखाका प्रमुख | - सदस्य |
| च) | शिक्षा तथा खेलकुद महाशाखाका प्रमुख | - सदस्य |
| छ) | नगर प्रमुखले मनोनित गरेको २ जना विषय विज्ञ | - सदस्य |
| ज) | स्रोत केन्द्र प्रमुख | - सदस्य सचिव |

२) समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नेछ ।

३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समितिले आँफै तोक्ने छ ।

## ६. सञ्चालक समितिको काम कर्तव्य र अधिकारः

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) उपयुक्त तालिम संचालन सम्बन्धी वार्षिक योजना बनाउने ।

ख) समय समयमा गष्ठी, सभा तथा सेमिनार आयोजना गर्ने ।

ग) स्रोत केन्द्रको वार्षिक कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने ।

घ) प्रशिक्षण कार्यक्रमहरुको मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने ।

ङ) स्रोत केन्द्रको दिर्घकालिन योजना तर्जुमा गर्ने ।

च) ऐन, नियम वा नियमावलीको अधिनमा रही प्रशिक्षण सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ३

## केन्द्रका कर्मचारी एवं निजहरुको सेवा शर्त सम्बन्धी व्यवस्था

## ७. केन्द्रका कर्मचारी सम्बन्धी व्यवस्थाः

१) केन्द्रको कार्य बोझ तथा आवश्यकतानुसार देहाय बमोजिमका कर्मचारीहरु रहनेछन्(

क) प्राध्यापन तथा अनुसन्धान

ख) प्रशासकीय एवं प्राविधिक

२) उपदफा (१०) खण्ड (क) बमोजिमका कर्मचारीहरु केन्द्रले समय समयमा विज्ञहरुको रोष्टर बनाई तालिम अवधिभरका लागि विषय विज्ञका रुपमा सेवा करारमा नियुक्त गर्ने छ ।

३) उपदफा (१०) खण्ड (क) बमोजिमका कर्मचारीहरु तुलसीपुर उपमहानगरपालिकाको संगठन संरचना अनुसार दरबन्दीमा रहेका कर्मचारीहराई उपमहानगरपालिकाले खटाउने छ ।

## ८. स्रोतकेन्द्र प्रमुखको व्यवस्थाः

१) तुलसीपुर उपमहानगरपालिकामा अधिकृत स्तरको पदमा कार्यरत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले काजमा खटाउन सक्नेछ ।

२) कार्यकारी अधिकृत केन्द्रको दैनिक पुरा समय प्रशासनिक काम गर्ने गरि तोकिएको प्रशासकीय पदाधिकारी हुनेछ ।

३) देहायको अवस्थामा कार्यकारी अधिकृतको पद रिक्त हुनेछः

क) निजले पदबाट राजिनामा दिएमा,

ख) निज सेवा निवृत्त भएमा,

ग) निजको मृत्यु भएमा।

## ९. स्रोतकेन्द्र प्रमुखको काम, कर्तव्य र अधीकारः

स्रोतकेन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सञ्चालक समितिका निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने।

(ख) केन्द्रको दीर्घकालिन योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिका कार्यपालिकामा लागि पेश गर्ने

(ग) सञ्चालक समितिबाट स्वीकृत केन्द्रको दिर्घकालिन योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।

(घ) केन्द्रको वार्षिक प्रगति विवरण सञ्चालक समितिमा प्रस्तुत गर्ने ।

(ङ) केन्द्रद्वारा सञ्चालित प्रशिक्षण कार्यक्रम सम्बन्धी कार्य गर्ने ।

(च) कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत तथा सञ्चालक समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## केन्द्रको कोष, लेखा तथा लेखा परिक्षण

**१०. केन्द्रको कोषः**

१) केन्द्रको स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न नगरसभाबाट वार्षिक बजेट विनियोजन गरिनेछ ।

२) कुनै विदेशी सरकार, अन्तरराष्ट्रिय संस्था वा व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त हुने रकम प्राप्त गर्नुअघि नगरकार्यपालिका मार्फत नेपाल सरकारको स्वीकृति लिई केन्द्रको स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

३) केन्द्रको कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. लेखा तथा लेखापरिक्षणः**

(१) केन्द्रको आय व्ययको लेखा प्रचलित कानुले तोकेको ढाँचामा तुलसीपुर उपमहानगरपालिकाकको आर्थिक प्रशासन शाखा मार्फत राखिनेछ ।

(२) तुलसीपुर उपमहानगरपालिकाकको महालेखा परिक्षक मार्फत हुने अन्तिम लेखा परिक्षणका बखत आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगद, जिन्सीको विवरण उपलब्ध गराउनु केन्द्रको दायित्व हुनेछ।

(३) केन्द्रको आन्तरिक लेखा परिक्षण तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

(४) कार्यपालिकाले जुन सुकै बखत केन्द्रको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगद, जिन्सीको विवरण जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-४

## विविध

**१०. अन्य संस्थासँग सम्पर्कः**

केन्द्रले सामान उद्देश्य भएका अन्य संस्था वा प्रतिष्ठानहरुसँग सम्पर्क राख्दा प्रचलित कानूनको अधिनमा रही नगर कार्यपालिकाको कार्यालय मार्फत गर्नु पर्नेछ।

**११. वार्षिक प्रगति प्रतिवेदन पेश गर्नेः**

केन्द्रले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रगति प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१२. पाठ्यक्रम तथा प्रशिक्षण सामग्री निर्धारण गर्नेः**

१) प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिकालागि स्थानीयतहको आवश्यकता,सामाजिक,साँस्कृतिक,परिप्रेक्षमा मेल खाने र सैद्धान्तिकदृष्टिकोणबाटउपयोगी हुनेपाठ्यक्रम, प्रशिक्षण सामाग्री, प्रशिक्षण पद्दति तथा कार्यक्रम निर्धारण गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम निर्धारण गरिएको प्रशिक्षण सामाग्री सञ्चालक समितिबाट स्वीकृत गराउनु पर्दछ।

**१३. स्तर निर्धारण गर्नेः**

१) केन्द्रले समान किसिमका तालिम प्रदायक संस्थाबाट सञ्चालित तालिमको स्तर निर्धारण गर्नेछ।

२) केन्द्रले सञ्चालन गरेका सेवाकालिन, सेवा प्रवेश तालिमको स्तर निर्धारण गर्नु पर्ने भए संघीय सरकार तथा प्रादेशिक सरकारद्वारा गठन गरिएका प्रशिक्षण प्रतिष्ठान समक्ष पेश गर्नेछ।

**१४. नियम बनाउने अधिकारः**

यो ऐन कार्यान्वयन गर्ने क्रममा कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाई लागु गर्न सक्ने छ।

# तुलसीपुर उपमहानगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७७"

*पारित मिति २०७७/०३/१०*

**प्रस्तावनाः-** तुलसीपुर उपमहानगरपालिकाको समग्र विकासका लागि आवश्यक स्रोतको रुपमा रहेको कर तथा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१
## (प्रारम्भिक)

१) **संक्षिप्त नाम र प्रारम्भः–**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँ सुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ ।

(३) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि तुलसीपुरउपनगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२) **परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–**

क) "आथिक ऐन" भन्नाले सालबसाली तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन सम्झनु पर्छ ।

ख) "उप–प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

ग) "कम्पनी" भन्नाले प्रचलित संघीय कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

घ) "कर" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ ।

ङ) "कर अधिकृत" भन्नाले दफा ५ बमोजिम तुलसीपुर उपमहानगरपालिकाले नियुक्ति गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने उपमहानगरपालिकाको अधिकृत स्तरको कर्मचारीलाई समेत जनाउँछ ।

च) "कार्यालय" भन्नाले उपमहानगरपालिका कर तथा राजश्व सम्बन्धी काम, कारवाही र निर्णय गर्ने महाशाखा, शाखा, वडा कार्यालय वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको तुलसीपुर उपमहानगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

छ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

ज) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ ।

झ) "राजश्व" भन्नाले कर बाहेकका राजश्व, सेवा शुल्क सम्झनु पर्छ ।

ञ) "परिवार" भन्नाले करदाताको पति, पत्नी, बुवा, आमा र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ

ट) "प्रमुख" भन्नाले उपमहानगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उ.म.न.पाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ड) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई जनाउने छ ।

ढ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

ण) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद–२

## (राजश्व निर्धारणका आधार र कर प्रशासन)

३) <u>कर तथा राजश्व निर्धारणका आधारः–</u>

(१) कर राजश्व देहायका आधारमा निर्धारण गरिनेछः-

क) कर तिर्न सक्ने क्षमता,

ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

घ) नागरिकको सुविधा,

ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता ।

(२) राजश्व उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ

४) <u>कर प्रशासनः–</u>

१. यस ऐन बमोजिमको कर तथा राजश्वको प्रशासन उपमहानगरपालिकाको राजश्व प्रशासन शाखाले गर्नेछ ।

२. उपदफा) १ (बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन उपमहानगरपालिका क्षेत्रभित्र आवश्यकता अनुसार कार्यालय रहन सक्नेछन् ।

५) <u>कर्मचारी सम्बन्धी व्यवस्थाः–</u>

(१) उपमहानगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कार्यालयमा रहन सक्नेछन् ।

(२) तुलसीपुर उपमहानगरपालिकाले कर तथा राजस्व महाशाखा वा शाखा वा सोही प्रयोजनको अन्य संगठन संरचनामा प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

६) <u>कर अधिकृतको काम, कर्तव्य र अधिकारः–</u>

यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क) करदाता दर्ता गर्ने,

ख) करदाताबाट विवरण प्राप्त गर्ने,

ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

घ) कर संकलन गर्ने,

ङ) कर तथा राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

ज) राजश्वको  प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

झ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

ञ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

ट) कर सम्बन्धी कार्यहरुमा उत्तरदायि, जवादेही भई कार्य गर्ने,

ठ) कर सम्बन्धी तोकिए बमोजिम अन्य काम गर्ने ।

७) <u>अधिकार प्रत्यायोजनः–</u>

(१) प्रमुख प्रशासकिय अधिकृतले संविधान, प्रचलित कानून र यस ऐन बमोजिम आफूमा रहेको कर तथा  राजश्व उठाउने अधिकार कार्यालयका अन्य अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफु मातहतका अधिकृतलाई आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

८) <u>प्रत्यायोजित अधिकार र जिम्मेवारीः–</u>

(१) दफा) ७ (बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा) ७ (बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद–३

## (कर तथा राजश्व)

९) <u>सम्पति करः</u>- तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र सम्पत्ति स्वामित्व तथा प्रयोग अनुसार आर्थिक ऐनले तोके बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

१०) <u>भूमि कर (मालपोत)</u> तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र भुमीको स्वामित्व तथा प्रयोग अनुसार आर्थिक ऐनले तोके बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

११) **घर जग्गा वहाल करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा आर्थिक ऐनले तोके बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

१२) **व्यवसाय करः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा आर्थिक ऐनले तोके बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१३) **जडिबुटी, कवाडी र जीवजन्तु करः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत आर्थिक ऐनले तोके बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

१४) **सवारी साधन करः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानूनमा व्यवस्था भएको तथा आर्थिक ऐन बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

१५) **विज्ञापन करः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्तेलेखन, साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा बमोजिम प्रदेश कानूनमा व्यवस्था भए बमोजिम आर्थिक ऐन अनुसार विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१६) **मनोरन्जन करः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानूनमा अन्यथा व्यवस्था र आर्थिक ऐनको दर बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१७) **बहाल बिटौरी शुल्कः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु आर्थिक ऐनको दर मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१८) **पार्किङ शुल्कः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत आर्थिक ऐनको दर बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१९) **प्राकृतिक स्रोत शुल्कः-** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र ढुंङ्गा, गिटि, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन तथा बिक्रि प्रदेश कानूनले तोके अनुसार बमोजिम शुल्क लिई असुल उपर गरिनेछ ।

२०) **ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः-** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरे वापत आर्थिक ऐनको दर मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२१) **सेवा शुल्क, दस्तुरः-** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण, संचालन, व्यवस्थापन गरेका तथा अनुसूचीमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट आर्थिक ऐनको दरमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२२) **पर्यटन शुल्कः-** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्यटकीय स्थलको रुपमा विकास गरेका क्षेत्रहरुमा आर्थिक ऐनको दरमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२३) **लगानी बाट प्रतिफलः-** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम, साविक नगरपालिका साझेदारी विकास कोष र गाउँ विकास कोषमा रहेका रकमहरु लगानीमा लाभांश प्राप्ती र उल्लेखित आर्थिक ऐनको दरमा लगानीको व्याज आवश्यक नियम कानून निर्माण गरि असुल उपर गरिनेछ ।

२४) **बसपार्क पुर्वाधार शुल्कः-** तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा निर्माण भएको बसपार्कभित्रका बिभिन्न क्षेत्रहरुमा आर्थिक ऐनको दर बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

२५) **कर छुट तथा अन्य व्यवस्थाः-**

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२) उपदफा) १ (मा जे सुकै लेखिएको भएता पनी नगरसभाले आवश्यक ठानेमा कुनै विशेष क्षेत्र, कुनै विशेष तथा महत्वाकाँक्षी कार्यक्रममा आर्थिक ऐन बमोजिमको कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ साथै सो बाहेक अन्य कुनै क्षेत्रमा नगर कार्यपालिकाको निर्णय अनुसार कर छुट, अनुदान तथा सुविधा दिन सक्नेछ र सो निर्णयलाई नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ।

## परिच्छेद–४
## (करदाता दर्ता)

२६) **करदाताको पहिचान तथा दर्ताः–**

१. कसैले व्यवसाय/उद्योग सञ्चालन गर्न चाहेमा व्यवसाय/उद्योग गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

२. कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

३. उपदफा) २ (बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेका कारोवार र कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरुको आधारमा करदाताको पहिचान गरिनेछ ।

४. कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

२७) **करदाताको दायित्वः–** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तब्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः–

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख) निर्धारित समयमा विवरण पेश गर्ने,

ग) निर्धारित समयमा कर दाखिला गर्ने,

घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

ङ) हिसाब किताब र अधिलेख दुरुस्त राख्ने,

च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

छ) कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

२८) **<u>करदाताको अधिकारः–</u>**

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः–

क) सम्मानपूर्वक व्यवहारको अधिकार,

ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग) कर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक पुरा अधिकार ।

(२) करदाताले उपदफा) १ (बमोजिको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ ।

२९) **<u>करदाताको प्रतिनिधित्वः–</u>**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ । स्पस्टीकरणः– यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा) १ (बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद–५
## (कर विवरण र कर दाखिला)

३०) **<u>कर, राजश्व दाखिला गर्न आदेश दिन सक्नेः–</u>**

(१) यस ऐन बमोजिम कर, राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर, राजश्व नबुझाएमा वा दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको समयभित्र कार्यालयमा कर, राजश्व दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा) १ (बमोजिको म्यादभित्र कर, राजश्व दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले बढिमा ३०) तीस ( दिनसम्मका अवधि थपिदिन सक्नेछ ।

३१) **<u>सच्याउन सकिनेः–</u>** यस परिच्छेद बमोजिमको कर, राजश्व दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धीवा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो कर, राजश्व दाखिला भएको मितिले ३ (तीन) महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

३२) <u>कर दाखिला गर्नुपर्नेः–</u> (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

३३) <u>कर दाखिलाको निस्सा दिनु पर्नेः–</u> करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैर कर राजश्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद–६
## (कर समायोजन)

३४) <u>कर फिर्ता सम्बन्धी व्यवस्थाः–</u>

(१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा) १ (बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकि भएमा त्यसमा मिलान गरी बाँकि रहेको रकम फिर्ता दिनु पर्नेछ।

३५) <u>कर समायोजन सम्बन्धी व्यवस्थाः–</u>

(१) करदाताले दफा ३४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा) १ (बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

## परिच्छेद–७
## (कर परीक्षण, निर्धारण र संकलन)

३६) <u>कर परीक्षणः–</u>

(१) यस ऐन बमोजिम करदाताले कर दाखिला पेश नगरेको वा पेश गरेको कर, राजश्वमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः–

क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

ख) गलत वा झुट्टा विवरण कागजात संलग्न गरेको देखिएमा,

ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

घ) करको दायित्व कम देखाएकोमा,

ङ) करको दर फरक परेकोमा,

च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा ।

(२) उपदफा) १ (बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न १५) पन्द्र (दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा) २ (बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचना तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा) ३ (बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ ।

३७) <u>कर निर्धारणको सूचनाः–</u>

(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) उपदफा) १ (बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा) १ (बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ

३८) <u>कर असुल गर्न सक्नेः–</u>

(१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताको यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले देहायको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछः-

क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

ङ) करदाताको कारोवार रोक्का गरेर,

च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

छ) करदाताको सम्पत्ति एकै पटक वा पटक–पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा) १ (को खण्ड) छ (बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकि कुल रकममा तोकिए बमोजिमको थप शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकमभन्दा बढी भएमा बढी भए जति रकम ६० )साठी (दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा) ३ (बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३९) **किस्ताबन्दिमा कर असूलीः–** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र ३ (तीन) किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुने छैन ।

## परिच्छेद–८
## (ब्याज, शुल्क र जरिवाना)

४०) **जरिबाना लाग्नेः–**

(१) यस ऐनको पालना नगरी कर तथा राजश्व दाखिला नगरेमा कर अधिकृतले जरिवाना गर्न सक्नेछ

(२) उपदफा) १ (मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको म्यादभित्र उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन गरेको व्यवसाय तथा दाखिला गर्नु पर्ने कर राजश्व दाखिला नगरेमा दाखिला गर्नुपर्ने म्याद नाघेको मिति देखि सो वर्षको अन्त्यसम्म कर रकमको १० देखी २० प्रतिशतका दरले लाग्ने जरिवाना कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा) २ (बमोजिमको म्यादभित्र पनि कर नबुझाएमा २० देखी ५० प्रतिशतका दरले लाग्ने जरिवाना कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा) ३ (बमोजिमको म्यादभित्र पनि कर नबुझाएमा ५० देखी १०० प्रतिशतका दरले लाग्ने जरिवाना कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) उपदफा) ४ (बमोजिमको म्यादभित्र पनि कर करदातालाई उपमहानगरपालिकाले दिने नियमित सेवा तथा विद्यूत, पानी, दुरसञ्चार, बैकमा ऋण लिने सुविधा कटौंती गर्ने,जस्ता कारबाहीका प्रक्रिया तथा सरकारी बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

(६) उपदफा) २(,(३ (र) ४ (मा जुन सुकै कुरा भनिए पनि दोहोरो हुने गरी कर लगाईने छैन ।

४१) **ब्याज लाग्नेः–**

यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकि रकममा वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

४२) **शुल्क लाग्नेः–**

(१) यस ऐन बमोजिम अभिलेख राख्नु पर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्ने

४३) **चक्रिय व्याज नलाग्नेः–**

यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिबानामा चक्रिय ब्याज लाग्ने छैन ।

## परिच्छेद–९
## (पूर्वदिश, प्रशासकिय पुनरावलोकन र पुनरावेदन)

**४४) <u>पूर्वदिश माग गर्न सक्नेः–</u>**

(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणको लागि निजले प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा) १ (बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकिय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वदिश जारी गरी करदातालाई सो पूर्वदिश उपलब्ध गराउनेछ ।

(३) उपदफा) १ (र) २ (मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वदिश जारी गर्न सकिने छैन ।

(४) उपदफा) १ (बमोजिमको पूर्वदिश प्रमुख प्रशासकिय अधिकृतले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

**४५) <u>प्रशासकिय पुनरावलोकन हुन सक्नेः–</u>**

यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकिय पुनरावोलकन हुन सक्नेछः–

क) कर अधिकृतले गरेको कर निर्धारण, चक्रिय कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

**४६) <u>प्रशासकिय पुनरावलोकनको प्रक्रियाः–</u>**

(१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३०) तीस (दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी तोकिएको ढाँचामा प्रमुख प्रशासकिय अधिकृत प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा) १ (बमोजिम प्रशासकिय पुनरावेदनको लागि परेको निवेदन उपर साठी कार्यदिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ ।

**४७) <u>उजुरी नलाग्नेः–</u>**

यस ऐन बमोजिम प्रशासकिय पुनरावेदन गर्न सकिने विषयमा त्यस्तो पुनरावेदन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

**४८) <u>पुनरावेदन दिन सक्नेः–</u>**

(१) प्रशासकिय पुनरावेदनको निर्णय भएकोमा सो मितिले र प्रशासकिय पुनरावेदन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ३५) पैतीस (दिनभित्र सम्बन्धित तोकिए बमोजिमको धरौटी संलग्न गरी उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा) १ (बमोजिमको उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद–१०
## (समन्वय)

४९) **संघिय सरकार, प्रदेश सरकारसँग समन्वयः-**

(१) उपमहानगरपालिकाले संघीय कानून, प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा) १ (बमोजिमको एकद्वार प्रणाली अपनाउन उपमहानगरपालिका वा उपमहानगरपालिकाले अधिकार सुम्पेको प्रमुख प्रशासकिय अधिकृत वा अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृत सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले संविधानको साझा सूची रहेका विषयसँग सम्बन्धित कर वा राजस्वका आधार र दर वा कर प्रशासनका संबन्धमा प्रदेश सरकार र नेपाल सरकारसंग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा) २ (र) ३ (बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५०) **नेपाल राष्ट्र बैंकसँग समन्वयः–**

उपमहानगरपालिकाले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंक सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५१) **अन्य संस्थासँग समन्वयः–**

उपमहानगरापलिका वा अधिकार प्राप्त अधिकारी वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ ।

५२) **राजस्व सम्बन्धी नया प्रस्तावः–**

उपमहानगरपालिकाले कर तथा राजश्व सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्न सक्नेछ ।

५३) **सूचना सार्वजनिक गर्नु पर्नेः–**

(१) उपमहानगरपालिकाले लगाएको कर र राजस्व उठाउने सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपमहानगरपालिकाले उपदफा) १ (बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई आफ्नो वेभसाइटमा राख्ने व्यवस्था मिलाउनेछ ।

## परिच्छेद–११
## विविध

५४) **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः–**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपमहानगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको

तिर्नु बुझाउनु पर्ने रकम दाखीला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ

५५) **कागजातको ढाँचाः–**

(१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि उपमहानगरपालिका कार्यपालिकाले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ ।

(२) उपदफा) १ (बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका आदि सर्वसाधारणको जानकारीको लागि उपमहानगरपालिकाको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

५६) **सूचना तामेली रीत पुगेको मानिनेः–**

(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः-

(क)सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख)निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ)करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्यतीय उपकरण मार्फत पठाएको,

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

५७) **कागजातको अभिलेख राख्नेः—**

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः–

(क)यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु कागजात र सोलाई पुष्टयाई गर्ने सूचना तथा कागजात,

(ख)कर निर्धारण गर्न सघाउ पुर्‍याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्टयाई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा ४) चार (वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

५८) <u>जाचबुझ सम्बन्धीअधिकारः-</u>

यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धी अधिकार हुनेछ । जाँचबुझमा दोषी ठहर भएमा निजलाई कारबाहिको लागि सम्बन्धित निकायमा सिफारिश गर्न सक्नेछ ।

५९) <u>कर अधिकृतको परिचय पत्रः</u>—

कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६०) <u>विभागीय कारवाही र सजाय हुनेः—</u>

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्न पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा करदाताले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ । यसका साथै कुनै कर्मचारीले दाखिला गर्नु पर्ने रकम समयमा दाखिला नगरेमा समेत प्रमुख प्रशासकिय अधिकृतले कानून बमोजिम आवश्यक कारवाही गर्न सक्नेछ ।

(२) उपदफा) १ (बमोजिम उजुर परेमा प्रमुख प्रशासकिय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारवाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा कारबाहीको लागि नगर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा) २ (बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न प्रमुख प्रशासकिय अधिकृतले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा) ३ (बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा) ३ (बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा प्रमुख प्रशासकिय अधिकृतले निजलाई कारबाही गर्नेछ ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन ।

६१) <u>पुरष्कृत गर्न सक्नेः</u>—

(१) तुलसीपुर नगरकार्यपालिकाको कार्यालयले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा) १ (बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था तुलसीपुर नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६२) **म्याद हदम्याद नजानेः**–

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६३) **नियम बनाउन सक्नेः**–

यसको कार्यान्वयन गर्न तुलसीपुर नगरकार्यपालिकाले आवश्यक नियमावली, नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

६४) **बाधा अडकाउ फुकाउः-**

यस आर्थिक ऐन कार्यान्वयनमा कुनै बाधा अडकाउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ । उक्त निर्णयलाई नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

# तुलसी सिटिमेडल तथा मानपदवी/पदक सिफारिस तथा प्रदान गर्ने सम्बन्धी ऐन, २०७७

*पारित मितिः २०७८/१०/२८*

**प्रस्तावनाः**

तुलसीपुर उपमहानगरपालिकाद्वारा नगरको विकास तथा सेवा प्रवाहका विभिन्न क्षेत्रमा योगदान गरेका सार्वजनिक व्यक्ति, पदाधिकारी तथा कर्मचारीलाई प्रदान गर्ने मानपदवी र पदकलाई ओजपूर्ण बनाउँदै नगरको राजनितिक, आर्थिक, सामाजिक, प्रशासनिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य, खेलकुद, अनुसन्धान तथा अन्वेषणात्मक कार्य लगायतका अन्य क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरुलाई कदर र सम्मान स्वरुप प्रदान गरिने पदकलाई पारदर्शी तथा व्यवस्थित गर्न वाञ्छनीय देखिएकाले तुलसीपुर उपमहानगरपालिकाकोनगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "तुलसी सिटिमेडल तथा मानपदवी/पदक सिफारिस तथा प्रदान गर्ने सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ख) "पदक" भन्नाले दफा ८ बमोजिमको पदक सम्झनु पर्छ । सो शब्दले दफा ९ बमोजिमका पदकका श्रेणीहरुलाई समेत जनाउँदछ ।

(ग) "कार्यपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिमको पदक सिफारिश समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## पदक प्रदान गर्ने प्रक्रिया

३. **पदक प्रदान गर्न सक्नेः**

(१) तुलसीपुर उपमहानगरपालिकाले यस नगरको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, शिक्षा, स्वास्थ्य, खेलकुद, विज्ञान र प्रविधि, कृषि विकास, पूर्वाधार विकास, वातावरण संरक्षण, दिगो विकास, पर्यटन प्रवर्धन र प्रदेशको आर्थिक समुन्नति लगायतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई समितिको सिफारिसमा यस ऐन बमोजिम पदक प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका पदक हरेक वर्ष तुलसीपुर उपमहानगरपालिकाको स्थापना दिवसका दिन चैत्र १२ गते घोषणा गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिए तापनि कुनै कारणले स्थापना दिवसका दिन पदक घोषणा गर्न नसकिएमा कार्यपालिकाको बैठकले अर्को कुनै उपयुक्त दिनमा पदक घोषणा गर्न सक्नेछ ।

(४) कार्यपालिकाले उपदफा (१) बमोजिम पदक प्रदान गर्दा पदक पाउने व्यक्तिको नाम र निजले प्राप्त गरेको पदकको प्रकार र श्रेणी तथा निजले पुऱ्याएको योगदान समेत उल्लेख गरी सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नेछ र यस्तो सूचना तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा प्रकाशन गरिनेछ ।

४. <u>पदक सिफारिस समितिः</u>

(१) यस ऐन बमोजिम प्रदान गर्ने पदकका सम्बन्धमा नगर कार्यपालिका समक्ष सिफारिस प्रस्तुत गर्न देहाय बमोजिमको एउटा पदकसिफारिस समिति रहनेछः

(क) नगर उपप्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सुशासन समितिका प्रमुख - सदस्य

(घ) सामाजिक विकास समिति - सदस्य

(ङ) आर्थिक विकास समितिका प्रमुख - सदस्य

(च) राष्ट्रिय जिवनमा ख्याति प्राप्त व्यक्तिहरु मध्येबाट समावेशी सिद्धन्तका आधारमा नगरप्रमुखले तोकेको ३ जना - सदस्य

(छ) उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरु मध्ये वरिष्ठ कर्मचारी एक जना - सदस्य

(ज) प्रशासन तथा जनशक्ति विकास शाखाका प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>पदक सिफारिसका आधारः</u>

समिति समक्ष पदकका लागि सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्नेछः

क) नगरको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुऱ्याएको,

ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी नगरको प्रतिष्ठामा योगदान पुऱ्याएको,

ग) सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम उत्कृष्ट एवम् उल्लेखनीय रूपमा सम्पादन गरेको, र

घ) कुनै साहसी वा बुद्धिमत्तापूर्ण काम गरी सार्वजनिक हितको लागि विशेष योगदान पुऱ्याएको ।

६. **पदक सिफारिस प्रक्रिया:**

(१) दफा ५ को खण्ड (क), (ख), (ग) र (घ) को आधारमा सरकारी सेवाका कर्मचारीहरुलाई प्रदान गरिने पदकका लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अबलम्बन गर्नुपर्नेछः

क) उपमहानगरपालिकामा कार्यरत सहायक स्तरका कर्मचारीहरूको हकमा सम्बन्धित शाखाकाप्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले,

ख) अधिकृतस्तर छैठौं वा सो भन्दा माथिका कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा सुशासन समितिले,

ग) खण्ड (क) र (ख) मा उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिका हकमा प्रशासन तथा जनशक्ति विकास शाखाका प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले,

(२) दफा ५ को खण्ड (क), (ख), (ग) र (घ) को आधारमा सरकारी सेवाका कर्मचारीहरु बाहेकका व्यक्तिहरुलाई प्रदान गरिने पदकका लागि उपमहानगरपालिकाको सुशासन समितिले पदक सिफारिस समिति समक्ष पेश गर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम पदकका लागि सिफारिस प्राप्त हुन आएपछि समितिले आवश्यक छानबिन गरी यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पदक प्रदान गर्नका लागि उपयुक्त देखिएका व्यक्तिको छनौट गरी नामावली तथा निजहरूले पाउनु पर्ने पदकको प्रकार समेत खुलाई पदक प्रदान गर्नका लागि नगरकार्यपालिका समक्ष नाम सिफारिस गर्नुपर्नेछ ।

७. **सुशोभन समारोहः**

(१) नगर प्रमुखबाट पदक पाउने व्यक्तिलाई नगर स्थापना दिवसका दिन आयोजना गरिने पदक सुशोभन समारोहमा पदक प्रदान गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर स्थापना दिवसका दिन सुशोभन समारोह हुन नसकेमा कार्यपालिकाले उपयुक्त दिनमा पदक सुशोभन समारोहको व्यवस्था मिलाउन सक्नेछ।

(३) सुशोभन समारोहका दिन पदक पाउने कुनै व्यक्ति कुनै कारण उपस्थित हुन नसकेमा निजले सो पदक नगर कार्यपालिकाको कार्यालयवाट प्राप्त गर्नेछ।

(४) कुनै व्यक्तिलाई कुनै पदक मरणोपरान्त प्रदान गरिएमा वा पदक पाउने व्यक्तिको सुशोभन समारोह हुनु अगावै मृत्यु भएमा निजले पाउने पदक निजको पत्नी वा पतिलाई वा त्यस्तो पत्नी वा पति नभए प्रचलित कानून बमोजिमको हकवालालाई प्रदान गरिनेछ।

## परिच्छेद-३
## पदकको प्रकार, श्रेणी र मर्यादाक्रम

८. **पदकको प्रकार :**

(१) यस ऐन अन्तर्गत प्रदान गरिने पदकहरु देहाय बमोजिम हुनेछन् ।

(क) **तुलसी सिटि मेडलः** नगरको समृद्धि तथा प्रतिष्ठा अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका जनस्तरमा लोकप्रिय रहेका जनप्रतिनिधि, समाज सेवीवा पदाधिकारीलाई प्रदान गरिने ।

(ख) **तुलसीपुर सत्कार्य पदकः** समाज सेवा, मानव अधिकार, सामाजिक सद्भभाव, समानता, महिला सशक्तीकरण र बालबालिकाको हक, हित र संरक्षण लगायत सामाजिक सुधारका पक्षमा काम गरेका व्यक्ति वा संस्थालाई प्रदान गरिने ।

(ग) **तुलसीपुर सेवा पदकः** ईमान्दारीपूर्वक, उत्कृष्ठ एवम् प्रशंसनीय कार्य गर्ने तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका विभिन्न महाशाखा, शाखा तथा वडा कार्यालयमा कार्यरत कर्तव्यनिष्ठ कर्मचारीलाई प्रदान गरिने ।

(घ) **तुलसीपुर शिक्षा ज्योति पदकः** शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका विद्यालय, विश्वविद्यालय तथा तिनका शिक्षक, पदाधिकारी वा व्यवस्थापन समितिलाई प्रदान गरिने ।

(ङ) **तुलसीपुर स्वास्थ्य सेवा पदकः** नगरकोस्वास्थ्य क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका व्यक्ति वा संस्थालाई प्रदान गरिने ।

(च) **तुलसीपुर विकास रत्न पदकः** नगरको आर्थिक विकासका विभिन्न क्षेत्रहरु उद्योग, व्यवसाय, कृषि, श्रम, रोजगारी, पर्यटन प्रवर्द्धन लगायतबाट उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने ।

(छ) **तुलसीपुर संस्कृति संरक्षण पदकः** भाषा, साहित्य, कला, संगित लगायत सांस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्ति वा संस्थालाई प्रदान गरिने ।

(ज) **तुलसीपुर विज्ञान पदकः** विज्ञान, प्रविधि, सूचना तथा संचार लगायतका क्षेत्रमा नविनतम खोज तथा अनुसन्धान गरेका तथा वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा दिगो विकास क्षेत्रमा अनुकरणीय कार्य गरेका व्यक्तिलाई प्रदान गरिने ।

(झ) **खेल रत्न पदकः** खेलकुदको क्षेत्रबाट नगरको मान, प्रतिष्ठा तथा ख्याति राख्ने कार्यमा योगदान गरेका व्यक्तिलाई प्रदान गरिने।

(ञ) **सुकीर्ती पदकः** विभिन्न क्षेत्रहरुमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय किर्तिमान कायम गरि नगरको मान, प्रतिष्ठा तथा ख्याति राख्ने कार्यमा विशेष योगदान गरेका व्यक्तिलाई प्रदान गरिने।

(२) उपदफा (१) मा उल्लेख गरिएको पदकका अतिरिक्त नगद पुरस्कार वा कदर पत्र वा दुवै समेत प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने नगदपुरस्कारको राशि र नगद पुरस्कार सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. <u>पदकको श्रेणीः</u>

(१) दफा (८) को उपदफा (१) को खण्ड (क) र (ञ) मा उल्लेख भएका पदक बाहेक अन्य पदकहरु "क", "ख" र "ग" गरी तीन श्रेणीका हुनेछन्।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पदकका श्रेणी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>पुनः पदकपाएमा पदक लगाउनेक्रम</u>ः

एक भन्दाबढी पदक पाउने व्यक्तिले आफूले पाएका पदक लगाउँदा मर्यादा क्रम अनुसार दाहिने तर्फ बाटलगाउनु पर्नेछ।

## परिच्छेद-४

## <u>विविध</u>

११. <u>पुनः उपलब्ध गराउनेः</u>

कुनै व्यक्तिले आफूले प्राप्त गरेको पदक हराएमा वा नष्ट भएमा कार्यपालिकाले तोकिए बमोजिमको प्रक्रिया पुऱ्याई त्यस्तो पदक पुनः उपलब्ध गराउन सक्नेछ।

१२. <u>पदक प्रचलनमा ल्याउन नपाइनेः</u>

नगरपालिकाबाट प्रदान गर्ने पदक जस्तो नाम, बनोट र आकृति कायम गरी कुनै संस्था वा व्यक्तिले कुनै पदक दिन पाउने छैन।

१३. <u>पदको स्वरूप हेरफेर वा थपघट गर्न सक्नेः</u>

कार्यपालिकाले तोकिए बमोजिम पदकको संख्या, आकार, प्रकार तथा बनोटमा थपघट वा आवश्यक हेरफेर गर्न सक्नेछ।

१४. <u>पदक रद्द गर्न सकिनेः</u>

(१) यस ऐन बमोजिम कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिएको पदकलाई कार्यापालिकाको बैठकले देहायको अवस्थामा रद्द गर्न सक्नेछः

(क) आफुले प्राप्त गरेको पदक कसैलाई बिक्री गरेमा वा बन्धकी राखेमा,

(ख) आफुले प्राप्त गरेको पदकको मर्यादा विपरीत हुने गरी पदकको प्रयोग गरेमा वा कसैलाई प्रयोग गर्न दिएमा,

(ग) नगरको अपमान वा मानमर्दन गरेमा,

(घ) प्रचलित कानून विपरित राष्ट्रको मर्यादामा आघात हुने कुनै कार्य गरेको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै पदक रद्द गरिएमा कार्यापालिकाले पदक पाउने व्यक्तिको नाम र रद्द गरिएको पदक समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी राजपत्रमा प्रकाशित गर्नुपर्नेछ।

१५. **<u>पदक स्वेच्छाले फिर्ता गर्न सक्नेः</u>**

कसैले यस ऐन बमोजिम प्राप्त गरेको कुनै पदक/मानपदवी स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो पदकप्रशासन तथा जनशक्ति विकास शाखामा बुझाउन सक्नेछन् ।

१६. **<u>नियम बनाउने अधिकारः</u>**

यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधिहरू बनाउन सक्नेछ।

# तुलसीपुर उपमहानगरपालिको तथ्याङ्क ऐन, २०७७

*पारित मिति २०७८/०१/१०*

**प्रस्तावना**

तुलसीपुर उपमहानगरपालिकाको विकासको लागि आवश्यक पर्ने सामाजिक,आर्थिक, सांस्कृतिक लगायत विभिन्न क्षेत्रसँग सम्बन्धित नीति योजना तथा कार्यक्रम तयार गर्न आवश्यक पर्ने तथ्यांक संकलन, प्रशोधन, विश्लेषण, भण्डारण, सम्प्रेषण तथा त्यस्ता विषयसम्वन्धी अधिकार, आधिकारिकता, पहुँच, संरक्षण र गोपनीयता कायम गर्न एकीकृत तथ्यांक प्रणालीको विकास गरी त्यसको सुदृढीकरण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले  यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिका तथ्याङ्क ऐन २०७७" रहेको छ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिका भर लागु हुने छ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “तथ्यांक” भन्नाले कुनै प्राकृतिक तथा कानूनी व्यक्तिसँग सम्बन्धित विभिन्न विषयमा संकलित सांख्यिकीय विवरणलाई सम्झनु पर्छ।

(ख) “कम्प्युटर डाटाबेस” भन्नाले कम्प्युटर वा कम्प्युटर प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि वा श्रब्यदृश्यमा औपचारिक तवरले तयार गरिएको सांख्यिकीय विवरण, तथ्यांक सूचना, नक्सा, ज्ञान तथा अवधारणालाई सम्झनुपर्छ।

(ग) “विद्युतीय अभिलेख” भन्नाले विधुतीय स्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्यांक, अभिलेख, छवि वा श्रब्यदृश्यलाई सम्झनुपर्छ।

(घ) “समिति” भन्नाले यस ऐन बमोजिम गठन भएको तुलसीपुर उपमहानगरपालिकाको तथ्यांक समितिलाई सम्झनुपर्छ।

(ङ) “कार्यसमूह” भन्नाले समितिले यस ऐन बमोजिम गठन गरेको तथ्यांक कार्यसमूह सम्झनुपर्छ।

(च) “प्रमुख” भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(छ) “उपप्रमुख” भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले उप महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

(ञ) “उपमहानगरपालिका” भन्नाले तुलसीपुर उपमहानगरपालिका लाई सम्झनुपर्छ।

(ट) “विषयगत शाखा” भन्नाले तुलसीपुर उपमहानगरपालिकाका अन्तर्गतको विषयगत महाशाखा, वडा कार्यालय वा इकाईलाई सम्झनुपर्छ। यस शब्दले संविधानबमोजिम उप-महानगरपालिकालाई तोकिएको कार्य सम्पादन गर्नका लागि नगरकार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास जस्ता विशेष क्षेत्रगत कार्यालय वा इकाईलाई समेत सम्झनु पर्छ।

(ठ) “वडा सचिव” भन्नाले उपमहानगरपालिकाको वडा कार्यालयको प्रशासकीयको प्रमुख रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ।

(ड) “वडा समिति” भन्नाले उपमहानगरपालिकाको वडा समिति सम्झनुपर्छ।

(ढ) “सदस्य” भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ। सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख वा वडा अध्यक्ष समेतलाई जनाउनेछ।

(ण) “कम्प्युटर नेटवर्क” भन्नाले एकअर्कासँग अन्तर आबद्ध वा संचारसम्पर्कमा रहेका दुई वा दुईभन्दा बढी कम्प्युटरहरूको अन्तरसम्बद्धतालाई सम्झनुपर्छ।

(त) “निर्धारित तथ्यांक” भन्नाले एकीकृत तथ्यांक प्रणाली अन्तर्गत कुनै खास महाशाखा वा शाखाले गर्ने भनी निर्धारण गरिएको तथ्यांक वा तथ्यांक कार्यलाई सम्झनुपर्छ।

(थ) “सूचित आदेश” भन्नाले कुनै खास तथ्याङ्क कार्यका लागि उपमहानगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेश सम्झनुपर्छ।

(द) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## तथ्यांक समिति

**३. समितिको गठन:**

उपमहानगरपालिकाको एकीकृत तथ्यांक प्रणालीको विकासको लागि देहायबमोजिमको व्यक्तिहरु रहेको समिति गठन हुनेछ।

| | |
|---|---|
| (१) उपमहानगरपालिकाको सदस्य | संयोजक |
| (२) प्रमुख प्रशासकीय अधिकृत सदस्य | सदस्य |
| (३) तथ्याङ्क अधिकृत | सदस्य सचिव |

**४. समितिको काम कर्तव्य र अधिकार:**

दफा (३) बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) तथ्यांक उत्पादनको सुनिश्चितताको लागि एकीकृत तथ्यांक प्रणाली विकसित गर्ने र सो का लागि अवलम्बन गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन योजना र नीतिको सम्बन्धमा उपमहानगरपालिकालाई सुझाव दिने,

(ख) उपमहानरपालिकाको तथ्याङ्क प्रणालीलाई प्रादेशिक तथा राष्ट्रिय मापदण्ड अनुसार विकसित गर्दै लैजाने।

(ग) तथ्याङ्किय कार्यको बाँडफाँडको व्यवस्था गर्ने।

(घ) तथ्याङ्किय क्रियाकलापसँग सम्बन्धित शाखालाई संकलित तथ्याङ्कहरुको प्रशोधन, विश्लेषण प्रकाशन तथा सुरक्षा गर्न निर्देशन दिने।

(ङ) तथ्याङकसँग सम्बन्धित विवादको विषयमा उपयुक्त निर्णय गर्ने।

(च) समष्टिगत तथ्यांक योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(छ) उपमहानगरपालिकाको तथ्यांक प्रणालीलाई व्यवस्थित एवं विश्वसनीय बनाउन अन्य आवश्यक कार्य गर्ने।

**५. समितिको बैठक:**

(१) समितिको बैठक हरेक त्रैमासिकमा कम्तिमा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) संयोजकको निर्देशनअनुसार सदस्यसचिवले बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा ५ दिन अगावै सदस्यहरुलाई पठाउनुपर्नेछ।

(३) समितिका कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषदको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिने छ।

(७) समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विशेषज्ञहरुलाई बैठकमा पर्यवेक्षकको रुपमा  आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धीअन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद-३

## तथ्यांक संकलन, प्रकाशन, अनुमति प्रणाली तथा गोपनीयता

**६. तथ्याङ्क संकलन र वितरण:**

(१) उपमहानगरपालिकाले कुनै पनि व्यक्ति, घरपरिवार, सार्वजनिक संस्था निजी संस्थाहरूको सूचित आदेशद्वारा तोकेको विवरण वा तथ्यांक तोकिएको ढाँचामा निर्धारित समयभित्रै प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको तथ्याङ्क अधिकृत वा तथ्याङ्कसम्बन्धी काम गर्ने अधिकारी समक्ष पेश गर्न सम्बन्धित पक्षलाई आदेश वा सूचना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) निर्धारित तथ्यांकीय कार्य गर्ने भनी समितिले तोकेको अन्य शाखाहरूको हकमा समितिले तोकेबमोजिम हुनेछ।

७. **विवरण, लगत, सूचना र तथ्यांक जाँच्ने अधिकारः**

(१) प्रमुख प्रशासकीय अधिकृत आफू स्वयं वा अधिकारप्राप्त कुनै अधिकारीले दफा ६ को उपदफा (१) अन्तर्गतको सूचित आदेशमा तोकिएको कुनै कुराको सम्बन्धमा विवरण, लगत, सूचना र तथ्याङक संकलन गर्ने प्रयोजनको निमित्त त्यस्तो सुचित आदेश अन्तर्गत दाखिला भएको कुनै विवरण लगत, सूचना र तथ्यांक सत्य हो होइन भन्ने कुराको जाँच गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जाँच गर्दा त्यस्तो जाँच गर्ने अधिकारीले देहायका अधिकार प्रयोग गर्न सक्नेछः-

(क) कुनै खबर वा विवरण दाखिल गर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्ति, घरपरिवार सार्वजनिक संस्था तथा निजी संस्थाको भोगचलन वा नियन्त्रणमा रहेको कुनै घरजग्गामा पूर्वसूचना दिई मनासिव माफिकको समयमा प्रवेश गर्ने।

(ख) त्यस्तो व्यक्तिको भोग चलन वा नियन्त्रणमा रहेको कुनै लिखत वा विवरण आफू छेउ पेश गर्ने आदेश दिने र त्यसको जाँच गर्न,

(ग) यस ऐन अन्तर्गत संकलन गर्नुपर्ने तथ्यांकसम्वन्धी कुनै सूचना कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिब माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्न सोधन।

(३) यस दफा अनुसार कुनै विवरण लगत सूचना वा तथ्यांकको जाँच गर्दा कुनै विषयको विवरण लगत सूचना र तथ्यांक संकलन गर्न आवश्यक देखिएमा जाँच गर्ने व्यक्तिले सम्बन्धित व्यक्तिलाई सो को सूचना दिई आवश्यक विवरण लगत सूचना र तथ्याङक संकलन गर्न सक्नेछ।

(४) यस ऐन अन्तर्गत कुनै अधिकारीले माग गरेको लगत, सूचना, तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(८) **पूर्वस्वीकृति लिनुपर्नेः**

(१) नेपाल सरकार र प्रदेश सरकार बाहेक अन्य कुनैपनि व्यक्ति, सार्वजनिक वा नीजि संस्थाले यस उपमहानगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, सार्वजनिक संस्था तथा निजी संस्थाको विवरण, सूचना तथा तथ्यांक संकलन गर्नुपरेमा उपमहानगरपालिकाको कार्यालयबाट पूर्वस्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) ममोजिम तथ्याङ्क संकलन गर्नको निमित्त स्वीकृत प्राप्त गर्न चाहाने व्यक्ति वा संस्थाले संम्बन्धित तथ्याङ्क संकलन गर्नु परेको कारण, सो संकलन गरिने ईलाका, संकलन गर्दा अपनाउने प्रणली वा कार्यक्रमको संम्बन्धमा विस्तृत विवरण उपमहानगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तथ्याङ्क संकलन गर्न मनासिब देखिएमा उपमहानगरपालिकाले स्वीकृत दिनेछ र त्यसरी स्वीकृत दिंदा उपमहानगरपालिकाले तथ्याङ्क संकलन गर्दा अपनाउनुपर्ने प्रणली र आवश्यक देखिएका अन्य शर्त समेत तोकिदिन सक्नेछ ।

९. **तथ्यांक प्रकाशन वा प्रयोग गर्नुअघि प्रमाणित गराउनुपर्ने:**

(१) दफा ८ को उपदफा (१) बमोजिम संकलन गरिएको विवरण, लगत, सूचना तथा तथ्यांक प्रयोगमा ल्याउन वा प्रकाशन गर्नुअघि उपमहानगरपालिकाको कार्यालयबाट प्रमाणित गराउनुपर्नेछ।

तर निर्धारित तथ्यांकको कार्य गर्ने भनी तोकिएका निकायहरुबाट प्राप्त विवरण, लगत, सूचना तथा तथ्याङ्कको हकमा यो दफा लागु हुनेछैन।

(२) उपदफा (१) ममोजिम तथ्याङ्क प्रमाणित गर्दा उपमहानगरपालिकाले कुनै खर्च व्यहोर्नु पर्ने भए त्यस्तो खर्च समेत तथ्याङ्क प्रमाणित गराउन चाहाने व्यक्ति वा संस्थाले उपमहानगरपालिकालाई बुझाउनुपर्नेछ ।

१०. **गोपनीयतासम्बन्धी व्यवस्था:**

(१) दफा ६ र ८ र बमोजिम संकलन गरिएका कुनै व्यक्तिगत तथा इकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटा बेस, विद्युतीय अभिलेख अथवा तिनका कुनै अंश सामुहिक थ्यांकीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

तर निर्धारित तथ्यांकको कार्य गर्ने भनी तोकिएका निकायहरुवाट प्राप्त विवरण, लगत, सूचना तथा तथ्यांकको हकमा यो दफा लागु हुने छैन्।

(२) दफा १० बमोजिम संकलन गरेको कुनै व्यक्तिगत तथा एकाईगत विवरण, लगत सूचना तथ्याङ्क कम्प्युटर तथ्यांक आधार डाटाबेस विद्युतीय अभिलेख अथवा तिनका कुनै अंश उपलब्धि अधिकारप्राप्त प्रतिनिधीको लिखित स्वीकृतिबिना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको तथ्यांक अधिकृत वा तथ्यांक सम्वन्धी काम गर्ने अन्य अधिकारी बाहेक अरु कसैलाई देखाउन वा प्रकाशित गर्न पाइनेछैन।

(३) यस अन्तर्गत मुद्दा चलाउने प्रयोजनको निमित्त त्यस्तो विवरण अदालतमा पेश गर्नमा उपदफा १ वा उपदफा २ मा लेखेको कुराले कुनै बाधा पुर्याउने छैन।

## परिच्छेद-५

## निर्धारित तथ्यांक प्रणाली कम्प्युटर डाटा वेस तथा विद्युतीय अभिलेख सम्बन्धी व्यवस्था

११. **निर्धारित तथ्यांक प्रणाली:**

(१) निर्धारित तथ्यांक प्रणाली उपमहानगरपालिकाको तथ्यांक प्रणालीको अभिन्न अङ्ग हुनेछ।

(२) निर्धारित तथ्यांक सम्वन्धी काम गर्न समितिले विषयगत महाशाखा, शाखा, तथा वा अन्य सार्वजनिक संस्थालाई तोक्न सक्नेछ।

१२. **कम्प्युटर डाटा वेस तथा विद्युतीय अभिलेखको प्रयोगः**

(१) एकीकृत तथ्यांक प्रणालीमा आबद्ध निकायहरुबीच कुनैपनि विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटा वेस तथा विद्युतीय अभिलेखहरु समितिले तोकेबमोजिम कम्प्युटर नेटवर्कको माध्यमबाट एक आपसमा उपलब्ध गराउनुपर्नेछ।

(२) उपदफा १ बमोजिम एकीकृत तथ्यांक प्रणालीमा आवद्ध महाहाखा, शाखा, उपशाखा तथा संस्थाहरु कम्प्युटर नेटवर्कमा उपलब्ध गराइएका विवरण लगत, सूचना, तथा कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेख यस प्रयोजनको लागि आधिकारिक मानिनेछ।

१३. **कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेखको उत्पत्ति कर्ताको सम्प्रेक्षणको आधार:**

(१) कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेखको उत्पत्ति कर्ताको सम्प्रषणका आधार देहायबमोजिम हुनेछ-

(२) उत्पत्ति कर्ता आफैंले कम्प्युटर डाटाबेस तथा कम्प्युटर अभिलेख सम्प्रेषण गरेको भएमा,

(३) कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेखको सम्बन्धमा आवश्यक कार्य गर्न उत्पत्ति कर्ताको तर्फबाट अख्तियारी प्राप्त गरेको व्यक्तिले त्यस्तो कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(४) उत्पत्ति कर्ता र प्राप्ति कर्ताको तर्फबाट स्वचालित रूपमा सञ्चालन गरी कार्यक्रम बनाइएको कुनै कम्प्युटर सूचना प्रणाली वा कम्प्युटर नेटवर्कबाट त्यस्ता कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेख पेश गरिएको भएमा,

(५) कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेख उत्पत्ति कर्ताको आधार तोकेबमोजिम हुनेछ।

१४. **कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेख स्वीकारका आधार:**

कम्प्युटर डाटाबेस तथा विद्युतीय अभिलेख स्वीकारका आधार समितिले तोकेबमोजिम हुनेछ।

१५. **प्रशोधित,अर्धप्रशोधित तथा अप्रशोधित तथ्यांकको बिक्री वितरण:**

(१) उपमहानगरपालिकाले आफ्नो कुनै प्रशोधित, अर्धप्रशोधित, अप्रशोधित अवस्थामा रहेका तथ्यांकहरु पूर्ण वा आंशिकरुपमा व्यक्तिगत तथा नीतिगत तहमा तोकेबमोजिमको गोपनीयता र सतर्कता अपनाई विद्युतीय उपकरणका माध्यमबाट बिक्रीवितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विक्री वितरण गरिएको तथ्यांक सर्वाधिकार उपमहानगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

## परिच्छेद ३

## कसुर र सजाय

१६. **कसुर गरेको मानिने:**

कुनै व्यक्तिगत तथा इकाईगत विवरण लगत सूचना तथ्याङ्क दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले देहायका कुनै काम गरेमा यस अन्तर्गत कसुर गरेको मानिनेछ ।

(क) जानीजानी त्यस्तो विवरण, लगत सूचना तथ्याङ्क तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा,

(ख) झुट्टा विवरण, लगत, सूचना तथा तथ्याङ्क दिएमा,

(ग)  उपमहानगरपालिकाको स्वीकृतिबिना कुनै निजी संस्थागत अनुसन्धान, परामर्श तथा अन्य संस्थाहरुले कुनै व्यक्ति घर घरपरिवार सार्वजनिक संस्थान निजी संस्थाको विवरणलगायत सूचना तथ्याङ्क संकलन तथा प्रकाशन गरेमा,

(घ)  दफा १४ को व्यवस्थाको बर्खिलाप हुने गरी कार्य गरेमा वा उपलब्ध भएको विवरण लगत, सूचना, तथ्याङ्क कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख अनधिकृत कामका लागि प्रयोग गरेमा,

(ङ)  विद्युतीय उपकरणमा उपलब्ध गराइएको प्रशोधित, अर्धप्रशोधित तथा अप्रशोधित तथ्यांकको अनधिकृत रुपमा नक्कल गरेमा वा प्रतिलिपि बनाएमा वा बिक्री वितरण गरेमा,

(च)  कुनै व्यक्तिले कसैलाई यो अन्तर्गत दिइएको कुनै आदेश वा सूचनाको पालना नगरेमा वा अधिकारप्राप्त अधिकृतले कानूनबमोजिम मागेको कुनै विवरण, लगत, सूचना, तथ्याङ्क उपलब्ध नगराएमा वा उपलब्ध गराउन नदिएमा वा उपलब्ध नगराउनु भनेर प्रचारप्रसार गरेमा,

(छ)  आफ्नो जिम्मामा रहेको विवरण लगत, सूचना, तथ्याङ्क कम्प्युटर डाटाबेस विद्युतिय अभिलेख जानीजानी नष्ट गरेमा वा अन्य किसिमबाट कुनै नोक्सानी पुर्याएमा,

(ज)  तथ्याङ्किय कार्यसँग सम्बन्धित सरसमान जफत वा नष्ट गरेमा।

१७. **सजाय:**

(१)  दफा १५ को खण्ड क र ख मा उल्लेखित कुनै कसुर गरेमा त्यस्तो कसुरदारलाई रु. तीन हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

(२)  दफा १५ को खण्ड ग मा उल्लेखित कुनै कसुर गरेमा त्यस्तो कसुरदारलाई दश हजार रुपैयाँसम्म जरिवाना वा दश महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

(३)  दफा १५ को खण्ड घ,ङ,च,छ र ज मा उल्लेखित कुनै कसुर गरेमा त्यस्तो कसुरदारलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा पाँच महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

१८. **अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी:**

(१)  दफा १५ बमोजिमको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा तथ्यांक अधिकृतलाई हुनेछ ।

(२)  उपदफा १ बमोजिम मुद्दाको अनुसन्धान तहकिकात गरा मुद्दा दायर गर्दा सम्बन्धित सरकारी वकिलको सल्लाह लिनुपर्ने छ।

१९. **मुद्दा हेर्ने अधिकारी:**

१)  दफा १८ को उपदफा १ बमोजिम सजाय हुने मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा तथ्यांक अधिकृतलाई हुनेछ ।दफा १८ को उपदफा २ बमोजिमका मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

२०. **पुनरावेदनः**

दफा १९ बमोजिम को अधिकारबाट गरेका निर्णय वा दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको सूचना पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२१. **उपमहानगरपालिका वादी हुनेः**

यस ऐन अन्तरगतको मुद्दामा उपमहानगरपालिका वादि हुनेछ।

२२. **व्यावसायिक स्वतन्त्रताः**

उपमहानगरपालिकाको तथ्यांक सम्वन्धी काम गर्ने शाखा तथा निर्धारित तथ्यांक प्रणालीमा आवद्ध तथ्यांकीय शाखावाट तोकिएको आधारमा भएगरेका तथ्यांक कार्यको व्यावसायीक स्वतन्त्रताको प्रत्याभूति हुनेछ।

२३. **करारमा सेवा लिन सकिने:**

उपमहानगरपालिकाको कार्यालयले कुनै गणना सर्वेक्षण वा अन्य तथ्यांकीय कार्यका लागि आवश्यक पर्ने गणक, सुपरभाइजर, कुनै विज्ञ वा संस्थालाई करार सेवामा लिन सक्नेछ।

उपदफा १ बमोजिम कराரमा लिएको व्यक्तिको पारिश्रमिक तथा अन्य सुविधा र सेवा करारमा उल्लेख भएबमोजिम हुनेछ ।

२४. **थप सुविधा दिन सकिनेः**

उपमहानगरपालिकाको कार्यालयले तथ्यांकको कुनै काममा खटिएको कर्मचारीलाई निजले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ता भ्रमण खर्चमा तोकिए बमोजिमको थप रकम दिन सक्नेछ।

२६. **अधिकार प्रत्यायोजन:**

यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार उपमानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै अधिकृतस्तरको कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२७. **आदेशमा प्रश्न उठन नसक्ने:**

यो ऐन द्वारा प्रदत्त अधिकारको प्रयोग गरी दिइएको कुनै आदेशको सम्बन्धमा कुनैपनि अदालतमा प्रश्न उठन सक्ने छैन।

२८. **नियम बनाउने अधिकार:**

यो ऐनको उद्देश्य कार्यान्वयन गर्न उपमहानगरको कार्यपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२९. **निर्देशिका तथा कार्यविधि:**

समिति वा कार्यसमूह वा उपमहानगरपालिकाको कार्यालयले गरेको सिफारिसमा तथ्यांक संकलन प्रकाशन तथा वितरण सम्बन्धी कामकारबाहीलाई प्रक्रियागत ढंगवाट मितब्ययीरुपमा संचालन गर्न उपमहानगरपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

# तुलसीपुर पेट्रोल पम्प सञ्चालन ऐन, २०७७

*पारित मिति २०७७/०३/१०*

**प्रस्तावना :**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको बसपार्क क्षेत्रभित्र सवारी साधनहरुले सहज ईन्धन प्राप्त गर्न तयार गरिएको पेट्रोल पम्प सञ्चालनका लागि व्यवस्थीत तरिकाले कानून अनुसार बेग्लै अस्तित्वको संस्था व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५९(१) अनुसार तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन जारी गरी लागु गरेको छ ।

**परिच्छेद–१**

**(संक्षिप्त नाम र प्रारम्भ)**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"तुलसीपुर पेट्रोल पम्प सञ्चालन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कर तिर्ने दायित्व भएको व्यक्ति"भन्नाले पेट्रोल पम्प संचालन गर्ने ठेक्का लिएको व्यक्ति वा व्यवसायिक संस्थालाई सम्झनु पर्छ ।

(ख) **"कर्मचारी"** भन्नाले व्यवसायिक संस्था अन्तर्गत कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले तुलसीपुर उप–महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) **"तोकिएको"**वा "तोकिए बमोजिम"भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"नगर प्रमुख"** भन्नाले तुलसीपुर उप–महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(च) **"नगर उप–प्रमुख"** भन्नाले तुलसीपुर उप–महानगरपालिकाको उप–प्रमुख सम्झनु पर्दछ ।

(छ) **"नगरसभा"** भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्नेछ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुलसीपुर उप–महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) **"व्यवसायिक संस्था"**भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा नभई वार्षिक रुपमा आन्तरिक तथा स्वतन्त्र लेखा परीक्षण हुने, राज्यको करको दायरामा आएको तथा कानूनत संचालन एवं ब्यवस्थापन हुने संघ, संस्था सम्झनु पर्नेछ ।

(ञ) **"योजना/परियोजना/कार्यक्रम"**भन्नाले यो ऐन बमोजिम संचालन हुने योजना/परियोजना/कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ट) **"लेखा समिति"** भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट गठन भएको लेखा समिति सम्झनु पर्नेछ ।

(ठ) **"संयोजक"** भन्नाले पेट्रोल पम्प संचालक समितिको संयोजक सम्झनु पर्छ ।

(ड) **"सहयोगी संस्था"** भन्नाले तोकिएको वा लक्षित कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित संघ, संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ढ) **"सदस्य/पदाधिकारी"** भन्नाले संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउँदछ ।

(ण) **"सदस्य सचिव"** भन्नाले दफा ३ बमोजिम संचालक समितिको सदस्य सचिव सम्झनु पर्नेछ ।

(त) **"संचालक समिति वा समिति"** भन्नाले दफा ३ बमोजिम गठन हुने पेट्रोल पम्प संचालक समिति सम्झनु पर्नेछ ।

## परिच्छेद–२

## (उद्देश्य तथा आर्थिक व्यवस्था)

**३. उद्देश्य :** तुलसीपुर पेट्रोलपम्पको निम्न उद्देश्यहरु हुनेछन् ।

क) "पेट्रोलियम पदार्थमा शुद्धता हाम्रो प्रतिवद्धता" भन्ने नेपाल आयल निगम लि.को नारालाई सार्थक तुल्याउन सहयोग पु-याउने ।

ख) संस्थाको विनियममा उल्लेखित उद्देश्य तथा कार्यहरु पुरा गर्न ।

ग) बेरोजगार युवालाई स्वरोजगार बनाउन,

घ) इन्धनमा गुणस्तरियता सेवालाई प्रबाह गर्न ।

**४) आर्थिक व्यवस्था :**

क) तुलसीपुर पेट्रोलपम्पका लागि आवश्यकता पर्ने पूँजीको ब्यवस्था व्यवसायिक संस्थाले गर्नेछ ।

ख) दैनिक कारोवारको हिसाव लेखा कानूनले तोकिदिएको ढाँचामा पेट्रोलपम्पका व्यवस्थापक मार्फत राखिने छ ।

ग) खरिद तथा विक्रि कारोवारको पुरा विबरण व्यवसायिक संस्थाले राख्नेछ आ.व.को अन्तमा कारोबारको जानकारी लेखा समिति मार्फत नगरपालिकालाई दिनु पर्नेछ ।

घ) पम्प संचालनमा लाग्ने सम्पुर्ण खर्च व्यवसायिक संस्थाको हुनेछ ।

ङ) पम्प संचालनको आय व्यय तथा कानून अनुसार तिर्नु पर्ने सम्पुर्ण रकम कर तिर्नु पर्ने दायित्व भएको व्यक्तिको हुनेछ ।

च) पेट्रोलपम्प संचालनका लागि गर्नु पर्ने कानुनी कार्य कर तिर्नु पर्ने दायित्व भएको व्यक्तिको हुनेछ ।

छ) पेट्रोलपम्प संचालनका लागि आवश्यक पान नं. तुलसीपुर पेट्रोलपम्पका नाममा लिने कार्य कर तिर्नु पर्ने दायित्व भएको व्यक्तिको हुनेछ ।

## परिच्छेद–३
## (संचालक समिति)

**५. तुलसीपुर पेट्रोलपम्प सञ्चालन समितिको गठनः**

संस्थाले पेट्रोलियम पदार्थ डिजल, पेट्रोलको खरिद, विक्रि अन्य आबश्यक प्रवन्ध लगायतका कार्य गर्नका लागि सञ्चालक समितिले निम्न बमोजिमको तिन सदस्यीय सहकारी पेट्रोलपम्प सञ्चालन समितिको गठन गर्न सक्नेछ ।

क) संयोजक................................नगरप्रमुख वा नगरप्रमुखले तोकेको जनप्रतिनिधि

ख) सदस्य ................................५ नम्वर वडाध्यक्ष वा वडाध्यक्षले तोकेको जनप्रतिनिधि

ग) सदस्य ....................................नगरसभा सदस्य मध्ये महिला प्रतिनिधि

घ) सदस्य ...................................उपभोक्ता हित संरक्षण समितिको प्रतिनिधि

ङ) सदस्य ....................................तुलसीपुर उद्योग वाणिज्य संघको प्रतिनिधि

च) सदस्य .........................................सञ्चालक संस्थाको प्रतिनिधि

छ) सदस्य सचिव ...........................प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी

**६. तुलसीपुर पेट्रोलपम्प सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिको दफा ५ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन्ः

क) पेट्रोलपम्पको दैनिक कार्य सञ्चालन र नेतृत्व गर्ने।

ख) वार्षिक कार्ययोजना बनाई नगरसभामा पेश गर्ने।

ग) व्यवसायिक संस्थाले तोकिएका कर्मचारीको खटनपट्न र निर्देशन गर्ने।

घ) पेट्रोलपम्प संञ्चालनका लागि आवश्यक श्रोत पहिचान गर्ने र परिचालन गर्ने।

ङ) नगरसभाका नीति, निर्देशन, कार्ययोजना र निणर्यहरुको कार्यान्वयन गर्ने।

च) संञ्चालक समितिका निणर्यहरुको कार्यान्वयन गर्ने।

छ) नगरपालिकाले अधिकार प्रत्यायोजन गरेका अन्य सबै कार्यहरु गर्ने।

**७. तुलसीपुर पेट्रोलपम्पमा गरीने अन्य कार्यः**

ख) खरिद गरीएको इन्धनलाई उचित र सुरक्षित भण्डारण गर्ने।

ग) स्थानीय बजारको माग बमोजिम इन्धनको आपुर्ति गर्ने।

घ) इन्धनका उपभोक्ता बृद्धिका लागि बजारीकरण गर्ने।

ङ) उपभोक्तालाई संस्था संग कारोवार गर्न प्रेरित गर्ने।

च) सुरक्षा व्यबस्था, संस्थाको सम्पत्तिको सुरक्षाको चुस्त व्यबस्थापन गर्ने।

छ) आर्थिक सबलिकरण र हिसाब किताव पारदर्शी राख्ने।

**८) पेट्रोलपम्प व्यवस्थापकको काम, कर्तव्य र अधिकारः**

क) पेट्रोलपम्पमा कार्यरत कर्मचारीहरुको खटनपटन वा काम तथा जिम्मेवारी तोक्ने।

ख) स्व्यवसाययिक संस्थाको मातहतमा रहेर तोकिदिएका कामहरु गर्ने।

ग) पेट्रोलपम्पमा भएको कारोवारको जवाफदेखिता बहन गर्ने।

घ) इन्धनको खरिद र विक्रिको दैनिक योजना बनाई कार्य गर्ने।

ङ) सबै प्रकारका अभिलेख तथा हिसाव हिताव राख्ने वा राख्न लगाउने।

च) संयोजकको निर्देशनमा समितिको बैठक वोलाउने।

छ) काउन्टरमा जम्मा भएको नगद रकम दैनिक रुपमा बैंकमा दाखिला गर्ने।

ज) पेट्रोलपम्पको सरसफाई लगाएतका कार्यको व्यवस्थापन मिलाउने।

झ) पेट्रोलपम्पको मासिक प्रगति प्रतिबेदन पेट्रोलपम्प संचालक समिति समक्ष हरेक महिनाको ३ गते भित्र पेश गर्ने ।

ञ) ग्राहक पहिचान तालिका बनाउने, उधारो अशुली गर्ने गराउने र ग्राहक संगको सम्बन्ध सुमधुर बनाउने

ट) पेट्रोलपम्पको बार्षिक योजना बनाई समिति समक्ष पेश गर्ने ।

ठ) संस्थागत समन्वय गर्ने

## परिच्छेद–४

## (अन्य व्यवस्था)

**९) मूल्य निर्धारणः**

क) संस्थाले खरिद गर्ने इन्धनको खरिद मूल्य सम्बन्धित आपुर्ति कर्ताले तोके बमोजिम हुनेछ । नेपाल सरकारले तोकेको मूल्यलाई नै आधिकारीक मूल्य मानिने छ ।

ख) इन्धनको विक्र मुल्य सामान्य तयाः नेपाल सरकारले तोकेको विक्री मूल्य दर नै हुनेछ ।

ग) इन्धनको विक्रि मूल्यमा संचालक समितिको निणर्य अनुसार सदस्यहरुलाई केहि प्रतिशत छुट दिएर विक्रीदर निर्धारण गर्न सकिने छ ।

**१०) भण्डारणको प्रबन्धः**

क) नासिने, खेर जाने अबस्थाबाट बचाउनको लागि उपयूक्त र सुरक्षित भण्डारणको व्यवस्था मिलाईने छ ।

ख) विभिन्न अबस्थाबाट हुने नोक्सानबाट बचाउन सुरक्षाको प्रबन्ध मिलाईने छ ।

ग) तोकिएको मापदण्ड अनुुसार भण्डारण क्षेत्रको निर्माण गरिनेछ ।

घ) उपयुक्त प्रकारले सुरक्षित भण्डारण नगरी लापरवाही गरेको देखिएमा सो बाट हुने क्षेतिको सोधभर्ना सम्बन्धित जिम्मा पाएको व्यक्तिबाट गरिने ।

ङ) सदस्य तथा उपभोक्ताको मागको आधारमा भण्डारण क्षमताको विकास र विस्तार गरिने छ ।

**११.खरीद प्रकृया :**

संचालक समितिले तोकेको परिधिभित्र रही देहाय बमोजिमको प्रकृया अपनाई इन्धन खरीद गर्नु पर्नेछ ।

क) सञ्चालक समितिले इन्धन खरिदका लागि अख्तियारी प्रदान गर्न सक्नेछ । ।

ख) सञ्चालक समितिले तोकेको प्रक्रिया पुरा गरी रकम भुक्तानी गरी अख्तियार प्राप्त व्यक्तिलाई इन्धन खरिदको जिम्मा रहनेछ ।

ग) इन्धन नेपाल आयल नियम लि.बाट खरिद गरिनेछ । सो वाहेक अन्य इन्धन आपुर्ति गर्ने संस्था वा निकाय भएमा सोबाट पनि खरिद गर्न सकिने छ तर त्यसका लागि सञ्चालक समितिको निणर्य आनिवार्य हुनेछ ।

**१२. बिक्री प्रकृयाः**

क) भण्डारणमा रहेको इन्धन आम उपभोक्तालाई संस्था कै काउन्टरबाट खुद्रा रुपमा विक्रि वितरण गरिनेछ ।

ख) ग्राहकको अर्डर अनुसार विल जारी गरिनेछ । विल अनुसार माल रुजु गरेपछि मात्र ग्राहकको हातमा थमौती गरिनेछ । बिना बिल कुनै पनि सामान बिक्री कक्षबाट बहिरिने छैन ।

ग) बिक्री भैसकेको माल फिर्ता हुने छैन तर भुलचुक भएमा मिलान गरिने छ । कुनै शर्त बन्देज भए सोही बमोजिम हुनेछ ।

घ) बिक्री प्रबद्र्धन गर्न बिज्ञापन, छुट, उपहार, कूपन, कार्ड आदि उपायहरु अबलम्बन गर्न सकिनेछ ।

**१३. हिसाव तथा अभिलेखः**

क) इन्धनको खरिद, बिक्री तथा माल मौज्दातलाई दैनिक रुपमा मिलान गरीने छ, खरिदलाई खरिद खातामा, बिक्रीलाई बिक्री खातामा र बचेको माललाई मालमौज्दात खातामा दुरुस्त अभिलेखको व्यवस्थापन गरिनेछ ।

ख) हरेक दिन कारोवार बन्द गर्नु अगाडी दैनिक खाता र पम्प मेसिनको मिटर अंक अनिवार्य मिलेको हुनु पर्ने छ ।

ग) हिसाव तथा अभिलेख व्यवस्थापनका लागि कर्मचारीलाई जिम्मा तोकिने छ ।

घ) सदस्य तर्फको कारोवारको खरिद तथा बिक्री विवरणको अभिलेख अलग्गै राखिनेछ ।

च) सरकारी कार्यालय, औपचारिक संघ संस्था संग हरेक महिनाको मसन्तभित्र विल भुक्तानी हुने गरी उधारोमा कारोवार गर्न सकिने छ ।

छ) नीजि व्यवसायी तथा व्यक्तिहरु संग व्यक्तिगत वा संस्थागत जमानी वा धन धितो जमानीमा बढिमा एक महिनासम्मका लागि उधारो कारोवार गर्न सकिने छ । यसरी गरिएको उधारो कारोवारमा जो व्यक्ति जमानी बसेको हो सम्बन्धीत पक्षबाट अशुल नभएमा जमानी बसेकोबाट अशुल गरिने छ भने धन जमानी बसेकोमा धितो लिलाम गरेर अशुल गरिने छ ।

ज) कारोवार गर्दा अनिवार्य रुपमा विल जारी गरीनेछ ।

**१५. समय तथा कर्मचारी व्यवस्थापनः**

क) सहकारी पेट्रोलपम्प बर्षमा ३६५ दिन र दिनमा २४ घण्टा सञ्चालनमा रहने छ ।

ख) कर्मचारीहरुको कार्य तालिका बनाइ ८ घण्टाका दरले सिप्ट डिउटी तोकिने छ तोकिएको डिउटी तालिका अनुसार कर्मचारीहरुले कार्य गर्ने छन् ।

ग) पेट्रोलपम्पको कामको जिम्मेवारी, कामको विवरण सहित संचालक समितिले तोक्ने छ । तोकेको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई कार्बाही र पुरा गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ

घ) संचालक समितिले बार्षिक लक्ष निर्धारण गर्ने छ, लक्ष पुरा गरेमा नगद पुरस्कारको समेत व्यवस्था गरिनेछ ।

ङ) पेट्रोलपम्पका लागि आबश्यक कर्मचारीहरुको दरबन्दी तथा नियुक्ती व्यवसायिक संस्थाले गर्ने छ ।

च) पेट्रोलपम्पमा नियुक्ति हुने कर्मचारी सम्पुर्ण आर्थिक व्ययभार व्यवसायिक संस्थाको हुनेछ ।

**१६. विविध :**

क) सस्थाको पेटोलपम्प सञ्चालन ऐनमा व्यबस्था भए वाहेकको कुनै कार्य गर्नु परेमा संस्थाको सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

ख) यस ऐनमा व्यवस्था भएका विषय कानून संग बाझिएको हकमा वाँझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

ग) यस ऐनद्वारा सञ्चालिन पेट्रोल पम्पको नाम तुलसीपुर पेट्रोल पम्प र ठेगाना तुलसीपुर उपमहानगरपालिका वडा नम्वर ५ मा रहनेछ ।

घ) यस पेट्रोल पम्पको लोगो अनुसुचि १ अनुसार हुनेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७८

*प्रमाणिकरण मिति २०७८/०३/२५*

**प्रस्तावनाः**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५९ को उपधारा (१), धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा लागु हुने

**२) सम्पति करः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची) १ (बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

**३) भूमि कर (मालपोत)**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची) २ (बमोजिम भूमि कर) मालपोत (लगाइने र असुल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर) मालपोत (लगाइने छैन ।

**४) घर जग्गा वहाल करः**

(१) तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा वहाल अंक रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

(२) वहालकर निर्धारण गर्ने प्रयोजनको लागि भाडाको न्यूनतम दर अनुसूची) ३ (बमोजिम हुनेछ ।

(३) अनुसूची ३ बमोजिम लगाइने बहालकर चालु आ.व.को असोज मसान्तभित्र चालु आ.व.को वहाल कर अग्रिम रुपमा बुझाउनेलाई लाग्ने करमा २० प्रतिशत छुट दिइनेछ । साथै, सोही आ.व.भित्र वहाल कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा वहाल कर रकममा २० प्रतिशतका दरले विलम्व शुल्क लिइनेछ ।

**५) व्यवसाय करः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने गरी दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय,सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा संस्थालाई व्यवसायको लगानी, आर्थिक कारोवार, स्थान र प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६) जडिबुटी, कवाडी र जीवजन्तु करः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

**७) सवारी साधन करः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८) विज्ञापन करः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिमको दरमा विज्ञापन कर प्रदेश कानून अनुसार लगाइने र असुल उपर गरिनेछ ।

**९) मनोरञ्जन करः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम को दरमा प्रदेश कानून अनुसार लगाइने र असुल उपर गरिनेछ ।

**१०) बहाल बिटौरी शुल्कः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**११) पार्किङ शुल्कः**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१२) प्राकृतिक श्रोत शुल्कः**

तुलसीपुर उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टि, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट खरिढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको बिक्रि तथा निकासीमा अनुसूची (११) मा उल्लेखित दरमा बिक्रि तथा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ

**१३) ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवाः**

तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवामा सेवाग्राहीबाट अनूसुचि (१२) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४) सेवा शुल्क, दस्तुर तथा जरिवानाः**

तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र सरसफाई शुल्क, स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनूसूचि (१३) मा व्यवस्था भए अनुसार शुल्क, दस्तुर तथा जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

**१५) प्रयटन शुल्कः**

तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न प्रयटन क्षेत्र तोकि सो क्षेत्रबाट प्राप्त हुने रकम अनुसूची (१४) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

**१६) लगानी बाट प्रतिफलः**

तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम अनुसूची (१५) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

**१७) बसपार्क पुर्वाधार शुल्कः**

तुलसीपुर उपमहानगरपालिकाले निर्माण गरेको बसपार्क क्षेत्रमा सेवा उपभेग गरे वापत अनुसूची (१६) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१८) कर छुट तथा अन्य व्यवस्थाः**

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धीकार्यविधि तुलसीपुर उपमहानगरपालिकाले तोके अनुसार हुने छ ।

(२) उपदफा १ मा जे सुकै लेखिएको भएता पनी नगरसभाले आवश्यक ठानेमा कुनै क्षेत्रमा अनुसूची (१४) बमोजिमका र निर्णयबाट कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ ।

**१९) कर तथा शुल्क संकलन सम्बन्धीकार्यविधिः** यो ऐनमा भएको

## अनुसूची – १

### सम्पत्ती करका दरहरु (आ.व. २०७८/०७९)

### तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७८ दफा (२) संग सम्बन्धित

| क्र.सं. | सम्पत्तिको अन्तिम मुल्य | कर रकम रु. | कर अक्षरुपी |
|---|---|---|---|
| १ | रु. १ देखि २ लाखसम्म | २५।– | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाखसम्म | ५०।– | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाखसम्म | ७५।– | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाखसम्म | १००।– | एकसय रुपैया मात्र |
| ५ | रु ५ लाख १ देखि ६ लाखसम्म | १२५।– | एकसय पच्चीस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाखसम्म | १५०।– | एकसय पचास रुपैया मात्र |
| ७ | रु. ७ लाख १ देखि ८ लाखसम्म | १७५।– | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाखसम्म | १९०।– | एकसय नव्वे रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| ९ | रु. ९ लाख १ देखि १० लाखसम्म | २००।– | दुईसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाखसम्म | २५०।– | दुईसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाखसम्म | ३००।– | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाखसम्म | ३५०।– | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाखसम्म | ३८०।– | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाखसम्म | ४००।– | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाखसम्म | ५००।– | पांचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाखसम्म | ५५०।– | पाचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाखसम्म | ६५०।– | छसय पचास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाखसम्म | ८००।– | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाखसम्म | १०००।– | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाखसम्म | १२००।– | एकहजार दुईसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाखसम्म | १५००।– | एकहजार पांचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाखसम्म | २०००।– | दुईहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाखसम्म | २५००।– | दुईहजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाखसम्म | ३०००।– | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाखसम्म | ३५००।– | तीनहजार पांचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाखसम्म | ४५००।– | चारहजार पाचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाखसम्म | ६०००।– | छ हजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाखसम्म | ८०००।– | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोडसम्म | १०,०००।– | दशहजार मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाखसम्म | १२,०००।– | वाह्र हजार मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाखसम्म | १६,०००।– | सोह्र हजार मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोडसम्म | २०,०००।– | विस हजार मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाखसम्म | २५,०००।– | पच्चीस हजार मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड २० लाखसम्म | ४०,०००।– | चालिस हजार मात्र |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ | ५०,०००।– | पचास हजार मात्र |

| | | | |
|---|---|---|---|
| | करोडसम्म | | |
| ३६ | रु. ४ करोड १ देखि ५ करोडसम्म | ६०,०००।– | साठी हजार मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए त्यतिमा २ दुई रुपैया प्रति हजारको दरले | | |

**अनुसूची–१ संग सम्बन्धित**

सम्पत्ति कर प्रयोजनका लागि तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्यांकन (आ.व. २०७८/०७९)

**वडा नं. १ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर वाघमारे पक्की सडक खण्डमा पिच सडक छोएका जग्गाहरु | ५ लाख |
| | हे.पो देखी देविस्थानसम्मको सडकले छोएका जग्गाहरु | ३ लाख |
| | हे. पो.देखी कुमाल गाउ मिलन चौक देविस्थान छोएका जग्गाहरु | २ लाख |
| | घिमिरे चोक पोखरी कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख |
| | पाठक टोल न्यूरोड, कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख ५० हजार |
| | रामनगर विरेन्द्र मा.वि. शक्तिचौक मिलन चौक | २ लाख ५० हजार |
| | मिलन चौक छोटे तिलाविर घर हुदै गिरीराज ग्रन्जाको घरसम्म | १ लाख ८० हजार |
| | छोटेका अन्य मोटर वाटाहरु | १ लाख ८० हजार |
| | देविस्थान ठाटीगाउ अजिमाराका बाटाहरु | १ लाख ८० हजार |
| कृषि | खेती योग्य जमीन | १ लाख |
| वगर | | |

**वडा नं. २ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | झमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर सुर्खेत सडक) छोएको जग्गा | ५ लाख |

| | | |
|---|---|---|
| | तुलसीपुर वाघमारे कालोपत्रे सडक छोएका जग्गाहरु | ५ लाख |
| | वालापुर तकियापुर भमके हे.पो. सडकले छोएको जग्गा | २ लाख ५० हजार |
| | हेकुली चौक देखी पहलुवा (सिद्धपुर) कुईरेपानी मनिकापुर तिनडुडे सडक खण्डमा छोएका जग्गाहरु | २ लाख |
| | घिमिरे चोक कार्तिके चौक एकले पिपल ५०० मिटरसम्म | २ लाख |
| | घिमिरे चोक कार्तिके चौक एकले पिपल ५०० मिटर पछाडि | २ लाख |
| | ढकप्रसाद पाठकको घर देखी बाल संगिनी स्कुलसम्म | ३ लाख |
| | अश्वारा भुवनेश्वरी मन्दिर हुदै वाल संगिनी स्कुल पाठक टोलवाटो छेउमा | २ लाख ५० हजार |
| | मनिकापुर पोल्ट्री फर्म हुदै कार्की टोल | २ लाख ५० हजार |
| | तकियापुर खानेपानी भवन देखि भमके खोलासम्म | २ लाख |
| | खैरीपुर ताल देखि उत्तर दक्षिण मोटर वाटो | २ लाख |
| | खैरीपुर पूर्व ढलको लौवस्ता वस्तीको वाटो | २ लाख |
| | क्रसर उद्योग अगाडि पूर्व पश्चिम वाटो | २ लाख |
| | पोटली स्कुल रतननाथ प्रा.वि.को उत्तरको वाटो | २ लाख |
| | वजार क्षेत्र वालापुर, पोटली, घिमिरे चोक | २ लाख ५० हजार |
| | वडा कार्यालय, कमलपोखरी देखी भमके खोलासम्मको बाटो | २ लाख |
| कृषि | अन्य सबै खेतीयोग्य जमिन | १ लाख |

**वडा नं. ३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि. रानागांउ महिला चौतारीसम्म सडकले छोएका जग्गाहरु | ४ लाख |
| | तुलसीपुर सल्यान सडकको प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्म सडकले छोएका जग्गाहरु | १ लाख |
| | प्रतापकोट, नाउला, टुनापानी, बल्लेका गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु । | ५० हजार |
| | ग्राभल वाटोले छोएका जग्गाहरु | १ लाख |

| | | |
|---|---|---|
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | १ लाख |
| कृषि | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि.रानागांउसम्मको वांकी भाग | १ लाख |
| | प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्मको वांकी क्षेत्र (खमारी, हर्नेटी, पैयाखोरे, रामी र धामा,पहरेखोला) | ३० हजार |
| | दमारगाउं, डाडाखुटि, गहतेका वाटोले नछोएका जग्गाहरु | ८५ हजार |
| | भ्युडहर, असुरकोट, पन्नापुरका बाटोले नछोएका जग्गाहरु | ३० हजार |
| | नाउला, प्रतापकोट, गैरानाउला, बल्ले वाटोले नछोएका जग्गाहरु | ३० हजार |
| वगर | पातुखोला (गोटिखोला, रानागाउं) कटान गरेको जग्गा | ३० हजार |
| वगर | पातुखोला, गहतेखोल, भमके खोलाले कटान गरेको | ७० हजार |

**वडा नं. ४ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर सल्यान सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ५ लाख |
| | सहायक ग्राभल सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| | अन्य कच्ची वाटा (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| | पर्सेनि देखी बेतराबती हुदै बनहरीसम्म सडकको दायां बांया पर्ने जग्गाहरु | ३ लाख |
| | बनहरी देखी चमेरे गुफा जाने सडकको दायां बांया पर्ने जग्गाहरु सुकिदह देखी कल्लेखोला | १ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु बनहरी क्षेत्र | २ लाख |
| | पर्सेनि देखी बम्नै नवलपुर हुदै खाद्रे जाने बाटोको दायां बांया पर्ने जग्गाहरु | ३ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु खाद्रे बायोखोला | २ लाख |
| कृषि | आवास क्षेत्र र जंगल क्षेत्रमा परेका वाहेकका अन्य जग्गाहरु | १ लाख |
| | तराई खेतीयोग्य साविक | ७० हजार |
| | पहाड खेतीयोग्य साविक | २५ हजार |

### वडा नं. ५ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | दुर संचारदेखि ग्रामीण चोकसम्म | ५० लाख |
| | दुर संचार देखि उत्तर वडानं.५ सिमानासम्म | २२ लाख |
| | ख लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | ग लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | घ लाईन मा पर्ने जग्गाहरु | २७ लाख |
| | ङ लाईन तुलसी बार्डिङ्ग चौक देखी उ.बा.सं.चौक सडकमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन नामिनगर लाईन अन्य पिच सडकमा पर्ने जग्गा | २२ लाख |
| | घोराहि चौक देखी नामीनगर चौकसम्मको पिच सडमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन देखि वसपार्क मा जाने सडकमा पर्ने जग्गा (दुवै बाटा) | ३० लाख |
| | वस पार्क क्षेत्रमा पर्ने जग्गा | २७ लाख |
| | अन्य पक्की सडकमा पर्ने जग्गा | २७ लाख |
| आवासिय | अन्य पक्की सडकमा पर्ने जग्गा | २२ लाख |
| | माथि उल्लेखित सडक बाहेकका ग्राभेल सडकमा पर्ने जग्गाहरु | १८ लाख |
| कृषि | कुनै पनि सडकले नछोएका जग्गाहरु | ९ लाख |

### वडा नं. ६ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | कालोपत्रे सडकले छोएका नेत्रलाल चौक देखि गुम्राह चौकसम्मका जग्गाहरु | २४ लाख ५० हजार |
| | कालोपत्रे सडकले छोएका गुम्राह चौक देखि एर्पोटसम्मका, अंचल प्रहरी कार्यालय सडक जग्गाहरु | १८ लाख |
| | कालोपत्रे सडकले छोएका शहरी क्षेत्रभित्र पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | २४ लाख ५० हजार |
| आवासिय | ग्राभेल सडकले छोएका सुकौरा रोड भगवती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा रोड सरस्वती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा टोल गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु | ३ लाख |

| | | |
|---|---|---|
| | ग्राभेल सडकले छोएका लक्ष्मी टोल ( गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु ) | ३ लाख ५० हजार |
| | ग्राभेल सडकले छोएका कैलाश नगर टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका एकता टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका पद्ममनगर टोल तथा डुम्रीगाऊमा पर्ने सवै बाटोमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका सरस्वती टोल क्याम्पस रोड मा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि बरुवागाउभित्रका ग्राभेल सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि क्याम्पस रोड जोड्ने सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ईन्द्रनगर टोल सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि सगरमाथा टोल सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | सगरमाथा टोल देखि सिप विकास कार्यालयसम्मको सडकका जग्गाहरु | ५ लाख ५० हजार |
| | तुल्सीपुर घोराही सडकदेखि मदन नगर टोलको ५०० मिटर सडकमा पर्ने जग्गाहरु | ७ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ५०० मि. देखी तल मदन नगर टोलको सडकमा पर्ने जग्गा हरु | ६ लाख |

**वडा नं. ६ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| | तुल्सीपुर घोराही सडकदेखि ५०० मि. देखी तल मदन नगर टोलको सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | कालोपत्रे सडकले छोएका शहरी क्षेत्र बाहिर पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | ८ लाख |
| | तुलसीपुर घोराही सडकदेखि राजापुर जाने सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | उत्तर कपडादेवी बन्कट्टा गोठलिगाऊ सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | माथि उल्लेखित कालोपत्रे सडक बाहेकका अन्य कालो पत्रे सडकमा पर्ने जग्गाहरु | ८ लाख |
| | अन्य गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | २ लाख |
| आवासिय | बांकी खेति योग्य जग्गाहरु | १ लाख ५० हजार |
| कृषि | उत्तर कपडादेवी र गोठली गाऊमा पर्ने कालाखोला तथा रानीगार खोला छेउमा पर्ने जग्गाहरु | ८० हजार |

## वडा नं. ७ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर सल्यान पिच सडकले छोएका जग्गाहरु | ११ लाख |
| | तुलसीपुर घोराही पिच सडकले छोएका जग्गाहरु | ११ लाख |
| | शहरी क्षेत्रभित्र पर्ने ग्राभेल वाटोले छोएका जग्गाहरु | ८ लाख |
| | शहरी क्षेत्र वाहिर पर्ने ग्राभेल सडकले छोएका जग्गाहरु | ५ लाख |
| | तुलसीपुर लमहि सडकखण्डमा पर्ने जग्गाहरु | १० लाख |
| | पक्की वाटोले छोएका जग्गाहरु | ८ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु पर्सेनी बम्नै क्षेत्र | ३ लाख |
| कृषि | शहरी क्षेत्रभित्रका सडकले नछोएका जग्गाहरु | १ लाख |
| | शहरी क्षेत्र वाहिरपर्ने सडकले नछोएका जग्गाहरु | १ लाख |
| | अन्य खेतीयोग्य जग्गा | ७० हजार |

## वडा नं. ८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर सुर्खेत सडक (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) ले छोएका जग्गाहरु | १० लाख |
| | (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) अन्य ग्राभेल वाटोले छोएका जग्गाहरु | ५ लाख |
| | (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ५ लाख |
| | तुल्सीपुर सुर्खेत सडक (गहतेखोला देखी भमके खोला) मा पर्ने जग्गा हरु | ५ लाख |
| | (गहतेखोला देखी भमके खोला) ग्राभेल वाटोले छोएका जग्गाहरु | ४ लाख |

## वडा नं. ८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| | (गहतेखोला देखी भमके खोला) गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ४ लाख |
| कृषि | वाटोले नछोएका जग्गाहरु | १ लाख |

| | | |
|---|---|---|
| वगर | पातुखोला,गहतेखोला भमके खोलाले कटान गरेको जग्गा हरु | ५० हजार |

**वडा नं. ९ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा९रु।० |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर सुर्खेत सडकले छोएका जग्गाहरु (५/ख) | १० लाख |
| | दोघरे बेलुवा प्रतापकोट तथा अन्य कालो पत्रेलाई छोएका जग्गाहरु | ९ लाख |
| | हाल प्रस्तावित न।वि।सहरी क्षेत्र (५/ख) | ९ लाख |
| | अन्य ग्राभेल वाटोले छोएका जग्गाहरु | ६ लाख |
| | राउटेचौर शिवपुर सल्लीबन ग्रावेल बाटोले छाएको बाटो | ५ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| कृषि | वाटोले नछोएका जग्गाहरु | २ लाख |
| वगर | पातुखोलाले कटान गरेको जग्गा हरु | २ लाख |

**वडा नं. १० (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | राईखलियान देखी उत्तर तिरको सडकमा पर्ने जग्गाको | ३ लाख ५० हजार |
| | होताराम के.सी.को घरदेखी सुकौरा रोड जुद्धबहादुरको घरसम्मका सडकले छोएका | ३ लाख ५० हजार |
| | बनगाउं पिरगाउ सडक खण्डमा पर्ने जग्गाहरु | २ लाख ५० हजार |
| | अभयमार्गले छोएका जग्गाहरु | २ लाख ५० हजार |
| | राईखलियान देखी बेलटाकुरासम्मको सडकले छोएका जग्गाहरु | २ लाख ५० हजार |
| | सुकौरा सडकसंग जोडिएका जग्गाहरु | २ लाख ५० हजार |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | २ लाख |
| कृषि | खेतीयोग्य जग्गा | ७० हजार |
| बगर | पातुखोलाले कटान गरेका जग्गाहरु | ५० हजार |
| | बगरमा परिणत भएका जग्गाहरु | ३० हजार |

## वडा नं. ११ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| आवासिय | तुलसीपुर अमिलिया राप्ती राजमार्ग सडकखण्डका दाया बाया पर्ने जग्गा हरु | ३ लाख |
| | तुलसीपुर अमिलिया सडकखण्डको उरहरी चौक देखी पश्चिम उ.मा.बि.जाने सडक दाया बाया पर्ने जग्गाहरु | २ लाख |
| | दामोदर सडक (कचिली कुला देखी सुकौरा बाटो खोलासम्म) को दायांबायां का जग्गा | २ लाख |
| | हसनापुर हुदै श्रीमणी मार्ग तुलसीपुर जाने सडकका दायांबायां | २ लाख ५० हजार |
| | सुकौरा हुदै तुलसीपुर जाने सडक दायांबायांमा पर्ने | २ लाख |
| | बेल्टाकुरा देखी कटाहा हुदै तुलसीपुर जाने कच्ची सडकका जग्गा | २ लाख |
| | पिरगाउ हुदै तुलसीपुर जाने सडकका दायांबायां | २ लाख |
| | अन्य कच्ची सडकका दायांबायां | १ लाख |
| कृषि | खेतीयोग्य जग्गाहरु | ७० हजार |
| बगर | बबई नदि र पातुखोलाले कटान गरेका जग्गाहरु | २५ हजार |

## वडा नं. १२ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर अमिलिया राप्ती लोकमार्गको एयरपोर्ट हुदै टरिगाउ सिमाना, शहिद गेट पुकार पसलसम्म सडकका दायाबांया पर्ने जग्गा हरु | १२ लाख |
| | तुलसीपुर अमिलिया सडक (पुकार पसल देखी कचिला कुलो) का दायाबाया पर्ने जग्गा | ६ लाख |
| | भोजपुर रोड देखी दक्षिण शिवपुरसम्मको सडक दाया बाया पर्ने जग्गा | ३ लाख ५० हजार |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | २ लाख |
| | दामोदर सडकको दायांबायां का जग्गाहरु (ग्वारखोला देखी कचिला कुलोसम्म) | २ लाख |
| | हेमनगर देखी क्वाङिसम्म जाने बाटोको दायांबायांका जग्गाहरु | १ लाख ५० हजार |
| | जसपुर देखी क्वाडी हुदै तुलसीपुर जाने कच्ची सडकका दायांबायां | १ लाख ५० हजार |
| | अन्य कच्ची सडकका दायांबायां | १ लाख ५० हजार |
| कृषि | खेतीयोग्य जग्गाहरु | ७० हजार |

| | | |
|---|---|---|
| बगर | गुहार खोलाले कटान गरेका जग्गाहरु | ७० हजार |

**वडा नं. १३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | तुलसीपुर अमिलिया सडक कालोपत्रे | ५ लाख |
| | बखरिया ढकना सडक ग्रावेल सडक | २ लाख ५० हजार |
| | दमारगाउ अम्वापुर ग्राभेल सडक | २ लाख ५० हजार |
| | राप्ती राजमार्ग अम्वापुर मा.वि. ग्राभेल सडक | २ लाख ५० हजार |
| | राप्ती राजमार्ग गिधनिया मजघटुवा नौखान चौराह ग्राभेल सडक | २ लाख ५० हजार |

**वडा नं. १३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| | वाखे अकमी सडक ग्राभेल | २ लाख ५० हजार |
| | राप्ती राजमार्ग मजघटुवा रनियापुर सडक देखी अम्बापुर ग्राभेल सडक | १ लाख ५० हजार |
| | रनियापुर नौखान देखी बराहखुटि सिमलखुटि ग्राभेल सडक | १ लाख ५० हजार |
| | अन्य बाटाहरु | १ लाख ५० हजार |
| कृषि | खेतियोग्य जमिन सवै | ७५ हजार |
| | वनसंग सटेका क्षेत्रको | ७५ हजार |
| बगर | ववई तथा सोताको जग्गा | ५० हजार |

**वडा नं. १४ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | खैरा कोठरी सडकको दायांबायांका जग्गाहरु | ३ लाख |
| | बिजौरी डुरुवा सडकका दायांबायांका जग्गाहरु | ३ लाख |
| | वडा कार्यालय देखी धमकापुर हुदै जनबहार जोडने सडकको दायांबायां का जग्गाहरु | ३ लाख |
| | पुकार पसल देखी धमकापुर गवदवा हुदै मा.बि.भोजपुर जोडने सडकमा | ३ लाख |

| | | |
|---|---|---|
| | पर्ने जग्गाहरु | |
| | हेमन्तपुर पहरुवा हुदै कोठरी सडकमा पर्ने जग्गाहरु | ३ लाख |
| | अन्य सडकका दायां बांयाका जग्गाहरु | १ लाख ५० हजार |
| कृषि | खेतियोग्य जमीन | १ लाख |
| बगर | बगर, ववई, हापुर र गुहार खोलाका वगर | १ लाख |

**वडा नं. १५ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | खैरा कोठरी सडक दाया बायाका जग्गाहरु | २ लाख |
| आवासिय | विजौरी डुरुवा सडक  दाया बायाका जग्गाहरु | २ लाख |
| | गा.वि.स. देखि धमकापुर मलवार हुदै जनबहार जोडने वाटो | २ लाख |
| | पुकार पसल देखी धम्कापुर गबदवा हुदै मा.वि.भोजपुर जोड्ने बाटो | २ लाख |
| | अन्य भित्री वाटो दाया बायाका जग्गाहरु | १ लाख |
| | खेतियोग्य जमिन | ४० हजार |
| | वगर, ववई, हापुर गुहार खोला | ५० हजार |
| कृषि | खैरा कोठरी सडक दाया बायाका जग्गाहरु | २ लाख |
| बगर | विजौरी डुरुवा सडक  दाया बायाका जग्गाहरु | २ लाख |

**वडा नं. १६ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | विजौरी भोजपुर सडक संग सटेको जग्गाहरु | ४ लाख |
| आवासिय | पुकार पसल भोजपुर संग सटेको जग्गा | ४ लाख |
| | ७ मीटर चौडाई भएको कच्ची सडक | २ लाख |
| | मानपुर भेलाही सडक संग सटेको जग्गाहरु | ४ लाख |
| कृषि | सवै सडक संग नसटेको खेतियोग्य जमिन | ५० हजार |

**वडा नं. १७ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | | |
| आवासिय | घोराही तुलसीपुर पक्की सडक संग सटेको जग्गाहरु | ६ लाख |

| | | |
|---|---|---|
| | विजौरी मानपुर सडक संग सटेको जग्गाहरु | ६ लाख |
| | घोराही तुलसीपुर पक्की सडकको १ कि.मी.भित्र सडेको जग्गा | ४ लाख |
| | साविक मानपुर ९/क ८/क ७/ग मा प्लटिङको जग्गा | ४ लाख |
| | ७ मीटर चौडाई भएको कच्ची सडक | २ लाख |
| कृषि | सवै सडक संग नसटेको खेतियोग्य जमिन | ५० हजार |

**वडा नं. १८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा(रु.) |
|---|---|---|
| व्यापारिक | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको बजार क्षेत्रका दायांबांया पर्ने जग्गाहरु | १५ लाख |
| आवासिय | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको दायांबांया पर्ने जग्गाहरु | १० लाख |
| | बिजौरी देखी साईपुरसम्म पक्की सडकका दायाबांया पर्ने जग्गाहरु | ६ लाख |
| | बिजौरी देखी जमुनी बांसडबरासम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | बिजौरी देखी घट्टेकुलोसम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | दुधरास देखी सातकुलोसम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| ६९ | निजी आवादी काठ सिफारिस कुकाठ, गोलिया | १,०००.०० | **ससोधन** |
| ७० | निजी वन दर्ता | ५००.०० | **थप** |
| ७१ | खयर सिफारिश | ३,०००.०० | |
| ७२ | सुकुम्वासी पुर्जा सिफारिस | ३००.०० | |
| ७३ | छुट जग्गा सिफारिस प्रति कठ्ठा शहरी क्षेत्र | ३,०००.०० | |
| ७४ | छुट जग्गा सिफारिस प्रति कठ्ठा शहरी क्षेत्र वाहिर | २,०००.०० | |
| ७५ | सुकुम्वासी सिफारिस | २००.०० | |
| ७६ | द्वन्दपिडित सिफारिस | १००.०० | |
| ७७ | नगदी रसिद समेत प्रमाणित | १००.०० | |
| ७८ | भरुवा बन्दुक नविकरण शुल्क | ५००.०० | |
| ७९ | मोठ श्रेस्ता सिफारिश | ५००.०० | |
| ८० | पेन्सन सिफारिश स्वदेश | २२५.०० | |
| ८१ | पेन्सन सिफारिश भारत | ५०५.०० | |
| ८२ | पेन्सन सिफारिश तेश्रो मुलुक | ८००.०० | |
| ८३ | सामुदायिक बन दर्ता तथा कार्ययोजना नविकरण शुल्क | २,५००.०० | |
| ८४ | केबुल पुन जडान शुल्क | २००.०० | |
| ८५ | बाटो कायम प्रमाणित सिफारिश | १,०००.०० | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| ८६ | व्यवसाय/ फर्म सर्जमिन शुल्क | ५००.०० | |
| ८७ | घर नक्सापास सर्जमिन | ५००.०० | |
| ८८ | नावालक प्रमाणित सिफारिश | २००.०० | |
| ८९ | कर चुक्ता प्रमाण पत्र/ सिफारिश | ५००.०० | |
| ९० | तमसुक प्रमाणित (रु पाँच लाखसम्म) | २००.०० | **संसोधन** |
| ९१ | तमसुक प्रमाणित (रु पाँच लाख भन्दा बढी) | ५००.०० | **संसोधन** |
| ९२ | विदेश गएको सिफारिश | ५००.०० | |
| ९३ | जनजाती अन्य वर्ग सिफारिश | २००.०० | |
| ९४ | पशुधन बिमा सिफारिश | २००.०० | |
| ९५ | चिम्नी भट्टा दर्ता सिफारिश | ५,०००.०० | |
| ९६ | कृषि फर्म दर्ता सिफारिश | २००.०० | |
| ९७ | पशुपक्षी दर्ता सिफारिश | २००.०० | |
| ९८ | जग्गा जोतभोग सिफारिश | ५००.०० | |
| ९९ | उद्योग व्यवसाय दर्ता सिफरिश (घरेलु) | १,०००.०० | |
| १०० | वातावरण प्रदुशन सम्बन्धीसिफारिश शुल्क | २,०००.०० | |
| १०१ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २००.०० | |
| १०२ | टोल बिकास दर्ता सिफारिश शुल्क | २००।०० | |
| १०३ | न्यायीक समितिमा मुद्दा दर्ता | २००.०० | |
| १०४ | साना किसान दर्ता तथा नविकरण | १,०००.०० | |
| १०५ | गाडिको बिमा सिफारिश शुल्क सानो | ५००.००<br>१००.०० | |
| १०६ | गाडिको बिमा सिफारिश शुल्क ठुलो | ५००.०० | |
| १०७ | व्यवसाय प्रमाणित सिफारिश | **५००.००** | **थप** |
| १०८ | अन्य सिफारिस (यस ऐनमा शिर्षक नखुलेकोमा) | २५०.०० | |
| १०९ | भेटनरी, कृषि सम्बन्धीसिफारिश | ५००.०० | |
| ११० | बैंक ऋण लिने प्रयोजनका लागि कृषि र पशु सम्बन्धीस्टिमेट | २,५००.०० | |
| १११ | पशु नाम दर्ता | | |
| | गाई भैसी रांगा आदी | १०.०० | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| | कुखुरा बाखा भेडा आदी | ५.०० | |
| | कुकुर | २५.०० | |
| ११२ | कुखुरा पोष्टमार्टम | ५०.०० | |
| ११३ | प्राविधिक डोर शुल्क | १,५००.०० | |
| ११४ | अपुताली शिफारिस शहरी क्षेत्रभित्र | | |
| क | ५ कठ्ठासम्म | २,०००.०० | |
| ख | ५–१० कठ्ठासम्म | ३,०००.०० | |
| ग | १०–१ विगाहसम्म | ४,०००.०० | |
| घ | सो भन्दा माथि | ५,०००.०० | |
| ११५ | अपुताली शिफारिस शहरी क्षेत्र बाहिर | | |
| क | ५ कठ्ठासम्म | १,५००.०० | |
| ख | ५–१० कठ्ठासम्म | २,०००.०० | |
| ग | १०–१ विगाहसम्म | ३,०००.०० | |
| घ | सो भन्दा माथि | ४,०००.०० | |
| ११६ | ऐलानी जग्गा दर्ता सर्जमिन | | |
| क | ५ कठ्ठासम्म | ३००.०० | |
| ख | ५–१० कठ्ठासम्म | ६००.०० | |
| ग | १०–१ विगाहसम्म | ८००.०० | |
| घ | सो भन्दा माथि | १,०००.०० | |
| ११७ | ठेक्का पट्टा लाईसेन्सको लागि सिफारिस | | |
| क | क श्रेणी | ६,०००.०० | |
| ख | ख श्रेणी | ५,०००.०० | |
| ग | ग श्रेणी | ४,०००.०० | |
| ११८ | स्वदेश प्रयोजनका लागि सिफारिश | | |
| | ठेगाना प्रमाणित | ३००.०० | |
| | चारित्रिक प्रमाणित | २५०.०० | |
| | अन्य विविध | ५०.०० | |
| | संशोधन सम्वन्धी | ५००.०० | |
| ११९ | तोकिएको मापदण्ड अनुसार घडेरी प्लटिङमा नयां बाटो खोल्न लगत कट्टा गर्दा सिफारिश | | |
| क | ० कठ्ठा देखी ३ कठ्ठासम्म | ५,०००.०० | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| ख | ३ कठ्ठा देखी १० कठ्ठासम्म | १०,०००.०० | |
| ग | १० कठ्ठा देखी माथी | २५,०००.०० | |
| १२० | तोकिएको मापदण्ड अनुसार नयां प्लटिङ्ग गर्ने ईजाजत सिफारिश | | |
| क | ० कठ्ठा देखी १० कठ्ठासम्म | १०,०००.०० | |
| ख | १० कठ्ठा देखी १ बिगाहासम्म | २५,०००.०० | |
| ग | १ विगाह भन्दा माथी | ५०,०००.०० | |
| १२१ | प्लानिङ्ग बाहेक विगत देखी सार्वजनिक प्रयोगका लागि बनेका बाटाहरुमा रु.५००।– | | |
| १२२ | फाराम विक्री | | |
| क | विद्युत खानेपानी फाराम | ५०.०० | |
| ख | घर नक्शापास पुस्तिका | ५००.०० | |
| ग | पेशा व्यवसाय प्रमाण पत्र | २००.०० | |
| घ | नागरिकता फाराम | **निशुल्क** | |
| ङ | सम्पत्तिकर फाराम | ५०.०० | |
| च | उपरोक्त वाहेकका फाराम हरु | ५०.०० | |
| १२३ | कान्जी हाउस शुल्क प्रति दिन | | |
| | वाख्रा सुगुर प्रति गोटा | १००.०० | |
| | गोरु वा अन्य प्रति गोटा | २००.०० | |
| १२४ | खानेपानी धारा जडान गर्दा सडक वाटो काटे वापत शुल्क | | |
| | हाईवे र क लाइन कालोपत्रे सडक | ५०,०००.०० | |
| | ख र ग लाईन | २५,०००.०० | |
| | अन्य कालोपत्रे सडक | २५,०००.०० | |
| | कच्ची सडक काटे वापत | ५,०००.०० | |
| १२५ | वसपार्क स्थित न.पा.बाट उपलव्ध गराइएका घडेरीहरुको न्यूनतम मूल्यांकन | | |
| | क श्रेणी को प्रति घडेरी रु.८,००,०००।– (आठ लाख) | ८,०००.०० | |
| | ख श्रेणीको प्रति घडेरी रु.६,००,०००।– (छ लाख) | ६,०००.०० | |
| | ग श्रेणीको प्रति घडेरी रु.४,००,०००।– (चार लाख) | ४,०००.०० | |
| | घ श्रेणीको प्रति घडेरी रु.३,००,०००।– (तीन लाख) | ३,०००.०० | |
| | उपरोक्त जग्गामा भवन निर्माण भएको भए प्राविधिक वाट ऐन वमोजिम मूल्यांकन गराई जग्गाको मूल्यमा थप गरी लिने | | |
| १२६ | उद्यम तथा बजार विकास कोषबाट उपलव्ध गराउने उद्यम दर्ता नविकरण | | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| १२७ | सडक बत्ति सेवा शुल्क बजार क्षेत्र | | |
| १२८ | सडक बत्ति सेवा शुल्क बजार क्षेत्र | | |
| १२९ | घर नं. प्लेट शहरी क्षेत्र | | |
| १३० | घर नं. प्लेट शहरी क्षेत्र बाहिर | | |
| १३१ | सरसफाई शुल्क वापत रु.६००।– देखी रु.१००,०००।–सम्म | | |
| **क** | आवास शूल्क (प्रतिघर प्रतिदिन) | | |
| | सरसफाई सेवा शूल्क प्रतिघर परिवार (चुलो) वार्षिक | ६,०००.०० | |
| **ख** | होटेल (बार्षिक ) | | |
| | होटल क बर्ग | ५५००.०० | |
| | होटल ख बर्ग | ४०००.०० | |
| | होटल ग बर्ग | ३०००.०० | |
| **ग** | चिकित्सा जन्य फोहर (बार्षिक ) | | |
| | हस्पीटल | २४,०००.०० | |
| | पोलिक्लिनिक | १८,०००.०० | |
| | औषधि पसल | १२,०००.०० | |
| **घ** | तरकारी पसल (वार्षिक) | | |
| | थोक | १२,०००.०० | |
| | फुटकर | ६,०००.०० | |
| | ढयाब्ली | २,०००.०० | |
| **ङ** | फ्रेस हाउस (वार्षिक) | | |
| | सटर | ६०००.०० | |
| | ढयाब्ली | ६०००.०० | |
| **च** | अन्य (वार्षिक) | | |
| | प्रति सटर | ६०००.०० | |
| | सैलून | १२,०००.०० | |
| | पाउरोटी उद्योग | ६०००.०० | |
| | सिसा (फ्रेम काटेको) | ६०००.०० | |
| १३२ | सरसफाई जरिवाना शुल्क वापत रु.५००। देखी रु.२५,०००।सम्म लिन सकिनेछ। | कार्यविधी अनुसार | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| | पहिला पटक | रु. ५,०००।– | |
| १३३ | दोश्रो पटक | रु. १०,०००।– | |
| | तेश्रो पटक | रु. २५,०००।– | |
| | अन्य | | |
| | सक्सन पम्प प्रयोग गरे वापत प्रति ट्रिप | | |
| | ट्रिपर, ट्क्टर,डोजर,पानी टंकि,अन्य सवारी साधन भाडामा लिए वापत | कार्यविधि अनूसार | |
| १३४ | मार्कसिट प्रतिलिपी | रु.३००.०० | |
| १३५ | ड्रोन उडान शुल्क प्रति ड्रोन | १,०००.०० | |
| १३६ | गैर नेपाली श्रमिक शुल्क दर्ता तथा नविकरण | १,५००.०० | |
| १३७ | सार्वजनिक, ऐैलानी प्रति जग्गा, गौचर जग्गा करार शुल्क | कार्यविधि अनुसार | |
| १३८ | सार्वजनिक जग्गा तथा बाटोमा टेन्ट प्रयोग (दुखद कार्यक्रम बाहेक) २० क्यु.फि. | १,०००.०० | |
| १३९ | सार्वजनिक जग्गा तथा बाटोमा टेन्ट प्रयोग २० क्यु.फि. भन्दा थप प्रति २० क्यु.फि. | ५००.०० | |
| १४० | दण्ड जरिवाना | | |
| | अनुमति विना प्रयोग भएका सवारी साधनहरु | | |
| **क** | स्काभेटर,जे.सि.वि. जस्ता हेभी ईक्युपमेन्ट प्रथम पटक | १००,०००.०० | |
| | टिपर, ट्रक जस्ता हेभी ईक्युपमेन्ट प्रथम पटक | ५०,०००.०० | |
| | ट्रयाक्टर प्रथम पटक | २५,०००.०० | |
| | पावर टेलर प्रथम पटक | १०,०००.०० | |
| **ख** | दोश्रो पटक देखी दोब्बर जरिवाना | | |
| | सरसफाई जरिवाना | | |
| **ग** | पहिला पटक | ५,०००.०० | |
| | दोश्रो पटक | १०,०००.०० | |
| | तेश्रो पटक | २५,०००.०० | |
| **घ** | खोलामा करेन्ट लगाई माछा मारेको | ५,०००.०० | |
| | सेफटी टंकि ढल/कुलो/खोलामा मिसाएको (बन्द तथा कानुनी कार्बाहि समेत | १५,०००.०० | |
| **ङ** | सडकमा निर्माण सामाग्री थुपार्ने अनुमतिको म्याद तिन | २,०००.०० | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| | दिनसम्म | | |
| च | अनुमतिको म्याद नाघेमा प्रतिदिन | ३,०००.०० | |
| | अनुमति नलिई सडकमा निर्माण सामाग्री थुपारेमा | १५,०००.०० | |
| | घर सुचीकृत नगरेको | १,०००.०० | |
| छ | घर नक्सापास नगरेको | ५,०००.०० | |
| ज | व्यापारिक प्रयोजनका घर नक्सापास नगरेको | ५०,०००.०० | |
| झ | पर्खाल तथा पक्कि संरचना | १०,०००.०० | |
| ञ | सडकमा बाख्रा, गाई, गोरु, भैसि, रांगा बाधेर राखेमा प्रति गोटा प्रतिदिन पहिलो पटक | १००.०० | |
| ट | सडकमा बाख्रा, गाई, गोरु, भैसि, रांगा बाधेर राखेमा प्रति गोटा प्रतिदिन दोश्रो पटक | २००.०० | |
| | सडकमा बाख्रा, गाई, गोरु, भैसि, रांगा बाधेर राखेमा प्रति गोटा प्रतिदिन तेश्रो पटक | ५००.०० | |
| | पशु अभिलेखिकरण निशुल्क नगरेमा प्रति चौपाया साना | १००.०० | |
| ठ | पशु अभिलेखिकरण निशुल्क नगरेमा प्रति चौपाया ठुलो | ५००.०० | |
| | निजि जग्गाको काठको जरिवाना प्रति क्यु.फुट | २००.०० | |
| ड | डिपबोरिङ्ग जरिवाना शुल्क | कार्यविधि अनुसार | |
| ढ | भूमीकरको जरीवाना | सम्पत्ति करको कार्यविधि अनुसार | |
| १४१ | अमिन सेवा शुल्क | | |
| | शहरी क्षेत्र | १,५००.०० | |
| | शहरी क्षेत्र वाहिर | १,५००.०० | |
| | कित्ता थप भएमा प्रति कित्ता | ५,००.०० | |
| १४२ | वडा न १ देखि १९सम्मका कच्ची घरहरुको प्रमाण पत्र दस्तुर | २००.०० | |
| १४३ | सुपरिभिजन | १,०००.०० | |
| १४४ | नक्सा पास पुस्तक | ५००.०० | संसोधन |
| १४५ | घर नक्शा पास नामसारी | २,०००.०० | |
| १४६ | घर कायम सिफारिश १००० बर्गफुटसम्म | १,१२०.०० | |
| १४७ | घर कायम सिफारिश १००० बर्गफुट देखी माथि | २,२४०.०० | |
| १४८ | घर अभिलेखीकरण घ वर्गको र कच्ची घरको (प्रति | २,०००.०० | थप |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| | घर) | | |
| १४९ | नक्सा पास विना भवन संहिता तथा मापदण्ड पुरा नगरी निर्माण गरिएका पक्की घरहरुको अभिलेखिकरण | नक्सा पास दस्तूरमा दूई गूणा जरिवाना थप गर्ने | थप |
| १५० | स्थानीय सरकार संचालन ऐन लागु हुनु अघि राजस्व तिरी नक्सा पास गरी आंशिक कार्य सम्पन्न गरी प्रमाणपत्र लिएका तर राजस्व तिरेको मितिले चार वर्षसम्म पनि निमार्ण सम्पन्न प्रमाणपत्र नलिएका घरको अभिलेखिकरण | नक्सा पास दस्तूरमा ज्ञण् प्रतिशत जरिवाना लिने | थप |
| १५१ | स्थानीय सरकार संचालन ऐन लागु हुनु अघि नक्सा पासका लागि राजस्व तिरेका तर चार वर्षसम्म पनि कुनै प्रमाण पत्र नलिएका घरहरुको अभिलेखिकरण | नक्सा पास दस्तूरमा ज्ञण् प्रतिशत जरिवाना लिने | थप |
| १५२ | आंशिक भाग नक्सा पासको प्रमाणपत्र लिएका र तला थपको अभिलेखिकरण गर्न | नक्सा पास दस्तूरमा दूई गूणा जरिवाना थप गर्ने | थप |
| १५३ | पहिले नक्सा पास लिइसकेका तर क्षेत्रफल बढाइ अभिलेखिकरण गर्न | थप क्षेत्रफलमा नक्सा पास दस्तुरमा दुई गूणा जरिवाना थप गर्ने | थप |
| १५४ | स्थानीय सरकार संचालन ऐन लागु भए पश्चात नक्सा पासको अनुमति लिएका तर चार वर्षसम्म पनि निर्माण सम्पन्नको प्रमाणपत्र नलिएका घर धनिलाई थप दुई वर्षका लागि म्याद थप गर्न (प्रति वर्ग फिट) | नक्सा पास दस्तूरको छृण् प्रतिशत दस्तूर तिरी म्याद थप गर्ने । | |
| १५५ | घ वर्गका घरहरु निर्माणका लागि नक्सा पास अनुमति (प्रति वर्ग फिट) | ३.०० | थप |
| १५६ | अस्थायी भवनहरु निर्माणका लागि नक्सा पास अनुमति | पक्की संरचना | थप |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| | (प्रति वर्ग फिट) | निर्मान लागि तोकिएको दरमा रेटमा २५ प्रतिशत छुट गरी राजस्व लिने । | |
| १५७ | अस्थायी टहराहरु (जस्तै कुखुरा पालन, पशु पालन,कुषि प्रयोजन,गोदाम घर, मेला तथा पर्वमा बनाइने टहरा तथा अन्य टहराहरु) अभिलेखिकरण प्रति वर्ग फिट | रु.३.०० | थप |
| १५८ | महिलाको नाममा घर नक्सा पास तथा अभिलेखिकरण गरेमा | लाग्ने राजस्वमा २५ प्रतिशत छुट | थप |
| १५९ | स्थानीय सरकार संचालन ऐन लागु भए पश्चात र २०७७ असाढ मसान्त भन्दा अगाडी घर नक्साका लागि राजस्व तिरेका र कुनै पनि प्रमाणपत्र नलिएका घरको अभिलेखिकरण गर्ने | हालको नक्सा पासको दस्तुरमा दूई गूणा जरिवाना थप गर्ने | थप |
| १६० | भुई तलामा व्यापारिक प्रयोजन र अन्य तलामा आवासीय प्रयोजन भएमा नक्सा पासका लागि दस्तुर प्रति वर्ग फिट | व्यापारिक प्रयोजनका लागि लिइने दस्तुर लिने | थप |
| १६१ | अनुमति लिएको दुई वर्ष पुरा भई थप दुई वर्षका लागि नक्सापास म्याद थप | रु. २,५००.०० | |
| १६२ | मापदण्ड पुरा गरेका तर अनुमति नलिई घर निर्माण गरि सकेकालाई नक्सापास अनुमति | नक्सा पास दस्तुरको तिन गुणा राजस्व लिने | संसोधन |
| १६३ | २०७७ आषाढसम्म मापदण्डभित्र रही स्वीकृत लिएका तर मापदण्ड पुरा नगरी निर्माण भएका घरनक्सा अभिलेखीकरणका लागि | २० प्रतिशत थप जरीवाना प्रति वर्ग फिट | |
| १६४ | २०७७ श्रावण देखी मापदण्डभित्र रही स्वीकृत लिएका तर मापदण्ड पुरा नगरी निर्माण भएका घरनक्सा अभिलेखीकरणका लागि | तोकिएको दरमा दुइ गुणा जरिवाना थप गर्ने | |
| १६५ | स्थानीय सरकार संचालन ऐन, २०७४ लागु भए पश्चात | तोकिएको दरमा दुइ गुणा जरिवाना | |

| सेवा शुल्क दस्तुर (आ.व. २०७८/०७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन थप |
| | र २०७७ आषाढ मसान्तभित्र नक्सा नगरी मापदण्ड विपरित निर्माण गरिएका घरको अभिलेखिकरण | थप गर्ने | |
| १६६ | नक्सा परिवर्तनका लागि ९मापदण्ड तथा संहिताभित्र रहीे० | प्रतिवर्ग फिट रु.१।– | **संसोधन** |
| १६७ | स्वीकृत भन्दा प्लीन्थ एरिया बढाई (कभरेज एरिया नबढने गरी) तथा संहिता र मापदण्ड पालना गरी बनाएका घरहरु | बढेको क्षेत्रफलको प्रतिवर्ग फिट दस्तुरको तीन गुणा दस्तुर लिन | **संसोधन** |
| १६८ | मापदण्ड पुरा गरेका तर अनुमति नलिई प्लिन्थ लेभलसम्म निर्माण गरि सकेकालाई सुपरस्ट्रकचरको अनुमति | | **संसोधन** |
| १६९ | नक्सा पास प्रमाणपत्र शुल्क | ३००.०० | **संसोधन** |
| १७० | ट्रस प्रयोग गरी निर्माण गरिने घरहरुको नक्सा पास प्रति वर्ग फिट | .६।- | **थप** |
| १७१ | प्रीफ्याव भवनहरुको नक्सा पास दस्तुर | ६।- | **थप** |
| १७२ | विद्युत र दुरसञ्चारले हाम्रो पोल उपयोग गरे वापत प्रति पोल | १०.०० | |
| १७३ | अन्य संघ सस्थाले पोल उपयोग गरे वापत | १५.०० | |
| | | | |

| १७४ | **विभिन्न वडामा निर्माण भएका र निर्माण हुने पक्की संरचनाको नक्सापास दस्तुर प्रति वर्ग फुट ९रु.०** | | | |
|---|---|---|---|---|
| | **वडा नं.** | **व्यापारिक प्रयोजन** | **आवासिय प्रयोजन** | **संसोधन** |
| | १ | ९।– | ७।– | |
| | २ | ९।– | ७।– | |
| | ३ | ७।– | ५।– | |
| | ४ | ७।– | ५।– | |
| | ५ | १३।– | ११।– | |
| | ६ | १३।– | ११।– | |
| | ७ | १२।– | १०।– | |
| | ८ | १२।– | १०।– | |
| | ९ | १३।– | ११।– | |
| | १० | ९।– | ७।– | |

| | | | | |
|---|---|---|---|---|
| | ११ | ९।– | ७।– | |
| | १२ | १२।– | १०।– | |
| | १३ | ७।– | ५।– | |
| | १४ | ८।– | ६।– | |
| | १५ | ८।– | ६।– | |
| | १६ | ९।– | ७।– | |
| | १७ | ९।– | ७।– | |
| | १८ | ११।– | ९।– | |
| | १९ | ९।– | ७।– | |

| १७५ | भवनको ह्रास कट्टी प्रतिशत र ह्रासकट्टी गर्ने अवधि | | | |
|---|---|---|---|---|
| | भवनका बनावट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी (Straight Line Method) अनुसार हुनेछ। यसका गणना देहाय बमोजिम गरिनेछः । | | | |
| क्र.सं. | भवनका प्रकार/बनोट | वार्षिक ह्रास | ह्रासकट्टी | क्र.सं. |
| १ | भित्र काँचो बाहिर पाको इट्टामा माटोका जोडाई भएका भवन र काठबाट बनेका भवन | ३% | २५ वर्ष | |
| २ | भित्र बाहिर पाको इट्टा वा ढुंगा र माटोका जोडाई भएका सबै किसिमका भवन | २% | ३५ वर्ष | |
| ३ | प्रीफायब भवन,गोदाम भवन | ३% | २५ वर्ष | **थप** |
| ४ | भित्र बाहिर पाको इट्टा र सिमेन्टको जोडाई भएको भवन | १.५% | ५०वर्ष | |
| ५ | स्टील स्टक्ट्रचर(ट्रस)भवन | २% | ३५ वष | |
| ६ | आर.सी.सी फ्रेमस्ट्रक्चर भवन | १% | ७५ वर्ष | |
| ७ | अस्थाई संरचनाहरु | १० | ५ वर्ष | |

| १७६ | ऐलानी जग्गामा घर बनाए वापतको नगर सेवा शुल्क प्रति तल्ला वार्षिक वडा कार्यालयबाट | | | | |
|---|---|---|---|---|---|
| | वडा नं. | व्यापारिक पक्की | व्यापारिक कच्ची | आवासिय पक्की | आवासिय कच्ची |
| | १ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | २ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | ३ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | ४ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | ५ | रु.८०००।– | रु.३०००।- | रु. १०००।- | रु.५००।– |
| | ६ | रु.८०००।– | रु.३०००।- | रु. १०००।- | रु.५००।– |
| | ७ | रु.५०००।– | रु.२०००।- | रु. १०००।- | रु.५००।– |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | ९ | रु.५०००।– | रु.२०००।- | रु. १०००।- | रु.५००।– |
| | १० | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | ११ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १२ | रु.३०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १३ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १४ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १५ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १६ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १७ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १८ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |
| | १९ | रु.२०००।– | रु.१०००।- | रु. १०००।- | रु.५००।– |

**अनुसुची १३ संग सम्बन्धित**

| चारकिल्ला तथा घर बाटो प्रमाणित वडा नं. ५, ६, ९ को ५ (ख), ५(ग) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | ० देखी ५ धुरसम्म | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० |
| २ | ५ देखी १० धुरसम्म | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० | ३००.०० |
| ३ | १० देखी १ कठ्ठासम्म | ९००।०० | ८००.०० | ६००.०० | ५००.०० | ४००.०० |
| ४ | १ कठ्ठा देखी माथि | १,२००.०० | १,०००.०० | ७००.०० | ६००.०० | ५००.०० |

| चार किल्ला तथा घर बाटो प्रमाणित वडा नं.२, ८, ९ को ५(ख), ५ (ग) बाहेक, १२, १७, १८ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | ० देखी ५ धुरसम्म | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० |
| २ | ५ देखी १० धुरसम्म | ६००.०० | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० |
| ३ | १० देखी १ कठ्ठासम्म | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० | ३५०.०० |
| ४ | १ कठ्ठा देखी माथि | ८००.०० | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० |

| चार किल्ला तथा घर बाटो प्रमाणित वडा नं.२, ८, ९ को ५(ख), ५ (ग) बाहेक, १२, १७, १८ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| ५ | ० देखी ५ धुरसम्म | १,०००.०० | ८००.०० | ७००.०० | ६००.०० | ५००.०० |

| चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं. ४, ७, १०, ११, १३, १४, १५, १६ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | ० देखी ५ धुरसम्म | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० | २००.०० |
| २ | ५ देखी १० धुरसम्म | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० |
| ३ | १० देखी १ कठ्ठासम्म | ६००.०० | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० |
| ४ | १ कठ्ठा देखी ५ कठ्ठासम्म | ७००.०० | ६००.०० | ५००.०० | ४५०.०० | ३५०.०० |
| ५ | ५ कठ्ठा देखी माथी | ९००.०० | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० |

| चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं. १, ३, १९ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | १ कठ्ठा देखी ५ कठ्ठासम्म | ५००.०० | ३५०.०० | ३००.०० | २५०.०० | १५०.०० |
| २ | ५ कठ्ठा देखी १ बिगाहसम्म | ६००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २००.०० |
| ३ | १ विगाह देखि २ विगाहसम्म | ७००.०० | ५५०.०० | ४५०.०० | ४००.०० | २५०.०० |
| ४ | २ विगाह देखि माथि | ८००.०० | ६००.०० | ५००.०० | ४००.०० | ३००.०० |

**नोटः क) नक्सामा बाटो नभए पनि चलन चल्तीका बाटोहरुलाई समेत बाटो मानी प्रमाणित गर्ने ।**

**अनुसुची – १४**

**पर्यटन शुल्क (आ.व. २०७८/०७९)**

**तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७८ दफा (१५) संग सम्बन्धित**

| क्र.सं. | विवरण | दरहरु | संशोधन÷थप |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | नगरपालिकाले प्रयटनका लागि तोकेको क्षेत्र | नगर कार्यपालिकाले तोके बमोजिम | |
| २ | राप्ती उद्यान पार्क | विक्री टिकटको ज्ञ प्रतिशत | **थप** |

## अनुसुची – १५

## लगानीबाट प्रतिफल (आ.व. २०७८/०७९)

## तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७८ दफा (१६) संग सम्बन्धित

| **लगानीबाट प्रतिफल (आ.व. २०७७/०७८)** | | | |
|---|---|---|---|
| **क्र.सं.** | विवरण | दरहरु | संशोधन/थप |
| १ | शेयर लगानीबाट प्रतिफल | नगर कार्यपालिकाले तोके बमोजिम | |
| २ | उद्यम विकासको व्याज | | |
| ३ | दुना टपरी उद्योगलाई लगानी गरेको ऋणमा | २ प्रतिशत वार्षिक | |
| ४ | हाम्रो पहुच सहकारी संस्थालाई लगानी गरेको ऋणमा | ६ प्रतिशत वार्षिक | साझेदारी विकास कोष |
| ५ | तुलसीपुर महिला कृषि लघु उद्यमी उपज समूह | ६ प्रतिशत वार्षिक | साझेदारी विकास कोष |
| ६ | अन्यको हकमा कार्यपालिकाले तोके बमोजिम | | |

## अनुसुची – १६

## बसपार्क पुर्वाधार शुल्क (आ.व. २०७८/०७९)

## तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७८ दफा (१७) संग सम्बन्धित

| **बसपार्क पुर्वाधार शुल्क** (आ.व. २०७८/७९) | | | |
|---|---|---|---|
| **क्र.सं.** | विवरण | दरहरु (रु.) | संशोधन÷थप |
| १ | सटर पुर्व आगाडि | १०,०००.०० | टेन्डर ठेक्कामा लागेमा सोही बमोजिम । |
| २ | सटर पश्चिम पछाडि | ८,०००.०० | |
| ३ | पिसाब गरेको | ५.०० | |
| ४ | शौच गरेका | १०.०० | |
| ५ | स्नान | २५.०० | |
| ६ | टर्मिनल भवन टिकट घर | १००००.०० | |
| ७ | टर्मिनल भवन २ वटा टिकट घर | १५०००.०० | |
| ८ | टर्मिनल भवन चमेना गृह | ८०,०००.०० | |
| ९ | पार्किङ्ग शुल्क लामो समय रात्री समेत | | |
| | दैनिक | १००.०० | |
| | मासिक (७ दिन देखी ३० दिनसम्म) एकमुष्ट | १,५००.०० | |

| बसपार्क पुर्वाधार शुल्क (आ.व. २०७८/७९) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु (रु.) | संशोधन÷थप |
| १० | पार्किङ्ग शुल्क छोटो समय प्रति दुई घन्टा | | |
| | मोटर साईकल | १०.०० | |
| | अन्य सवारी साधन | १५.०० | |
| ११ | प्रवेश तथा निकास | | |
| | अटो | २०.०० | |
| | जिप | २५.०० | |
| | दाङ्ग जिल्लाभित्र चल्ने सवारी साधन | ५०.०० | |
| | प्रदेशभित्र चल्ने सवारी साधन | ७५.०० | |
| | मध्यम दुरीमा चल्ने सवारी साधन | १७५.०० | |
| | लामो दुरीमा चल्ने सवारी साधन | २००.०० | |
| | अन्तरदेशयि चल्ने सवारी साधन | ३००.०० | |
| | बाहिर समितिका सवारी साधनलाई थप | २५.०० | |
| १२ | गाडि धुलाई क्षेत्र जग्गा भाडा प्रति एक स्थान | २०,०००.०० | |
| | | | |

## अनुसुची – १७

## अन्य ब्यवस्थाहरु (आ.व. २०७८/०७९)

## तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७८ दफा (१८) संग सम्बन्धित

| कर सम्बन्धी अन्य ब्यवस्थाहरु | |
|---|---|
| क्र.सं. | विवरण |
| १ | घरबाटो सिफारिशमा महिला लाई २५ प्रतिशत छुट र औषद्यी उपचार तथा अपाङग परिचय पत्रको लागी निशुल्क सिफारीस दिने । |
| २ | चालु आ।व।को पुष मसान्तसम्म नयाँ व्यवसाय दर्ता गर्न आएमा सवैलाई निस्शुल्क दर्ता गरिदिने । पुष मसान्त पश्चात नयाँ व्यवसाय दर्ता गर्न आएमा तोकिएको लाग्ने शुल्क लिई दर्ता गर्ने । |
| ३ | दलित,अपाङ्ग,महिला,द्धन्द पिडितहरु चालु आ।व।को पुष मसान्त पश्चात नयाँ व्यवसाय दर्ता गर्न आएमा तोकिएको लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिई दर्ता गर्ने । |
| ४ | कृषि तथा पशुपंक्षीपालक व्यवसायीहरु चालु आ।व।को मंसिर मसान्त पश्चात नयाँ व्यवसाय दर्ता गर्न आएमा तोकिएको लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिई दर्ता गर्ने । |
| ५ | कुनै पनि उद्योग तथा व्यवसायको हकमा चालु आ।व।को असोज मसान्तभित्र नविकरण गर्न आएमा नविकरण शुल्कमा २० प्रतिशत छुट दिई नविकरण गरिनेछ । |

| | |
|---|---|
| ६ | कुनै पनि व्यक्ति वा संस्था स्वस् घोषणा गरी तोकिएको कर भन्दा बढी तिर्न आएमा सो कर लिने । |
| ७ | स्वास्थ्यसंग सम्वन्धित व्यवसायहरु सम्वन्धित निकायमा दर्ता भएका तर यस उ.म.न.पा.दर्ता नभएकाको हकमा नगरपालिकाको स्वास्थ्य महाशाखा र सम्वन्धित वडाको सिफारिस बमोजिम विगत ३ आ.व.को दर्ता शुल्कमा २५ प्रतिशत विलम्व शुल्क लिई दर्ता गर्ने । |
| ८ | कुने पनि व्यवसाय होलसेल ÷थोकको रुपमा संचालन गर्दा न्यूनतम कूल पूंजी रु।पच्चीस लाख बाट शुरु हुने छ । |
| ९ | चालु आ.व.को पुष मसान्तभित्र घ वर्गका, कच्ची, प्रीफ्याव र अस्थायी घरहरुको अभिलेखिकरणका लागि अभिलेखिकरण दस्तुर, अमिन सेवा शुल्क, सुपरभिजन शुल्क र प्रमाणपत्र शुल्कमा ५० प्रतिशत छुट गरिनेछ । |
| १० | चालु आ.व. को पुष मसान्तभित्र पक्की घर अभिलेखिकरण गर्नका लागि तोकिएको थप जरिवानामा ५० प्रतिशत छुट दिई अभिलेखिकरण गरिनेछ । |
| ११ | साविक नगरपालिका साझेदारी विकास कोष तथा गाउ विकास कोष अन्तरगत विगतमा बक्यौता ऋण लगानी रकम असुल गर्दा कुल व्याजमा ५० प्रतिशत छुट गर्ने व्यवस्था मिलाउने । |
| १२ | वर्षभरीमा तिनवटा बाली लगाउने लाई निर्णय अनुसार २५ प्रतिशत कर छुटको व्यवस्था गर्ने । |
| १३ | बाटो लगत कट्टि गर्नेलाई सम्पत्ति करमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने । |
| १४ | न.पा.को मापदण्ड अनुसार बाटो लगत कट्टि गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने (प्लटिङ्ग बाहेक) |
| १५ | १०० जना भन्दा बढि रोजगार दिने उद्योगलाई पहिलो ३ वर्षको करमा ५० प्रतिशत मात्र लगाईनेछ । |
| १६ | व्यवसाय कर र बहाल बिटौरी कार्यमा फिल्ड खटिने कर्मचारीलाई विशेष भत्ता स्वरुप उठेको रकमको ५ (पांच) प्रतिशत रकम उपलव्ध गराउने । |
| १७ | फिल्डवाट जफत तथा जरिवाना असुल गरे वापतको रकम वाट २५ प्रतिशत असुल गर्ने कर्मचारी तथा संघ संस्थालाई उपलव्ध गराउने । |
| १८ | अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गरी रहेको अवस्थामा प्रहरी प्रशासनबाट पक्राउ परी असुली भएको राजस्वको २५ प्रतिशत प्रोत्साहन स्वरुप उक्त प्रहरी प्रशासनलाई उपलब्ध गराउने । |
| १९ | घर घडेरी तथा बर्ष भरी खेतीयोग्य जग्गा बांझो भएमा प्रति कठ्ठा रु.१००।— थप शुल्क लाग्ने । |
| २० | सरसपफाइको अवस्था अनुसार प्रत्येक घरहरुलाई स्टिकरको व्यवस्था गर्ने— पूर्ण सफा |

| | |
|---|---|
| | (हरियो), सफा घरलाई (रातो) । |
| २१ | नदीजन्य पदार्थ उत्खनन गरिएको क्षेत्रबाट उठेको राजस्वको १० प्रतिशत रकम सम्बन्धित वडा कार्यालय मार्फत प्रभावित क्षेत्रमा खर्च गर्ने । |
| २२ | मापदण्डको आधारमा उत्कृष्ट करदातालाई कार्यपालिकाको निर्णय अनुसार सम्मान तथा पुरस्कारको व्यवस्था गरिने । |
| २३ | कोभिड १९ को कारण असार मसान्तमा कर भुक्तानी गर्ने दायित्व भएका करदातालाई आगामी आ व को पहिलो चौमासिकसम्म कर भुक्तानी गर्दा जरीवाना लाग्ने छैन । |
| २४ | तुलसीपुर उपमहानगरपालिकामा भुक्तानी गर्नु पर्ने रकम इलष्लिभ एबथmभलत गर्दा लाग्ने करमा १ प्रतिशत छुट। |
| २५ | तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट निर्णय भएका छुट तथा सुविधा निर्णय अनुसार हुनेछ । |
| २६ | तुलसीपुर उपमहानगरपालिकाबाट काटेको नगदि रसिद अवधिको हकमा विदेशी प्रयोजनका लागि ३ महिना र अन्यको हकमा ३५ दिनसम्मको हुनेछ । घर नक्शा पासको हकमा यो नियम लागु हुने छैन । |
| २७ | अन्य व्यवस्था संघिय तथा प्रदेश कानून र तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिकाले तोकिए बमोजिम हुनेछ । |

# तुलसीपुर बहुप्राविधिक शिक्षालय (Tulsipur Polytechnic Institute)
# ऐन, २०७८

**पारित मिति २०७८/०१/१०**

**प्रस्तावना :**

समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य पुरा गरी विद्यार्थी, युवावर्ग र आम नागरिकलाई प्राविधिक शिक्षा प्रदान गरेर स्वरोजगार र आत्मनिर्भर बनाउन, समाजलाई समृद्धिको बाटोमा अग्रसर गर्ने काममा सहयोग गर्न, नयाँ पुस्तालाई एक्काईसौं शताब्दीका चुनौतीहरु सामना गर्न सक्ने गरी सक्षम बनाउन, शिक्षालाई उत्पादन र श्रमसंग जोड्न र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को सहकार्यमा तुलसीपुर उपमहानगरपालिकाबाट गैरनाफामुखी सामुदायिक बहुप्राविधिक शिक्षालयका रुपमा स्थापना र सञ्चालन भएको तुलसीपुर बहुप्राविधिक शिक्षालयको शैक्षिक, आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्न वान्छनीय भएकोले नेपालको संविधान २०७२ को अनुसूचि ८ मा व्यवस्था गरेको स्थानीय तहको अधिकार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम तुलसीपुर उपमहानगरपालिकाले यो तुलसीपुर बहुप्राविधिक शिक्षालयको विनियम, २०७८ बनाई लागू गरिएको छ ।

## परिच्छेद– १
## नाम र प्रारम्भ

**१. नामः** यस विनियमको नाम तुलसीपुर बहुप्राविधिक शिक्षालय, २०७८ रहेको छ ।

**२. प्रारम्भः** यो विनियम तुलसीपुर उपमहानगरपालिका नगरसभाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा :

१. 'सञ्चालक समिति' भन्नाले विनियमको नियम (६) बमोजिमको शिक्षालयको सञ्चालक समितिलाई बुझाउँछ ।

२. 'शिक्षालयको निर्णय' भन्नाले शिक्षालय सञ्चालक समितिको निर्णयलाई जनाउ"छ ।

३. 'अध्यक्ष' भन्नाले शिक्षालय सञ्चालक समितिको अध्यक्षलाई जनाउछ ।

४. 'शिक्षालय' भन्नाले तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ स्थित पशुपति मावि हरिपौरीको नाममा रहेको जग्गामा सञ्चालनमा आएको तुलसीपुर बहुप्राविधिक शिक्षालयलाई बुझाउछ ।

५.क.'शिक्षालय प्रमुख' भन्नाले शिक्षालयको प्रमुखलाई बुझाउछ ।

५.ख. 'शिक्षालय उपप्रमुख ' भनाले शिक्षालयको उपप्रमुखलाई बुझाउछ ।

६. 'कार्यक्रम समिति' भन्नाले विनियमको नियम (१६) बमोजिम गठन भएको कार्यक्रम समिति सम्झनुपर्छ।

७. 'विभाग' भन्नाले शिक्षालयका विभागहरु सम्झनुपर्छ ।

८. 'परीक्षा समिति' भन्नाले विनियमको नियम १८ बमोजिम गठन भएको परीक्षा समिति सम्झनुपर्छ ।

९. 'शिक्षालय सेवा' भन्नाले पूरा वा आंशिक समय काम गर्ने शिक्षक र कर्मचारीको सेवा सम्झनुपर्छ ।

१०. 'शिक्षक' भन्नाले शिक्षालयको अध्यापन सेवामा नियुक्ति भएका शिक्षालय प्रमुख समेतलाई सम्झनुपर्छ।

११. 'कर्मचारी' भन्नाले अध्यापन र अनुसन्धान कार्य बाहेक शिक्षालयको प्रशासनिकलगायत सेवामा संलग्न प्रशासनिक व्यक्तिलाई सम्झनुपर्छ ।

१२. 'सिटिइभिटी' भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई सम्झनुपर्छ ।

१३. 'परीक्षा प्रमुख' भन्नाले शिक्षालयको परीक्षा विभागको प्रमुख सम्झनुपर्छ ।

१४. 'विभागीय प्रमुख' भन्नाले सञ्चालक समितिबाट गठित विभाग/शाखाको प्रमुख सम्झनुपर्छ ।

१५. 'बजेट' भन्नाले सञ्चालक समितिद्वारा पारित आय–व्ययको वार्षिक अनुमानलाई सम्झनुपर्छ र यस शब्दले स्वीकृत पूरक बजेटलाई समेत जनाउ“छ ।

१६. 'निकासा' भन्नाले पारित बजेटअन्तर्गत रही तुलसीपुर उपमहानगरपालिकाले शिक्षालयलाई दिने निकासा सम्झनुपर्छ ।

१७. 'ऐन नियम' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई बुझाउछ ।

१८. 'अटुट सेवा' भन्नाले शिक्षालयमा पूर्णकालीन करार वा अस्थायी सेवामा निरन्तर सेवा गरेकोलाई जनाउ“छ ।

१९. 'परिवार' भन्नाले पूर्णकालीन शिक्षक वा पूर्णकालीन कर्मचारीसँग एकाघरमा बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बुबा, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।

## परिच्छेद–२

**४. शिक्षालयका उद्देश्यहरु देहाय वमोजिम रहनेछ** :

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटी) सँगको साझेदारीमा स्थानीय आवश्यकताको आधारमा विभिन्न संघसंस्था र निकायसँग सम्बन्धन र समन्वयमा विभिन्न प्राविधिक र सीपमुलक लगायतका विषयका तहगत कक्षाहरु, सीपमुलक छोटो, मध्यम र लामा अवधिका तालिमहरु संचालन गर्ने ।

ख) सबैको पहुँचमा प्राविधिक शिक्षा र उद्यमशिलता शिक्षा पुर्याएर तुलसीपुरलाई प्राविधिक शिक्षाको केन्द्रका रुपमा विकास गर्ने ।

ग) प्राविधिक तथा सीपमुलक तालिम प्रदान गरेर स्वरोजगार बनाउने र दक्ष जनशक्तिको विकास गर्ने ।

घ) प्रचलित ऐन नियममा रही स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरुसंग सम्वन्ध कायम गर्ने र आर्थिक, प्राविधिक तथा अन्य सहयोग आदानप्रदान गर्ने ।

ङ) शिक्षालयलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

च) अनुशासित, स्तरीय, दक्ष र देशभक्त नागरिकहरुको उत्पादन गर्ने ।

छ) विद्यार्थीहरुमा स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास गराई युगानुकूल सक्षम जनशक्तिको विकास गर्ने।

ज) न्युनतम शुल्कमा प्राविधिक शिक्षा प्रदान गर्ने ।

झ) शिक्षालयलाई यस क्षेत्रकै नेतृत्वदायी संस्थाको रुपमा विकास गर्ने ।

ञ) शिक्षालयको व्यवस्थापनमा हरेक क्षेत्रको प्रतिनिधित्व गराई साझा सामाजिक प्रतिष्ठानको रुपमा शिक्षालयलाई अगाडी बढाउने ।

ट) शिक्षक एंव कर्मचारीहरुलाई तालिम तथा अध्ययन अनुसन्धानमा सहभागी गराई शिक्षालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई सशक्त र प्रभावकारी बनाउने,

ठ) समयानुकुल शिक्षालयको विकास गर्दै लगेर शिक्षालयलाई लुम्बिनी प्रदेशको मुख्य प्राविधिक शिक्षाको केन्द्रका रुपमा विकास गर्ने ।

ड) शिक्षालय अन्तर्गत विभिन्न खेलकुद तथा कल्याणकारी कार्यक्रमको व्यवस्था र संचालन गर्ने,

ढ) छात्रवृत्ति, पदक, सम्मान तथा पुरस्कारहरु प्रदान गर्ने व्यवस्था गर्ने ।

**५. शिक्षालयको नाम र ठेगाना :**

**क) शिक्षालयको नामः** यस शिक्षालयको नाम तुलसीपुर बहुप्राविधिक शिक्षालय रहनेछ । अँग्रेजीमा यस शिक्षालयलाई Tulsipur Polytechnic Institute भनिनेछ ।

**ख) ठेगानाः**

क) यो शिक्षालय तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ हरिपौरीमा रहनेछ । शिक्षालयले शिक्षण कार्यक्रम तथा विभिन्न प्रकृतिका तालिमहरु तुलसीपुर उपमहानगरपालिका र स्थानीय, प्रदेश तथा संघ सरकारसँग समन्वय गरी अन्य स्थानमा पनि सञ्चालन गर्न सक्नेछ ।

ख) तुलसीपुर उपमहानगरपालिका भित्र सञ्चालक समितिको निर्णय अनुसार पनि शिक्षण र तालिम केन्द्रहरु तोक्न सकिनेछ ।

**६. शिक्षालय संगठित संस्था हुने :**

क) शिक्षालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

ख) शिक्षालयको सम्पूर्ण काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसको नमूना अनूसूचि १ मा दिइएको छ ।

ग) यस संस्थाले कानुनी उपचारका लागि आवश्यक कार्य आफै गर्न सक्नेछ ।

घ) यस शिक्षालयको संगठन तालिका अनुसूची–२ बमोजिम हुनेछ ।

## परिच्छेद ३

**७. शिक्षालयको संगठनः** शिक्षालयको संगठन, स्वरुप, पदाधिकारी र सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

क) शिक्षालयको सभा

ख) शिक्षालय सञ्चालक समिति

ग) शिक्षालय प्रमुख

**८. शिक्षालय सभाः**

क. शिक्षालयलाई अविछिन्न रुपमा बढी सक्षम बनाई सुव्यवस्थित तरीकाले सञ्चालन, संवद्र्धन, संरक्षण गर्नुका साथै आवश्यक रेखदेख, नियन्त्रण, निर्देशन र समन्वय गर्नका लागि शिक्षालयको सर्वोच्च अंगका रुपमा एउटा शिक्षालय सभा हुनेछ ।

ख. यस सभामा देहायका व्यक्तिहरु सदस्य रहनेछन् ।

शिक्षालय सभाको सदस्य संख्या बढीमा १०१ जनाको हुनेछ ।

१. शिक्षालय संचालक समितिका सबै सदस्यहरु ।

२. सञ्चालक समितिका संस्थापक सदस्यहरु

३. शिक्षालय संचालक समितिद्धारा शिक्षालय सभाका निम्ती मनोनित विज्ञ सदस्यहरु ।

४. विशिष्ट सदस्यहरु ।

५. सल्लाहकार सदस्यहरु ।

६. सञ्चालक समितिले मनोनित गरेका शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थीहरुबाट मनोनित बढीमा १० जना (कम्तिमा ५ जना महिला )

**ग. शिक्षालय सभाको काम, कर्तव्य र अधिकार :**

**शिक्षालय सभाको काम, कर्तव्य र अधिकारहरु निम्नानुसार हुनेछन् :**

१. शिक्षालयको शैक्षिक, आर्थिक, प्रशासनिक र भौतिक आदि पक्षको विकासमा मार्गदर्शनको भूमिका खेल्ने।

२. शिक्षालयको वार्षिक कार्यक्रम छलफल गर्ने, अनुमोदन गर्ने ।

३. वार्षिक आय व्यय बजेट अनुमोदन गर्ने ।

४. लेखा परिक्षणको प्रतिवेदन माथि छलफल गर्ने र अनुमोदन गर्ने ।

५. आवश्यकता अनुसार उप समिति गठन गर्ने ।

६. शिक्षालयको विकासमा दीर्घकालिन योजनामा स्वीकृती दिने ।

७. संचालक समितिको गठन, उचित कारण दर्शाई विघटन र पूनर्गठन गर्ने ।

८. समितिले गरेका काम कारवाहीको अनुमोदन गर्ने ।

९. नियमावलीमा उल्लेख भए अनुसारका अन्य आवश्यक कामहरु गर्ने ।

**घ. शिक्षालय सभाको बैठक :**

शिक्षालय सभाको बैठक साधारणतया वर्षमा एक पटक शिक्षालय संचालक समितिले तोकेको स्थान र समयमा बस्नेछ र एक तिहाई शिक्षालय सभा सदस्यहरुले लिखितरुपमा सभा गराउनका निम्ति सभा समक्ष लिखित अनुरोध गरेमा १ महिना भित्र अध्यक्षले सभा बोलाउनु पर्नेछ ।

**ङ) सदस्यहरुको वर्गीकरण :** तुलसीपुर बहुप्राविधिक शिक्षालयका सदस्यहरुको वर्गीकरण निम्नानुसार गरिनेछ।

**१. शिक्षालय संचालक समितिका सदस्य :** शिक्षालय सञ्चालक समितिका सबै सदस्यहरु शिक्षालय सभाको सदस्य हुनेछन् ।

**२. मनोनित सदस्य :** शिक्षालय सभाको लागि शिक्षालय सञ्चालक समितिले शिक्षाप्रेमी, बुद्धिजीवि, समाजसेवी र सहयोगीहरु मध्येबाट आवश्यकताका आधारमा सभासदको रुपमा मनोनित गर्नेछ । यस्ता सभासदहरुको पदावधि ४ वर्षको रहनेछ ।

**३. शिक्षालय सञ्चालक समितिका संस्थापक सदस्य :** शिक्षालय सञ्चालक समितिका संस्थापक पदाधिकारी सबै शिक्षालय सभाका सदस्य रहनेछन् ।

४. **विशिष्ट सदस्यहरु :** शिक्षालयलाई कम्तिमा रु १,००,००० (एकलाख ) वा सो वरावरको सञ्चालक समितिले स्विकार गरेको जिन्सी प्रदान गर्ने व्यक्ति शिक्षालय सभाको विशिष्ट सदस्य रहनेछन् ।

५. **सल्लाहकार सदस्य :** शिक्षालय सञ्चालक समितिका सल्लाहकार सदस्य पनि शिक्षालय सभाका सदस्य रहनेछन् ।

**च.सभाको बैठक गणपुरक संख्या :**

शिक्षालय सभाको बैठक बस्नका लागि एक तिहाइ सभासद उपस्थित हुनु पर्नेछ । पहिलो बैठकमा गणपुरक संख्या नपुगेमा अध्यक्षले सात दिन भित्र दोस्रो बैठक बोलाउनु पर्नेछ । दोस्रो बैठकमा ५१ सभासद उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले आफ्नो निर्णायक मत दिनेछन शिक्षालय सभाको सदस्य सचिवमा क्याम्पस प्रमुख रहनेछन् ।

**छ. पदेन सदस्य बाहेकका सदस्यहरुको अवधि चारवर्षको हुनेछ ।**

**ज. यो ऐन बन्दाको अवस्थामा भएको समिति शिक्षालय सभा नहुदासम्म तदर्थ समिति हुनेछ ।**

९. **सञ्चालक समिति :** शिक्षालय सञ्चालनका लागि देहाय बमोजिम सञ्चालक समिति हुनेछ ।

| | |
|---|---|
| (क) नगरप्रमुख | –पदेन अध्यक्ष |
| (ख) उपप्रमुख | – पदेन उपाध्यक्ष |
| (ग) कार्यपालिका सदस्यमध्ये १ महिला सहित २ जना | –पदेन सदस्य |
| (घ) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना | – पदेन सदस्य |
| (ङ) पशुपती मावि हरिपौरीको प्रतिनिधि २ जना | –पदेन सदस्य |
| (च) कार्यक्रम सञ्चालन गरेको संस्थाबाट प्रतिनिधि १ जना | –पदेन सदस्य |
| (छ) शिक्षालय सभाले तोकेका ६ जना | –सदस्य |
| (ज) नगर शिक्षा समिति संयोजक या निजले तोकेको व्यक्ति १ जना | –पदेन सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | –पदेन सदस्य |
| (ञ) शिक्षालय प्रमुख | –सदस्य–सचिव |

**सल्लाहकार समिति**

क) निवर्तमान नगर प्रमुख

ख) निवर्तमान सम्बन्धित वडाको वडा प्रमुख

ग) सञ्चालक समितिको निर्णय अनुसार विज्ञहरु

**१०. बैठक, गणपूरक सङ्ख्या**

१. सञ्चालक समितिको बैठक समितिका अध्यक्षको अध्यक्षतामा कम्तिमा दुई महिनामा एकपटक र आवश्यकताअनुसार बस्नेछ ।

२. पचास प्रतिशत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ ।

३. कुनै सदस्य विनासूचना लगातार ३ पटक बैठकमा अनुपस्थित भएमा निजलाई सदस्यताबाट हटाउन सक्नेछ ।

**११. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

१. शिक्षालयको आवश्यकता अनुसार दैनिक ज्यालादारी, करार, अस्थायी, स्थायी किसिमका शिक्षक र कर्मचारीहरुको नियुक्ति कार्य विवरण समेत तोकी गर्ने ।

२. शिक्षालयका लागि आवश्यक शिक्षकको दरबन्दी स्वीकृत गर्ने ।

३. शिक्षालयको वार्षिक बजेट तयार गरी पारित गर्ने ।

४. वार्षिक रुपमा शिक्षालयको आर्थिक, शैक्षिक, प्रशासनिक प्रतिवेदनमाथि समीक्षा गरी आवश्यक नीति बनाउने र निर्देशन दिने ।

५. शिक्षालयको भौतिक पूर्वाधार निर्माण, सम्भार र सुरक्षाको लागि आवश्यक समितिहरु गठन गर्ने ।

६. आवश्यकताअनुसार मातहतका पदाधिकारी, शिक्षक र कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।

७. कुनै कारण रिक्त रहन गएको सञ्चालक समितिका सदस्य मनोनयन गर्ने ।

८. शिक्षक र कर्मचारीहरुको सेवा–सुविधा निर्धारण गर्ने ।

९. विद्यार्थीहरुको आचारसंहिता पारित गर्ने ।

१०. नियम ५८ बमोजिम सजाय गर्ने ।

११. शिक्षालय स्थापना दिवस, प्रदर्शनी र मेलाको सञ्चालन गर्ने ।

१२. विद्यार्थी भर्नाको नीति बनाउने ।

१३. शिक्षालयबाट निर्धारित शुल्कका अतिरिक्त कलेज विकासका लागि अन्य शुल्कहरु लगाउने ।

१४. समय समयमा शिक्षक र कर्मचारीहरुको बैठक बोलाई आवश्यक निर्देशन दिने ।

१५. आवश्यकताअनुसार विनियम संशोधन गर्ने र उपनियमहरु बनाउने ।

१६. शिक्षालयको शैक्षिक, आर्थिक तथा प्रशासनिक नियमावली पारित गरी लागु गर्ने ।

१७. शिक्षक, कर्मचारीको दरवन्दी स्वीकृत गर्ने ।

**१२. अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. बैठक बोलाउने ।

२. बैठकमा अध्यक्षता गर्ने र विषयको पुष्ट्याई, व्याख्या र विश्लेषण गर्ने ।

३. बैठकको विषयमा सदस्यहरुको पालैपालो विचार राख्न दिने ।

४. सर्वसम्मतिमा निर्णय गर्ने र सो हुन नसकेमा बहुमतबाट निर्णय पारित गर्ने ।

५. मत बराबर भएमा निर्णायक मत दिने ।

६. बैठकको निर्णय प्रमाणित गर्ने ।

७. शिक्षालय सञ्चालक समितिको बैठक नियमितरुपमा दुई दुई महिनामा बस्नेछ । आवश्यकता अनुसार जुनसुकै बेला पनि वस्न सकिनेछ ।

८. शिक्षालय प्रमुखको बिदा स्वीकृत गर्ने, भ्रमण आदेश दिने ।

९. सञ्चालक समितिको निर्णयबमोजिम शिक्षालय प्रमुखलाई नियुक्ति पत्र दिने र शिक्षालय प्रमुखको अनुपस्थितिमा निमित्त प्रमुखको जिम्मेवारी दिन शिक्षालय प्रमुखलाई सहमति दिने ।

१०. शिक्षालयको हितमा काम गर्न शिक्षालय प्रमुख र अन्य शिक्षक एवं कर्मचारीहरुलाई निर्देशन दिने ।

११. अत्यावश्यक शिक्षक, कर्मचारी सञ्चालक समितिको बैठकबाट अनुमोदन गर्ने गरी नियुक्ति गर्न शिक्षालय प्रमुखलाई अनुमति दिने ।

१२. सञ्चालक समितिका पदाधिकारीहरुको भ्रमण आदेश दिने ।

**१३. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१. अध्यक्षलाई सघाउने ।

२. अध्यक्षको अनुपस्थितिमा अध्यक्षता ग्रहण गर्ने ।

३. शिक्षालयको अनुगमन गर्ने ।

**१४.सदस्यहरुको काम, कर्तव्य र अधिकार**

१. बैठकमा सहभागी हुने ।

२. शिक्षालयको हितमा कार्य गर्ने ।

३. अध्यक्ष वा समितिले तोकेका कार्य गर्ने ।

४. आवश्यकता अनुसार विभिन्न समिति या उपसमितिमा बसेर काम गर्ने ।

५. अध्यक्ष वा उपाध्यक्ष अनुपस्थित भएमा ज्येष्ठ सदस्यले अध्यक्षता ग्रहण गर्ने ।

## परिच्छेद – ४

## शिक्षालय प्रमुखको काम, कर्तव्य र अधिकार

**१५. शिक्षालयमा एक पूर्णकालीन शिक्षालय प्रमुख व्यवस्था हुनेछ ।**

१. शिक्षालय प्रमुखको नियुक्ती कार्यरत मध्येबाट वरिष्ठताको आधारमा सिफारिस समितिले सिफारिस गरे बमोजिम ५ वर्षका लागि हुनेछ । ऐन बन्नुभन्दा पहिलेको अवस्थामा भने योग्यता पुगेको शिक्षालयमा कार्यरत या स्वयम्सेवक मध्येबाट सिफारिस समितिले सिफारिस गरेर सञ्चालक समितिले निर्णय गर्न सक्नेछ ।

२. यो ऐन बन्नु भन्दा पहिलो नियुक्त भएका शिक्षालय प्रमुखको हकमा सञ्चालक समितिले गरेको निर्णय अनुसार हुनेछ ।

३. शिक्षालय प्रमुखको पदावधि ५ वर्षको हुनेछ । काम सन्तोषजनक पाइएमा सञ्चालक समितिले १ कार्यकालका लागि म्याद थप समेत गर्न सक्नेछ ।

४. शिक्षालय प्रमुख सञ्चालक समितिको पदेन सदस्यसचिव हुनेछ ।

५. शिक्षालय प्रमुखको सेवा र सुविधा सञ्चालक समितिको निर्णयबमोजिम हुनेछ ।

६. शिक्षालय प्रमुखको एक वर्षे परिक्षणकाल सकिएपछि स्वतः मावि तृतिय श्रेणीको शिक्षण सेवामा सेवा परिवर्तन गरिनेछ ।

**१६. शिक्षालय प्रमुखको काम, कर्तव्य र अधिकारः**

१. शिक्षालय सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने । शैक्षिक, आर्थिक तथा प्रशासनिक जिम्मेवारी लिई शिक्षालय सञ्चालन गर्ने गराउने ।

२. राम्रो काम गर्ने शिक्षक तथा कर्मचारीलाई ग्रेड वृद्धिको सिफारिस गर्ने र शिक्षालयको हितविपरीत र कर्तव्य पालना नगर्ने शिक्षक कर्मचारीहरुलाई कारवाही गर्ने ।
३. शिक्षक र कर्मचारीको कार्य सम्पादनको मूल्यांकन गर्ने, विभागहरुको गठन र कर्मचारीको कामको बाँडफाँड तथा बिदा स्वीकृत गर्ने, गराउने । साथै आवश्यकताअनुसार अतिरिक्त समयमा कार्य गराउने ।
४. शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुलाई शिक्षालय आफ्नै हो भन्ने भावना जगाउन आवश्यक कार्यक्रमहरु गर्ने ।
५. सम्बन्धित निकायमा शिक्षक, कर्मचारीको दरबन्दी सिफारिस गर्ने र राय सुझाव तथा बजेट तयार गरी सञ्चालक समितिमा पठाउने ।
६. शिक्षालयको सम्पत्तिको लेखाजोखा राख्ने, सम्भार तथा सुरक्षा गर्ने, सञ्चालक समिति वा अध्यक्षको स्वीकृतिमा मिनाहा दिने र काम नलाग्ने मालसामान लिलाम गनेर्, गराउने ।
७. विभाग वा अन्य समितिहरुको शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा समन्वय गर्ने, गराउने ।
८. शैक्षिक तालिका व्यवस्थित गरी सञ्चालन गर्ने, गराउने ।
९. आवश्यकताअनुसार शिक्षक, कर्मचारी र विद्यार्थी समेतलाई सहभागी गराई शिक्षालय सञ्चालन तथा विकासको लागि समिति, उपसमिति बनाई सो मार्फत काम गराउने ।
१०. शिक्षालयमा शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।
११. बजेटको परिधिभित्र रही खर्च गर्ने ।
१२. शिक्षक कर्मचारीलाई कामको प्रकृति हेरी मूल्याङ्कनको आधारमा पुरस्कारको व्यवस्था गर्न सञ्चालक समितिमा पेश गर्ने ।
१३. विद्यार्थी आचारसंहिताविपरीत कार्य गर्ने विद्यार्थीलाई कारबाही, निष्काशन वा अन्य सजाय गर्ने।
१४. शिक्षालयको लागि तत्काल आवश्यक भएमा अध्यक्षसँग अनुमति लिई बढीमा १ वर्ष वा एक सेमेष्टरको लागि करार/आंशिक शिक्षक नियुक्ति गर्ने ।
१५. प्राज्ञिक विकासको लागि शैक्षिक गोष्ठीहरु सञ्चालन गर्ने ।
१६. अध्यक्षसँग स्वीकृति लिई विभागीय प्रमुख/सङ्काय प्रमुखहरुको नियुक्ति दिने ।
१७. अध्यक्षको निर्देशनमा सञ्चालक समितिको बैठक बोलाउने ।
१८. तोकिए बमोजिम अन्य कामहरु गर्ने गराउने ।
१९. कार्यालय प्रमुखले गर्ने कार्य शिक्षालय प्रमुखले गर्नेछ ।
२०. शिक्षक, कर्मचारी, विद्यार्थीलाई मुल्यांकनका आधारमा पुरस्कार र कारबाहीको नाम सिफारिस गर्ने ।

**ख. शिक्षालय उपप्रमुखको काम, कर्तव्य र अधिकार**

शिक्षालय प्रमुखको अनुपस्थितमा उपप्रमुखले आर्थिक बाहेक शिक्षालय प्रमुखले गर्ने दैनिक तथा प्रशासनिक कार्य गर्नेछ ।

## परिच्छेद ५
## कलेजको कोष र सम्पत्ति

**१७.शिक्षालयको कोषः**

१. कलेजको कोषमा देहाय बमोजिमको आम्दानी जम्मा हुनेछ :

क. विद्यार्थीहरुबाट उठेको पढाई शुल्कलगायत अन्य शुल्कहरु,

ख. तुलसीपुर उपमहानगरपालिकाबाट वार्षिक रुपमा प्राप्त अनुदान ।

ग. आर्थिक सहयोग लगायत दान दातब्य र अन्य आम्दानी ।

घ. विभिन्न व्यक्ति, दातृसंस्था, स्वदेशी एवं विदेशी निकायबाट प्राप्त अनुदान ।

२. शिक्षालयको आम्दानी सोही दिन बैङ्कमा दाखिला गर्नुपर्नेछ । उक्त दिन दाखिला गर्न नसकेको रकम भोलिपल्टै दाखिला गर्नेछ । शिक्षालयले आफुसँग भएको रकम मुद्दतिमा राखेर सोही रकमबाट ऋृण लिन सक्नेछ ।

३. शिक्षालयको कोषको खर्च शिक्षालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतमा वा संचालक समितिको निर्णयबमोजिम दुई जनाको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

४. शिक्षालयले अत्यावश्यक भौतिक सामग्री खरीदका लागि सञ्चालक समितिको निर्णय अनुसार वित्तिय संस्थाबाट ऋृण लिन सक्नेछ ।

५. शिक्षालय प्रमुखलाई आवश्यक सामानको माग फाराममा अध्यक्ष वा उपाध्यक्षको स्वीकृति आवश्यक हुनेछ । शिक्षक तथा कर्मचारीलाई आवश्यक सामानको माग फाराममा प्राचार्यको स्वीकृति आवश्यक हुनेछ । सो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

६. शिक्षक तथा कर्मचारीलाई सवारी साधन, कम्प्यूटर र विद्युतीय सामानको सुविधा दिंदा वा जिम्मा लगाउँदा शिक्षालय प्रमुखको स्वीकृति आवश्यक हुनेछ ।

७. प्रशासन, लेखा, जिन्सी, पुस्तकालय शाखाले सम्बन्धित अधिकारीहरुको स्वीकृतिविना कुनै पनि सामान शिक्षक, कर्मचारी र अन्य कसैलाई जिम्मा दिने छैन ।

८. सवारी साधन सुविधा पाएका शिक्षक वा कर्मचारीले कार्यालयको प्रयोजनको लागि मात्र सवारी साधन प्रयोग गर्नेछ ।

९. सञ्चालक समितिका अध्यक्ष र पदाधिकारीहरुले शिक्षालयको कामको सिलसिलामा सवारी साधन प्रयोग गर्नेछन् ।

१०. शिक्षालयको सवारी साधन सुविधा पाएका शिक्षक र कर्मचारीले शिक्षालयको कामको सिलसिलामा उपत्यका बाहिर सवारी साधन लानु परेमा अध्यक्ष र शिक्षालय प्रमुखको स्वीकृति आवश्यक हुनेछ ।

११.शिक्षालयको वार्षिक आयव्ययको लेखा परीक्षण तुलसीपुर उपमहानगरपालिकाको आय व्ययको लेखा परीक्षणको लागि नियुक्त लेखा परीक्षकबाट हुनेछ ।

**१८. शिक्षालयको सम्पत्ति शिक्षालय सञ्चालक समिति र शिक्षालय प्रमुखको संरक्षणमा रहनेछ ।**

## परिच्छेद ५
## विद्यार्थी भर्ना

**१९. कोटा, भर्ना समिति र झुकाव परीक्षा**

१. यो शिक्षालय तुलसीपुर उपमहानगरपालिकाबाट सञ्चालित भएको हुदा देहायबमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छः

क. तुलसीपुर उपमहानगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत

ख. दाङ जिल्ला (तुउमनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत

ग. दाङ जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत

घ. दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत

२. प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई झुकाव परीक्षासमेत लिन सञ्चालक समितिले तीन सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरुमध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ ।

## परिच्छेद ६
## समितिको व्यवस्था

**२०.कार्यक्रम समितिः** सञ्चालक समितिले शिक्षालयको विभाग र शाखाहरुको प्रतिनिधित्व हुने गरी शिक्षालय प्रमुखको अध्यक्षतामा एक कार्यक्रम समिति गठन गर्न सक्नेछ । सो समितिको सदस्य सचिव प्रशासन शाखा प्रमुख हुनेछ ।

**२१. कार्यक्रम समितिको काम, कर्तव्य र अधिकारः**

१. सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न शिक्षालय प्रमुखलाई सहयोग गर्ने ।

२. दैनिक शैक्षिक प्रशासन सञ्चालन गर्न शिक्षालय प्रमुखलाई सहयोग गर्ने ।

३. सङ्काय/विभागहरुबीच समन्वय गर्ने ।

४. सङ्काय/विभागहरुलाई आवश्यक शैक्षिक सामान, प्रयोगशालाका सामान र फर्निचरलगायत शैक्षिक  वर्ष अगाडि नै सञ्चालक समितिमा पेश गर्न शिक्षालय प्रमुखलाई सहयोग गर्ने ।

५. सङ्काय/विभागीय प्रमुखहरुको सेवा र सुविधा सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।

६. अध्यक्ष वा पदाधिकारीहरुको विशेष उपस्थिति हुन सक्नेछ ।

**२२. परीक्षा समितिः** शिक्षालयको शैक्षिक विभागहरुको प्रतिनिधित्व हुने गरी एक जना परीक्षा प्रमुखसहित परीक्षा समिति गठन गरिनेछ । परीक्षा समितिको कामको लागि सिटिइभिटी र अन्य स्रोतबाट आएको रकमको आम्दानी खर्चको अभिलेख लेखा शाखाबाट हुनेछ । परीक्षा समितिका पदाधिकारीहरुको सुविधा सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।

२३. **परामर्श समितिः** सरकारी र गैरसरकारी कार्यालय तथा व्यक्ति वा कुनै संस्थाको कार्यमा शिक्षालयबाट परामर्श सेवा उपलब्ध गराउन एक जना परामर्श प्रमुखसहित परामर्श समिति गठन गर्न सकिनेछ । परामर्श समितिका पदाधिकारीहरुको सेवा सुविधा सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद – ७

## सेवाका पद तथा श्रेणीहरु

२४. **दरबन्दीको सिर्जनाः** शिक्षालयमा आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरबन्दी शिक्षालय संचालक समितिले निर्धारण गर्नेछ ।

**१. पद तथा श्रेणीहरुः** शिक्षालयमा देहायका पद तथा श्रेणीहरु रहनेछनः

| **क. शिक्षकतर्फ** | **सेवा सुविधा** |
|---|---|
| १. कार्यक्रम संयोजक (मावि तृतिय श्रेणी): | सञ्चालक समितिको निर्णयानुसार |
| २. विषयगत प्रशिक्षक (मावि तृतिय श्रेणी) | सञ्चालक समितिको निर्णयानुसार |
| ३. सहायक प्रशिक्षक (सहायक चौथो ) | सञ्चालक समितिको निर्णयानुसार |

| **ख. प्रशासनतर्फ :** | **सेवा सुविधा** |
|---|---|
| १. शिक्षालय प्रमुख (अधिकृतस्तर प्रथम श्रेणी) | सञ्चालक समितिको निर्णयानुसार |
| २. सहायक स्तरका पद (सहायक पाँचौ) | : सञ्चालक समितिको निर्णयानुसार |
| ३. सहायक स्तरका पद (सहायक चौथो) | : सञ्चालक समितिको निर्णयानुसार |
| ४. तालिम सहजकर्ता | : सञ्चालक समितिको निर्णयानुसार |
| ५. हेभि सवारी चालक | : सञ्चालक समितिको निर्णयानुसार |
| ६. कार्यालय सहयोगी | : सञ्चालक समितिको निर्णयानुसार |

२५. **पदपूर्तिः**

१. सञ्चालक समितिले शिक्षालयमा रिक्त रहेको पद नयाँ नियुक्ती वा बढुवाद्वारा पूर्ति गर्नसक्नेछ ।

२. रिक्त पदमा नियुक्ति हुनको लागि आवश्यक पर्ने न्यूनतम योग्यता, पदपूर्तिको विज्ञापन, परीक्षाको किसिमलगायत छनौट विधि शिक्षालयले निर्धारण गरेबमोजिम हुनेछ । यसका लागि कार्यविधि बनाएर सोही अनुसार प्रक्रिया अगाडी बढाइनेछ ।

३. स्थायी वा अस्थायी वा करार वा ज्यालादारी/आंशिकमा शिक्षक कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

४. पूर्णकालिन करारमा रहेका शिक्षकहरुलाई शिक्षालयको दरबन्दी खाली भएको अवस्थामा सञ्चालक समितिको निर्णय अनुसार अस्थायी दरबन्दीमा लैजान सकिनेछ । यसका लागि वरिष्ठतालाई आधार मानिनेछ ।

५. सेवामा रहेका शिक्षक तथा कर्मचारीको शैक्षिक योग्यता, कार्यक्षमता, जेष्ठता र कार्यसम्पादन समेतको मूल्याङ्कनको आधारमा शिक्षालयले बढुवा गर्नेछ ।

६. यो विनियम लागु हुनु पूर्व पूर्णकालीन अस्थायी वा करार सेवामा सेवारत शिक्षक/कर्मचारीलाई स्वीकृत दरबन्दीमा आन्तरिक प्रक्रियाबाट स्थायी गर्नेछ । यसका लागि सञ्चालक समितिले निम्नानुसार आन्तरिक पदपूर्ति समिति वनाउने छ ।

संयोजकः तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ वडाध्यक्ष
सदस्यः शिक्षा महाशाखा प्रमुख
सदस्यः सिटिइभिटी प्रतिनिधि

**२६. परीक्षणकालः**

१. स्थायी नियुक्ति गर्दा ६ महिनाको परीक्षणकालमा गरिनेछ । सो अवधिमा निजको कार्य सन्तोषजनक नभएमा निजको नियुक्ति रद्द हुनेछ ।

२. परीक्षणकालमा रहेकाहरुको नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई सेवा अवधिमा गणना गरिनेछ ।

३. विशिष्ट प्राध्यापक तथा आगन्तुक शिक्षकसम्बन्धी व्यवस्था सञ्चालक समितिले विशेष दरबन्दी सिर्जना गरी कुनै अनुभवी र दक्ष स्वदेशी वा विदेशी व्यक्तिलाई बढीमा २ वर्षको करारमा आगन्तुक शिक्षकमा काम गराउन सक्नेछ । त्यस्ता आगन्तुक शिक्षकहरुलाई शिक्षालयले प्रचलित तलबमानभन्दा बढी तलब तथा अन्य सुविधा दिन सक्नेछ तर त्यस्तो सुविधा करारनामामा उल्लेख हुनुपर्नेछ । आगन्तुक शिक्षकको करार सेवामा कार्यरत अवधि सामान्यतया २ वर्षभन्दा बढी नहुने गरी करार नवीकरण गर्न सक्नेछ ।

**२८. कायमुकायम भई काम गर्नेः**

कुनै पद कुनै कारणबाट रिक्त हुन आएमा सोभन्दा एक तहमुनिको पदमा कार्यरत कर्मचारीमध्येबाट सो रिक्त रहेको पदको काम सम्हाल्न सक्नेलाई सञ्चालक समितिले कायमुकायम मुकर्रर गर्न सक्नेछ ।

**२९. निमित्त भई काम गर्नेः**

१. प्रशासकीय अधिकार प्रयोग गर्ने अधिकारी कुनै कारणले अनुपस्थित भएमा निजको मुनि काम गर्ने व्यक्तिलाई निमित्त भई काम गर्ने गरी सञ्चालक समिति वा अध्यक्षबाट तोक्न सकिनेछ ।

२. उपनियम) १ (बमोजिम निमित्त भई काम गरेकोमा १५ दिनभन्दा कम अवधिका लागि कुनै प्रकारको भत्ता दिइनेछैन । १५ दिनभन्दा बढी काम गरेकोमा काम गरेको पदको सुरु तलब स्केलबमोजिम तलब तथा भत्ता दिइनेछ ।

**३०. पदाधिकारी कायम रहनेः** देहायको अवस्थामा शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहनेछः

१. त्यस पदमा कामकाज गरिरह“दासम्म ।
२. बिदामा बसेको बखत ।
३. निलम्बन रहेको बखत ।
४. काजमा खटाईएको बखत र
५. कायममुकायम भई काम गरेको बखत ।

**३१. पद रिक्त हुनेः**

१. यस विनियमअन्तर्गत उल्लिखित पदाधिकारीहरुको पद देहायको अवस्थामा रिक्त हुनेछ ः
क. राजीनामा दिई स्वीकृत भएमा ।

ख. बहुलाएको प्रमाणित भएमा ।

ग. मृत्यु भएमा, वा

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई कैदको सजाय पाएमा ।

ङ. अनुशासनको कार्वाहीमा परी सञ्चालक समितिबाट हटाइएमा ।

च. कलेजको हितविपरीत काम गरेकोमा सञ्चालक समितिबाट हटाइएमा ।

२. शिक्षालय प्रमुख र उपप्रमुखको राजीनामा सञ्चालक समिति वा अध्यक्षबाट स्वीकृत हुनेछ ।

३. विभागीय प्रमुख, शिक्षक र कर्मचारीहरुको राजीनामा शिक्षालय प्रमुखबाट स्वीकृत हुनेछ ।

## परिच्छेद– ८

## बिदासम्बन्धी व्यवस्था

**३२. बिदाः**

(१)कलेजका स्थायी, अस्थायी र मासिक करारमा नियुक्त शिक्षक तथा कर्मचारीलाई देहायबमोजिम बिदा सुविधा प्रदान गर्न सकिनेछः

क. घर बिदा

ख. बिरामी बिदा

ग. प्रसुति बिदा

घ. पर्व बिदा

ङ. भैपरी आउने बिदा

च. क्रिया बिदा

छ. अध्ययन बिदा

ज. असाधारण बिदा

२. बिदा अधिकारका रुपमा माग गर्न पाइनेछैन । बिदा सहुलियतका रुपमा मात्र दिइनेछ । बिरामी बिदा, क्रिया बिदा, सुत्केरी बिदा बाहेक अन्य कुनै पनि बिदा स्वीकृत नगराई बस्न पाइने छैन ।

३. शिक्षालय प्रमुखको बिदा अध्यक्षले स्वीकृत गर्नेछ र उपप्रमुख, विभागीय प्रमुख, शिक्षक र कर्मचारीहरुको बिदा शिक्षालय प्रमुखले स्वीकृत गर्नेछ । सो अधिकार प्रत्यायोजन पनि गर्न सकिनेछ । उपप्रमुखले बिदा स्वीकृतिको खबर अध्यक्षलाई दिनुपर्नेछ ।

**३३. घर बिदाः**

१. कलेजमा काम गर्ने शिक्षक वा कर्मचारीले वर्षको १२ दिन घर बिदा पाउनेछ । तर वर्षे बिदा वा हिउँदे बिदा पाउने शिक्षक वा कर्मचारीले घर बिदा र बिरामी बिदा पाउनेछैन ।

(२)कुनै कारणले शिक्षक वा कर्मचारी सेवाबाट अलग्ग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(३)कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित घर बिदाको रकम मृत्यु हु “दाको अवस्थाको तलबको दरले हुने रकम निजको कानूनबमोजिमको हकवालालाई दिईनेछ ।

(४) हिउ “दे वा वर्षे बिदाको अवधि र समय कार्यक्रम समितिले तोकिएबमोजिम हुनेछ । हिउ “दे वा वर्षे बिदा पाउने शिक्षक तथा कर्मचारीलाई बिदाको अवधिमा आवश्यकताअनुसार काम गराउन परेमा १ दिन काम गरेबापत १ दिनको दरले घर बिदा पाउनेछ । यसरी आर्जन गरेको घर बिदा यसै विनियमबमोजिम उपभोग गर्न सकिनेछ ।

**३४. बिरामी बिदाः**

१. शिक्षक वा कर्मचारीले एक वर्ष सेवामा लागि १२ दिनसम्म बिरामी बिदा पाउनेछ । तर सात दिन भन्दा बढी अवधिको बिरामी बिदामा बस्ने शिक्षक वा कर्मचारीले मान्यता प्राप्त चिकित्सकको चिकित्सासम्बन्धी प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

२. कुनै शिक्षक वा कर्मचारीले पाउने बिरामी बिदा सञ्चित गरी राख्न सक्नेछ । तर असाधारण बिदा बसेको अवधिको बिरामी बिदा पाउनेछैन ।

३. सञ्चित बिरामी बिदा बापत कुनै शिक्षक वा कर्मचारी सेवाबाट अलग्ग भएमा निज बहाल रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

४. कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित बिरामी बिदाको रकम मृत्यु हुदाको अवस्थाको तलबको दरले हुन आउने रकम निजको कानूनबमोजिमको हकवालाले पाउनेछ ।

**३५. प्रसूति बिदाः**

१. शिक्षालयको स्थायी, अस्थायी र करार सेवामा कार्यरत कुनै महिला शिक्षक वा कर्मचारीलाई सुत्केरीका लागि सुत्केरी हुन भन्दा अगाडि वा पछाडि जम्मा ६० (साठी) दिनसम्मको बिदा दिईनेछ ।

२. शिक्षालयमा कार्यरत पुरुष शिक्षक वा कर्मचारीकी पत्नी सुत्केरी हुँदा त्यस्ता पुरुष शिक्षक वा कर्मचारीलाई ७ दिनको प्रसूति स्याहार बिदा दिईनेछ । प्रसूति बिदा नोकरी अवधीभरिमा २ पटक भन्दा बढी दिईनेछैन ।

**३६. चाडपर्व बिदाः**

१. शिक्षक वा कर्मचारीले वर्षभरीमा बढिमा ६ दिनसम्मको पर्व बिदा पाउनेछ ।

२. पर्व बिदा सञ्चित हुनेछैन र यस्तो सञ्चित बिदाको तलब पनि पाइनेछैन ।

**३७. भैपरी आउने बिदाः**

शिक्षक वा कर्मचारीले १ वर्षमा बढीमा ६ दिनसम्मको भैपरी आउने बिदा पाउने । आकस्मिक परेकोमा बाहेक भैपरी आउने बिदा पूर्वस्वीकृति बेगर बस्न पाइनेछैन । यो बिदा सञ्चित हुनेछैन । कर्मचारीले भैपरी आउने बिदा आधा दिनको हिसाबले पनि लिन पाउनेछ ।

**३८. क्रिया बिदाः**

कुनै शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा पत्नी, छोरा वा अविवाहिता छोरी मरेको अवस्थामा र आफै क्रिया बस्न परेमा त्यस्ता शिक्षक वा कर्मचारीलाई काजक्रिया गर्न १५ दिनसम्मको क्रिया बिदा

दिइनेछ । अविवाहित महिला शिक्षक वा कर्मचारीलाई बाबु वा आमा मर्दा १५ दिनसम्मको क्रिया बिदा दिइनेछ । महिला शिक्षक वा कर्मचारीको लोग्ने मरेको वा लोग्नेको बाबु वा आमा मरी आफ्नो लोग्नेले क्रियामा बस्नुपरे महिला शिक्षक वा कर्मचारीलाई पनि सोही अनुसारको बिदा दिइनेछ ।

**३९. अध्ययन बिदाः**

१. शिक्षालयको सेवामा रहेका शिक्षक वा कर्मचारीलाई सञ्चालक समितिले अध्ययन बिदा दिन सक्नेछ ।

२. सञ्चालक समितिको निर्णय वा अध्यक्षको स्वीकृतिमा मात्र कलेजबाट शिक्षक तथा कर्मचारीलाई स्वदेश तथा विदेशको शिक्षण संस्थानमा छात्रवृत्तिमा अध्ययनको सिफारिसपत्र दिइनेछ । आवश्यक भए अध्ययनपछि यो शिक्षालयमा पुनः सेवा गर्न आउने कबुलियतनामा गराउन सक्नेछ ।

**४०. असाधारण बिदाः**

कुनै बिदा बा“की नरहेको शिक्षक वा कर्मचारीलाई सम्पूर्ण सेवाअवधिमा अधिकतम ३ वर्षको र २ वर्षभन्दा बढी अस्थायी वा करार सेवामा भएकालाई पनि एकपटकमा एक महिनामा नबढाई सम्पूर्ण अस्थायी वा करार सेवाअवधिमा बढीमा २ महिनाको बेतलबी बिदा दिन सकिनेछ ।

**४१. बिदा उपभोग गर्न नपाउनेः**

यस विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिबाट अत्यावश्यक सेवाका भनी तोकिएका कर्मचारीहरुले कुनै पनि सार्वजनिक बिदा पाउनेछैनन् । निजहरुले १ वर्षमा १० दिन बिदा पाउनेछन् । आर्थिक वर्षको अन्त्यमा सार्वजनिक बिदामा काम गरेको बापत रकम खाइपाइ आएको तलबको अनुपातमा दिइनेछ ।

**४२. फिर्ता बोलाउन सकिनेः**

कलेजको आवश्यकता वा बिदाको उद्देश्यअनुरुप उपभोग भएको नदेखेमा अध्ययन बिदा वा असाधारण बिदा बसेको कुनै पनि शिक्षक वा कर्मचारीलाई फिर्ता बोलाई कलेजको सेवामा लगाउन सकिनेछ ।

## परिच्छेद– ९
## पारिश्रमिक

**४३. तलब, भत्ता र सुविधाः**

१. शिक्षालयको सेवामा रहेको शिक्षक तथा कर्मचारीले आफ्नो पदमा बहाल गरेको दिनदेखि पदअनुसारको तलब, भत्ता र अन्य सुबिधा पाउनेछन् । तलबमान सञ्चालक समितिले निर्णय गरे अनुसार हुनेछ ।

२. शिक्षालय सेवाका शिक्षक तथा कर्मचारीले शिक्षालय सेवामा रही काम गरेबापत पाउने भत्ता र अन्य सुबिधाहरु सञ्चालक समितिले समय– समयमा तोकेबमोजिम हुनेछ ।

३. शिक्षालय सेवाका शिक्षक तथा कर्मचारीले प्रत्येक महिनाको तलब भत्ताको भुक्तानी पाउनेछन् ।

४. कुनै शिक्षक तथा कर्मचारीको पाकेको तलब भत्ता सेवामा नरहेमा पनि पाउनेछन् ।

५. शिक्षालयको निर्णयबमोजिम बाहेक कुनै शिक्षक तथा कर्मचारीको तलब कट्टी गर्न पाइने छैन ।

६. यस विनियमबमोजिम बिदामा बस्दा वा अन्य अवस्थामा तलब नपाउने भनी स्पष्ट उल्लेख गरिएकोमा बाहेक शिक्षक तथा कर्मचारीले पाउने तलब सो शिक्षक वा कर्मचारी काम गरिरहेको वा बिदा बसेको बखत रोकिनेछैन ।

७. शिक्षक र कर्मचारीको अन्य थप सुविधाका लागि शिक्ष्ाँलयले कार्यविधि बनाएर निर्णय गर्नेछ ।

**४४. कल्याण कोष व्यवस्थाः**

शिक्षालयमा सेवारत अस्थायी शिक्षक र कर्मचारीको प्रोत्साहन स्वरुप १ वर्ष अवधि पुगेकालाई कलेजले कल्याण कोषको व्यवस्था गर्नेछ । शिक्षक र कर्मचारी स्थायी भएपछि सञ्चयकोषको व्यवस्था गर्नेछ ।

**४५. ग्रेडको व्यवस्थाः**

१. शिक्षालयमा सेवारत अस्थायी शिक्षकहरुलाई प्रोत्साहन स्वरुप १ वर्ष अवधि पुगेकालाई ग्रेडको व्यवस्था गर्नेछ ।

२. शिक्षालयमा सेवारत अस्थायी कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २ वर्ष अवधि पुगेकालाई ग्रेडको व्यवस्था गर्नेछ ।

**४६. पोशाक भत्ताः**

शिक्षालयमा सेवारत कर्मचारीहरुलाई प्रोत्साहनस्वरुप शिक्षालयको निर्णयअनुसार पोषाक भत्ताको व्यवस्था गर्नेछ ।

**४७. दैनिक भ्रमण भत्ताः**

१. पदाधिकारी, शिक्षक तथा कर्मचारीले कलेजको कामका सिलसिलामा स्वदेश तथा विदेशमा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमणभत्ता र अन्य सुविधा नेपाल सरकारको ऐन, नियम र संचालक समितिले तोकेबमोजिम हुनेछ ।

२. भ्रमणमा गएका शिक्षक र कर्मचारीले १५ दिनभित्र आफ्नो अनुभवसहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**४८. निलम्बन भएमा पाउने तलबः**

१. कुनै शिक्षक तथा कर्मचारी यस विनियम बमोजिम कारबाहीका सिलसिलामा निलम्बनमा परेमा सो निलम्बन अवधिभर निजले आफ्नो तलबको आधा तलब पाउनेछ । तर लागेको आरोप प्रमाणित नभई निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब लिई सकेको भए सो कट्टा गरी र नलिएको भए पूरै) तलब वृद्धि भएको भएमा सो समेत (पाउनेछ । कसुरदार ठहरी सेवाबाट हटाइएमा निलम्बन भएको मितिदेखिको बा “की तलब पाउनेछैन ।

२. कुनै शिक्षक तथा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगमा वा प्रचलित कानूनअन्तर्गत थुनामा परेकोमा त्यसरी थुनामा परेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ । यसरी स्वतः निलम्बन भेरेकोमा निलम्बन अवधिभर निजले तलब पाउनेछैन । तर अभियोगबाट सफाइ पाएमा कलेजको निर्णयअनुसार तलब पाउनेछ ।

**४९. चाडपर्व खर्चः**

शिक्षालयको सेवामा रहेका स्थायी, अस्थायी, करार शिक्षक तथा कर्मचारीलाई निजले खाइपाइआएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रुपमा दिइनेछ । तर चाडपर्व विदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पुरा नभएको अस्थायी शिक्षक वा कर्मचारीको हकमा चाडपर्व खर्च पाइने छैन ।

**५०. उपचार खर्चः**

शिक्षालयको सेवामा रहेका शिक्षक तथा कर्मचारीलाई शिक्षालयको कामको सिलसिलामा यात्रा गर्दा वा कुनै काम गर्दा दुर्घटनामा परी चोटपटक लाग्न गई घाइते भएमा शिक्षालयले संचालक समितिको निर्णयअनुसार औषधी उपचार सहयोग गर्नेछ ।

**५१. मरणोपरान्त अनुदानः**

शिक्षालयको सेवामा रहेका अटुट पूर्णकालीन शिक्षक वा अटुट पूर्णकालीन कर्मचारीको सेवाअवधिको क्रममा मृत्यु भएमा शिक्षक वा कर्मचारीको खाइपाइ आएको तलबमानको एक महिना बराबरको रकम निजको नजिकको हकवाललाई एकमुष्ट दिइनेछ ।

**५२. सञ्चित बिदाको रकमः**

शिक्षालयमा सेवारत शिक्षक वा कर्मचारीले आर्थिक वर्षको अन्तमा ३० दिन भन्दा बढि हुन आएको सञ्चित बिदाको रकम लिन सकिनेछ । सञ्चित बिदाको रकम दिंदा खाइपाई आएको शुरु तलबस्केलको आधारमा दिइनेछ । प्रत्येक तीन महिनामा संचित बिदाको अभिलेख सञ्चालक समितिमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद – १०
## अवकाश, उपदान र निवृत्तिभरण

**५३. अनिवार्य अवकाशः**

१. शिक्षालयमा सेवामा कार्यरत पूर्णकालीन शिक्षकको उमेर ६३ वर्ष भएपछि र पूर्णकालीन कर्मचारीको उमेर ६० वर्ष पुरा भएपछि निजलाई शिक्षालय सेवाबाट अनिवार्य अवकाश दिइनेछ । तर निज शिक्षक तथा कर्मचारीको सेवा शिक्षालयको लागि आवश्यक ठानिएमा करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

२. २० वर्षसम्म अटुट सेवा गरिसकेका शिक्षालयका पूर्णकालीन शिक्षक वा पूर्णकालीन कर्मचारी स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई शिक्षालयले सेवाबाट अवकाश दिन सक्नेछ ।

**५१. सेवाअवधिको गणनाः**

यस परिच्छेदको प्रयोजका निमित्त सेवाअवधिको गणना गर्दा शिक्षालयको करार वा अस्थायी सेवामा रही अटुट सेवा गरी स्थायी वा अस्थायी भएको र स्थायी नियुक्ति भई सेवा गरेको परीक्षणकालको अवधि तथा निलम्बनमा रहेको अवधिसमेत गणना गरिनेछ ।

**५२. उपदानः**

५ वर्ष वा सो भन्दा बढी समय शिक्षालयमा अटुट सेवा गरेका पूर्णकालीन शिक्षक र अटुट सेवा गरेका  पूर्णकालीन कर्मचारीले अवकाश लिएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा आफूले काम गरेको अवधि अनुसार देहायको सुत्रबमोजिम उपदान पाउने छ । उपदान रकम . सेवा गरेको महिनाको अवधि "सेवा गरेको आखिरी महिनाको ५ प्रतिशत

## परिच्छेद – ११

## विविध

**५३. विनियमको व्याख्या**

नियमावली, विनियम, कार्यविधि, सञ्चालक समितिले बनाई लागु गर्ने छ र सो को व्याख्या पनि सञ्चालक समितिले गर्नेछ ।

**५४. बाधा अड्काउ फुकाउः**

यस विनियमबमोजिम कामकाज वा कारबाही गर्दा गराउ"दा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्ता बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार शिक्षालय सञ्चालक समितिलाई हुनेछ ।

**५५. काम कारबाही वैध हुनेः**

कुनै कारणवश पदेन सदस्य निर्वाचित हुन नसेकेमा सञ्चालक समितिले निर्णय गरी व्यवस्था गरे बमोजिम हुनेछ ।

**५६. असल नियतले काम गरेकोमा बचाउः**

यस विनियमबमोजिम असल नियतले गरेको कुनै काम कारबाहीका सम्बन्धमा शिक्षालयको सञ्चालक समिति, पदाधिकारी, सदस्य, शिक्षक वा कर्मचारीउपर कारबाही गरिनेछैन ।

**५७. आचरणः**

शिक्षालयका शिक्षक तथा कर्मचारीहरुले देहायबमोजिमको आचरण पालन गर्नुपर्नेछः

१. शिक्षक तथा कर्मचारीले शिक्षालयले तोकेको समयमा नियमितरुपमा आफू कार्यरत निकायमा हाजिर हुनुपर्दछ र बिदा स्वीकृत नगराई अनुपस्थित हुनु हु"दैन ।

२. अधिकार प्राप्त अधिकारीको आदेशले बाहेक कुनै शिक्षक वा कर्मचारीले कर्तव्य पालनको क्रममा प्राप्त गरेको कुनै जानकारी वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजात वा कुनै वृत्तान्त प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै सञ्चार माध्यम वा अनधिकृत व्यक्तिलाई सूचना दिनु हु"दैन ।

३. शिक्षक तथा कर्मचारीहरुले कलेजमा आफूले निर्वाह गर्नुपर्ने दायित्व तथा कर्तव्य इमानदारीसाथ निर्वाह गर्नुपर्छ र शिक्षालयको कुनै पनि किसिमको सम्पत्तिको हानि– नोक्सानी गर्नुहु"दैन ।

४. शिक्षक तथा कर्मचारीले शिक्षालयको उद्देश्य र मर्यादाको प्रतिकूल हुने गरी कुनै पेशा वा व्यवसाय सञ्चालन गरी कलेजको जिम्मेवारी र गहनता तथा प्राज्ञिक तथा पेशागत मर्यादामा अनास्था पैदा हुने कार्य गर्नुहु"दैन ।

५. शिक्षक तथा कर्मचारीले शिक्षालयको निर्णय, आदेश, विनियमको पालना गर्नुपर्छ ।

६. शिक्षक तथा कर्मचारीले शिक्षालयको काममा सबैलाई सहयोग गर्नुपर्छ ।

७. शिक्षक कर्मचारीले पदअनुसारको आचरणको प्रतिकूल कार्य गर्नुहुँदैन ।

**५८. सजायः**

शिक्षक तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा सामान्य सजाय र विशेष सजाय गर्न सक्नेछ ।

शिक्षक तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा देहायबमोजिम सजाय गर्न सक्नेछ ।

क. नसिहत दिने

ख. निलम्बन गर्ने

ग. बढीमा २ ग्रेड तलब बृढि रोक्का गर्ने ।

घ. बढीमा २ वर्षसम्मको लागि बढुवा रोक्का गर्ने ।

ङ. भविष्यमा शिक्षालय सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवा मुक्त गर्ने ।

च. भविष्यमा शिक्षालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवा मुक्त गर्ने ।

**५९. देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ५८ (क), (ख), (ग), (घ) अन्तरगतको सजाय गर्न सकिनेछ ।**

१. काम सन्तोषजनक नभएमा ।

२. तोकिएको म्यादभित्र हाजिर नभएमा वा तोकिएको जिम्मेवारी बहन गर्न इन्कार गरेमा ।

३. पूर्वस्वीकृति नलिई बराबर अनुपस्थित रहने गरेमा ।

४. अनुशासनहीन काम गरेमा ।

५. आचरणसम्बन्धी प्रावधान उल्लङ्घन गरेमा ।

६. बुझबुझारथ नगरेमा ।

**६०. देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ५८(ङ), (च) अन्तर्गतको सजाय गर्न सकिनेछ ।**

१. आफ्नो काम कर्तव्यमा गम्भीर लापरवाही गरेमा ।

२. तोकिएको जिम्मेवारी पुरा गर्न असक्षम भएमा ।

३. शिक्षालयबाहेक अन्य निकायमा पूर्व स्वीकृति नलिई कुनै रोजगारी स्वीकार गरेमा ।

४. लगातार १ महिनासम्म शिक्षालयमा विनासूचना अनुपस्थित भएमा ।

५. भ्रष्टाचार गरेमा ।

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुर प्रमाणित भई कैदको सजाय पाएमा ।

७. सेवाको प्रयोजनका लागि पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली ठहरेमा ।

**६१. सजाय सम्बन्धी कार्यविधि**

१. सञ्चालक समितिको अध्यक्षले शिक्षालय प्रमुख, उपप्रमुख र अन्य शिक्षक कर्मचारीहरुलाई सजायसम्बन्धी कार्वाही गर्न सक्नेछ ।

२. शिक्षालय प्रमुखले अध्यक्षस “ग परामर्श गरी विभागीय प्रमुख, शिक्षक तथा कर्मचारीहरुलाई सजायसम्बन्धी कार्वाही गर्न सक्नेछ ।

३. सजाय दिन पाउने अधिकारीले कुनै शिक्षक तथा कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**६२. पुरस्कार तथा प्रोत्साहनको ब्यवस्थाः** शिक्षालयमा सेवारत शिक्षक र कर्मचारीको वृत्ति विकास गर्न शिक्षालयले प्रोत्साहन पुरस्कारको व्यस्था गर्न सक्नेछ ।

**६३. यो विनियमको व्यवस्था बाहेक सञ्चालक समितिबाट भएका निर्णयहरु यसैको अङ्कको रुपमा मानिनेछ ।**

**६४. सार्वजनिक बिदा कटौती गरी शिक्षालयको पढाई सञ्चालन गर्न सकिनेछ ।**

**६५. बजेट प्रणालीः**

१. विभाग र शाखाहरुबाट प्राप्त अनुमानित बजेट विवरणमाथि सञ्चालक समितिले विस्तृत छलफल गरी  बजेट बनाइनेछ ।

२. बजेटको कार्यान्वयनः सञ्चालक समितिबाट पारित बजेटलाई शिक्षालयको निर्णयअनुसार शिक्षालय प्रमुखले कार्यान्वयन गरिनेछ ।

३. बजेट खर्च तथा सामान खरिदः शिक्षालयको बजेट खर्च तथा कलेजको लागि आवश्यक सामान खरीद गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सार्वजनिक खरीद ऐन २०६३ गर्नेछ । सो नियमावली कार्यान्वयनमा बाधा अड्काउ पर्न आएमा शिक्षालयको निर्णयअनुसार हुनेछ ।

क. बजेट खर्च तथा सामान खरिदः शिक्षालय प्रमुखले स्थानीय सरकार संचालन ऐन, नियम , विनियम र प्रचलित कानून र शिक्षालय संचालक समितिको निर्णयलाई पालना गरी बजेट खर्च तथा सामान खरिद गर्नेछ ।

४.लेखा परिक्षणः

क. शिक्षालयको वार्षिक आय व्ययको लेखा परिक्षण तुलसीपुर उपमहानगरपालिकाबाट नियुक्त लेखा परीक्षकबाट हुनेछ ।

ख. आन्तरिक लेखा परीक्षणः शिक्षालयको वार्षिक आय व्ययको आन्तरिक लेखा परीक्षण तुलसीपुर उपमहानगरपालिकाको आन्तरिक  लेखा परीक्षकबाट गरिनेछ ।

५. सामान भाडामा दिने व्यवस्थाः सञ्चालक समितिको निर्णयअनुसार शिक्षालयका सामानहरु भाडामा दिन सकिनेछ ।

६.प्रयोगशाला परिक्षण शुल्कः सञ्चालक समितिको निर्णयअनुसार शिक्षालयमा रहेका प्रयोगशालामा सार्वजनिक/निजी सामानहरु सशुल्क/निःशुल्क परिक्षण गर्न सकिनेछ ।

६६. क. यस शिक्षालयको नाममा भएको चल अचल सम्पत्ति तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा हुनेछ । र शिक्षालयको लागि बजेट, चल अचल सम्पत्तिको अभाव भएमा उपमहानगरपालिकाले व्यवस्था गर्नुपर्नेछ ।

ख. प्रदेश र संघ सरकार र अन्य संस्थासँग साझेदारीमा भएको चल, अचल सम्पत्तिको व्यवस्था सोही बमोजिमको सम्झौता अनुसार हुनेछ ।

**६७. यो ऐन लागुहुनु र प्रथम शिक्षालय सभाको बैठक वस्नुभन्दा पहिले तुलसीपुर मेट्रो कलेज/ तुलसीपुर बहुप्राविधिक शिक्षालय सञ्चालक समितिले गरेको निर्णयहरु यसै बमोजिम भएको मानिनेछ ।**

## अनुसूची १

**यो विनियमको नियम ४ अनुसार शिक्षालयको देहायबमोजिमको कलेज छाप हुनेछः**

**शिक्षालयको छाप (अंग्रेजी र नेपालीमा )**

## अनुसूची २

यो विनियमको नियम ५ अनुसार कलेजको देहाय बमोजिमको सांगठनिक संरचना हुनेछः

तुलसीपुर बहुप्राविधिक शिक्षालय

↓

शिक्षालय सभा

↓

सञ्चालक समिति

↓

अध्यक्ष

↓

शिक्षालय प्रमुख

↓

शिक्षालय उपप्रमुख

सामान्य प्रशासन
- प्रशासन शाखा
- लेखा शाखा
- जिन्सी शाखा
- पुस्तकालय शाखा

प्राज्ञिक प्रशासन
- विभिन्न कार्यक्रमगत विभाग
- परीक्षा विभाग

# तुलसीपुर मेट्रो कलेज संचालन ऐन, २०७८

*पारित मिति २०७८/०१/१०*

**प्रस्तावनाः**

शिक्षाविना मानव जीवनसँगै समग्र देश, समाजको अवस्था अगाडी बढ्न सक्तैन । समाजलाई नयाँ गति र दिशा प्रदान गर्नका लागि शिक्षाको आवश्यकता अपरिहार्य छ । नेपाल जस्तो विकासोन्मुख देशका लागि शिक्षा विकासको मेरुदण्ड नै हो र त्यसमा पनि प्राविधिक शिक्षाको आवश्यकता अपरिहार्य नै मानिन्छ । तुलसीपुरलाई शिक्षाको केन्द्रका रुपमा विकास गर्नका लागि तुलसीपुर उपमहानगरपालिकाले विभिन्न पहलकदमी लिइरहेको छ। शिक्षाको विकाससँगै समग्र देशको विकास पनि जोडिएको हुन्छ। नेपालमा पछिल्लो अवस्थामा देशको आवश्यकतालाई वोध गरेर सीपमुलक र प्राविधिक शिक्षाको माग वढिरहेको छ।अहिले प्राविधिक र सीपमुलक शिक्षामा सरकारले विशेष ध्यान दिईरहेको छ। यसका साथै निजीस्तरवाट सञ्चालित भएका शैक्षिक संस्थाहरुले प्राविधिक र सीपमुलक शिक्षा प्रदान गरेको भएपनि त्यो निम्न आयस्तर भएका जनताको पहुचमा रहेको छैन ।यस कलेजले विभिन्न विश्वविद्यालयको स्वीकृतिमा विश्वविद्यालयस्तरका स्नातक तह र सोभन्दा माथिल्ला कक्षाहरुको अध्यापन गराउनेछ ।

यस्तै विविध पक्षलाई आत्मसाथ गरेर स्थानीय तह सञ्चालन ऐन २०७४ अनुसुचि ८ ले दिएको एकल अधिकार बमोजिम "तुलसीपुर मेट्रो कलेज सञ्चालन तथा व्यवस्थापन सम्वन्धि ऐन २०७८ वनाई लागु गरिएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस विधानको **नाम तुलसीपुर मेट्रो कलेज संचालन तथा व्यवस्थापन सम्वन्धी विधान– २०७८** रहेको छ ।

ख) यो विधान तुलसीपुर उपमहानगरपालिका नगरसभाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः**

क) "विधान" भन्नाले तुलसीपुर मेट्रो कलेजे सञ्चालन तथा व्यवस्थापन सम्वन्धी विधान – २०७८ लाई सम्झनुपर्दछ ।

ख) "कलेज" भन्नाले तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ स्थित पशुपति मावि हरिपौरीको नाममा रहेको जग्गामा सञ्चालनमा आएको तुलसीपुर मेट्रो कलेज तुलसीपुरलाई सम्झनुपर्दछ ।

ग) "नियमावली" भन्नाले यस विधानको अधिनमा रही तर्जुमा गरिने नियमावलीलाई सम्झनुपर्दछ ।

घ) "संचालक समिति' भन्नाले विधानको दफा ११ बमोजिम गठन हुने कलेज संचालक समितिलाई सम्झनुपर्दछ ।

ङ) 'व्यवस्थापन समिति' भन्नाले कलेज व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

च) 'कलेज प्रमुख' भन्नाले कलेजको प्रशासनिक प्रमुखलाई सम्झनुपर्दछ ।

छ)  ‘अध्यक्ष’ भन्नाले कलेज संचालक समितिको सन्दर्भमा सो समितिको अध्यक्षलाई सम्झनुपर्दछ र सो शब्द कलेज संचालक समितिको अध्यक्ष र कार्यकारी समितिको सन्दर्भमा कलेज प्रमुखलाई सम्झनु पर्दछ ।

ज)  ‘सहायक कलेज प्रमुख’ भन्नाले सहायक कलेज प्रमुखलाई सम्झनुपर्दछ ।

झ)  ‘कार्यक्रम संयोजक’ भन्नाले कलेजले सञ्चालन गरेका विभिन्न शैक्षिक कार्यक्रमलाई हेर्ने गरी नियुक्त कार्यक्रम संयोजक सम्झनुपर्दछ ।

ञ)  ‘शिक्षक’ भन्नाले स्थायी, अस्थायी, करार र आंशिक रुपमा यस कलेजमा शिक्षण सेवामा कार्यरत शिक्षकलाई सम्झनुपर्दछ ।

ट)  ‘कर्मचारी’ भन्नाले यस कलेजमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारीमा काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

ठ)  ‘बैठक’ भन्नाले कलेज संचालक समिति, व्यवस्थापन समिति र यस विधान अनुरुप गठन भएका समिति एंव उप समितिको बैठकलाई सम्झनु पर्दछ ।

ड)  ‘सदस्य’ भन्नाले कलेज व्यवस्थापन समिति, संचालक समिति लाई जनाउने छ ।

ढ)  “परीक्षा प्रमुख ” भन्नाले कलेजको परीक्षा विभागको प्रमुखलाई सम्झनु पर्दछ ।

ण)  “ऐन नियम” भन्नाले स्थानीय तह सञ्चालन गर्न बनेको कानूनलाई जनाउनेछ ।

त)  “कलेज सभा” भन्नाले कलेजको सभा भन्ने बुझिन्छ ।

## परिच्छेद – २

## कलेजको स्थापना, काम, कर्तव्य र अधिकार

**३. तुलसीपुर मेट्रो कलेज कायम रहनेः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि तुलसीपुर मेट्रो कलेज यसै ऐन अन्तर्गत स्थापित भएको मानी कायमै रहनेछ ।

(२) कलेजको मुख्य कार्यालय तुलसीपुर उपमहानगरपालिका १२ हरिपौरीमा रहेनछ ।

**४. कलेज स्वशासित संस्था हुने :** (१) कलेज अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) कलेजको काम कारवाहीका लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) कलेजले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कलेजले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र कलेज उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**५. कलेजको काम,कर्तव्य र अधिकार :** कलेजको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क)  मान्यताप्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाहरुसंग सम्वन्धन प्राप्त गरी स्थानीय आवश्यकताको आधारमा  विभिन्न समसामयिक, प्राविधिक र सीपमुलक लगायतका विषयका तहगत कक्षाहरु संचालन गर्ने ।

ख) प्रचलित ऐन नियममा रही स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरुसंग सम्वन्ध कायम गर्ने र आर्थिक तथा अन्य सहयोग आदानप्रदान गर्ने ।

ग) कलेजलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

घ) अनुशासित, स्तरीय, दक्ष र देशभक्त नागरिकहरुको उत्पादन गर्ने ।

ङ) विद्यार्थीहरुमा स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास गराई युगानुकूल सक्षम जनशक्तिको विकास गर्ने

च) कलेजलाई यस क्षेत्रकै नेतृत्वदायी शैक्षिक संस्थाको रुपमा विकास गर्ने ।

छ) कलेजको व्यवस्थापनमा हरेक क्षेत्रको प्रतिनिधित्व गराई साझा सामाजिक प्रतिष्ठानको रुपमा कलेजलाई अगाडी वढाउने ।

ज) शिक्षक एंव कर्मचारीहरुलाई तालिम तथा अध्ययन अनुसन्धानमा सहभागी गराई कलेजको शैक्षिक तथा प्रशासनिक कार्यलाई सशक्त र प्रभावकारी बनाउने,

झ) समयानुकुल कलेजको विकास गर्दै लगेर कलेजलाई प्राविधिक शिक्षाको केन्द्रका रुपमा विकास गर्ने

ञ) कलेज अन्तर्गत विभिन्न खेलकुद तथा कल्याणकारी कार्यक्रमको व्यवस्था र संचालन गर्ने,

ट) छात्रवृत्ति, पदक, सम्मान तथा पुरस्कारहरु प्रदान गर्ने व्यवस्था गर्ने,

ठ) कलेजलाई आवश्यक पर्ने विभिन्न नियम बनाउने ।

ड) कलेजसँग सम्बन्धित अन्य कामहरु गर्ने ।

## परिच्छेद ३

## कलेज संगठनको स्वरुप, पदाधिकारीहरु र कलेज सभा

६. **कलेज संगठनः** कलेजको संगठन देहाय बमोजीम हुनेछ यिनिहरको सामुहिक रुपनै कलेज रुप हुनेछ ।

क) कलेज सभा

ख) कलेज संचालक समिति

ग) कलेज प्रमुख

७. **कलेज सभाको गठनः** (१) कलेजलाई अविछिन्न रुपमा बढी सक्षम बनाई सुव्यवस्थित तरिकाले सञ्चालन, सम्बर्द्धन, संरषण गर्नका साथै आवश्यक रेखदेख, नियन्त्रण, निर्देशन र समन्वय गर्नका लागि कलेजको सर्वोच्च अंगका रुपमा एउटा कलेज सभा हुनेछ ।

(२) यस सभामा देहायका व्यक्तिहरु सदस्य रहनेछन् ।

(क) कलेज संचालक समितिका सबै सदस्यहरु

(ख) संचालक समितिद्वारा कलेज सभाका निम्ती मनोनित सदस्यहरु

(घ) विशिष्टट सदस्यहरु

(ङ) सल्लाहकार सदस्यहरु

(च) संचालक समितिले मनोनित गरेका शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थीहरुबाट मनोनित बढीमा १० जना (कम्तिमा ५ जना महिला)

**८. कलेज सभाको बैठकः** (१) सभाको बैठक सामान्यता वर्षका दुइ पटक बस्ने छ तर आवश्यक परेमो सभाको विशेष बैठक बोलाउँन सकिनेछ ।

(२) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(३) सभाको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ । तर गणपुरकको संख्याको अभावमा बैठक स्थगित भई पुनः बोलाइएको बैठकमा सभाको सम्पूर्ण सदस्य संख्याको एक तिहाइ सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । सभाको अध्यक्षता गर्ने व्यक्तिले सभाको निर्णय प्रमाणित गर्नेछ ।

(४) सभाको बैठकको अन्य कार्यविधि सभामा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. कलेज सभाको काम, कर्तव्य र अधिकारः**

कलेज सभाको काम कर्तव्य र अधिकारहरु निम्नानुसार हुनेछन्ः

क. कलेजको शैक्षिक, आर्थिक, प्रशासनीक, भौतिक आदि पक्षको विकासमा मार्गदर्शनको भूमिका खेल्ने ।

ख. कलेजको वार्षिक कार्यक्रम छलफल गर्ने, अनुमोदन गर्ने ।

ग. वार्षिक आय व्यय बजेट अनुमोदन गर्ने ।

घ. लेखा परिक्षणको प्रतिवेदन माथि छलफल गर्ने र अनुमोदन गर्ने ।

ङ. आवश्यकता अनुसार उप समिति गठन गर्ने ।

च. कलेजको विकासमा दीर्घकालिन योजनामा स्वीकृती दिने ।

छ. संचालक समितिको गठन, उचित कारण दर्शाई विघटन र पूनर्गठन गर्ने ।

ज. समितिले गरेका काम कारवाहीको अनुमोदन गर्ने ।

झ. नियमावलीमा उल्लेख भए अनुसारका अन्य आवश्यक कामहरु गर्ने ।

ञ. ऐन पारित भएपनि कलेज सभा गठन हुन नसकेको अवस्थामा संचालक समितिलाई नै सभाको सम्पूर्ण अधिकार हुनेछ ।

**१०. सदस्यहरुको वर्गीकरणः–**

१. तुलसीपुर मेट्रो कलेज सभाका सदस्यहरुको वर्गीकरण निम्नानुसार गरिनेछ ।

**क. कलेज संचालक समितिका सदस्यः** कलेज सञ्चालक समितिका सबै सदस्यहरु कलेज सभाको सदस्य हुनेछन् ।

**ख. मनोनित सदस्यः** कलेज सभाको लागि कलेज सञ्चालक समितिले शिक्षाप्रेमी, बुद्धिजिवी, समाजसेवी र सहयोगीहरुमध्येबाट आवश्यकताका आधारमा सभासदको रुपमा मनोनित गर्नेछ। यस्ता सभासदहरुको पदावधि ४ वर्षको रहनेछ ।

**ग. कलेज सञ्चालक समितिका संस्थापक सदस्यः** कलेज सञ्चालक समितिका संस्थापक पदाधिकारी सबै कलेज सभाका सदस्य रहनेछन् ।

**घ. विशिष्ट सदस्यहरुः** कलेजलाई एकमुष्ट कम्तिमा रु १,००,००० (एकलाख) वा सो बराबरको सञ्चालक समितिले स्विकार गरेको जिन्सी प्रदान गर्ने व्यक्ति कलेज सभाको विशिष्ट सदस्य रहनेछन् ।

**ङ. सल्लाहकार सदस्यः** कलेज सञ्चालक समितिका सल्लाहकार सदस्य पनि कलेज सभाका सदस्य रहनेछन् ।

२. कलेज सभाका सदस्यको संख्याः कलेज सभाका सदस्यहरुको कुल संख्या १०१ रहनेछ । सभाका सदस्यको संख्या बढाउनु परेमा सभाको गणपुरक संख्याले मात्रै पूर्ण बहुमतबाट पारित गरेर गर्न सक्नेछ ।

३. सभाको बैठक गणपुरक संख्याः कलेज सभाको बैठक बस्नका लागि एक तिहाइ सभासद उपस्थित हुनुपर्नेछ । पहिलो बैठकमा गणपुरक संख्या नपुगेमा अध्यक्षले सात दिनभित्र दोस्रो बैठक बोलाउनु पर्नेछ । दोस्रो बैठकमा २५ सभासद उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बैठकको निर्णय बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले आफ्नो निर्णायक मत दिनेछन कलेज सभाको सदस्य सचिवमा क्याम्पस प्रमुख रहने छन् ।

## परिच्छेद – ४
## कलेज सञ्चालक समिति

**११. कलेज सञ्चालक समितिको गठनः १.**कलेज व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगरप्रमुख | – अध्यक्ष |
| (ख) उपप्रमुख | – उपाध्यक्ष |
| (ग) कार्यपालिका सदस्यमध्ये १ महिला सहित २ जना | – सदस्य |
| (घ) कलेज अवस्थित वडाका वडाध्यक्ष | – सदस्य |
| (ङ) पशुपती मावि हरिपौरीको प्रतिनिधि २ जना | – सदस्य |
| (च) कार्यक्रम सञ्चालन गरेको विश्वविद्यालयबाट प्रतिनिधि १ जना | – सदस्य |
| (छ) शिक्षालय सभाले तोकेको ६ जना (अभिभावक१ र स्थानीय १ गरी) | – सदस्य |
| (ज) नगर शिक्षा समिति संयोजक या निजले तोकेको व्यक्ति १ जना | – सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (ञ) कलेज प्रमुख | – सदस्य– सचिव |

**२. सल्लाहकार समिति**

क) निवर्तमान नगर प्रमुख

ख) निवर्तमान सम्बन्धित वडाको वडा प्रमुख

ग) सञ्चालक समितिको निर्णय अनुसार विज्ञहरु

**३.** पदेन बाहेकका सदस्यहरुको अवधी चार वर्षको हुनेछ । कलेज सभा नबनेको अवस्थामा सञ्चालक समितिका पदेन सदस्यको निर्णयबाट अन्य सदस्य छानिनेछ ।

**१२. बैठक, गणपुरक संख्याः**

क) सञ्चालक समितिको बैठक समितिका अध्यक्षको अध्यक्षतामा कम्तिमा २ महिनाको एकपटक र आवश्यकता अनुसार जहिले पनि बस्नेछ ।

ख) पचास प्रतिशत सदस्यको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

ग) कुनै सदस्य विना सूचना लगातार ३ पटक बैठकमा अनुपस्थित भएमा निजलाई सदस्यताबाट हटाउन सक्नेछ ।

**१३. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** कलेज सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) कलेजको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कारवाही गर्ने गराउने

(ख) कलेजको सञ्चालनको निमित्त आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने ।

(ग) कलेजलाई आवश्यक शिक्षक तथा कर्मचारी व्यवस्था गर्ने ।

(घ) सम्वन्धन लिएको विश्वविद्यालयको स्वीकृत पाठ्यक्रम एवं शैक्षिक कार्यक्रम अनुसार अध्ययन अध्यापनका साथै प्रायोगात्मक शिक्षाको उचित व्यवस्था मिलाउने ।

(ङ) सम्बन्धन लिइएका विश्वविद्यालयबाट जारी गरिएका नीति तथा निर्देशनहरुलाई आवश्यकता हेरी कार्यान्वियन गर्ने गराउने ।

(च) शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विभिन्न सम्वन्धित विश्वविद्यालयसंग सम्पर्क एवं समन्वय कायम गर्ने ।

(छ) कलेजको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ज) कलेजको चल– अचल सम्पत्तिको संरक्षण र सम्वर्धन गर्ने गराउने ।

(झ) लेखापरिक्षक नियुक्ति गर्ने र वार्षिकरुपमा कलेजको आय, व्यय र शैक्षिक गतिविधिको विवरण पेश गर्ने ।

(ञ) प्रत्येक वर्ष स्थानीय अभिभावक, चन्दादाता र शिक्षाप्रेमीहरुको साधारण सभा गर्ने र सो सभामा कलेजको आय, व्यय र शैक्षिक गतिविधिको विवरण पेश गर्ने ।

(ट) स्वच्छ शैक्षिक वातावरण कायम राख्न कलेजलाई विभिन्न रचनात्मक क्रियाकलापमा सहभागी गराउने ।

(ठ) अवान्छित गतिविधिमा संलग्न हुने शिक्षक, कर्मचारी, एवं विद्यार्थी उपर आवश्यक कारवाही गर्ने ।

(ड) शैक्षिक गुणस्तर अभिवृद्धि हुने गोष्ठी, तालिम आदि कार्यक्रममा शिक्षक एंव कर्मचारीलाई सहभागी तुल्याउने ।

(ढ) गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।

(ण) विद्यार्थीहरुको आचारसंहिता पारित गर्ने ।

(त) कलेजबाट निर्धारित शुल्कका अतिरिक्त कलेजको विकासका लागि अन्य शुल्कहरु पनि लगाउने ।

(थ) कलेजमा रिक्त शिक्षक तथा कर्मचारीको पदपूर्ति गर्ने गराउने ।

(द) कलेजको शैक्षिक तथा प्रशासनिक नियमावली पारित गरी लागु गर्ने ।

(ध) शिक्षक व्यवस्थापन र तलब निर्धारण गर्ने । कलेज सभा नबनेको अवस्थामा दरबन्दी कायम गर्ने ।

(न) कलेज प्रमुख तथा सहायक क्याम्पस प्रमुखको नियुक्ति गर्ने ।

**१४. सञ्चालक समिति भंग गर्न सकिनेः**

देहायको अवस्थामा सञ्चालक समिति वा सो समितिका अध्यक्ष वा सदस्यलाई पदवाट हटाउन वा समिति भंग गरी नयाँ समिति गठन गर्ने अधिकार बहुमत सदस्यको सिफारिस वमोजिम सञ्चालकमा रहनेछः

क. कलेजको सम्पत्ति हिनामिना गरेमा,

ख. कलेजको नाउँमा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको हक (स्वामित्व)संस्थापक स्वयं वा प्रचलित नेपाल कानून निजको नजिकको हकदारमा रहने छ ।

ग. संस्थापकले अर्को कुनै व्यक्ति वा संस्थालाई आर्थिक क्रियाकलापमा सहभागी गराएमा पछि समावेश हुने सहभागिको हैसियत एवं हक अधिकार सिमित दायित्वको आधारमा निर्धारित हुनेछ ।

घ. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कलेज वा संस्थापक माथि प्रत्यक्ष आर्थिक व्ययभार थपिने प्रकृतिको निर्णय गर्नुअघि समिति वा कलेज प्रमुखले संस्थापकको लिखित सहमतिबाट मात्र निर्णय गर्नेछ ।

**१५. कलेज सञ्चालक समितिका पदाधिकारीहरुको काम, कर्तब्य तथा अधिकारः**

अध्यक्षको काम, कर्तव्य र अधिकारहरु निम्नअनुसार रहने छन्ः

क) कलेज संचालक समितिको बैठकको अध्यक्षता गर्ने ।

ख) कलेजद्धारा आयोजित सभा समारोहको अध्यक्षता गर्ने ।

ग) कलेजसंग सम्वन्धीत जुनसुकै विषयमा निरीक्षण गर्न र निर्देशन दिन सक्ने ।

घ) कलेज प्रमुखको विदा तथा काज स्वीकृत गर्ने ।

ङ) संचालक समितिको बैठक वोलाउने ।

च) कुनै पनि विषयमा निर्णय गर्नु पर्दा मत बरावर भएमा निर्णायक मत दिने ।

छ) आपतकालिन कार्यका लागि सञ्चालक समितिबाट सदर गर्ने गरी स्वीकृति दिने ।

ज) सञ्चालक समितिका पदाधिकारीको भ्रमण आदेश दिने ।

झ) बहुमतको आधारमा निर्णय दिने ।

ञ) सञ्चालक समितिको निर्णय बमोजिम कलेज प्रमुखलाई नियुक्ति पत्र दिने र कलेज प्रमुखको अनुपस्थितिमा निमित्त प्रमुखको जिम्मेवारी दिन कलेज प्रमुखलाई सहमति प्रदान गर्ने ।

**१६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** उपाध्यक्षको काम, कर्तव्य र अधिकारहरु निम्नअनुसार हुनेछ

क) अध्यक्षलाई सघाउने ।

ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

ग) कलेजको अनुगमन गर्ने ।

**१७. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

क) बैठकमा सहभागी हुने ।

ख) कलेजको हितमा कार्य गर्ने ।

ग) अध्यक्ष वा समितिले तोकेको काम गर्ने ।

घ) अध्यक्ष वा उपाध्यक्षको अनुपस्थित भएमा ज्येष्ठ सदस्यले अध्यक्षता गर्ने ।

**१८. सदस्यताको लागि योग्यताः**

कलेज सभा तथा कलेज सञ्चालक समितिको सदस्य हुनका लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ

क) नेपालको नागरिकता प्राप्त गरेको ।

ख) पदेन सदस्य बाहेकका अन्यका लागि २१ वर्ष उमेर पुरा भएको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतद्धारा कसुरदार ठहरी सजाय नपाएको ।

घ) शैक्षिक क्षेत्रको विकास तथा कलेजको हितका लागि समर्पित भावना भएको ।

**१९. सदस्यताको खारेजीः**

क) सम्वन्धीत सदस्यले राजिनामा दिएमा ।

ख) मृत्यु भएमा ।

ग) मानसिक असन्तुलन विग्रेमा वा पागल भएमा ।

घ) नैतिक पतन हुने अपराधमा संलग्न भएको प्रमाणित भएमा ।

ङ) लगातार तीन पटकसम्म पूर्व सूचना नगरी बैठकमा अनुपस्थित रहेमा र

च) कलेजको हित विपरीत कार्यहरुमा सक्रिय रहेको प्रमाणित भएमा ।

**२०. १. कलेज प्रमुखको काम कर्तब्य तथा अधिकार :** कलेज प्रमुखको काम कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

क) सञ्चालक समिति र व्यवस्थापन समितिको सदस्य सचिव भई काम गर्ने ।

ख) अध्यक्षको निर्देशन बमोजिम कलेज सञ्चालक समितिको बैठक बोलाउने ।

ग) सहायक कलेज प्रमुख, विभागीय प्रमुखहरु र कार्यक्रम संयोजकहरुमार्फत कलेजको शैक्षिक क्षेत्रको सम्पूर्ण कार्यको जिम्मेवारी वहन गर्ने गराउने ।

घ) बार्षिक बजेट तथा कार्यक्रम बनाउन लगाउने र तोकिएको समयमा व्यवस्थापन समितिको बैठकमा पेश गर्ने ।

ङ) विधान र नियमावलीमा व्यवस्था गरिए अनुसार आन्तरीक लेखा परीक्षणमा सहयोग गर्ने तथा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन संचालक समितिमा पेश गर्ने ।

च) कलेजको सम्पूर्ण सम्पत्तीको अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने ।

छ) कलेजका लागि आवश्यक सर सामान, नियमावलीमा व्यवस्था गरिए अनुसार खरिद गर्ने वा खरिद गर्न लगाउने ।

ज) कलेजकातर्फवाट गर्नुपर्ने कार्यका लागि कलेजको प्रतिनिधी भई हस्ताक्षर गर्ने वा गर्न लगाउने ।

झ) संचालक समितिले दिएको नियम पालना गर्ने ।

ञ) आवश्यकता अनुसार आंशिक तथा ज्यालादारी शिक्षक कर्मचारी एंव कर्मचारी नियुक्ति गर्ने र म्याद थप गर्ने ।

ट) प्राज्ञिक विकासको लागि शैक्षिक गोष्ठीहरु संचालन गर्ने ।

ठ) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने ।

ड) संस्थाको हितमा कार्य गर्ने ।

ढ) शिक्षक, कर्मचारी, विद्यार्थी मुल्यांकनका आधारमा पुरस्कार र कारबाहीका लागि सिफारिस गर्ने ।

**२. कलेज उपप्रमुखको काम, कर्तव्य र अधिकार :** कलेज उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कलेज प्रमुखको अनुपस्थितिमा उपप्रमुखले आर्थिक बाहेक शिक्षालय प्रमुखले गर्ने दैनिक तथा प्रशासनिक कार्य गर्नेछ ।

ख) कलेज प्रमुख र संचालक समितिको निर्णय बमोजिम शैक्षिक तथा प्रशासनिक कार्य गर्ने ।

## परिच्छेद – ५
## कलेजको कोष, लेखा तथा लेखापरीक्षण

**२१. कलेजको कोष :** १ कलेजको एक कोष रहनेछ

(२) उपदफा १ बमोजिमको कोषमा देहायका रकम हुनेछन् ।

क) विद्यार्थीवाट प्राप्त शुल्क ।

ख) तुलसीपुर उपमहानगरपालिकाबाट वार्षिकरुपमा प्राप्त अनुदान

ग) विभिन्न दातृ निकायबाट अनुदान या ऋण सापटी लिएको रकम ।

घ) कलेजले विभिन्न ठाउबाट ऋण सापटी लिएको रकम ।

ङ) संघ, प्रदेश र स्थानीय सरकारको अनुदान ।

च) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान

छ) कलेज कोषको रकमको तोकिएको बैकमा खाता संचालन गरिनेछ ।

ज) कलेज कोष खाताको संचालन नियमावलीमा तोकिए अनुसार हुनेछ ।

(३) कलेजका कोषको रकम तोकिएको बैठकमा खाता खोली जम्मा गरिनेछ ।

(४) कलेजको कोष र खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

(५) कलेजका सबै खर्चहरु उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**२२. लेखा र लेखा परीक्षणः** (१) कलेजको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

(२) आन्तरिक लेखा परषिण र अन्तिम लेखा परीक्षण नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धि व्यवस्था नियमावलीमा तोकिए अनुसार हुनेछ ।

**२३. आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्थाः**

१. कलेजको आय– व्यय तथा लेखा प्रणालीलाई सु– व्यवस्थित र पारदर्शी बनाउन तथा नियन्त्रण गर्न एक आन्तरीक लेखा परीक्षण समिति रहनेछ । यस सम्वन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए बमोजीम हुनेछ ।

२. आन्तरीक लेखा परीक्षण समितिमा एक जना संयोजक र दुई जना सदस्य रहनेछन् ।

**२४. आन्तरीक लेखा परीक्षण समितिको काम, कर्तव्य तथा अधिकारः**

१. आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र आन्तरीक लेखापरीक्षण प्रतिवेदन तयार गरी संचालक समितिमा पेश गर्ने ।

२. कलेज संचालनको कुनै पनि समयमा कलेजको कार्यमा बाधा नपर्ने गरी लेखासंग सम्वन्धित कागजातहरु निरिक्षण गर्न सक्नेछ ।

३. बिल भरपाईमा चित्त नवुझेमा वा शंका लागेमा जाच बुझ र रुजु गर्न सक्नेछ ।

४. आर्थिक हिसावको हिनामिना भएको फेला परेमा तत्काल प्रमाण सहित कारवाहिका लागि संचालक समितिमा पेश गर्नेछ ।

५. आन्तरीक लेखापरीक्षण समितिको कामको लागि हुने खर्च कलेजले व्यहोर्ने छ ।

## परिच्छेद ६

## विद्यार्थी भर्ना

**२५. तुलसीपुर उपमहानगरपालिकाले सञ्चालन गरेको यस कलेजमा देहाए वमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइनेछ ।**

क) तुलसीपुर उपमहानगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत

ख) दाङ्ग जिल्ला (तुउमनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत

ग) दाङ्ग जिल्ला वाहिरका विद्यार्थी तीस प्रतिशत

घ) दुर्गम जिल्लाका विद्यार्थी पांच प्रतिशत

ङ) प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरुलाई झुकाव परीक्षासमेत लिन संचालक समितिले पांच सदस्यीय एक भर्ना समिति गठन गर्न सक्नेछ । भर्ना समितिले वैकल्पिक उम्मेदवारहरुमध्येबाट पहिलो सम्पर्कमा आउने विद्यार्थीलाई प्राथमिकता दिएर भर्ना लिन सक्नेछ ।

## परिच्छेद ७

## समितिको व्यवस्था

**२६. शिक्षालय समिति :** शिक्षालयमा शैक्षिक कार्यक्रम सञ्चालनका लागि निम्नानुसार कार्यक्रम समिति हुनेछ,

(१) **कार्यक्रम समितिः** सञ्चालक समितिले कलेजको विभाग र शाखाहरुको प्रतिनित्व हुने गरी कलेज प्रमुखको अध्यक्षतामा एक कार्यक्रम समिति गठन गर्न सक्नेछ । सो समितिको सदस्य सचिव प्रशासन शाखा प्रमुख हुनेछ । जसको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

क. सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न प्राचार्यलाई सहयोग गर्ने ।

ख. दैनिक शैक्षिक प्रशासन संचालन गर्न प्राचार्यलाई सहयोग गर्ने ।

ग. विभिन्न संकाय र विभागहरुबीच समन्वय गर्ने ।

घ. संकाय र विभागहरुलाई आवश्यक शैक्षिक सामान, प्रयोगशालाका सामान र फर्निचर लगायत शैक्षिक वर्ष अगाडि नै सञ्चालक समितिमा पेश गर्न प्राचार्यलाई सहयोग गर्ने ।

ङ) संकाय र विभागीय प्रमुखहरुको सेवा र सुविधा संचालक समितिको निर्णयानुसार हुनेछ ।

(च) अध्यष वा पदाधिकारीको विशेष उपस्थिति हुन सक्नेछ ।

**२. परीक्षा समितिः** कलेजको शैक्षिक विभागहरुको प्रतिनिधित्व हुने गरी एक जना परक्षिा प्रमुखसहित समिति गठन गरिनेछ । परीक्षा समितिको कामको लागि विश्वविद्यालय र अन्य स्रोतबाट आएको रकमको आम्दानी खर्चको अभिलेख लेखाशाखाबाट परीक्षा समितिका पदाधिकारीहरुको सुविधा संचालक समितिको निर्णयानुसार हुनेछ ।

**३. परामर्श समितिः** सरकारी र गैर सरकारी कार्यालय तथा व्यक्ति वा कुनै संस्थाको कार्यमा कलेजबाट परामर्श सेवा उपलब्ध गराउन एकजना परामर्श प्रमुखसहित परामर्श समिति गठन गर्न सकिनेछ । परामर्श समितिका पदाधिकारीहरुको सेवा सुविधा सञ्चालक समितिको निर्णय वमोजिम हुनेछ ।

## परिच्छेद ८

## सेवाका पद तथा श्रेणीहरु

**२७) दरबन्दीको सृजनाः १.** कलेजमा आवश्यक शिक्षक तथा कर्मचारीहरुको दरवन्दी कलेज सञ्चालक समितिले निर्धारण गरेर कलेज सभामा पेश गर्नेछ र सोही अनुसार कलेज सभाले त्यसलाई अनुमोदन गर्नुपर्नेछ । कलेज सभा नभएको अवस्थामा सञ्चालक समितिले आवश्यकता अनुसार शिक्षक तथा कर्मचारी दरबन्दी सृजना गर्न सक्नेछ ।

**२. पद तथा श्रेणीहरुः कलेजमा देहायका पद तथा श्रेणीहरु रहनेछन्ः**

| क) शिक्षणतर्फ | तलव |
|---|---|
| १) प्राध्यापक | नेपाल सरकारको स्केल |
| २) सहप्राध्यापक | नेपाल सरकारको स्केल |
| ३) उपप्राध्यापक | नेपाल सरकारको स्केल |
| ४) सहायक प्राध्यापक | नेपाल सरकारको स्केल |
| ५) प्रशिक्षक | नेपाल सरकारको स्केल |
| ६) प्रयोगशाला सहायक | नेपाल सरकारको स्केल |

ख) प्रशासन तर्फः

१) अधिकृत

२) सहायक स्तरका पद

३. उपदफा १ (क) को १,२,३ र ४ मा उल्लेख भएका पदहरु शिक्षकको रुपमा हुने र ५ र ६ मा उल्लखे भएका पदहरु सहायक शिक्षकका रुपमा रहनेछन् ।

४. उपदफा १ (ख) मा उल्लेख भएका पदहरुको तह देहाय वमोजिम हुनेछ ।

**क. अधिकृत स्तर**

१. अधिकृत स्तर छैटौ तह

२. अधिकृत स्तर सातौ तह

**ख. सहायक स्तर**

१. सहायक स्तर पहिलो तह (पियन वा सो सरह)

२. सहायक स्तर दोस्रो तह

३. सहायक स्तर तेस्रो तह

४. सहायक स्तर चौथो तह

५. सहायक स्तर पाचौ तह

**२८ पदपूर्तिः (१) कलेज प्रमुखको नियुक्ती निम्नानुसार हुनेछ ।**

क) कलेज सभाले वरिष्ठताका आधारमा कार्यरत मध्येबाट पाँच वर्षका लागि कलेज प्रमुख नियुक्त गर्नेछ ।

ख) ऐन कार्यान्वयनमा आउनुभन्दा अगाडी कार्यविधिका आधारमा नियुक्त भएका कलेज प्रमुखलाई सोही अनुसार निरन्तरता दिइनेछ ।

ग) एक कार्यकाल पुरा भएपछि कार्य सन्तोषजनक पाइएमा क्याम्पस सभाले थप एक कार्यकालका लागि कलेज प्रमुखलाई नियुक्त गर्न सक्नेछ ।

घ) ऐन कार्यान्वयनमा आउनुभन्दा अगाडी नियुक्त भएका कलेज प्रमुखलाई १ वर्ष पश्चात शिक्षण दरबन्दी कायम गरी सञ्चालक समितिले सेवा परिवर्तन गर्न सक्नेछ ।

२) स्थायी, अस्थायी वा करार वा ज्यालादारी (आंशिकमा) शिक्षक कर्मचारी नियुक्त गर्न सक्नेछ ।

३) सञ्चालक समितिले कलेजमा रिक्त रहेको पदमा नयाँ नियुक्ती वा बढुवाद्वारा पूर्ति गर्न सक्नेछ ।

४) सञ्चालक समितिले कर्मचारी भर्ना र सेवा सुविधा सम्बन्धमा कार्यविधि बनाएर सोही बमोजिम गर्न सक्नेछ ।

५) कलेजमा कार्यरत पूर्णकालिन करार शिक्षक र कर्मचारीको हकमा आवश्यक संख्यामा सञ्चालन समितिले दरबन्दी निर्धारण गरेर सोही अनुसार नियुक्त गरिनेछ ।

६) ऐन बन्नुभन्दा पहिला भर्ना भएका कर्मचारीहरुले एक वर्षभन्दा बढी काम गरेको खण्डमा आन्तरिक पदपूर्ति समिति बनाई स्विकृत दरबन्दीमा रहेका कर्मचारी र शिक्षकलाई सञ्चालक समितिको निर्णयबाट स्थायीको प्रक्रिया अगाडी बढाइनेछ । स्थायी गर्नका लागि आन्तरिक पदपूर्ति समितिले परीक्षाको ढाढँचा तय गरिनेछ । पदपूर्ति समिति निम्नानसार हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत या निजले तोकेको व्यक्ति | संयोजक |
| सम्बन्धित विश्वविद्यालय प्रतिनिधि | सदस्य |
| विज्ञ | सदस्य |

२९ .**परीक्षणकाल**

१. स्थायी नियुक्ति गर्दा ६ महिनाको परीक्षणकालमा गरिनेछ । सो अवधिमा निजको कार्य सन्तोषजनक नभएमा निजको नियुक्ति रद्द गरिनेछ ।

२. परीक्षणकालमा रहेकाहरुको नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई सेवा अवधिमा गणना गरिनेछ ।

३. विशिष्ट प्राध्यापक तथा आगन्तुक शिक्षकसम्बन्धी व्यवस्था सञ्चालक समितिले विशेष दरबन्दी सिर्जना गरी कुनै अनुभवी र दक्ष स्वदेशी वा विदेशी व्यक्तिलाई बढीमा २ वर्षको करारमा आगन्तुक शिक्षकमा काम गराउन सक्नेछ । त्यस्ता आगन्तुक शिक्षकहरुलाई कलेजले प्रचलित तलबमानभन्दा बढी तलब तथा अन्य सुविधा दिन सक्नेछ तर त्यस्तो सुविधा करारनामामा उल्लेख हुनुपर्नेछ । आगन्तुक शिक्षकको करार सेवामा कार्यरत अवधि सामान्यतया २ वर्षभन्दा बढी नहुने गरी करार नवीकरण गर्न सक्नेछ ।

**क. कायमुकायम भई काम गर्नेः**

कुनै पद कुनै कारणबाट रिक्त हुन आएमा सोभन्दा एक तहमुनिको पदमा कार्यरत कर्मचारीमध्येबाट सो रिक्त रहेको पदको काम सम्हाल्न सक्नेलाई सञ्चालक समितिले कायमुकायम मुकर्रर गर्न सक्नेछ ।

**ख. निमित्त भई काम गर्नेः**

क. प्रशासकीय अधिकार प्रयोग गर्ने अधिकारी कुनै कारणले अनुपस्थित भएमा निजको मुनि काम गर्ने व्यक्तिलाई निमित्त भई काम गर्ने गरी सञ्चालक समिति वा अध्यक्षबाट तोक्न सकिनेछ ।

ख. उपनियम (१) बमोजिम निमित्त भई काम गरेकोमा १५ दिनभन्दा कम अवधिका लागि कुनै प्रकारको भत्ता दिइनेछैन । १५ दिनभन्दा बढी काम गरेकोमा काम गरेको पदको सुरु तलब स्केलबमोजिम तलब तथा भत्ता दिइनेछ ।

३०. **पदाधिकारी कायम रहनेः** देहायको अवस्थामा शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहनेछ :

१. त्यस पदमा कामकाज गरिरह “दासम्म ।

२. बिदामा बसेको बखत ।

३. निलम्बन रहेको बखत ।

४. काजमा खटाईएको बखत र

५. कायममुकायम भई काम गरेको बखत ।

३१. **पद रिक्त हुनेः**

१. यस विनियमअन्तर्गत उल्लिखित पदाधिकारीहरुको पद देहायको अवस्थामा रिक्त हुनेछ :

क. राजीनामा दिई स्वीकृत भएमा ।

ख. बहुलाएको प्रमाणित भएमा ।

ग. मृत्यु भएमा, वा

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई कैदको सजाय पाएमा ।

ङ. अनुशासनको कार्वाहीमा परी सञ्चालक समितिबाट हटाइएमा ।

च. कलेजको हितविपरीत काम गरेकोमा सञ्चालक समितिबाट हटाइएमा ।

२. कलेज प्रमुख  उपप्रमुखको राजीनामा सञ्चालक समिति वा अध्यक्षबाट स्वीकृत हुनेछ ।

३. विभागीय प्रमुख, शिक्षक र कर्मचारीहरुको राजीनामा कलेज प्रमुखबाट स्वीकृत हुनेछ ।

## परिच्छेद– ९
## बिदासम्बन्धी व्यवस्था

**३२. बिदाः**

(१) कलेजका स्थायी, अस्थायी र मासिक करारमा नियुक्त शिक्षक तथा कर्मचारीलाई देहायबमोजिम बिदा सुविधा प्रदान गर्न सकिनेछः

क. घर बिदा

ख. बिरामी बिदा

ग. प्रसुति बिदा

घ. पर्व बिदा

ङ. भैपरी आउने बिदा

च. क्रिया बिदा

छ. अध्ययन बिदा

ज. असाधारण बिदा

(२) बिदा अधिकारका रुपमा माग गर्न पाइनेछैन । बिदा सहुलियतका रुपमा मात्र दिइनेछ । बिरामी बिदा, क्रिया बिदा, सुत्केरी बिदा बाहेक अन्य कुनै पनि बिदा स्वीकृत नगराई बस्न पाइने छैन ।

(३) शिक्षालय प्रमुखको बिदा अध्यक्षले स्वीकृत गर्नेछ र उपप्रमुख, विभागीय प्रमुख, शिक्षक र कर्मचारीहरुको बिदा शिक्षालय प्रमुखले स्वीकृत गर्नेछ । सो अधिकार प्रत्यायोजन पनि गर्न सकिनेछ । उपप्रमुखले बिदा स्वीकृतिको खबर अध्यक्षलाई दिनुपर्नेछ ।

**३३. घर बिदाः**

(१) कलेजमा काम गर्ने शिक्षक वा कर्मचारीले वर्षको १८ दिन घर बिदा पाउनेछ । तर वर्षे बिदा वा हिउदे बिदा पाउने शिक्षक वा कर्मचारीले घर बिदा र बिरामी बिदा पाउनेछैन ।

(२) कुनै कारणले शिक्षक वा कर्मचारी सेवाबाट अलग्ग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(३) कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित घर बिदाको रकम मृत्यु हु “दाको अवस्थाको तलबको दरले हुने रकम निजको कानूनबमोजिमको हकवालालाई दिईनेछ ।

(४) हिउदे वा वर्षे बिदाको अवधि र समय कार्यक्रम समितिले तोकिएबमोजिम हुनेछ । हिउदे वा वर्षे बिदा पाउने शिक्षक तथा कर्मचारीलाई बिदाको अवधिमा आवश्यकताअनुसार काम गराउन परेमा १ दिन काम गरेबापत १ दिनको दरले घर बिदा पाउनेछ । यसरी आर्जन गरेको घर बिदा यसै विनियमबमोजिम उपभोग गर्न सकिनेछ ।

**३३. बिरामी बिदाः**

१) शिक्षक वा कर्मचारीले एक वर्ष सेवामा लागि १२ दिनसम्म बिरामी बिदा पाउनेछ । तर सात दिन भन्दा बढी अवधिको बिरामी बिदामा बस्ने शिक्षक वा कर्मचारीले मान्यता प्राप्त चिकित्सकको चिकित्सासम्बन्धी प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

२) कुनै शिक्षक वा कर्मचारीले पाउने बिरामी बिदा सञ्चित गरी राख्न सक्नेछ । तर असाधारण बिदा बसेको अवधिको बिरामी बिदा पाउनेछैन ।

३) सञ्चित बिरामी बिदा बापत कुनै शिक्षक वा कर्मचारी सेवाबाट अलग्ग भएमा निज बहाल रहेको पदबाट खाइपाइआएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

४) कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित बिरामी बिदाको रकम मृत्यु हुदाको अवस्थाको तलबको दरले हुन आउने रकम निजको कानूनबमोजिमको हकवालाले पाउनेछ ।

**३४. प्रसूति बिदाः**

(१) शिक्षालयको स्थायी, अस्थायी र करार सेवामा कार्यरत कुनै महिला शिक्षक वा कर्मचारीलाई सुत्केरीका लागि सुत्केरी हुन भन्दा अगाडि वा पछाडि जम्मा ६० (साठी) दिनसम्मको बिदा दिईनेछ ।

**३५. चाडपर्व बिदाः**

१. शिक्षक वा कर्मचारीले वर्षभरीमा बढिमा ६ दिनसम्मको पर्व बिदा पाउनेछ ।

२. पर्व बिदा सञ्चित हुनेछैन र यस्तो सञ्चित बिदाको तलब पनि पाइनेछैन ।

**३६. भैपरी आउने बिदाः**

शिक्षक वा कर्मचारीले १ वर्षमा बढीमा ६ दिनसम्मको भैपरी आउने बिदा पाउने । आकस्मिक परेकोमा बाहेक भैपरी आउने बिदा पूर्वस्वीकृति बेगर बस्न पाइनेछैन । यो बिदा सञ्चित हुनेछैन । कर्मचारीले भैपरी आउने बिदा आधा दिनको हिसाबले पनि लिन पाउनेछ ।

**३७. क्रिया बिदाः**

कुनै शिक्षक वा कर्मचारीको बाबु, आमा, लोग्ने वा पत्नी, छोरा वा अविवाहिता छोरी मरेको अवस्थामा र आफै क्रिया बस्न परेमा त्यस्ता शिक्षक वा कर्मचारीलाई काजक्रिया गर्न १५ दिनसम्मको क्रिया बिदा दिइनेछ । अविवाहित महिला शिक्षक वा कर्मचारीलाई बाबु वा आमा मर्दा १५ दिनसम्मको क्रिया बिदा दिइनेछ । महिला शिक्षक वा कर्मचारीको लोग्ने मरेको वा लोग्नेको बाबु वा आमा मरी आफ्नो लोग्नेले क्रियामा बस्नुपरे महिला शिक्षक वा कर्मचारीलाई पनि सोही अनुसारको बिदा दिइनेछ ।

**३८. अध्ययन बिदाः**

१. शिक्षालयको सेवामा रहेका शिक्षक वा कर्मचारीलाई सञ्चालक समितिले अध्ययन बिदा दिन सक्नेछ ।

२. सञ्चालक समितिको निर्णय वा अध्यक्षको स्वीकृतिमा मात्र कलेजबाट शिक्षक तथा कर्मचारीलाई स्वदेश तथा विदेशको शिक्षण संस्थानमा छात्रवृत्तिमा अध्ययनको सिफारिसपत्र दिइनेछ । आवश्यक भए अध्ययनपछि यो शिक्षालयमा पुनः सेवा गर्न आउने कबुलियतनामा गराउन सक्नेछ ।

**३९. असाधारण बिदाः**

कुनै बिदा बाँकी नरहेको शिक्षक वा कर्मचारीलाई सम्पूर्ण सेवाअवधिमा अधिकतम ३ वर्षको र २ वर्षभन्दा बढी अस्थायी वा करार सेवामा भएकालाई पनि एकपटकमा एक महिनामा नबढाई सम्पूर्ण अस्थायी वा करार सेवाअवधिमा बढीमा २ महिनाको बेतलबी बिदा दिन सकिनेछ ।

**४०. बिदा उपभोग गर्न नपाउनेः**

यस विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिबाट अत्यावश्यक सेवाका भनी तोकिएका कर्मचारीहरुले कुनै पनि सार्वजनिक बिदा पाउनेछैनन् । निजहरुले १ वर्षमा १० दिन बिदा पाउनेछन् । आर्थिक वर्षको अन्त्यमा सार्वजनिक बिदामा काम गरेको बापत रकम खाइपाइ आएको तलबको अनुपातमा दिइनेछ ।

**४१. फिर्ता बोलाउन सकिनेः**

कलेजको आवश्यकता वा बिदाको उद्देश्यअनुरुप उपभोग भएको नदेखेमा अध्ययन बिदा वा असाधारण बिदा बसेको कुनै पनि शिक्षक वा कर्मचारीलाई फिर्ता बोलाई कलेजको सेवामा लगाउन सकिनेछ ।

## परिच्छेद– १०
## तलब भत्ता तथा सेवा सुविधा

**४१. तलब, भत्ता र सुविधाः**

१. कलेजको सेवामा रहेको शिक्षक तथा कर्मचारीले आफ्नो पदमा बहाल गरेको दिनदेखि पदअनुसारको तलब, भत्ता र अन्य सुविधा पाउनेछन् । तलब भत्ता तथा सेवा सुविधाका लागि कार्यविधि बनाइ लागु गरिनेछ ।

**४२. ग्रेडको व्यवस्थाः**

१. कलेजमा सेवारत अस्थायी शिक्षकहरुलाई प्रोत्साहन स्वरुप १ वर्ष अवधि पुगेकालाई ग्रेडको व्यवस्था गर्नेछ ।

२. कलेजमा सेवारत अस्थायी कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप २ वर्ष अवधि पुगेकालाई ग्रेडको व्यवस्था गर्नेछ ।

**४३. पोशाक भत्ताः**

कलेजमा सेवारत कर्मचारीहरुलाई प्रोत्साहनस्वरुप शिक्षालयको निर्णयअनुसार पोषाक भत्ताको व्यवस्था गर्नेछ । यस्तो भत्ता पाउनका लागि सेवा अवधि १ वर्ष पुरा भएको हुनुपर्नेछ ।

**४४. दैनिक भ्रमण भत्ताः**

१. पदाधिकारी, शिक्षक तथा कर्मचारीले कलेजको कामका सिलसिलामा स्वदेश तथा विदेशमा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमणभत्ता र अन्य सुविधा नेपाल सरकारको ऐन, नियम र संचालक समितिले तोकेबमोजिम हुनेछ ।

२. भ्रमणमा गएका शिक्षक र कर्मचारीले १५ दिनभित्र आफ्नो अनुभवसहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**४५. निलम्बन भएमा पाउने तलबः**

१. नै शिक्षक तथा कर्मचारी यस विनियम बमोजिम कारबाहीका सिलसिलामा निलम्बनमा परेमा सो निलम्बन अवधिभर निजले आफ्नो तलबको आधा तलब पाउनेछ । तर लागेको आरोप प्रमाणित नभई निजले सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब लिई सकेको भए सो कट्टा गरी र नलिएको भए पूरै) तलब वृद्धि भएको भएमा सो समेत (पाउनेछ । कसुरदार ठहरी सेवाबाट हटाइएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब पाउनेछैन ।

२. कुनै शिक्षक तथा कर्मचारी नैतिक पतन देखिने फौजदारी अभियोगमा वा प्रचलित कानूनअन्तर्गत थुनामा परेकोमा त्यसरी थुनामा परेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ । यसरी स्वतः निलम्बन भेरेकोमा निलम्बन अवधिभर निजले तलब पाउनेछैन । तर अभियोगबाट सफाइ पाएमा कलेजको निर्णयअनुसार तलब पाउनेछ ।

**४६. चाडपर्व खर्चः**

कलेजको सेवामा रहेका स्थायी, अस्थायी, करार शिक्षक तथा कर्मचारीलाई निजले खाइपाइआएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रुपमा दिइनेछ । तर चाडपर्व विदाभन्दा अघि कम्तीमा ६ महिनाको सेवा पुरा नभएको अस्थायी शिक्षक वा कर्मचारीको हकमा चाडपर्व खर्च पाइने छैन ।

**४७. उपचार खर्चः**

कलेजको सेवामा रहेका शिक्षक तथा कर्मचारीलाई कलेजको कामको सिलसिलामा यात्रा गर्दा वा कुनै काम गर्दा दुर्घटनामा परी चोटपटक लाग्न गई घाइते भएमा कलेजले संचालक समितिको निर्णयअनुसार औषधी उपचार सहयोग गर्नेछ ।

**४८. दाहसस्ंकार खर्चः**

कलेजमा सेवामा रहेको अवस्थामा अटुट पूर्णकालीन शिक्षक वा अटुट पूर्णकालीन कर्मचारीको मृत्यु भएमा निजको दाह संस्कारबापत खाइपाइ आएको तलबमानको एक महिना बराबरको रकम निज मृतकको नजिकको हकवालालाई दिइनेछ ।

**४९. मरणोपरान्त अनुदानः** कलेजको सेवामा रहेका अटुट पूर्णकालीन शिक्षक वा अटुट पूर्णकालीन कर्मचारीको सेवाअवधिको क्रममा मृत्यु भएमा शिक्षक वा कर्मचारीको खाइपाइ आएको तलबमानको एक महिना बराबरको रकम निजको नजिकको हकवाललाई एकमुष्ट दिइनेछ ।

## परिच्छेद – ११
## अवकाश, उपदान र निवृत्तिभरण

**५१. अनिवार्य अवकाशः**

१. कलेज सेवामा कार्यरत पूर्णकालीन शिक्षकको उमेर ६३ वर्ष भएपछि र पूर्णकालीन कर्मचारीको उमेर ६० वर्ष पुरा भएपछि निजलाई कलेज सेवाबाट अनिवार्य अवकाश दिइनेछ । तर निज शिक्षक तथा कर्मचारीको सेवा कलेजको लागि आवश्यक ठानिएमा करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

२. २० वर्षसम्म अटुट सेवा गरिसकेका कलेजका पूर्णकालीन शिक्षक वा पूर्णकालीन कर्मचारी स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई कलेजले सेवाबाट अवकाश दिन सक्नेछ ।

**५२. सेवाअवधिको गणनाः**

यस परिच्छेदको प्रयोजका निमित्त सेवाअवधिको गणना गर्दा कलेजको करार वा अस्थायी सेवामा रही अटुट सेवा गरी स्थायी वा अस्थायी भएको र स्थायी नियुक्ति भई सेवा गरेको परीक्षणकालको अवधि तथा निलम्बनमा रहेको अवधिसमेत गणना गरिनेछ ।

## परिच्छेद – १२
## विविध

**५३. विनियमको व्याख्याः**

१. यस विनियमको व्याख्या कलेज सञ्चालक समितिले गर्नेछ ।

**५४. बाधा अड्काउ फुकाउः**

१ यस विनियमबमोजिम कामकाज वा कारबाही गर्दा गराउँदा कुनै बाधा अड्काउ पर्नगएमा त्यस्ता बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार कलेज सञ्चालक समितिलाई हुनेछ ।

**५५. काम कारबाही वैध हुनेः**

यो विनियम लागु हुनुभन्दा अगाडि कलेज सञ्चालनमा भए गरेका काम कारवाही प्रचलित ऐन, नियम र यो विनियमअनुसार भए गरेको मानिनेछ ।

**५६ .असल नियतले काम गरेकोमा बचाउः**

यस विनियमबमोजिम असल नियतले गरेको कुनै काम कारबाहीका सम्बन्धमा कलेजको सञ्चालक समिति, पदाधिकारी, सदस्य, शिक्षक वा कर्मचारीउपर कारबाही गरिनेछैन ।

**५७. आचरणः**

कलेजका शिक्षक तथा कर्मचारीहरुले देहायबमोजिमको आचरण पालन गर्नुपर्नेछ :

१. शिक्षक तथा कर्मचारीले कलेजले तोकेको समयमा नियमितरुपमा आफू कार्यरत निकायमा हाजिर हुनुपर्दछ र बिदा स्वीकृत नगराई अनुपस्थित हुनुहुदैन ।

२. अधिकार प्राप्त अधिकारीको आदेशले बाहेक कुनै शिक्षक वा कर्मचारीले कर्तव्य पालनको क्रममा प्राप्त गरेको कुनै जानकारी वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजात वा

कुनै वृत्तान्त प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै सञ्चार माध्यम वा अनधिकृत व्यक्तिलाई सूचना दिनु हुदैन ।

३. शिक्षक तथा कर्मचारीहरुले कलेजमा आफूले निर्वाह गर्नुपर्ने दायित्व तथा कर्तव्य इमानदारीसाथ निर्वाह गर्नुपर्छ र कलेजको कुनै पनि किसिमको सम्पत्तिको हानि– नोक्सानी गर्नुहुदैन ।

४. शिक्षक तथा कर्मचारीले कलेजको उद्देश्य र मर्यादाको प्रतिकूल हुने गरी कुनै पेशा वा व्यवसाय सञ्चालन गरी कलेजको जिम्मेवारी र गहनता तथा प्राज्ञिक तथा पेशागत मर्यादामा अनास्था पैदा हुने कार्य गर्नुहुदैन ।

५. शिक्षक तथा कर्मचारीले कलेजको निर्णय, आदेश, विनियमको पालना गर्

६. शिक्षक तथा कर्मचारीले कलेजको काममा सबैलाई सहयोग गर्नुपर्छ ।

७. शिक्षक कर्मचारीले पदअनुसारको आचरणको प्रतिकूल कार्य गर्नुहुदैन ।

**५८. सजायः** शिक्षक तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा सामान्य सजाय र विशेष सजाय गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा देहायबमोजिम सजाय गर्न सक्नेछ ।

१. नसिहत दिने
२. निलम्बन गर्ने
३. बढीमा २ ग्रेड तलब बृढि रोक्का गर्ने ।
४. बढीमा २ वर्षसम्मको लागि बढुवा रोक्का गर्ने ।
५. भविष्यमा कलेज सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवा मुक्त गर्ने ।
६. भविष्यमा कलेज सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवा मुक्त गर्ने ।

**५९. देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ५८ (१), (२), (३), (४) अन्तरगतको सजाय गर्न सकिनेछ ।**

१. काम सन्तोषजनक नभएमा ।
२. तोकिएको म्यादभित्र हाजिर नभएमा वा तोकिएको जिम्मेवारी बहन गर्न इन्कार गरेमा ।
३. पूर्वस्वीकृति नलिई बराबर अनुपस्थित रहने गरेमा ।
४. अनुशासनहीन काम गरेमा ।
५. आचरणसम्बन्धी प्रावधान उल्लङ्घन गरेमा ।
६. बुझबुझारथ नगरेमा ।

**६०. देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई नियम ५८(५), (६) अन्तर्गतको सजाय गर्न सकिनेछ ।**

१. आफ्नो काम कर्तव्यमा गम्भीर लापरवाही गरेमा ।
२. तोकिएको जिम्मेवारी पुरा गर्न असक्षम भएमा ।
३. कलेजबाहेक अन्य निकायमा पूर्व स्वीकृति नलिई कुनै रोजगारी स्वीकार गरेमा ।

४. लगातार १ महिनासम्म कलेजमा विनासूचना अनुपस्थित भएमा ।

५. भ्रष्टाचार गरेमा ।

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुर प्रमाणित भई कैदको सजाय पाएमा

७. सेवाको प्रयोजनका लागि पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली ठहरेमा ।

**६१. सजाय सम्बन्धी व्यवस्था,**

१. सञ्चालक समितिको अध्यक्षले कलेज प्रमुख, उपप्रमुख र अन्य शिक्षक कर्मचारीहरुलाई सजायसम्बन्धी कार्वाही गर्न सक्नेछ ।

२. कलेज प्रमुखले अध्यक्षस "ग परामर्श गरी विभागीय प्रमुख, शिक्षक तथा कर्मचारीहरुलाई सजायसम्बन्धी कार्वाही गर्न सक्नेछ ।

३. सजाय दिन पाउने अधिकारीले कुनै शिक्षक तथा कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**६२. पुरस्कार तथा प्रोत्साहनको ब्यवस्थाः** कलेजमा सेवारत शिक्षक र कर्मचारीको वृत्ति विकास गर्न कलेजले प्रोत्साहन पुरस्कारको व्यस्था गर्न सक्नेछ ।

**६३. यो विनियमको व्यवस्था बाहेक सञ्चालक समितिबाट भएका निर्णयहरु यसैको अङ्गको रुपमा मानिनेछ ।**

**६४. सार्वजनिक बिदा कटौती गरी कलेजको पढाई सञ्चालन गर्न सकिनेछ ।**

**६५. बजेट प्रणालीः**

१. विभाग र शाखाहरुबाट प्राप्त अनुमानित बजेट विवरणमाथि सञ्चालक समितिले विस्तृत छलफल गरी बजेट बनाइनेछ ।

२. **बजेटको कार्यान्वयनः** सञ्चालक समितिबाट पारित बजेटलाई कलेजको निर्णयअनुसार कलेज प्रमुखले कार्यान्वयन गरिनेछ ।

३. **बजेट खर्च तथा सामान खरिदः** कलेजको बजेट खर्च तथा कलेजको लागि आवश्यक सामान खरीद गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सार्वजनिक खरीद ऐन २०६३ गर्नेछ । सो नियमावली कार्यान्वयनमा बाधा अड्काउ पर्न आएमा कलेजको निर्णयअनुसार हुनेछ ।

**६६. सामान भाडामा दिने व्यवस्थाः संचालक समितिको निर्णयानुसार कलेजका सामानहरु भाडामा दिन सकिनेछ ।**

**६७. प्रयोगशाला परिक्षण शुल्कः संचालक समितिको निर्णयअनुसार कलेजमा रहेका प्रयोगशालामा सार्वजनिक/निजी सामानहरु सशुल्क/निःशुल्क परिक्षण गर्न सकिनेछ ।**

## अनुसुचि – १

## कलेजको छाप

TULSIPUR METRO COLLEGE

तुलसीपुर मेट्रो कलेज

## अनुसूचि - २

## कलेजको संगठन तालिका



# नगर प्रहरी (संचालन तथा व्यवस्थापन)ऐन, २०७८

*पारित मितिः २०७८/१०/२८*

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ को (क) १ बमोजिमको काम कर्तब्य र अधिकार सम्बन्धी ब्यवस्था कार्यान्वयन गर्न तथा प्रचलित कानून एवं तुलसीपुर उपमहानगरपालिकाको सम्पूर्ण सेवा लाई प्रभावकारी बनाउन आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाले यो ऐन पारित गरी लागु गरेको छ ।

## परिच्छेद—१
## (प्रारम्भिक)

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिका नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा  प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले नगर प्रही ऐन, २०७८ सम्झनु पर्नेछ ।

(ख) "नियमावली"  तुलसीपुर उपमहानगरपालिकाको नगर प्रहरी सम्बन्धी नियमावली सम्झनु पर्दछ

(ग) "नगर प्रहरी" भन्नाले तुलसीपुर उपमहानगरपालिकाले यो ऐन बमोजिम तथा प्रचलित कानून बमोजिम नियुक्त गरेको नगर प्रहरी सम्झनु पर्दछ ।

(घ) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकासम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले तुलसीपुर उप–महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "नगर प्रमुख" भन्नाले तुलसीपुर उप–महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ज) "नगर उप–प्रमुख" भन्नाले तुलसीपुर उप–महानगरपालिकाको उप–प्रमुख सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उप–महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावली तथा नियम, नियमावली अन्तर्गत बनेको निर्देशिका, कार्यविधि वा उपमहानगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) "सार्वजनिक संगठित क्षेत्र" भन्नाले नेपाल सरकारको निकाय वा नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी स्वामित्व भएको निकाय वा राष्ट्रिय (देश भर कार्यक्षेत्र भएको), प्रदेश

(प्रदेश भर कार्यक्षेत्र भएको), स्थानीय (स्थानीय तह भरी कार्यक्षेत्र भएको) स्तरको गैर सरकारी संघ, संस्था, बैंक तथा वित्तीय संस्थाहरु, पब्लिक तथा प्राईभेट कम्पनीहरु सम्झनु पर्दछ ।

(ठ) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संघ, संस्था वा सरकारी र्कायालय सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर प्रहरी पदपूर्ति समितिलाई सम्झनुपर्दछ।

(ढ) "आर्थिक वर्ष" भन्नालेश्रावण १ गते देखि असार मसान्तसम्मको अवधिसम्झनु पर्छ।

(ण) "कार्यालय प्रमुख" भन्नाले प्रचलित कानून बमोजिम कार्यालयको अख्तियार प्राप्त गरी कार्यालयको प्रमुख जिम्मेवारी बहन गरेको कर्मचारी सम्झनु पर्छ ।

(त) "प्राधिकरण" भन्नाले तुलसीपुर विकास प्राधिकरण सम्झनु पर्नेछ ।

३. **ऐनको ब्याख्या उपमहानगरपालिकाले गर्नेः**

(१) कुनै पदाधिकारीले यो ऐनको ब्याख्या वा कार्यान्वयन गर्दा कसैलाई मर्का परेमा निजले प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा निवेदन पेश गर्नु सक्नेछ ।

(२) दफा ३ उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर कार्यपालिकाले ३० दिनभित्र निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद–२

## (नगर प्रहरी गठन, उद्धेश्य तथा कार्य)

४. **नगर प्रहरीको गठनः**

(१) तुलसीपुर उपमहानगरपालिका अन्तर्गत एक नगर प्रहरी सेवा, रहनेछ । नगर प्रहरी सेवा, संचालन तोकिए बमोजिम हुनेछ ।

(२) उपमहानगरपालिकामा रहने नगर प्रहरीको पद, तह, संख्या तथा काम, कर्तब्य, अधिकार एवं उत्तरदायित्व सहितको कार्यविवरण प्रचलित कानूनको अधिनमा रहि तोकिए बमोजिम हुनेछ ।

५. **नगर प्रहरी गठनको उद्देश्यः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ (क) तथा तुलसीपुर उपमहानगरपालिकाको कार्यविभाजन नियमावली, २०७४ बमोजिमको काम, कर्तब्य र अधिकार सम्बन्धी ब्यवस्थाहरुको कार्यान्वयन गर्न तथा प्रचलित कानून एवं तुलसीपुर उपमहानगर पालिकाको सम्पूर्ण सेवालाई प्रभावकारी बनाई समुन्नत नगर बनाउनु नगर प्रहरी गठनको उद्देश्य रहेको छ ।

६. **नगर प्रहरीको काम, कर्तब्य र अधिकारः** तुलसीपुर उपमहानगरपालिकाको देहायका कार्यहरुमा सहयोग पुर्याउन नगर प्रहरीको काम, कर्तब्य र अधिकार हुनेछ ।

(१) उपमहानगरपालिकाको नीति, कानून, मादपण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) उपमहानगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) उपमहानगरपालिका क्षेत्रमा हुने सभा, समारोह, परम्परा, सांस्कृतिक कार्यक्रम तथा चाड पर्वको सुरक्षा ब्यवस्थापन गर्ने,

(४) उपमहानगरपालिका क्षेत्रको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र ब्यवस्थापन गर्ने,

(५) उपमहानगरपालिका क्षेत्रभित्र सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(६) उपमहानगरपालिकाको न्यायिकसमितिले गरेका मिलापत्र, आदेश तथा फैसलाहरुको कार्यान्वयनमा सहयोग गर्ने,

(७) उपमहानगरपालिका क्षेत्रको सार्वजनिक ऐलानी र र्पित जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(८) उपमहानगरपालिकाबाट निर्णय भए अनुसार विपद ब्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पूनरुस्थापनाको कार्यहरु गर्ने,

(९) उपमहानगरपालिका क्षेत्रको अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने,

(१०) उपमहानगरपालिका क्षेत्रमा रहेका छाडा पशु चौपायाको नियन्त्रण गर्ने,

(११) उपमहानगरपालिका क्षेत्रभित्र अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(१२) अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग गर्ने ।

(१३) प्रचलित कानून बमोजिम कार्यपालिकाको निर्णय तथा कार्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

७. **नगर प्रहरीको जिम्मेवारीभित्र पर्नेः** देहायका विषयहरु नगर प्रहरीले सम्पादन÷कार्यान्वयन गर्नु पर्ने जिम्मेवारीभित्र पर्नेछन् ।

(१) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री, पसल, ब्यवसायबाट भएको अवरोध हटाउन लगाउने, हटाउन नमानेमा आपैm हटाई हटाउन लाग्ने खर्च सम्बन्धित ब्यक्तिबाट असुल उपर गर्न पेश गर्ने,

(२) उपमहानगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहर मैला निर्धारित समय तथा स्थानमा राख्न लगाउने र उलघंन गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने,

(३) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचेर कसैले घर, कम्पाउण्ड, टहरा वा यस्तै अन्य निर्माण कार्य गरेको वा ब्यक्तिगत रुपले उपभोग गरेको छ वा छैन निरीक्षण गर्ने यदि निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रशासन शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष तोकिए बमोजिमको ढांचामा प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने,

(४) उपमहानगर क्षेत्रमा अनियमित रुपमा निर्माण कार्य गरेको देखिएमा नक्शा पास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रशासन शाखा मार्फत प्रमुख प्रशसकीय अधिकृत समक्ष पेश गर्ने र मापदण्ड विपरितको निर्माण कार्य भएको देखिई भत्काउने आदेश भएमा भत्काउने,

(५) छाडा पशु पक्राउ गरी तोकिए बमोजिमको प्रकृया पुरा गरी लिलाम विक्री गर्ने, लिलाम हुन नसकेका छाडा पशुहरुको उचित ब्यवस्थापन गर्ने गराउने,

(६) सार्वजनिक स्वास्थ्यका लागि हानिकारक चिज, बस्तु तथा सडे गलेको खाद्य पदार्थ वा उपभोक्ता हित विपरित विक्री वितरणमा रोक लगाउने,

(७) तोकिएको मापदण्ड विपरित सडे गलेको, हानिकारक चिज बस्तु विक्री गरेको पाईएमा पहिलो पटक भए अवस्था हेरी कार्यालयबाट निर्णय भए अनुसारको जरिवाना लिई जफत गरी गाड्न लगाउने । दोहोरिएमा प्रत्येक पटक दोब्बर जरिवाना लिई पसल बन्द गराउन राय सहित तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने ।

(८) रोगी वा कानूनले निषेध गरेका पशु पंक्षी, जीव जन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षी जीव जन्तुका मासु विक्री वितरणमा रोक लगाउने यदि अटेर गरेमा कार्यालयबाट निर्णय भए अनुसारको जरिवाना लिई  जफत गरी नष्ट गर्ने साथै पसल बन्द गर्नु पर्ने देखिएमा तोकिए ढँांचामा राय सहित प्रतिवेदन पेश गर्ने,

(९) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने साथै मरेका जीवजन्तु समयमा नै गाड्ने ब्यवस्था गर्ने,

(१०) खतरा उत्पन्न हुने रुख काट्न लगाउने, जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भएमा भत्काउने,

(११) वडा समिति, टोल सुधार समिति वा टोल विकास संस्था वा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र शान्ती स्थापना सम्बन्धी कार्य गर्ने, गराउने,

(१२) उपमहानगरपालिकाको कार्यपालिका, विभिन्न शाखा वा महाशाखा, वडा समिति तथा कार्यालय, उपसमिति, बोर्ड, प्राधिकरणबाट लागु हुने नीति, नियम, निर्णय र कानूनहरुको कार्यान्वयन गर्ने, गराउने,

(१३) उपमहानगरको सुब्यवस्था कायम गर्ने, उपमहानगरको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेसिन, उपकरण आदिको सुरक्षा गर्ने,

(१४) ईजाजत विना पेशा, ब्यवसाय गरेको फेला परेमा पेशा ब्यवसायको दर्ता, नविकरण गर्न लगाउने,

(१५) उपमहानगरपालिका क्षेत्रमा भित्ते लेखन, पोल ब्यानर, क्रस ब्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्राचार, प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई कार्यालयबाट निर्णय भए अनुसार जरिवाना लिई कारवाही गर्ने,

(१६) विना ईजाजत ब्यानर, होडिङ्ग बोर्ड, ग्लो बोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने यदि नमानेमा कार्यालयबाट निर्णय भए अनुसार जरिवाना लिने,

(१७) उपमहानगरले संचालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा उपमहानगरको तर्पmबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने,

(१८) नापतौलका सामाग्री, मूल्य सूचीको चेक जाँच गर्ने, पसलमा मूल्य सूची राख्न लगाउने,

(१९) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता ब्यवसायहरु निरीक्षण गर्ने स्वीकृत मापदण्ड अनुरुप संचालन नभएको पाईएमा आवश्यक कारवाहीको लागि पेश गर्ने,

(२०) उपमहानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने,

(२१) उपमहानगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार ब्यवस्था गर्ने, त्यस्ता ब्यवसायीहरुको लगत राख्ने,

(२२) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने, अन्य उपकरण प्रयोग गर्न नदिने अटेर गरेमा कार्यालयबाट निर्णय भए अनुसार जरिवाना लिई त्यस्तो कार्य बन्द गराउने,

(२३) शहरमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग, धन्दा संचालनमा रोक लगाउने,

(२४) उपमहानगरपालिका क्षेत्रभित्रका निजी सुरक्षा गार्ड आपूर्ति सम्बन्धी ब्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी संचालकहरुको सूची तयार गरी लगत राख्ने र तोकिए बमोजिम अनुगमन गर्ने,

(२५) दमकल सेवालाई २४ सै घण्टा चुस्त, दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने,

(२६) विपद वा महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटिने,

(२७) उपमहानगरपालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना तोकिए बमोजिमका कार्यहरु गर्ने, गराउने,

(२८) उपमहानगरपालिका अन्तर्गतका विभाग, महाशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समयभित्र उपलब्ध गराउने,

(२९) उपभोक्ता हित संरक्षण शाखा मार्पत गर्नु पर्ने कार्यहरुमा सहभागि भई कार्य गर्ने,

(३०) उपमहानगरपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छे–३
## (दरबन्दी सिर्जना र पदपूर्ती)

**८. दरबन्दी सिर्जना तथा खारेजीः**

(१) नगर प्रहरीको संख्या र संगठन संरचना निश्चित पदसोपानमा आधारित हुनेछ ।

(२) नगर प्रहरी निरिक्षकको नेतृत्वमा रहने गरीतुलसीपुर उपमहानगरपालिकामा नगर प्रहरीका देहाय बमोजिमका पद/तहहरुरहनेछन् ।

| | |
|---|---|
| क. नगर प्रहरी निरिक्षकः(छैठौ तह) | १ जना |
| ख. नगर प्रहरी नायव निरिक्षक(पाँचौ तह) | १ जना |
| ग. नगर प्रहरी सहायक निरिक्षकः(चौथो तह) | १ जना |

घ. नगर प्रहरी हवल्दारः (तेस्रो तह) ४ जना

ङ. नगर प्रहरी जवानः (पहिलो तह) ८ जना

(३) तुलसीपुर उपमहानगरपालिको विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण भई पद मिलान तथा नयाँ पद सिर्जजना तथा खारेजी गर्नु पर्ने अवस्था भएमा सोहिसर्वेक्षणलाई आधार मानी पदहरु कायम हुनेछन् ।

(४) नयाँ पद सिर्जना तथा खारेजीको प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुको मूख्य कारण, प्रस्तावित पदले गर्नु पर्ने मुख्य कामको विवरण,श्रृजित दरबन्दीले थप गरेको कार्यबोझ, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठन स्वरुपमा पार्ने प्रभावको अध्ययन विश्लेषण सहित कार्यालय प्रमुखले नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) उपमहानगरपालिकाले आवश्यक मापदण्ड बनाई प्रत्येक पदको कार्यविवरण वनाई लागु गर्नेछ र त्यस्तो कार्यविवरणमा सम्बन्धित पदको काम, कर्तब्य, उत्तरदायित्व र अधिकार समेत उल्लेख गरिनेछ ।

(६) नगर प्रहरी निरीक्षक लगायत नगर प्रहरी कर्मचारीहरुको काम कर्तब्य र अधिकार नगर प्रहरीकोमापदण्डमा तोकिएबमोजिम हुनेछ ।

(७) नगर प्रहरी मापदण्ड नबनेसम्मको लागि प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिमनै हुनेछ

(८) नगर प्रहरीको संख्या निर्धारण गर्दा हाल कार्यरत नगर प्रहरी कर्मचारीहरुको संख्यालाई समेत कूल संख्या अन्तर्गत नै समाबेस गरिनेछ ।

९. **नगर प्रहरी पदको छनौट, सिफारिस तथा नियुक्तीः**

(१) नगर प्रहरी छनौट समितिःप्रचलित कानूनमा अन्यथा ब्यवस्था भएकोमा बाहेक प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगर कार्यपालिकाले तोकेको देहाय बमोजिमको नगर प्रहरी छनौट समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख. आर्थिक प्रशासन शाखा प्रमुख –सदस्य

ग. प्रहरी कार्यालय, तुलसीपुर दाङ बाट तोकिएको एक जना अधिकृत–सदस्य

घ. नेपाली सेनाको एक जना अधिकृत प्रतिनिधि – सदस्य

ङ प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख –सदस्य सचिव

(२) नगर प्रहरी छनौट समितिको सचिवालयको कार्य उपमहानगरपालिकाको प्रशासन तथा जनशक्ति विकास शाखाले गर्ने छ ।

(३) नगर प्रहरी छनौट समितिबाट सिफारिस भएका नगर प्रहरीहरुलाई प्रमुख प्रशासकीय अधिकृतलेकरारसम्झौता गर्नु पर्नेछ ।

१०. **नगर प्रहरी छनौट समितिको काम, कर्तब्य र अधिकार** (१)प्रचलित कानूनमा अन्यथा ब्यवस्था भएकोमा बाहेक नगर प्रहरी छनौट समितिको काम, कर्तब्य र अधिकार बमोजिम हुनेछ ।

(क) ऐन बमोजिम नगर प्रहरीको पदपूर्ति हुने पदहरुको प्रतिशत निर्धारण गर्ने,

(ख) खुला प्रतियोगिताद्धारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका तयार पार्ने,

(घ) परिक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन गर्ने,

(च) शारिरीक तन्दुरुस्ती तथा लिखित परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) करार सम्झौताको लागि सिफारिस गर्ने,

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा छनौट समितिले गर्ने भनी तोकिएका पदपूर्ति सम्बन्धी अन्य कार्यहरु गर्ने ।

(२) नगर प्रहरी छनौट समितिले नगर प्रहरी सेवा समुहको लागि खुला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) नगर प्रहरी छनौट समितिको काम, कर्तब्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) नगर प्रहरीको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठयक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यकता अनुसार छनौट समितिले पाठ्यक्रम हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सक्ने छ ।

११. **नगर प्रहरी पदपूर्तिः** नगर प्रहरीको सवै पदहरुमा खुला प्रतियोगिताका माध्यमद्धाराकरार सेवाबाटपदपूर्ति गरिनेछ । तर हाल कायम रहेका स्थायी नगर प्रहरीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

१२. **खुला प्रतियोगिताः** खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमध्ये ५५ प्रतिशत पदमा खुला प्रतिष्पर्धामार्फत र बाँकी पैचालीस प्रतिशत पदमा सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिम उम्मेदरवारको बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

क) महिलाः २० प्रतिशत

ख) आदिबासी/जनजातिः ३२ प्रतिशत

ग) मधेसीः २८ प्रतिशत

घ) दलितः १५ प्रतिशत

ङ) पि.क्षे. ५ प्रतिशत

**स्पष्टीकरणः**

(१) यस ऐनको प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, दलित, मधेसी र मुस्लिमलाई सम्झनु पर्छ ।

(२) उप दफा (१) वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका

महिला, आदिवासी/जनजाति, दलित, मुस्लिम र मधेसी समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाश गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(३) दफा–१२ वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ

(४) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातीको लागि सम्बन्धित निकायबाट जनजाति भनी प्रमाणित भएको ।

(५) मधेसी तथा दलित को लागि सम्बन्धित निकायबाट बाट मधेसी, दलित भनी प्रमाणित भएको ।

(६) दफा (१०) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घतांक (फ्रयाक्सन) आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(७) दफा(१०) वमोजिम छुट्याइएको पदमा समावेशी प्रणालीमार्फत पदपूर्ति हुननसकेमा, कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

१३. **नगर प्रहरी पदपूर्ति प्रक्रियाः नगर प्रहरी पदपूर्तिको प्रक्रिया देहाय बमोजिम हुनेछ**

(१) उम्मेदवारहरुले दिएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रमको सूची तयार गरी छनौट समितिले करार सम्झौताका लागि करार सम्झौता गर्ने अधिकारी समक्ष सिफारिस पेश गर्नेछ । छनौट समितिले सम्भव भएसम्म पदपूर्ति गर्नु पर्ने पद संख्या १–५ जनासम्म भए थप २ जना, ५–१० जनासम्म भए थप ३ जना र ११–१५ जनासम्म भए थप ४ जना योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार समेतसिफारिस गर्नु पर्नेछ ।

(२) करार सम्झौताको लागि सिफारिस भएको मितिले पच्चिस दिनभित्र नगर कार्यपालिकाको कार्यालयले सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(३) ऐनको दफा१२(२) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले करार गरी सम्झौता पत्र दिनु पर्नेछ ।

(४) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीले सिफरिसको सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र करार सम्झौता गरि सक्नुपर्नेछ उक्त समयसम्म सम्झौता नगरेमा योग्यताक्रम अनुसार पहिलो वैकल्पिक उमेद्धारलाई उक्त पदमा नियुक्ति दिन सकिनेछ ।

(५) जेष्ठताक्रम कायम गर्ने : (१) नगर प्रहरीको जेष्ठता क्रम कायम गर्दा निजहरुको सिफरिस हुँदाको योग्यताक्रम र आधारभूत तालिममा प्राप्तगरेको अंकको आधारमा कायम गरिनेछ ।

१४. **करार पदमा कार्यरतलाई स्थायी गर्न नसकिनेः** करार पदमा काम गरेकै आधारमा नगर प्रहरीलाई स्थायी गर्न सकिने छैन साथै कुनै पनि नगर प्रहरीले करार सेवामा काम गरेको आधारमा स्थायी हुनको लागि दावी गर्न पाउने छैन ।

१५. **छनौट तरिका समावेशी बनाउनु पर्नेछः** पदपूर्ति गर्दा प्रचलित कानून बमोजिम नगर प्रहरीलाई समावेशी बनाउन कुल पद मध्ये ५५ प्रतिशत पद खुला तरिकाबाटर बाँकी ४५ प्रतिशत पद छुट्टाई त्यसलाई शतप्रतिशत मानी दफा १२ बमोजिम पदपूर्ति गरिनेछ ।

१६. **खुला तरिकाबाट छनौट गरिने पदको लागि आवश्यक योग्यताः**

(१) नगर प्रहरी निरिक्षक पदको लागिआवश्यक न्युनतम योग्यताः

(क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्मनेपाली सेनाको सहायक सेनानी वा प्रमुख सुवेदार वा सुवेदार, नेपाल प्रहरी र शसस्त्र प्रहरी बल नेपालको प्रहरी निरिक्षक वा प्रहरी नायव निरिक्षक वा प्रहरी सहायक निरिक्षक पदबाट सेवानिबृत्त भएका कर्मचारीहरु २० बर्ष पुरा भई४० वर्ष ननाघेको हुनु पर्नेछ,

(ख) मान्यता प्राप्तविश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीण गरेको हुनु पर्नेछ,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनु पर्नेछ,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको हुनु पर्नेछ,

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लघंनमा सजाय नपाएको ।

(च) कुनै पनि आतंककारी संगठनको सदस्य नरहेको,

(छ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईञ्च उचाई भएको,

(ज) पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको । महिलाको हकमा नफुलाउँदा कम्तीमा २८ इन्च र फुलाउँदा ३० इन्च भएको ।

(झ) पुरुषको हकमा कम्तीमा ५२के.जी. र महिलाको हकमा कम्तिमा ४५ के.जी तौल भएको ।

(ञ) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ट) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,

(ठ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।

(२) नगर प्रहरी नायव निरिक्षक तथा सहायक निरिक्षक पदको लागि आवश्यक हुने न्युनतम योग्यता ःः

(क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्षपुरा भई ३० वर्ष ननाघेको तर नेपाली सेनाको प्रमुख जमदार वाजमदार वा हुद्दा, नेपाल प्रहरी र शसस्त्र प्रहरी बल नेपालको प्रहरी नायव निरिक्षक वा सहायक निरिक्षक वा प्रहरी हवल्दारको पदबाट सेवानिबृत्त कर्मचारीको हकमा १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्त्तीण गरेको हुनु पर्नेछ,

(ग) अन्य ब्यवस्था ऐनको दफा १६ (१) मा तोकिए बमोजिम हुनेछ ।

(३) नगर प्रहरी जवान पदको लागि आवश्यक योग्यता न्युनतम योग्यताः

(क) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्षपुरा भई ३० वर्ष ननाघेको हुनु पर्नेछ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका परिक्षा÷एस.ई.ई पास गरेको हुनु पर्नेछ ।

(ग) अन्य ब्यवस्था ऐनको दफा १६ (१) मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ४
## (उपमहानगरपालिकाको प्रशासन र नगर प्रहरी वीचको सम्बन्ध)

१७. **नगर प्रहरी उपमहानगरपालिका प्रशासनको नियन्त्रणमा रहनेः** नगर प्रहरीको अनुशासन, आन्तरिक ब्यवस्थाको कुरामा बाहेक नगर प्रहरी उपमहानगरपालिकाको कार्यालय प्रमुख, प्रशासन शाखा प्रमुख र विषयगत तथा शाखागत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१८. **नगर प्रहरी निरीक्षकमार्फत पत्राचार तथा आदेशको कार्यान्वयन गरिनेः** उपमहानगरपालिकाले नगर प्रहरी संगठन सम्बन्धी विषयमा पत्राचार तथा आदेश गर्दा प्रमुख प्रशासकीय अधिकृतको आदेश बमोजिम नगर प्रहरी निरीक्षक मार्फत गर्नु पर्नेछ ।

१९. **कारवाही गर्दा परामर्श लिनेः** कुनै पनि नगर प्रहरी वा नगर प्रहरीको अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनको कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी निरीक्षक र नगर प्रहरी निरीक्षकलाई कारवाही गर्दा प्रशासन तथा जनशक्ति विकाश शाखाको परामर्श लिनु पर्नेछ ।

२०. प्रशासन र नगर प्रहरी सम्बन्धी अन्य विषय  प्रशासन र नगर प्रहरी सम्बन्धी थप विषयहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद – ५
## (विदा, तालिम, सेवा सुविधा तथा आचरण)

२१. **नगर प्रहरीको विदाः**

१. विदा अधिकार नभई सुविधिाको रुपमा प्रदान गरिनेछ ।

२. साविकमास्थानीय निकायको स्थायी सेवामा नियुक्त नगर प्रहरी कर्मचारीहरुको हकमा प्रचलित कानून बकोजिम र करार सेवामा कार्यरत नगर प्रहरी कर्मचारीहरुको बिदा सम्बन्धी सम्पूर्ण व्यवस्था करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ । तर सामान्यतयामहिनामा एक दिन भैपरी आउने विदा, किरिया विदा,सुत्केरी विदा र सुत्केरी स्याहार बिदा कटौती गरिने छैन ।

३. बिदा स्वीकृत नगरी कार्यालयमा अनुपस्थित हुने नगरप्रहरी (स्थाई तथा करार) गयल भएको मानिने छ ।

४. उपदफा  ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि काबुबाहिरको परिस्थित आई बिदा स्वीकृत गर्न सम्भव थिएन भन्ने मनासिब कारण पेश गरेमा प्रमुख प्रशासकीय अधिकृतले निज कर्मचारी काममा फर्किएपछि  बिदा स्वीकृत गर्न सक्नेछ ।

५. कामको अनुकुलता हेरी बिदा दिने अधिकारीले आफ्नो तजबिजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्ध गरी काममा लगाउन सक्नेछ ।

६. नगरप्रहरी २४ सै घण्टा तुलसीपुर उपमहानगरपालिकाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहनेछ ।

२२. नगर प्रहरीले प्रचलित कानून तथा करार सम्झौतामा उल्लेख भए बमोजिमको सेवा सुविधा प्राप्त गर्नेछन् ।

२३. **नगर प्रहरीको आचरण र अनुशासन सम्बन्धी व्यवस्थाः** १. नगर प्रहरीले देहाय बमोजिम आचरण पालना गर्नु पर्नेछः

(१) दान, उपहार लिन नहुनेः आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले उपमहानगरपालिकाको पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघ, संस्था, निकाय वा ब्यक्ती कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोशेली र उपहार स्वीकार गर्नु हुदैछ ।

(२) चन्दा लिन नहुनेः कुनै नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुदैन ।

(३) स्वीकृति विना अचल सम्पत्ति खरिद गर्न नहुनेः उपमहानगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ती खरिद गर्नु हुदैन ।

(४) सम्पत्तिको विवरण दिनु पर्नेः नगर प्रहरीले आर्थिक बर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो र परिवारको सदस्यको नाममा रहेको अचल सम्पत्ति, शेयर, बैंक मौज्दातको विवरण लगाएतको सम्पत्तिको विवरण तोकिएको ढाँचामा खामबन्दी गरी कानून बमोजिम तोकिएको अधिकारी वा निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(५) ब्यापार, ब्यवसाय गर्न नहुनेःकुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति नलिई कुनै व्यापार व्यवसाय गर्न, फर्म वा कम्पनी खोल्नफर्मको हिस्सेदार वा सञ्चालक हुने कार्य गर्न पाईने छैन ।

(६) उपमहानगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको स्विकृती वा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तब्य पालना गर्ने सिलशिला ज्ञात हुन आएको वा स्थानीय वा गैर सरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आपैmले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत व्यक्ति वा गैर सरकारी ब्यक्ति वा पत्र पत्रीकालाई जानकारी दिन वा प्रकाशन गर्न पाईने छैन ।

(७) रेडियो वा पत्रिका संग सम्पर्क राख्न नहुनेः नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रीकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न वा रेडियोबाट प्रशारण गर्न हुदैन । तर, यस्तो प्रकाशन वा

प्रसारण साहित्यीक, कलात्मक, ऐतिहासिक वा बैज्ञानिक र ब्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिई रहनु पर्ने छैन प्रकाशन वा प्रशारण गरे पछि जाहेरी गर्नु पर्नेछ ।

(८) उपमहानगरपालिकाको आलोचना गर्न नपाईनेः नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना वा उपमहानगरपालिकाको नीति विरुद्ध असर पर्ने गरी वा उपमहानगरपालिकामा खलल पुग्ने गरी भाषा, सम्वाद, लेख, रचना प्रकाशन गर्नु हुदैन ।

(९) निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

(१०) राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो संग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन वा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नु हुदैन ।

(१२) समय पालना र नियमितता : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनु पर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुदैन ।

(१३) अनुशासन र आज्ञापालन : नगर प्रहरी कर्मचारीले आफ्नो कर्तब्य तत्परताको साथ पालन गर्नु पर्दछ । नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफु भन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताका साथ पालना गर्नु पर्दछ । तर, नगर प्रहरी कर्मचारीले आफु भन्दा माथिका सबै अधिकृत कर्मचारीहरु प्रति उचित आदर देखाउनु पर्नेछ ।

(१४) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आपूm भन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन ।

(१५) बहुविवाह, बालविवाह, अनमेल विवाहमा प्रतिबन्ध : नगर प्रहरी कर्मचारीले प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

(१६) नगर प्रहरीको आचरण तथा अनुशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद — ६
## (सजाय र पुनरावेदन)

२४. **नगर प्रहरीको सजाय र पुदरावेदन सम्बन्धीव्यवस्थाः**

क) उचित र पर्याप्त कारण र आधार भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिने छ :

१. शारीरिक थकाई हुने सजाय गर्ने ।

२. नसिहत दिने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने ।

५. लापरवाही गरी उपमहानगरपालिकालाई नोक्सानी पुर्याएमा सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ता/घरघरानाबाट कट्टा गरी असुल उपर गर्ने ।

६. भविष्यमा स्थानीय तहको सेवामा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहको सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

ख) सजाज गर्ने अधिकारी : नगरप्रहरी कर्मचारीको सजाय सम्वन्धमा उपनियम (क) बमोजिमको सजाय प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ । तर कुनै नगरप्रहरी कर्मचारीलाई कारवाही गर्नुअघि निजलाई सफाई पेश गर्ने अवसरबाट बञ्चित गरिनेछैन ।

## परिच्छेद—७

## (नगर प्रहरीमा निमित्त ब्यवस्था)

२५. **निमित्त भई काम गर्नेः**

(१) नगर प्रहरी निरीक्षक कुनै कारणबस कार्यालयमा उपस्थित हुन नसकेमा वा विदामा बस्नु परेमा नगर प्रहरीको सो भन्दा मुनीको पदको बरियताक्रममा सवै भन्दा जेष्ठ नगर प्रहरीले सो पदको निमित्त भई काम गर्नेछ ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

२६. **काम गरेको अवधीको तलब भत्ताः** कुनै पदमा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले आफु बहाल रहेकै पदको तोकिए बमोजिम तलव, भत्ता लगायतको सविधा पाउनेछ । निमित्त भई काम गरेकोमा निमित्त भई काम गरेको पदको तलब भत्ता निमित्त हुन नगर प्रहरीले माग दावि गर्न पाउने छैन ।

## परिच्छेद—८

## (तालिम सम्बन्धी ब्यवस्था)

२७. **नगर प्रहरीको तालिमः**

(१)नगर प्रहरी कर्मचारीहरुलाई कार्यकुशल एवं दक्ष तुल्याउन तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले नेपाल प्रहरी सँग आवश्यक समन्वय गरी निर्धारण गरे बमोजिम पाठ्यक्रम तथा ढाँचामा तालिम संचालन गर्नेछ । नगर प्रहरी कर्मचारीहरुको पूनर्ताजगी तालिम समेत विभिन्न निकायहरुसँगको समन्वयमा नगर कार्यपालिकाको कार्यालयले समय समयमा संचालन गर्न सक्नेछ ।

(२) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीले तोकिए बमोजिम आवश्यकतानुसार अनिवार्य रुपमा तालिम लिनु पर्नेछ ।

(३) नगर प्रहरी सम्बन्धी तोकिएको तालिममा सम्मिलित गराईएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो ब्यवसायिक ज्ञान प्रति उदासिनता तथा गैर जिम्मेवारी देखाएमा सो को ब्यहोरा अभिलेख जनाई तोकिए बमोजिम कारवाही गर्नु पर्नेछ ।

(४) ब्यवसायिक तालिम हासिल गर्न उदासिनता देखाएको ब्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एक पटक तालिमको मौका दिईनेछ । त्यसपछि पनि उदासिनता, गैर जिम्मेवारीपन देखाउने नगर प्रहरीको करार सम्झौता रद्द गरी सेवाबाट हटाउन सकिनेछ ।

१. तालिम पाठ्यक्रमः विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरीनिरीक्षक सदस्य सचिव रहने गरी नगर प्रमुखले तोकेको स्वतन्त्र विज्ञ संयोजक रहेको एक समिति गठन गर्न सकिनेछ ।

२. तालिम प्रशिक्षार्थी तथा प्रशिक्षकले पाउने सुविधाः तालिममा सहभागि हुने प्रशिक्षार्थी तथा प्रशिक्षकहरुले प्रचलित कानून अनुसार तोकिए बमोजिम सुविधा प्राप्त गर्न सक्नेछन् ।

## परिच्छेद — ९
## (पोशाक सम्बन्धी ब्यवस्था)

३. नगर प्रहरी पोशाकः सबै नगर प्रहरी कर्मचारीहरुले उपमहानगरपालिकाले तोकिए बमोजिमको पोसाक लगाउनु पर्नेछ साथै दर्ज्यानी चिन्हप्रचलित कानूनको अधिनमा रहि तोकिए बमोजिम हुनेछ ।

४. पोशाक वितरणः प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसम, औपचारिक तथा अनौपचारिक, तयारी, तालिम पोशाक तोकिए बमोजिम उपमहानगरपालिकाबाट उपलब्ध हुनेछ ।

## परिच्छेद — १०
## (विविध)

५. आदेश र निर्देशनः यो ऐन तथा प्रचलित कानूनको परिधिभित्र रहि देहायका विषयमा नगर प्रहरी कर्मचारीहरुले पदसोपान अनुसार उपमहानगरपालिका कार्यालय प्रमुखबाट जारी भएको आदेश, निर्देशन नगर प्रहरी निरीक्षकले कार्यान्वयन गर्नु गराउनु पर्नेछ र प्रशासकीय नियन्त्रणमा रहनु पर्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहत महाशाखा, शाखा, ईकाई तथा कार्यालयको कार्यमा समन्वय ल्याउने विषय,

(ग) ऐनमा उल्लेख भएका विषयहरु स्पस्ट तथा विस्तृत गर्ने विषय,

(घ) अनुशासन सम्बन्धी ब्यवस्था ।

६. पुरस्कार सम्बन्धी ब्यवस्थाः नगर प्रहरी कर्मचारीले आफ्नो कर्तब्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिम पुरस्कार स्वरुप नगद रकम वा प्रसंशापत्र उपलब्ध गराउन नगर प्रमुख समक्ष कार्यालयले सिफारिस गर्नेछ ।

७. चाडपर्व खर्च पाउनेः नगरप्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकमप्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

८. बाधा अड्काउ फुकाउनेः उपमहानगरपालिकामा कार्यरत नगर प्रहरी कर्मचारीहको सेवा, शर्त, सुविधा र संचालन तथा सम्बन्धमा यो ऐनमा ब्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा ब्यवस्था नभएको विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. बचाउः नगर प्रहरी सम्बन्धी हालसम्म भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

१०. ऐन संशोधनः यस ऐनमा आवश्यक संशोधन उपमहानगरपालिकाको नगरसभाबाट हुन सक्नेछ ।

# तुलसीपुर उपमहानगरपालिकामा रहेका मटावाँ प्रणाली संरक्षण, प्रवर्द्धन र विकास गर्न बनेको ऐन, २०७८

पारित मिति २०७८/१०/२८

**प्रस्तावना**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र प्रचलनमा रहेको आदिवासी थारुहरुको सामुदायिक संगठन तथा प्रथाजनित मटावाँ प्रणालीलाई अभिलेखिकरण, संरक्षण, प्रवर्द्धन, विकास र अभ्यासमा टेवा पु-याउन आवश्यक भएकोले नेपालको संविधान, नेपाल पक्ष रहेको अन्तरराष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित ऐन कानून बमोजिम बाञ्छनीय भएकोले, मटावाँ प्रणालीको अभ्यास प्रचलनमा रहेको गाउँको विकास निर्माण कार्य, गाउँमा शान्ति सु–व्यवस्था, आपसी सहयोग, सहकार्य, एकता र सामुहिक पद्धतिलाई कायम गर्न मटावाँ प्रणालीलाई अझै सशक्त र प्रभावकारी बनाउन आवश्यक भएकोले, समावेशी तथा समविकासको सिद्धान्तका आधारमा स्थानीय विकासमा न्यायोचित सहभागीता र पहुँचलाई सुनिश्चित गर्न बाञ्छनिय भएकोले, नेपालको संविधानले परिकल्पना गरेको सामाजिक न्याय, मेलमिलाप, सद्भाव र दिगो विकासका लागि चिरकालदेखि अभ्यासमा रहेको विकास, निर्माण, न्याय, परम्परा, पेसा र समाज परिचालनको प्रणालीलाई कानूनी मान्यता प्रदान गरी यसको भूमिकालाई अझ प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१, धारा २२६ र अनुसूची ८ को १२ र २२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (फ) (४) (५) दफा ११ (४) को (ठ) र दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको ९ औं नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद १
## नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस ऐनको नाम तुलसीपुर उपमहानगरपालिकाभित्र रहेको मटावाँ प्रणालीको संरक्षण, प्रवर्धन र विकास गर्न बनेको ऐन, २०७८ रहेको छ । यस ऐनलाई छोटकरीमा मटावाँ ऐन, २०७८ (Barghar Act, 2022) भनिनेछ ।

ख. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. मटावाँ प्रणाली भन्नाले थारु समुदायले स्वायत्त र स्वशाशित रुपमा आफ्नो प्रथा र प्रथाजनित कानून अनुसार चीरकालदेखि निरन्तर प्रचलन, अभ्यास गरी आएको मौलिक प्रथाजनित प्रणाली र संस्थालाई सम्झनु पर्दछ । यो ऐनको अनुसूची नं. ३ बमोजिमको संगठन प्रणालीलाई समेत सम्झनु पर्दछ ।

ख. उपमहानगरपालिका भन्नाले तुलसीपुर उपमहानगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग. गाउँ भन्नाले तुलसीपुर उपमहानगरपालिको विभिन्न वडाभित्र बसोबास गर्ने, समुदायले छुट्याएर नामाकरण

गरेको अस्तित्वमा रहेको उपमहानगरपालिकामा दर्ता भएको क्षेत्र वा ५० भन्दा बढी घरधुरी भएको एकै भुगोलभित्र रहेका घरधुरीले गाउँको नामाकरण गरी गाउँ बखेरीले सर्बसम्मत पारित गरी वडाको सिफारिसमा उपमहानगरपालिकामा दर्ता भएको क्षेत्रलाई गाउँ सम्झनु पर्दछ ।

घ. टोल भन्नाले तुलसीपुर उपमहानगरपालिकामा दर्ता भएको गाउँको सिमानाभित्रको गाउँको बखेरीले मान्यता प्रदान गरेको क्षेत्रलाई टोल सम्झनु पर्दछ ।

ङ. प्रथा भन्नाले परम्परागत रुपमा चलिआएको आदिवासी थारुको संस्कृति, परम्परा, प्रचलन र अभ्यासलाई

सम्झनु पर्दछ ।

च. प्रणाली भन्नाले मटावाँ प्रणालीलाई सम्झनु पर्दछ ।

छ. उपमहानगरपालिका प्रमुख भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ज. उपमहानगरपालिका उप–प्रमुख भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

झ. वडा अध्यक्ष भन्नाले तुलसीपुर उपमहानगरपालिका भित्रको जुन वडामा उक्त गाउँ रहेको छ सोही वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

ञ. उपमहानगरपालिका मटावाँ भन्नाले यस ऐनको दफा ६ बमोजिम छनौट भएको मटावाँलाई सम्झनु पर्दछ

ट. वडा मटावाँ भन्नाले यसऐनको दफा ७ बमोजिम छनौट भएको मटावाँलाई सम्झनु पर्दछ ।

ठ. मुह्वा मटावाँ भन्नाले गाउँ मटावाँ प्रणालीलाई नेतृत्व गर्ने मुल मटावाँ, गाउँको प्रमुख, गाउँको भुइह्याँर थान (ग्राम देवता) का प्रमुख पुजारी (जस्का नाउँमा भुइह्याँर थानमा मौलो गाडीएको हुन्छ) लाइ संझीनु पर्दछ ।

ड. सहायक मटावाँ भन्नाले गाउँ मटावाँ प्रणालीलाई नेतृत्व गर्ने मुल मटावाँलाई सहयोग गर्न नियुक्त उप मटावाँलाई सम्झनु पर्दछ ।

ढ. लिखन्डार भन्नाले मटावाँ प्रणालीमा लेखापढीको काम गर्नेलाई सम्झनु पर्दछ ।

ण. सहायक लिखन्डार भन्नाले मटावाँ प्रणालीमा गाउँको लेखापढी, हिसाब किताबको काम गर्ने लिखन्डारलाइ सहयोग गर्न नियुक्तलाइ संझीनु पर्दछ ।

त ढनहेर्वा. भन्नाले मटावाँ प्रणालीमा हीसाब किताब र नगदी जिन्सिको काम गर्ने लाइ संझीनु पर्दछ ।

थ. टोल मटावाँ भन्नाले गाउँको मुल मटावाँलाई सहयोग गर्ने र आवश्यकता अनुसार आफ्नो टोलमा नेतृत्व गर्ने मटावाँलाई सम्झनु पर्दछ ।

द. अगह्वा भन्नाले गाउँको भौतिक विकास निर्माणको कामलाई व्यस्थित गर्न कामको बाडफाँड र निरिक्षण गर्ने जिम्मेवारी दिइएकालाई सम्झनु पर्दछ ।

ध. प्रगन्ना भन्नाले परापुर्ब काल देखी बिशेष थरका थारुहरुको साँस्कृतिक स्वायत्त शासन क्षेत्र (दाङ उपत्यकामा अगला सवारीः कट्कटवा मड्वा, पछला सवारीः जिन्गुनी मड्वा, छील्लीः डहीट, पाटुः पछलडंग्या (खरगी) र पछला प्रगन्नाः पछलडंग्या रहेको संझनु पर्दछ ।

न. डेशबन्ढ्या गुर्वा भन्नाले निश्चित क्षेत्रमा सर्बोत्कृष्ट धार्मिक अनुष्ठान सम्हाल्ने बिशेष थरका थारु गुर्बा, (मुल पुरोहित) ज्ञानी क्षेत्राधिपती, क्षेत्रिय धार्मिक नियन्त्रक, थारु सभ्यतामा चलेको तन्त्र मन्त्र परम्पराका निर्देशक ।

प. केसौका भन्नाले डेशबन्ढ्याको सहयोगीलाई सम्झनु पर्दछ ।

फ. चौकीदार भन्नाले गाउँको चौकीदारी गर्ने, रेखदेख, सूचना प्रवाह र आपत विपदको बेलामा सहयोग गर्ने कार्यकोलागि नियुक्त भएकालाई सम्झनु पर्दछ ।

ब. गरढुरीया भन्नाले घरको अभिभावक, मुली, व्यवस्थापक, आफ्नो कुल देवताका पुजारी ।

भ. बेगारी भन्नाले कुनै दक्ष वा अदक्ष काम गरे बापत त्यसको सट्टामा दिइने श्रम लाइ संझीनु पर्दछ ।

म. झराली भन्नाले मटावाँको नेतृत्वमा गाउँको सार्वजनिक कामकालागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरी वा आलोपालो गरी उपस्थित भई निःशुल्क श्रमदान वा सीप दान वा सामुहिक रुपमा गरिने कार्यलाई सम्झनु पर्दछ ।

य. मटावाँ वर्ष भन्नाले माघ १ गतेदेखि शुरु भई पुस मसान्तसम्मको अवधीलाई सम्झनु पर्दछ ।

र. बखेरी भन्नाले प्रत्येक वर्ष माघ महिनाभित्र गरिने गाउँको वार्षिक सभालाई सम्झनु पर्दछ ।

ल. ख्याल भन्नाले गाउँको मटावाँको नेतृत्वमा हुने छलफल (बैठक) लाई सम्झनु पर्दछ ।

व. माघीडेवानी भन्नाले मटावाँ प्रणाली अन्तर्गत चयन भएका पदाधिकारीहरुको कामको समीक्षा गर्ने, र आवश्यक पर्ने पदका लागि योग्य र उपयुक्त व्यक्ति छनौट गर्ने, गाउँको योजना बनाउने रीतीथीती बनाउने कार्य वा प्रक्रियालाई सम्झनु पर्दछ ।

श. कचहरी भन्नाले सामाजिक न्याय निरुपण गर्नका लागि बस्ने गाउँको भेलालाई सम्झनु पर्दछ ।

ष. न्यायीक समिति भन्नाले उपमहानगरपालिकामा रहेको न्यायीक समितिलाई सम्झनु पर्दछ ।

स. मेलमिलाप कर्ता भन्नाले वडामा रहेका न्यायीक समितिबाट तोकिएका मेलमिलाप गराउने सदस्यलाई सम्झनु पर्दछ ।

ह. टिहाई भन्नाले गाउँको सार्वजनिक पदमा काम गरे वापत पारिश्रमिक स्वरुप घरधुरीबाट गाउँ बखेरीको निर्णय अनुसार संकलन गरिने अन्न वा नगदलाई सम्झनु पर्दछ ।

क्ष. पूजाआँटी भन्नाले निश्चित प्रयोजनकोलागि परम्परा अनुसार गरिने विभिन्न पूजापाठलाई जनाउनेछ ।

त्र. प्रगन्ना बखेरी भन्नाले पाटु प्रगन्ना र छील्ली प्रगन्नाको माघमा बस्ने बखेरीलाइ संझीनु पर्दछ ।

## परिच्छेद २

## मटावाँको कार्यक्षेत्र, प्रमाणपत्र, परिचयपत्र र अभिलेख

### ३. मटावाँको कार्यक्षेत्र

१. थारु समुदायको परम्परागत प्रथाजनित संगठनको क्षेत्राधिकार गाउँ मटावाँको हकमा सम्बन्धित एक

गाउँमा रहनेछ । निजले सोही गाउँ समुदायको अगुवाई गर्नेछ । टोल मटावाँले आफ्नो टोल र सोही गाउँमा मटावाँले प्रदान गरेको जिम्मेवारी अनुसार अगुवाई गर्नेछ ।

२. वडा मटावाँले सम्बन्धित वडा कार्यालय, वडाभित्र पर्ने सबै गाउँका मटावाँहरुसँग समन्वय र सहकार्य गर्नेछ ।

३. नगर मटावाँले उपमहानगरपालिका, उपमहानगरपालिकाभित्रका सबै वडा मटावाँ र गाउँ मटावाँसँग समन्वय र सहकार्य गर्नेछ ।

४. डेशबन्ढ्या गुर्वाको कार्य क्षेत्र पछला प्रगन्ना भरी रहनेछ ।

**४. दर्ता, प्रमाणपत्र र परिचयपत्र सम्बन्धी व्यवस्था**

१. यस ऐन बमोजिम उपमहानगरपालिकामा मटावाँ प्रणाली अन्तरगत दर्ता हुन चाहने गाउँहरुलाइ अनुसूची ८ बमोजिमको कागजातका आधारमा गाउँलाइ पालिकामा दर्ता गरीनेछ ।

२. प्रत्येक वर्ष गाउँ, वडा, नगर बखेरीबाट छनौट भएका मटावाँ प्राणालीभित्रका पदको जिम्मेवारी पाउने व्यक्ति र डेशबन्ढ्या गुर्वा र केसौकालाइ उपमहानगरपालिकाले अनुसूची नं. १ बमोजिम प्रमाणपत्र र अनुसूची नं. २ बमोजिमको परिचय पत्र प्रदान गर्नेछ ।

३. यस ऐन बमोजिम उपमहानगरपालिकामा दर्ता भएका गाउँलाई यस ऐनको अनुसूची ४ बमोजिमको ढाँचामा गाउँ दर्ता भएको प्रमाणपत्र प्रदान गरीनेछ ।

**५. अभिलेख**

१. मटावाँ प्रणाली अन्तर्गत प्रत्येक वर्ष गरेको कार्य र गतिविधिको लेखाजोखाको अभिलेखिकरण र लेखापरिक्षण गरिनेछ । सो अभिलेख र लेखापरिक्षण उपमहानगरपालिकामा बुझाई गाउँ, वडा र नगर मटावाँ प्रणालीलाई लौसारी (नविकरण) गराउनुपर्नेछ ।

२. गाउँ मटावाँलाई नवीकरण गर्दा कुनै प्रकारको शुल्क लाग्ने छैन ।

## परिच्छेद ३

## नगर, वडा र गाउँ बखेरी, मटावाँ संगठन प्रणालीको गठन र बैठक सम्बन्धी व्यवस्था

**६. नगर बखेरी**

१. उपमहानगरपालिकामा सूचीकृत प्रत्येक गाउँको मुल मटावाँ वा गाउँ बखेरीले नगर मटावाँ बखेरीको लागि छनौट गरेको १ गाउँ १ जना प्रतिनिधि र वडा मटावाँ समितिका सवै सदस्य रहने गरी नगर बखेरी गठन हुनेछ ।

२. सो बखेरीले आफूमध्येबाट १ जना मटावाँ, २ जना सहायक मटावाँ र १ जना लिखन्डार चयन गर्नेछ, र प्रत्येक वडाका वडा मटावाँ नगर मटावाँ समितिको पदेन सदस्य रहनेछन् ।

३. नगर बखेरी सामान्यतया फागुन महिनामा बस्नेछ ।

४. नगर बखेरी बस्दा ७ दिन अगावै वडा र गाउँ मटावाँलाई सूचना दिनु पर्नेछ ।

**७. वडा बखेरी**

१. प्रत्येक वडाभित्र रहेका सबै गाउँ वा सूचीकृत गाउँको मुल मटावाँ र सहायक मटावाँ रहेको वडा बखेरी

गठन हुनेछ । वा हरेक गाउँ बखेरीले वडा बखेरीकोलागि मुल मटावाँ सहित चयन गरेको पाँच जना प्रतिनिधिहरु रहेको वडा बखेरी गठन हुनेछ ।

२. यस बखेरीले आफूमध्येबाट १ जना वडा मटावाँ, २ जना सहायक मटावाँ र १ जना लिखन्डार चयन गर्नेछ ।

३. वडा मटावाँ समितिमा गाउँका मुल मटावाँ पदेन सदस्य हुनेछन् ।

४. प्रत्येक गाउँको बखेरी बसी सकेपछि सामान्यतया फागुन महिनामा वडा बखेरी बस्नेछ ।

५. वडा बखेरी बस्दा ७ दिन अगावै गाउँ मटावाँलाई सूचना दिनु पर्नेछ ।

**८. गाउँ बखेरी**

१. गाउँ मटावाँको सिमानाभित्र पर्ने प्रत्येक घरधुरीबाट कम्तीमा एकजना वा बढीमा महिला पुरुष गरी दुई जना प्रतिनिधित्व भएको गाउँ बखेरी गठन हुनेछ । यो बखेरी मटावाँ प्रणालीको सर्वोच्च अंग हुनेछ ।

२. मटावाँ वर्षको माघ महिनामा गाउँका सबै घरधुरीबाट प्रतिनिधित्व भएको बखेरी बस्नेछ ।

३. यस बखेरीले मटावाँ प्रणालीको पदाधिकारीहरुको कामको समिक्षा र चयन गर्ने र हिसाव कितावको सोधखोज र अनुमोदन गर्न सक्नेछ ।

४. यस बखेरीले वडा बखेरीकोलागि मुल मटावाँ सहित तिन देखी पाँच जना प्रतिनिधिको चयन गर्नेछ ।

५. मटावाँले बखेरी बस्नकोलागि कम्तीमा ७ दिन अगावै मिति, स्थान र समय तोकेर सूचना जारी गर्नु पर्नेछ ।

६. बखेरी बस्ने सूचना चौकीदार मार्फत कम्तीमा १ दिन अगावै गाउँमा सबै घरधुरीलाई पुनः दिनु पर्नेछ ।

७. दफा २२ बमोजिम मटावाँ संगठन प्रणालीको कुनै पद रिक्त भएमा सो पदमा जिम्मेवारी प्रदान गर्न यस ऐनको दफा ८ को उप दफा (२) र (३) को प्रक्रिया पुरा गरी जुनसुकै महिनामा दुई तिहाई घरधुरीको ख्याल बसी पदपुर्ति गर्न सक्नेछ ।

८. गाउँ बखेरीमा सम्बन्धित वडा जनप्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ । बखेरीको गाउँ स्तरको योजना छनौट कार्यक्रममा जनप्रतिनिधिहरुको उपस्थिति अनिवार्य गरिनेछ ।

**९. गाउँ बखेरीको काम, कर्तब्य र अधिकारः**

गाउँ बखेरीको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहनेछ ।

१. गाउँमा वर्षभरी भए गरेका कामको समीक्षा गर्ने ।

२. गाउँको वर्ष भरीको लागि योजना निर्माण गरी सम्बन्धित वडा र उपमहानगरपालिकामा पेश गर्ने

३. गाउँ चलाउनको लागि गाउँको मूल्य मान्यता, परम्परा र नियम, कानून बनाउने ।

४. मटावाँ संगठन प्रणाली अन्तर्गतका पदहरु जस्तै मुह्ला मटावाँ, सहायक मटावाँ, टोल मटावाँ, लिखन्डार, सहायक लिखन्डार, ढनहेर्वा, गुर्वा, केसौका, चौकीदार, अगहवा आदि चयन गर्ने र आवश्यकता अनुसार मटावाँ समितिका सदस्यहरुको खोज्नीबोझ्नी गर्ने । मटावाँ समिति

गठन गर्दा मुह्रा मटावाँ र सहायक मटावाँ, लिखन्डार र सहायक लिखन्डार मध्ये एक एक जना अनिबार्य रुपमा महीला हुनु पर्नेछ ।

५. वर्षभरी भएको आम्दानी र खर्चको सार्वजनिक सुनवाई गरी पास गर्ने ।

६. आगामी वर्षका लागि आम्दानीको श्रोत पहिचान र निर्धारण, टिहाई, खारा, डाँर, आदि निर्धारण गर्ने

७. मटावाँ प्रणालीभित्रका पदलाई दिने सेवा सुविधा, टिहाई निर्धारण र्ने ।

८. यस ऐन बमोजिम गाउँको विधान निर्माण र संशोधन गर्ने ।

९. नयाँ आएका घरधुरीलाई सदस्यता दिने वा दिएको सदस्यतालाई अनुमोदन गर्ने र गाउँको घरधुरी र जनसंख्या अध्यावधिक गर्ने ।

१०. नगर बखेरी र वडा बखेरीका लागि मुह्रा मटावाँ वा सहायक मटावाँ मध्येबाट प्रतिनिधि छनौट गरी पठाउने ।

११. वार्षिक योजना बनाउने, र आवश्यक बजेट बाँडफाँड गर्ने, अनुमानित आम्दानी तथा खर्चको विवरण तयार पार्ने, पारित गर्ने ।

**१०. गाउँको काम, कर्तब्य र अधिकारः**

क. गाउँको संस्कृती संरक्षण, साँस्कृतिक निरन्तरताका साथै सामाजिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

ख. समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

ग. गाउँमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

घ. गाउँमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने ।

ङ. गाउँमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

च. गाउँमा विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनस्थापना कार्यमा सहयोग गर्ने ।

छ. गाउँको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने÷ गराउने ।

ज. छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने÷गराउने ।

झ. सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्याउने ।

ञ. कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

ट. गाउँमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

ठ. गाउँमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

ड. जन्म, बिबाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

ढ. सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

ण. विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

त. गाउँमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

थ. उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने ।

द. गाउँमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

ध. स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

न. भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

प. विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने ।

फ. गाउँमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

ब. घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरुअन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

भ. गाउँमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

म. गाउँको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

य. गाउँमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयनगर्न सहयोग गर्ने ।

र. आफ्नो गाउँलाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्रीतथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र उपमहानगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

ल. वडा कार्यालय उपमहानगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्था सँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

**११. मटावाँ संगठन प्रणाली**

१. उपमहानगरपालिकामा मटावाँ संगठन प्रणाली अनुसूचीनं. ३ मा दिए बमोजिम हुनेछ ।

२. मटावाँ प्रणाली आफैमा स्वायत्त हुनेछ, यसर्थ गाउँ मटावाँले आफ्ना परम्परागत कार्यहरु गर्न स्वतन्त्र रहनेछ । तर, विकास निर्माणका कार्यहरु गर्दा वडा वा उपमहानगरपालिकासंग समन्वय र सहकार्य गरेर गरीने छ ।

३. वडा मटावाँ प्रणालीले वडा कार्यालय र सो वडाभित्र रहेको गाउँ मटावाँसँग समन्वय गर्ने कार्य गर्नेछ ।

४. नगर मटावाँ प्रणालीले उपमहानगरपालिका र नगरभित्र रहेका वडा मटावाँ र गाउँ मटावाँसँग समन्वय गर्ने कार्य गर्नेछ ।

**१२. गाउँ ख्याल, निर्णय प्रक्रिया र कार्यान्वयन सम्बन्धी व्यवस्था**

१. गाउँको नियमित ख्याल सामान्यतया महिनामा एक पटक हुनेछ तर, आवश्यक परेको बेला जतिसुकै पटक पनि ख्याल बस्न सकिनेछ ।

२. विवाद समाधान वा न्याय निरोपणकोलागि आवश्यकता अनुसार कचहरी जुनसुकै दिन र बेलामा बस्न सक्नेछ ।

३. गाउँ बखेरी, ख्याल र कचेहरीले गरेको निर्णयहरु मटावाँको नेतृत्वमा पदीय जिम्मेवारी अनुसार कार्यान्वयन गरिनेछ ।

४. गाउँ बखेरी, ख्याल र कचेहरीको अध्यक्षता मटावाँले गर्नेछन्, निजको अनुपस्थितिमा सहायक मटावाँमध्ये सहमतिमा एक जनाले अध्यक्षता गर्नेछन् ।

६. बहुमत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ, र निर्णयहरु सर्वसम्मत वा बहुमतले हुनेछ ।

**१३. मटावाँ प्रणालीभित्रको पदका लागि योग्यता**

१. मुह्रा मटावाँ, सहायक र टोल मटावाँ हुनका लागि योग्यता

क. नेपाली नागरिक हुनु पर्नेछ ।

ख. गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको हुनु पर्ने ।

ग. गाउँमा वर्ष भरी नियमित बसोबास गर्ने,

घ. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको र रीती संस्कृती जाने बुझेको र गाउँको अगुवाइ गर्न सक्ने ।

ङ. २१ वर्ष उमेर पुरा भएको

**२. लिखन्डार र सहायक हुनका लागि योग्यता**

क. नेपाली नागरिक,

ख. गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको,

ग. गाउँमा वर्ष भरी नियमित बसोबास गर्ने,

घ. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

ङ. २१ वर्ष उमेर पुरा भएको

च. गाउँको हर हिसाव राख्न र लेखपढ गर्न जानेको ।

३. ढनहेर्वा हुनका लागि योग्यता

क. २१ वर्ष उमेर पुरा भएको नेपाली नागरिक

ख. गाउँमा कम्तीमा ५ वर्षदेखि स्थायी बसोबास गर्दै आईरहेको, गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

घ. हीसाब किताब गर्न जान्ने र नगदी जिन्सिको लेखा राम्ररी राख्न जान्ने ।

**४. चौकिदार हुनका लागि योग्यता**

क. नेपाली नागरिक

ख. गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँ समुदायको नजरमा उच्च नैतिक चरित्र भएको,

घ. २१ वर्ष उमेर पुरा भएको

**५. डेशबन्ढ्या गुर्वा र केसौका हुनका लागि योग्यता**

क. नेपाली नागरिक,

ख. २१ बर्ष पुरा भएको ।

ग. पाटु प्रगन्नाका लागि पछलडंग्या (खरगी) ठहर र छील्ली प्रगन्नाका लागि डहीट ठहरको गुर्वा सम्पुर्ण धार्मिक अनुष्ठानहरु बिधिपुर्बक सम्पन्न गर्न सक्ने र तन्त्र मन्त्र बिद्यामा पारङ्गत ।

घ. गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको ।

ङ. उच्च नैतिक चरित्र भएको र दुःखी बिरामीहरुलाई सहयोग गर्ने भावना भएको ।

६. केसौका हुनका लागि योग्यता

क. नेपाली नागरिक,

ख. २१ बर्ष पुरा भएको ।

ग. सम्पुर्ण धार्मिक अनुष्ठानहरु बिधिपुर्बक सम्पन्न गर्न सक्ने र तन्त्र मन्त्र बिद्या जानेको ।

घ. गाउँको परम्परा र संस्कृति जानेको, बुझेको र अनुभव रहेको ।

ङ. उच्च नैतिक चरित्र भएको र दुःखी बिरामीहरुलाई सहयोग गर्ने भावना भएको ।

७. अगह्वा हुनका लागि योग्यता :

क. नेपाली नागरिक

ख. गाउँमा नियमित बसोबास गर्ने ।

ग. गाउँको अगुवाइ गर्न सक्ने,

घ. गाउँ समुदायको धर्म, संस्कृति अनुसारको पूजा पाठ गर्न जानेको,

ङ. चोखो आगोको व्यवस्था गर्ने प्रविधि, सामग्री सम्बन्धी ज्ञान र अभ्यास गरेको

## परिच्छेद ४

## मुह्वा मटावाँ, सहायक मटावाँ, टोल मटावाँ, लिखन्डार, ढनहेर्वा, अगह्वा, चौकीदार, गुर्वा, केसौकाको काम, कर्तव्य र अधिकार

१४. **मुह्वा मटावाँको काम, कर्तव्य र अधिकार**

१. संरक्षकत्वको भूमिकाः

क. मटावाँले गाउँका सबै मानव, चराचर, पशुपन्छी, बालीनालीको प्रमुख संरक्षकको रुपमा भूमिका निर्वाह गर्ने ।

ख. गाउँमा आईपर्ने हैबी, दैबीबाट जोगाउने, वाह्य आक्रमण वा हस्तक्षेपबाट गाउँकालाई सुरक्षित बनाउने, आपत बिपतमा राहत दिने ।

ग. कसैमाथिठूलो अन्याय परेमा गाउँको ख्याल बोलाई सो सम्बन्धमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

घ. गाउँभित्र कुनै घर छुट्टीन चाहेमा मटावाँ वा निजको प्रतिनिधि उपस्थित भई सामाजिक न्याय कायम गर्न्दै मानो छुटयाउन र घर बनाउन सहयोग गर्ने ।

ङ. विपदमा परी समस्या परेका व्यक्ति, घर परिवारलाई मानविय सहयोग जुटाउने कार्य गर्ने ।

च. गाउँको सार्वजनिक सम्पत्तिको रेखदेख, संरक्षण र सदुपयोग गर्ने गराउने ।

छ. आधारभूत आवश्यकता अन्तर्गत सामाजिक सेवाका क्षेत्रमा विपन्न समुदायको पहुँच रहने व्यवस्थाका लागि आवश्यक समन्वयर सहजीकरण गर्ने।

ज. राज्यका सबै क्षेत्रमा प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर सृजना गर्नका लागि पहल गर्ने।

झ. महिला, बालबालिका र बिपन्न वर्गको न्याय निरोपणमा विशेष ध्यान दिने ।

**२. न्यायिक अधिकारः**

क. थारुहरुको प्रथाजनित कानून, परम्परा र मानवताको आधारमा निस्पक्ष न्याय निरोपण गर्ने अधिकार मटावाँमा रहेको छ ।

ख. मटावाँ समक्ष कुनै पिडीत पक्षले न्याप पाउन अर्जी गरेमा उक्त विषयमा छलफल गराउने र सकेसम्म मेलमिलाप गराउन मध्यस्तताको भूमिका निर्वाह गर्ने ।

ग. सकेसम्म दुवै पक्षलाई समझदारीमा ल्याएर न्याय सम्पादन गर्नु पर्दछ ।

घ. न्यायीक तथा अर्ध न्यायीक संस्थाबाट मध्यस्तता, मेलमिलाप, सहजीकरण लगायत कार्यका लागि अनुरोध भई आएमा सो सम्बन्धी कार्य गर्ने ।

ङ. न्यायीक समिति र मेलमिलाप केन्द्रमा कुनै विषयमा निवेदन वा मुद्दा परेमा र उक्तविषय आफ्नो गाउँ, समुदायका परिवार, व्यक्तिसँग सम्बन्धित भएमात्यसको छलफलमा उपस्थित हुने वा प्रतिनिधि पठाउने ।

च. गाउँको विवाद मिलाउँदा गाउँको नियम अनुसार खारा , क्षतिपूर्ति भराउने, आदि गर्न सक्नेछन् ।

छ. कुनै विवाद मिलाउदा सकेसम्म प्रचलित कानूनलाई पनि ध्यानमा राख्नु पर्नेछ ।

३. विकास निर्माण सम्बन्धी अधिकारः

क. आफ्नो गाउँको विकास निर्माण सम्बन्धी योजना पहिचान, प्राथमिकता, छनौट गर्ने, योजना बनाउने र निर्माण कार्यमा जनप्रतिनिधिहरु सँग समन्वय गर्ने ।

ख. विकास निर्माण कार्यका लागि श्रोत र साधनको व्यवस्था मिलाउन बिभिन्न सरकारी, गैर सरकारी, संघसंस्था आदी सँग समन्वय गर्ने ।

ग.गाउँको विकास निर्माणमा जनश्रमदान जुटाउन अगुवाई गर्ने ।

घ. गाउँको सामुहिक कार्यमा अनुपस्थित हुने घरपरिवारलाई गाउँ जुटेल्हाको निर्णयानुसार खारा गर्ने

ङ. गाउँ बखेरी, ख्यालबाट गाउँको योजना पास गराई नगर र वडामा लेखी पठाउने ।

च. विकास निर्माणको काम सम्पन्नभई सके पछि सार्वजनिक परिक्षण गराई अभिलेख राख्ने, राख्न लगाउने । आवश्यकता अनुसार सम्बन्धित कार्यालयमा पठाउने ।

छ. गाउँको विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैर सरकारी संस्थासँग सहयोग, समन्वय, सहकार्य गर्ने ।

**४. संस्कृति संरक्षण, प्रर्वद्धनसम्बन्धी अधिकारः**

क. गाउँमा वर्ष भरी गर्नुपर्ने पूजाआँटी, नाचगान, परम्परा, आदिको पहिचान र वार्षिक कार्य योजना बनाउने ।

ख. गाउँमावर्षभरी मनाईने चाडपर्व र पूजाआँटीकोलागि गुरुवा, केसौका र सम्बन्धित सबैको सहयोग लिएर सांस्कृतिक कार्य गर्ने गराउने ।

ग. मेलमिलापका साथ सामुहिक रुपमा चाडपर्व मनाउन अवश्यक व्यवस्था मिलाउने ।

घ. लोक नृत्य, लोक गीत, लोक बाजा, लोक संस्कृतिको संरक्षण र अभ्यासमा अग्रणी भूमिका निर्वाह गर्ने ।

ङ. भाषा, लिपि, लोक कला, साहित्य, संस्कृति संरक्षणका निम्ति काम गर्ने ।

च. प्रथाजनित कानून, परम्परा र संस्कार अनुसार सामाजिक, सांस्कृतिक, आदि कार्य गर्ने गराउने ।

छ. सामाजिक संस्कारगत कार्य जस्तै पक्कापोही, विवाह, मृत्यु संस्कार, चाड पर्वमा सक्रिय सहभागीता जनाउने र आवश्यकता अनुसार जनपरिचालनको व्यवस्था मिलाउने ।

ज. गाउँ बखेरीको निर्णय अनुसार टिहाई संकलन गर्ने, र सम्बन्धित पक्षलाई बुझाउने ।

**५. सम्पर्क र समन्वयात्मक अधिकार**

क. गाउँकोलागि सम्पर्क र समन्वय अधिकृतको रुपमा भूमिका निर्वाह गर्ने ।

ख. उपमहानगरपालिका, वडा कार्यालय, विभिन्न संघ संस्था र पक्षहरुसित सम्पर्क, समन्वय, सहकार्य गर्ने ।

ग. गाउँको समस्याको बारेमा स्थानीय सरकारकालाई जानकारी गराउने र आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

घ. गाउँको आवश्यकता अनुसार आर्थिक, तथा प्राविधिक स्रोत व्यवस्थापनका लागि सम्बन्धित कार्यालय, व्यक्तिहरुसँग अवश्यक सम्पर्क र सहकार्य गर्ने ।

ङ. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाले आयोजना गर्ने गोष्ठी, सभा सम्मेलन, बैठक, भ्रमण, तालिम आदिमा सहभागी हुने वा सहभागी पठाउने ।

च. विभिन्न निकायबाट प्राप्त हुने कार्यक्रम, अनुदान र सहयोगलाई गाउँमा न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

छ. गाउँको विकास, समुदायको हितमा कुनै सहयोग गर्ने सही मनसायले कुनै निकाय आएमा आवश्यक समन्वय, सहयोग र आधारभूत सूचना उपलब्ध गराउने ।

**६. मटावाँको अन्य अधिकारहरु**

क. गाउँ समुदायलाई विपद पूर्व तयारी गराउने ।

ख. शिक्षा, स्वास्थ्य, सरसफाई आदि क्षेत्रको सूचना गाउँमा संप्रेषणको व्यवस्था मिलाउने ।

ग. सामाजिक समस्या, बिकृति, अन्याय र अत्याचारको विरुद्ध जन परिचालन गर्ने, अभियान संचालन गर्ने ।

घ. समानता, न्याय, सामाजिक, सांस्कृतिक, धार्मिक सद्भाव, एकता कायम गर्ने गराउने ।

ङ. गाउँ बखेरीले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने ।

**७. मटावाँसंग समन्वय गर्नुपर्ने**

स्थानीय तह वा कुनै पनि गैर सरकारी संस्था गाउँमा कार्यक्रम सञ्चालन गर्नुपरेमा मटावाँसँग समन्वय गर्नु पर्नेछ र सोको बार्षिक सुनवाई गाउँ बखेरीमा गर्नुपर्नेछ । मटावाँले आवश्यकता अनुसार आफू सक्रिय भएर सहयोग गर्ने वा अरु गाउँ समुदायलाई परिचालन गर्न सक्नेछ ।

**१५. सहायक मटावाँको काम, कर्तव्य र अधिकार**

१. मटावाँले जिम्मेवारी दिएको काम गर्ने ।

२. मटावाँको अनुपस्थितिमा गाउँको सार्वजनिक हितको लागि नेतृत्व गर्ने ।

३. मटावाँको अनुपस्थितिमा मटावाँले गर्नु पर्ने सम्पूर्ण कार्य गर्ने ।

४. मटावाँलाई आवश्यक सहयोग गर्ने ।

**१६. लिखन्डारको काम, कर्तब्य र अधिकार**

१. गाउँको बखेरी, ख्याल, कचहरीमा उपस्थितिको अभिलेख राख्ने ।

२. गाउँ बखेरी, ख्याल, छलफल, कचहरीमा भएको निर्णयको अभिलेख राख्ने ।

३. गाउँ मटावाँ प्रणालीमा भएको आम्दानी र खर्चको विवरण, बिल, भरपाई र हिसाव किताब राख्ने ।

४. गाउँको बखेरी, ख्याल, कचहरी, छलफल आदिमा सहजिकरण गर्ने ।

५. विभिन्न संघ, संस्था, कार्यालयमा मटावाँको निर्देशनमा पत्राचार, गाउँको जानकारी, सूचना, प्रतिबेदन आदि दिने ।

**१७. सहायक लिखन्डारको काम कर्तव्य अधिकार**

गाउँको लेखापढी र हर हीसाबमा लिखन्डारलाइ सहयोग गर्ने ।

लिखन्डारको अनुपस्थितिमा लिखन्डारले गर्ने सबै काम गर्ने ।

**१८. ढनहेर्वा हुनका लागि योग्यता**

१. गाउँ मटावाँ प्रणालीमा भएको आम्दानी र खर्चको विवरण र हिसाव किताब राख्ने ।

२. खर्चको बिल, भरपाई, भौचर र खर्चको फाँटवारी दुरुस्त राख्ने ।

३. गाउँको जीन्सी र अन्य सम्पत्तिहरुको अभिलेख राख्ने ।

४. गाउँको हीसाब किताब प्रत्येक ४ महीनामा गाउँ ख्यालमा पेश गर्ने ।

५. गाउँको बार्षिक लेखापरिक्षण गराउने र सम्बन्धित निकायमा पेश गर्ने ।

**१९. अगह्वाको काम, कर्तब्य र अधिकार**

१. जनश्रमदानको बेलामा मटावाँलाई सहयोग गर्ने ।

२. जन श्रमदानमा काम विभाजन र नान हाल्ने र जन श्रमदान गर्दा जिम्मेवारी अनुसार काम भए नभएको निरीक्षण गर्ने ।

४. कुलापानी, सिंचाई, बाटोघाटो सरसफाईमा मटावाँलाई आवश्यक सहयोग गर्ने ।

१. मटावाँले खटाएको काम गर्ने ।

२. गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुर्याउने ।

३. गाउँको सम्पत्तिको रेखदेख गर्ने ।

४. विपद्मा परेका व्यक्ति, घर परिवारलाई सहयोग गर्ने ।

२. गाउँको मूल देव थानमा नियमित दियो बाल्ने र पूजाआँटी गर्ने ।

३. पूजापाठ, भोजकाज र चाडपर्वको बेलामा चोखो वा पवित्र आगोको व्यवस्था मिलाउने ।

**२०. डेशबन्ढ्या गुर्वाको काम, कर्तब्य र अधिकार**

१. गाउँको वर्षभरी गरिने विभिन्न पूजाआँटीलाई परम्परा र विधि अनुसार सम्पन्न गर्ने ।

२. गाउँमा हुन सक्ने हैबी, दैबी, प्रकोप, किट पटङ, खराव डोख, दुष्ट नजर, रोगब्याध बाट गाउँका मानव, जीव जन्तु र बाली नालीलाई बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

३. गाउँ समुदायमा हुने सामाजिक, धार्मिक, संस्कार, सस्कृतिमा सरसल्लाह र सहयोग प्रदान गर्ने ।

४. गाउँ घरमा सामाजिक सहिष्णुता र एकता कायम गर्न सहयोग गर्ने ।

५. बिरामी वा पिडीत व्यक्ति वा पक्षको अनुरोधमा उपचार र स्वास्थ्य हितको व्यवस्था मिलाउने, पूजा पाठ गर्ने गराउने ।

६. प्रगन्नाको बखेरी बोलाइ संस्कृती संरक्षण, साँस्कृतिक निरन्तरता र खराब अभ्यासहरुका बारेमा छलफल चलाउने र स्थानीय सरकार संग समन्वय गरी लागु गराउन पहल गर्ने ।

७. प्रगन्ना प्रमुखको हैसीयतले हरेक निकायमा प्रतिनिधित्व गर्ने ।

**२१. केसौकाको काम कर्तब्य र अधिकारः**

१. विभिन्न पूजापाठ र कर्म गर्नकोलागि गुरुवाको सहयोगीको रुपमा काम गर्ने ।

२. गाउँका मानिस र पशुपन्छीमा कुनै रोग ब्याधले सताएमा त्यसबाट बचाउन आफ्नो ज्ञान, अनुभव र अभ्यासले हरसम्भव प्रयास गर्ने ।

**२२. चौकीदारको काम, कर्तव्य र अधिकार**

१. मटावाँले खटाएको काम गर्ने ।

२. गाउँमा सूचना प्रदान गर्न हाँक पार्ने, पत्र पुर्याउने ।

३. गाउँको सम्पत्तिको रेखदेख गर्ने ।

४. विपद्मा परेका व्यक्ति, घर परिवारलाई सहयोग गर्ने ।

५. गाउँ घरको सूचना नियमित रुपमा मटावाँसंग आदान प्रदान गर्ने ।

२३. **टोल मटावाँको काम, कर्तव्य र अधिकार**

१. गाउँले गरेको निर्णय टोलबासीहरुलाइ जानकारी गराउने र आफ्नो टोलमा लागु गराउने ।

२. टोलको समस्यालाइ गाउँ ख्याल, बखेरीमा लैजाने र समाधानको पहल गर्ने, गराउने ।

३. टोलको योजनालाइ गाउँ बखेरीमा लैजाने गाउँमा आएको योजना सम्पन्न गर्न गाउँ ख्यालको निर्णय अनुसार जनपरिचालन गर्ने ।

४. टोलमा हुने जन्म, मृत्यु, बिबाह लगाएत संस्कार सम्पन्न गर्न गराउन अगुवाको भुमिका निर्बाह गर्ने ।

५. टोलको प्रमुखको रुपमा प्रतिनिधित्व गर्ने ।

२४. **घरधुरी प्रतिनिधिको काम, कर्तव्य र अधिकारः**

१. गाउँ बखेरी, ख्याल, कचहरीमा सहभागी भई आफ्नो विचार, मत दिने ।

२. मटावाँले दिएको सार्वजनिक हितको जिम्मेवारी पुरा गर्ने ।

३. गाउँ बखेरीको नियम अनुसार टिहाई दिने ।

४. मटावाँको नेतृत्वमा गाउँको विकास निर्माणमा श्रमदान, सीप दान, जिन्सी दान र नगद दान गर्ने

५. गाउँको समस्याको बारेमा गाउँ मटावाँलाई जानकारी गराउने ।

६. मटावाँले खटाएको सामुहिक हितको अन्य कार्य गर्ने ।

७. गाउँको सामाजिक, संस्कार, सस्कृति संरक्षण र प्रर्वद्धन कार्यमा सक्रिय सहभागी हुने ।

## परिच्छेद ५

## मटावाँ प्रणालीमा पद रिक्त हुने व्यवस्था र पदपूर्ति

२५ . **पद रिक्त हुने अवस्थाः**

यस ऐनको दफा ६ बमोजिम गठन भएको मटावाँ संगठन प्रणालीभित्रको पदहरु देहायको अवस्थामा पद रिक्त हुनेछ ।

१. एक वर्षे कार्यकाल समाप्त भएमा,

२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा

३. निजको मृत्यु भएमा,

४. खराब आचरणका कारण निजलाई मटावाँ पदमा राखिराख्न उचित नभएको गाउँ ख्यालको दुई तिहाई मत जाहेर भएमा,

५. असक्त, अस्वस्थ भई मटावाँको जिम्मेवारी पुरा गर्न नसक्ने भएमा ।

६. निजले पदबाट राजीनामा दिएकोमा गाउँ ख्यालबाट पारीत भएमा ।

२६. **बाँकी अवधिका लागि पद पुर्ति गर्नेः**

मटावाँ संगठन प्रणालीभित्रको पदमाबाँकी अवधीको लागि ऐनको दफा ६ को (ग) बमोजिम नियुक्ति गरिनेछ ।

## परिच्छेद ६

## पदीय मर्यादा तथा आचरण सम्बन्धी व्यवस्था

**२७. मटावाँ पदाधिकारीहरुको पदीय मर्यादा र आचरण**

१. समुदायको हकहित, संरक्षण, प्रर्वद्धन, सशक्तिकरणको लागि स्वतन्त्र निष्पक्ष र जवाफदेही पूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

२. समाजमा बस्ने विभिन्न समुदाय तथा सम्प्रदाय वीचको सम्बन्ध सुमधुर बनाउने कार्य गर्नु पर्नेछ

३. समुदायको प्रथा, परम्परा, प्रथाजनित कानून, मुल्य मान्यतालाई उच्च सम्मान गर्ने ।

## परिच्छेद ७

## प्रतिनिधित्व र सहभागीता

**२८. स्थानीय तहमा प्रतिनिधित्व र सहभागिता**

स्थानीय सरकारले हरेक सार्वजनिक गतिविधिमा समुदायको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको अवसर प्रदान गर्नेछ । यसका लागि मटावाँ प्रणालीको प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

**१. योजना पहिचान, छनौट र कार्यान्वयन र प्रतिनिधित्वः**

क. गाउँस्तरको योजना छनौट गाउँको बखेरीले पास गरेको योजनालाइ प्राथमिकिकरण गरी वडामा पठाउनेछ र वडा स्तरीय योजना तर्जुमा गर्दा सम्बन्धित गाउँ र वडा मटावाँलाई पत्राचार गरी सहभागी गराइनेछ ।

ख. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन,२०७४ को नियम ५.५.१. अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा नगर मटावाँलाई पत्राचार गरी निर्णय प्रक्रियामा सहभागी गरानेछ ।

ग. स्थानीय तहले गाउँ, वडा र नगर स्तरको योजना छनौट गर्दा गाउँ, वडा र नगरस्तरका मटावाँको उपस्थितिमा पारित भई आएको योजनालाई प्राथमिकताको आधारमा समावेश गरिनेछ ।

घ. गाउँ, वडा, नगर बखेरीमा योजना छनौट गर्दा जनप्रतिनिधि/स्थानीय तहमा सेवारत कर्मचारीले सहजिकरण गर्नुपर्नेछ ।

ङ. स्थानीय तहबाट छनौट भएका गाउँ स्तरका योजनाहरु गाउँ मटावाँको नेतृत्वमा सम्पन्न गरिनेछ

**२. अनुगमन निरीक्षणमा प्रतिनिधित्वः**

क. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को नियम ६.२.१. अनुसारको अनुगमन तथा सुपरिवेक्षण समितिमा नगर मटावाँ र सम्बन्धित वडा मटावाँ साथै सम्बन्धित गाउँ मटावाँलाई आमन्त्रित गरिनेछ ।

ख. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ६.२.३ अनुसारको वडा स्तरीय अनुगमन समितिमा वडा मटावाँलाई आमन्त्रित गरिनेछ ।

ग. गाउँ स्तरको योजना कार्यान्वयन गर्दा योजनाको अनुगमन तथा सुपरिवेक्षणका लागि गाउँ मटावाँ वा ख्यालले तोकेको व्यक्तिको नेतृत्वमा अनुगमन समिति गठन गरिनेछ ।

**३. नगरसभामा प्रतिनिधित्व र सहभागीताः**

क. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ को नियम ५.७ अनुसारको नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने नगरसभामा नगर मटावाँलाई आमन्त्रित गरिनेछ ।

**४. न्यायीक समितिमा प्रतिनिधित्वः**

क. स्थानीय सरकार सञ्चालन ऐन को दफा ४७ बमोजिमको अधिकार क्षेत्रभित्र रही न्याय निरुपण गर्दा विवादित पक्ष रहेको गाउँको मटावाँलाई आमन्त्रित गरिनेछ ।

ख. स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९ को उपदफा १० बमोजिम वडामा गठन भएको मेलमिलाप केन्द्रले न्याय निरुपण गर्दा विवादित पक्ष रहेको सम्बन्धित गाउँको मटावाँलाई आमन्त्रित गरिनेछ ।

## परिच्छेद ८
## आर्थिक श्रोत व्यवस्थापन

**२९. मटावाँ संगठन प्रणालीको आर्थिक स्रोत**

मटावाँ संगठन प्रणालीको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ ।

१. उपमहानगरपालिका बाट प्राप्त अनुदान ।

२. गाउँ बखेरी र जुटेल्हाको निर्णय अनुसार प्रति घरधुरीले निश्चित प्रयोजनकोलागि जम्मा गरेको नगदी र जिन्सी ।

३. उठेको टिहाईमध्ये सम्बन्धित पक्षलाई भुक्तानी गरी बचेको नगदी र जिन्सी ।

४. गाउँको पूजाआँटी गर्नकोलागि घरधुरीबाट उठेको नगदी जिन्सीमध्ये बचेको कोष ।

५. गाउँ बखेरीले निर्णय गरे अनुसार गाउँमा श्रमदान भौतिक श्रम गर्ननसक्ने घरधुरीबाट प्राप्त रकम

६. गाउँको बखेरीले निर्णय गरे अनुसार सार्वजनिक काममा अनुपस्थित हुने घरधुरीबाट प्राप्त खारा रकम ।

७. गाउँ ख्यालले निर्णय गरे अनुसारको डाँरबाट प्राप्त रकम ।

८. गाउँमा बसाइ सराई गरी आउनेलाई गाउँको बखेरीको निर्णय अनुसारको गाउँ सदस्यता शुल्क रकम ।

९. सामुदायीक वन समितिबाट प्राप्त विकास कार्यक्रम अनुदान रकम ।

१०. गाउँको सार्वजनिक स्थलमा गरिने सामुदायिक उत्पादनबाट प्राप्त रकम ।

११. गाउँमा सामाजिक, साँस्कृतिक, रचनात्मक काम गरी प्राप्त गरेको रकम ।

१२. विभिन्न दाताबाट प्राप्त दान दातब्य ।

१३. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त नगदी जिन्सी ।

१४. गाउँ मटावाँ प्रणालीको सम्पत्तिबाट आर्जित रकम ।

१५. गाउँ बखेरीले निर्धारण गरेको श्रमदान नगरी सिंचाई सुविधा लिने जग्गाधनीसँग लिईने पनीकरबाट प्राप्त रकम

**३०. गाउँको खाता सञ्चालन, लेखा, लेखापरीक्षण, प्रतिवेदन तथा अन्यः**

१. गाउँको बखेरीको निर्णय अनुसार गाउँ मटावाँ प्रणालीको नाममा उपमहानगरपालिकाले तोकेको बैंकमा खाता खोलिनेछ ।

२. उपदफा १ बमोजिम बैकमा खोलीने खाता गाउँको मुह्ा मटावाँ, सहायक मटावाँ, लिखन्डार सहायक लिखन्डार र ढनहेर्वा मध्ये ३ जनाको नाममा बैंक खाता खोलीने छ र ३ जना मध्ये १ जना महीला अनिबार्य हुनु पर्नेछ ।

३. बैंकमा जम्मा भएको रकम गाउँ बखेरी वा ख्यालले गरेको निर्णय बमोजिम मटावाँ प्रणालीले खर्च गर्न सक्नेछ ।

४. ढनहेर्वाले गाउँको सबै प्रकारको नगदी (तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

५. ढनहेर्वाले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा गाउँको ख्यालमा पेश गर्नु पर्नेछ।

६. गाउँले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयारगरी लेखापरीक्षण समेत गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गाउँ ख्याल बाट अनुमोदन गराइ सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

७. गाउँले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन गाउँ बखेरी, सम्बन्धित वडा कार्यालय र उपमहानगरपालिकामा पेश गर्नुपर्नेछ ।

**३१. सम्पत्तिको अभिलेख र जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः**

१. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनरुथापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

२. संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ ।

३ गाउँको सार्वजनिक सम्पत्तिको अभिलेख मटावाँ प्रणालीले राख्नु पर्नेछ । सोको सुरक्षा गर्ने जिम्मेवारी समेत रहनेछ । सम्पत्तिको भौतिक परिक्षण गरी हरेक वर्ष गाउँ बखेरीमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ९
## विविध

**३२. बाधा अड्काउ फुकाउः**

ऐनको कार्यान्वयनमा कुनै पनि किसिमको बाधा अड्चन आईपरेमा सोको समाधान स्थानीय सरकारबाट हुनेछ ।

**३३. नियम बनाउने अधिकारः**

यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**३४. कार्यविधि तथा निर्देशिका बनाउने अधिकारः**

यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**३५.अनुसूचीमा हेरफेर गर्ने अधिकारः**

यस ऐनको कार्यान्वयन गर्नका लागि स्थानीय सरकारले अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

**अनुसूची १**

दफा ४ को उप दफा (२) बमोजिम

मटावाँ प्रणालीभित्रका पदाधिकारीलाई दिईने प्रमाणपत्र

तुलसीपुरउपमहानगरपालिका, वडा नं. ....... मा रहेको .........................गाउँको गाउँ बखेरीबाट ............... पदमा तुलसीपुरउपमहानगरपालिकाले जारी गरेको मटावाँ ऐन २०७८ को दफा ८ (३ )/७ (ख)/८(ख) बमोजिम छनौट हुन भएकोमा तपाई श्री ..............................लाई स धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

मटावाँ ऐन, गाउँ बखेरी र ख्यालकोको निर्णय बमोजिम सार्वजिनिक हकहितका लागि कार्य गर्नुहोला ।

| | | |
|---|---|---|
| ................................ | ............................ | ........................... |
| प्रमुख प्रशासकिय अधिकृत | नगर उपप्रमुख | नगर प्रमुख |

**अनुसूची २**

दफा ४ को (२) बमोजिम

मटावाँ प्रणालीभित्रका पद ग्रहण गर्ने व्यक्तिलाई दिईने परिचयपत्र

तुलसीपुरउपमहानगरपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**परिचय पत्र**

नामः

पदः

ठेगानाः जन्म मितिः

ना.प्र.नः सम्पर्क नः

रक्त समुहः

जारी मितिः

.................................

प्रमाणित गर्नेको दस्तखत

नगर प्रमुख

## अनुसूची ३

## मटावाँ प्रणालीको संगठन ढाँचा




## अनुसूची ४

## दफा ४ को उप दफा (२) बमोजिम

## मटावाँ प्रणालीभित्र रही उपमहानगरपालिकामा दर्ता भएको गाउँलाइ दिईने प्रमाणपत्र

तुलसीपुरउपमहानगरपालिका, वडा नं. ....... मा रहेको .......................... गाउँ बखेरीको निर्णय अनुसार यस उपमहानगरपालिकामा दर्ता हुन आएकोले ................ गाउँलाइ तुलसीपुरउपमहानगरपालिकाले जारी गरेको मटावाँऐन २०७८ को दफा ८ (३ ) वा ७ (ख) वा ८ (ख) बमोजिम तुलसीपुरउपमहानगरपालिकामा दर्तागरी स–धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ । मटावाँ ऐन र गाउँ ख्यालको निर्णय बमोजिम सार्वजिनिक हकहितका लागि कार्य गर्नुहोला ।

| | | |
|---|---|---|
| ................................ | ............... ........... | .......................... |
| प्रमुख प्रशासकिय अधिकृत | नगर उपप्रमुख | नगर प्रमुख |

**अनुसूची ५**
**दफा २५ को १ क. बमोजिम**
**स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को**
**अनुसूची ४**
**(दिग्दर्शनको दफा ५.४ संग सम्वन्धित)**

..................नगरपालिका/उपमहानगरपालिका

वडा नं.......     गाउँ ....................

आयोजनाको प्राथमिकिकरण सूची, २०.....

(क) गाउँ/बस्ति स्तरको आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| वातावरण तथा विपद् ब्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| सुशासन तथा सस्थागत विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ६
## दफा ५ को १. बमोजिम
## गाउँको घरधुरी संख्या अभिलेखीकरण फाराम

| घर नं | घर को नाम | घरमुलीको नाम | परिवार संख्या | | | जमिन | पेशा | | नोकरी | | जातजाती | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म | पु | जम्मा | | कृषी | व्यापार | स्वदेश | बिदेश | थारु | ब्राम्हन | क्षेत्री | दलित | आ.ज | अन्य | सम्पर्क नम्बर |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

## अनुसूची ७
## दफा ५ को १. बमोजिम
## गाउँको बखेरीले छानेका/चुनेका गाउँका अगुवाहरुको बिबरण भर्ने फाराम

| क्र.सं | पद | नाम | उमेर | घरको नाम | घर नं | फोन नम्बर |
|---|---|---|---|---|---|---|
| १ | मुह्रा मटावाँ | | | | | |
| २ | सहायक मटावाँ | | | | | |
| ३ | लिखन्डार | | | | | |
| ४ | सहायक लिखन्डार | | | | | |
| ५ | टोल मटावाँ | | | | | |
| ६ | चौकीदार | | | | | |
| ७ | अगह्रा | | | | | |
| ८ | गुर्वा | | | | | |
| ९ | केसौका | | | | | |

## अनुसूची ८
## दफा ४ को उप दफा १ बमोजिम
## उपमहानगरपालिकामा गाउँ दर्ता हुनका लागि चाहीने कागजातहरु

१. गाउँ बखेरीले गाउँलाइ उपमहानगरपालिकामा दर्ता गर्ने सम्बन्धमा गरेको निर्णय ।
२. गाउँको बिधान ।
३. निर्बाचित गाउँ मटावाँ र अगुवाहरुको अनुसूची ७ बमोजिमको ढाँचामा बिस्तृत बिबरण
४. निर्बाचित गाउँ मटावाँ र अगुवाहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
५. मटावाँको १ प्रति फोटो

## अनुसूची ९
## गाउँको नमूना बिधान

# स्थानीय बजार ब्यवस्थापन तथा अनुगमन ऐन, २०७८

*पारित मितिः २०७८/१०/२८*

**प्रस्तावना**

नेपालको संविधान २०७२ को मौलिक हकको धारा ४४ ले प्रत्यक उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र गुणस्तरीय बस्तु वा सेवाबाट क्षती पुगेको ब्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने ब्यवस्था साथै संविधानको धारा ५१(घ)को ७ ले ब्यापारिक स्वच्छता र अनुशासन कायम गर्ने कुरालाई प्राथमिकता दिएको पाइन्छ । साथै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीको १० ले स्थानीय बजार ब्यवस्थापन गर्ने एकल अधिकार स्थानीय तहलाई प्रत्याभुत गरिएको छ । यस बाहेक स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११को उपदफा(२) को खण्ड(ञ) ले स्थानीय बजार ब्यवस्थापन गर्ने सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रुपमा ब्यवस्था गरिएकोले स्थानीय बजार ब्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा संर्बद्धन गर्दै बजार ब्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा संर्बद्धन सम्बन्धी कानूनी ब्यवस्था गर्न आवश्यक भएकोले नेपालको संविधानले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको नगरसभाको बैठकबाट पारित गरी यो तुलसीपुर उपमहानगरपालिका स्थानीय बजार ब्यवस्थापन तथा अनुगमन ऐन, २०७८ ऐन जारी गरिएको छ ।

## परिच्छेदः१
## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भः**

(क) यस ऐनको नाम"स्थानीय बजार ब्यवस्थापन तथा अनुगमन ऐन, २०७८" रहेको छ ।

(ख) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिती देखी लागु हुनेछ।

२. **परिभाषाः** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "गुणस्तरीय बस्तु" भन्नाले यस ऐनको दफा १९ बमोजिम अवस्था भएको वा रहेको उपभोग्य बस्तु संम्झनु पर्दछ ।

(ख) "गुणस्तरीय सेवा" भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दावी गरिएको त्यस अनुरुप भएको संम्झनु पर्दछ ।

(ग) "बस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको समिश्रणबाट बनेको पदार्थ संम्झनु पर्दछ र सो शब्दले उपभोग्य बस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रंग, सुगन्ध वा रसायनलाई समेत जनाउदछ । सो शब्दले मुल्य लिई वा नलिई बिक्री वितरण गरिने सबै प्रकारका बस्तुलाई जनाउदछ ।

(घ) "सेवा"भन्नाले विद्युत, खानेपानी, टेलिफोन, सुचना प्रविधि, संचार, ढल निकास, शिक्षा, वातावरणीय,

बैक तथा बित्तीय संस्था, स्वास्थ, सामाजिक सेवा, पर्यटन, मनोरंन्जन तथा खेलकुद, निर्माण, ढुवानी तथा ईन्जिनियरिङ सेवा, यातायात, चिकित्सा सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पुर्ण सेवाहरुलाई संम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता " भन्नाले कुनै बस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने ब्यक्ति वा संस्था सम्झनु पर्दछ

(च) "उपभोक्ता संस्था"भन्नाले उपभोक्ताहित संरक्षण तथा संवर्द्धनको उदेस्यले प्रचलित कानून बमोजिम स्थापना भएका संस्था जसका केन्द्र, प्रदेश र स्थानीय तहस्तरसम्म संगठन निर्माण भएका छन ।

(छ) "अनुचीत ब्यापारीक क्रियाकलाप "भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम"भन्नाले यस ऐन बमोजिम नियम, कार्यबिधी, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित कानूनद्वारा तोकिएको भए सो बमोजिम तोकिएको सम्झनु पर्दछ

(झ) "कार्यपालिका" भन्नाले उपमहानगरपालिकाको कार्यपालिकालाई संम्झनु पर्दछ ।

(ञ) "समिती" भन्नाले यस ऐनको दफा २१ बमोजिम गठित बजार ब्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समिति संम्झनु पर्दछ ।

(ट) "निरीक्षण अधिकृत" भन्नाले यस ऐनको दफा.२६ बमोजिम नियुक्त निरीक्षण अधिकृतलाई संम्झनु पर्दछ ।

(ठ) "स्थानीय बजार"भन्नाले यस उपमहानगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवाको बजार संम्झनु पर्दछ

(ड) "बजार अनुगमन टोली"भन्नाले यस उपमहानगरपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको अनुगमन टोलीलाई संम्झनु पर्दछ ।

(ढ) "प्रदायक"भन्नाले मुल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका बस्तु वा सेवा बिक्रीबितरण गर्ने ब्यक्ति, फर्म, कम्पनी वा संस्थालाई संम्झनु पर्दछ ।

(ण) "लेवल"भन्नाले उपभोग्य बस्तु वा उपभोग्य बस्तु राखिएको भाडो वा त्यसतो उपभोग्य बस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, चिन्ह लगाईएको, ईम्बोर्स गरिएको, समाबेस गरिएको वा अन्य कुनै किसिमले देखाईएको टयाग, चिन्ह, तस्वीर वा अन्य बिवरणात्मक बस्तु लाई संम्झनु पर्दछ ।

## परिच्छेद २

## स्थानीय बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. उपमहानगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी गर्ने कार्यहरूः**

(१)उपमहानगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण सम्बन्धी देहायका कार्यहरू गर्नेछः

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी नीति, कानून, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजीतथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्धन, सहजीकरण र नियमन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्धन र अभिलेखांकन गर्ने,

(ट) बजार व्यवस्थापन सचेतना कार्यक्रम संचालन गर्ने ।

(ठ)उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरूक उपभोक्ता तथा नैतिकबान् विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ड) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,

(ढ) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,

(ण) स्थानीय बजार व्यवस्थापन सम्बन्धी तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(२) उपदफा(१) बमोजिम कार्यहरू सम्पन्न गर्न तुलसीपुर उपमहानगरपालिकाले सरोकारवालाहरूसंगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्य योजना सहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

## परिच्छेद–३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्व सम्वन्धी व्यवस्था

**४. उपभोक्ताको अधिकारको संरक्षण र संवद्र्धन सम्बन्धी व्यवस्थाः**

(१)उपमहानगरपालिकाले उपभोक्ताको अधिकार सवद्र्धन र संरक्षण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपभोक्ताको अधिकार संरक्षण गर्न तुलसीपुर उपमहानगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(३) उपमहानगरपालिकाले उपभोक्ताहित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) उपमहानगरपालिकाभित्र उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम समितिले तोके बमोजिम हुनेछ ।

**५ वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्वः**

उपमहानगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्यक उत्पादक, आयातकर्ता, ढुवानी कर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवाप्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पुरा गर्नु पर्नेछ ।

## परिच्छेद ४

## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी सम्वन्धी व्यवस्था

**६ व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः**

(१)उपमहानगरपालिका क्षेत्रभित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा बिक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा सम्वन्धित वडाको सिफारिसमा तुलसीपुर उपमहानगरपालिकामा दर्ता वा अनुमतिलिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) उपमहानगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्यटनसँग सम्बन्धित -याफ्टिङ, क्याननिङ, प्याराग्लाइडिङ लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा उपमहानगरपालिकामा दर्ता वा अनुमतिलिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रदायक वा विक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित संघ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदन उपर तुलसीपुर उपमहानगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारण सहित आवेदनदर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नु अघि कुनै निश्चित सर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(६) तुलसीपुर उपमहानगरपालिकाभित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानून बमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्थादर्ता गर्न चाहेमा तुलसीपुर उपमहानगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) केन्द्रियस्तरमा दर्ता भएका, कम्पनी, फर्मलाई समेत स्थानीय तहमा दर्ता अनिवार्य गर्ने ।

**७ दर्ता नवीकरण गर्नुपर्नेः** दफा ६ बमोजिमका यस उपमहानगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने  शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

८. **दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्थाः** (१) यस उपमहानगरपालिकामा दर्ता भएका प्रदायक दर्ता वा अनुमति देहायको अवस्थामा समितिले खारेज गर्न सक्नेछ ।

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐन अन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लंघन गरेमा,

(घ) स्वीकृती बेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पु-याएमा,

च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

छ) तोकिएका अन्य कुराहरू ।

(२) दर्ता वा अनुमति खारेजी गर्नुअघि सुनुवाइको मौका प्रदान गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिमहुनेछ ।

(५) प्रदायक दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्नेः**

(१) प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्डभित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा यस उपमहानगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नु पर्नेछ ।

## परिच्छेद ५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुनेः** कसैले पनि यस उपमहानगरपालिकाभित्र देहाय बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाइ छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम नगर्नेः–

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(२) पुननिर्मित वा पुराना वस्तुलाई नयाँहो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधार भन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पु-याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसार प्रसार वा सञ्चय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभावहुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वाबिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको शिलशिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्रीगर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पुरा नगरी बिक्री गर्ने,

**११. बजारको तह निर्धारण सम्वन्धी व्यवस्थाः**

(१) उपमहानगरपालिकाले उपभोक्ताहकहित संरक्षण गर्न, बजारको नियम बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तोकिए बमोजिम तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिम तोकिए भन्दा बढी तह कायमहुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्रीवितरण गर्न पाइने छैन ।

१२. **आपूर्ति व्यवस्थापनः**

(१) उपमहानगरपालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी सो को आधारमा सम्बन्धित प्रदायक वा विक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।

(३) उपमहानगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट उपमहानगरपालिकाभित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) उपमहानगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनु पर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्य वृद्धि र नाफा खोरी जस्ता कार्य गर्नु गराउनु हुँदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा उपमहा नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३ . **वस्तु र सेवाको बिक्रीस्थल सम्बन्धी व्यवस्थाः**

(१)उपमहानगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्रीवितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्रीवितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४ **सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्नेः**

(१)उपमहानगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको माल वस्तुलाई कसैले पनि वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन

(३) सुपथ मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **स्थान र समय निर्धारण गर्न सक्नेः**

(१)तुलसीपुर उपमहानगरपालिकाले वस्तु वा सेवा वा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सो सम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **वातावरण सफा र स्वच्छ राख्नुपर्नेः**

(१)उपमहानगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले उपमहानगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानी, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबार स्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

**परिच्छेद ६**

**अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्था**

१७. **अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारण सम्बन्धी व्यवस्थाः**

(१)उपमहानगरपालिकाले समय समयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्यनिर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२ उपदफा (१) बमोजिम उपमहानगरपालिकाभित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्थाः**

(१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्यक वस्तुको थोक वा खुद्रामूल्य र सेवाप्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

(२) उत्पादक वा विक्रेता वा सेवा प्रदायकले खरिद बिक्री सम्वन्धी बिलबिजक दुरुस्त राख्नु पर्नेछ

(३) वस्तु वा सेवाको बिल वा बिजक उपमहानगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई विक्रेताले बिलदिनु पर्नेछ ।

## परिच्छेद ७
## गुणस्तर सम्बन्धी व्यवस्था

१९. **गुणस्तरहीन वस्तु र सेवाको बिक्रीवितरण गर्न नहुनेः** (१) कसैले पनि उपमहानगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्न हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ ः

(क) तोकिएको भन्दाकम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(ख) मानव स्वास्थ्यलाई हानिहुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानिहुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,

(ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोग कारक पशुपंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको मापदण्ड पुरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारी कर्ता वा विक्रेताले तोके बमोजिमको गुणस्तर नभएको

२० **लेबल र उपभोग्य म्याद सम्बन्धी व्यवस्थाः**

(१) उपमहानगरपालिकाभित्र प्रचलित कानून बमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुर्जेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतका दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

## परिच्छेद–८
## समिति र बजार अनुगमन टोलीको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

२१. **बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिः** (१) यस ऐन कार्यान्वयन गर्न उपमहानगरपालिकाभित्र देहाय बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ताहित संरक्षण समितिको गठन हनेछ :

(क) तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख – संयोजक

(ख) उपमहानगर कार्यपालिकाले तोकेको कुनै एक कार्यपालिका सदस्य – सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय, दाङ्गको प्रतिनिधि (कम्तीमा रा.प.तृतीयश्रेणीको अधिकृत स्तर) – सदस्य

(घ) बजार व्यवस्थापन संयोजक - सदस्य

(ङ) तुलसीपुर उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि –सदस्य

(च) उपभोक्ताहित संरक्षण सम्बन्धी संस्थाहरु मध्येबाट उपमहानगरपालिकाले तोकेको १ जनाप्रतिनिधि –सदस्य

(छ) आबश्यक्ता अनुरुप बिषयगत बिज्ञ उपमहानगरपालिकाले तोकेको १ जना–सदस्य

(ज) उपमहानगरपालिकाको उपभोक्ताहित संरक्षण हेर्ने शाखाका प्रमुख सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) को नियुक्ति र पदावधि तथा समितिको बैठक सम्बन्धी कार्य विधि तोकिए बमोजिम हुनेछ ।

२२. **समितिका काम कर्तव्य र अधिकारः**

(१) समितिका काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)उपभोक्ताहित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था तर्जुमा गर्ने

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्यांक संकलन गरी माग बमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के वा नियमित अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागु गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता हट लाइन जस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिनलाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमन सम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) उपमहानगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ता हित विपरीत भएका कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) उपमहानगरपालिकाभित्र खपतहुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समिक्षा गरी माग अनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्यान्न लगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजीफर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिक्तम मौज्दातको परिमाण तोक्ने,

(ण) उपमहानगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयात ऋता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई  बिक्रीवितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ)उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागिकुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द)उपभोग्य वस्तुको बिक्रीवितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभावसिर्जना गर्ने वा कालो बजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्न्ने,

(ध) आवश्यक्ता अनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न) आवश्यक्ता अनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प) तुलसीपुर उपमहानगरपालिकाको आवश्यकता अनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने । (न)समितिका अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइल साथ आवश्यक कारबाहीका लागि सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ

(४) समितिले बजार छड्के वा नियमित अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

२३. **बजार अनुगमन टोलीको गठनः**

(१) यस ऐनबमोजिम अनुचित व्यापारिक तथा व्यवसाय जन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित रूपमा बजार अनु गमन तथा निरिक्षण गर्न देहाय बमोजिमको तुलसीपुर उपमहानगरपालिका बजार अनुगमन टोली गठन हुनेछ ।

क. उपमहानगरपालिकाको उपभोक्ताहित संरक्षण हेर्ने शाखाको प्रमुख –संयोजक

ख. सम्बन्धित वडा समितिको कार्यालयले अनुगमनका लागि तोकेको कर्मचारी –सदस्य

ग. स्थानीय प्रशासनको प्रतिनिधि –सदस्य

घ. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि –सदस्य

ङ. समितिले मनोनयन गरेको नगरमा क्रियाशिल उपभोक्ताहित संरक्षणसँग सम्बन्धित संस्था मध्येबाट एक जना महिला सहित दुई जना –सदस्य

च. बजार व्यवस्थापन संयोजक - सदस्य

छ. अनुगमन गर्ने बजार क्षेत्रका उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना –सदस्य

ज. पत्रकार महासंघ वा बिषय क्षेत्रका पत्रकारहरुको प्रतिनिधि एक जना –सदस्य

झ. समितिले मनोनयन गरेको सम्बन्धित वस्तु वा सेवा क्षेत्रको बिज्ञ वा जानकार प्रतिनिधि एक जना –सदस्य

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरिक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा र भत्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) नगरकार्यपालिका प्रत्येक वडामा बजार अनुगमन टोली गठन गर्न सक्नेछ । वडा बजार अनुगमन टोलीको काम कर्तव्य तथा अनुगमन कार्य विधि तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद–९

## बजार अनुगमन सम्बन्धी व्यवस्था

२४. **बजार अनुगमन गर्नुपर्नेः**

(१) कार्यालयले उपभोक्ताको हक अधिकार स्थापित गरी बजार व्यवस्थापन गर्न बजारको नियमित अनुगमनको व्यवस्था मिलाउने छ ।

(२) उपदफा (१) बमोजिम हुने बजार अनुगमन प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) अनुगमनकर्तालेे अनुगमनका क्रममा प्रदायक सँगतोकिए बमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४) अनुगमन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

२५ **आचारसंहिताः** अनुगमन गर्दा तोकिए बमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद १०

## निरीक्षण अधिकृत सम्बन्धी व्यवस्था

२६. **निरीक्षण अधिकृतको नियुक्तिः**

(१) तुलसीपुर उपमहानगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकात लगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरिक्षण अधिकृतको रूपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

(२) तुलसीपुर उपमहानगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानून वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐन बमोजिम निरीक्षण अधिकृत तोक्नको लागि सम्बन्धीत शाखा प्रमुख वा कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

२७. **निरीक्षण अधिकृतको काम, ऋतव्य र अधिकारः** निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा कुनै सेवाप्रदान गरेको ठाउँमा प्रवेश गर्ने,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा सेवाप्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्रीवितरण गर्ने वा कुनै सेवाप्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्ति सँग आवश्यक बयान लिने,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्रीवितरण वा सेवाप्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्रीवितरणमा रोक लगाउने,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिने,

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादन स्थल, गोदाम र पसलको खान तलासी गर्ने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२८. **निरीक्षण अधिकृतले अपनाउनु पर्ने कार्य विधिः** निरीक्षण अधिकृतले निरीक्षण जाँच बुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचलित कानून बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–११

## कसुर र सजाय सम्बन्धी व्यवस्था

२९.**कसुर गरेको मानिनेः** कसैले देहायको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः

क) दफा ६(१)वा (२) बिपरित दर्ता वा अनुमति नलिई कारोवार सञ्चालन गरे, गराएमा ।

ख) दफा ७ बमोजिम नबिकरण नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पुरा नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

ङ) दफा ११(२) बमोजिम तोकिए भन्दा बढी बजार तह कायम गरी बिक्री बितरण गरे, गराएमा ।

च) दफा १२(४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्य वृद्धि र नाफाखोरी जस्ता कार्य गरे, गराएमा ।

छ) दफा १३(१) बमोजिम उपमहानगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा

दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्रीवितरण गरे, गराएमा

ज) दफा १३(२) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्रीवितरण गरे, गराएमा ।

झ) दफा १४(२) बिपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

ञ) दफा १६(१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

ट) दफा १७ (२) बमोजिम तोकिएको अधिक्तम मूल्य भन्दा बढी हुने गरी वस्तु वा सेवा बिक्री गर्न गरे, गराएमा ।

ठ) दफा १८ बमोजिमको कार्य पुरा नगरेमा ।

ड) दफा १९(१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्रीवितरण गरे, गराएमा ।

**३०. जरिबाना सम्बन्धी व्यवस्थाः**

(१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ख) खण्ड (ख), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ग) खण्ड (घ), (च), (ञ) र (ट) र (ड) बमोजिमको कसुर गर्ने वा गराउनेलाई १५ हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म ।

(२) निरीक्षण अधिकृतले यस दफा बमोजिम जरिबाना गर्नुपर्ने कारण र जरिबाना गरेको रकम लगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने प्रदायक विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ :

(क) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने,

(४) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालत समक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिएपनि यस ऐन बमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा वाहेक कम जरिबानासम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगर बजार निरीक्षण

अधिकृतले एउटा प्रदायकलाई फरक फरक प्रकृतिको कसुरमा गरी वढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ ।

३१. सजाय सम्बन्धी अन्य व्यवस्थाः

(१)दफा ३० मा उल्लिखित जरिबाना सम्बन्धी व्यवस्था बाहेकको कसुरमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम गरिएको जरिबानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पु-याएको मानिने छैन ।

## परिच्छेद–१२

## उजुरी तथा तहकिकात सम्बन्धी व्यवस्था

**३२. उजुरी दिन सक्नेः**

(१) यस ऐन वा यस ऐनअन्तर्गतको नियम विपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा उपमहानगरपालिका वा समिति वा टोली वा निरीक्षण अधिकृत समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा(१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखीआएमा समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एकआपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ ।

**३३ सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाउन सक्नेः**

(१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष छानबिन र अनुसन्धानका लागि लेखि पठाउन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखि पठाएको बिषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

**३४ प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपुग्नेः**

यस ऐन बमोजिम कसुर ठहर्ने कसुर अन्य कानूनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

३५ **सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्नेः**

(१) यस ऐन बमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ ।

(२) यस ऐन बमोजिमको कसुरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धान काम कारबाहीमा सहयोग पु-याउने व्यक्ति वा संस्थालाई सूचना संकलन गर्दा वा सूचना दिँदा लागेको उचित खर्च रकम तुलसीपुर नगरपालिकाले प्रोत्साहन स्वरूप दिनेछ ।

(३) यस दफाबमोजिम सूचनादिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचना सम्बन्धी विवरण गोप्य राखिनेछ ।

(४) सुचना, अनुगमन तथा अनुसंन्धान काममा सहयोग गर्ने ब्यक्तिवा संस्थालाई पुरस्कृत वा सम्मान गर्न सकिने छ ।

**परिच्छेद –१३**

**विविध**

३६. **समितिको कार्यक्रम तथा बजेटः**

(१) उपमहानगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ताहित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) उपमहानगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ताहित सरक्षणसँग सम्बन्धित संघसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

३७. **स्थानीय प्रशासनको कर्तव्यः** समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षा लगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

३८. **असल नियतले गरेका काम बचाउः** यस ऐन बमोजिम बजार अनुगमनगर्दा असलनियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाहीहुने छैन ।

३९. **नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न** सक्नेः (१)यस ऐनलाई कार्यान्वयन गर्न उपमहानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपमहानगरपालिकाले यस ऐन र यस ऐन अन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यक्ता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

# तुलसीपुर भिमसेन मेट्रो अस्पताल

# स्थापना, संचालन तथा व्यवस्थापन सम्वन्धी ऐन, २०७८

*पारित मिति २०७८/१०/२८*

**प्रस्तावना :**

स्वास्थ्य मानव जीवनको महत्वपुर्ण पक्षमात्र नभई परिवार, समुदाय तथा समग्र देशको उन्नती तथा समृद्धीको आधार नै हो । नेपालको सविधान २०७२ को धारा ३५ र ३७ ले नागरिकको आधारभुत स्वास्थ्य तथा सरसफाईको सुविधालाई मौलिक हकको रुपमा व्यवस्था गर्दै महत्वको साथ प्राथमिकतामा राखेको छ । स्थानीय तहमा नागरिकको गुणस्तरिय आधारभूत स्वास्थ्य सेवाको हकलाई सुनिश्चित गर्दै आपतकालीन तथा उपचारात्मक विशेषज्ञ स्वास्थ्य सेवालाइ नगरवासी सर्वसाधारण नागरिकको सहज पहुंचमा पुर्याउनका लागी तुलसीपुर उपमहानगरपालिकामा १५ शैयाको अस्पताल स्थापना गरि उपचारात्मक सेवा व्यवस्थापन गर्न स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको अधिकार प्रयोग गरि "तुलसीपुर भिमसेन मेट्रो अस्पताल स्थापना, सञ्चालन तथा व्यवस्थापन ऐन - २०७८" वनाई लागु गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस ऐनको नाम "तुलसीपुर भिमसेन मेट्रो अस्पताल स्थापना, संचालन तथा व्यवस्थापन ऐन - २०७८" रहेको छ ।

ख) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको नगरसभामा पारित भए लगत्तै प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क) "ऐन" भन्नाले तुलसीपुर "भिमसेन मेट्रो अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन -२०७८" लाई सम्झनु पर्दछ ।

ख) "अस्पताल" भन्नाले तुलसीपुर भिमसेन मेट्रो अस्पताल, तुलसीपुरलाई सम्झनु पर्दछ ।

ग) "नियमावली" भन्नाले यस ऐनको अधिनमा रही तर्जुमा गरिने नियमावली वा विनियमलाई सम्झनु पर्दछ ।

घ) "अस्पताल संचालन, व्यवस्थापन तथा विकास समिति भन्नाले ऐन को दफा १० बमोजिम गठन हुने अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिलाई सम्झनु पर्दछ ।

ङ) अस्पताल प्रमुख भन्नाले तुलसीपुर मेट्रो अस्पतालको प्रमुख वा मेडिकल सुपरिटेण्डेन्टलाई सम्झनु पर्दछ ।

च) अध्यक्ष भन्नाले अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको सन्दर्भमा सो समितिको अध्यक्षलाई सम्झनु पर्दछ र सो शब्द अस्पताल कार्यक्रम संचालक समितिको सन्दर्भमा अस्पताल प्रमुखलाई सम्झनु पर्दछ ।

छ) प्रमुख अस्पताल व्यवस्थापकु भन्नाले अस्पताल प्रमुखको मातहत रहि प्रशासनिक तथा व्यवस्थापन कार्य संयोजन गर्ने पद वा सो पद वा तहमा कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ज)	कर्मचारी भन्नाले यस अस्पतालमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारीमा काम गर्ने चिकित्सक लगायत सबै कर्मचारी सम्झनु पर्दछ ।

झ)	बैठक भन्नाले अस्पताल संचालन, व्यवस्थापन तथा विकास समिति, र यस ऐन अनुरुप गठन भएका समिति एंव उप समितिको बैठकलाई सम्झनु पर्दछ ।

ञ)	सदस्य भन्नाले अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको सदस्यलाई जनाउने छ ।

ट)	“सदस्य सचिव” भन्नाले नगर कार्यपालिकाको कार्यालय, जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

ठ)	“ऐन नियम” भन्नाले स्थानीय तह सञ्चालन गर्न वनेको कानूनलाई जनाउनेछ ।

ड)	नियमावलि वा विनियम भन्नाले यस ऐन लागु गर्न वनेको नियमावली वा विनियमलाई जनाउने छ

## परिच्छेद -२

**३. अस्पतालका उद्देश्यहरु देहाय वमोजिम रहनेछ :**

क)	प्रचलित ऐन नियमको अधिनमा रही नेपाल सरकार तथा प्रदेश सरकारसंग आवश्यक सम्वन्धन, अनुमति, समन्वय गरि स्थानीय तहले लक्षित गरेका गुणस्तरिय उपचारात्मक सेवाको सुविधालाई सर्वसाधारणको पहुचमा पुर्याउने ।

ख)	सम्वन्धित विषयको विश्वविद्यालय वा शैक्षिक संस्थाहरुसंग सम्वन्धन प्राप्त गरी स्थानीय आवश्यकताको आधारमा चिकित्सा, स्वास्थ्य तथा नर्सिङ विषयका प्राविधिक जनशक्तिको उत्पादन गर्ने ।

ग)	प्रचलित ऐन नियममा रही संघिय सरकार, प्रदेश सरकार, स्वदेशी तथा विदेशी अस्पताल, चिकित्सा सम्वन्धि अनुसंधान संस्थाहरुसंग सम्वन्ध कायम गर्ने र आर्थिक प्राविधिक तथा अन्य सहयोग आदान प्रदान गर्ने ।

घ)	अस्पताललाई स्थानीय सरकार र जनसमुदायको सहभागीतामा नाफारहित स्वायत्त सामुदायीक संस्थाको रुपमा विकास गर्दै लैजाने ।

ङ)	चिकित्साको सर्वोपरि सिद्धान्तमा आधारित सेवा प्रवाह गर्ने ।

च)	अस्पतालमा विशेषज्ञ सेवाको व्यवस्थापन गरि यस क्षेत्रकै गुणस्तरिय अस्पतालको रुपमा विकास गर्ने ।

छ)	तुलसीपुर उपमहानगरपालिकाको व्यवस्थापनमा समुदाय र नीजि क्षेत्रको प्रतिनिधित्व गराई साझा नाफारहित सामुदायिक चिकित्सा प्रतिष्ठानको रुपमा विकास गर्दै लैजाने ।

ज)	चिकित्सक, पारामेडिक, नर्सिङ तथा अन्य कर्मचारीहरुलाई विषयगत तालिम तथा अध्ययन अनुसन्धानमा सहभागी गराई अस्पतालको चिकित्सा सेवा तथा प्रशासनिक कार्यलाई सशक्त र प्रभावकारी बनाउने ।

**४.	अस्पतालको प्रशासनिक तथा प्राविधिक कार्यालय रहने स्थान :**

अस्पतालको प्रशासनिक तथा प्राविधिक कार्यालय तुलसीपुर उपमहानगरपालिका वडा नम्वर ८ अश्वारामा  रहने छ ।

**५. अस्पताल तुलसीपुर उपमहानगरपालिकाको अन्तर्गतको निकाय हुने :**

क) प्रारम्भमा अस्पताल तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिका जनस्वास्थ्य प्रवर्धन शाखा÷ महाशाखा मातहत रहने संगठनात्मक इकाई वा निकाय हुनेछ ।

ख) माथि जे सुकै लेखिएको भएतापनि कालान्तरमा अस्पताल समुदायको सहभागीता र नेतृत्वमा  संचालन गरिने अर्धस्वायत्त नाफारहित सामुदायीक संस्थाको रुपमा विकसित र संस्थागत हुन सक्नेछ ।

ग) अस्पतालको सम्पूर्ण काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसको नमूना अनूसूचि १ मा दिइएको छ ।

घ) यस अस्पतालको कार्यालय संगठन तालिका अनुसूची–२ बमोजिम हुनेछ ।

## परिच्छेद - ३

**६. अस्पतालको संगठन स्वरुप,  संचालन, व्यवस्थापन तथा विकास समितिः**

अस्पतालको संचालनका लागी अस्पताल संचालन, व्यवस्थापन तथा विकास समिति, पदाधिकारी, अस्पताल कार्यक्रम संचालन समिति, सल्लाहकार समिति  तथा कर्मचारी तथा प्रशासनिक संगठन ढांचा देहाय वमोजिम हुनेछ ।

क) अस्पतालको  संगठन तथा व्यवस्थापन  ढांचा अनुसूची ३ वमोजिम हुनेछ ,

ख) अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको गठन  देहाय वमोजिम  हुनेछ ।

**७. अस्पताल संचालन, व्यवस्थापन तथा  विकास समिति गठन :**

अस्पताल संचालन, व्यवस्थापन तथा  विकास समिति गठन देहाय वमोजीम हुनेछ ।

क) अध्यक्ष - १  जना

ख) सदस्यहरु (कम्तीमा) - ७ जना

ग) सदस्य–सचिव - १ जना

**८. अस्पताल संचालन, व्यवस्थापन तथा  विकास समिति काम, कर्तव्य र अधिकार :**

१) अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार  देहाय वमोजीम हुनेछ :

क) अस्पतालको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कारवाही गर्ने गराउने ।

ख) अस्पतालको सञ्चालनको निमित्त आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने ।

ग) अस्पताललाई आवश्यक चिकित्सक तथा कर्मचारी व्यवस्था गर्ने ।

ङ) नगर कार्यपालिकावाट पारित गरिएका नीति तथा निर्देशनहरुलाई कार्यान्वयन गर्ने गराउने।

छ) अस्पतालको वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने ।

ज) अस्पतालको चल–अचल सम्पत्तिको संरक्षण र सम्वर्धन गर्ने गराउने ।

झ) अस्पताल को आय, व्यय र सेवाका  गतिविधिको लेखा परिक्षण गराई  विवरण पेश गर्ने ।

ञ) प्रत्येक वर्ष अस्पताल को आय, व्यय र सेवा सम्वन्धि सामाजिक लेखा परिक्षण गर्ने ।

ठ) अवान्छित गतिविधिमा संलग्न हुने चिकित्सक, पारामेडिक, नर्सिङ तथा अन्य कर्मचारी उपर आवश्यक कारवाही गर्ने ।

ड) राष्ट्रिय स्वास्थ्य नीतिसंग सम्वन्धित गोष्ठी, तालिम आदि कार्यक्रममा चिकित्सक एंव कर्मचारीलाई सहभागी तुल्याउने ।

ढ) गरीब तथा विपन्नका लागी निशुल्क उपचारको व्यवस्था गर्ने ।

ण) चिकित्सक तथा कर्मचारी आचारसंहिता पारित गर्ने ।

त) अस्पतालबाट निर्धारित शुल्कका अतिरिक्त अस्पतालको विकासका लागि अन्य शुल्कहरु पनि लगाउने ।

थ) अस्पतालमा रिक्त चिकित्सक तथा कर्मचारीको पदपूर्ति गर्ने गराउने ।

द) अस्पतालको आवश्यकता अनुसार विनियम संशोधन गर्ने र उपनियमहरु वनाउन प्रस्ताव गर्ने ।

२. समितिको पदावधिः सामान्यतया मनोनित अध्यक्ष तथा अन्य मनोनित सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

**९. समिति भंग गर्न सकिने :**

देहायको अवस्थामा अस्पताल संचालन, व्यवस्थापन तथा विकास समिति वा सो समितिका अध्यक्ष वा सदस्यलाई पदवाट हटाउन वा समिति भंग गरी नया“ समिति गठन गर्ने अधिकार तुलसीपुर नगर कार्यपालिकाको सिफारिसमा नगर प्रमुखमा निहीत रहनेछ :

१) अस्पतालको सम्पत्ति हिनामिना गरेमा,

२) अस्पतालको नाउ“मा रहेको सम्पूर्ण चल अचल सम्पत्तिको हक (स्वामित्व) तुलसीपुर उप महानगरपालिकामा रहने छ ।

४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अस्पतालमाथि प्रत्यक्ष आर्थिक व्ययभार थपिने प्रकृतिको नयां निर्णय गर्नुअघि अस्पताल विकास समिति वा अस्पताल प्रमुखले नगर कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**१०. अस्पताल संचालन, व्यवस्थापन तथा विकास समिति :**

क) अस्पतालको दैनिक प्रशासन तथा अन्य कार्यहरुको रेखदेख, सुपरीवेक्षण, नीति निर्माण तथा अस्पतालको भौतिक विकास र सेवा विस्तार सम्वन्धी कार्य गर्नाका लागी ९ सदस्यीय अस्पताल संचालन, व्यवस्थापन तथा विकास समिति रहने छ ।

ख) अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको गठन देहाय अनुसार हुनेछ,

| | | | |
|---|---|---|---|
| अध्यक्ष | १ जना | नगर प्रमुख वा नगर कार्यपालिकावाट | मनोनित |
| सदस्य | १ जना | नगरस्थित उद्योग वाणिज्य संघको अध्यक्ष | पदेन |
| सदस्य | १ जना | अस्पताल रहने सम्वन्धित वडाको वडाध्यक्ष | ,, |
| सदस्य | १ जना | सामाजिक क्षेत्रवाट लव्ध प्रतिष्ठित व्यक्तित्व | मनोनित |
| सदस्य | १ जना | प्रमुख, जनस्वास्थ्य प्रवर्धन शाखा | पदेन |
| सदस्य | १ जना | प्रमुख, नगर स्थित इलाका प्रशासन कार्यालय, | पदेन |

सदस्य १ जना मे.सु., राप्ती प्रँदेशिक अस्पताल „

सदस्य १ जना अस्पताल प्रमुख „

सदस्य सचिव १ जना प्रमुख प्रशासकीय अधिकृत, तुलसीपुर उपमहानगरपालिका „

ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको अध्यक्ष मनोनयन गर्दा नीजले न्युनतम पनि स्नातक शिक्षा उत्तिर्ण गरि सरकारी वा सामाजिक सेवामा कम्तिमा १० वर्ष सेवा गरेको हुनुपर्छ ।

घ) समितिको गठन प्रकृयामा मनोनित भन्नाले नगर प्रमुख वा नगर कार्यपालिकावाट सिफारिस भइ मनोनित भएको मान्नुपर्छ ।

**११. अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको बैठक** :

क) बैठक सामान्यतया प्रत्येक महिनामा वस्नेछ र आवश्यकतानुसार विशेष बैठक वोलाउन सकिनेछ।

ख) बैठकको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितीमा सदस्य सचिवले बैठक संचालन गर्नेछन् ।

ग) समितिको सम्पूर्ण सदस्यहरुको ५१ प्रतिशतलाई गणपुरक संख्या मानिने छ । उपस्थित सदस्य संख्याको बहुमतवाट प्रस्तावहरु पारित हुनेछन् ।

घ) समितिको सेवा संचालन कार्यविधि समिति आफैले निर्धारण गरि नगर कार्यपालिकामा स्वीकृत गराउनुपर्नेछ ।

**१२. अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिका काम, कर्तव्य र अधिकार** :

क) अस्पतालको अल्पकालीन तथा दिर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गरी नगर कार्यपालिका समक्ष पेश गर्ने ।

ख) अस्पतालको वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमा गरी नगर कार्यपालिकामा समक्ष पेश गर्ने ।

ग) अस्पतालको कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिने ।

घ) अस्पतालको सेवा शुल्क तथा अन्य शुल्कहरु निर्धारण गर्ने ।

ङ) अस्पताल संचालन गर्न आवश्यक निर्णयहरु निर्धारण गर्ने ।

च) आवश्यकतानुसार समिति उप–समितिको गठन गर्ने र तिनको काम, कर्तब्य र अधिकार तोक्ने ।

छ) अस्पताल प्रमुख नियुक्तिका लागी सिफारिस गर्ने ।

ज) अन्तिम लेखा परीक्षण गराउने तथा नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

झ) अस्पतालको हितका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

ञ) लक्षित वर्गका लागी निशूल्क उपचारको वन्दोवस्त गर्ने ।

ट) अस्पतालको भौतिक पूर्वाधार निर्माण, सम्भार र सुरक्षाको लागि आवश्यक समितिहरु गठन गर्ने ।

ठ) चिकित्सक लगायत अन्य कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्ने ।

ड) सेवा विस्तार गर्न तथा जनसम्पर्क नीति वनाउने ।

ढ) कुनै कारण रिक्त रहन गएको समितिको सदस्य मनोनयनका लागी सिफारिस गर्ने ।

**१३. अस्पताल संचालक समितिका पदाधिकारीहरुको काम, कर्तब्य तथा अधिकार :**

**१) अध्यक्षको काम, कर्तब्य र अधिकारहरु निम्न अनुसार रहने छन् :**

क) समितिको बैठकको अध्यक्षता गर्ने ।

ख) अस्पतालद्धारा आयोजित सभा समारोहको अध्यक्षता गर्ने ।

ग) अस्पतालसंग सम्वन्धीत जुनसुकै विषयमा निरीक्षण गर्न र निर्देशन दिन सक्ने ।

घ) अस्पताल प्रमुखको विदा तथा काज स्वीकृत गर्ने ।

ङ) समितिको बैठक वोलाउने ।

च) कुनै पनि विषयमा निर्णय गर्नु पर्दा मत बरावर भएमा निर्णयक मत दिने ।

छ) समितिका पदाधिकारी एवं अस्पताल प्रमुखको भ्रमण आदेश स्वीकृत गर्ने ।

ज) बहुमतको आधारमा निर्णय दिने ।

**१४. अस्पताल संचालन, व्यवस्थापन तथा विकास समितिको पदाधिकारी वा सदस्यका लागि योग्यता : समितिको सदस्य हुनका लागि देहाय बमोजीम योग्यता हुनुपर्नेछ ।**

क) नेपालको नागरिकता प्राप्त गरेको ।

ख) पदेन सदस्य बाहेकका अन्यका लागि २१ वर्ष उमेर पुरा भएको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतद्धारा कसुरदार ठहरी सजाय नपाएको ।

घ) स्वास्थ्य क्षेत्रको विकास तथा अस्पतालको हितका लागि समर्पित भावना भएको ।

**१५. सदस्यताको खारेजी**

क) सम्वन्धित सदस्यले राजिनामा दिएमा ।

ख) मृत्यु भएमा ।

ग) मानसिक सन्तुलन विग्रेमा वा कडा खालको मानसिक रोग भएमा ।

घ) नैतिक पतन हुने अपराधमा संलग्न भएको प्रमाणित भएमा ।

ङ) लगातार तीन पटकसम्म पूर्व सूचना नगरी बैठकमा अनुपस्थित रहेमा र

च) अस्पतालको हित विपरीत कार्यहरुमा सक्रिय रहेको प्रमाणित भएमा ।

**१६. अस्पताल प्रमुखको काम कर्तब्य तथा अधिकारः**

क) अस्पतालको दैनिक सेवा तथा प्रशासन संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन बमोजिम अस्पताल संचालक समितिको बैठक वोलाउने ।

ग) प्रमुख अस्पताल व्यवस्थापक, चिकित्सक र कर्मचारीहरु मार्फत अस्पतालको सम्पूर्ण कार्यको जिम्मेवारी वहन गर्ने गराउने ।

घ) बार्षिक बजेट तथा कार्यक्रम बनाउने र तोकिएको समयमा समितिको बैठकमा पेश गर्ने ।

ङ) ऐन, नियमावली तथा अस्पताल संचालन सम्वन्धि कार्यविधीमा व्यवस्था गरिए अनुसार आन्तरीक लेखा परीक्षणमा सहयोग गर्ने तथा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने ।

च) अस्पतालको सम्पूर्ण सम्पत्तीको अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने ।

छ)	नियमावलीमा व्यवस्था गरिए अनुसार अस्पतालका लागि आवश्यक सर सामान, खरिद गर्ने वा खरिद गर्न लगाउने ।

ज)	अस्पतालका तर्फवाट गर्नुपर्ने कार्यका लागि अस्पतालको प्रतिनिधी भई हस्ताक्षर गर्ने वा गर्न लगाउने ।

झ)	समितिले पारित गरेको कार्यविधी अनुसार नियम पालना गर्ने गराउने ।

ञ)	आवश्यकता अनुसार आंशिक तथा ज्यालादारी कर्मचारी एंव अन्य कर्मचारी नियुक्ति र म्याद थप गर्नका लागी नगर कार्यपालिका कार्यालयमा सिफारिस गर्ने ।

ट)	चिकित्सा क्षेत्रको प्राज्ञिक विकासको लागि तालिम, गोष्ठी तथा अनुसन्धानहरु संचालन गर्ने ।

ठ)	अस्पतालको हितमा अन्य कार्य गर्ने ।

## परिच्छेद -४

### १७. अस्पतालको कोष, लेखा तथा लेखापरीक्षण सम्वन्धी व्यवस्था

१) अस्पतालको एक कोष रहनेछ र यसमा देहायका रकमहरु हुनेछन् ।

क)	सेवाग्राहीवाट प्राप्त सेवा शुल्क ।

ख)	तुलसीपुर उपमहानगरपालिकाबाट प्राप्त विकास निर्माण अनुदान

ग)	विभिन्न दातृ निकायबाट प्राप्त अनुदान रकम ।

घ)	दातावाट प्राप्त दान दातव्य ।

ङ)	संघ तथा प्रदेश सरकारवाट लक्षित कार्यक्रम संचालन गर्दा प्राप्त हुने इकाई अनुदान ।

२)	अस्पताल कोषको रकमको प्रयोग गर्न तोकिएको बैकमा खाता संचालन गरिनेछ ।

३)	अस्पताल कोष खाताको संचालन नियमावलीमा तोकिए अनुसार हुनेछ ।

४)	अस्पतालको आम्दानी सोही दिन बैकमा दाखिला गर्नुपर्नेछ । उक्त दिन दाखिला गर्न नसकेको रकम भोलिपल्टै दाखिला गर्नुपर्नेछ

५)	अस्पतालको कोषको खर्च अस्पताल प्रमुख र समितिको सदस्य सचिव वा जनस्वास्थ्य प्रवर्धन शाखा /महाशाखा प्रमुखको संयुक्त दस्तखतमा वैंक खाता संचालन गर्नुपर्नेछ ।

६)	सामान खरिद गर्नुपरेमा प्रचलित आर्थिक ऐन नियम अनुसार खरिद गर्नुपर्नेछ ।

७)	सवारी साधन सुविधा पाएका चिकित्सक वा कर्मचारीले कार्यालयको प्रयोजनको लागि मात्र सवारी साधन प्रयोग गर्न पाउनेछन् ।

८)	समितको अध्यक्ष र पदाधिकारीहरुले अस्पतालको कामको सिलसिलामा सवारी साधन प्रयोग गर्न पाउनेछन् ।

९)	अस्पतालको वार्षिक आय व्ययको आन्तरिक लेखा परीक्षण तुलसीपुर उपमहानगरपालिकाको आय व्ययको लेखा परीक्षणका लागि नियुक्त लेखा परिक्षकबाट हुनेछ ।

१०)	अस्पतालको सम्पत्ती : अस्पतालको सम्पत्ती समिति र अस्पताल प्रमुखको संरक्षणमा रहनेछ ।

**१८.	लेखा र लेखापरीक्षण** :

क)	अस्पतालको आय–व्ययको लेखा प्रचलित कानून बमोजीम राख्नुपर्नेछ ।

ख)	आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण नियमावलीमा व्यवस्था भए बमोजीम हुनेछ ।

ग)	लेखा परीक्षकको नियुक्ति र पारीश्रमीक सम्वन्धि व्यवस्था नियमावलीमा तोकिए अनुसार हुनेछ ।

**१९. आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था** :

क)	अस्पतालको आय–व्यय तथा लेखा प्रणालीलाई सु–व्यवस्थित र पारदर्शी बनाउन तथा नियन्त्रण गर्न विकास समितिले एक आन्तरीक लेखा परीक्षण उप समितिको गठन गर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए बमोजीम हुनेछ ।

ख)	आन्तरीक लेखा परीक्षण उप समितिमा विकास समितिवाट तोकिएका एक जना संयोजक र दुई जना सदस्य रहनेछन् ।

**२०. आन्तरीक लेखा परीक्षण समितिको काम, कर्तव्य तथा अधिकार** :

क)	आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र आन्तरीक लेखापरीक्षण प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने

ख)	अस्पताल संचालनको कुनै पनि समयमा अस्पतालको कार्यमा बाधा नपर्ने गरी लेखासंग सम्वन्धित कागजातहरु निरिक्षण गर्न सक्नेछ ।

ग)	बील भरपाईमा चित्त नवुझेमा वा शंका लागेमा जांच बुझ र रुजु गर्न सक्नेछ ।

घ)	आर्थिक हिसावको हिनामिना भएको फेला परेमा तत्काल प्रमाण सहित कारवाहिका लागि समितिमा पेश गर्नेछ ।

ङ)	लेखा परिक्षणमा हुने नियमानुसारको खर्च अस्पतालले व्यहोर्ने छ ।

च)	ऐनमा उल्लेख भए अनुसारका पद र दरवन्दीका कर्मचारीहरुको नियुक्ति प्रकृया, सेवा, सुविधाहरु यस ऐन कार्यान्वयन गर्न वनेको तुलसीपुर भिमसेन मेट्रो अस्पताल संचालन गर्न वनेको नियमावली २०७८ मा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद ५

२१.	गरिव, असहाय तथा विपन्न नागरिकको निशुल्क उपचारको लागी समितिले ३ सदस्यीय एक उप समिति गठन गर्नुपर्नेछ । निशुल्क उपचारको खर्चको विवरण राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद ६

**२२. अस्पताल कार्यक्रम संचालन समितिको व्यवस्था**

**क)**	**कार्यक्रम संचालन समिति** : समितिले अस्पतालको विभाग र शाखाहरुको प्रतिनिधित्व हुने गरी अस्पताल प्रमुखको अध्यक्षतामा एक कार्यक्रम संचालन उप समिति गठन गर्न सक्नेछ । सो समितिको सदस्य सचिव प्रमुख अस्पताल व्यवस्थापक हुनेछ ।

ख)	कार्यक्रम संचालन समितिको काम, कर्तव्य र अधिकारः

१)	समितिको निर्णय कार्यान्वयन गर्न अस्पताल प्रमुखलाई सहयोग गर्ने ।

२)	दैनिक अस्पताल प्रशासन संचालन गर्न अस्पताल प्रमुखलाई सहयोग गर्ने ।

३)	संघीय सरकार, प्रदेश सरकार, नगर कार्यपालिका तथा विभिन्न संघ, संस्था र अस्पताल अन्तर्गतका विभागहरु विच समन्वय गर्ने ।

४)	विभिन्न शाखा र विभागहरुलाई आवश्यक औजार उपकरण, प्रयोगशालाका सामान र फर्निचर लगायतका अन्य सामाग्री खरिद गर्न अस्पताल प्रमुखलाई सहयोग गर्ने ।

५)	शाखा र विभागिय प्रमुखहरुको थप सेवा र सुविधा समितिको निर्णयानुसार हुनेछ ।

६)	वैठकमा आवश्यकताका आधारमा विकास समितिका अध्यक्ष, सचिव वा पदाधिकारीको विशेष उपस्थिति हुन सक्नेछ ।

ग)	अस्पताल सल्लाहकार  समिति : तुलसीपुर उप महानगरपालिकाको नगर प्रमुखले मनोनयन गर्नेगरि १ महिला सहित३ सदस्यीय अस्पताल विकास सल्लाहकार समितिको व्यवस्था हुनेछ ।

## परिच्छेद ७

### २३. अस्पताल सेवाका पद, समूह, तह तथा श्रेणीहरुः

**१) दरबन्दीको सृजना :**

अस्पतालमा आवश्यक कर्मचारीहरुको दरवन्दी यसै ऐन वा नियमावली व्यवस्था गरे अनुसार हुनेछ । दरवन्दी थप गर्नुपरेमा .समितिको सिफारिसमा नगर कार्यपालिका निर्णय गरे अनुसार हुनेछ ।

क) पद तथा श्रेणीहरु : अस्पतालमा देहायको दरवन्दी संख्यामा पद तथा श्रेणीहरु रहने छन्

| क्र.सं. | दरवन्दीको नाम | सेवा | समुह | तह | संख्या |
|---|---|---|---|---|---|
| १ | अस्पताल प्रमुख | स्वास्थ्य | ज.हे.स./मेडिसिन | अधिकृत  नवौ | १ |
| २ | जनरल सर्जन | ,, | सर्जरी | ,,   ,, | १ |
| ३ | अब्सट्रेटिक्स एण्ड गाइनेकोलोजिष्ट | ,, | अब्सट्रेटिक्स एण्ड गाइनेकोलोजि | ,,   ,, | १ |
| ४ | कन्सलटेन्ट पेडियाट्रीसियन | ,, | पेडियाट्रिक्स | ,,   ,, | १ |
| ५ | प्रमुख अस्पताल व्यवस्थापक | ,, | अस्पताल व्यवस्थापन | ,,  सातौ | १ |
| ६ | मेडिकल अधिकृत | ,, | ज.हे.स. | ,,  आठौ | ३ |
| ७ | मे.ल्या.टेक्नोलोजिस्ट | ,, | मे.ल्या.टे. | ,,  सातौ | १ |
| ८ | ल्याव टेक्नीसियन | ,, | ,, | सहायक  पांचौ | १ |
| ९ | एक्स रे टेक्नीसियन | ,, | रेडियोलोजी | ,,   ,, | २ |
| १० | ल्याव असिस्टेन्ट | ,, | ,, | ,,  चौथो | २ |
| ११ | अस्पताल नर्सिङ० अधिकृत | ,, | जनरल नर्सिङ० | अधिकृत  सातौ | १ |
| १२ | स्टाफ नर्स | ,, | ,, | सहायक  पांचौ | ३ |
| १३ | अ.न.मी. | ,, | ,, | ,,  चौथौ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | फार्मेसी सहायक | ,, | ,, | ,, पांचौ | २ |
| १५ | हे.अ. | ,, | हे.ई. | सहायक पांचौ | २ |
| १६ | अ.हे.व. | ,, | हे.ई. | ,, चौथो | ४ |
| १७ | कोल्ःडचेन असिस्टेन्ट | , | ,, | ,, चौथो | २ |
| १८ | कम्प्युटर अपरेटर | विविध सेवा | विविध | ,, चौथो | १ |
| १९ | रजिस्ट्रेशन असिस्टन्ट | ,, | ,, | ,, चौथो | २ |
| २० | लेखा अधिकृत | लेखा प्रशासन | लेखा | अधिकृत छैठौ | १ |
| २१ | प्रशासन अधिकृत | प्रशासन | सा. प्र. | अधिकृत छैठौ | १ |
| २२ | का.स. | प्रशासन | सा. प्र. | श्रेणीविहीन | ३ |
| २३ | स्वीपर | ,, | ,, ,, | ,, | ४ |
| २४ | पाले । सेक्युरिटी | ,, | ,, | ,, | २ |
| २५ | ड्राइभर | ,, | ह.सा.च. | ,, | १ |

**२) पदपुर्तिको व्यवस्था :**

क) अस्पताल स्थापनाका वखत नगर कार्यपालिकाले प्रचलित नियामानुसार प्रकृया पुरा गरि स्थायी, अस्थायी, करार वा ज्यालादारी चिकित्सक, पारामेडिक, प्राविधिक तथा अन्य कर्मचारी नियुक्त गर्न सक्नेछ ।

ख) समितिले प्रचलित कानुनी प्रकृया पुरा गरि अस्पतालमा रिक्त रहेको पदमा नयां नियुक्ति वा बढुवाद्धारा पूर्ति गर्न सिफारिस गर्न सक्नेछ ।

ग) कर्मचारीको नियुक्ति यस ऐन कार्यान्वयन गर्न वनेको नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

**२४. ऐन कार्यान्वयन गर्न नियमावली वनाउन सकिने**

क) यस ऐनलाई कार्यान्वयन गर्न एक तुलसीपुर भिमसेन मट्रो अस्पताल प्रशासनिक नियमावली २०७८ तथा आर्थिक प्रशासन नियमावली २०७८ लागु हुनेछ ।

**२५. खारेजी र वचाउः**

यस ऐनमा उल्लेखीत कुराहरु संघीय तथा प्रदेश कानूनसंग वाझीएको अवस्थामा स्वतः निस्कृयप्रभावी हुनेछन । यो ऐन नगरसभाको निर्यय अनुसार लागु हुनेछ ।

## अनूसुची–१

## अस्पतालको छाप

TULSIPUR
METRO HOSPITAL

**तुलसीपुर भिमसेन मेट्रो अस्पताल**

तुलसीपुर ८, अश्वारा, दाङ

लुम्विनी प्रदेश

नेपाल

२०७८

## अनुसूची -२
## अस्पतालको संगठन तालिका



# अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीको सेवा, सुविधा र सर्त सम्वन्धी ऐन, २०७९

पारित मितिः २०७९/१०/२६

**प्रस्तावना :**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको मनोवल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन सेवा प्रति समर्पण भाव अभिबृद्धि गर्न अस्थायी र करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा र सर्त सम्वन्धी कानून बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) तथा तुलसीपुर उपमहानगरपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने ) ऐन, २०७५ को दफा (१) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिको नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम "अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको सेवा, सुविधा र सर्त सम्वन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन नगरसभाले पारीत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय र स्वास्थ्य संस्था समेतलाई जनाउनेछ ।

(ख) "कर्मचारी" भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा कार्यरत अस्थायी वा करार सेवामा अविच्छिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) "सुविधा" भन्नाले कार्यालयमा कार्यरत कर्मचारी जुनसुकै कारणले सेवाबाट अलग हुँदा सुविधा वापत दिइने एकमुष्ट रकम सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद– २
## सेवा सुविधा सम्वन्धी व्यवस्था

३. कर्मचारीको म्याद थप व्यवस्थाः (१) यस ऐन बमोजिम अस्थायी वा करार सेवामा कार्यरत सवै तह, पद र स्तरका कर्मचारीहरुको प्रत्येक ६/६ महिनामा नयाँ करार सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम करार सम्झौता गर्न कार्यालयको अभिलेखमा स्वीकृत दरबन्दीमा कार्यरत रहेको हुनु पर्नेछ ।

४. **अभिलेख व्यवस्थापनः** यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत दरबन्दीमा अस्थायी वा करार सेवामा निरन्तर रुपमा कार्यरत सम्पूर्ण कर्मचारीको अभिलेख तयार गरी प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गराई राख्नु पर्नेछ ।

५. **मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीका सम्वन्धमा :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघिबाट निरन्तर कार्यालयको स्वीकृत दरबन्दीमा मासिक वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई करार सेवामा आवश्यक प्रक्रिया पुरा गरि करार सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ । तर मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत समान तहको पदमा उम्मेदबार हुन उमेरको हद लाग्ने छैन ।

६. **सेवा सुविधा सम्बन्धी व्यवस्था :** यस ऐन बमोजिमका कार्यालयको स्वीकृत दरबन्दीमा अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा स्थानीय तहको सेवाको निम्ति अयोग्य नठहरिने गरी पदबाट हटाईएमा वा अवकाश दिएमा आ.ब. २०७३/०७४ भन्दा अगाडी देखि अस्थायी वा करार सेवामा अबिछिन्न रुपमा कार्यरत कर्मचारीहरुलाई देहाय बमोजिमको सुविधा रकम उपलब्ध गराईने छ ।

(क) पाँच वर्षसम्म निरन्तर सेवा गरेका अस्थायी तथा करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको आधा महिनाको तलब बराबरको रकम

(ख) पाँच वर्षदेखि पन्ध्र वर्षसम्म निरन्तर सेवा गरेका करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको एक महिनाको तलब बराबरको रकम

(ग) पन्ध्र वर्षदेखि माथि बीस वर्षसम्म सेवा गरेका अस्थायी करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको डेढ महिनाको तलव वरावरको रकम

(घ) बीस वर्षदेखि माथि जति सुकै वर्ष सेवा गरेका अस्थायी करार कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निम्ती खाईपाई आएको दुई महिनाको तलव वरावरको रकम

(ङ) आ.ब. २०७३/०७४ भन्दा पछि अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा नेपाल सरकारबाट संचालित योगदानमा आधारित सामाजिक सुरक्षा प्रदान गरिनेछ निजहरुको हकमा यो दफा बमोजिको सुविधा उपलब्ध लागु हुने छैन ।

(च) यो ऐन जारी हुनु अघि अस्थायी वा करार सेवामा कार्यरत कुनै कर्मचारीको मासिक तलवबाट कट्टी गरी कर्मचारी संचय कोषमा रकम जम्मा गर्ने गरेको रहेछ भने सोही बमोजिम रकम जम्मा गर्न र रकम भूक्तानी लिन बाधा पर्ने छैन ।

७. **विदा सम्वन्धी व्यवस्थाः** १.यस ऐन बमोजिमको कर्मचारीले देहायका विदा पाउनेछन्:

(क) घर विदा : वर्षको १२ दिन

(ख) भैपरी र पर्व विदा : वर्षको १२ दिन

(ग) प्रसुति विदा : ९८ दिन

(घ) प्रसुति स्याहार विदाः १५ दिन (दुई पटक)

(ङ) क्रिया विदा : १५ दिन

२. **यो दफा बमोजिम प्राप्त हुने बिदा सोही बर्षमा खर्च नभएमा स्वतः** निष्कृय हुने छ, तर ऐन लागु हुनु अघि कुनै कर्मचारीको कुनै बिदा संचित गर्ने गरेको रहेछ भने सो बिदा संचित गर्न र बिदा बापतको रकम भूक्तानी गर्न बाधा पर्ने छैन ।

८. **कोषको व्यवस्थाः** यस ऐन बमोजिमका कर्मचारीलाई दिइने सुविधा वा एकमुष्ट अनुदान तथा सञ्चित विदाहरुको रकम प्रदान गर्न नगरपालिकाले एक कोष स्थापना गर्नेछ साथै उक्त कोषमा योगदानमा आधारित सुविधाका लागि प्रत्येक महिनाको तलवबाट ६% रकम कट्टा गरी सो रकममा उपमहानगरपालिकाबाट सत प्रतिशत रकम थप गरी हुन आउने रकम समेत कोषमा जम्मा गर्नु पर्नेछ । उक्त कोषको सञ्चालन आवश्यक कार्यविधि बनाई सञ्चालन गर्नेछ ।

९. **कार्य सम्पादन मुल्यांकन :** यस ऐन बमोजिम अस्थायी वा करार सेवाका कर्मचारीहरुको प्रत्येक बर्ष "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८" बमोजिम हुनेछ ।

१०. **पद मुक्त हुने अवस्था** : यस ऐन बमोजिमको अस्थायी वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायको अवस्थामा मात्र पद मुक्त हुनेछन।

(क), अस्थायी, वा करार सेवामा नियुक्ति पाएको कर्मचारीहरुको दरवन्दिमा प्रचलित कानून बमोजिम लोक सेवा आयोगबाट स्थायी पदपूर्ति भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी विभागीय कारवाही भएमा,

(घ) कार्यपालिकाले म्याद थप नगरेमा,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम विभागीय कारवाहीको प्रक्रिया अवलम्बन गर्ने विभागीय कारवाही र सजाय प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(च) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा,

११. **कर्मचारीको दायित्व :** (१) यस ऐन बमोजिमका कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद, तह, योग्यता र अनुभव बमोजिम कार्यालयको जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना नगरेमा यस ऐन बमोजिमको अधिकारीले कर्मचारीलाई विभागीय कार्वाहीको प्रक्रिया अवलम्बन गरी विभागीय कार्वाही र सजाय गर्न सक्नेछ ।

१२. दण्ड सजाय : यस ऐन बमोजिमका कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम नै दण्ड सजाय हुनेछ ।

१३. नियम बनाउन सक्नेः यस ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यक नियमहरु बनाउनसक्नेछ ।

# तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७९

पारित मिति २०७९/०३/१०

**प्रस्तावनाः** तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५९ को उपधारा (१), धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७९" रहेको छ ।(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२) **सम्पति करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३) **भूमि कर (मालपोत)** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन ।

४) **घर जग्गा वहाल करः** (१)तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

(२) वहालकर निर्धारण गर्ने प्रयोजनको लागि भाडाको न्यूनतम दर अनुसूची (३) बमोजिम हुनेछ ।

(३) अनुसूची ३ बमोजिम लगाइने बहालकर चालु आ.व.को असोज मसान्तभित्र चालु आ.व.को वहाल कर अग्रिम रुपमा बुझाउनेलाई लाग्ने करमा २० प्रतिशत छुट दिइनेछ । साथै, सोही आ.व.भित्र वहाल कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा वहाल कर रकममा २० प्रतिशतका दरले विलम्व शुल्क लिइनेछ ।

५) **व्यवसाय करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने गरी दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा संस्थालाई व्यवसायको लगानी, आर्थिक कारोवार, स्थान र प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) **जडिबुटी, कवाडी र जीवजन्तु करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७) **सवारी साधन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६)

बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) **विज्ञापन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिमको दरमा विज्ञापन कर प्रदेश कानून अनुसार लगाइने र असुल उपर गरिनेछ ।

९) **मनोरञ्जन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम को दरमा प्रदेश कानून अनुसार लगाइने र असुल उपर गरिनेछ ।

१०) **बहाल बिटौरी शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **पार्किङ शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२) **प्राकृतिक श्रोत शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टि, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट खरिढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको बिक्रि तथा निकासीमा अनुसूची (११) मा उल्लेखित दरमा बिक्रि तथा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ

१३) **ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवाः** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवामा सेवाग्राहीबाट अनूसूचि (१२) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४) **सेवा शुल्क, दस्तुर तथा जरिवानाः** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र सरसफाई शुल्क, स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनूसूचि (१३) मा व्यवस्था भए अनुसार शुल्क, दस्तुर तथा जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

१५) **प्रयटन शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न प्रयटन क्षेत्र तोकि सो क्षेत्रबाट प्राप्त हुने रकम अनुसूची (१४) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

१६) **लगानी बाट प्रतिफलः** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम अनुसूची (१५) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

१७) **बसपार्क पुर्वाधार शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले निर्माण गरेको बसपार्क क्षेत्रमा सेवा उपभेग गरे वापत अनुसूची (१६) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१८) तुलसीपुर उप महानगरपालिकाभित्र आन्तरिक उत्पादन भइ बाहिर निकासी हुने बस्तु तथा सेवामा निकासी कर लगाउने छ ।

१९) **कर छुट तथा अन्य व्यवस्थाः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२) उपदफा १ मा जे सुकै लेखिएको भएता पनी नगरसभाले आवश्यक ठानेमा कुनै क्षेत्रमा अनुसूची (१४) बमोजिमका र निर्णयबाट कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ ।

२०) तुलसीपुर उप महानगरपालिका क्षेत्रभित्र ऐलानी तथा प्रति जग्गाको उपयोग गरिरहेका व्यक्तिहरुबाट नगर सेवा उपयोग शुल्क असुल गर्ने नीति लिइनेछ ।

२१) **कर तथा शुल्क संकलन सम्बन्धीकार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धीकार्यविधि तुलसीपुर उपमहानगरपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची-१**

**सम्पत्ती करका दरहरु (आ.व. २०७९/०८०)**

तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०७९ दफा (२) संग सम्बन्धित

| क्र.सं. | सम्पत्तिको अन्तिम मुल्य | कर रकम रु. | कर अक्षरुपी |
|---|---|---|---|
| १ | रु. १ देखि २ लाखसम्म | २५। | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाखसम्म | ५०। | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाखसम्म | ७५। | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाखसम्म | १००। | एकसय रुपैया मात्र |
| ५ | रु ५ लाख १ देखि ६ लाखसम्म | १२५। | एकसय पच्चीस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाखसम्म | १५०। | एकसय पचास रुपैया मात्र |
| ७ | रु. ७ लाख १ देखि ८ लाखसम्म | १७५। | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाखसम्म | १९०। | एकसय नव्वे रुपैया मात्र |
| ९ | रु. ९ लाख १ देखि १० लाखसम्म | २००। | दुईसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाखसम्म | २५०। | दुईसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाखसम्म | ३००। | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाखसम्म | ३५०। | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाखसम्म | ३८०। | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाखसम्म | ४००। | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाखसम्म | ५००। | पांचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाखसम्म | ५५०। | पाचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाखसम्म | ६५०। | छसय पचास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाखसम्म | ८००। | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाखसम्म | १०००। | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाखसम्म | १२००। | एकहजार दुईसय रुपैया मात्र |

| क्र.सं. | सम्पत्तिको अन्तिम मुल्य | कर रकम रु. | कर अक्षरुपी |
|---|---|---|---|
| २१ | रु. ३४ लाख १ देखि ३८ लाखसम्म | १५००। | एकहजार पांचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाखसम्म | २०००। | दुईहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाखसम्म | २५००। | दुईहजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाखसम्म | ३०००। | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाखसम्म | ३५००। | तीनहजार पांचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाखसम्म | ४५००। | चारहजार पाचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाखसम्म | ६०००। | छ हजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाखसम्म | ८०००। | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोडसम्म | १०,०००। | दशहजार मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाखसम्म | १२,०००। | वाह्र हजार मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाखसम्म | १६,०००। | सोह्र हजार मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोडसम्म | २०,०००। | विस हजार मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाखसम्म | २५,०००। | पच्चीस हजार मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड २० लाखसम्म | ४०,०००। | चालिस हजार मात्र |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ करोडसम्म | ५०,०००। | पचास हजार मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोडसम्म | ६०,०००। | साठी हजार मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए त्यतिमा २ दुई रुपैया प्रति हजारको दरले | | |

**अनुसूची–१ संग सम्बन्धित**

**सम्पत्ति कर प्रयोजनका लागि तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्यांकन**

**(आ.व. २०७९/०८०)**

**वडा नं. १ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु) |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर वाघमारे पक्की सडक खण्डमा पिच सडक छोएका जग्गाहरु | ५ लाख |

| | | |
|---|---|---|
| | हे.पो देखी देविस्थानसम्मको सडकले छोएका जग्गाहरु | ३ लाख |
| | हे. पो.देखी कुमाल गाउ मिलन चौक देविस्थान छोएका जग्गाहरु | २ लाख |
| | घिमिरे चोक पोखरी कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख |
| | पाठक टोल न्यूरोड, कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख ५० हजार |
| | रामनगर विरेन्द्र मा.वि. शक्तिचौक मिलन चौक | २ लाख ५० हजार |
| | मिलन चौक छोटे तिलाविर घर हुदै गिरीराज ग्रन्जाको घरसम्म | १ लाख ८० हजार |
| | छोटेका अन्य मोटर वाटाहरु | १ लाख ८० हजार |
| | देविस्थान ठाटीगाउ अजिमाराका बाटाहरु | १ लाख ८० हजार |
| कृषि | खेती योग्य जमीन | १ लाख |
| बगर | | |

**वडा नं. २ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु) |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | भमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर सुर्खेत सडक) छोएको जग्गा | ५ लाख |
| | तुलसीपुर वाघमारे कालोपत्रे सडक छोएका जग्गाहरु | ५ लाख |
| | बजार क्षेत्र बालापुर पोटली घिमिरे चोक | ३ लाख |
| | नमुना टोलको बाटो | ३ लाख |
| | मनिकापुर पोल्टी फर्म हुँदै कार्की टोल | ३ लाख |
| | वालापुर तकियापुर भमके हे पो सडक | ३ लाख |
| | पवलुवा देखि मिहिनिया जाने बाटो | २ लाख |
| | नन्द्रागाउँ बाटो | २ लाख |
| | स्यानीचौर देखि तिनडुडेसम्म | २ लाख |
| | वालापुर देखि मचोट कुइरेपानी एकली | २ लाख |
| | कुमलगढी मचौट | २ लाख |
| | डाडाचिस देखी क्रसर जाने वाटो | २ लाख |
| | क्रसर उद्योग अगाडी अगाडी पुर्व पश्चिम बाटो | २ लाख |
| | अश्वारा भुवनेश्वरी मन्दिर हुँदै बालसंगिनी स्कूल पाठक टोल बाटो नजिक | २ लाख |
| | खैरीपुर ताल देखी उत्तर दक्षिण मोटर बाटो | २ लाख |
| | खैरीपुर पुर्व ढलको लौवस्था वस्तीको बाटो | २ लाख |

| | | |
|---|---|---|
| | पोटली स्कुल रतननाथ प्रा.विको उत्तरको बाटो | २ लाख |
| | तकियापुर खानेपानी भवनदेखि भमकेखोलासम्म | २ लाख |
| | कात्तिके चोक एकले पिपल ५०० मिटर पछाडीसम्म | २ लाख |
| कृषि | साविक पवननगर गाविस पश्चिम ५,६,७,८,९ वडाका सवै खेतियोग्य जमिन | १ लाख |

**वडा नं. ३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु) |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि. रानागांउ महिला चौतारीसम्म सडकले छोएका जग्गाहरु | ४ लाख |
| | तुलसीपुर सल्यान सडकको प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्म सडकले छोएका जग्गाहरु | १ लाख |
| | प्रतापकोट, नाउला, टुनापानी, बल्लेका गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ५० हजार |
| | ग्राभल वाटोले छोएका जग्गाहरु | १ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | १ लाख |
| कृषि | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि.रानागांउसम्मको वांकी भाग | १ लाख |
| | प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्मको वांकी क्षेत्र (खमारी, हर्नेटी, पैयाखोरे, रामी र धामा,पहरेखोला) | ३० हजार |
| | दमारगाउं, डाडाखुटि, गहतेका वाटोले नछोएका जग्गाहरु | ८५ हजार |
| | भ्युडहर, असुरकोट, पन्नापुरका बाटोले नछोएका जग्गाहरु | ३० हजार |
| | नाउला, प्रतापकोट, गैरानाउला, बल्ले वाटोले नछोएका जग्गाहरु | ३० हजार |
| बगर | पातुखोला (गोटिखोला, रानागाउं) कटान गरेको जग्गा | ३० हजार |
| | पातुखोला, गहतेखोल, भमके खोलाले कटान गरेको | ७० हजार |

**वडा नं. ४ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु) |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सल्यान सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ५ लाख |
| | सहायक ग्राभल सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |

| | | |
|---|---|---|
| | अन्य कच्ची वाटा (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| | पर्सेनि देखी बेतराबती हुदै बनहरीसम्म सडकको दायां बांया पर्ने जग्गाहरु | ३ लाख |
| | बनहरी देखी चमेरे गुफा जाने सडकको दायां बांया पर्ने जग्गाहरु सु्ुकिदह देखी कल्लेखोला | १ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु बनहरी क्षेत्र | २ लाख |
| | पर्सेनि देखी बम्नै नवलपुर हुदै खाद्रे जाने बाटोको दायां बांया पर्ने जग्गाहरु | ३ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु खाद्रे बायोखोला | २ लाख |
| कृषि | आवास क्षेत्र र जंगल क्षेत्रमा परेका वाहेकका अन्य जग्गाहरु | १ लाख |
| | तराई खेतीयोग्य साविक | ७० हजार |
| | पहाड खेतीयोग्य साविक | २५ हजार |

**वडा नं. ५ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मुल्य प्रति कठ्ठा (रु) |
|---|---|---|
| व्यापारिक | दुर संचारदेखि ग्रामीण चोकसम्म | ५० लाख |
| | दुर संचार देखि उत्तर वडानं.५ सिमानासम्म | २२ लाख |
| | ख लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | ग लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | घ लाईन मा पर्ने जग्गाहरु | २७ लाख |
| | ङ लाईन तुलसी बार्डिङ्ग चौक देखी उ.बा.सं.चौक सडकमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन नामिनगर लाईन अन्य पिच सडकमा पर्ने जग्गा | २२ लाख |
| | घोराहि चौक देखी नामीनगर चौकसम्मको पिच सडमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन देखि वसपार्क मा जाने सडकमा पर्ने जग्गा (दुवै बाटा) | ३० लाख |
| | वस पार्क क्षेत्रमा पर्ने जग्गा | २७ लाख |
छ) आवास र उत्पादनका स्रोतमा पहुँच : तुलसीपुर उपमहानगरपालिकाले सबै नागरिकहरुको सुरक्षित आवास र जिबीकोपार्जनको बिषयलाई आधारभुत अधिकारको रुपामा लिई ब्यबस्थापन गर्ने छ । दलितहरुको अबस्था झनै दयनिय भएकोले यसलाई निम्न प्रकृया अबलम्बन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

ज) **शिक्षामा प्रोत्साहन :** शिक्षामा कम पहुँच भएका दलित समुदायका छात्रछात्राका लागि शिक्षा आर्जनको अबसर सृजना गर्नेछ । यसका लागि निम्न प्रकृया अबलम्बन गरिने छ ।

१. दलित समुदायलाई उच्च शिक्षा तह सम्म पहुँच बृद्धि गर्ने ।

२. उत्कृष्ट तथा न्युन आर्थिक अबस्था भएका बिद्यार्थीहरुलाई उच्च शिक्षाका लागि छात्रबृत्तीको व्यवस्था गर्ने ।

३. अति बिपन्न दलित बिद्यार्थीहरुलाई प्राबिधिक शिक्षामा पहुँच बृद्धि गर्ने ।

४. सामुदायीक साक्षरता अभियान संचालन गरी प्रौढहरुलाई साक्षर गराउने ।

५. लोकसेवा तयारी कक्षाहरुका लागि पालिका भित्र संचालित सरकारी वा गैर सरकारी शिक्षण संस्थाहरुले लिईने शुल्कमा दलित समुदायका बिद्यार्थीहरु लाई सहुलियत दिनका लागि पहल गर्ने । यस कार्यलाई ब्यबस्थित र नतिजा मुलक बनाउन तथा छात्र बृत्तिका लागि बिद्यार्थी छनौट गर्न तुलसीपुर उपमहानगरपालिकाले निम्न मापदण्ड अपनाउने छ ।

क) बिद्यार्थी र अभिभाबकको अबस्था बुझ्न भर्ना अभियानमा जनप्रतिनिधिहरु परिचालन तथा अनुगमन गर्ने ।

ख) संस्थागत विद्यालयमा विपन्न दलित छात्रबृत्ति प्रदानका लागि पहल गर्ने ।

ग) आबधिक रुपमा बिद्यालयबाट उत्कृष्ट बिद्यार्थीहरुको शैक्षिक प्रगती र अनुशासनको अनुगमन गर्ने ।

घ) परिक्षामा विद्यार्थीले ल्याउने अंक र विद्यालयको बिद्यार्थी मुल्याङ्कनको दस्ताबेजिकरण गर्ने ।

ङ) बिद्यालयमा हुने जातिय विभेदलाई शुन्यसहनसिलता अपनाउने ।

**५ .ऐन कार्यान्वयन समिति :** तुलसीपुर उपमहानगरपालिकामा यस ऐन कार्यान्वयनका लगि देहायको कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| १) नगर प्रमुख वा नगरप्रमुखले तोकेको ब्यक्ति | संयोजक |
| २) दलित महिला वडा सदस्यहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको २ जना | सदस्य |
| २) दलित अधिकारको क्षेत्रमा काम गरेको ब्यक्ति कम्तिमा १ जना महिला सहित ३ जना | सदस्य |
| ३) दलित समुदाय भित्रका अपाङगता भएका ब्यक्ति र जेष्ठ नागरीक १/१ जना | सदस्य |
| ४) महिला बालबालीका तथा सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिब |

**६. कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार :** दलित समुदायको उत्थान तथा अधिकार सम्बन्धि कार्य बिधि कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. यस ऐन अनुसारका योजना र बजेट निर्माण गरी कार्यान्वयन गर्ने ।

२. कार्य बिधि कार्यान्वयनका लागि आबश्यक मापदण्ड तयार गरी स्वीकृतीका लागि कार्यपालिकामा पेश गर्ने ।

३. समितिले नीति निर्देशन अनुसार योजना बनाई कार्यान्वयन गर्ने ।

४.दलित समुदायको उत्थान तथा अधिकारको योजना बनाई सहयोग जुटाउने ।

५. यस ऐन अनुसार भए गरेका कामको आबधिक प्रतिबेदन बनाई समितिमा पेश गर्ने ।

६.स्थानिय संघ, संस्था, सहयोगी ब्यक्तिसंग सहकार्य गर्दै अभियानलाई प्रभाबकारी बनाउने ।

७. नगर अन्तर्गतका सरकारी निकायको योजना तथा बजेट समाबेशी समानुपातिक बनाउन सहजिकरण गर्ने ।

७. बाधा अडकाउ तथा फुकाउने अधिकारः यो कार्यबिधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउ कार्यपालिकाले गर्न सक्नेछ ।

**८ . बचाउ तथा खारेजीः**

१.यस ऐनमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

२. यो ऐन प्रचलित कानूनसंग बाझिएमा, बाझिएको हदसम्म लागु हुनेछैन ।

# नगर सेवा उपभोग शुल्क दस्तुर लिने सम्बन्धी ऐन, २०७९

पारित मिति : २०७९/३/१०

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (१) बमोजिम तुलसीपुर उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन पाउने नगर सेवा उपभोग शुल्क दस्तुर निर्धारण गरी असुल गर्ने कार्यलाई सरल,सहज,व्यवस्थित, पारदर्शी, प्रभावकारी एवं तजविजी अधिकारको प्रयोगलाई व्यवस्थित बनाउदै, तुलसीपुर उपमहानगरपालिकाका सबै वडामा सार्वजनिक,ऐलानी प्रति जग्गामा लामो समय देखि बसोबास गर्दै आएका र नगरको पानी,बत्ती,सडक,सञ्चार,स्वास्थ्य र विपदजन्य सबै प्रकारका सेवाबाट लाभान्वित तर रेकर्डमा नजनिएका घरधुरीहरुलाई समेत तथ्याङ्कीय प्रक्रियामा सामेल बनाउदै,सार्वजनिक ऐलानी प्रति जग्गाको अभिलेखीकरण गरी सोमा बसोबास गर्ने नागरिकलाई समेत स्थानीय सरकारप्रति उत्तरदायी बनाउन बाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाको मिति २०७९असार २८ गते सम्पन्न ११ औं नगरसभाबाट यो ऐन स्वीकृत गरी लागु गरेको छ ।

**परिच्छेद–१**

**(प्रारम्भिक)**

१. **नाम र प्रारम्भ** :

१) **ऐनको नाम** : नगर सेवा उपभोग शुल्क दस्तुर सम्बन्धी ऐन २०७८ रहेको छ ।

२) यो ऐन नगरसभाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ ।

ख) "आर्थिक ऐन" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन सम्झनुपर्छ ।

ग) "भौतिक सम्पत्ति" भन्नाले यस ऐन बमोजिम सार्वजनिक, ऐलानी प्रति जग्गा, स्वमा बनाईएका घर, गोठ, पर्खाल आदि संरचनालाई सम्झनु पर्दछ ।

घ) "नगर सेवा उपभोग दस्तुर शुल्क" भन्नाले कुनै व्यक्तिले उपमहानगरपालिका क्षेत्र भित्र रहेको ऐलानी, सार्वजनिक प्रति जग्गालाई उपभोग वा भोगचलन गरे वापत तिनु पर्ने शुल्क लाई बुझ्नु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सम्झनु पर्छ ।

च) "अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृतले तोकेको उपमहानगरपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

छ) "उप–महानगरपालिका" भन्नाले ऐन बमोजिम गठन भएको तुलसीपुर उप–महानगरपालिका सम्झनुपर्दछ ।

ज)	“वडा” भन्नाले उपमहानगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

झ)	“कार्यालय” भन्नाले तुलसीपुर उपमहानगरपालिका कार्यालय सम्झनुपर्छ र यो शब्दले उपमहानगरपालिका प्रशासनिक संगठनात्मक स्वरुपका रुपमा स्थापना गरिएको महाशाखा, शाखा, वडा कार्यालय समेतलाई बुझाउँदछ ।

ञ)	“महाशाखा” भन्नाले राजश्व महाशाखा वा राजश्व ब्यवस्थापन शाखालाई सम्झनुपर्छ ।

ट)	“निकाय” भन्नाले नेपाल कानून बमोजिम गठीत प्राकृतिक व्यक्ति बाहेकका सबै निकायलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२
## (नगर सेवा उपभोग शुल्क दस्तुर निर्धारणका आधार र कर प्रशासन)

**शुल्क तथा दस्तुर निर्धारणका आधारः–**

३)	शुल्क/दस्तुर देहायका आधारमा निर्धारण गरिनेछ :

क)	शुल्क तिर्न सक्ने क्षमता,

ख)	शुल्क तथा दस्तुर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

ग)	शुल्क तथा दस्तुर सरल र पारदर्शी हुने अवस्था,

घ)	स्वेच्छिक रुपमा शुल्क तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

ङ)	शुल्क तथा दस्तुरको आधार, शुल्क तथा दस्तुरको दर र शुल्क तिर्ने अवधिको सुनिश्चितता ।

२)	शुल्क तथा दस्तुर उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ

**४) शुल्क तथा दस्तुर प्रशासनः–**

१) यस ऐन बमोजिमको शुल्क तथा दस्तुर उपमहानगरपालिकाले नागरिकको सहजताका लागि १९ वटै वडाबाट अशुल उपर हुने ब्यवस्था गरिने छ ।सबै वडाको समन्वय राजश्व प्रशासन शाखाले गर्नेछ ।

२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुर व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन उपमहानगरपालिका क्षेत्रभित्र आवश्यकता अनुसार थप प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**५) कर्मचारी सम्बन्धी व्यवस्थाः–**

१) उपमहानगरपालिकाबाट शुल्क तथा दस्तुर संकलनका लागि स्वीकृत दरबन्दी अनुसारका विभिन्न तहका कर्मचारी कार्यालयमा रहन सक्नेछन् ।

२) तुलसीपुर उपमहानगरपालिकाले कर तथा राजस्व महाशाखा वा शाखा वा सोही प्रयोजनको अन्य संगठन संरचनामा प्रचलित कानूनबमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**६) कर अधिकृतको काम, कर्तव्य र अधिकारः–** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरसेवा उपभोग शुल्क तथा दस्तुरको दाता दर्ता गर्ने,

ख) करदाताबाट विवरण प्राप्त गर्ने,

ग)	कर परीक्षण तथा अनुसन्धान गर्ने,

घ)	कर संकलन गर्ने,

ङ)	कर तथा राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

च)	करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

छ)	कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

ज)	राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

झ)	करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,

ञ)	कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

ट)	कर सम्बन्धी कार्यहरुमा उत्तरदायि, जवाफदेही भई कार्य गर्ने,

ठ)	कर सम्बन्धी तोकिए बमोजिम अन्य काम गर्ने ।

**७) अधिकार प्रत्यायोजनः–**

१)	प्रमुख प्रशासकीय अधिकृतले संविधान, प्रचलित कानून र यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कार्यालयका अन्य अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२)	कर अधिकृतले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका अधिकृतलाई आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**८. नगरसेवा उपभोग शुल्क दस्तुर दाताको अधिकारः–**

१)	करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः–

क)	सम्मानपूर्वक व्यवहारको अधिकार,

ख)	प्रचलित कानून बमोजिम नगरसेवा उपभोग शुल्क दस्तुर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग)	नगरसेवा उपभोग शुल्क दस्तुर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ)	प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

ङ)	नगरसेवा उपभोग शुल्क दस्तुर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक पुरा अधिकार।

२) करदाताले उपदफा (१) बमोजिको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

**९) शुल्क तथा दस्तुर फिर्ता सम्बन्धी व्यवस्थाः–**

१) नगरसेवा उपभोग शुल्क दस्तुरदाताले यस ऐन बमोजिम नगर सेवा उपभोग शुल्क दस्तुर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकि भएमा त्यसमा मिलान गरी बाँकि रहेको रकम फिर्ता दिनु पर्नेछ ।

**१०. नगर सेवा उपभोग सेवा शुल्क दस्तुर  निर्धारण गरी असुल उपर गर्ने** : उपमहानगरपालिकाले सालबसाली रुपमा प्रत्येक आर्थिक वर्षको निमित्त ऐन बमोजिम नगर सेवा उपभोग  शुल्क दस्तुर निर्धारण गरी सम्वन्धित वडा कार्यालयबाट असुल उपर गरिनेछ ।

**११. सेवा शुल्क बुझाउने दायित्व** :

१) नगर सेवा उपभोग शुल्क तथा दस्तुर बुझाउने दायित्व भौतिक सम्पत्तिमा (ऐलानी) स्वामित्व भएको व्यक्ति वा निजको परिवारको हनेछ ।

२) नगर सेवा उपभोग शुल्क दस्तुर प्रत्येक आ.व.को असार मसान्त भित्र बुझाउनु पर्ने छ ।

३) आर्थिक बर्षको कात्तिक महिना भित्र शुल्क वा दस्तुर बुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

**१२. नगर सेवा उपभोग शुल्क दस्तुरको दर** : प्रत्येक व्यक्तिको लागि नगर सेवा उपभोग शुल्क दस्तुरको दर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**नगरसेवा उपभोग शुल्क दस्तुरको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।**

क) नगरसेवा उपभोग शुल्क दस्तुरको निवेदन अनुसुची–

ख) नगरसेवा उपभोग शुल्क दस्तुर दर्ता रजिस्टर अनुसुची -

ग) नगरसेवा उपभोग शुल्क दस्तुर दर्ता कार्ड    अनुसुची -

**१३) नियम बनाउन सक्नेः** यसको कार्यान्वयन गर्न तुलसीपुर नगरकार्यपालिकाले आवश्यक नियमावली, नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ ।

**१२) बाधा अडकाउ फुकाउ** : यस आर्थिक ऐन कार्यान्वयनमा कुनै बाधा अडकाउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ । उक्त निर्णयलाई नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## अनसूचि-१

श्रीमान् वडा अध्यक्ष ज्यू मिति :
............नम्वर वडा कार्यालय,

**विषय :- नगरसेवा उपभोग शुल्क दस्तुर सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा मैले उपभोग तथा भोगचलन गर्दै आएको ऐलानी जग्गाको तपसिल मोजिको विवरण दर्ता गरी नगरसेवा उपभोगक शुल्क दस्तुर दर्ता प्रमाणपत्र उपलव्ध गराई पाउन निवेदन गर्दछु ।

तपसिल विवरण :

उपयोग कर्ताको नाम : जग्गा रहेको स्थान :
बाबुको नाम : जग्गाको किसिम :
बाजेको नाम : जग्गाको क्षेत्रफल :
पति/पत्नी :
संधियारको विवरण :
पूर्व : पश्चिम :
उत्तर : दक्षिण :

संलग्न कागजात :
नेपाली नागरिकताको प्रतिलिपी ।
ऐलानी जग्गा उपभोग गरेको प्रस्टयाउने रसिद, कागजात, तथा अन्य प्रमाण ।
पासपोर्ट साईजको फोटो– २ थान ।

निवेदकको
नाम थर :
स्थायी ठेगाना :

# तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०८०

*स्वीकृत मितिः २०८०/०३/३१*

प्रस्तावनाः तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिम तुलसीपुर नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम  तुलसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,७९,४५,६९,७५०। (अक्षेरुपी १ अरव ७९ करोड ४५ लाख ६९ हजार ७ सय ५० रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर कार्यपालिकाले गर्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर तथा निकासा र खर्च जनाउन  नगर कार्यपालिकाले सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा

स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षक हरुमा रकम रकमान्तर गर्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची-१**

**दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चितकोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ४३५८१८ | १२७६५५१ | १५००० | १७२७३६९ |
| २ | | वडा समिति | ३४९०० | ३२३०० | | ६७२०० |
| ३ | | बिषयगतशाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

# तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०८०

पारित मिति २०८०/०३/३१

**<u>प्रस्तावना:</u>** तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५९ को उपधारा (१), धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ।

१) **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस ऐनको नाम "तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन२०८० साल श्रावण १ गतेदेखि तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा लागु हुनेछ

२) **<u>सम्पति कर:</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३) **<u>भूमि कर (मालपोत)</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन ।

४) **<u>घर जग्गा वहाल कर:</u>**(१)तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा वहाल अंक रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

(२) वहालकर निर्धारण गर्ने प्रयोजनको लागि भाडाको न्यूनतम दर अनुसूची (३) बमोजिम हुनेछ ।

(३)अनुसूची ३ बमोजिम लगाइने बहालकर चालु आ.व.को असोज मसान्तभित्र चालु आ.व.को वहालकर अग्रिम रुपमा बुझाउनेलाई लाग्ने करमा २० प्रतिशत छुट दिइनेछ । साथै, सोही आ.व.भित्र वहाल कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा वहाल कर रकममा २० प्रतिशतका दरले विलम्व शुल्क लिइनेछ।

५) **<u>व्यवसाय कर:</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने गरी दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय,सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा संस्थालाई व्यवसायको लगानी, आर्थिक कारोवार, स्थान र प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।सोही आ.व.भित्र व्यवसाय कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा व्यवसाय कर रकममा २० प्रतिशतका दरले विलम्व शुल्क लिइनेछ ।

६) **<u>जडिबुटी, कवाडी र जीवजन्तु कर:</u>** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७) **सवारी साधन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) **विज्ञापन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिमको दरमा विज्ञापन कर प्रदेश कानून अनुसार लगाइने र असुल उपर गरिनेछ ।

९) **मनोरञ्जन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम को दरमा प्रदेश कानूनअनुसार लगाइने र असुल उपर गरिनेछ ।

१०) **बहाल बिटौरी शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **पार्किङ शुल्कः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२) **प्राकृतिक श्रोत शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टि, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट खरिढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको बिक्रि तथा निकासीमा अनुसूची (११) मा उल्लेखित दरमा बिक्रि तथा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३) **ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र -याफ्टीङ्गसेवाः** तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवामा सेवाग्राहीबाट अनूसूचि (१२) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ

१४) **सेवा शुल्क, दस्तुर तथा जरिवानाः** तुलसीपुर उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सरसफाई शुल्क, स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनूसूचि (१३) मा व्यवस्था भए अनुसार शुल्क, दस्तुर तथा जरिवाना लगाइने र असुल उपर गरिनेछ ।

१५) **पर्यटन शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न पर्यटन क्षेत्र तोकि सो क्षेत्रबाट प्राप्त हुने रकम अनुसूची (१४) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

१६) **लगानी बाट प्रतिफलः** तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम अनुसूची (१५) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

१७) **बसपार्क पुर्वाधार शुल्कः** तुलसीपुर उपमहानगरपालिकाले निर्माण गरेको बसपार्क क्षेत्रमा सेवा उपभेग गरे वापत अनुसूची (१६) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१८) **निकासी करः** तुलसीपुर उपमहानगरपालिकाभित्र आन्तरिक उत्पादन भई बाहिर निकासी हुने बस्तु

तथा सेवामा अनुसुची (१७) बमोजिम निकासी कर लगाईनेछ ।

१९) **<u>नगर सेवा उपभोग शुल्कः</u>** तुलसीपुर उपमहानगरपालिकाभित्र ऐलानी तथा प्रति जग्गाको उपभोग गरि रहेका व्यक्तिहरुबाट नगर सेवा उपभोग शुल्क अनुसुची (१८) बमोजिम नगर सेवा उपभोग शुल्क असुल उपर गरिनेछ ।

२०) **<u>कर छुट तथा अन्य व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२) उपदफा १ मा जे सुकै लेखिएको भएता पनि नगरसभाले आवश्यक ठानेमा कुनै क्षेत्रमा अनुसूची (१९) बमोजिमका र निर्णयबाट कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ ।

२१)**<u>कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि तुलसीपुर उपमहानगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची—१

## सम्पत्ती करका दरहरु (आ.व. २०८०/०८१)

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८० दफा (२) संग सम्बन्धित

| क्र.सं. | सम्पत्तिको अन्तिम मूल्य | कर रकम रु. | कर अक्षरेपी |
|---|---|---|---|
| १ | रु. १ देखि २ लाखसम्म | २५। | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाखसम्म | ५०। | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाखसम्म | ७५। | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाखसम्म | १००। | एकसय रुपैया मात्र |
| ५ | रु ५ लाख १ देखि ६ लाखसम्म | १२५। | एकसय पच्चीस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाखसम्म | १५०। | एकसय पचास रुपैया मात्र |
| ७ | रु.७लाख १ देखि ८ लाखसम्म | १७५। | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाखसम्म | १९०। | एकसय नव्वे रुपैया मात्र |
| ९ | रु.९ लाख १ देखि १० लाखसम्म | २००। | दुईसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाखसम्म | २५०। | दुईसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाखसम्म | ३००। | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाखसम्म | ३५०। | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाखसम्म | ३८०। | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाखसम्म | ४००। | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाखसम्म | ५००। | पांचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाखसम्म | ५५०। | पाचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाखसम्म | ६५०। | छसय पचास रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| १८ | रु. २६ लाख १ देखि २८ लाखसम्म | ८००। | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाखसम्म | १०००। | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाखसम्म | १२००। | एकहजार दुईसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाखसम्म | १५००। | एकहजार पांचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाखसम्म | २०००। | दुईहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाखसम्म | २५००। | दुईहजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाखसम्म | ३०००। | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाखसम्म | ३५००। | तीनहजार पांचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाखसम्म | ४५००। | चारहजार पाचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाखसम्म | ६०००। | छ हजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाखसम्म | ८०००। | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १देखि १ करोडसम्म | १०,०००। | दशहजार मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाखसम्म | १२,०००। | वाह्र हजार मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाखसम्म | १६,०००। | सोह्र हजार मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोडसम्म | २०,०००। | विस हजार मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाखसम्म | २५,०००। | पच्चीस हजार मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड २० लाखसम्म | ४०,०००। | चालिस हजार मात्र |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ करोडसम्म | ५०,०००। | पचास हजार मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोडसम्म | ६०,०००। | साठी हजार मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए त्यतिमा २ दुई रुपैया प्रति हजारको दरले | | |

## अनुसूची–१ संग सम्बन्धित
## सम्पत्ति कर प्रयोजनका लागि तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्यांकन
## (आ.व. २०८०/०८१)

### वडा नं. १ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर वाघमारे पक्की सडक खण्डमा पिच सडक छोएका जग्गाहरु | ५ लाख |
| | हे.पो देखी देविस्थानसम्मको सडकले छोएका जग्गाहरु | ३ लाख |
| | हे. पो.देखी कुमाल गाउ मिलन चौक देविस्थान छोएका जग्गाहरु | २ लाख |
| | घिमिरे चोक पोखरी कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख |
| | पाठक टोल न्यूरोड, कुमालगाउ सडकले छोएका जग्गाहरु | २ लाख ५० हजार |
| | रामनगर विरेन्द्र मा.वि. शक्तिचौक मिलन चौक | २ लाख ५० हजार |
| | मिलन चौक छोटे तिलाविर घर हुदै गिरीराज ग्रन्जाको घरसम्म | १ लाख ८० हजार |
| | छोटेका अन्य मोटर वाटाहरु | १ लाख ८० हजार |
| | देविस्थान ठाटीगाउ अजिमाराका बाटाहरु | १ लाख ८० हजार |
| कृषि | खेतीयोग्य जमीन | १ लाख |
| वगर | | |

### वडा नं. २ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | भमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर सुर्खेत सडक) छोएको जग्गा | ५ लाख |
| | तुलसीपुर वाघमारे कालोपत्रे सडक छोएका जग्गाहरु | ५ लाख |
| | वालापुर तकियापुर भमके हे.पो. सडकले छोएको जग्गा | ३ लाख |
| | ढकप्रसाद पाठकको घर देखी बाल संगिनी स्कुलसम्म | ३ लाख |
| | मनिकापुर पोल्ट्री फर्म हुदै कार्की टोल | ३ लाख |
| | वजार क्षेत्र वालापुर, पोटली, घिमिरे चोक | ३ लाख |
| | अश्वारा भुवनेश्वरी मन्दिर हुदै वाल संगिनी स्कुल पाठक टोलवाटो छेउमा | २ लाख ५० हजार |

| | | |
|---|---|---|
| | हेकुली चौक देखी पहलुवा (सिद्धपुर) कुईरेपानी मनिकापुर तिनडुडे सडक खण्डमा छोएका जग्गाहरु | २ लाख |
| | घिमिरे चोक कार्तिकेचौक एकले पिपल ५०० मिटरसम्म | २ लाख |
| | घिमिरे चोक कार्तिकेचौक एकले पिपल ५०० मिटर पछाडि | २ लाख |
| | तकियापुर खानेपानी भवन देखि भमके खोलासम्म | २ लाख |
| | खैरीपुर ताल देखि उत्तर दक्षिण मोटर वाटो | २ लाख |
| | खैरीपुर पूर्व ढलको लौवस्ता वस्तीको वाटो | २ लाख |
| | क्रसर उद्योग अगाडि पूर्व पश्चिम वाटो | २ लाख |
| | पोटली स्कुल रतननाथ प्रा.वि.को उत्तरको वाटो | २ लाख |
| | वडा कार्यालय, कमलपोखरी देखी भमके खोलासम्मको बाटो | २ लाख |
| कृषि | अन्य सवै खेतीयोग्य जमिन | १ लाख |

**वडा नं. ३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि. रानागांउ महिला चौतारीसम्म सडकले छोएका जग्गाहरु | ४ लाख |
| | तुलसीपुर सल्यान सडकको प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्म सडकले छोएका जग्गाहरु | १ लाख |
| | प्रतापकोट, नाउला, टुनापानी, बल्लेका गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ५० हजार |
| | ग्राभल वाटोले छोएका जग्गाहरु | १ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | १ लाख |
| कृषि | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि.रानागांउसम्मको वांकी भाग | १ लाख |
| | प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्मको वांकी क्षेत्र (खमारी, हर्नेटी, पैयाखोरे, रामी र धामा,पहरेखोला) | ३० हजार |
| | दमारगाउं, डाडाखुटि, गहतेकावाटोले नछोएका जग्गाहरु | ८५ हजार |
| | भ्युडहर, असुरकोट, पन्नापुरका बाटोले नछोएका जग्गाहरु | ३० हजार |
| | नाउला, प्रतापकोट, गैरानाउला, बल्ले वाटोले नछोएका जग्गाहरु | ३० हजार |
| बगर | पातुखोला (गोटिखोला, रानागाउं) कटान गरेको जग्गा | ३० हजार |
| बगर | पातुखोला, गहतेखोल, भमके खोलाले कटान गरेको | ७० हजार |

## वडा नं. ४ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सल्यान सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ५ लाख |
| | सहायक ग्राभल सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| | अन्य कच्ची बाटा (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| | पर्सेनि देखी बेतराबती हुदै बनहरीसम्म सडकको दायां बांया पर्ने जग्गाहरु | ३ लाख |
| | बनहरी देखी चमेरे गुफा जाने सडकको दायां बांया पर्ने जग्गाहरु सुकिदह देखी कल्लेखोला | १ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु बनहरी क्षेत्र | २ लाख |
| | पर्सेनि देखी बम्नै नवलपुर हुदै खाद्रे जाने बाटोको दायां बांया पर्ने जग्गाहरु | ३ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु खाद्रे बायोखोला | २ लाख |
| कृषि | आवास क्षेत्र र जंगल क्षेत्रमा परेका वाहेकका अन्य जग्गाहरु | १ लाख |
| | तराई खेतीयोग्य साविक | ७० हजार |
| | पहाड खेतीयोग्य साविक | २५ हजार |

## वडा नं. ५ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | दुर संचारदेखि ग्रामीण चोकसम्म | ५० लाख |
| | दुर संचार देखि उत्तर वडा नं.५ सिमानासम्म | २२ लाख |
| | ख लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | ग लाईन मा पर्ने जग्गाहरु | ३० लाख |
| | घ लाईन मा पर्ने जग्गाहरु | २७ लाख |
| | ङ लाईन तुलसी बार्डिङ्ग चौक देखी उ.बा.सं.चौक सडकमा पर्ने जग्गा | ३० लाख |
| | ङ लाईन नामिनगर लाईन अन्य पिच सडकमा पर्ने जग्गा | २२ लाख |
| | घोराहि चौक देखी नामीनगर चौकसम्मको पिच सडमा पर्ने जग्गा | ३० लाख |

| | | |
|---|---|---|
| | ङ लाईन देखि वसपार्क मा जाने  सडकमा पर्ने जग्गा (दुवै बाटा) | ३० लाख |
| | वस पार्क क्षेत्रमा पर्ने जग्गा | २७ लाख |
| | अन्य पक्की सडकमा पर्ने जग्गा | २७ लाख |
| आवासीय | अन्य पक्की सडकमा पर्ने जग्गा | २२ लाख |
| | माथि उल्लेखित सडक बाहेकका ग्राभेल सडकमा पर्ने जग्गाहरु | १८ लाख |
| कृषि | कुनै पनि सडकले नछोएका जग्गाहरु | ९ लाख |

**वडा नं. ६ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | कालोपत्रे सडकले छोएका नेत्रलाल चौक देखि गुम्राह चौकसम्मका जग्गाहरु | २४ लाख ५० हजार |
| | कालोपत्रे सडकले छोएका गुम्राह चौक देखि एर्पोटसम्मका,अंचल प्रहरी कार्यालय सडक जग्गाहरु | १८ लाख |
| | कालोपत्रे सडकले छोएका शहरी क्षेत्रभित्र पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | २४ लाख ५० हजार |
| आवासीय | ग्राभेल सडकले छोएका सुकौरा रोड भगवती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा रोड सरस्वती टोलभित्र पर्ने जग्गाहरु | ६ लाख |
| | ग्राभेल सडकले छोएका सुकौरा टोल गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु | ३ लाख |
| | ग्राभेल सडकले छोएका लक्ष्मी टोल (गोलौरा पुच्छारसम्म पर्ने जग्गाहरु) | ३ लाख ५० हजार |
| | ग्राभेल सडकले छोएका कैलाश नगर टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका एकता टोलमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका पद्ममनगर टोल तथा डुम्रीगाऊमा पर्ने सवै बाटोमा पर्ने जग्गा हरु | ८ लाख |
| | ग्राभेल सडकले छोएका सरस्वती टोल क्याम्पस रोड मा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि बरुवागाउभित्रका ग्राभेल सडकमा पर्ने जग्गा हरु | ८ लाख |

| | | |
|---|---|---|
| | तुल्सीपुर घोराही सडकदेखि क्याम्पस रोड जोड्ने सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ईन्द्रनगर टोल  सडकमा पर्ने जग्गा हरु | ८ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि सगरमाथा टोल सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | सगरमाथा टोल देखि सिप विकास कार्यालयसम्मको सडकका जग्गाहरु | ५ लाख ५० हजार |
| | तुल्सीपुर घोराही सडकदेखि मदन नगर टोलको ५०० मि. सडकमा पर्ने जग्गा हरु | ७ लाख |
| | तुल्सीपुर घोराही सडकदेखि ५०० मि. देखी तल मदन नगर टोलको सडकमा पर्ने जग्गा हरु | ६ लाख |
| | कालोपत्रे सडकले छोएका शहरी क्षेत्र बाहिर पर्ने तुल्सीपुर घोराही सडकका जग्गाहरु | ८ लाख |
| | तुलसीपुर घोराही सडकदेखि राजापुर जाने सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | उत्तर कपडादेवी बन्कट्टा गोठलिगाऊ सडकमा पर्ने जग्गा हरु | ४ लाख |
| | माथि उल्लेखित कालोपत्रे सडक बाहेकका अन्यकालो पत्रे सडकमा पर्ने जग्गाहरु | ८ लाख |
| | अन्य गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | २ लाख |
| कृषि | बांकी खेति योग्य जग्गाहरु | १ लाख ५० हजार |
| बगर | उत्तर कपडादेवी र गोठली गाऊमा पर्ने कालाखोला तथा रानीघाट खोला छेउमा पर्ने जग्गाहरु | ८० हजार |

**वडा नं. ७ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सल्यान पिच सडकले छोएका जग्गाहरु | ११ लाख |
| | तुलसीपुर घोराही पिच सडकले छोएका जग्गाहरु | ११ लाख |
| | शहरी क्षेत्रभित्र पर्ने ग्राभेल वाटोले छोएका जग्गाहरु | ८ लाख |
| | शहरी क्षेत्र वाहिर पर्ने ग्राभेल सडकले छोएका जग्गाहरु | ५ लाख |
| | तुलसीपुर लमहि सडकखण्डमा पर्ने जग्गाहरु | १० लाख |

| | | |
|---|---|---|
| | पक्की बाटोले छोएका जग्गाहरु | ८ लाख |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु पर्सेनी बम्नै क्षेत्र | ३ लाख |
| कृषि | शहरी क्षेत्रभित्रका सडकले नछोएका जग्गाहरु | १ लाख |
| | शहरी क्षेत्र वाहिरपर्ने सडकले नछोएका जग्गाहरु | १ लाख |
| | अन्य खेतीयोग्य जग्गा | ७० हजार |

**वडा नं. ८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सुर्खेत सडक (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) ले छोएका जग्गाहरु | १० लाख |
| | भित्रि काले पत्रे सडक (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) ले छोएका जग्गाहरु | ७ लाख |
| | ग्राभेल वाटो (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) ले छोएका जग्गाहरु | ५ लाख |
| | गोरेटो तथा कच्ची वाटो (दोघरे पेट्रोल पम्प देखी गहतेखोला) ले छोएका जग्गाहरु | ५ लाख |
| | तुल्सीपुर सुर्खेत सडक (गहतेखोला देखी भमके खोला) मा पर्ने जग्गा हरु | ५ लाख |
| | भित्रि काले पत्रे सडक (गहतेखोला देखी भमके खोला) ले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| | ग्राभेल वाटो (गहतेखोला देखी भमके खोला) ले छोएका जग्गाहरु | ४ लाख |
| | गोरेटो तथा कच्ची वाटो (गहतेखोला देखी भमके खोला)ले छोएका जग्गाहरु | ४ लाख |
| कृषि | वाटोले नछोएका जग्गाहरु | १ लाख |
| बगर | पातुखोला,गहतेखोला भमके खोलाले कटान गरेको जग्गा हरु | ५० हजार |

**वडा नं. ९ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर सुर्खेत सडकले छोएका जग्गाहरु (५÷ख) | १० लाख |

| | | |
|---|---|---|
| | दोघरे बेलुवा प्रतापकोट तथा अन्य कालो पत्रेलाई छोएका जग्गाहरु | ९ लाख |
| | हाल प्रस्तावित न.वि.सहरी क्षेत्र (५/ख) | ९ लाख |
| | अन्य ग्राभेल वाटोले छोएका जग्गाहरु | ६ लाख |
| | राउटेचौर शिवपुर सल्लीबन ग्रावेल बाटोले छाएको बाटो | ५ लाख |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ४ लाख ५० हजार |
| कृषि | वाटोले नछोएका जग्गाहरु | २ लाख |
| बगर | पातुखोलाले कटान गरेको जग्गा हरु | २ लाख |

**वडा नं. १० (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | राईखलियान देखी उत्तर तिरको सडकमापर्ने जग्गाको | ३ लाख ५० हजार |
| | होताराम के.सी.को घरदेखी सुकौरा रोड जुद्धबहादुरको घरसम्मका सडकले छोएका | ३ लाख ५० हजार |
| | बनगाउं पिरगाउ सडक खण्डमा पर्ने जग्गाहरु | २ लाख ५० हजार |
| | अभयमार्गले छोएका जग्गाहरु | २ लाख ५० हजार |
| | राईखलियान देखी बेलटाकुरासम्मको सडकले छोएका जग्गाहरु | २ लाख५० हजार |
| | सुकौरा सडकसंग जोडिएका जग्गाहरु | २ लाख ५० हजार |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | २ लाख |
| कृषि | खेतीयोग्य जग्गा | ७० हजार |
| बगर | पातुखोलाले कटान गरेका जग्गाहरु | ५० हजार |
| | बगरमा परीणत भएका जग्गाहरु | ३० हजार |

**वडा नं. ११ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर अमिलिया राप्ती राजमार्ग सडकखण्डका दाया बाया पर्ने जग्गा हरु | ३ लाख |
| | तुलसीपुर अमिलिया सडकखण्डको उरहरी चौक देखी पश्चिम उ.मा.बि.जाने सडक दाया बाया पर्ने जग्गाहरु | २ लाख |
| | दामोदर सडक (कचिली कुला देखी सुकौरा बाटो खोलासम्म) को | २ लाख |

| | | |
|---|---|---|
| | दायांबायां का जग्गा | |
| | हसनापुर हुदै श्रीमणी मार्ग तुलसीपुर जाने सडकका दायांबायां | २ लाख ५० हजार |
| | सुकौरा हुदै तुलसीपुर जाने सडक दायांबायांमा पर्ने | २ लाख |
| | बेल्टाकुरा देखी कटाहा हुदै तुलसीपुर जाने कच्ची सडकका जग्गा | २ लाख |
| | पिरगाउ हुदै तुलसीपुर जाने सडकका दायांबायां | २ लाख |
| | अन्य कच्ची सडकका दायांबायां | १ लाख |
| कृषि | खेतीयोग्य जग्गाहरु | ७० हजार |
| बगर | बबई नदि र पातुखोलाले कटान गरेका जग्गाहरु | २५ हजार |

**वडा नं. १२ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर अमिलिया राप्ती लोकमार्गको एयरपोर्ट हुदै टरिगाउ सिमाना, शहिद गेट पुकार पसलसम्म सडकका दायाबांया पर्ने जग्गा हरु | १२ लाख |
| | तुलसीपुर अमिलिया सडक (पुकार पसल देखी कचिला कुलो) का दायाबाया पर्ने जग्गा | ६ लाख |
| | भोजपुर रोड देखी दक्षिण शिवपुरसम्मको सडक दाया बाया पर्ने जग्गा | ३ लाख ५० हजार |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | २ लाख |
| | दामोदर सडकको दायांबायां का जग्गाहरु (ग्वारखोला देखी कचिला कुलोसम्म) | २ लाख |
| | हेमनगर देखी क्वाडिसम्म जाने बाटोको दायांबायांका जग्गाहरु | १ लाख ५० हजार |
| | जसपुर देखी क्वाडी हुदै तुलसीपुर जाने कच्ची सडकका दायांबायां | १ लाख ५० हजार |
| | अन्य कच्ची सडकका दायांबायां | १ लाख ५० हजार |
| कृषि | खेतीयोग्य जग्गाहरु | ७० हजार |
| बगर | गुहार खोलाले कटान गरेका जग्गाहरु | ७० हजार |

## वडा नं. १३ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | तुलसीपुर अमिलिया सडक कालोपत्रे | ५ लाख |
| | बखरिया ढकना सडक ग्रावेल सडक | २ लाख ५० हजार |
| | दमारगाउ अम्वापुर ग्राभेल सडक | २ लाख ५० हजार |
| | राप्ती राजमार्ग अम्वापुर मा.वि. ग्राभेल सडक | २ लाख ५० हजार |
| | राप्ती राजमार्ग गिधनिया मजघटुवा नौखान चौराह ग्राभेल सडक | २ लाख ५० हजार |
| | वाखे अकमी सडक ग्राभेल | २ लाख ५० हजार |
| | राप्ती राजमार्ग मजघटुवा रनियापुर सडक देखी अम्बापुर ग्राभेल सडक | १ लाख ५० हजार |
| | रनियापुर नौखान देखी बराहखुटि सिमलखुटि ग्राभेल सडक | १ लाख ५० हजार |
| | अन्य बाटाहरु | १ लाख ५० हजार |
| कृषि | खेतियोग्य जमिन सवै | ७५ हजार |
| | वनसंग सटेका क्षेत्रको | ७५ हजार |
| बगर | ववई तथा सोताको जग्गा | ५० हजार |

## वडा नं. १४ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | खैरा कोठरी सडकको दायांबायांका जग्गाहरु | ३ लाख |
| | बिजौरी डुरुवा सडकका दायांबायांका जग्गाहरु | ३ लाख |
| | वडा कार्यालय देखी धमकापुर हुदै जनबहार जोडने सडकको दायांबायां का जग्गाहरु | ३ लाख |
| | पुकार पसल देखी धमकापुर गवदवा हुदै मा.बि.भोजपुर जोडने सडकमा पर्ने जग्गाहरु | ३ लाख |
| | हेमन्तपुर पहरुवा हुदै कोठरी सडकमा पर्ने जग्गाहरु | ३ लाख |
| | अन्य सडकका दायां बांयाका जग्गाहरु | १ लाख ५० हजार |
| कृषि | खेतियोग्य जमीन | १ लाख |
| बगर | बगर, ववई, हापुर र गुहार खोलाका वगर | १ लाख |

### वडा नं. १५ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | खैरा कोठरी सडक दाँया बाँयाका जग्गाहरु | ३ लाख |
| | विजौरी डुरुवा सडक दाँया बाँयाका जग्गाहरु | ३ लाख |
| | वडा कार्यालय देखि धमकापुर मलवार हुदै जनबहार जोडने वाटो | ३ लाख |
| | पुकार पसल देखी धम्कापुर गबदवा हुदै मा.वि.भोजपुर जोड्ने बाटो | ३ लाख |
| | हेमन्तपुर पहरुवा हुदै कोठरी सडक दाँया बाँयाका जग्गाहरु | ३ लाख |
| | अन्य भित्री बाटोका जग्गाहरु | १ लाख |
| कृषि | खेतियोग्य जमिन | १ लाख |
| बगर | वगर, ववई, हापुर गुहार खोला | १ लाख |

### वडा नं. १६ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | विजौरी भोजपुर सडक संग सटेको जग्गाहरु | ४ लाख |
| | पुकार पसल भोजपुर संग सटेको जग्गा | ४ लाख |
| | ७ मीटर चौडाई भएको कच्ची सडक | २ लाख |
| | मानपुर भेलाही सडक संग सटेको जग्गाहरु | ४ लाख |
| कृषि | सवै सडक संग नसटेको खेतियोग्य जमिन | ५० हजार |

### वडा नं. १७ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | | |
| आवासीय | घोराही तुलसीपुर पक्की सडक संग सटेको जग्गाहरु | ६ लाख |
| | विजौरी मानपुर सडक संग सटेको जग्गाहरु | ६ लाख |
| | घोराही तुलसीपुर पक्की सडकको १ कि.मी.भित्र सडेको जग्गा | ४ लाख |
| | साविक मानपुर ९/क ८/क ७/ग मा प्लटिङको जग्गा | ४ लाख |
| | ७ मीटर चौडाई भएको कच्ची सडक | २ लाख |

| | | |
|---|---|---|
| कृषि | सबै सडक संग नसटेको खेतियोग्य जमिन | ५० हजार |

**वडा नं. १८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको बजार क्षेत्रका दायांबांया पर्ने जग्गाहरु | १५ लाख |
| आवासीय | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको दायांबांया पर्ने जग्गाहरु | १० लाख |
| | बिजौरी देखी साईपुरसम्म पक्की सडकका दायाबांया पर्ने जग्गाहरु | ६ लाख |
| | बिजौरी देखी जमुनी बांसडबरा सम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | बिजौरी देखी घट्टेकुलो सम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | दुधरास देखी सातकुलो सम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | हेमन्तपुर देखी निमुवा सम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | हेमन्तपुर धर्मशाला देखी डौडारे सम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ४ लाख |
| | हेमन्तपुर पुष्पलाल चौकदेखी मनिकापुर जोडने बाटोसम्म कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | तुलसीपुर घोराहि सडक खण्ड्संग जोडिएका अन्य कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | ५ लाख |
| | अन्य सहायक सडक खण्डका जग्गाहरु | २ लाख ५० हजार |
| कृषि | खेतीयोग्य | १ लाख |
| | बनजंगल क्षेत्रका खेतीयोग्य | ६० हजार |
| बगर | | |

**वडा नं. १८ (सम्पत्ति कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | न्युनतम मूल्य प्रति कठ्ठा रु. |
|---|---|---|
| व्यापारिक | तुलसीपुर घोराहि पक्की सडक संग जोडिएको बजार क्षेत्रका दायांबांया पर्ने जग्गाहरु | १५ लाख |
| आवासीय | बिजौरी हुदै हाडमे, स्थानगाउसम्म कच्ची सडक दाया बाया पर्ने जग्गा | ५ लाख |

| | | |
|---|---|---|
| | बिजौरी देखी बांसगढि कच्ची सडकखण्डका दाया बाया पर्ने जग्गाहरु | ५ लाख |
| | बांसगढि देखी कुटेचौर कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | २ लाख |
| | दुधरास देखी संग्राम जोडने कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | २ लाख |
| | स्थानगाउं देखी खरखरे कच्ची सडकका दाया बाया पर्ने जग्गाहरु | २ लाख |
| | संग्राम देखी छिल्लीकोट कच्ची सडकका दायाबांया पर्ने जग्गाहरु | १ लाख |
| | भित्री सडकसंग जोडिएका जग्गाहरु | १ लाख |
| कृषि | खेतीयोग्य जग्गाहरु | ५० हजार |
| | बनजंगल क्षेत्रका खेतीयोग्य | ५० हजार |
| बगर | | |

**अनुसूची–१ संग सम्बन्धित**

**सम्पत्ती कर प्रयोजनका लागि भौतिक सरचनाको मुल्यांकन दर**

**(आ.व. २०८०/०८१)**

| क्र. सं. | भौतिक संरचनाको विवरण | शहरी क्षेत्रभित्र | | शहरी क्षेत्र बाहिर | |
|---|---|---|---|---|---|
| | | व्यापारीक दर प्रति वर्गफिट | आवासीय दर प्रति वर्गफिट | व्यापारीक दर प्रति वर्ग फिट | आवासीय दर प्रति वर्ग फिट |
| १ | लिफ्ट जडित आर.सि.सि. | २,२००.०० | २,०००.०० | १,८००.०० | १,५००.०० |
| २ | स्टिल फ्रेम स्टकचर | १,८००.०० | १,५००.०० | १,२००.०० | १,०००.०० |
| ३ | पक्कि आर.सि.सि. | १,९००.०० | १,८००.०० | १,५००.०० | १,२००.०० |
| ४ | लोड बेयरिङ्ग | १,०००.०० | ८००.०० | ६००.०० | ५००.०० |
| ५ | पक्कि इट्टा टिनको छाना | ६००.०० | ५२५.०० | ४००.०० | ३००.०० |
| ६ | कच्ची इट्टा | ४५०.०० | ४००.०० | ३५०.०० | ३००.०० |
| ७ | सेड | १००.०० | ५०.०० | ५०.०० | ५०.०० |
| ८ | अस्थाई | ५०.०० | २५.०० | २५.०० | २५.०० |

| क्र. सं. | भौतिक संरचनाको विवरण | दर प्रति वर्ग फिट |
|---|---|---|
| १ | भित्री कांचो बाहिर पाको ईट्टामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता झिगटि टायल को छाना भएको | ४०० -६०० |
| २ | भित्री बाहिर पाको ईट्टा वा ढुंगामा माटोको जोडाई भएकोभित्र बाहिर | ५२५-७०० |

| | | |
|---|---|---|
| | सिमेन्ट प्लाष्टर गरि छाना ढलाना वा जस्ता टायल झिगटि छाना भएको | |
| ३ | भित्र बाहिर पाको ईट्टा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान भएको | ८००-१७५० |
| ४ | आर सि.सि. फ्रेम स्टक्चरमा लिफट् एक्सीलेटर जडान भएको | १८००-२२०० |
| ५ | स्टिल फ्रेम स्टकचर भएको | १५००-१८०० |

**अनुसूची – २ संग सम्बन्धित**

**भुमी कर प्रयोजनका लागि तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रको जग्गाको न्यूनतम मूल्यांकन दर**

**आ.व. २०८०/०८१**

तुलसीपुर उपमहानगरपालिका आर्थिक ऐन, २०८० दफा (३) संग सम्बन्धित

**वडा नं. १ (भूमी कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | ५ क.सम्मकोप्रति कठ्ठा (रु.) | ५ देखी १० क.प्रति कठ्ठा (रु.) | सो भन्दा बढिप्रति कठ्ठा (रु.) |
|---|---|---|---|---|
| व्यापारिक | | | | |
| आवासीय | तुलसीपुर वाघमारे पक्की सडक खण्डमा पिच सडक छोएका जग्गाहरु | १५० | २०० | २५० |
| | हे.पो देखी देविस्थानसम्मको सडकले छोएका जग्गाहरु | ७५ | १२० | १५० |
| | हे. पो.देखी कुमाल गाउ मिलन चौक देविस्थान छोएका जग्गाहरु | ७५ | १२० | १५० |
| | घिमिरे चोक पोखरी कुमालगाउ सडकले छोएका जग्गाहरु | ७५ | १२० | १५० |
| | पाठक टोल न्यूरोड कुमालगाउ सडकले छोएका जग्गाहरु | ७५ | १२० | १५० |
| | रामनगर विरेन्द्र मा.वि.शक्तिचौक मिलन चौक | ७५ | १२० | १५० |
| | मिलन चौक छोटे तिलाविर घर हुदै गिरीराज ग्रन्जाको घरसम्म | ७५ | १२० | १५० |
| | छोटेका अन्य मोटर वाटाहरु | ७५ | १२० | १५० |
| | देविस्थान ठाटीगाउ अजिमाराका बाटाहरु | ७५ | १२० | १५० |
| कृषि | खेतीयोग्य जमीन | ५० | ७५ | ९० |
| बगर | | | | |

**वडा नं. २ (भूमी कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | ५ क.सम्मकोप्रति कठ्ठा (रु.) | ५ देखी १० क.प्रति कठ्ठा (रु.) | सो भन्दा बढिप्रति कठ्ठा (रु.) |
|---|---|---|---|---|
| व्यापारिक | | | | |
| आवासीय | भमके खोला डाडाचिस वालापुर पोटली (तुलसीपुर सुर्खेत सडक) छोएको जग्गा | १५० | २०० | २५० |
| | तुलसीपुर वाघमारे कालोपत्रे सडक छोएका जग्गाहरु | १५० | २०० | २५० |
| | वालापुर तकियापुर भमके हे.पो. सडकले छोएको जग्गा | ७५ | १२० | १५० |
| | हेकुली चौक देखी पहलुवा (सिद्धपुर) कुईरेपानी मनिकापुर तिनडुडे सडक खण्डमा छोएका जग्गाहरु | ७५ | १२० | १५० |
| | घिमिरे चोक कार्तिकेचौक एकले पिपल ५०० मिटरसम्म | ७५ | १२० | १५० |
| | घिमिरे चोक कार्तिकेचौक एकले पिपल ५०० मिटर पछाडि | ७५ | १२० | १५० |
| | ढकप्रसाद पाठकको घर देखी बाल संगीनी स्कुलसम्म | ७५ | १२० | १५० |
| | अश्वारा भुवनेश्वरी मन्दिर हुदै वाल संगिनी स्कुल पाठक टोलवाटो छेउ | ७५ | १२० | १५० |
| | मनिकापुर पोल्ट्री फर्म हुदै कार्की टोल | ७५ | १२० | १५० |
| | तकियापुर खानेपानी भवन देखि भमके खोलासम्म | ७५ | १२० | १५० |
| | खैरीपुर ताल देखि उत्तर दक्षिण मोटर वाटो | ७५ | १२० | १५० |
| | खैरीपुर पूर्व ढलको लौवस्ता वस्तीको वाटो | ७५ | १२० | १५० |
| | क्रसर उद्योग अगाडि पूर्व पश्चिम वाटो | ७५ | १२० | १५० |
| | पोटली स्कूल रतननाथ प्रा.वि.को उत्तरको वाटो | ७५ | १२० | १५० |
| | वजार क्षेत्र वालापुर, पोटली, घिमिरे चोक | ७५ | १२० | १५० |
| | वडा कार्यालय, कमलपोखरी देखी भमके | ७५ | १२० | १५० |

| | | | | |
|---|---|---|---|---|
| | खोलासम्मको बाटो | | | |
| कृषि | सवै खेतीयोग्य जमिन | ५० | ७५ | ९० |

**वडा नं. ३ (भूमी कर प्रयोजन मूल्यांकन दर)**

| क्षेत्र | स्थान | ५ क.सम्मकोप्रति कठ्ठा (रु.) | ५ देखी १० क.प्रति कठ्ठा (रु.) | सो भन्दा बढिप्रति कठ्ठा (रु.) |
|---|---|---|---|---|
| आवासीय | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि. रानागांउ महिला चौतारीसम्म सडकले छोएका जग्गाहरु | १५० | २०० | २५० |
| | तुलसीपुर सल्यान सडकको प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्म सडकले छोएका जग्गाहरु | ३० | ५० | ७० |
| | प्रतापकोट, नाउला, टुनापानी, बल्लेका गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | १५ | २५ | ४५ |
| | ग्राभल वाटोले छोएका जग्गाहरु | ३० | ५० | ७० |
| | गोरेटो तथा कच्ची वाटोले छोएका जग्गाहरु | ३० | ५० | ७० |
| कृषि | तुलसीपुर सल्यान सडकको गोटी खोला देखि प्रा.वि.रानागांउसम्मको वांकी भाग | ३० | ५० | ७० |
| | प्रा.वि. रानागांउ देखि सल्यान सिमानासम्मको वांकी क्षेत्र (खमारी, हर्नेटी, पैयाखोरे, रामी र धामा,पहरेखोला) | १५ | २५ | ४५ |
| | दमारगाउं, डाडाखुटि, गहतेकावाटोले नछोएका जग्गाहरु | ३० | ५० | ७० |
| | भ्युडहर, असुरकोट, पन्नापुरका बाटोले नछोएका जग्गाहरु | १५ | २५ | ४५ |
| | नाउला, प्रतापकोट, गैरानाउला, बल्ले वाटोले नछोएका जग्गाहरु | १५ | २५ | ४५ |
| बगर | पातुखोला (गोटिखोला, रानागाउं) कटान गरेको जग्गा | १५ | २५ | ४५ |
| | पातुखोला, गहतेखोल, भमके खोलाले कटान गरेको | ३० | ५० | ७० |

## वडा नं. ४ (भूमी कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | ५ क.सम्मकोप्रति कठ्ठा (रु.) | ५ देखी १० क.प्रति कठ्ठा (रु.) | सो भन्दा बढिप्रति कठ्ठा (रु.) |
|---|---|---|---|---|
| व्यापारिक | | | | |
| आवासीय | तुलसीपुर सल्यान सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | १५० | २०० | २५० |
| | सहायक ग्राभल सडक (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | १५० | २०० | २५० |
| | अन्य कच्ची वाटा (रक्षाचौर क्षेत्र) ले छोएका जग्गाहरु | १५० | २०० | २५० |
| | पर्सेनि देखी बेतराबती हुदै बनहरीसम्म सडकको दायां बांया पर्ने जग्गाहरु | ७५ | १२० | १५० |
| | बनहरी देखी चमेरे गुफा जाने सडकको दायां बांया पर्ने जग्गाहरु सुकिदह देखी कल्लेखोला | ३० | ५० | ७० |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु बनहरी क्षेत्र | ७५ | १२० | १५० |
| | पर्सेनि देखी बम्नै नवलपुर हुदै खाद्रे जाने बाटोको दायां बांया पर्ने जग्गाहरु | ७५ | १२० | १५० |
| | ग्राबेल कच्ची र प्रस्तावित सडकसंग जोडिएका जग्गाहरु खाद्रे बायोखोला | ७५ | १२० | १५० |
| कृषि | आवास क्षेत्र र जंगल क्षेत्रमा परेका वाहेकका अन्य जग्गाहरु | ३० | ५० | ७० |
| | तराई खेतीयोग्य | ३० | ५० | ७० |
| | पहाड खेतीयोग्य | १५ | २५ | ४५ |

वडा नं. ५ (भूमी कर प्रयोजन मूल्यांकन दर)

| क्षेत्र | स्थान | ५ क.सम्मकोप्रति कठ्ठा (रु.) | ५ देखी १० क.प्रति कठ्ठा (रु.) | सो भन्दा बढिप्रति कठ्ठा (रु.) |
|---|---|---|---|---|
| व्यापारिक | दुर संचारदेखि ग्रामीण चोकसम्म | ८०० | १२०० | १५०० |
| | दुर संचार देखि उत्तर वडानं.५ सिमानासम्म | ४०० | ६०० | ७०० |
| | ख लाईन मा पर्ने जग्गाहरु | ८०० | १२०० | १५०० |
| | ग लाईन मा पर्ने जग्गाहरु | ८०० | १२०० | १५०० |
| | घ लाईन मा पर्ने जग्गाहरु | ८०० | १२०० | १५०० |
| | ङ लाईन तुलसी बार्डिङ्ग चौक देखी उ.बा.सं.चौक सडकमा पर्ने जग्गा | ८०० | १२०० | १५०० |
| | ङ लाईन नामिनगर लाईन अन्य पिच सडकमा पर्ने जग्गा | ४०० | ६०० | ७०० |
| | घोराहि चौक देखी नामीनगर चौकसम्मको पिच सडमा पर्ने जग्गा | ८०० | १२०० | १५०० |
| | प्रति सटर | २५००.०० | |
| | सैलून | २०००.०० | |
| | पाउरोटी उद्योग | ३०००.०० | |
| | सिसा (फ्रेम काटेको) | २५००.०० | |
| १३१ | सरसफाई जरिवाना शुल्क वापत रु.५००। देखी रु.२५,०००।सम्म लिन सकिनेछ। | कार्यविधी अनुसार | |
| | पहिला पटक | रु. ५,०००। | |
| | दोश्रो पटक | रु. १०,०००। | |
| | तेश्रो पटक | रु. २५,०००। | |
| १३२ | अन्य | | |
| | सक्सन पम्प प्रयोग गरे वापत प्रति ट्रिप | रु. २५,०००। | |
| | ट्रिपर, ट्रेक्टर,डोजर,पानी टंकि,अन्य सवारी साधन भाडामा लिए वापत | कार्यविधी अनुसार | |
| १३३ | मार्कसिट प्रतिलिपी | ३००.०० | |
| १३४ | ड्रोन उडान शुल्क प्रति ड्रोन | १,०००.०० | |
| १३५ | गैर नेपाली श्रमिक शुल्क दर्ता तथा नविकरण | १,५००.०० | |
| १३६ | सार्वजनिक, ऐलानी प्रति जग्गा, गौचर जग्गा करार शुल्क | कार्यविधी अनुसार | |
| १३७ | सार्वजनिक जग्गा तथा बाटोमा टेन्ट प्रयोग (दुखद कार्यक्रम बाहेक) २० क्यु.फि. | १,०००.०० | |

| | | | |
|---|---|---|---|
| १३८ | सार्वजनिक जग्गा तथा बाटोमा टेन्ट प्रयोग २० क्यु.फि. भन्दा थप प्रति २० क्यु.फि. | ५००.०० | |
| | सार्वजनिक जग्गा तथा बाटोमा टेन्ट प्रयोग २० क्यु.फि. भन्दा थप प्रति २० क्यु.फि. | | |
| १३९ | **दण्ड जरिवाना** | | |
| | **अनुमति विना प्रयोग भएका सवारी साधनहरु** | | |
| क | स्काभेटर,जे.सि.वि.जस्ता हेभी ईक्युपमेन्ट प्रथम पटक | | |
| | टिपर, ट्रक जस्ता हेभी ईक्युपमेन्ट प्रथम पटक | | |
| | ट्र्याक्टर प्रथम पटक | | |
| | पावर टेलर प्रथम पटक | १००,०००.०० | |
| | दोश्रो पटक देखी दोब्बर जरिवाना | ५०,०००.०० | |
| ख | **सरसफाई जरिवाना** | २५,०००.०० | |
| ग | पहिला पटक | १०,०००.०० | |
| | दोश्रो पटक | | |
| | तेश्रो पटक | | |
| | खोलामा करेन्ट लगाई माछा मारेको | ५,०००.०० | |
| घ | सेफ्टी टंकि ढल/कुलो/खोलामा मिसाएको (बन्द तथा कानुनी कार्बाहि समेत) | १०,०००.०० | |
| ङ | सडकमा निर्माण सामाग्री थुपार्ने अनुमतिको म्याद तिन दिनसम्म | २५,०००.०० | |
| च | अनुमतिको म्याद नाघेमा प्रतिदिन | ५,०००.०० | |
| | अनुमति नलिई सडकमा निर्माण सामाग्री थुपारेमा | १५,०००.०० | |
| | घर सुचीकृत नगरेको | २,०००.०० | |
| छ | घर नक्सापास नगरेको | ३,०००.०० | |
| ज | व्यापारिक प्रयोजनका घर नक्सापास नगरेको | १५,०००.०० | |
| झ | पर्खाल तथा पक्कि संरचना | १,०००.०० | |
| ञ | सडकमा बाख्रा, गाई, गोरु, भैसि, रांगा बाधेर राखेमा प्रति गोटा प्रतिदिन पहिलो पटक | ५,०००.०० | |
| ट | सडकमा बाख्रा, गाई, गोरु, भैसि, रांगा बाधेर राखेमा प्रति गोटा प्रतिदिन दोश्रो पटक | ५०,०००.०० | |
| | सडकमा बाख्रा, गाई, गोरु, भैसि, रांगा बाधेर | १०,०००.०० | |

| | | | |
|---|---|---|---|
| | राखेमा प्रति गोटा प्रतिदिन तेश्रो पटक | | |
| | पशु अभिलेखिकरण निशुल्क/ नगरेमा प्रति चौपाया साना | १००.०० | |
| ठ | पशु अभिलेखिकरण निशुल्क/ नगरेमा प्रति चौपाया ठुलो | २००.०० | |
| | निजि जग्गाको काठको जरिवाना प्रति क्यु.फिट | ५००.०० | |
| ड | डिपबोरिङ्ग जरिवाना शुल्क | कार्यविधी अनुसार | |
| ढ | भूमीकरको जरीवाना | कार्यविधी अनुसार | |
| १४० | अमिन सेवा शुल्क | | |
| | प्रति कित्ता | १,५००.०० | |
| | शहरी क्षेत्र वाहिर | १,५००.०० | |
| | कित्ता थप भएमा प्रति कित्ता | ५,००.०० | |
| १४१ | वडान १ देखि १९सम्मका कच्ची घरहरुको प्रमाण पत्र दस्तुर | २००.०० | |
| १४२ | सुपरिभिजन | १,०००.०० | |
| १४३ | नक्सा पास पुस्तक | ५००.०० | |
| १४४ | घरनक्शापास नामसारी | २,०००.०० | |
| १४५ | घर कायम सिफारिश १००० बर्गफुटसम्म | १,१२०.०० | |
| १४६ | घर कायम सिफारिश १००० बर्गफुट देखी माथि | २,२४०.०० | |
| १४७ | घर अभिलेखीकरण घ वर्गको र कच्ची घरको (प्रति घर) | २,०००.०० | |
| १४८ | नक्सा पास विना भवन संहिता तथा मापदण्ड पुरा नगरी निर्माण गरिएका पक्की घरहरुको अभिलेखिकरण | नक्सा पास दस्तूरमा दुइ गूणा जरिवाना थप गर्ने | |
| १४९ | आंशिक भाग नक्सा पासको प्रमाणपत्र लिएका र तला थपको अभिलेखिकरण गर्न | नक्सा पास दस्तूरमा दूई गूणा जरिवाना थप गर्ने | |
| १५० | स्थानीय सरकार संचालन ऐन लागु भए पश्चात नक्सा पासको अनुमति लिएका तर चार वर्षसम्म पनि निर्माण सम्पन्नको प्रमाणपत्र नलिएका घर धनिलाई निर्माण सम्पन्न लिंदा थप दुई वर्षका लागि म्याद थप गर्न (प्रति वर्ग फिट) | ३००० थप | |

| | | | |
|---|---|---|---|
| १५१ | घ वर्गका घरहरु निर्माणका लागि नक्सा पास अनुमति (प्रति वर्ग फिट) | रु. ३.०० | |
| १५२ | अस्थायी टहराहरु (जस्तै कुखुरा पालन, पशु पालन,कुषि प्रयोजन,गोदाम घर, मेला तथा पर्वमा बनाइने टहरा तथा अन्य टहराहरु)<br>अभिलेखिकरण प्रति वर्ग फिट | रु ५।०० | |
| १५३ | महिलाको नाममा घर नक्सा पास तथा अभिलेखिकरण गरेमा | लाग्ने राजस्वमा २५ प्रतिशत छुट | |
| १५४ | अनुमति लिएको दुई वर्ष पुरा भई थप दुई वर्षका लागि नक्सापास म्याद थप | रु. २,५००.०० | |
| १५५ | मापदण्ड पुरा गरेका तर अनुमति नलिई घर निर्माण गरि सकेकालाई नक्सापास अनुमति | नक्सापास दस्तुरको तिन गुणा राजश्व लिने | |
| १५६ | नक्सा परिवर्तनका लागि मापदण्ड तथा संहिताभित्र रही | प्रतिवर्ग फिट रु २.५ | |
| १५७ | स्वीकृत भन्दा प्लीन्थ एरिया बढाई (कभरेज एरिया नबढने गरी) तथा संहिता र मापदण्ड पालना गरी बनाएका घरहरु | बढेको क्षेत्रफलको प्रतिवर्ग फिट दस्तुरको तीन गुणा दस्तुर लिने | |
| १५८ | मापदण्ड पुरा गरेका तर अनुमति नलिई प्लिन्थ लेभलसम्म निर्माण गरि सकेकालाई सुपरस्ट्रकचरको अनुमति | नक्सा पास दस्तुरको १.५ गूणा राजस्व लिने | |
| १५९ | नक्सा पास प्रमाणपत्र शुल्क | ३००.०० | |
| १६० | घर नक्सा नामसारी | ३५००.०० | |
| १६१ | कित्ता संशोधन | २०००.०० | |
| १६२ | घर मुल्याङ्कन दस्तुर | जम्मामुल्याङ्कनको ०.२ प्रतिशत | |
| १६३ | बैदेशिक रोजगारी सम्बन्धमा | | थप |
| | मृतकको शव झिकाउने सिफारिश | निशुल्क | |
| | उपचार खर्च/छात्रवृति/आर्थिक सहायता सिफारिश | २००.०० | |
| | उद्दार तथा खोजतलास सिफारिश | २००.०० | |
| १६४ | अन्य संघ सस्थाले पोल उपयोग गरे वापत | १५.०० | |

द्रष्टव्यः नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृत वेगर हेरफेर गरी भवन निर्माण गरेको ठहरेमा नक्सा पास नगरी भवन बनाएको भए पाँच लाखसम्म र पास भएको नक्सामा स्वीकृत वेगर हेरफेर गरी बनाएको भए दुई लाखसम्म जरिवाना गरी अध्यक्ष वा प्रमुखले सो भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिन सक्नेछ ।

| | | | |
|---|---|---|---|
| १६५ | विभिन्न वडामा निर्माण भएका र निर्माण हुने पक्की संरचनाको नक्सापास दस्तुर प्रति वर्ग फुट (रु.) | | |
| | वडा नं. | व्यापारिक प्रयोजन | आवासीय प्रयोजन |
| | **१** | ९।- | ७।- |
| | **२** | ९।- | ७।- |
| | **३** | ७।- | ५।- |
| | **४** | ७।- | ५।- |
| | **५** | १३।- | ११।- |
| | **६** | १३।- | ११।- |
| | **७** | १२।- | १०।- |
| | **८** | १२।- | १०।- |
| | **९** | १३।- | ११।- |
| | **१०** | ९।- | ७।- |
| | **११** | ९।- | ७।- |
| | **१२** | १२।- | १०।- |
| | **१३** | ७।- | ५।- |
| | **१४** | ८।- | ६।- |
| | **१५** | ८।- | ६।- |
| | **१६** | ९।- | ७।- |
| | **१७** | ९।- | ७।- |
| | **१८** | ११।- | ९।- |
| | **१९** | ९।- | ७।- |
| | **१** | ९।- | ७।- |
| १६६ | भवनको ह्रासकट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि | | |
| | भवनका बनावट र सो मा ह्रासकट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (StraightLineMethod ) अनुसार हुनेछ । यसका गणना देहाय बमोजिम गरिनेछः । | | |
| **क्र.सं.** | **भवनका प्रकार/बनोट** | **वार्षिक ह्रास** | **ह्रासकट्टी अवधि** |
| १ | भित्र काँचो बाहिर पाको इट्टामा माटोका जोडाई | ३% | २५ वर्ष |

| | | | |
|---|---|---|---|
| | भएका भवन र काठबाट बनेका भवन | | |
| २ | भित्र बाहिर पाको इट्टा वा ढुंगा र माटोको जोडाई भएका सबै किसिमका भवन | २% | ३५ वर्ष |
| ३ | प्रीफायब भवन,गोदाम भवन | ३% | २५ वर्ष |
| ४ | भित्र बाहिर पाको इट्टा र सिमेन्टको जोडाई भएको भवन | १.५% | ५०वर्ष |
| ५ | स्टील स्टक्ट्रचर(ट्रस)भवन | १.५% | ३५ वर्ष |
| ६ | आर.सी.सी फ्रेमस्ट्रक्चर भवन | १% | ७५ वर्ष |
| ७ | अस्थाई संरचनाहरु | १०% ५५ | ५ वर्ष |

अनुसुची १३ संग सम्बन्धित

चारकिल्ला तथा घर बाटो प्रमाणित वडा नं. ५, ६, ९ को ५ (ख), ५/(ग)

| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
|---|---|---|---|---|---|---|
| १ | ० देखी ५ धुरसम्म | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० |
| २ | ५ देखी १० धुरसम्म | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० | ३००.०० |
| ३ | १० देखी १ क्ठासम्म | ९००।०० | ८००.०० | ६००.०० | ५००.०० | ४००.०० |
| ४ | १ क्ठा देखी माथि | १,२००.०० | १,०००.०० | ७००.०० | ६००.०० | ५००.०० |

चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं.२, ८,९ को ५(ख),५÷(ग) बाहेक, १२, १७, १८

| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
|---|---|---|---|---|---|---|
| १ | ० देखी ५ धुरसम्म | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० |
| २ | ५ धुर देखी १० धुरसम्म | ६००.०० | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० |
| ३ | १० धुर देखि १ कठ्ठासम्म | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० | ३५०.०० |
| ४ | १ कठ्ठा देखि ५ कठ्ठासम्म | ८००.०० | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० |
| ५ | ५ कठ्ठा देखि माथि | १,०००.०० | ८००.०० | ७००.०० | ६००.०० | ५००.०० |

चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं. ४, ७, १०, ११, १३, १४, १५, १६

| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
|---|---|---|---|---|---|---|
| १ | ० देखी ५ धुरसम्म | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० | २००.०० |
| २ | ५ देखी १० धुरसम्म | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २५०.०० |
| ३ | १० देखी १ क्ठासम्म | ६००.०० | ५००.०० | ४००.०० | ३५०.०० | ३००.०० |
| ४ | १ कठ्ठा देखी ५ कठ्ठासम्म | ७००.०० | ६००.०० | ५००.०० | ४५०.०० | ३५०.०० |
| ५ | ५ कठ्ठा देखी माथी | ९००.०० | ७००.०० | ६००.०० | ५००.०० | ४००.०० |

| चारकिल्ला तथा घरबाटो प्रमाणित वडा नं. १, ३, १९ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जग्गाको क्षेत्रफल | राजमार्गले छोएको | कालो पत्रेले छोएको | ग्रावेल बाटोले छोएको | कच्ची बाटो | बाटो नभएको |
| १ | १ क्ठा देखी ५ कठ्ठासम्म | ५००.०० | ३५०.०० | ३००.०० | २५०.०० | १५०.०० |
| २ | ५ कठ्ठा देखी १ बिगाहसम्म | ६००.०० | ४००.०० | ३५०.०० | ३००.०० | २००.०० |
| ३ | १ विगाह देखि २ विगाहसम्म | ७००.०० | ५५०.०० | ४५०.०० | ४००.०० | २५०.०० |
| ४ | २ विगाह देखि माथि | ८००.०० | ६००.०० | ५००.०० | ४००.०० | ३००.०० |

नोटः क) नक्सामा बाटो नभए पनि चलन चल्तीका बाटोहरुलाई समेत बाटो मानी प्रमाणित गर्ने ।

अनुसुची – १४

पर्यटन शुल्क(आ.व. २०८०/०८१)

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८० दफा (१५) संग सम्बन्धित

| क्र.सं. | विवरण | दरहरु(रु) | संशोधन/थप |
|---|---|---|---|
| १ | नगरपालिकाले प्रयटनकालागितोकेको क्षेत्र | नगर कार्यपालिकाले तोके बमोजिम | |
| २ | राप्ती उद्यान पार्क | विक्री टिकटको ज्ञ प्रतिशत | |

## अनुसुची – १५

### लगानीबाट प्रतिफल (आ.व. २०८०/०८१)

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८० दफा (१६) संग सम्बन्धित

| क्र.सं. | विवरण | दरहरु(रु) | संशोधन/थप |
|---|---|---|---|
| १ | शेयर लगानीबाट प्रतिफल | नगर कार्यपालिकाले तोके बमोजिम | |
| २ | उद्यम विकासको ब्याज | | |
| ३ | दुना टपरी उद्योगलाई लगानी गरेको ऋणमा | २ प्रतिशत वार्षिक | |
| ४ | हाम्रो पहुच सहकारी संस्थालाई लगानी गरेको ऋणमा | ६ प्रतिशत वार्षिक | साझेदारी विकास कोष |
| ५ | तुलसीपुर महिला कृषि लघु उद्यमी उपज समूह | ६ प्रतिशत वार्षिक | साझेदारी विकास कोष |
| ६ | अन्यको हकमा कार्यपालिकाले तोके बमोजिम | | |

## अनुसुची – १६

### बसपार्क पुर्वाधार शुल्क (आ.व. २०८०/०८१)

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८० दफा (१७) संग सम्बन्धित

| बसपार्क पुर्वाधार शुल्क(आ.व. २०८०/०८१) | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | दरहरु(रु) | संशोधन/थप |
| १ | सटर पुर्व आगाडि | १०,०००.०० | टेन्डर ठेक्कामा लागेमा सोही बमोजिम । |
| २ | सटर पश्चिम पछाडि | ८,०००.०० | |
| ३ | पिसाब गरेको | ५.०० | |
| ४ | शौच गरेका | १०.०० | |
| ५ | स्नान | २५.०० | |
| ६ | टर्मिनल भवन टिकट घर | १००००.०० | |
| ७ | टर्मिनल भवन २ वटा टिकट घर | १५०००.०० | |
| ८ | टर्मिनल भवन चमेना गृह | ८०,०००.०० | |
| ९ | पार्किङ्ग शुल्क लामो समय रात्री समेत | | |
| | दैनिक | १००.०० | |
| | मासिक (७ दिन देखी ३० दिनसम्म) एकमुष्ट | १,५००.०० | |
| १० | पार्किङ्ग शुल्क छोटो समय प्रति दुई घन्टा | | |
| | मोटर साईकल | १०.०० | |
| | अन्य सवारी साधन | १५.०० | |
| ११ | प्रवेश तथा निकास | | |

| | | | |
|---|---|---|---|
| | अटो | २०.०० | |
| | जीप | २५.०० | |
| | दाङ्ग जिल्लाभित्र चल्ने सवारी साधन | ५०.०० | |
| | प्रदेशभित्र चल्ने सवारी साधन | ७५.०० | |
| | मध्यम दुरीमा चल्ने सवारी साधन | १७५.०० | |
| | लामो दुरीमा चल्ने सवारी साधन | २००.०० | |
| | अन्तरदेशयि चल्ने सवारी साधन | ३००.०० | |
| | बाहिर समितिका सवारी साधनलाई थप | २५.०० | |
| १२ | गाडि धुलाई क्षेत्र जग्गा भाडा प्रति एक स्थान | २०,०००.०० | |

## अनुसुची – १७

## निकासीकर (आ.व. २०८०/०८१)

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८०दफा (१७) संग सम्बन्धित

| क्र.सं. | विवरण | दरहरु(रु) | इकाइ | संशोधन/थप |
|---|---|---|---|---|
| १ | इट्टा | १००.०० | प्रति हजार | थप |
| २ | ह्युम पाइप- ४५ से मि व्याजसम्म | १५.०० | प्रति गोटा | थप |
| ३ | ह्युम पाइप— ४५ से मि व्याज भन्दा माथि | २०.०० | प्रति गोटा | थप |
| ४ | बिद्युत पोल सिमेन्ट | १५.०० | प्रति गोटा | थप |
| ५ | कुखुरा | २.०० | प्रति गोटा | थप |
| ६ | कुखुराको चल्ला | ०.५० | प्रति गोटा | थप |
| ७ | अण्डा | ५.०० | प्रति पेटि | थप |
| ८ | कुखुराको दाना | १०.०० | प्रति क्वी | थप |
| ९ | मैदा | १०.०० | प्रति क्वी | थप |
| १० | तयारी प्लाइउड | १०.०० | प्रति पिस | थप |
| ११ | विभिन्न खाने तेल | १.०० | प्रति लि | थप |
| १२ | ढुङ्गा गिट्टि वालुवा निकासी | ३०.०० | प्रति घन मि | थप |
| १३ | कोइला निकासी | १.०० | प्रति १० के जि | थप |
| १४ | क्लिङकर(सिमेन्ट उद्योग) निकासी | १०.०० | प्रति टन | थप |
| १५ | काठजन्य उत्पादन | | | |
| | साल सिसौ चिरान काठ | १५००.०० | प्रति ट्रक | थप |
| | साल सिसौ गोलिया काठ | १०००.०० | प्रति ट्रक | थप |
| | खयर काठ | २५००.०० | प्रति ट्रक | थप |

| | | | | |
|---|---|---|---|---|
| | अन्य चिरान काठ | १०००.०० | प्रति ट्रक | थप |
| | अन्य गोलिया काठ | ५००.०० | प्रति ट्रक | थप |
| | सवै जर्ना | ५००.०० | प्रति ट्रक | थप |
| | बास | १.०० | प्रति गोटा | थप |
| १६ | ब्रान पिना भेली | १.५० | प्रति क्वी | थप |

**अनुसुची – १८**

**नगर सेवा उपभोग शुल्क (आ.व. २०८०/०८१)**

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८० दफा (१८) संग सम्बन्धित

| ऐलानी जग्गा उपयोगका साथै नगरसेवा उपयोग वार्षिक शुल्क रु. वडा कार्यालयबाट | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | व्यापारिक पक्की सहरी क्षेत्र | व्यापारिक पक्की ग्रामिण क्षेत्र | व्यापारिक कच्ची | आवासिय पक्की | आवासियक च्ची | घडेरी १ कठ्ठा भन्दा कम | कृषि प्रयोजनका लागि प्रति कठ्ठा | वडा नं. | व्यापारिक पक्की सहरी क्षेत्र | व्यापारिक पक्की ग्रामिण क्षेत्र | व्यापारिक कच्ची |
| | २ सटरको | १ सटर को | २ सटर को | १ सटरको | | | | | अव्यवस्थित वसोवासका लागि | भुमिहिन दलित | भुमिहिन सुकुम्वासी |
| १ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| २ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ३ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ४ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ५ | ८००० | ५००० | ४००० | २५०० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ६ | ८००० | ५००० | ४००० | २५०० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ७ | ५००० | ३००० | २५०० | १५०० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ८ | ४००० | २५०० | २००० | १२५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ९ | ६००० | ३५०० | ३००० | १५०० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १० | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| ११ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १२ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १४ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १५ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १६ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १७ | २००० | १५०० | १००० | ७५० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १८ | ३००० | २००० | १५०० | १००० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |
| १९ | ३००० | २००० | १५०० | १००० | ५०० | १००० | ५०० | १०० | १०० | ५० | ५० |

## अनुसुची – १९

## अन्य ब्यवस्थाहरु (आ.व. २०८०/०८१)

तुलसीपुर उपमहानगरपालिकाआर्थिक ऐन, २०८० दफा (१९) संग सम्बन्धित

| कर सम्बन्धी अन्य ब्यवस्थाहरु | |
|---|---|
| क्र.सं. | विवरण |
| १ | घरबाटो सिफारिशमा महिला लाई २५ प्रतिशत छुट र औषधी उपचार तथा अपाङग परिचय पत्रको लागी निशुल्क सिफारीस दिने । |
| २ | दलित,अपाङ्ग,महिला,द्धन्द पिडितहरु व्यवसाय दर्ता गर्न आएमा तोकिएको लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिई दर्ता गर्ने । |
| ३ | कृषि तथा पशुपंक्षीपालण सम्बन्धिव्यवसाय दर्ता गर्न आएमा तोकिएको लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिई दर्ता गर्ने । |
| ४ | कुनै पनि उद्योग तथा व्यवसायको हकमा चालु आ.व.को असोज मसान्तभित्र नविकरण गर्न आएमा नविकरण शुल्कमा २० प्रतिशतछुट दिई नविकरण गरिनेछ । |
| ५ | कुनै पनि व्यक्ति वा संस्था स्वस् घोषणा गरी तोकिएको कर भन्दा बढी तिर्न आएमा सो कर लिईनेछ । |
| ६ | स्वास्थ्यसंग सम्वन्धित व्यवसायहरु सम्वन्धित निकायमा दर्ता भएका तर यस उ.म.न.पा.दर्ता नभएकाको हकमा नगरपालिकाको स्वास्थ्य महाशाखा र सम्वन्धित वडाको सिफारिस बमोजिम विगत ३ आ.व.को दर्ता शुल्कमा २५ प्रतिशत विलम्व शुल्क लिई दर्ता गर्ने । |
| ७ | कुनै पनि व्यवसाय होलसेल/थोकको रुपमा संचालन गर्दा न्यूनतम कूल पूंजी रु।पच्चीस लाख बाट शुरु हुने छ । |
| ८ | वर्षभरीमा तिनवटा बाली लगाउने लाई निर्णय अनुसार २५ प्रतिशत कर छुटको व्यवस्था गर्ने । |
| ९ | बाटो लगत कट्टि गर्नेलाई सम्पत्ति करमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने । |
| १० | न.पा.को मापदण्ड अनुसार बाटो लगत कट्टि गर्दा लाग्ने शुल्कमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने (प्लटिङ्ग बाहेक) |
| ११ | १०० जना भन्दा बढि रोजगार दिने उद्योगलाई पहिलो ३ वर्षको करमा ५० प्रतिशत मात्र |

| | |
|---|---|
| | लगाईनेछ । |
| १२ | व्यवसाय कर, बहाल बिटौरी, सरसफाई शुल्क उठाउने कार्यमा फिल्ड खटिने कर्मचारीलाई विशेष भत्ता स्वरुप उठेको रकमको ५ (पांच) प्रतिशत रकम उपलव्ध गराउने । |
| १३ | फिल्डवाट जफत तथा जरिवाना असुल गरे वापतको रकम वाट २५ प्रतिशत असुल गर्ने कर्मचारी तथा संघ संस्थालाई उपलव्ध गराउने । |
| १४ | अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गरी रहेको अवस्थामा प्रहरी प्रशासनबाट पक्राउ परी असुली भएको राजस्वको २५ प्रतिशत प्रोत्साहन स्वरुप उक्त प्रहरी प्रशासनलाई उपलब्ध गराउने । |
| १५ | घर घडेरी तथा बर्ष भरी खेतीयोग्य जग्गा बांझो भएमा प्रति कठ्ठा रु.१००।- थप शुल्क लाग्ने । |
| १६ | सरसफाइको अवस्था अनुसार प्रत्येक घरहरुलाई स्टिकरको व्यवस्था गर्ने पूर्ण सफा (हरियो), सफा (पहेंलो) र फोहोर घरलाई(रातो) । |
| १७ | नदीजन्य पदार्थ उत्खनन गरिएको क्षेत्रबाट उठेको राजस्वको १० प्रतिशत रकम सम्बन्धित वडा कार्यालय मार्फत प्रभावित क्षेत्रमा खर्च गर्ने । |
| १८ | मापदण्डको आधारमा उत्कृष्ट करदातालाई कार्यपालिकाको निर्णय अनुसार सम्मान तथा पुरस्कारको व्यवस्था गरिने । |
| १९ | तुलसीपुर उपमहानगरपालिकामा भुक्तानी गर्नु पर्ने रकम इलष्लिभ एबथmभलत गर्दा लाग्ने करमा १ प्रतिशत छुट |
| २० | तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट निर्णय भएका छुट तथा सुविधा निर्णय अनुसार हुनेछ । |
| २१ | तुलसीपुर उपमहानगरपालिकाबाट काटेको नगदि रसिद अवधिको हकमा विदेशी प्रयोजनका लागि ३ महिना र अन्यको हकमा ३५ दिनसम्मको हुनेछ । घर नक्शा पासको हकमा यो नियम लागु हुने छैन । |
| २२ | उपमहानगरपालिकाभित्र एलानी र प्रति जग्गाको उपभोग गरी बसेका व्यक्तिलाई नगर सेवा उपभोग शुल्क लगाईने साथै त्यस्तो जग्गामा व्यवसाय गर्ने व्यवसायी तथा उपभोग कर्ताबाट व्यवसायकर तथा बहालकर समेत लिईनेछ । |
| २३ | अन्य व्यवस्था संघिय तथा प्रदेश कानून र तुलसीपुर उपमहानगरपालिकाको नगरकार्यपालिकाले तोकिए बमोजिम हुनेछ । |

# तुलसीपुर उपमहानगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी ऐन, २०८०

*पारित मिति :२०८०/११/०१*

**प्रस्तावना**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा संचालनमा रहेका वा भवष्यिमा संचालन हुने खानेपानीको संरक्षण, आयोजना संचालन, व्यवस्थापन तथा खानेपानी उपभोक्ता समितिको गठन, अनुगमन तथा संचालन एवं नगर क्षेत्रमा खानेपानीको न्यायोचित वितरण तथा उपमहानगरपालिका भित्रको सरसफाई सेवाका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उपमहानगर पालिकाको १४औं नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो ऐनको नाम तुलसीपुर उपमहानगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी ऐन, २०८० रहेको छ ।

२) यो ऐन तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गर्ने व्यक्ति, परिवार, संस्था वा निकाय सम्झनु पर्दछ ।

ख) "उपभोक्ता समिति वा उपभोक्ताहरुको संस्था" भन्नाले नगरस्तरमा खानेपानी योजना सम्पन्न गर्न, वितरण गर्न र सोलाई व्यवस्थित गर्न पालिकाद्वारा मान्यताप्राप्त उपभोक्ता समिति वा उपभोक्ताहरुको संस्थालाई सम्झनु पर्दछ।

ग) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

घ) "ऐन" भन्नाले तुलसीपुर उपमहानगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी ऐन २०८० सम्झनु पर्दछ ।

ङ) "खानेपानी" भन्नाले घरायसी, सार्वजनिक वा संस्थागत उपयोगको लागि मानव एवं जीवजन्तुको स्वास्थ्यको लागि हानिकारक तत्व नभएको संघ वा प्रदेश वा पालिकास्तरबाट तोकिए बमोजिमको गुणस्तर भएको स्वच्छ खानेपानी सम्झनु पर्दछ ।

च) "खानेपानी व्यवस्थापन प्रणाली" खानेपानीको उपलव्ध श्रोतलाई नगरले तोकेको सेवा क्षेत्रभित्र खानेपानीको समग्र व्यवस्थापन प्रणालीलाई सम्झनु पर्दछ ।

छ) "खानेपानी सेवा" भन्नाले खानेपानी सेवा उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवालाई सम्झनु पर्दछ ।

ज) "सरसफाई सेवा" भन्नाले उपमहानगरपालिका क्षेत्रभित्रको फोहर पानी व्यवस्थापन तथा ढल निकास गरी नगरलाई स्वच्छ सफा कायम राख्ने कार्यलाई सम्झनु पर्दछ, र सो शव्दले नगर क्षेत्रभित्र पानीको श्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक सौचालयको निर्माण, विकास तथा संचालन गर्ने कार्यलाई समेत जनाउँदछ ।

झ) "परियोजना" भन्नाले उपमहानगरपालिका आफैंले वा उपमहानगरपालिकाबाट अनुमतिप्राप्त कुनै व्यक्ति वा संस्थाले संचालन गर्ने खानेपानी तथा सरसफाईको परियोजनालाई सम्झनु पर्दछ । यस शब्दले संघ तथा प्रदेश सरकार तथा उपमहानगरपालिकाले उपभोगक्ता समितिलाई हस्तान्तरण गरेको परियोजना वा नगरपालिका वा अनुमतिप्राप्त उपभोक्ता संस्था वा समूह आफैंले विकास गरी संचालन गरेको परियोजना सम्झनु पर्दछ ।

ञ) "पानीको श्रोत" भन्नाले प्राकृतिक भू-सतह, भूमिगत जलश्रोत, खोलानाला, तालतलैया, लिफ्ट्ङ्गि वा पानीको आकाशे श्रोतलाई जनाउँछ ।

ट) "पुनर्भरण"भन्नाले जमिनभित्र वा तोकिएको ट्यांकीमा पानी संचित गर्ने कार्य सम्झनु पर्दछ ।

ठ) "प्रचलित कानुन" भन्नाले संघीय खानेपानी तथा सरसफाई ऐन, २०७९, प्रदेशले बनाई लागु गरेको खानेपानी तथा सरसफाईसंग सम्बन्धित कानुन, उपमहानगरले बनाई लागु गरेको अन्य कानुन तथा विषय सम्बन्धित अन्य प्रचलित कानुन सम्झनु पर्दछ ।

ड) "बोर्ड" भन्नाले यस ऐन बमोजिम गठित खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सम्झनु पर्दछ ।

ढ) "महशुल वा सेवा शुल्क"भन्नाले खानेपानी तथा सरसफाई सेवा उपयोग गरेवापत उपभोक्ताले बोर्ड वा उपमहानगरपालिकाले तोके बमोजिम तोकेको स्थान वा निकायलाई बुझाउनु पर्ने शुल्क वा महशुललाई सम्झनु पर्दछ र सो शब्दले विलम्ब शुल्क, जरिवाना, जडान तथा मर्मत शुल्क समेतलाई जनाउछ ।

ण) "संरचना" भन्नाले खानेपानीको श्रोतबाट पानी निकाल्न, जम्मा तथा भण्डारण गर्न, शुद्धिकरण गर्न, प्रशोधन गर्न, प्रसारण तथा वितरण गर्न बनाईएका बोरिङ्ग, लिफ्टिङ्ग, पानी ट्याङ्की, पाईपलाईन, धारा, पम्प तथा खानेपानी संग सम्बन्धित यस्तै संरचना, ढल निकास तथा फोहर व्यवस्थापन प्रणाली एवं सरसफाईका अन्य यस्तै संरचनालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## श्रोतको स्वामित्व र उपयोग, खानेपानी तथा सरसफाई सेवाको संचालन र व्यवस्थापन

**३.श्रोतको स्वामित्वः**

१) उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्रको जुनसुकै स्वामित्वको जमीनमा उत्पन्न भएको वा हुने नदी, खोला, खोल्साखोल्सी, मुहान, कुवा, पोखरी वा भूमिगत श्रोत तथा पानीको अन्य श्रोत उपमहानगरपालिकाको स्वामित्वमा रहनेछ । तर उपमहानगरपालिका हुँदै बग्ने नदीको स्वामित्वको हकमा संघको कानुन बमोजिम हुनेछ ।

२) उपदफा (१) बमोजिमको श्रोतलाई उपमहानगरपालिकाले आफैं वा उपभोक्ता समिति वा संस्था मार्फत श्रोतको उपयोग, संरक्षण, खानेपानी वितरण तथा व्यवस्थापन, नियमन वा अन्य व्यवस्थापन गर्न गराउन सक्नेछ ।

३) यस ऐन लागु हुनुभन्दा पहिले उपमहानगरपालिकाभित्र खानेपानीको व्यवस्थापन तथा वितरणको लागि कुनै उपभोक्ता समिति वा संस्था वा निकायले जिम्मा लिई कार्य गरिरहेको भएमा सो संस्था वा निकायले व्यवस्थापन गरिरहेको पानीको श्रोतमा यस ऐन लागु भएसंगै उपमहानगरपालिकाको स्वामित्व कायम हुनेछ र त्यसको व्यवस्थापन यसै ऐन बमोजिम हुनेछ ।

४) उपभोक्ता समिति वा संस्थालाई कुनै पानीको श्रोत उपयोग, संरक्षण, वितरण तथ व्यवस्थापनको जिम्मा दिंदा कुनै पक्षलाई पानीको उपयोगको अधिकारलाई बञ्चित गर्नेगरी दिईने छैन ।

**४. पानीको श्रोतको उपयोगको प्राथमिकता**

१) दफा ३ बमोजिमको पानीको श्रोतको उपयोगको प्राथमिकता क्रम देहाय बमोजिम हुनेछः

क) व्यक्तिगत वा सामुहिक रुपमा पिउन,

ख) अन्य घरायसी उपयोग, करेसा बारी,

ग) पशुपालन, सरसफाई,

घ) घरेलु उद्योग तथा अन्य औद्योगिक प्रयोजन, अन्य व्यवसायिक प्रयोजन ।

२) एउटै श्रोतबाट एकभन्दा बढी क्षेत्रमा उपभोक्ताले पानीको उपयोग गर्नुपर्ने अवस्थामा माथिल्लो क्षेत्रका खानेपानी उपभोक्ताले पिउने प्रयोजनको लागि पानीको उपयोग गरेपश्चात तल्लो क्षेत्रका उपभोक्ताको लागि पिउने प्रयोजनको लागि प्रयोग गरिनेछ ।

३) तल्लो क्षेत्रका उपभोक्तालाई पिउने प्रयोजनको लागि पानी पुगेपछि मात्र माथिल्लो क्षेको उपभोक्ताले उपदफा (१) को प्राथमिकताक्रम अनुसारको अन्य प्रयोजनको लागि पानीको उपयोग गर्न पाउनेछ । यो प्राथमिकताक्रम तल्लो क्षेत्रका उपभोक्ताको हकमा समेत लागु हुनेछ ।

४) माथिका उपदफाहरुमा जुनसुकै व्यवस्था गरिएको भएतापनि पिउने पानीको अत्यावश्यकतालाई ध्यानमा राखी उपमहानगरपालिकाले खानेपानीको न्यायोचित वितरणको लागि आवश्यक निर्णय गरी योजना लागु गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम अनुमतिको कार्य गर्दा उपमहानगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वय गर्नेछ ।

**५. खानेपानी तथा सरसफाई सेवाको संचलानः**

१) उपमहानगरपालिका क्षेत्रभित्र आधारभूत खानेपानी तथा सरसफाई सेवाको समग्र व्यवस्थापन प्रचलित कानुन तथा यस ऐनको अधीनमा रही उपमहानगरपालिका आफैंले तथा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा बोर्ड वा उपभोक्ता समिति वा उपभोक्ताहरुको संस्था मार्फत गर्नेछ ।

२) उपमहानगरपालिकाभित्र आधारभूत खानेपानी सेवा तथा सरसफाई प्रदान गर्न, आयोजना तथा सेवा प्रणालीको सर्वेक्षण गर्न, निर्माण, संचालन तथा व्यवस्थापन गर्न र खानेपानीको श्रोतको सार्वजनिक,

संस्थागत तथा व्यवसायिक उपयोग गर्न गराउन चाहने व्यक्ति वा संस्थाले प्रचलित कानुन र यस ऐन बमोजिम उपमहानगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

३) उपदफा (१) बमोजिमका सेवा संचालन गर्दा, खानेपानी तथा सरसफाई प्रणाली अन्तर्गत संचालनमा रहेको खानेपानी वितरण प्रणाली तथा ढलनिकास प्रणालीमा आफुखुशी कुनै संरचना जोड्न वा भत्काउन वा अन्य व्यवस्था गर्दा कसैले पनि प्रचिलत कानुन तथा यस ऐन बमोजिम अनुमति नलिई गर्न पाउने छैन ।

४) उपदफा (१) बमोजिमका सेवा संचालन गर्दा तथा उपदफा (२) बमोजिम अनुमति प्रदान गर्दा उपमहानगरपालिकाले आवश्यकता अनुसार संघ तथा प्रदेश सरकार तथा निकायहरुसंगको समन्वय गरी गर्नेछ ।

## परिच्छेद ३
## खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड तथा उपभोक्ता समितिको व्यवस्था

### ६. खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको गठनः

१) उपमहानगरपालिका क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा संचालन तथा व्यवस्थापन गर्न वा उपमहानगरपालिका क्षेत्रभित्र संचालित खानेपानी तथा सरसफाईका आयोजना, उपभोक्ता समिति वा संस्थालाई नियमन गर्न तथा व्यवस्थित गर्न र यस ऐनले तोकेका कार्य सम्पादन गर्न उपमहानगरपालिका अन्तर्गत देहाय बमोजिम तुलसीपुर उपमहानगरपालिका खानेपानी व्यवस्थापन बोर्ड गठन गरिनेछः

क) उपमहानगर प्रमुख — अध्यक्ष

ख) उपप्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) वडाअध्यक्ष/कार्यपालिका सदस्यमध्येबाट नगर कार्यपालिकाले तोकेको ३ जना — सदस्य

ङ) खानेपानी, सरसफाई, ढल निकासका क्षेत्रमा काम गरेको अनुभवप्राप्त उपभोक्ताहरु मध्येबाट नगर प्रमुखलले मनोनित गरेको २ जना — सदस्य

च) उपभोक्ता समिति वा संस्थाका पदाधिकारी मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक महिला सहित २ जना

छ) तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवद्र्धन शाखा प्रमुख — सदस्य

ज) बोर्डको कार्यकारी अधिकृत — सदस्य सचिव

तर बोर्डले कार्यकारी अधिकृत नियुक्त नगरेको वा सो पद खाली रहेको अवस्थामा बोर्डले तोकेको व्यक्तिले सदस्य सचिवको कार्यसम्पादन गर्नेछ ।

२) बोर्डको बैठक कम्तिमा दुई महिनामा एकपटक बस्नेछ । आवश्यक परेमा जुनसुकै समयमा समेत बैठक बस्न सक्नेछ । बोर्डको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनित पदाधिकारीको पदावधी चार वर्षको हुनेछ र अर्को एकपटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

४) मनोनित पदाधिकारीले बोर्ड सदस्यबाट राजिनामा दिएमा वा प्रचलित कानुनले सार्वजनिक पद धारण गर्नको लागि तोकिएको अयोग्यताको अवस्था सिर्जना भएमा निजको पद रिक्त भएको मानिनेछ र बोर्डले रिक्त पदमा बाँकी अवधीको लागि जुन प्रक्रियाबाट नियुक्त भएको हो सही प्रक्रियाबाट सदस्यको मनोनयन गर्नेछ ।

५) मनोनित पदाधिकारीको कार्य सम्पादन सन्तोषजनक हुन नसकेमा बोर्डको बैठकको बहुमतले त्यस्तो मनोनित व्यक्तिलाई पदबाट हटाउन सक्नेछ । तर सदस्यबाट हटाउनु अघि सफाईको मौका प्रदान गरिनेछ ।

६) बोर्डको सचिवालय उपमहानगरपालिकामा रहनेछ । सचिवालयको प्रमुखकोरुपमा कार्यकारी अधिकृतले कार्य सम्पादन गर्नेछ । बोर्डको लागि आवश्यक अन्य कर्मचारी नगरपालिकाले उपलव्ध गराउनेछ ।

**७. बोर्डको काम, कर्तव्य र अधिकारः**

१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) उपमहानगरपालिकामा खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी आवश्यक नीति बनाई स्वीकृतिको लागि नगरसभामा पेश गर्ने र सो नीतिको कार्यान्वयन गर्ने,

ख) स्थानीयस्तरमा खानेपानी तथा सरसफाई सेवा विस्तार गर्न तथा विद्यमान सेवामा सुधार तथा क्षमता अभिवृद्धि गर्न आवश्यक अध्ययन गरी कार्यक्रम तर्जुमा गरी सो को कार्यान्वयनको लागि प्रस्ताव बनाई उपमहानगरपालिकाको कार्य समिति समक्ष पेश गर्ने,

ग) उपमहानगरपालिका क्षेत्रभित्र संघ, प्रदेश तथा उपमहानगरपालिका, गैर सरकारी संस्था, विदेशी सरकार तथा गैर सरकारी संस्था एवं दातृ निकाय अन्तर्गत अनुदान, ऋण, सहुलियतबाट संचालन हुने तथा भएको आयोजनाहरुको निर्माण तथा नियमन गर्ने,

घ) बोर्डको वार्षिक कार्यक्रम तथा बजेट उपमहानगरपालिका समक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम लागु गर्ने,

ङ) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था तथा आयोजनाहरुको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने गराउने र सो आधारमा सुधारका आवश्यक कार्य गर्ने,

च) खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना तथा सेवा संचालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने,

छ) व्यक्ति विशेषको निजी जग्गामा पानीको कुनै प्राकृतिक श्रोत वा मूल पहिचान भएमा उक्त पानीको श्रोत वा मूललाई सरक्षण गर्नका लागि सम्बन्धित जग्गाधनीबाट दानमा वा कानुन बमोजिम क्षतिपूर्ति दिई जग्गा अधिग्रहण गरी लिने र सो को प्रयोग गर्ने,

ज) खानेपानी सेवा उपलव्ध गराउनका लागि निजी तथा सार्वजनिक घर जग्गामा खानेपानीको टङ्की निर्माण, पाईपलाईन बिछ्याउने वा आवश्यक संरचना बनाउने, धारा जडान गर्ने गराउने,

झ) नगर क्षेत्रभित्र ढल निकास, फोहर पानी व्यवस्थापन प्रणाली, फोहरपानी प्रशोधन, सार्वजनिक सौचालय निर्माण तथा विकास, निजी शौचालय निर्माण तथा विकासको मापदण्ड निर्धारण लगायत सरसफाई संग संरचना बनाउने,

ञ) खानेपानी सेवा वापत उपमहानगरपालिकाले लिन सक्ने महशुल एवं शुल्क निर्धारणको लागि अध्ययन गरी उपमहानगरपालिका समक्ष प्रस्ताव पेश गर्ने र स्वीकृत भएबमोजिम महशुल तथा सेवा शुल्क संकलन गर्ने,

ट) भूमिगत जलश्रोतलाई दिगो रुपमा संचालन गर्नका लागि स्वीकृत नीति बमोजिम पुनर्भरण प्रविधि अपनाउने,

ठ) उपमहानगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

**८. बोर्डको कार्यकारी अधिकृतको नियुक्ति**

१) बोर्डले गरेका निर्णयहरु कार्यान्वयन गर्न, बोर्डले गर्नुपर्ने कार्य सम्पादनमा सहयोग एवं समन्वय गर्न तथा बोर्डले तोके बमोजिम बार्डको कार्यकारी प्रमुख भई एकजना कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ ।

२) नेपाल सरकारको कम्तीमा शाखा अधिकृत सरहको पदमा नियुक्त हुन योग्यता पुगेको, खानेपानी तथा सरसफाईको क्षेत्रमा कम्तीमा दुई वर्षको अनुभव भएको, सम्बन्धित विषय वा सिभिल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक गरी नेपाल इन्जिनिरिङ्ग परिषदमा दर्ता रहेको व्यक्तिलाई खुला प्रतिस्पर्धाको माध्यमबाट बोर्डले कार्यकारी अधिकृतको रुपमा नियुक्त गर्नेछ ।

३) कार्यकारी अधिकृत चार वर्षको लागि नियुक्त हुनेछ ।

४) कार्यकारी नियुक्ती सम्बन्धी अन्य व्यवस्था उपमहानगरपालिकाले तोके बमोजिम हुनेछ ।

**९. बोर्डको कोष तथा लेखापरीक्षणः**

१) बोर्डको छुट्टै कोष हुनेछ । जसमा उपमहानगरपालिकाले निर्णय गरी तोकेको रकम रहनेछ ।

२) बोर्डको कोषको संचालन बोर्डले निर्णय गरे बमोजिम हुनेछ ।

३) बोर्डको आम्दनी तथा खर्चको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०. खानेपानी तथा सरसफाई सेवा पु-याउने जिम्मेवारी**

१) उपमहानगरपालिका क्षेत्रभित्र आधारभूत खानेपानी सेवा पुऱ्याउने जिम्मेवारी बोर्डको हुनेछ । बोर्डले सो जिम्मेवारी आफैं वा उपभोक्ता समिति वा अन्य संस्था मार्फत कार्यान्वयन गर्नेछ ।

२) उपमहानगरपालिका क्षेत्रभित्र आधारभूत ढल निकास तथा सरसफाई सेवा पुऱ्याउने जिम्मेवारी बोर्डको हुनेछ । बोर्डले सो जिम्मेवारी आफैं वा उपभोक्ता समिति वा अन्य संस्था मार्फत कार्यान्वयन गर्नेछ ।

**११. उपभोक्ता समिति वा संस्था बोर्ड मातहत रहनेः**

१) यो ऐन लागु हुनुभन्दा अघिदेखि अस्तित्वमा रहेका र यस ऐन लागु भएपछि यस ऐन र प्रचलित कानुन बमोजिम गठन भई उपमहानगरपालिकाभित्र रहेका खानेपानी तथा सरसफाईसंग सम्बन्धित उपभोक्ता समिति वा संस्था बोर्ड मातहत रहनेछ ।

२) उपभोक्ता समिति वा संस्थाले बोर्डको सामान्य निर्देशन र समन्वयमा कार्य गर्नेछन् ।

## परिच्छेद ४
## उपभोक्ता समिति वा संस्थाको गठन, दर्ता तथा संचालन

### १२. उपभोक्ता समितिको गठन

१) उपमहानगरपालिका स्तरमा रहेका खानेपानीका श्रोत उपयोग गरी कुनै आयोजना निर्माण, संचालन तथा वितरणलाई सहजिकरण गर्न, उपमहानगर क्षेत्रभित्र ढलनिकास, फोहर पानी प्रशोधन तथा व्यवस्थान लगायत सरसफाई सेवा प्रदान गर्नको लागि खानेपानी उपभोक्ता समिति वा अन्य संस्था दर्ता गर्न सकिनेछ ।

२) खानेपानी तथा सरसफाईसंग सम्बन्धित उपभोक्ता समिति वा संस्थाले उपमहानगरपालिका अन्तर्गतको खानेपानी व्यवस्थापन बोर्डबाट अनुमति नलिई कुनैपनि आयोजनाको संचालन तथा व्यवस्थापन गर्न पाउने छैन ।

३) उपदफा (१) बमोजिमका समिति वा संस्था गठन गर्दा उक्त समिति वा संस्थाले कम्तीमा ग्रामिण क्षेत्रमा ३५ र शहरी ५०० घरधुरीलाई समेट्ने गरी समिति वा संस्था गठन गर्न सकिनेछ । उपभोक्ता समिति गठन गर्दा कुनै टोल वा वडा वा क्षेत्रलाई समेट्नेगरी एकल वा संयुक्त समिति समेत गर्न सकिनेछ ।

४) उपदफा (१) बमोजिम समिति वा संस्था गठन एवं दर्ता गर्दा उपभोक्ताहरुले एकजना अध्यक्ष, एकजना उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्यक्ष र अन्य ५ जनासम्म सदस्य रहने गरी समावेशी सिद्धान्तका आधारमा कम्तीमा तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुनेगरी गठन गर्नुपर्नेछ ।

### १३. संस्था दर्ता वा सूचीकृतको लागि दरखास्तः

१) यस ऐन बमोजिम दर्ता हुने खानेपानी उपभोक्ता समिति वा संस्थाले दर्ता वा सूचीकृत हुनको लागि अनुसूची १ बमोजिमको ढाँचामा उपमहानगरपालिका अन्तर्गत दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछः

क) उपभोक्ता समिति वा संस्थाको विधान,

ख) खानेपानीको प्राकृतिक श्रोत तथा संस्था संचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

ग) सेवा प्रदान गर्ने सम्बन्धमा भावी कार्ययोजना,

घ) पानीको श्रोत तथा मूल सम्बन्धी विवरण,

ङ) बोर्डले तोकेको अन्य विवरण ।

३. उपदफा (१) सूचिकृतका लागि देहाय बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछः

क) उपभोक्ता समिति वा संस्थाको विधान,

ख) अडिट प्रतिवेदन,

ग) संस्था दर्ता प्रमाणपत्र कार्ययोजना,

४) उपदफा (१) तथा उपदफा (२) बमोजिम उपभोक्ता समिति वा संस्था दर्ता गर्नको लागि पेश भएको समिति वा संस्थालाई कानुन बमोजिम दर्ता गरिदिनु पर्नेछ । यदि दर्ता गर्न नसकिने भएमा मनासिव समयभित्र सो को सूचना सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ ।

५) यस ऐन प्रारम्भ हुँदाका बखत संचालनमा रहेका संघ र प्रदेशको प्रचलित कानुन बमोजिम गठित खानेपानी उपभोक्ता समिति वा संस्थाहरु यो ऐन प्रारम्भ भएको ३ (तीन) महिनाभित्र बोर्ड अन्तर्गत तोकिए बमोजिम दर्ता हुनु पर्नेछ । सो अवधीभित्र दर्ता नभएमा उपमहानगरपालिकाको नगर कार्य समतिले तोके बमोजिमको विलम्ब शुल्क तिरी थप १५ (पन्ध्र) दिनभित्र दर्ता हुन सकिनेछ, थपिएको अवधीमा समेत तोकिएको प्रक्रिया पुरा गरी दर्ता हुन नआउने त्यस्तो उपभोक्ता समिति वा संस्था स्वतः खारेज भएको मानिनेछ ।

**१४. उपभोक्ता समितिको कार्यक्षेत्र**

१) यस परिच्छेद बमोजिम गठित उपभोक्ता समितिको कार्य क्षेत्र बोर्डले तोके बमोजिम वा संस्था दर्ता गर्दा स्वीकृत विनियम वा अनुमति पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

२) उपभोक्ता समिति वा संस्थाले आफ्नो कार्य क्षेत्रभित्रको पानी श्रोतलाई व्यवस्थित गरी उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन सहजिकरण गर्ने तथा स्वीकृति अनुमति पत्रमा तोकिए बमोजिम कार्य गर्नेछ ।

**१५. उपभोक्ता समितिको कार्यकालः उपभोक्ता समितिको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।**

**१६. उपभोक्ता समितिको साधारण सभा**

१) अनुमतिप्राप्त खानेपानी उपभोक्ता समिति वा संस्थाको सर्वोच्च अगंकोरुपमा साधारण सभा रहनेछ ।

२) संस्थाको सबै उपभोक्ताहरु संस्थाको साधारण सभाका सदस्य हुनेछन् । सो को लागि घरधुरीको तर्फबाट सम्बन्धित उपभोक्ता समिति वा संस्थाको विधानमा तोकिए बमोजिम घरमूली वा घरको अन्य कुनै तोकिएको आधिकारिक व्यक्तिले उपभोक्ता सदस्यकोरुपमा सदस्याता लिन सक्नेछ ।

३) उपभोक्ता वा संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः

क) वार्षिक साधारण सभा

ख) विशेष साधारण सभा ।

४) साधारण सभा र विशेष साधारण सभाको बैठक, काम, कर्तव्य र अधिकारहरु उपभोक्ता समिति वा संस्थाको स्वीकृति विनियम बमोजिम हुनेछ ।

**१७. उपभोक्ता समिति वा संस्थाको संचालक समिति सम्बन्धी व्यवस्था**

१) खानेपानी उपभोक्ता समिति वा संस्थाको संचालक समितिको गठन स्वीकृत विनियम बमोजिम हुनेछ । संचालक समिति गठन गर्दा सकेसम्म लैङ्गिक, क्षेत्रगत तथा जातीयरुपमा समेत समावेशिता सुनिश्चित हुनेगरी गर्नुपर्नेछ ।

२) उपभोक्ता समिति वा संस्थाको संचालक समितिको बैठक तथा सोको काम, कर्तव्य र अधिकारहरु स्वीकृति विनियम बमोजिम हुनेछ ।

## १८. समिति वा संस्थाको संचालक समितिको विघटन

१) दर्ता गर्ने अधिकारी वा निकायले देहायको अवस्थामा उपभोक्ता समिति विघटन गर्न सक्नेछः

क) समिति वा संस्थाका पदाधिकारीको वदनियतपूर्ण कार्यबाट समिति वा संस्थाको उद्देश्य तथा क्षेत्राधिकारको उल्लंघन भएको देखिएमा,

ख) समितिले विनियम वा अनुमति पत्रमा तोकिएको व्यवस्था वा शर्त विपरित कार्य गरेको प्रमाणित भएमा,

ग) यस ऐन, उपमहानगरपालिका एवं बोर्डबाट दिएको निर्देशन, स्वीकृत विनियम वा अनुमति पत्रमा तोकिएको शर्त पटक पटक उल्लंघन भएमा ।

२) उपदफा (१) बमोजिम समिति वा संस्था विघटन गर्नु अघि सम्बन्धित समितिलाई स्पष्टिकरण पेश गर्ने मौका प्रदान गरिनेछ ।

३) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा संस्थाको कार्य समिति विघटन भएमा बोर्डले समिति वा संस्थाका साधारण सदस्यमध्येबाट पाँच देखि सात जना सम्मको पदाधिकारी रहेको तदर्थ समिति गठन गरी संस्थाको विनियममा भएको व्यवस्था बमोजिम वार्षिक वा विशेष साधारणसभा बोलाई नयाँ समितिको निर्वाचन गर्नेछ ।

## १९. उपभोक्ता समिति वा संस्था गाभिन सक्नेः

१) खानेपानी तथा सरसफाईका योजना निर्माण, संचालन तथा व्यवस्थाप गर्न गठित दुई वा सोभन्दा बढी एउटै भई संचालन हुनु उपयुक्त लागेमा उपभोक्ता समिति वा संस्था आपसमा गाभिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम उपभोक्ता समिति गाभिंदा दुवै संस्थाको साधारण सभाको निर्णय सहित स्वीकृतिको लागि बोर्ड समक्ष संयुक्त निवेदन दिनु पर्नेछ ।

३) उपदफा (३) बमोजिम उपभोक्ता समिति समितिहरुले गाभिनको लागि निवेदन पेश गरेमा सो को अध्ययन गरी माग बमोजिम दुई वा सोभन्दा बढी उपभोक्ता समिति वा संस्था गाभ्नु उपयुक्त देखेमा बोर्डले गाभ्न स्वीकृति दिई एकीकृत संस्थाको रुपमा दर्ता कायम गरिदिनेछ ।

४) यस दफा बमोजिम गाभिएका उपभोक्ता समिति वा संस्थाको सम्पत्ति र दायित्व गाभिएपछि कायम हुने उपभोक्ता समिति वा संस्थामा सर्नेछ ।

५) उपभोक्ता समिति वा संस्था गाभ्ने सम्बन्धी अन्य व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ ।

## २०. उपभोक्ता समिति वा संस्थाको सम्पत्ति सर्ने

१) उपभोक्ता समिति वा संस्था विघटन भएमा वा खारेजीमा परेमा वा बन्द भएमा सो मातहतको सम्पूर्ण सम्पत्ति र कानुन बमोजिमको दायित्व सोही मितिदेखि बोर्डमा सर्नेछ ।

२) विघटित वा खारेजमा परेको वा बन्द भएको उपभोक्ता समिति वा संस्थाले व्यवस्थापन गर्दै आएको खानेपानीको जिम्मेवारी सोही मितिदेखि बोर्डले तोके बमोजिम हुनेछ ।

## २१. उपभोक्ता समिति वा संस्थाको कोष तथा लेखापरिक्षण

१) उपभोक्ता समिति वा संस्थाको एक कोष रहनेछ, जसको श्रोत तथा संचालन संस्थाको स्वीकृत विनियम बमोजिम हुनेछ ।

२) उपभोक्ता समिति वा संस्थाकोको कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

३) उपभोक्ता समिति वा संस्थाको लेखापरिक्षण प्रतिवेदन सहितको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद ५

## खानेपानीको महशुल निर्धारण तथा संकलन

### २२. महशुल निर्धारण गर्ने बोर्डको अधिकारः

१) उपमहानगरभित्र संचालन तथा वितरण हुने खानेपानी तथा सरसफाई सेवाको उपभोक्ता जडान शुल्क, मासिक महशुल तथा जरिवाना बोर्डले तोके बमोजिम हुनेछ ।

२) महशुल तथा शुल्क निर्धारणको क्रममा बोर्डले उभोक्ता समिति वा संस्थाको समेत आवश्यक परामर्श लिन सक्नेछ।

### २३. महशुल संकलन तथा बाँडफाँड

१) बोर्डले तोके बमोजिमको खानेपानी तथा सरसफाई सेवा वापतको महशुल संकलनको कार्य बोर्ड मातहत उपभोक्ता समिति वा संस्थाले गर्नेछ । तर महशुल संकलनको लागि तोकिए बमोजिम बोर्ड आफैंले गर्न वा अन्य संस्थालाई जिम्मेवारी दिनको लागि यो व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

२) उपभोक्ताबाट संकलित महशुल वा शुल्कवापतको रकम बोर्डको कोषमा रहनेछ र सो रकम सामान्यतयाः खानेपानी तथा सरसफाईको व्यवस्थापन तथा सुधारको कार्यमा खर्च गरिनेछ ।

### २४. महशुल तिर्नु उपभोक्ताको कर्तव्य

१) बोर्डले सिधै वा उपभोक्ता समितिमार्फत उपलव्ध गराएको खानेपानी तथा सरसफाई सेवाको उपभोग गरे वापत उपभोक्ताले सो को तोकिए बमोजिमको महशुल तिर्नु उपभोक्ताको कर्तव्य हुनेछ ।

२) बोर्डले यस ऐन बमोजिम आफैं वा उपभोक्ता समिति वा संस्था मार्फत खानेपानी उपलव्ध गराएवापत आवश्यकता अनुसार उपभोक्ता धारासंग मिटर जडान गरी वा अन्य तारिकाबाट तोकिए बमोजिम महशुल उठाउनेछ ।

३) यस ऐन बमोजिमको खानेपानी तथा सरसफाई सुविधावापतको प्रत्येक महिनाको महशुल ३ (तीन) महिनाभित्र बुझाईसक्नु पर्नेछ । नबुझाएमा बोर्डले समय समयमा तोके बमोजिमको जरिवाना लाग्नेछ।

४) बोर्डले लगातार ३ महिनासम्म खानेपानीको महशुल बुझाउन नआउने उपभोक्तालाई दोब्बर जरिवाना लिन सक्नेछ । यदि कुनै उपभोक्ताले ६ महिनासम्म पनि खानेपानीको महशुल नबुझाएमा उपभोक्ताको खानेपानी लाईन काट्न सक्नेछ ।

## परिच्छेद ६

## दण्ड सजाय तथा जरिवाना

### २५. दण्ड जरिवाना

१) कुनै व्यक्ति वा संस्थाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेमा कसुरको मात्रा हेरी उपमहानगरपालिकाले बोर्डको निर्णय बमोजिम जरिवाना गर्न सक्नेछ ।

२) यस ऐनको उल्लंघनको कसूर गर्ने व्यक्तिलाई यस ऐन बमोजिम प्राप्त हुने सुविधाबाट बञ्चित गर्न सक्नेछ।

## २६. क्षतिपूर्ति

कुनै व्यक्ति वा संस्थाले खानेपानी तथा सरसफाईको कुनै संरचना, साधन वा उपकरणमा क्षति पुऱ्याएमा उपमहानगरपालिले सो क्षतिपूर्ति असुल उपर गर्नेछ ।

## २७. खानेपानी तथा सरसफाई सम्बन्धी कसुरमा प्रचलित कानुन बमोजिम हुनेः

खानेपानी संग सम्बन्धित अन्य अपराध सम्बन्धी कसूर विरुद्धको कारवाही र अन्य सजाँय प्रचलित कानुन बमोजिम हुनेछ ।

# परिच्छेद ७
# विविध

## २८. विवादको समाधानः

१) उपमहानगरपालिकाभित्र खानेपानी तथा सरसफाई सम्बन्धी विवाद, महशुल वा शुल्क निर्धारण लगायतका विषयमा कुनै विवाद भएमा उपमहानगरपालिकाको न्यायिक समितिबाट समाधान गरिनेछ ।

२) उपदफा (१) बमोजिम विवादको समाधान हुन नसकेमा संघ वा प्रदेशको प्रचलित कानुन बमोजिम हुनेछ ।

## २९. सार्वजनिक सुनुवाई तथा वातावरणीय अध्ययन

यस ऐन बमोजिम उपमहानगरपालिकाभित्र खानेपानी तथा सरसफाई आयोजनाको छनोट गर्दा सम्बन्धित क्षेत्रका उपभोक्ताबीच सार्वजनिक सुनुवाई गरिनेछ र प्रचलित कानुन बमोजिम आयोजनाको वातावरणीय प्रभावको अध्ययन गरिनेछ ।

## ३०. संघ र प्रदेशसंगको समन्वय

१) उपमहानगरपालिकाले खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धमा संघ वा प्रदेश सरकारसंघ आवश्यक समन्वय गरी कार्य गर्नेछ ।

२) उपमहानगरपालिका क्षेत्रभित्र संघ वा प्रदेश सरकारको लगानीमा निर्माण वा संचालन भएका खानेपानी तथा सरसफाई आयोजना संघ र प्रदेशसंग समन्वय गरी बोर्ड अन्तर्गत ल्याई संचालन गर्न सकिनेछ ।

## ३१. संघको कानुन बमोजिम हुनेः

खानेपानी तथा सरसफाई सम्बन्धी अन्य व्यवस्था संघीय संसदले बनाई जारी गरेको खानेपानी तथा सरसफाई सम्बन्धी ऐन, २०७९ बमोजिम हुनेछ ।

## ३२. नियम वा कार्यविधि बनाउन सक्नेः

यस ऐनको कार्यान्वयनको लागि उपमहानगरपालिकाले आवश्यक नियम, कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

## ३३. आदेश वा निर्देशन दिन सक्नेः

उपमहानगरपालिकाले बोर्ड र बोर्डले उपभोक्ता समिति वा संस्थालाई खानेपानी व्यवस्थापन, संचालन तथा वितरणका सम्बन्धमा आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । सो को पालना गर्नु बोर्ड वा उपभोक्ता समिति वा संस्थाको कर्तव्य हुनेछ ।




Website: www.tulsipurmun.gov.np
Email: tulsipursubmun2073@gmail.com